विश्वासीहरूका निम्ति
पवित्र बाइबलको टिप्पणी

मत्तीको सुसमाचारको टिप्पणी

विलियम म्याक डोनाल्ड

Title of the English Original:
Believer's Bible Commentary by William MacDonald

Indian Publisher of the English Original:
Authentic Media, Medchal Road, Suchitra Junction, Secunderabad – 500 067, India

ISBN of the English Original: ISBN 9789381905593

Copyright of the English Original: © 1995 by Christian Mission in Many Lands, Inc. P.O. Box 13, Spring Lake, NJ 07762, USA www.cmml.us

Copyright of the Nepali translation: © 2015 by Christian Mission in Many Lands, , Inc. P.O. Box 13, Spring Lake, NJ 07762, USA www.cmml.us

Publisher of the Nepali translation:

जीवन मार्ग प्रकाशन
पी.ओ. बोक्स नं. २३
पी.ओ. कालिम्पोङ्ग - ७३४३०१
दार्जीलिङ्ग, पश्चिम बंगाल
भारत

अनुवादकः श्री मोहन राई र श्री थोमस काउफ्मन

Printed at:

मत्तीको सुसमाचारको पुस्तकको भूमिका

'मेरो विचारमा, पुरानो नियम र नयाँ नियमभित्र अरू कुनै ऐतिहासिक पुस्तक नै छैन, जो मत्तीको सुसमाचारको तुलनामा आउन सक्छ; किनकि मत्तीको सुसमाचारको उच्च रचना प्रशंसनीय छ; यस रच्ने शक्तिअनुसार लेखकले त्यसभित्र यति ज्यादै कुराहरू महान् विचारहरूको अधीनतामा सुम्पेर राखिछोड़े ।'

श्री थेओडोर जाह्न्

क) नयाँ नियमको कानुनमा त्यस पुस्तकको अद्वितीय स्थान

मत्तीको सुसमाचारको पुस्तकले पुरानो नियम र नयाँ नियमको बीचमा जोड्ने साँघुको काम गर्दछ; किनकि त्यसका पहिला शब्दहरूले हामीलाई प्राचीन कालमा, परमेश्वरका जनहरूका पुर्खा अब्राहामकहाँ पुऱ्याउँछन्, साथै इस्राएलका महान् राजा दाऊदको सम्झना दिलाउँछन् । मत्तीको जोड़, त्यस पुस्तकको यहूदी सुगन्ध र रस, हिब्रू शास्त्रहरू उद्धृत गरिएका त्यसका थुप्रै खण्डहरू र नयाँ नियमको प्रमुख पुस्तकको रूपमा राखिएको त्यसको स्थान – यी सबै कुराको कारणले मत्तीको सुसमाचार-बाट संसारका सबै मानिसहरूले इसाई सन्देश पाउनु उचित देखिन्छ । वादविवादविना त्यसको स्थान यही हो, र नयाँ नियम त्यस पुस्तकबाट शुरु हुन्छ नै ।

धेरै समयदेखि मत्तीको सुसमाचारले नयाँ नियमका चारवटा सुसमाचारका पुस्तकहरूमा यही पहिलो स्थान ओगटेको हो; किनकि आजकलको आधुनिक युगसम्म संसारभरि नै यही पुस्तक पहिले

लेखिएको सुसमाचारको पुस्तक हो भन्ने जनविश्वास चलिआएको छ। अनि मत्तीको स्पष्ट भाषा र त्यसमा प्रयोग गरिएको क्रमबद्ध शैलीले गर्दा त्यसबाट मण्डलीको सभामा पढ़ेर सुनाउनका निम्ति त्यसलाई अति उपयोगी तुल्याइयो। यसकारण मत्तीको सुसमाचार सबभन्दा लोकप्रिया सुसमाचारको पुस्तक ठहरियो; कहिलेकहीं मात्र त्यसले यूहन्नाको सुसमाचारसित पहिलो स्थानका निम्ति होड़बाजी गर्नुपर्‍यो।

बाइबलप्रेमी गनिन हामीले मत्तीको सुसमाचारको पुस्तक पहिले लेखिएको पुस्तक थियो भन्ने कुरा विश्वास गर्नुपर्दैन। तर तपाईं आफैले विचार गर्नुहोस्ः पहिलेका विश्वासीहरू प्रायः सबै यहूदीहरू थिए र यहूदी धर्मबाट प्रभुमा आएका थिए। तिनीहरूको सङ्ख्या हजारौं थियो। तब यी पहिलेका विश्वासीहरूको आत्मिक खाँचो सबभन्दा पहिलो पूरा गर्नु नै बुद्धिमान् देखिन्छ।

ख) त्यस पुस्तकका लेखक

त्यसको बाहिरी प्रमाण अति पुरानो हो; यसैले संसारभरि नै त्यस पुस्तकका लेखकचाहिँ महसूल उठाउने मत्ती हुन् भनेर मानिन्छ, जसको नाम लेवी पनि हो। उनले नै यो प्रथम सुसमाचारको पुस्तक लेखे। उनी प्रभु येशूका बाह्र प्रेरितहरूमध्ये एक थिए। तब उनलाई त्यस सुसमाचारको लेखक किन नमानौं ? किनकि त्यस काममा उनको हात छैन भने त्यस्तो लोकविश्वास कहाँबाट आयो त ?

'डिडाखे' नामक पुस्तक एकदम पुरानो पुस्तक हो (इस्वी संवत् १२०-१५० तिर लेखिएको)। 'डिडाखे'को अर्थ *बाह्र प्रेरितहरूको शिक्षा* हो। त्यसबाहेक जस्टिन् मार्टर (इस्वी संवत् १५०-१५५), कोरिन्थका डियोनिसुस्, एन्टियोकका थेयोफिलुस् र एथेनबासी एथेन्अगोरस् – यी सबैले मत्तीको सुसामाचारबाट उद्धृत गरेर यो पुस्तक सकली हो भन्ने कुराका साक्षीहरू हुन्। यूसेबियुस्ले (इस्वी संवत् ३२५-३४०) पापियस्को कुरा लिएर के भन्दछन् भने *'मत्तीले हिब्रू भाषा चलाएर "लोगिया" लेखे, र यो पुस्तक पढ्ने हरेकले यसको अर्थ बुझ्न खोज्यो।'* इरेनेयुस् (इस्वी संवत् १३० -२०२), पान्टेयुस् र ओरिगेन्ले (इस्वी संवत्

१८५-२५४) यस भनाइको सहमति दिन्छन्। हिब्रू भन्नाले त्यो अरामी भाषा बुझिन्छ, जो हाम्रा प्रभुको समयमा हिब्रूहरूले बोल्दथे, र नयाँ नियममा 'हिब्रू' पनि त्यही प्रकारले प्रयोग गरिएको हो। तर 'लोगिया' के हो त? यस ग्रीक भाषाको शब्दको अर्थ 'वाणी' हो, जसरी पुरानो नियमभित्र परमप्रभुका वाणीहरू उल्लेख गरिएका छन्। तर पापियस्ले (इस्वी संवत् १३०-१४०) भनेको कुरा त्यो हुन सक्दैन। तिनले भनेको कुरामा तीन किसिमको अर्थ लगाइन्छः **तर्क क)** तिनले यसो भन्दाहुँदी मत्तीको सुसमाचारलाई सङ्केत गरेको हो। यसको मतलब यही होः मत्तीले यहूदीहरूलाई ख्रीष्टमा ल्याउन र हिब्रू इसाईहरूलाई आत्मिक खुराक दिनका निम्ति अरामी भाषामा आफ्नो सुसमाचारको पुस्तक लेखेका हुन्। पछि मात्र त्यसको ग्रीक भाषाको संस्करण निक्लेको थियो। **तर्क ख)** लोगियाले प्रभु येशूका प्रवचनहरूलाई मात्र सङ्केत गर्छ, जो पछि मत्तीको सुसमाचारमा समावेश भए। **तर्क ग)** लोगियाले साक्षीका वचनहरूलाई सङ्केत गर्छ, अर्थात् प्रभु येशू नै मसीह हुनुहुन्छ भन्ने कुरा प्रमाणित गर्न पुरानो नियमबाट उद्धृत गरेका खण्डहरूलाई मात्र बुझिन्छ। तर्क क) र ख) सम्भव देखिन्छ, तर तर्क ग) चाहिँ सम्भव नहोला।

मत्तीको सुसमाचारमा चलाइएको ग्रीक भाषा अनुवादजस्तो पढ़िँदैन, ता पनि यति व्यापक परम्परामा केही सत्य हुनुपर्छ; किनकि कसैले यस कुराको खण्डन गरेको छैन। परम्पराले बताउँछ कि मत्तीले इस्राएल देशमा पन्ध्रा वर्ष प्रचार गरे, त्यसपछि उनी विदेशहरूमा सुसमाचार प्रचार गर्न त्यहाँबाट निस्के। हुन सक्छ, उनी इस्वी सम्वत् ४५ सालमा ती यहूदीहरूका निम्ति अरामी भाषामा आफ्नो सुसमाचारको पुस्तक छोड़िदिए, जसले प्रभु येशूलाई आफ्ना मसीहको रूपमा ग्रहण गरेका थिए। अथवा उनले प्रभु येशूले बोल्नुभएका सन्देशहरू मात्र छोड़े, त्यो पनि सम्भव छ। मत्तीको समकालीन व्यक्ति जोसेफुस्ले पनि त्यही कुरा गरे, जब यही यहूदी इतिहासकारले 'यहूदी युद्धहरू' नामक पुस्तकको नकल पहिले अरामी भाषामा लेखे, तर त्यसको सकलचाहिँ ग्रीक भाषामा प्रकाशन गरे।

त्यस पहिलो सुसमाचारको पुस्तकको भित्री प्रमाणले पनि मत्ती नै त्यसको लेखक हुन् भन्ने कुरासित पूरा सहमति दिन्छ; किनकि मत्ती भक्त यहूदी थिए, जसले पुरानो नियमलाई प्रेम र आदर गर्थे। उनी त्यस सुसमाचारको पुस्तकको होशियारीसाथ लेख्ने लेखक र प्रकाशक थिए। रोमी सरकारको नौकरीमा सेवारत हुने मत्तीले दुवै भाषा राम्ररी जान्नुपर्थ्यो – आफ्नो जातिको अरामी भाषा र उनलाई काम दिने शासकहरूको ग्रीक भाषा। (रोमीहरूले आफ्नो पूर्वी राज्यभरि ग्रीक भाषा चलाउँथे, ल्याटिन होइन।) सङ्ख्याको बारेमा सानोतिनो कुराको विस्तृत वर्णन, पैसाको विषयमा दिइएका दृष्टान्तहरू र पैसाका निम्ति चलाइने भाषा – सब कुराले मत्तीको सुसमाचार ती महसूल उठाउनेको रचना हो भन्ने कुरा पुष्टि गर्छ। मत्तीको सङ्क्षिप्त र क्रमबद्ध शैली पनि उनलाई साक्षी दिन्छ। श्री गूडस्पीडले, जो संरक्षी विद्वान होइनन्, यी भित्री प्रमाणहरूले गर्दा मत्तीको सुसमाचारको लेखक मत्ती नै हुन् भन्ने कुरा विश्वास गर्छन्।

संसारभरि मान्यता दिइएका यति धेरै बाहिरी गवाही र भित्री प्रमाणहरू भए पनि संरक्षी नभएका विद्वानहरूले महसूल उठाउने मत्तीले त्यो पुस्तक लेखे भन्ने कुरा मान्दैनन्। तिनीहरूले किन यसो गर्दछन्, यसका निम्ति दुई मुख्य कारण छन्। प्रथम, तिनीहरूले मर्कूसको सुसमाचार पहिले लेखिएको पुस्तक हो भन्ने अनुमान गर्छन्। (अचेल धेरैले यो कुरा साँचो हो भन्ने शिक्षा दिँदा रहेछन्)। अनि तिनीहरूको तर्क यस प्रकारको छः मत्तीले, जो आफै प्रेरित र प्रत्यक्ष साक्षी थिए, कसरी मर्कूसको सुसमाचारबाट यति ठूलो भाग चलाउन सके? (मर्कूसको सुसमाचारको ९३ प्रतिशत अरू सुसमाचारका पुस्तकहरूमा पाइन्छ)। यही तर्कको जवाफ दिँदाखेरि म पहिले के भन्न चाहन्छु भने मर्कूसको सुसमाचार पहिले लेखिएको पुस्तक हो भन्ने कुनै प्रमाण छैन। पुराना गवाहीहरूले भन्छन्ः मत्तीको सुसमाचार पहिलो थियो। अनि पहिलेका विश्वासीहरू प्रायः सबै यहूदी थिए; त्यस पुस्तकको पहिलो स्थान न्यायसँगत कुरा हो। तर मानौं अरू धेरै संरक्षी विद्वानहरूले भैं हामी अनुमान गरौं, मर्कूसको सुसमाचारको पुस्तक पहिले लेखियो; मर्कूसको

सुसमाचारमा शिमोन पत्रुसको हात छ, र प्रायः तिनको काम हो भन्ने कुरा मत्तीले बुझेको हुन सकिन्छ। किनकि पत्रुसचाहिँ उनका जोशिला सँगी प्रेरित थिए, जो शुरुको मण्डली इतिहासअनुसार मानेझैं मर्कूसको सुसमाचारको खास स्रोत थिए। (मर्कूसको सुसमाचारको पुस्तकको भूमिकामा हेर्नुहोला)।

मत्ती अथवा अरू कुनै प्रत्यक्ष साक्षी त्यस पुस्तकको लेखक होइनन् भन्ने कुराको सम्बन्धमा दोस्रो तर्क यही होः मत्तीको सुसमाचारको पुस्तकमा चम्किलो भाषाको विस्तृत वर्णन छैन। मर्कूस प्रत्यक्ष साक्षी नभएको हुनाले कसैले तिनीबाट यस्तो कुरा पाउने आशा गर्दैन, ता पनि तिनको सुसमाचारको पुस्तकमा यस्तो रसिलो भाषा पाइँदो रहेछ। तब मत्तीले कसरी आफै त्यहाँ उपस्थित नभएझैं आफ्नो सुसमाचारको पुस्तक लेख्न सके त? प्रत्यक्ष साक्षीले कसरी यति तथ्यात्मक तौरले लेख्न सक्छन्? उत्तरमा म यही भन्छुः मत्तीको व्यक्तित्वमा यसको चाबी पाइन्छ होला। उनी महसूल उठाउने थिए, जसले आफ्नो बेलीबिस्तार छाँटकाँट गरीकन प्रभु येशूका प्रवचनहरूका निम्ति बढ़ी ठाउँ छोड़ेको हुन सकिन्छ। मर्कूसले साँच्चै मत्तीको अगाड़ि आफ्नो सुसमाचारको पुस्तक लेखे भने यो सम्भव छ; तब मत्तीले यसमा प्रेरित पत्रुसले आफ्ना आँखाले देखेका र आफ्नो मनमा सम्झेका कुराहरू राम्ररी प्रस्तुत गरिएको पक्का बयान देखेर त्यहीअनुसार आफ्नो सुसमाचार मिलाएर लेखे।

ग) त्यस पुस्तकको लेख्ने मिति

मत्तीले पहिले अरामी भाषामा आफ्नो सुसमाचारको नकल गरेको अथवा प्रभु येशूका प्रवचनहरू उल्लेख गरेको त्यो व्यापक जनविश्वास सत्य ठहरिन्छ भने त इस्वी संवत् ४५ साल यसको लेख्ने मिति हो, अर्थात् प्रभु येशूको स्वर्गारहोणको ठीक पन्ध्रा वर्षपछि। यही मिति पुरानो परम्परासित पनि मिल्छ। यसो हुँदा उनले ५० सालमा, वा ५५ सालमा, अथवा अझ पछि कानुनी ग्रीकमा आफ्नो सुसमाचारको पुस्तक लेखेको सम्भव छ। कसैको विचारमा मत्तीको सुसमाचारचाहिँ ७० सालको

पछाड़ि, अर्थात् यरूशलेमको मन्दिर नाश भएपछि लेखिएको हुनुपर्छ; तर प्रभु येशूले यसको विनाशको विस्तृत भविष्यवाणी गर्न सक्नुहुन्न भन्ने तिनीहरूको अविश्वासले गर्दा मात्र तिनीहरूले यसो भन्छन्, अथवा योचाहिँ यस्ता मानिसहरूको दिमागी सिद्धान्तको रचनाको फल हुनुपर्छ, जसले हरेक पवित्र शास्त्र परमेश्वरको प्रेरणाले दिएको हो भन्ने कुरामा कि ता विश्वास गर्दैनन्, वा वास्ता गर्दैनन्, अथवा पूरा रूपले इन्कार गर्छन्।

घ) सन्दर्भ र विषयवस्तु

प्रभु येशूको बोलावट पाउँदा मत्ती जवान मानिस थिए। जन्मअनुसार उनी यहूदी थिए, र कामको हिसाबले उनी तालिम प्राप्त भएका महसूल उठाउने थिए। प्रभु येशूको पछि लाग्नलाई उनले सबै थोकहरू छोड़े। यसको एक प्रतिफल-स्वरूप उनी बाह्र प्रेरितहरूमा गाभिए। अर्को प्रतिफल के थियो भने उनी पहिलो सुसमाचारको पुस्तकको लेखक छानिए। मत्ती र लेवी एउटा व्यक्ति हुन् (मत्ती २:१४ र लूका ५:२७)।

मत्तीले आफ्नो सुसमाचारको पुस्तकमा के दाबी गर्छन् भने प्रभु येशूचाहिँ इस्राएलीहरूले धेरै समय अघिदेखि बाटो हेरिरहेका मसीह हुनुहुन्छ। दाऊदको सिंहासनमा बस्ने एकमात्र कानुनी अधिकार उहाँकै हो।

यो पुस्तक प्रभु येशूको जीवनीको पूरा विवरण हो भन्ने कुरा मत्तीको सुसमाचारले कहीं पनि दाबी गर्दैन। त्यसको शुरुमा प्रभु येशूको वंशावली र बाल्यकालका वर्णन छन्, त्यसपछि यसको बयान एकै चोटिमा उहाँको सेवकाइको आरम्भमा जान्छ। त्यति बेला हाम्रा प्रभुको उमेर लगभग ३० वर्षको थियो। परमेश्वरले अभिषेक गर्नुभएको जनसित मिल्ने सबै कुराहरू छान्न र त्यस दृष्टिकोणले लेख्नलाई पवित्र आत्माले मत्तीलाई अगुवाइ गर्नुभयो। (हिब्रू भाषामा 'मसीह' र ग्रीक भाषामा 'ख्रीष्ट'को अर्थ *अभिषिक्त जन* हो)। पुस्तक चरमसीमातिर अगाड़ि बढ्दै जान्छः प्रभु येशूको न्याय, मृत्यु, दफन, पुनरुत्थान र स्वर्गारहोण। अनि यसरी हामीलाई प्रभु येशूको जीवनको चरमसीमा पुऱ्याउँदा उनले मानिसहरूको

मुक्तिका निम्ति चाहिने बलियो जग बसाल्दैछन् । यही कारणले यो पुस्तक 'सुसमाचार' भनिन्छ । पापी मानिसहरूले कसरी मुक्ति पाउन सक्छन्, सो कुरा प्रस्तुत गरेको कारणले यस पुस्तकले त्यो नाम पाएको होइन, तर प्रभु येशूले दिनुभएको बलिदानको विवरण दिएको हुनाले यसो भएको हो; किनकि यसो गर्दा उनले मुक्ति पाउने खास उपाय प्रस्तुत गरेका छन् ।

*विश्वासीहरूका निम्ति पवित्र बाइबलको टिप्पणी*ले टिपनको पूर्णता दाबी गर्दैन, न ता त्यो टिप्पणी विज्ञानको तकनीकी दृष्टिले लेखिएको हो, तर यस किताबले पाठकवर्गमा व्यक्तिगत बाइबल अध्ययन गर्ने र मनन गर्ने उत्साह पैदा गरोस् भन्ने मनसायले लेखिएको हो । यसलाई पढ्ने छात्रछात्राहरूको हृदयमा हाम्रा मसीह राजाको दोस्रो आगमनलाई प्रिय मान्ने भाव र त्यसका निम्ति तीव्र लालसा उत्पन्न गर्नु नै यसलाई लेख्ने मुख्य उद्देश्य हो ।

अँ, म पनि, एउटा प्रेमको ज्वालाले जल्दै गरेको हृदय लिएर,
अँ, म पनि, दिन प्रतिदिन मलाई झन्-झन् मीठो लाग्ने आशा लिएर,
तपाईं फर्केर आउने घड़ीको तीव्र चाहना, म सुस्केरा हालेर, गर्दछु, हे प्रभु येशू !
अँ, तपाईंका महिमाले टल्किरहेका पाउहरूचाहिँ कहिल्यै फेरि यस धरतीमा टेक्लान् भन्ने लालसाले म मूर्च्छित हुन्छु ।

रूपरेखाः

१) **मत्ती १ः** वंशावली र मसीह राजाको जन्म

२) **मत्ती २ः** मसीह राजाको बाल्यकाल

३) **मत्ती ३-४ः** मसीहको सेवकाइको तयारी र त्यसको प्रारम्भ

४) **मत्ती ५-७ः** परमेश्वरको राज्यको संविधान

५) **मत्ती ८ः१-९ः३४ः** मसीहका ईश्वरीय शक्ति र अनुग्रहले गरेका अचम्मका कामहरू र तिनको विषयमा मानिसहरूको बीचमा बेग्ला-बेग्लै प्रतिक्रियाहरू

६) **मत्ती ९ः३५-१०ः४२ः** मसीहका बाह्र प्रेरितहरू इस्राएलकहाँ पठाइए

७) **मत्ती ११-१२ः** विरोध बढ्दै गएको र मसीह तिरस्कार भएको

८) **मत्ती १३ः** इस्राएलीहरूले मसीह राजालाई तिरस्कार गरेको कारणवश अब उहाँले अन्तरिम कालका निम्ति आफ्नो राज्यको रूपान्तर भएर स्थापित हुने घोषणा गर्नुभएको

९) **मत्ती १४ः१-१६ः१२ः** बढ्दै गएको विरुद्ध सामना गर्दै मसीह राजाले आफ्नो अपार अनुग्रहको अथक प्रदर्शन गर्दै हुनुहुन्छ

१०) **मत्ती १६ः१३-१७ः२७ः** मसीहले आफ्ना चेलाहरूलाई तयार गर्दै हुनुहुन्छ

११) **मत्ती १८-२०ः** मसीहले आफ्ना चेलाहरूलाई शिक्षा दिँदै हुनुहुन्छ

१२) **मत्ती २१-२३ः** मसीह राजाले आफैलाई प्रस्तुत गर्नुभएको र आफै तिरस्कृत हुनुभएको

१३) **मत्ती २४-२५ः** जैतुन डाँड़ामा मसीहको उपदेश

१४) **मत्ती २६-२७ः** मसीह राजाको कष्ट र मृत्यु

१५) **मत्ती २८ः** मसीह राजाको विजय

मत्तीको सुसमाचारको टिप्पणी

१) मत्ती १ः ख्रीष्ट अर्थात् मसीह राजाको वंशावली र उहाँको जन्म

क) येशू ख्रीष्टको वंशावली (मत्ती १ः१-१७)

नयाँ नियमका रहस्यपूर्ण अर्थहरूको वास्तै नगरी यसलाई सरसरी पढ़ेर हेर्दा मत्तीको सुसमाचारको पुस्तक किन होला किन लम्बाचौड़ा वंशविवरणजस्तै अरोचक विषयबाट शुरु भएको होला भन्ने प्रश्न गरेर कसै-कसैलाई अचम्म लाग्न सक्छ। कसैले ता यस्ता नामहरूको सूची म किन पढ़िबसूँ, यसमा केही महत्त्व नहोला भन्ठानेर तिनलाई छोड़ेर जहाँदेखि ख्रीष्टको जन्मको बयान शुरु हुन्छ, त्यहाँदेखि पढ़ून थाल्न खोज्ला।

तर वास्तवमा यो वंशविवरण अनिवार्य छ; किनभने यसले त्यसपछि भन्न वा लेख्न चाहेका सबै कुराहरूका निम्ति एउटा बलियो जग बसाल्दछ। जबसम्म येशू कानुनी हिसाबले राजा दाऊदकै सन्तान, उनको राजकीय वंश हुनुहुन्छ भन्ने कुरा प्रमाणित गर्न सकिँदैन, तबसम्म उहाँ इस्राएलका मसीह राजा हुनुहुन्छ भन्ने प्रमाण दिन असम्भव छ। यसैले मत्तीले आफ्नो बयान जहाँ शुरु गर्नुपर्छ, त्यहाँबाट थाल्दछन्, र प्रभु येशूले उहाँको धर्मपिता यूसुफमार्फत उत्तराधिकारको रूपमा दाऊदको

सिंहासनको कानुनी अधिकार प्राप्त गर्नुभएको हो भन्ने कुरा सुदृढ़ पार्ने सम्बन्धित सन्दर्भ प्रस्तुत गर्छन् ।

मत्तीले लेखेको वंशविवरणले प्रभु येशूको पुर्खावली लिएर उहाँको इस्राएलका राजा हुने *कानुनी अधिकार* खोजेर निकालेको छ भने लूकाको सुसमाचारमा उल्लेख गरिएको वंशावलीले उहाँ *वंशागत हिसाबले* दाऊदका पुत्र हुनुहुन्छ भन्ने कुरामा जोड़ दिन्छ। मत्तीको वंशावलीमा विवरणचाहिँ राजा दाऊदबाट उनका छोरा सुलेमानमार्फत हुँदै जान्छ, जो उनको पछि राजा भए, र यसले ख्रीष्टको *राजकीय वंशलाई* पहिल्याएको छ; तर लूकाको वंशावलीमा विवरणचाहिँ राजा दाऊदका अर्कै छोरा नातान हुँदै जान्छ, जुन विवरणले प्रभु येशूको *रगतको नाताको वंशक्रम* निकालेको छ। मत्तीको विवरण यूसुफमा आइपुगेर टुङ्गिन्छ, जसको *धर्मपुत्र* प्रभु येशू हुनुहुन्थ्यो। तर लूका ३ अध्यायमा येशूकी आमा मरियमको वंशावली देखाएको अनुमान छ, जसको *वास्तविक पुत्र* उहाँ हुनुहुन्थ्यो ।

प्रभु येशूको जन्मको लगभग एक हजार वर्षभन्दा अघि परमेश्वरले राजा दाऊदसित कुनै शर्त नराखीकन एउटा करार बाँध्नुभयो, जसमा उहाँले एउटा राज्य दिन्छु भन्ने प्रतिज्ञा गर्नुभयो, जो सदा-सर्वदा स्थिर रहिरहनेछ, साथै उनलाई उनको सिंहासनमाथि बसेर निरन्तर शासन गर्ने वंशको कबुल पनि गर्नुभयो (भजन ८९:४, ३६ र ३७) । राजा दाऊदसित बाँधिएको त्यो करार अब ख्रीष्ट येशूमा पूरा भएको छ। उहाँ यूसुफमार्फत कानुनी हिसाबले राजा दाऊदको सिंहासनका योग्य हकवाला हुनुहुन्छ भने मरियममार्फत उहाँ दाऊदका वास्तविक सन्तान र वंश पनि हुनुहुन्छ। उहाँ सदा जीवित रहनुहुन्छ; यसैले उहाँको राज्य पनि सदा स्थिर रहिरहनेछ, अनि उहाँ दाऊदका महान् सुपुत्र भई सदा-सर्वदा राज्य गर्नुहुनेछ। प्रभु येशूमा नै कानुनी हिसाबले मिल्ने र वंशागत हिसाबले मिल्ने अधिकार, अँ, दाऊदको सिंहासनमाथि बसेर इस्राएलका राजा हुने अधिकार दाबी गर्नलाई सम्भव हुन सक्ने दुईवटा आधार सत्य ठहरिएका छन्। अनि उहाँ जीवित हुनुभएको हुनाले अरू कसैले पनि त्यो राज्य गर्ने अधिकार दाबी गर्न सक्दैन ।

मत्ती १:१-१५: यहाँ 'अब्राहामका पुत्र, दाऊदका पुत्र येशू ख्रीष्टको वंशावलीको पुस्तक' भनेर जुन सूत्ररूपी शब्दहरू चलाइएका छन्, ती शब्दहरू उत्पत्ति ५:१ पदमा 'यो आदमको वंशावलीको पुस्तक हो' भनेर प्रयोग गरिएका शब्दहरूसँग मिल्न खोज्छन्। उत्पत्तिको पुस्तकले आदममा पहिलो मानिसको परिचय दिएको छ भने मत्तीको सुसमाचारको पुस्तकले अन्तिम आदमको परिचय दिन्छ (१ कोरिन्थी १५:४५)। पहिलो आदमचाहिँ पहिलो भौतिक सृष्टिका शिर थिए भने ख्रीष्ट येशू, ती अन्तिम आदमचाहिँ नयाँ, आत्मिक सृष्टिका शिर हुनुहुन्छ।

यस सुसमाचारको विषयवस्तु येशू ख्रीष्ट हुनुहुन्छ। येशू नामको अर्थ *'यहोवा/परमप्रभु[क] मुक्तिदाता'* भएअनुसार प्रभु येशूले यस सुसमाचारमा संसारका मुक्तिदाताको रूप लिनुभएको छ। ख्रीष्ट नामक उपाधिको अर्थ 'अभिषिक्त जन' हो; मत्तीको सुसमाचारमा उहाँ यी मसीहको रूपमा प्रस्तुत गरिनुभएको छ, जसको बाटो इस्राएलीहरूले लामो समयदेखि नै हेरिरहेका थिए। पुरानो नियमको समयमा दाऊदका पुत्र भन्ने उपाधिचाहिँ दुवै मसीह र राजालाई सङ्केत गर्ने शब्द हो। अब्राहामका पुत्रको उपाधिले के देखाएको छ भने हाम्रा प्रभु येशूमै हिब्रूहरूका पुर्खा अब्राहामलाई दिइएका जम्मै प्रतिज्ञाहरू पूरा भएका छन्।

यहाँको वंशावली तीन ऐतिहासिक खण्डमा भाग लगाइएको छः पहिलो खण्डः अब्राहामदेखि यिशाई/यिशैसम्म, दोस्रो खण्डः राजा दाऊददेखि योसियासम्म र तेस्रो खण्डः येकोनियादेखि यूसुफसम्म। पहिलो खण्डले राजा दाऊदसम्मको समय र दोस्रो खण्डले राजाहरूको समय प्रस्तुत गर्दछ र तेस्रो खण्डमा इस्वी पूर्व ५८६ सालदेखि अर्थात् इस्राएलीहरू बेबिलोनमा लगिएको समयदेखि यताको राजवंशको विवरण साँचिएर राखेको छ।

यस वंशावली-सूचीमा धेरै चाखलाग्दा कुराहरू पाइन्छन्। उदाहरणका निम्ति, यस खण्डमा चारजना स्त्रीहरूका नाम लिइएका छन्, जस्तै तामार, राहाब, रूथ र बतशेबा, जो उरियाहकी पत्नी थिइन्। मध्यपूर्व जातिका मानिसहरूका वंशावलीहरूमा प्रायः स्त्रीहरूका नाम कम राखिन्थे; तब यी स्त्रीहरूका नाम कसरी यहाँ गाभिए, अचम्म लाग्नुपर्छ; किनकि तीमध्ये

दुईजना तामार र राहाब वेश्या थिए, बतशेबा व्यभिचारिणी थिए, अनि राहाब र रूथ अन्यजातिका स्त्रीहरू थिए। हुन सक्छ, मत्तीको सुसमाचारको भूमिकामा यिनीहरूका नाम समावेश गरिनुको मतलबचाहिँ प्रभु येशू यस संसारमा पापीहरूलाई मुक्ति दिन, अन्यजातिहरूकहाँ परमेश्वरको अनुग्रह पुऱ्याउन, अनि जाति-जातिको बीचमा र स्त्री-पुरुषहरूको बीचमा खड़ा भएको भेदभावरूपी छेकाबारहरू तोड्न आउनुभएको हो भन्ने कुरा सङ्केत गर्नु थियो।

राजा येकोनियाको नाम यस वंशविवरणमा हालिएको कुरा पनि रोचक छ; किनभने यर्मिया २२:३० पदमा परमेश्वरले तिनलाई यसो भन्दै सराप्नुभयोः

'परमप्रभु यसो भन्नुहुन्छः तिमीहरू यस मानिसलाई निस्सन्तान भनी लेखिदेओ – यस्तो एउटा मानिस, जो आफ्नो जीवनकालमा सफल हुनेछैन; किनकि यसको वंशको कुनै पनि मानिस दाऊदको सिंहासनमाथि बसेर र यहूदामा फेरि राज्य गरेर सफल हुनेछैन।'

यदि प्रभु येशू यूसुफको *वास्तविक पुत्र* हुनुभएको भए उहाँ यस श्रापमा सहभागी हुनुहुनेथियो। तर दाऊदको सिंहासनमाथि बसेर राज्य गर्ने अधिकारचाहिँ उत्तराधिकारको रूपमा हासिल गर्नका निम्ति उहाँ *कानुनअनुसार* यूसुफका पुत्र हुनु खाँचो थियो। यो समस्या कसरी समाधान गरियो त? एउटा आश्चर्य कर्मद्वारा! उहाँ कन्या मरियमद्वारा जन्मनुभयो। यसैले प्रभु येशू यूसुफमार्फत *कानुनी हिसाबले* सिंहासनको उत्तराधिकारी हुनुभयो, अनि मरियममार्फत उहाँ दाऊदका *वास्तविक* सन्तान पनि हुनुहुन्थ्यो। येकोनियामाथि लगाइएको श्राप मरियम र तिनका छोराछोरीहरूमाथि परेन; किनकि तिनी येकोनियाको वंशमा जन्मेकी थिइनन्।

मत्ती १:१६: अङ्ग्रेजीमा *'जसबाट'*को अनुवादको अर्थ यूसुफलाई र मरियमलाई पनि लाग्न सक्छ। तर ग्रीक भाषाको मूललिपीमा यो शब्द एकवचनमा र स्त्रीलिङ्गमा छ। यसबाट स्पष्ट बुझिन्छ कि प्रभु येशू यूसुफबाट होइन, तर मरियमबाट जन्मनुभयो।

यस वंशावलीका चाखलाग्दा कुराहरूमा ध्यान दिएपछि हामीले यसमा भेट्टाइने अप्ठ्यारा-अप्ठ्यारा विषयहरूको बारेमा पनि कुरा गर्नुपर्छ ।

मत्ती १:१७ : मत्तीले यस वंशावलीलाई तीन खण्डमा भाग लगाएका छन्, जसको हरेक खण्डमा चौध पुस्ता छन् । तर पुरानो नियमबाट हामी जान्दछौं: यस सूचीबाट कुनै न कुनै नाम छुट्टिएका छन् । उदाहरणका निम्ति, मत्ती १:८ पदमा योराम र ओजिया/उज्जियाहको बीचमा राजा अहज्याह, योआश र अमस्याहले राज्य गरे (२ राजाका ८-१२ अध्याय र २ इतिहासका २१-२५ अध्यायहरू) । मत्तीको सुसमाचार र लूकाको सुसमाचारमा उल्लेख गरिएका वंशविवरणहरूमा दुईवटा मिल्ने नाम छन्: शाल्तिएल र जरूबाबेल (मत्ती १:१२-१३ र लूका ३:२७) । यूसुफ र मरियम दुवैका पुर्खौली यी दुई व्यक्तिमा मिलेको, तर त्यसपछि फेरि छुट्टिएर गएकोमा अचम्म लाग्दैछ । यहाँ देखा परेको जटिल समस्या अझ बढ्छ, जब दुवै सुसमाचारका पुस्तकमा एज्रा ३:२ पदअनुसार जरूबाबेललाई शाल्तिएलका पुत्र भनिएको छ, तर १ इतिहास ३:१९ पदले तिनलाई पदायाहका पुत्र भनिन्छ ।

तेस्रो समस्या के छ भने, मत्तीको सुसमाचारमा राजा दाऊददेखि प्रभु येशूसम्मका पुस्ता गन्दाखेरि सत्ताइस पुस्ता छन्, तर लूकाले आफ्नो विवरणमा बयालीस पुस्ता उल्लेख गरेका छन् । यी प्रेरितहरूले आ-आफ्नो सुसमाचारको पुस्तकमा भिन्नै वंशावली अङ्कित गर्न चाहे ता पनि पुस्ताहरूको सङ्ख्या यति फरक पाउँदा हामीलाई अनौठा लाग्छ ।

अब हाम्रो सामु देखा परेका यी समस्याहरू र नमिल्ने कुराहरूको विषयमा बाइबल अध्ययन गर्ने मानिसले कस्तो किसिमको विचार धारण गर्नुपर्छ त ? पहिलो विचार, जो हाम्रो विश्वासको आधारभूत जग होः पवित्र बाइबल परमेश्वरको प्रेरणाले दिइएको पुस्तक हो । यसर्थ यसमा कुनै भूल वा त्रुटि हुन असम्भव छ । दोस्रो धारणाः परमेश्वरको वचन अथाह छ, अनि यसमा परमेश्वरको स्वभाव छायाङ्कन गरिन्छ, जो अगम्य हुन्छ । हो, हामीले परमेश्वरको वचनका आधारभूत सत्यताहरू बुझ्न सक्छौं होला, तर यसमा पाइने सबै कुरा हामीले कहिल्यै बुझ्न सक्नेछैनौं ।

यसकारण यी समस्याहरू लिएर हामी के गरौं ? यिनलाई कसरी समाधान गरौं त ? निष्कर्षमा हामी यो भन्छौंः पवित्र बाइबलमा कुनै पनि भूल हुँदैन नै, तर हाम्रो सिमित ज्ञानचाहिँ यस समस्याको मूल कारण हो । पवित्र बाइबलभित्र पाइने समस्याहरूले हामीलाई अझ गहन अध्ययन गर्न र तिनका उत्तरहरू खोजेर निकाल्ने चुनौती दिऊन् ! हितोपदेश २५ः२ अनुसारः ***'कुनै कुरा गुप्तमा राख्नु परमेश्वरको महिमा छ; तर राजाहरूको महिमाचाहिँ कुरा तलाश गर्नुमा छ ।'***

इतिहासकारहरूका होशियारपूर्वक अनुसन्धान र पुरातत्त्वज्ञहरूका उत्खननले आजको दिनसम्म पवित्र बाइबलको कुनै वचन असत्य ठहराउन सकेनन् । हाम्रो सामु समस्या र नमिल्ने कुराहरू जति पनि खड़ा हुन्छन्, तिनको विषयमा हामी समझले पूर्ण स्पष्टीकरणहरू पाउँछौं; अनि यस प्रकारले स्पष्ट पारिएका कुराहरू आत्मिक जीवनका निम्ति अर्थपूर्ण र लाभदायक हुन्छन् ।

ख) मरियमबाट प्रभु येशूको जन्म (मत्ती १ः१८-२५)

मत्ती १ः१८ः यस वंशविवरणमा उल्लेख गरिएका सबै व्यक्तिहरूको जन्मभन्दा प्रभु येशूको जन्म बिलकुल भिन्न थियो । हामीले घरीघरी चलाइएको यो सूत्ररूपी वचन पढ्छौंः 'फलाना व्यक्तिले ढिकानो व्यक्तिलाई जन्माए ।' तर अब यहाँ हामी यस्तो एउटा जन्मको बयान पढ्छौं, जसमा कुनै मानव पिताको सम्बन्ध नै छैन । प्रभु येशूको अचम्मको गर्भधारण कसरी भयो ? यसको पृष्ठभूमि दिएर यस पदमा आदरपूर्वक र सरल भाषा प्रयोग गरिएको छ । मरियमको मगनी यूसुफसँग भइसकेको, तर तिनीहरूको आपसी विवाह भने भएकै थिएन । नयाँ नियमको समयमा मगनीचाहिँ अचेलजस्तो खुकुलो थिएन । न्यायिक रूपले विवाह-विच्छेद गरेर मात्र मगनी रद्द गर्न सकिन्थ्यो । विधिवत् रूपले विवाह नगरेसम्म दुलहा र दुलही सँगै बसेनन् । यसो भए पनि यस बन्धनमा नरहीकन पर व्यक्तिसँग सम्बन्ध राख्नेचाहिँ व्यभिचारी ठहरिन्थ्यो र त्यस्तालाई मृत्यु-दण्ड दिइन्थ्यो ।

मरियमको मगनी भइरहेको समयभित्र तिनी कन्या-अवस्थामै पवित्र आत्माको अचम्मको कार्यद्वारा गर्भवती भइन् । एकजना स्वर्गदूतले तिनलाई पहिल्यैबाट यस अचम्मको कामको बारेमा यसरी जानकारी दिएका थिएः ***'पवित्र आत्मा तिमीमाथि आउनुहुनेछ, र परमप्रधानको सामर्थ्यले तिमीमाथि छाया पार्नेछ'*** (लूका १:३५) । यस कुराले मरियमलाई शङ्काको घेराभित्र हाल्यो र तिनलाई निन्दाको पात्र तुल्यायो । मानव इतिहास पल्टाउनुहोस्, तर शुद्ध कन्याबाट कहिल्यै कुनै सन्तान जन्मेकै छैन । यसैले जब मानिसहरूले एउटी विवाह नगरेकी स्त्रीलाई गर्भवती भएकी देखे, तब तिनीहरूको विचारमा यसको एउटै मात्र कारण हुन सक्थ्योः व्यभिचार ।

मत्ती १:१९: मरियमको अवस्थाको सम्बन्धमा यूसुफ पनि अज्ञात थिए, र उनले यसको खास कारण जानेका थिएनन् । मगनी गरिसकेकी यी नारीप्रति उनी दुईटा कारणले गर्दा क्रोधित भए होलान्ः एक, तिनी उनीप्रति अविश्वासी भइन्; दुई, आफै निर्दोष हुँदाहुँदै पनि जुनै हालतमा उनीमाथि सहापराधीको दोष पर्नेथियो । मरियमप्रति उनको प्रेम र न्याय खोज्ने उनको इच्छाले उनलाई सुटुक्क तिनीसितको विवाहको सम्बन्ध विच्छेद गर्ने निर्णयसम्म पुऱ्याए। यूसुफले दुवैजनामाथि आइपर्ने खुल्लमखुल्ला अपमानबाट उम्कन खोजे, जुन अपमान विवाहको विच्छेद गर्दा प्रायः चल्ती हुन्थ्यो ।

मत्ती १:२०: जब यी भद्र र समझदार मानिसले मरियमलाई यस्तो अपमानबाट बचाउने उपाय रचिरहेको बेलामा परमप्रभुका दूत सपनामा उनीकहाँ देखा परे, र उनलाई यसो सम्बोधन गरेः **'यूसुफ, दाऊदका पुत्र !'** यस सम्बोधनले उनीभित्र 'म राजकीय वंशको मानिस हुँ' भन्ने बोध गराउनु र उत्तेजित पार्नु थियो, साथै उनलाई इस्राएलका मसीह राजाको अद्भुत आगमनका निम्ति तयार पार्नु थियो, यसमा कुनै शङ्का छैन । उनलाई 'तिमीले मरियमलाई विवाह नगर्ने गरी कुनै आशङ्का नगर्नू' भन्ने ईश्वरीय आदेश थियो । मरियमको शुद्ध कुमारी अवस्थाको विषयमा गरेका उनका शङ्काहरू सबै आधारहीन थिए । तिनको गर्भको फल पवित्र आत्माको सामर्थ्यको काम थियो ।

मत्ती १:२१: त्यसपछि ती स्वर्गदूतले यी बालकको लिङ्ग, नाम र उहाँको यस संसारमा जन्मिने उद्देश्य बताए। मरियमले एउटा पुत्र जन्माउनेछिन्। उहाँको नाम येशू राख्नु थियो, जसको अर्थ 'परमप्रभु मुक्तिदाता हुनुहुन्छ' हो। प्रभु येशूको नामको अर्थअनुसार उहाँले आफ्ना मानिसहरूलाई तिनीहरूका पापहरूबाट बचाउनुहुनेछ। विशेष परिस्थितिबाट मिलेका यी बालक यहोवा अर्थात् परमप्रभु आफै हुनुहुन्थ्यो, जो यस धरतीमा आउनुभयो, र जसले मानिसहरूलाई तिनीहरूका पापको दण्डबाट बचाउनुहुनेछ, तिनीहरूलाई पापको वशबाट मुक्त गर्नुहुनेछ र अन्तमा तिनीहरूलाई पापको उपस्थितिबाट पूरा रूपले टाढ़ा राख्नुहुनेछ।

मत्ती १:२२: मत्तीले यी घटनाहरूको विवरण लेख्दा मानव इतिहासमा परमेश्वरले मानिसहरूसित गर्नुभएको व्यवहारको सम्बन्धमा एउटा नयाँ युग शुरु गर्नुभएको कुरा महसुस गरे। मसीहसम्बन्धी यस भविष्यवाणीका शब्दहरू, जो लामो समयसम्म प्रसुप्त थियो, जागेर आए, अँ, जीवित भए। यशैयाको रहस्यमय भविष्यवाणी अब मरियमका बालकमा पूरा हुन आयो। परमप्रभुले भविष्यवक्ताद्वारा भन्नुभएको कुरा पूरा होस् भनेर यो सब भएको थियो। कम्तीमा ७०० वर्ष ख्रीष्टपूर्वतिर परमप्रभुले भविष्यवक्ता यशैयाद्वारा बोल्नुभयो; यशैयाका यी वचनहरूचाहिँ ईश्वरीय प्रेरणाले दिइएका वचनहरू हुन् भन्ने कुरा मत्तीले यहाँ दाबी गर्छन्।

मत्ती १:२३: यशैया ७:१४ पदको भविष्यवाणीमा त्यस अद्वितीय जन्मको विषयमा ***'हेर, कन्या गर्भवती हुनेछिन्'*** भनेर अगमवाणी गरिएको हो; ***'र एउटा पुत्र जन्माउनेछिन्'*** भन्दै ती जन्मिने बालकको लिङ्ग पनि बताइएको छ; साथै ***'अनि तिनीहरूले उहाँको नाम "इम्मानुएल" राख्नेछन्'*** भनेर बालकको नामसमेत भनिएको छ। मत्तीले स्पष्टीकरण दिँदै इम्मानुएलको अर्थ बताउँदछन्: इम्मानुएलको अर्थ *'परमेश्वर हामीसित'* हो। प्रभु येशू संसारमा रहुन्जेल उहाँलाई कहिल्यै इम्मानुएल भनेर सम्बोधन गरिएको कुरा उल्लेख छैन। उहाँको नाम सधैं येशू थियो। तर *'परमप्रभु मुक्तिदाता हुनुहुन्छ'*, जो येशू नामको अर्थ हो, त्यसभित्र *'परमेश्वर हाम्रो*

साथमा हुनुहुन्छ' भन्ने मतलब पनि समावेश छ। *'इम्मानुएल'* प्रभु येशूको उपाधि पनि हुन सक्छ, जो प्रायः उहाँको दोस्रो आगमनपछि प्रयोग गरिनेछ।

मत्ती १:२४: ती स्वर्गदूत बीचमा आएर यूसुफलाई रोकेको हुनाले उनले मरियमसितको सम्बन्ध विच्छेद गर्ने आफ्नो योजना रद्द गरे। अनि यूसुफले येशूको जन्म नहोउन्जेल उनी र मरियमको बीचमा बाँधिएको मगनीको करार कायम राखे; उनले मरियमलाई विवाह गरे।

मत्ती १:२५: तर यस पदले यूसुफ र मरियमको बीचको विवाहको सम्बन्ध भएकै कुरा उल्लेख गर्दै मरियमचाहिँ जीवनभरि नै कन्या रहिरहिन् भन्ने शिक्षालाई खण्डन गर्छ। यूसुफबाट मरियमका अरू छोराछोरीहरू जन्मे भन्ने कुरा देखाउने पदहरू यी हुन्: मत्ती १२:४६, मत्ती १३:५५-५६, मर्कूस ६:३, यूहन्ना ७:३ र ५, प्रेरित १:१४, १ कोरिन्थी ९:५ र गलाती १:१९।

मरियमलाई विवाह गर्दा यूसुफले येशू तिनका छोरालाई पनि ग्रहण गरे, र उहाँलाई आफ्नो धर्मपुत्र बनाए। यसरी प्रभु येशू कानुनी हिसाबले दाऊदको सिंहासन उत्तराधिकारको रूपमा पाउने योग्य बन्नुभयो। यूसुफलाई दर्शन दिने स्वर्गदूतको आदेशअनुसार उनले बालकको नाम येशू राखे।

यस प्रकारले महीह राजाको जन्म भयो; अनि अनन्त परमेश्वरले कालक्रम चलेको जग्गामा प्रवेश गर्नुभयो; सर्वशक्तिमान् परमेश्वर साना बालक बन्नुभयो; महामहिम प्रभुले आफ्नो गौरवमाथि मानव शरीररूपी पर्दा लगाउनुभयो, अनि ***'उहाँमा नै ईश्वरत्वको सारा परिपूर्णताले शारीरिक रूपले वास गर्छ'*** (कलस्सी २:९)।

२) मत्ती २: मसीह राजाको बाल्यकाल

क) ज्योतिषीहरू मसीह राजालाई दण्डवत् गर्न आए (मत्ती २:१-१२)

मत्ती २:१-२: प्रभु येशूको जन्ममा घटेका घटनाहरूको कालक्रमको विषयमा सजिलोसँग अलमलमा पर्न सकिन्छ। मत्ती २:१ पद मात्र लिएर के देखिन्छ भने यूसुफ र मरियम बेतलेहेमको गोठमा रहेको बेलामा राजा

हेरोदले बालक येशूलाई मार्न खोजे; तर अरू पदहरू पनि हेर्दा त्यो घटना एक-दुई वर्षपछि मात्र घटेको प्रमाणित हुन्छ। ज्योतिषीहरूले बालक येशूलाई एउटा घरमा नै भेटे भन्ने कुरा मत्तीले एघार पदमा बताउँछन्। सोह्र पदमा भनेअनुसार राजा हेरोदले बेतलेहेममा भएका दुई वर्षदेखि मनिका सबै नर-बालकहरूलाई मार्ने हुकुम दिए। यसबाट के बुझिन्छ भने मसीह राजाको जन्मदेखि निश्चय केही समय बितेको हुनुपर्छ।

हेरोद डि ग्रेटचाहिँ एसावको वंशका थिए; अनि यही कारणले यहूदीहरूका शत्रु पनि थिए, जसरी प्रायः सबै एदोमीहरू उहिलेदेखि नै यहूदीहरूका वैरी हुन्थे। तिनले यहूदी धर्म अपनाए, तर शायद यसो गर्ने मुख्य कारण राजनीति थियो। तिनको शासनकालको अन्ततिर पूर्वबाट ज्योतिषीहरू आए, र यहूदीहरूका राजालाई खोजिरहेका थिए। यी ज्योतिषीहरूको बारेमा अनुमान गरिन्छ, कि तिनीहरू प्रकृतिलाई र प्राकृतिक थोकहरूलाई पूजा गर्ने अन्यजातिका पूजाहारीहरू थिए। यस्ताहरूबाट राजाहरूले सल्लाहकारहरूलाई छान्थे; किनकि यिनीहरूसँग ज्ञान थियो, र यिनीहरूले भविष्य बताउन सक्थे। ती ज्योतिषीहरू पूर्वको कुन जग्गाबाट आए, सो हामी जान्दैनौं, अनि तिनीहरू कतिजना थिए, र तिनीहरूको यात्रा कति समय लाग्यो, सो कुरा पनि भन्न सक्दैनौं।

पूर्वको एक तारा थियो, जसले तिनीहरूलाई ती राजाको जन्मको विषयमा अवगत गराएको थियो। उहाँलाई दण्डवत् गर्न तिनीहरू आएका थिए। हुन सक्छ, तिनीहरूले पुरानो नियममा लेखिएका मसीह राजाको आगमनका भविष्यवाणीहरूसित परिचित थिए। ***'याकूबबाट एउटा तारा निस्कनेछन्'*** भन्ने बिलामको अगमवाणी तिनीहरूले जानेको सम्भव छ (गन्ती २४:१७)। यही अगमवाणी तिनीहरूले दानियल ९:२४-२५ पदसित जोड़ेर मसीह राजाको पहिलो आगमनसम्म सत्तरी हप्ता हुन्छन् भन्ने कुरा पनि जान्थे होला। तर मलाई लाग्छ, मसीह राजाको जन्मको सम्बन्धको ज्ञान तिनीहरूले अलौकिक रूपले प्राप्त गरेका थिए।

उक्त ताराको विषयमा वैज्ञानिकहरूले भिन्नभिन्नै कारण र स्पष्टीकरण दिन्छन्। उदाहरणका निम्ति, कतिले 'यो त ग्रहहरूको योग थियो' भन्छन्।

तर त्यस ताराको पथ निक्कै असाधारण थियो; किनकि त्यो तारा ज्योतिषीहरूको अघिअघि जान्थ्यो; अनि यरूशलेमदेखि लिएर त्यसले तिनीहरूलाई येशू भएको ठाउँ र घरैसम्म पुऱ्याय़ो (मत्ती २:९)। त्यसपछि त्यो त्यहीं टक्क रोकियो। वास्तवमा, त्यसको गति-पथ यति असाधारण थियो; त्यो एक आश्चर्यकर्म भएको हुनुपर्छ, अरू केही पनि होइन।

मत्ती २:३: जब राजा हेरोदले सुने, कि एउटा बालक जन्मिए, जो यहूदीहरूको राजा हुनेछन्, तब तिनी आत्तिए। यस्तो बालक तिनको अशान्तिले पूर्ण शासनलाई दप्की दिने कारण हुनुपर्छ। तिनको साथमा सारा यरूशलेम विचलित भयो। त्यस शहरका मानिसहरूले यो समाचार खुशीसाथ स्वीकार गर्नुपर्थ्यो; तर ती मानिसहरू घबराए; किनभने यरूशलेमको यथापूर्व स्थितिलाई बिगार्ने वा घृणा गरिएका रोमी शासकहरूमा क्रोध पैदा गराउने जुनसुकै कुरादेखि तिनीहरू डराथे।

मत्ती २:४-६: राजा हेरोदले यहूदीहरूका धार्मिक अगुवाहरूलाई भेला गरे, र ख्रीष्टको जन्म कहाँ हुने हो, सो कुरा उनीहरूबाट पत्ता लगाउन चाहे। मुख्य पूजाहारीहरू भन्नाले प्रधान/महा पूजाहारी, तिनका छोराहरू र तिनको परिवारका अरू सदस्यहरू बुझिन्छ। जनताका शास्त्रीहरू भन्नाले पूजाहारीगिरी-बाहिर मोशाको व्यवस्था जान्ने निपुण व्यक्तिहरू बुझिन्छ। यी शास्त्रीहरू व्यवस्थाका रक्षकहरू थिए; तिनीहरूले व्यवस्था सिकाउँथे; अनि तिनीहरू महासभामा बसेर न्यायकर्ताहरू हुन्थे। तब तुरुन्तै यी पूजाहारीहरू र शास्त्रीहरूले मिका ५:२ पदलाई उद्धृत गरे, जहाँबाट ख्रीष्ट राजाको जन्मस्थान यहूदाको बेतलेहेम हो, सो स्पष्ट भयो। मिकाको भविष्यवाणी-रूपी यस खण्डमा त्यस ठाउँको नाम 'बेतलेहेम एफ्राता' भनिएको छ। इस्राएल देशमा बेतलेहेम नामक बेग्ला-बेग्ला शहरहरू थिए। यसैले कुनचाहिँ बेतलेहेम शहर हो, सो स्पष्ट पार्नका निम्ति एफ्राता थपिएको थियो; किनकि यसरी यहूदाको प्रान्तको एफ्राता जिल्लामा अवस्थित भएको बेतलेहेमलाई तोकिएको थियो।

मत्ती २:७-८: त्यो तारा कुन बेला पहिल्यै देखा परेको थियो, सो कुरा बुझ्नलाई राजा हेरोदले ती ज्योतिषीहरूलाई सुटुक्क बोलाए। तिनको यस

गुप्त चालले तिनको अरूलाई दुःखकष्ट दिने अभिप्राय प्रकट गर्दछ; किनभने सठीक बालकलाई नभेट्टाउँदाखेरि मात्र तिनलाई यो जानकारी चाहिनेथियो । तर आफ्नो खास उद्देश्य लुकाएर तिनले ती ज्योतिषीहरूलाई ***'जाओ, त्यस बालकको बारेमा यत्नसित खोजी गर, र उहाँलाई भेट्टाएपछि मकहाँ खबर ल्याइदेओ'*** भन्ने आज्ञा दिँदै तिनीहरूलाई पठाए ।

मत्ती २:९: जब ती ज्योतिषीहरू हिँड़े, तब त्यो तारा, जो तिनीहरूले पूर्वमा देखेका थिए, फेरि देखा पर्‍यो । यसबाट के बुझिन्छ भने त्यस ताराले तिनीहरूलाई पूर्वदेखिको सारा यात्रामा सधैं अगुवाइ गरिरहेको थिएन रहेछ । तर अबचाहिँ त्यसले तिनीहरूलाई बाटो देखाउँदै तिनीहरूलाई त्यस घरमा पुर्‍यायो, जुन ठाउँमा बालक येशू हुनुहुन्थ्यो ।

मत्ती २:१०: यस पदमा त्यस तारालाई देखेर ती ज्योतिषीहरू अत्यन्तै ठूलो आनन्दले हर्षित भए भन्ने कुरामा हाम्रो ध्यान लगाइएको छ । ती अन्यजातिका मानिसहरूले यत्नसित ख्रीष्ट राजाको खोजी गरेका थिए । राजा हेरोदले उहाँलाई मार्न चाहे । पूजाहारीहरू र शास्त्रीहरूले उहाँको वास्तै गरेनन् । यरूशलेमका वासिन्दाहरू घबराए । यी प्रतिक्रियाहरूचाहिँ मसीह राजालाई कुन प्रकारले ग्रहण गरिनेछ, सो स्पष्ट पार्ने लक्षणहरू थिए ।

मत्ती २:११: जब ती ज्योतिषीहरू त्यस घरभित्र पसेका थिए, तब तिनीहरूले ती साना बालकलाई आफ्नी आमा मरियमको साथमा देखे । तिनीहरू भुइँमा घोप्टेर उहाँलाई दण्डवत् गरे, अनि उहाँलाई सुन, सुगन्धित धूप/लोबान र मूर्र/गन्धरसजस्तै बहुमूल्य भेटी चढ़ाए । याद गर्नुहोस्: तिनीहरूले बालक येशूलाई आमाको साथमा देखे । सामान्य हिसाबले हो भने पहिले आमाको कुरा गरिन्छ, त्यसपछि तिनको बालकको; तर यहाँ एउटा विशेष बालक हुनुभएको नाताले यहाँलाई पहिलो स्थान दिइयो (मत्ती २:१३, १४, २० र २१ पद पनि हेर्नुहोस् !) । ती ज्योतिषीहरूले येशूलाई दण्डवत् गरे, मरियमलाई वा यूसुफलाई *होइन*। यहाँको खण्डमा यूसुफको नाम लिइएको छैन; उनी सुसमाचारको यस पुस्तकका पन्नाहरूबाट अब पूरा लुप्त

हुनेछन्। प्रभु येशू नै हाम्रो प्रशंसा र आराधना पाउनु योग्यका व्यक्ति हुनु-हुन्छ – मरियम होइन, यूसुफ पनि होइन।

ती ज्योतिषीहरूले चढ़ाएका बहुमूल्य भेटीहरूले धेरै कुरा बताउँछन्। सुनचाहिँ उहाँको ईश्वरत्व र गौरवलाई सङ्केत गर्ने चिन्ह हो। सुनले उहाँको ईश्वरीय व्यक्तित्वको सर्वसिद्ध गुणको चमक दिन्छ। लोबान एक सुगन्धित तेल वा सुगन्ध/सेन्ट हो। त्यसले प्रभुको पापरहित, सिद्ध, सुगन्धरूपी जीवनलाई सङ्केत गर्छ। मुर्र/गन्धरसचाहिँ एक प्रकारको रूखबाट निकालिएको चोप हो, जो तीतो छ। संसारका मानिसहरूका पापहरू उठाउँदा प्रभु येशूले कस्ता-कस्ता दुःखकष्टहरू भोग्नुहुनेछ, सो कुराको पूर्वसूचना त्यस मुर्रले दिन्छ। अन्यजातिका मानिसहरूले भेटी ल्याउनेछन् भन्ने कुराले यशैया ६०:६ पदमा बताइएको कुराको सम्झना गराउँछ। भविष्यवक्ता यशैयाले अन्यजातिहरू आएर मसीहलाई भेटी चढ़ाउनेछन् भन्ने कुरा अगमवाणी त गरे, तर त्यहाँ सुन र धूपको कुरा मात्र उल्लेख गरिएका छन्, जस्तो लेखिएको छः ***'तिनीहरूले सुन र धूप ल्याउनेछन्; अनि तिनीहरूले परमप्रभुका प्रशंसाहरू सुनाउनेछन्।'*** मूर्रचाहिँ किन छोड़िएको छ त? किनकि यशैयाले प्रभुको दोस्रो आगमनको कुरा गरेका छन्, जब हाम्रा प्रभु शक्ति र ठूलो महिमाको साथ आउनुहुनेछ। त्यस बेला उहाँलाई मूर्र ल्याउनुपर्दैन; किनभने त्यस समय उहाँले दुःख भोग्नुहुनेछैन। तर मत्तीको सुसमाचारमा मूर्र छ; किनकि मूर्रद्वारा उहाँको पहिलो आगमन सङ्केत गरिएको छ। मत्तीको सुसमाचार प्रभु येशूले सहनुभएका दुःखहरूको बयान हो, तर यशैयाको पुस्तकको यस खण्डमा यी दुःखहरू सहेपछि उहाँले पाउनुहुने महिमाको विवरण दिइएको छ।

मत्ती २:१२: ती ज्योतिषीहरूले सपनामा परमेश्वरबाट **'हेरोदकहाँ फर्केर नजानू'** भन्ने चेताउनी पाए। यसैले आज्ञाकारी भई तिनीहरू अर्कै बाटो भएर आफ्नो देशमा फर्के। इमानदार हृदय लिएर प्रभु येशूलाई खोज्ने र उहाँकहाँ आउने कुनै पनि मानिस पुरानो बाटो भएर फर्दिंदैन; किनकि प्रभु येशूसितको साँचो भेट/मिलनले सारा जीवनलाई परिवर्तन गर्दछ।

ख) यूसुफ, मरियम र येशू बालक मिस्र देशतिर भागेर उम्के (मत्ती २:१३-१५)

मत्ती २:१३-१४: बालककालदेखि नै मार्ने धम्कीले प्रभु येशूलाई छोड़ेन। यो स्पष्ट देखिन्छः उहाँ मर्नका निम्ति जन्मनुभयो। तर उहाँको मृत्यु तोकिएको समयमा हुनु थियो। परमेश्वरको इच्छाअनुसार हिँड्ने जुनसुकै व्यक्ति तबसम्म अमर रहन्छ, जबसम्म उसको काम सिद्धिएको छैन। परमप्रभुका दूतले सपनामा यूसुफलाई आफ्नो परिवार लिएर मिस्र देशमा भाग्ने चेताउनी दिए; किनकि राजा हेरोदले बालकलाई खोजी-खोजी मार्ने युक्ति शुरु गर्न लागेका थिए। हेरोदको क्रोधबाट उम्कनलाई त्यो परिवार मिस्र देशमा शरणार्थी बन्यो। उहाँहरू कति समय त्यहाँ रहनुभयो, सो हामीलाई थाहा छैन। तर हेरोदको मृत्युले उहाँहरूको स्वदेशतिर फर्केर जाने बाटो खोल्यो।

मत्ती २:१५: यसरी नै पुरानो नियमको अर्को भविष्यवाणीमा नयाँ अर्थ लगाइयो। परमेश्वरले भविष्यवक्ता होशेद्वारा भन्नुभयोः ***'मैले मेरो छोरालाई मिस्र देशबाट बोलाएँ'*** (होशे ११:१)। होशेको पुस्तकमा त्यसको मूल-अर्थचाहिँ यही थियोः त्यस पदले मिस्र देशबाट इस्राएलीहरूको प्रस्थान हुने समयमा तिनीहरूको छुटकारालाई सङ्केत गरेको छ। तर यस वाक्यका दुईवटा अर्थ हुन सक्छन्। मसीह राजाको जीवन र इस्राएलीहरूको इतिहास तुलना गर्दा धेरै कुरा उस्तै भएको देखिन्छ। जब प्रभु येशू मिस्र देशबाट इस्राएल देशमा फर्कनुभयो, तब उहाँको जीवनमा यो भविष्यवाणी पूरा भयो।

जब प्रभु येशू धार्मिकताको साथ राज्य गर्न यस संसारमा फेरि फर्केर आउनुहुनेछ, तब उहाँको हजार वर्षको राज्य हुँदा पाइने आशिषहरूका सहभागी हुने देशहरूमध्ये मिस्र देश पनि पर्नेछ (यशैया १९:२१-२५, सपन्याह ३:९-१० र भजन ६८:३१)। मिस्र देशजस्तो इस्राएलीहरूको लामो समयदेखिकै शत्रुले किन यस्तो निगाह पाउनेछ? प्रभु येशूलाई शरण दिएर उहाँको शरणस्थान बनेको कारणले के परमेश्वरले तिनीहरूलाई आफ्नो कृतज्ञता देखाउन चाहनुभएको हो कि?

ग) राजा हेरोदले बेतलेहेमका बालकहरूलाई सामूहिक हत्या गरे (मत्ती २:१६-१८)

मत्ती २:१६: ती ज्योतिषीहरू आफूकहाँ फर्केर आएनन् भन्ने कुरा जब राजा हेरोदले देखे, तब तिनले कलिलो उमेरका यी राजालाई फेला पार्ने आफ्नो युक्तिको विषयमा असफल भएको र ठगिएको कुरा महसुस गरे। तब रिसले चूर भएर तिनले बेतलेहेम र त्यसका वरिपरिका सबै इलाकाहरूभरि भएका दुई वर्षदेखि मनिका सबै नर-बालकहरूलाई मारिदिने हुकुम गरे। कति बालकहरू मारिए, त्यसको विषयमा अनुमानहरू भिन्नै छन्। छब्बीस जना मारिए भनेर एकजना लेखकले आफ्नो सुझाउ दिएका छन्। सयौं नानीहरू मारिए भन्ने कुरा सम्भव नभएको देखिन्छ।

मत्ती २:१७-१८: ती बालकहरूको हत्याको पछि ठूलो रुवाबासी मच्चियो; यसमा भविष्यवक्ता यर्मियाले बोलेका वचनहरू पूरा भए, जसले भन्दछन्: ***'परमप्रभु यसो भन्नुहुन्छः रामामा एउटा आवाज सुनियोः विलाप र तीतो रुवाइको आवाज; राहेल आफ्ना बालकहरूका निम्ति रोइरहन्छिन्, र आफ्ना बालकहरूको कारणले शान्त हुन चाहँदिनन्; किनभने ती छैनन्'*** (यर्मिया ३१:१५)।

उपरोक्त भविष्यवाणीमा राहेलले इस्राएल जातिलाई सङ्केत गर्छिन्; देशको जनताले गरेको त्यस शोकको प्रतिनिधि तिनले गर्छिन्; तिनी रामामा गाड़िन्। रामा बेतलेहेमनेर पर्छ, जहाँ त्यो सामूहिक हत्या भएको थियो। नानीहरूका शोकित बुवाआमाहरू तिनको चिहान हुँदो जाँदा राहेल तिनीहरूसँग रोइरहेकी चित्र यहाँ, यस पदले दिन्छ।

राजा हेरोदले ती जवान प्रतिस्पर्धीलाई हटाउन खोज्दा तिनलाई यस कोशिशबाट केही फाइदा भएन, तर कुकर्महरूको इतिहासको पुस्तकमा तिनले कुख्याति कमाए।

घ) यूसुफ, मरियम र बालक येशूले नासरतमा बसोबासो गरे (मत्ती २:१९-२३)

राजा हेरोदको मृत्युपछि परमप्रभुका दूतले यूसुफलाई अब कुशलता-साथ स्वदेशमा फर्कने आदेश दिए। जब उहाँहरू इस्राएल देशको सिमानामा

आइपुग्नुभयो, तब यूसुफले अर्खिलाउसले आफ्ना बाबु हेरोदको सट्टामा राज्य गरिरहेका र यहूदाका राजा भएका सुने। यसैले उनले यहूदाभित्र पस्न आँट गरेनन्; अनि उनले सपनामा परमेश्वरबाट चेताउनी पाएपछि उहाँहरूले उत्तरतिर गालील प्रान्ततर्फ यात्रा गर्नुभयो, अनि नासरतमा बसोबासो गर्नुभयो।

मत्तीले यस अध्यायमा हामीलाई फेरि पनि सम्झाएका छन्, कि चौथो पल्ट एउटा भविष्यवाणी पूरा भयो। यहाँ तिनले कुनै भविष्यवक्ताको नाम लिएका छैनन्, तर तिनले भविष्यवक्ताहरूको अगमवाणीअनुसार मसीहचाहिँ नासरी भनिनुहुने कुरा बताएका छन्। पुरानो नियमको कुनै पदले प्रत्यक्ष रूपले यसो भन्दैन। यसकारण धेरै विद्वानहरूले सुझाउ दिन्छन्, कि मत्तीले यशैया ११:१ पदको कुरा गरेको हुनुपर्छ, जहाँ यसो लेखिएको छः ***'अनि यिशाई/यिशैको ठुटाबाट एउटा टुसा निस्कनेछ, अनि तिनका जराहरूबाट एउटा हाँगा पलाउनेछ।'*** हिब्रू शब्द 'नेजर'बाट नेपाली अनुवाद 'ठुटा' भएको हो। तर नासरी र नेजर शब्दको बीचको सम्बन्ध एकदम टाढ़ो भएको, अँ, नभएको देखिन्छ। यसभन्दा राम्रो स्पष्टीकरण यही होलाः 'नासरी' भन्ने उपनाम नासरतमा बसोबासो गरेको जुनसुकै व्यक्तिलाई दिइन्थ्यो; अनि अरू मानिसहरूले नासरत शहरलाई तुच्छ दृष्टिले हेर्थे। यूहन्ना १:४६ पदमा नथनेलले ***'के नासरतबाट कुनै असल कुरा आउन सक्छ र?'*** भन्ने प्रश्न सोधे, जो प्रश्न एउटा उखान/टुक्का बन्यो। जुन अपमान त्यस 'महत्त्वहीन' नासरत शहरमाथि पस्त्यो, त्यो अपमान त्यसका वासिन्दाहरूलाई पनि लाग्यो। यसैले जब मत्ती २:२३ पदले ***'उहाँ नासरी भनिनुहुनेछ'*** बताउँछ, तब त्यसको मतलब यही हुन सकिन्छः उहाँको अपमान गरिनेछ। हामीले कुनै यस्तो भविष्यवाणी भेट्टाएनौं, जसले प्रभु येशू नासरी भनिनुहुनेछ भनेर भन्छ। तर हामीले एउटा भविष्यवाणी भेट्टायौं, जसले उहाँको विषयमा ***'मानिसहरूद्वारा ऊ तुच्छ ठानिएको र त्यागिएको छ'*** भनी भन्छ (यशैया ५३:३)। अर्को भविष्यवाणी पनि छ, जसले उहाँलाई सङ्केत गर्दै यसो भन्छः ***'म त कीरा हुँ, मानिस होइनँ; मानिसहरूको निन्दाको पात्र र लोकहरूद्वारा तुच्छ ठानिएको'*** (भजन २२:८)। यसैले हामी भन्न सक्छौंः

भविष्यवक्ताहरूले 'उहाँ नासरी भनिनुहुनेछ' भन्दै उस्तै शब्दहरू प्रयोग नगरे पनि तिनीहरूले कतिपय भविष्यवाणीहरूमा उहाँ निन्दाको पात्र बन्नुहुने कुरा गर्दै यस पदमा उल्लेख गरिएको भविष्यवाणीको भावअर्थ दिएका छन्; यो कुरा काट्न सकिँदैन ।

हामीलाई अचम्म लाग्दैछ; जब सर्वशक्तिमान् परमेश्वर यस संसारमा आउनुभयो, तब उहाँलाई निन्दात्मक उपनाम दिइयो । अनि हामी उहाँको पछि लाग्ने अनुयायीहरूले पनि उहाँको निन्दा बोक्ने सौभाग्य पाएका छौं (हिब्रू १३:१३) ।

३) मत्ती ३-४: मसीहको सेवकाइको तयारी र त्यसको प्रारम्भ

क) बप्तिस्मा दिने यूहन्नाले मसीह आउने बाटो तयार पारे (मत्ती ३:१-१२)

मत्ती दुई अध्याय र तीन अध्यायको बीचमा अट्ठाइस वा उनन्तीस वर्षको अन्तराल छ । मत्तीले बीचको यस समयलाई छोड़े । यी वर्षभरि प्रभु येशू नासरतमा हुनुहुन्थ्यो, र आफूलाई आफ्नो सामु राखिएको कामका निम्ति तयार गर्नुभयो । यी वर्षभरि नै उहाँले कुनै अचम्मको काम गर्नुभएन; यसो भए ता पनि यस समयमा परमेश्वर पिता उहाँसँग पूरा रूपले प्रसन्न हुनुहुन्थ्यो (मत्ती ३:१७) । मत्ती तीन अध्यायमा हामी प्रभुको सेवकाइको प्रारम्भमा आइपुग्यौं ।

मत्ती ३:१-२: बप्तिस्मा दिने यूहन्ना आफ्ना नातादार पर्ने येशूभन्दा छ महिना जेठा थिए (लूका १:२६ र ३६) । मसीह राजाको अग्रदूतको रूपमा उनी इतिहासरूपी मञ्चमा देखा परे । उनको अनौठो सेवाको क्षेत्र यहूदाको उजाड़स्थान थियो; त्यो मरुभूमि यरूशलेमदेखि तल यर्दन नदीसम्म पर्थ्यो । यूहन्नाको सन्देश यही थियो: ***'पश्चात्ताप गर, किनभने स्वर्गको राज्य नजिकै आएको छ !'*** मसीह राजा अब चाँड़ै प्रकट हुनुहुनेछ, तर उहाँले तिनीहरूका पापहरूमा लिप्त भएका मानिसहरूमाथि राज्य गर्न चाहनुभएन । यो असम्भव

थियो। तिनीहरूले मोड्नुपर्छ, आफ्ना पापहरू मानिलिनुपर्छ र तिनलाई छोड्नैपर्छ। परमेश्वरले तिनीहरूलाई अन्धकारको राज्यदेखि निस्केर स्वर्गको राज्यमा प्रवेश गर्न बोलाउँदै हुनुहुन्थ्यो।

स्वर्गको राज्य

स्वर्गको राज्य भन्ने वाक्यांश हामी मत्ती ३:२ पदमा पहिलो पल्ट भेट्टाउँछौं; यही वाक्यांश यस सुसमाचारको पुस्तकमा बत्तीस पल्ट प्रयोग गरिएको छ। कुनै पनि व्यक्तिले पहिले यस विषयको बारेमा नबुझीकन मत्तीको सुसमाचारको सन्देश ठीक प्रकारले बुझ्न सक्दैन। यही कारणले यसको परिभाषा र परिचय यहाँ दिइन्छ।

स्वर्गको राज्य एउटा यस्तो क्षेत्र हो, जहाँ परमेश्वरका शासन र अधिकार मानिन्छ। स्वर्ग भन्ने शब्दले परमेश्वरलाई सङ्केत गर्दछ। दानियल ४:२५ पदले यो कुरा स्पष्ट देखाउँछ, जहाँ बताइएको छः ***'परमप्रधानले मानिसहरूको राज्यमा शासन गर्नुहुन्छ'***; ***'स्वर्गले शासन गर्छ'*** भन्ने कुरा २६ पदमा भनिएको छ। जहाँ-जहाँ मानिसहरूले उहाँको शासन गर्ने अधिकार स्वीकार गरेर आफूलाई त्यसमनि सुम्पिदिन्छन्, त्यहाँ-त्यहाँ उहाँको राज्य हुन्छ।

स्वर्गको राज्यका दुईटा रूप छन्। मोटा हिसाबले स्वर्गको राज्यमा हरेक व्यक्ति समावेश हुन्छ, जसले म ईश्वरलाई सर्वोच्च परमात्माको रूपमा मान्छु भनी स्वीकार गर्छ। तर साँघुरो हिसाबले तिनीहरू मात्र स्वर्गको राज्यभित्र



पर्दछन्, जसको मन साँचो तवरले परिवर्तन भएको छ। यो कुरा हामी एउटा केन्द्र भएका दुईटा गोलाबाट देखाउन सक्छौं।

ठूलो गोलाचाहिँ 'स्वीकार गर्नेहरू'को बाहिरी क्षेत्र हो। यसमा तिनीहरू पर्दछन्, जसले उहाँको प्रजाको रूपमा आफूलाई मसीह राजाको अधीनमा सुम्पेका छन्, साथै यसमा तिनीहरू पनि पर्दछन्, जसले यो कुरा मुखले मात्र स्वीकार गर्छन्। यो कुरा हामी मत्ती १३:३-९ पदमा 'बीउ छर्नेको दृष्टान्तमा', मत्ती १३:३१-३२ पदमा 'रायोको बीउको दृष्टान्तमा' र मत्ती १३:३३ पदमा 'खमिरको दृष्टान्तमा' देख्छौं।

सानो गोलाभित्र चाहिँ प्रभु येशूमाथि विश्वास राखी नयाँ जन्मको अनुभव गर्नेहरू मात्र पर्दछन्। स्वर्गको राज्यको भित्री क्षेत्रमा त्यो व्यक्ति मात्र प्रवेश गर्छ, जो मत्ती १८:३ पदअनुसार बदली भएको छ।

परमेश्वरको राज्यको सम्बन्धमा पवित्र बाइबलका सबै पदहरू लिएर हामीले इतिहासमा त्यसको विकास हुँदाखेरि त्यसका पाँचओटा अवस्थाहरू देख्न सक्छौं।

त्यसको पहिलो अवस्थाः *भविष्यवाणी गरिएको*। परमेश्वरको राज्य पुरानो नियममा भविष्यवाणी गरिएको थियो। भविष्यवक्ता दानियलले अगमवाणी गरेः परमेश्वरले एउटा यस्तो राज्य स्थापित गर्नुहुनेछ, जो कहिल्यै नष्ट हुनेछैन, जो अरू कुनै जातिको अधिकारमा छोड़िनेछैन (दानियल २:४४)। उनले दर्शनमा ख्रीष्टको आगमनको पूर्वजानकारी पाए, जसको फलस्वरूप सारा संसार उहाँको नियन्त्रणमा पर्नेछ, र उहाँको शासनकाल अनन्त हुनेछ (दानियल ७:१३-१४ र यर्मिया २३:५-६)।

दोस्रो अवस्थाः *नजिकै आएको*। बप्तिस्मा दिने यूहन्ना, र प्रभु येशूलगायत उहाँका बाह्र प्रेरितहरूले परमेश्वरको राज्य *नजिकै आएको* वा *वर्तमान* भनी घोषणा गरे (मत्ती ३:२, ४:१७ र १०:७)। मत्ती १२:२८ पदमा प्रभु येशूले भन्नुभयोः ***'तर परमेश्वरको आत्माद्वारा म दुष्ट आत्माहरू निकाल्छु भने ता परमेश्वरको राज्य तिमीहरूकहाँ आइपुगेको छ।'*** अनि लूका १७:२१ पदमा उहाँले भन्नुभयोः ***'... किनकि हेर, परमेश्वरको राज्य तिमीहरूभित्रै (अथवा तिमीहरूको बीचमा) छ।'*** राजा स्वयम्को

उपस्थितिमा राज्य पनि उपस्थित थियो, आएको थियो । हामी पछि देख्नेछौंः 'स्वर्गको राज्य' र 'परमेश्वरको राज्य' भन्ने शब्दहरू एक-अर्कासित मिल्ने शब्दको रूपमा साट्ने गरी प्रयोग गरिएका छन् ।

तेस्रो अवस्थाः परमेश्वरको राज्य *अस्थाही, अन्तरिम* रूप लिन्छ। इस्राएल जातिले मसीह राजालाई इन्कार गरेपछि उहाँ स्वर्गमा फर्केर जानुभयो । परमेश्वरको राज्यचाहिँ आज, राजाको अनुपस्थितिमा, ती सबै मानिसहरूको हृदयभित्र छ, जसले उहाँको प्रभुत्व त्यसका नैतिक र व्यवहारिक नियमहरूलगायत स्वीकार गर्छन्; पहाड़ी उपदेश पनि तिनमा समावेश छ; ती नियमहरू हाम्रा निम्ति आज पनि लागू हुन्छन् । राज्यको यो अस्थाही अवस्था मत्ती १३ अध्यायका दृष्टान्तहरूमा बयान गरिएको छ ।

चौथो अवस्थाः *प्रत्यक्ष प्रदर्शन* । जब परमेश्वरको राज्य एउटा प्रत्यक्ष रूप लिन्छ, तब त्यसको चौथो अवस्था पूरा हुन्छ । त्यस बेला प्रभु येशू हजार वर्षसम्म यस संसारमा राज्य गर्नुहुनेछ । यसको झलक हामीले मत्ती १७ :१-८ पदमा, जब उहाँको रूप परिवर्तन भयो, देख्छौं; जुन महिमित रूप उहाँले त्यत्ति बेला धारण गर्नुभयो, त्यही रूप त्यस बेला उहाँको हुनेछ, जब उहाँले संसारका राजाको रूपमा पृथ्वीमाथि राज्य गर्नुहुनेछ । प्रभु येशूले मत्ती ८ :११ पदमा परमेश्वरको राज्यको यही अवस्थाको विवरण यस प्रकारले गर्नुभयोः ***'धेरैजना पूर्व र पश्चिमबाट आउनेछन्, अनि अब्राहाम, इसहाक र याकूबमँग स्वर्गको राज्यमा बस्नेछन् ।'***

पाँचौं, अन्तिम अवस्थाः *अनन्त* । परमेश्वरको राज्यको अन्तिम रूप अनन्तको हुन्छ। २ पत्रुस १:११ पदले भनेझैं त्यो राज्य ***'हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनन्त राज्य'*** हुनेछ ।

'स्वर्गको राज्य' भन्ने वाक्यांशचाहिँ मत्तीको सुसमाचारमा मात्र पाइन्छ, तर 'परमेश्वरको राज्य' भन्ने शब्दहरू चारै सुसमाचारका पुस्तकहरूमा पाइन्छन् । कुरा एउटै हो; स्वर्गको राज्य र परमेश्वरको राज्यको विषयमा उस्तै-उस्तै कुरा बताइएका छन्, अनि व्यवहारिक हिसाबले यी दुईमा केही भिन्नता छैन । उदाहरणका निम्ति, प्रभु येशूले मत्ती १९ :२३ पदमा भन्नुभयोः ***'धनी मानिस कठिनसँग स्वर्गको राज्यमा पस्नेछ ।'*** तर मर्कूस १०:२३ र

लूका १८:२४ पदमा प्रभु येशूले *परमेश्वरको राज्य*को बारेमा त्यही कुरा भन्नुभएको छ। (मत्ती १९:२४ पदमा हेर्नुभयो भने तपाईं *परमेश्वरको राज्य*भित्र पस्ने उस्तै कठिन नियम पाउनुहुन्छ)।

हामीले अघि भन्यौंः स्वर्गको राज्यको बाहिरी रूप र त्यसको भित्री रूप पनि छ। त्यही कुरा परमेश्वरको राज्यको बारेमा पनि साँचो छ। यसैबाट यी दुई कुराहरू एउटै हुन्, सो अर्को प्रमाण मिल्छ। परमेश्वरको राज्यभित्र सत्य हुन्छ, र झूटो पनि हुन्छ। त्यो कुरा लूका ८:४-१० पदमा 'बीउ छर्नेको दृष्टान्तमा', लूका १३:१८-१९ पदमा 'रायाको बीउको दृष्टान्तमा' र लूका १३:२०-२१ पदमा 'खमीरको दृष्टान्तमा' देखिन्छ। तर परमेश्वरको राज्यको वास्तविकताभित्र, त्यसको भित्री रूपमा प्रवेश गर्नका निम्ति यूहन्ना ३:३ र ५ पदअनुसार नयाँ जन्म पाएका हुनुपर्छ।

अन्तिम कुराः परमेश्वरको राज्य र प्रभुको मण्डली एउटै कुरा होइन। परमेश्वरको राज्य प्रभु येशूको सेवकाइबाट शुरु भयो, तर प्रभुको मण्डलीचाहिँ पेन्टेकोष्टको दिनमा शुरु भयो (प्रेरित २ अध्याय)। संसारमा परमेश्वरको राज्य पृथ्वी नाश नभएसम्म रहिरहनेछ। तर प्रभुको मण्डली संसारमा त्यस दिनसम्म मात्र रहनेछ, जुन दिन प्रभु येशूले आफ्ना विश्वासीहरूलाई उठाइलानुहुनेछ। १ थेस्सलोनिकी ४:१३-१७ पदअनुसार प्रभु येशू स्वर्गबाट ओर्लनुहुनेछ र सबै विश्वासीहरूलाई उठाएर आफ्नो साथमा लैजानुहुनेछ। त्यस बेला मण्डली लगिनेछ, अँ, पृथ्वीबाट उठाइनेछ। प्रभु येशूको दोस्रो आगमनमा मण्डली, प्रभुको दुलही भई, उहाँको साथमा संसारमा फर्कनेछ र उहाँसँग राज्य गर्नेछ। वर्तमान समयमा जति मानिसहरू परमेश्वरको राज्यको वास्तविकताभित्र पसेर त्यसको भित्री सत्य रूप अनुभव गर्छन्, तिनीहरूचाहिँ प्रभुको मण्डलीका सदस्य पनि हुन्छन्।

मत्ती ३:३ः हामी मत्ती तीन अध्यायमा फर्केर त्यसको अध्ययनमा अघि बढ्नुभन्दा पहिले याद गर्नुहोलाः बप्तिस्मा दिने यूहन्नाको बेलादेखि सात सय वर्षभन्दा बढ़ी समयअघि स्वर्गको राज्यको तयारीमा तिनको सेवकाइको विषयमा भविष्यवक्ता यशैयाले यसो अगमवाणी गरेका थिएः

'उजाड़स्थानमा कराउनेको आवाजः "परमप्रभुको बाटो तयार गर, हाम्रा परमेश्वरका निम्ति मरुभूमिमा एउटा राजमार्ग सीधा पार !" ' (यशैया ४०:३)

बप्तिस्मा दिने यूहन्ना त्यो कराउने आवाज थिए। आत्मिक हिसाबले बोल्नु हो भने इस्राएल जातिचाहिँ त्यो सुक्खा र बाँझो मरुभूमि थियो। परमप्रभुको बाटो तयार गर्नलाई यूहन्नाले मानिसहरूलाई तिनीहरूका पापको बारेमा पछुताउने र ती पापहरू मानिलिएर छोड्ने आह्वान गरे, साथै उहाँका गोरेटाहरू सीधा बनाउन भनी तिनीहरूलाई आफ्ना जीवनबाट जे पनि हटाउने प्रोत्साहन दिए, जुन कुराहरूले परमेश्वरको राज्य पूरा अधिकारको साथ आउनमा बाधा दिन्थे।

मत्ती ३:४: बप्तिस्मा दिने यूहन्नाको लाउने लुगा ऊँटको रौंको थियो – अचेल ऊँटको रौंबाट बनेको नरम र ऐयास लुगा होइन, तर एकदम खस्रो बान्कीको थियो, जस्तो एउटा काँठे मानिसलाई सुहाउँछ। तिनको कम्मरबन्दी छालाको थियो। छालाको यो पेटी भविष्यवक्ता एलियाको जस्तो थियो (२ राजा १:८)। अनि हुन सक्छ, त्यसले भक्त यहूदीहरूलाई यूहन्ना र एलियाका सेवकाइको बीचमा समानता देखाउँदै सतर्क तुल्यायो (मलाकी ४:५, लूका १:१७ अनि मत्ती ११:१४ र १७:१०-१२)। यूहन्नाले सलह र वनमह खान्थे, एउटा यस्तो मानिसको खानेकुराजस्तो, जसको सेवकाइले उसलाई पूरा रूपले विवश पारेको थियो, यहाँसम्म कि उसले जीवनका सामान्य आनन्द र सुखहरू पनि परिष्कार गरेर उड़ायो।

बप्तिस्मा दिने यूहन्नासित भेट हुँदा यस प्रकारको भेटले हामीलाई कायल पार्ने र हाम्रो जीवन नापजोख गर्ने अनुभव दिनेथियो। साधारण मानिसहरूले धन, मान, इज्जतजस्तै जुन कुराका निम्ति जिउँछन्, यसको कुनै पनि थोकको वास्ता नगर्ने व्यक्ति ! आत्मिक कुरामा तिनको तल्लीनताले अरू मानिसहरूमा आफू कति निकृष्ट रहेछौं भन्ने बोध दिलाएको हुनुपर्छ। यूहन्नाको समयमा सांसारिक अभिलाषाहरूमा जिउने मानिसहरूलाई तिनको आत्मत्याग एउटा घोच्ने, बिझ्ने हप्की लाग्नुपर्थ्यो।

मत्ती ३:५-६: यरूशलेम, सारा यहूदिया र यर्दन नदीपारिबाट मानिसहरू यूहन्नाको प्रचार सुन्न आउँथे। कति मानिसहरूले तिनको सन्देश

स्वीकार गरेर तिनीद्वारा यर्दनमा बप्तिसमा लिए। यसो गरेर तिनीहरूले आउनेवाला मसीह राजाका निम्ति हामी पूरा रूपले तयार छौं, उहाँप्रति निष्ठावान् र आज्ञाकारी रहनेछौं भन्ने साक्षी दिए।

मत्ती ३:७: फरिसीहरू र सदुकीहरूको अवस्था त्यस्तै थिएन। जब तिनीहरू यूहन्नाको कुरा सुन्न आउँथे, तब तिनीहरू इमानदार थिएनन् भन्ने कुरा यूहन्नालाई थाहा थियो। तिनले तिनीहरूको साँचो अवस्था बुझेका थिए। फरिसीहरूले व्यवस्था मान्ने सम्बन्धमा बाहिरी ठूलो भक्ति देखाउँथे, तर भित्र भने तिनीहरू भ्रष्ट, दलबन्दी मच्चाउने, कपटी र आफूलाई धर्मी ठान्ने दम्भी मानिसहरू हुन्थे। सदुकीहरूचाहिँ समाजवादी अभिजातका मानिसहरू हुन्थे। तिनीहरू धार्मिक संदेहवादी हुन्थे, जसले आधारभूत शिक्षाहरूलाई समेत इन्कार गर्थे, जस्तै शरीरको बौरिउठाइ, स्वर्गदूतहरूको अस्तित्व, आत्माको अमरता र अनन्त न्याय आदि। यसैकारण यूहन्नाले ती दुवै पन्थका मानिसहरूलाई विषालु साँपका सन्तान भनेर दोषारोपण गरे। तिनीहरूले आउन लागेको क्रोधबाट उम्कन चाहे, तर साँचो पश्चात्तापको कुनै लक्षण, त्यसको लायकको कुनै काम देखाएनन्।

मत्ती ३:८: यूहन्नाले तिनीहरूलाई आफ्नो इमानदारीता देखाओ, र पश्चात्ताप लायकका फलहरू फलाओ भन्ने चेताउनी दिए। साँचो पश्चात्तापको सम्बन्धमा जे. आर. मिल्लरले यसरी लेखेः 'थोरै आँसु झार्नु, आफ्नो खेद प्रकट गर्नलाई अलिकति अफसोसी हुनु, अलिकति डराउनु पुग्दैन। त्यो कुनै कामको हुँदैन। जुन पापहरूका निम्ति हामी पश्चात्ताप गर्छौं, तिनलाई हामीले त्याग्नुपर्छ, र एउटा नयाँ, पवित्र चालमा हिँड्नुपर्छ; हामी पवित्रताको पछि लाग्नुपर्छ।'

मत्ती ३:९: यहूदीहरूले 'हामी अब्राहामका सन्तान हौं, यसैले स्वर्गका हकवाला हुन्छौं' भन्ने भूल-धारणा छोड्नुपर्छ। मुक्ति ल्याउने परमेश्वरको अनुग्रह प्राकृतिक जन्मद्वारा एक पुस्तादेखि अर्को पुस्तामा सर्दैन। फरिसी र सदुकीहरूको जीवन बदली गर्नुभन्दा यर्दनका ढुङ्गाहरू लिएर तिनीहरूलाई अब्राहामका सन्तान तुल्याउनु परमेश्वरका निम्ति सजिलो हुनेथियो, उहाँलाई तीखा लाग्दैनथियो।

मत्ती ३:१०: ***'रूखहरूको जरामा बन्चरो राखिएको छ'*** भन्ने कुरा बताउँदै यूहन्नाले परमेश्वरको न्यायको काम अब शुरु हुनै लागेको छ भन्न चाहेका थिए। प्रभु येशूको आगमन र उहाँ उपस्थितिले तिनीहरूको सबैको जाँच गर्नेछ। जसरी असल फल नफलाउने हरेक रूख ढालिन्छ र आगोभित्र फालिन्छ, त्यसरी नै फलहीन मानिसहरूको विनाश हुनेछ।

मत्ती ३:११-१२: मत्ती ३:७-१० पदमा यूहन्नाले फरिसी र सदुकीहरूसँग मात्र कुरा गरे (मत्ती ३:७ हेर्नुहोस्)। तर अब तिनले सारा श्रोतागणलाई प्रचार गर्छन्, जसमा सत्य र असत्य दुवै थरीका मानिसहरू हुन्छन्। तिनले आफ्नो सेवकाइ र चाँड़ै आउनुहुने मसीहको सेवकाइको बीचको भिन्नता देखाउँछन्। यूहन्नाले पश्चात्तापका निम्ति पानीले बप्तिस्मा दिन्थे। त्यो पानी विधिवत् थियो, तर त्यसको शुद्ध पार्ने कुनै शक्ति थिएन। तिनको सेवकाइमा पश्चात्ताप जति साँचो किन नहोस्, त्यसले कुनै व्यक्तिलाई मुक्तिको पूरा अनुभवमा पुऱ्याउन सक्दैनथियो। तिनको सेवकाइ एक तयारी मात्र थियो, र केवल आंशिक थियो। सूर्यरूपी मसीहको सामु यूहन्ना एउटा बत्तीझैं थिए। मसीह तिनीभन्दा शक्तिशाली, तिनीभन्दा अति नै योग्य हुनुहुन्छ। तिनको सेवकाइले भन्दा येशूको सेवाकार्यले टाढ़ा ल्याइपुऱ्याउनेछ; किनभने उहाँ पवित्र आत्मा र आगोले बप्तिस्मा दिनुहुनेछ।

पवित्र आत्माको बप्तिस्मा र आगोको बप्तिस्मा दुईवटा कुरा हुन्। पवित्र आत्माको बप्तिस्मा आशिषको हो, तर आगोको बप्तिस्माचाहिँ न्यायको हो। पवित्र आत्माको बप्तिस्मा पेन्टेकोष्टको दिनमा पूरा भयो; आगोको बप्तिस्मा अझ भविष्यमा हुन आउने कुरा हो। प्रभु येशूमाथि विश्वास गर्ने सबै सच्चा विश्वासीहरूले पवित्र आत्माको बप्तिस्माको उपभोग गर्छन् भने आगोको बप्तिस्माचाहिँ सबै अविश्वासीहरूको भाग हुनेछ। पवित्र आत्माको बप्तिस्मा ती यहूदीहरूका निम्ति थियो, जसले भित्री रूपले साँचो पश्चात्ताप गरी परमेश्वरतर्फ मन फिराएका थिए र यसको बाहिरी चिन्हको रूपमा पानीको बप्तिस्मा लिए। आगोको बप्तिस्माचाहिँ फरिसी र सदुकीहरूका निम्ति, अँ, अरू सबैका निम्ति हुन्छ, जसले साँचो पश्चात्ताप गरेको कुनै पक्का प्रमाण दिन सक्दैनन्।

कतिले पवित्र आत्माको बप्तिस्मा र आगोको बप्तिस्मा एउटा कुरा हो भनी भन्छन् र यसो सिकाउँछन्। तिनीहरूको तर्क यस प्रकारको छः के पेन्टेकोष्टको दिनमा, पवित्र आत्मा दिइएको दिनमा देखा परेका आगाका चिरा परेका जिब्राहरू आगोको बप्तिस्मा हुन सक्दैनन् र? उत्तरमा हामी यो भन्छौंः मत्ती ३:१२ पदमा आगोचाहिँ न्यायसित बराबर हुने कुरा तुल्याइएको छ; यसैले उपरोक्त शिक्षा ठीक नहोला।

यूहन्नाले आगोको बप्तिस्माको कुरा गर्नसाथ तिनले न्यायको कुरा गर्छन्। यसको चित्र यसो दिइएको छः प्रभु येशूको हातमा निफन्ने नाङ्लो छ, जससित उहाँले झाँटिएका अन्न माथि हावामा हुत्त्याउनुहुन्छ। गहुँ सीधा भुइँमा खस्छ र धनसारमा/ढुकुटीमा राखिन्छ। सच्चा विश्वासीहरू गहुँ हुन्छन्। भुसचाहिँ हावाले बत्ताउँछ, र अलिक पर पुऱ्याउँछ; त्यसपछि त्यो बटुलिन्छ र ननिभ्ने आगोमा फालेर जलाइन्छ। अविश्वासीहरू भुस हुन्छन्। मत्ती ३:१२ पदमा आगोको अर्थ न्याय हो। अनि बाह्र पद एघार पदसित सम्बन्धित छ र यसले त्यसमा भनिएको कुरा बढ़ाएको छ; यसैकारण आगोको बप्तिस्मा न्यायको बप्तिस्मा हो भन्ने निष्कर्षमा पुग्नु न्यायसँगत र समझदार कुरा हो।

ख) बप्तिस्मा दिने यूहन्नाले प्रभु येशूलाई बप्तिस्मा दिए (मत्ती ३:१३-१७)

मत्ती ३:१३ः प्रभु येशू गालीलदेखि यर्दन नदीको तल्लो भागसम्म लगभग ६० माइल हिँड्नुभयो। उहाँ यूहन्नाबाट बप्तिस्मा लिन यहाँ आउनुभयो। यसो गर्दा उहाँले यस बप्तिस्माको विधिलाई यति महत्त्व दिनुभयो। अनि आज उहाँका अनुयायीहरूका निम्ति बप्तिस्माको महत्त्व त्यत्तिकै हुनुपर्छ।

मत्ती ३:१४-१५ः प्रभु येशूमा कुनै पाप थिएन, जसको पश्चात्ताप उहाँले गर्नुपर्थ्यो; त्यो कुरा जानेर यूहन्नाले उहाँलाई बप्तिस्मा दिन अस्वीकार गरे। बरु तिनलाई येशूबाट पो बप्तिस्मा लिन खाँचो थियो भन्ने कुरा सुझाउ गर्ने बोध पक्का पनि सहज-ज्ञानले तिनलाई सिकाएको हुनुपर्छ। प्रभु येशूले

त्यो कुरा इन्कार गर्नुभएन; उहाँले केवल बप्तिस्मा लिने आफ्नो अनुरोध दोहोऱ्याउनुभयो; किनकि यसरी नै सबै धार्मिकता पूरा गर्नु उचित थियो। यस बप्तिस्माद्वारा पश्चात्तापका निम्ति बप्तिस्मा लिन आउने भक्त यहूदीहरूसित आफूलाई एक बनाउनु प्रभु येशूलाई ठीक लाग्यो।

तर प्रभु येशूले बप्तिस्मा लिनुभएकोमा त्यसभन्दा अझ गहिरो अर्थ छ। मानिसहरूका पापको विरुद्धमा परमेश्वरका जति धार्मिक मागहरू थिए, ती सबै पूरा गर्नलाई प्रभु येशूले जुन बाटो अपनाउनुभयो, उहाँका निम्ति बप्तिस्मा त्यो विधि थियो, जसले त्यस बाटोको उचित सङ्केतार्थ दिन्थ्यो। पानीमा चोपलिनुको प्रतीक-अर्थ यही थियोः उहाँ गलगथामा परमेश्वरको न्यायरूपी पानीभित्र डुबेर बप्तिस्मा लिनुहुनेछ। उहाँ बप्तिस्माको पानीबाट माथि निस्केर आउनुभएको मतलबचाहिँ उहाँ मरेकाहरूबाट बौरिउठ्नुहुनेछ भन्ने कुराको छायार्थ दिनु थियो। आफ्नो मृत्यु, दफन र बौरिउठाइद्वारा प्रभु येशूले परमेश्वरका सबै धार्मिक मागहरू पूरा गर्नुहुनेछ, र पापीहरूलाई धर्मी ठहराउन सक्ने धार्मिक जग बसाल्नुहुनेछ।

मत्ती ३:१६-१७: प्रभु येशू पानीबाट माथि निस्केर आउनुभएपछि उहाँले परमेश्वरका आत्मालाई ढुकुरझैं स्वर्गबाट आर्लेदै गर्नुभएको र आफूमाथि आउँदै गर्नुभएको देख्नुभयो। जसरी पुरानो नियममा पवित्र अभिषेकको तेलले अभिषेक गरीकन मानिसहरू र मन्दिरका सर-सामानहरूलाई पवित्र कार्यहरूका निम्ति समर्पण गरिन्थ्यो/पवित्र गरिन्थ्यो/अलग गरिन्थ्यो (प्रस्थान ३०:२५-३०), त्यसरी नै प्रभु येशू पवित्र आत्माद्वारा मसीह हुनका निम्ति अभिषेक गरिनुभयो।

यो कस्तो पवित्र सुअवसर थियो, जब तीन व्यक्ति एक ईश्वर, अँ, त्रीएक परमेश्वरका सबै सदस्यहरू साक्षात् रूपले प्रकट हुनुभयो। त्यहाँ परमेश्वरको प्रिय पुत्र हुनुहुन्थ्यो। पवित्र आत्मा त्यहाँ ढुकुरको रूपमा देखा पर्नुभयो। पिता परमेश्वरको स्वर स्वर्गबाट सुनियो, जसले आफ्ना पुत्र येशूप्रति आफ्नो शुभाशीर्वाद जनाउने वचन सुनाउनुभयो। यो एउटा अविस्मरणीय क्षण थियो; किनकि परमेश्वरको स्वर सुनिन्थ्यो, जसले पवित्र शास्त्रका खण्ड उद्धृत गऱ्योः ***'यिनी मेरा प्रिय पुत्र हुन्'*** (भजन २:७),

'जससँग म अत्यन्तै प्रसन्न छु' (यशैया ४२:१)। तीन अवसरहरूमध्ये यो एउटा थियो, जब परमेश्वर पिता स्वर्गबाट बोल्नुभयो र आफ्नो एकमात्र पुत्रसँग अति प्रसन्न भएको जानकारी दिनुभयो (मत्ती १७:५ र यूहन्ना १२:२८)।

ग) शैतानद्वारा प्रभु येशूको परिक्षा (मत्ती ४:१-११)

मत्ती ४:१: प्रभु येशू आत्माद्वारा परीक्षामा लगिनुभएको कुरा अनौठो लाग्न सकिन्छ। पवित्र आत्माले उहाँलाई किन यस्तो भिड़न्तमा लैजानु-भएको त? त्यसको उत्तर यही होः जुन कामका निम्ति येशू यस संसारमा आउनुभयो, त्यसका निम्ति उहाँको नैतिक योग्यता छ कि छैन, सो देखाउनलाई यो परीक्षा अनिवार्य थियो। पहिलो मानिस आदमले अदनको बगैंचामा बैरीलाई भेट्दा राज्य गर्न आफ्नो अयोग्यता देखाए। तर यहाँ 'अन्तिम आदम'चाहिँ शैतानसित आमनेसामने मुकाबिलामा पर्नुभयो, र चोटपटक केही नलागी यस परीक्षाबाट अक्षत भएर निस्कनुभयो।

'परीक्षा गर्नु' भन्ने ग्रीक शब्दका दुईटा अर्थ छन्: एक अर्थ 'जाँच गर्नु' वा 'पारख गर्नु' हो (यूहन्ना ६:६, २ कोरिन्थी १३:५, हिब्रू ११:१७)। दोस्रो अर्थ 'पापमा फसाउनु' वा 'दुष्ट कुरामा लोभ्याउनु' हो। पवित्र आत्माले प्रभु येशूलाई जाँच्नुभयो, तर शैतानले उहाँलाई पापमा फसाउन खोज्यो।

हाम्रा प्रभुको परीक्षामा एउटा अगम्य रहस्य लुकेको छ। किनकि नभई नहुने यो प्रश्न उठ्छः 'के प्रभु येशूले पाप गर्न सक्नुहुन्थ्यो त?' यसको जवाफ होः 'होइन नि!' तब अर्को प्रश्न उठ्छः 'यो कस्तो खालको परीक्षा हो, जसमा उहाँ हार्न सक्नुहुन्नथियो?' पहिलो प्रश्नको जवाफ 'हो नै हो' भयो भने हाम्रो अर्को समस्या छः देहधारी परमेश्वरले कसरी पाप गर्न सक्नुहुन्छ?

प्रभु येशू परमेश्वर हुनुहुन्छ; अनि परमेश्वर पाप गर्न सक्नुहुन्न; यो प्रमुख महत्त्वपूर्ण कुरा हो, जो हामीले याद गर्नुपर्छ। यो कुरा पनि साँचो होः प्रभु येशू मानिस हुनुहुन्थ्यो। तर उहाँ परमेश्वर भएर होइन, तर मानिसको रूपमा पाप गर्न सक्नुहुन्थ्यो भन्नु पवित्र शास्त्रको जगबिना तर्क उठाउनु हो; किनभने नयाँ नियमका लेखकहरूले बेग्ला-बेग्लै ठाउँमा प्रभु येशू पापरहित हुनुहुन्थ्यो

भन्ने कुरा लेखेका छन्। प्रेरित पावलले लेख्छन्ः उहाँ ***'पापै नजान्नुहुने'*** हुनुहुन्छ (२ कोरिन्थी ५:२१)। प्रेरित पत्रुसले भन्छन्ः ***'उहाँले कुनै पाप गर्नुभएन'*** (१ पत्रुस २:२२)। अनि प्रेरित यूहन्नाले थपेर भन्छन्ः ***'उहाँमा पाप छैन'*** (१ यूहन्ना ३:५)।

प्रभु येशूलाई, हामीलाई गरेजस्तै, बाहिरबाट परीक्षामा पार्न सकिन्थ्यो। शैतान उहाँकहाँ आयो र उहाँलाई परमेश्वरको इच्छाको विरोध गर्ने सुझाउहरू दियो। तर हामीजस्तै नभएर प्रभु येशूलाई भित्रबाट पापको परीक्षामा फस्न असम्भव थियो; किनभने उहाँको मनबाट कुनै पापी अभिलाषा वा उहाँमा कुनै कुइच्छा पैदा भएर उठ्न सक्दैनथियो। त्यति मात्र होइन, प्रभु येशूमा कुनै प्रवृत्ति नै थिएन, जसले शैतानका प्रलोभनहरू स्वीकार गर्न सक्नेथियो (यूहन्ना १४:३०)।

प्रभु येशूलाई पाप गर्नु असम्भव भए पनि यो परीक्षा वास्तविक परीक्षा नै थियो। पाप गराउने प्रलोभनहरूको सामना गर्नु उहाँका निम्ति सम्भव थियो, तर पापमा फस्नु नैतिक हिसाबले उहाँका निम्ति असम्भव थियो। परमेश्वर पिताले जे गरिरहनुभएको थियो, त्यो कुरा प्रभुले देख्नुभयो, र त्यही मात्र उहाँ आफैले गर्न सक्नुहुन्थ्यो (यूहन्ना ५:१९)। अनि परमेश्वर पिताले पाप गर्नुभएको कुरा उहाँले कहीं कुनै हालतमा देख्नुहुनेछ भन्ने कुरा सोच्न नसकिने कुरा हो। आफ्नै खुशीले उहाँले केही पनि गर्न सक्नुहुन्नथियो (यूहन्ना ५:३०); अनि परमेश्वर पिताले उहाँलाई कहिल्यै पापको परीक्षामा हार्ने अनुमति दिनुहुन्न नै।

यसैले बुझ्नुहोस्ः यस परीक्षाको उद्देश्यचाहिँ प्रभु येशूले पाप गर्नुहुन्छ कि गर्नुहुन्न, सो कुरा चाल पाउनु होइन, तर अचाक्ली दबाउमा परेर पनि उहाँले अरू कुनै कुरा गर्ने होइन, तर केवल परमेश्वरको वचन पालन गर्नुहुन्छ नै, सो कुरा देखाउनु थियो।

प्रभु येशू मानव भएको नाताले पाप गर्न सक्नुहुन्थ्यो भने हामीले एउटा समस्या पाउँछौंः प्रभु येशू स्वर्गमा अझै पनि मानिस हुनुहुन्छ। के त्यहाँ पनि उहाँ पाप गर्न सक्नुहुन्छ? होइन, पक्का पनि होइन।

मत्ती ४:२-३ः चालीस दिन र चालीस रात उपवास बस्नुभएपछि प्रभु येशू भोकाउनुभयो। (याद रहोस्ः चालीस त्यो सङ्ख्या हो, जो पवित्र

शास्त्रमा घरीघरी जाँच र परीक्षाको सम्बन्धमा प्रयोग गरिएको छ।) भोकले आकुल भएको प्रभुको परिस्थितिमा परीक्षा गर्नेले मौका छोप्यो। यस्तै अवस्थामा त्यसले धेरै मानिसहरूबाट आफ्नो फाइदा उठाएकै छ। त्यसको सुझाउ थियोः येशूको अलौकिक शक्तिले मरुभूमिका ढुङ्गाहरूबाट रोटीहरू बनाउने। ***'तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ भने ...'*** भन्ने शुरुका शब्दहरूमा शङ्का व्यक्त गरिएको होइन। यी शब्दको खास अर्थ होः *'तपाईं परमेश्वरको पुत्र हुनुहुन्छ; यसैले ...'*। प्रभु येशूको बप्तिस्मामा *'यिनी मेरा प्रिय पुत्र हुन्'* भनेर परमेश्वर पिताले उहाँलाई भन्नुभएका शब्दहरूसित शैतानले यहाँ सम्बन्ध जोड्छ।

त्यसले चलाएका शब्दहरूको ग्रीक शैलीले[ख] यिनलाई के अर्थ दिन्छ भने यी शब्दहरू एक सत्य कथन हुन्, जसद्वारा शैतानले प्रभु येशूलाई आफ्नो शक्ति प्रयोग गरेर आफ्नो भोक मेटाउने आह्वान दिएको छ। शैतानको प्रोत्साहनमा ईश्वरीय शक्ति चलाएर आफ्नो भोक मेटाउने जुनै कार्यद्वारा पनि सीधै परमेश्वरसित अनाज्ञाकारी बन्नु हो। शैतानको सुझाउभित्र उत्पत्ति ३:६ पदको *'खानलाई असल'* भन्ने प्रतिध्वनि सुनिन्छ। प्रेरित यूहन्नाले यस परीक्षाको नाम *'शरीरको अभिलाषा'* राखेका छन् (१ यूहन्ना २:१६)। त्यस्तै गरी हाम्रा स्वभाविक अभिलाषाहरू पूरा गर्ने गरी जिउनलाई हामीमा पनि परीक्षा आउँछ; परमेश्वरको राज्य र उहाँको धार्मिकताको खोजी नगरेर सुखविलासको जीवन यापन गर्ने उपायहरू खोज्नु यस परीक्षाको आधुनिक नाम राख्न सकिन्छ। शैतानले भन्छः 'जीवन मज्जाको हुनुपर्छ, होइन र?'

मत्ती ४:४: प्रभु येशूले परमेश्वरको वचन उद्धृत गरेर परीक्षा गर्नेलाई जवाफ दिनुभयो (व्यवस्था ८:३)। हाम्रा प्रभुको उदाहरणबाट हामीले के सिक्छौं भने, बाँच्नु मुख्य कुरा होइन, तर हामी परमेश्वरप्रति आज्ञाकारी बन्नु र आज्ञाकारी रहनु प्रमुख कुरा हो। रोटी कमाउनु जीवनको सबभन्दा मुख्य उद्देश्य होइन, तर परमेश्वरको हरेक वचन पालन गर्नु नै जीवनको मूल कारण हो। प्रभु येशूले परमेश्वर पिताबाट ढुङ्गाहरूबाट रोटी बनाउने कुनै आदेश नपाएका हुनाले उहाँले मनपरी गर्नुहुँदैनथियो; उहाँको भोक जति ठूलो किन नहोस्, उहाँले शैतानको कुरा मान्नुहुँदैनथियो।

मत्ती ४:५-६: दोस्रो परीक्षा यरूशलेममा, मन्दिरको टुप्पामाथि भयो। शैतानले प्रभु येशूलाई ***'यहाँबाट हाम फाल !'*** भनेर उदेक ढङ्गले आफू परमेश्वरको पुत्र हुँ भन्ने प्रमाण दिने चुनौती दियो। *'यदि'* भनेको शुरुको शब्दले शङ्का जनाउने होइन; किनकि शैतानले पवित्र शास्त्रको सन्दर्भ निकाल्यो, जहाँ मसीहलाई परमेश्वरबाट सुरक्षा पाउने प्रतिज्ञा गरिएको छ (भजन ९१:११-१२)।

प्रभु येशूमाथि आइपरेको परीक्षाचाहिँ रोमाञ्च पैदा गर्ने चमत्कारपूर्ण काम देखाएर मसीह मै हुँ भन्ने प्रमाण दिनु थियो। उहाँका निम्ति योचाहिँ दुःखकष्ट नभोगीकन महिमा कमाउने परीक्षा थियो। शैतानको खास भनाइ थियोः 'क्रूसमा नपुऱ्याउने उपमार्ग छ, जसबाट भएर सिंहासनमा पुग्न सकिन्छ।' तर यी सबै सुझाउहरू परमेश्वरको इच्छादेखि बाहिरका थिए। प्रेरित यूहन्नाले यस आकर्षित लालसालाई *'जीवनको सेखी'* भन्ने नाम दिएका छन् (१ यूहन्ना २:१६)। यस परीक्षाले अदनको बगैंचामा भएको *'बुद्धिमान् बनाउनका निम्ति चाहना गर्न लायकको रूख'*सँग मेल खान्छ (उत्पत्ति ३:६)। किनभने दुवै कुरामा परमेश्वरको इच्छालाई लत्याएर आफ्नै गौरव बढ़ाउने मेला मात्र थियो। यस्तो किसिमको परीक्षा त्यस बेला हामीमा आइपर्छ, जब उहाँका दुःखहरूमा सहभागी नभई हामी धार्मिक उच्च पद हासिल गर्न खोज्छौं। हामी आफ्नै लागि ठूला-ठूला कुराहरूको खोज गर्छौं, तर समस्याहरू आइपर्दा भाग्छौं र लुक्छौं। यसैले बुझौंः परमेश्वरको इच्छाको बेवास्ता गरेर आफूलाई उच्च पार्दा हामी परमेश्वरलाई परीक्षा गर्छौं।

मत्ती ४:७: यस पाली पनि प्रभु येशूले शैतानको आक्रमण पवित्र शास्त्रको खण्ड उद्धृत गरेर सामना गर्नुभयो। ***'फेरि यो लेखिएको छः तिमीले परमप्रभु आफ्ना परमेश्वरलाई परीक्षा नगर !'*** (व्यवस्था ६:१६)। परमेश्वरले मसीहलाई रक्षा गर्ने प्रतिज्ञा गर्नुभएको हो, तर सुरक्षा पाउने निश्चयता परमेश्वरको इच्छाअनुसार जिउनुमा निर्भर छ। कुनै अनाज्ञाकारी काम गर्दा परमेश्वरको सुरक्षाको प्रतिज्ञा दाबी गर्नु परमेश्वरलाई परीक्षा गर्नु हो। प्रभुलाई थाहा थियोः समय आउँछ, जब उहाँ मसीहको रूपमा प्रकट हुनुहुनेछ, तर पहिले क्रूस नै आउनुपर्नेछ। सिंहासनमा बस्नुभन्दा अघि उहाँ

बलि चढ़ाउने वेदीमाथि चढ्नुपर्नेथियो । महिमाको मुकुट लाउनुभन्दा अघि उहाँले काँड़ाको मुकुट लगाउनुपर्नेथियो । यसैले प्रभु येशू परमेश्वरको समय पर्खनुहुने नै छ, र परमेश्वरको इच्छा पालन गर्नुहुने नै छ ।

मत्ती ४:८-९: तेस्रो परीक्षा हुँदा शैतानले प्रभु येशूलाई एकदम अग्लो पहाड़माथि लग्यो, र उहाँलाई संसारका सारा राज्यहरू देखायो । प्रभु येशूले त्यसलाई दण्डवत् गर्नुभएको भए त्यसले ती सबै उहाँलाई दिनेथियो । हो, यस परीक्षामा दण्डवत् गर्ने कुरा, अँ, त्यस आत्मिक अभ्यासको कुरा छँदैछ । तर शैतानलाई दण्डवत् गर्दा हाम्रा प्रभुले संसारमाथिको प्रतापी सर्वाधिकार पक्रन पाउनुहुनेछ; प्रभु येशूलाई यस कुराका निम्ति प्रेरणा दिनु शैतानको कोशिश थियो । त्यसले प्रतिज्ञा गरेका कुराहरूचाहिँ संसारका सारा राज्यहरू र तिनका गौरव थिए । यस्ता थोकहरूले *'आँखाको अभिलाषा'*लाई आकर्षण गर्छन् (१ यूहन्ना २:१६) ।

हुन पनि हो, हालैमा संसारका सबै राज्यहरू शैतानको हातमा छन् । २ कोरिन्थी ४:४ पदमा त्यसलाई *'यस संसारको ईश्वर/देव'* भनिएको छ । प्रेरित यूहन्नाले *'सारा संसार त्यस दुष्टको वशमा छ'* भनेर हामीलाई बताएका छन् (१ यूहन्ना ५:१९) । जब प्रभु येशू दोस्रो आगमनको समयमा राजाहरूका राजा भई देखा पर्नुहुनेछ (प्रकाश १९:१६), तब *'यस संसारका राज्यहरू'* उहाँका हुनेछन् (प्रकाश ११:१५) । प्रभु येशूले परमेश्वरको समय-तालिकालाई बिगार्न चाहनुहुन्नथियो, र निश्चय, कुनै हालतमा पनि, शैतानलाई दण्डवत् गरेर त्यसको पूजा कहिल्यै गर्नुहुनेछैन नै ।

हाम्रा निम्ति परीक्षा दुई किसिमको छः के यस संसारको बितिजाने महिमाका निम्ति हामीले आफ्नो आत्मिक जन्मसिद्ध अधिकार साटिदिन्छौं कि? अथवा के सृष्टिकर्ता पमेश्वरको सट्टामा हामी सृष्टिका थोकहरूको पूजा र सेवा गर्छौं कि?

मत्ती ४:१०: तेस्रो पल्ट पनि प्रभु येशूले पुरानो नियमको वचनको खण्ड उद्धृत गरेर परीक्षाको सामना गर्नुभयो । ***'तिमीले परमप्रभु आफ्ना परमेश्वरलाई दण्डवत् गर, र उहाँकै मात्र सेवा गर !'*** (व्यवस्था ६:१३) । उपासना, र उपासनाबाट निस्केर आउने सेवा र सेवाभावना परमेश्वरका

निम्ति मात्र हुनुपर्छ। शैतानलाई दण्डवत् गर्नुको अर्थ त्यसलाई परमेश्वरको/ ईश्वरको रूपमा अपनाउनु वा स्वीकार गर्नु हो।

मत्तीको सुसमाचारमा उल्लेक गरिएका परीक्षाहरूको क्रम लूका ४:१-१३ पदसँग मिल्दैन। कतिले यसमा आफ्नो सुझाउ दिएर भन्छन्, कि मत्तीले दिएको क्रम इस्राएलीहरूले उजाड़स्थानमा सामना गर्नुपर्ने परीक्षाहरूको क्रमसँग मेल खान्छ (प्रस्थान १६, १७ र ३२ अध्याय)। इस्राएलीहरू कठिनाइमा पर्दा जुन-जुन कुरामा हारे, तिनमा प्रभु येशू पूर्ण रूपले विजयी हुनुभयो।

मत्ती ४:११: प्रभु येशूले शैतानका परीक्षाहरू सफलतापूर्वक विरोध गर्नुभएपछि शैतानले उहाँलाई छोड़्यो। परीक्षाहरू बराबर बग्ने प्रवाहको रूपमा आउँदैनन्, तर छालका तरङ/लहरझैं आइपर्छन्। ***'जब शत्रु बाढ़झैं उर्लेर भित्र आउनेछ, तब परमप्रभुको आत्माले त्यसलाई भाग्ने तुल्याउनुहुनेछ'*** (यशैया ५९:१९)। परमेश्वरका पवित्र जनहरूका निम्ति, जो परीक्षामा परेका छन्, यो कत्रो उत्साह!

'स्वर्गदूतहरू आएर उहाँको सेवा गरे' भनिएको छ। तर यस अलौकिक सहायता किन भयो, सोको कारण बताइएको छैन। हुन सक्छ, तिनीहरूले त्यही खानेकुरा उहाँलाई जुटाइदिए, जसलाई बनाउन शैतानले सुझाउ गरेको, तर जसलाई उहाँले बनाउन इन्कार गर्नुभयो।

प्रभु येशूका परीक्षाहरूबाट हामी निम्न कुरा सिक्छौंः शैतानले पवित्र आत्माको नियन्त्रणमा रहेका मानिसहरूलाई आक्रमण गर्न सक्छ, तर जब उनीहरूले परमेश्वरको वचन लिएर त्यसको सामना गर्छन्, तब उनीहरूको विरुद्धमा त्यसको केही पनि सीप लाग्दैन।

घ) प्रभु येशूले गालीली सेवा शुरु गर्नुभयो (मत्ती ४:१२-१७)

प्रायः एक वर्षसम्म प्रभु येशू यहूदियामा सेवारत हुनुहुन्थ्यो, जुन अवधिको विवरण मत्तीले दिँदैनन्। यूहन्ना १-४ अध्यायमा यस अवधिको व्याख्यान गरिएको छ, जो मत्ती ४:११ र १२ पदको बीचमा परेको समय हो।

मत्तीको विवरणले प्रभु येशूको परीक्षाबाट हामीलाई सीधा गालीली सेवकाइमा लान्छ।

मत्ती ४:१२: बप्तिस्मा दिने यूहन्ना भ्यालखानामा हालिए भन्ने कुरा जब येशूले सुन्नुभयो, तब यो त आफ्नो तिरस्कारको चिन्ह हो भनी उहाँले महसुस गर्नुभयो। मानिसहरूले मसीह राजाका अग्रदूतलाई रद्द गरे; यसको व्यवहारिक अर्थ यही थियोः तिनीहरूले राजालाई पनि रद्द गरेका छन्। तर डरले उहाँ उत्तरतिर, गालीलमा जानुभएन। वास्तवमा, उहाँ उही राजा हेरोदको राज्यको केन्द्रमा जाँदै हुनुहुन्थ्यो, जुन हेरोदले भर्खरै यूहन्नालाई भ्यालखानामा हालेका थिए। यसरी अन्यजातिहरूको गालीलतिर जाँदाखेरि उहाँले के देखाउन चाहनुभयो? यहूदीहरूद्वारा मसीह रद्द गरिनुभएको नतिजा-स्वरूप सुसमाचार अन्यजातिहरूकहाँ पुग्नेछ भन्ने कुरा उहाँले देखाउन चाहनुभयो।

मत्ती ४:१३: मानिसहरूले प्रभु येशूलाई अन्यजातिहरूलाई मुक्तिको घोषणा गर्नुभएको आरोपमा मार्न खोजेको बेलासम्म उहाँ नासरतमा रहनुभयो (लूका ४:१६-३०)। त्यसपछि उहाँ गालीलको समुद्रको छेउमा स्थित भएको कपर्नहुममा आउनुभयो। उहिले यस क्षेत्रमा जबुलोन र नप्ताली कुलका मानिसहरूले बसोबासो गर्थे। अबदेखि कपर्नहुम उहाँको सेवा-केन्द्र बन्यो।

मत्ती ४:१४-१६: प्रभु येशू गालीलमा आउनुभयो र यसरी नै यशैया ९:१-२ पद पूरा गर्नुभयो। गालीलमा बस्ने अनजान भएका र अन्ध-विश्वासमा डुबेका अन्यजातिका मानिसहरूले एउटा ठूलो ज्योति देखे; तिनीहरूले ख्रीष्टलाई देखे, जो संसारको ज्योति हुनुहुन्छ।

मत्ती ४:१७: त्यस समयदेखि प्रभु येशूले ***'पश्चात्ताप गर, किनभने स्वर्गको राज्य नजिकै आएको छ'*** भन्ने बप्तिस्मा दिने यूहन्नाले प्रचार गरेकै सन्देश सुनाउन थाल्नुभयो। यो सन्देश उहाँको राज्यको तयारीमा नैतिक सुधारका निम्ति बोलावट दिने आह्वान थियो। स्वर्गको राज्य नजिकै आएको मतलब थियोः राजा तिनीहरूको बीचमा उपस्थित हुनुहुन्थ्यो।

ङ) प्रभु येशूले चारजना जलाहारीलाई बोलाउनुभयो (मत्ती ४:१८-२२)

मत्ती ४:१८-१९: वास्तवमा, प्रभु येशूले पत्रुस र अन्द्रियासलाई यहाँ बोलाउनुभएको दोस्रो पल्ट हो। यूहन्ना १:३५-४२ पदमा यी दुईजनाले अघिबाट मुक्तिका निम्ति बोलावट पाएका थिए। यहाँ उनीहरूले सेवाका निम्ति बोलावट पाए। पहिलो बोलावट यहूदियामा भएको थियो भने अबको बोलावटचाहिँ गालीलमा भयो। पत्रुस र अन्द्रियास जलाहारी थिए। तर अब प्रभु येशूले उनीहरूलाई मानिसहरूका जलाहारी हुनका निम्ति बोलाउँदै हुनुहुन्थ्यो। उनीहरूको कर्तव्य थियोः ख्रीष्टलाई पछ्याउने। उहाँको कर्तव्य थियोः उनीहरूलाई निपुण जलाहारी तुल्याउने। प्रभु येशूको पछि लाग्नका निम्ति उनीहरू केवल शरीरमा उहाँको नजिकै रहन पुग्दैनथियो, तर उनीहरूले ख्रीष्टको चरित्रको देखासिकी गर्नुपर्नेथियो। उनीहरूले चरित्रमा केन्द्रित सेवकाइ पाए। उनीहरू जे थिए, त्यो कुराचाहिँ उनीहरूले भनेका वचन र गरेका कामभन्दा बढ़ी महत्त्वपूर्ण थियो। पत्रुस र अन्द्रियासका निम्ति लागू हुने कुरा हाम्रा निम्ति पनि लागू हुन्छः सच्चा आत्मिकताको सट्टामा कुशल वक्ता हुने, बाहिरी भद्रताको भेष लिने र तार्किक बठ्याइँ देखाउने परीक्षाबाट हामीलाई बाँच्नुपरेको छ। ख्रीष्टको पछि लाग्दा-लाग्दै हामी उहाँका चेलाहरूले जहाँ-जहाँ माछाहरू चलफिर गर्छन्, त्यहाँ-त्यहाँ जान सिक्छौं, माछा मार्नलाई ठीक-ठीक चारो चलाउन पनि सिक्छौं। हामी असुविधाहरू र कठिनाइहरू सहन्छौं; हामी धीरजी रहन्छौं र लोकप्रसिद्ध हुनदेखि भाग्छौं।

मत्ती ४:२०: पत्रुस र अन्द्रियासले उहाँको बोलावट सुने, र तुरुन्तै त्यसलाई मानिहाले। सच्चा विश्वासले उनीहरूले आफ्ना जालहरूलाई छोड़े, र भक्तिसाथ उहाँलाई पछ्याए।

मत्ती ४:२१-२२: त्यसपछि ईश्वरीय बोलावट याकूब र यूहन्नाकहाँ आयो। यिनीहरू पनि तत्कालै प्रभुका चेला बनिहाले। यिनीहरूले आफ्नो जीविका चलाउने साधनलाई मात्र होइन, आफ्ना बुवालाई समेत छोड़े। यसरी

यिनीहरूले संसारका सबै नाता र सम्बन्धहरूभन्दा माथि प्रभु येशूलाई प्रथम स्थान दिए, र उहाँको प्रभुत्व स्वीकार गरे।

प्रभु येशूको बोलावट स्वीकार गरेका हुनाले यी जलाहारीहरू संसारभरि नै सुसमाचार प्रचार गर्ने कामको सम्बन्धमा मूल व्यक्तिहरू बने। उनीहरू आफ्ना जालहरूसित रहेका भए हामी उनीहरूको नाम कहिल्यै सुन्न पाउनेथिएनौं। यस संसारमा प्रभु येशूको प्रभुत्व स्वीकार गर्नु वा नगर्नु – सवाल यसमा छ; यसैमा सम्पूर्ण भिन्नता छ।

च) प्रभु येशूले ठूलो भीड़का मानिसहरूलाई निको पार्नुभएको (मत्ती ४:२३-२५)

प्रभु येशूको सेवकाइका तीनवटा भाग थिएः **अ)** उहाँले सभाघरहरूमा परमेश्वरको वचनबाट शिक्षा दिनुहुन्थ्यो, **आ)** उहाँले परमेश्वरको राज्यको सुसमाचार प्रचार गर्नुहुन्थ्यो, अनि **इ)** उहाँले बिरामीहरूलाई निको पार्नुहुन्थ्यो।

निको पार्ने आश्चर्य कर्महरूको एउटा उद्देश्यचाहिँ परमेश्वरका पुत्र ख्रीष्ट मै हुँ भन्ने प्रमाण दिनु थियो, साथै उहाँको ईश्वरीय सेवकाइ पुष्टि गराउनु थियो (हिब्रू २:३-४)। मत्ती ५-७ अध्यायमा उहाँको शिक्षा दिने सेवकाइको उदाहरण हो; अनि मत्ती ८-९ अध्यायमा उहाँका अचम्मका कामहरू उल्लेख गरिएका छन्।

मत्ती ४:२३: नयाँ नियममा हामी मत्ती ४:२३ पदमा पहिलो पल्ट सुसमाचार भन्ने शब्द पाउँछौं। सुसमाचारको अर्थ 'मुक्तिको शुभ सन्देश' हो। संसारको इतिहासको जुनै युगमा पनि एउटै सुसमाचार मात्र थियो। मानिसहरूका निम्ति मुक्तिको बाटो सधैं एउटा मात्र हुन्थ्यो, र हुन्छ पनि।

सुसमाचार

परमेश्वरको अनुग्रहबाट सुसमाचार शुरु हुन्छ (एफेसी २:८)। यसर्थ परमेश्वरले पापी मानिसहरूलाई, जो यो दान पाउन योग्यका हुँदैनन्, ख्रीष्ट येशूमा अनन्त जीवन सित्तैंमा दिनुहुन्छ।

सुसमाचारको जगचाहिँ त्यो क्रूस हो, जहाँ प्रभु येशूले मुक्तिको काम पूरा गर्नुभयो (१ कोरिन्थी १५:१-४)। क्रूसमा हाम्रा मुक्तिदाताले न्यायको सम्बन्धमा परमेश्वरमा रहेका सबै धार्मिक मागहरू पूरा गर्नुभयो; फलस्वरूप पवित्र परमेश्वरले पापी मानिसहरूलाई प्रभु येशूमाथि राखिएको तिनीहरूको विश्वासको आधारमा धर्मी ठहराउन सक्नुहुन्छ। पुरानो नियमको युगमा जिउने विश्वासीहरूले पनि त्यस मुक्ति ल्याउने प्रभुको बलिदानद्वारा मुक्ति पाए, यद्यपि त्यो कार्य उनीहरूका निम्ति अझ भविष्यमा रहेको थियो। उनीहरूलाई मसीहको विषयमा त्यत्ति ज्ञान पनि थिएन; तर परमेश्वरलाई उहाँको विषयमा पूरा ज्ञान थियो; अनि उहाँले प्रभु येशूको यस मुक्तिको कार्यद्वारा कमाइएको आशिष उनीहरूको हिसाबमा लगाइदिनुभयो। मानौं 'उधारोमा' उनीहरूले मुक्ति पाए। हामीले पनि प्रभु येशूको प्रायश्चितको कामले कमाएको फलस्वरूप मुक्ति पाउँछौं; तर हाम्रो पालोमा उहाँले त्यो मुक्तिको कार्य अघि नै भूतकालमा पूरा गरिसक्नुभयो।

सुसमाचारको सन्देश केवल विश्वासद्वारा ग्रहण गरिन्छ, ग्रहण गर्न सकिन्छ र ग्रहण गर्नुपर्छ (एफेसी २:८)। पुरानो नियमको समयमा जिउने मानिसहरूले पनि विश्वास गर्थे – परमेश्वरले उनीहरूलाई जे भन्नुभएको थियो, त्यही कुरा उनीहरूले विश्वास गर्नुपर्थ्यो; अनि यसरी उनीहरूले मुक्ति पाए। अहिलेको युगमा मानिसहरूले तब मुक्ति पाउँछन्, जब तिनीहरूले परमेश्वरले मुक्तिको एकमात्र बाटो प्रभु येशू हुनुहुन्छ भन्दै आफ्ना पुत्रको विषयमा दिनुभएको गवाहीमा विश्वास र भरोसा गर्छन् (१ यूहन्ना ५:११-१२)। सुसमाचारको अन्तिम लक्ष्यचाहिँ स्वर्गमा पुऱ्याउनु हो। हाम्रो आशा छः हामी अनन्त-अनन्तसम्म स्वर्गमा रहनेछौं (२ कोरिन्थी ५:६-१०), जसरी पुरानो नियमका पवित्र जनहरू पनि यही आशामा जिउँथे (हिब्रू ११:१० र ११:१४-१६)।

एउटै सुसमाचार मात्र छ; ता पनि विभिन्न समयहरूमा त्यसका विशेषताहरू थिए। उदाहरणका निम्ति, परमेश्वरको राज्यको सुसमाचार र परमेश्वरको अनुग्रहको सुसमाचारमा विचार गर्दा तिनमा भिन्नाभिन्नै कुरामा

जोड़ गरिएको पाउँछौं। परमेश्वरको राज्यको सुसमाचारले 'पश्चात्ताप गर, अनि मसीहलाई ग्रहण गर! तब तिमीहरूले उहाँको राज्यभित्र प्रवेश गर्न पाउँछौ, जब परमेश्वरको राज्य पृथ्वीमाथि स्थापित हुनेछ' भन्छ भने अनुग्रहको सुसमाचारले भन्छः 'पश्चात्ताप गर, अनि प्रभु येशूमाथि विश्वास गरेर उहाँलाई ग्रहण गर! तब तिमीहरू उहाँलाई भेट्न बादलमा उठाइनेछौ, र सदा-सर्वदा उहाँको साथमा रहनेछौ।' खासमा, सुसमाचारका ती सन्देशहरू एउटै हुन्ः मुक्ति विश्वासद्वारा अनुग्रहबाट पाइन्छ। तर ती सन्देशबाट के थाहा लाग्छः संसारमा समय र घटनाहरू मिलाउने ईश्वरीय क्रमहरू[7] र तिनका उद्देश्यहरूअनुसार सुसमाचारका आशिषहरू उपलब्ध गराउने प्रशासनहरू बेग्ला-बेग्लै थिए।

जब प्रभु येशूले परमेश्वरको राज्यको सुसमाचार प्रचार गर्नुहुन्थ्यो, तब उहाँले यहूदीहरूका राजाको रूपमा आउने आफ्नो आगमनको सूचना दिनुभयो, र उहाँको राज्यभित्र कुन-कुन शर्त मानेर प्रवेश गर्ने अनुमति पाइन्छ, सो स्पष्ट पार्नुभयो। उहाँका आश्चर्य कर्महरूले परमेश्वरको राज्यको स्वरूप वा स्वभावको प्रदर्शन गर्थे, जसको प्रभावमा शरीर र आत्मा दुवैले चङ्गाइ पाउँथे, र पाउँछन् पनि।

मत्ती ४ःर४-र५ः प्रभु येशूको कीर्ति सिरियाभरि नै फैलियो। सिरिया इस्राएल देशको उत्तर-उत्तरपूर्वमा अवस्थित छ। सबै बिरामीहरू, दुष्ट आत्मा लागेकाहरू र अपाङ्गहरूले उहाँबाट चङ्गाइ पाए। गालील, डेकापोलिस, यरूशलेम, यहूदिया र यर्दन नदीको पारिबाटका भीड़ैभीड़ मानिसहरू उहाँकहाँ भेला भए। डेकापोलिस इस्राएल देशको उत्तर-पूर्वमा परेको छ, जहाँ गैर-यहूदीका दसओटा शहरहरू मिलेर एउटा संयुक्त राज्यमा स्थापित भएका थिए। यस दृश्य लिएर श्री बी.बी. वार्फील्डले लेखेः 'छोटो समयका निम्ति यस इलाकाबाट रोगबिमारहरू र मृत्युलाई पनि प्रायः हटाइएको थियो।' निस्सन्देह, गालीलबाट यी कुराहरू सुनेर सर्वसाधरण मानिसहरू तीन छक परे।

४) मत्ती ५-७ः परमेश्वरको राज्यको संविधान

नयाँ नियमको शुरुमा 'पहाड़ी उपदेश'को स्थान राखिएको छ; उद्देश्यविना यसो गरिएको होइन। किनकि यसको स्थानले यसको महत्त्व बताउँछ। पहाड़ी उपदेशमा मसीह राजाले आफ्नो प्रजाको चरित्र र चाल कस्तो हुनुपर्छ, यसको विषयमा उहाँको अपेक्षा के हो, सो सङ्क्षिप्त रूपले बताउनुभएको छ।

यो उपदेश मुक्ति कसरी पाइन्छ, यसको बाटो जनाउने मापचित्र *होइन;* अनि यसको शिक्षा प्रभु येशूमाथि विश्वास नगर्नेहरूका निम्ति *होइन*। उहाँले यो उपदेश आफ्ना चेलाहरूलाई भन्नुभयो (मत्ती ५ःः१-२)। यसको उद्देश्य थियोः यसले संविधानको काम गरोस्, जसका नियम र शिक्षाहरूले प्रभु येशूको शासनकालभरि नै उहाँको प्रजालाई नियन्त्रण गरून्। यो संविधान-चाहिँ प्रभु येशूलाई हिजो, आज वा भविष्यमा राजाको रूपमा मान्ने सबै मानिसहरूका निम्ति हो। प्रभु येशू यस संसारमा उपस्थित हुनुहुँदा यो संविधान सीधा उहाँका चेलाहरूमा लागू हुन्थ्यो, प्रयुक्त हुन्थ्यो। अनि अहिले, जबसम्म प्रभु येशू स्वर्गमा राज्य गर्नुहुन्छ, यसको व्यवहारमा ल्याउने काम उनीहरू सबैमा लागू हुन्छ, जसले प्रभु येशूलाई आफ्ना हृदयमा राजाको रूपमा अपनाएर उहाँलाई स्थान र मान दिएका छन्। अनि अन्तमा, महासङ्कष्टको सयममा र पृथ्वीमा उहाँको एक हजार वर्षको राज्य चल्ने समयमा यसले चाहिँ प्रभु येशूका अनुयायीहरूका निम्ति नीति-साहित्यको काम गर्नेछ।

पहाड़ी उपदेशको रस यहूदीको छ; किनकि प्रभुले मत्ती ५ःः२२ पदमा 'महासभा', मत्ती ५ःः२३-२४ पदमा 'वेदी' र मत्ती ५ःः३५ पदमा 'यरूशलेम' भन्ने शब्द चलाएर यहूदीहरूसित यसको सम्बन्ध जोड्नुभएको छ। तर यहाँको शिक्षाचाहिँ केवल बितेको समयमा वा भविष्यमा प्रभुमाथि विश्वास गर्ने इस्राएलीहरूका निम्ति हो भन्नु गलत कुरा हो। यो उपदेश सबै युगहरूमा प्रभु येशूलाई राजाको रूपमा मान्ने हरेक व्यक्तिका निम्ति हो।

क) परम-पद आशीर्वाद (मत्ती ५ः१-१२)

मत्ती ५ः१-२ः उपदेशको शुरुमा आशीर्वादका वचनहरू छन्। यी वचनहरूले प्रभु येशूको राज्यमा आदर्श नागरिकका गुणहरू कस्ता-कस्ता हुनुपर्छ, सो व्यक्त गरेका छन्। यहाँ बयान गरिएका र प्रशंसा गरिएका सद्गुणहरू हालैमा यस संसारमा मानिसहरूको बीचमा कुनै मूल्यका हुँदैनन्। श्री ए. डब्लू. टोसरले ती सद्गुणहरूको विषयमा यसो भन्छन्ः 'मानव जातिको खास अवस्थाको विषयमा केही नजान्ने मानिसलाई हामीले यसको यथार्थ जानकारी दिनुपर्‍यो भने हामीले परम-पद आशीर्वादका वचन लिएर र तिनमा उल्टो अर्थ लगाएर त्यस्तो व्यक्तिलाई भन्न सक्थ्यौंः हेर, मानव जाति यस्तै छ!'

मत्ती ५ः३ः पहिलो आशीर्वाद *आत्मामा गरिब हुनेहरू*को हो। तिनीहरूको स्थिति भौतिक गरिबी होइन; तर यो त तिनीहरूले आफ्नो इच्छाले छानेर आत्मिक अभ्यासले ल्याएको अवस्था हो। आत्मामा गरिब हुनेहरू तिनीहरू हुन्, जसले आफ्नो असहाय अवस्था स्वीकार गर्छन्, र सर्वशक्तिमान् परमेश्वरमा आड़ लिन्छन्, उहाँमाथि भर पर्छन्। तिनीहरूले आफ्नो आत्मिक खाँचो/कमी बुझ्नीकन त्यसको पूर्ति प्रभु येशूमा पाउँछन्। स्वर्गको राज्य यस्ताहरूको हो, जहाँ आफूमाथि निर्भर हुने अपगुण र आफूलाई प्रशंसा गर्ने दुष्टताका निम्ति ठाउँ रहनेछैन।

मत्ती ५ः४ः *शोक गर्नेहरू धन्यका हुन्*! किनकि तिनीहरूलाई सान्त्वना मिल्ने दिन आउँदैछ। जीवनमा आइपर्ने विभिन्न हेरफेरको कारणले यिनीहरूले शोक गरेका होइनन्। तर प्रभु येशूसितको सँगतमा मात्र यस प्रकारको शोकको अनुभव गरिन्छ। यस संसारका मानिसहरूका चोटपटक देखेर र तिनीहरूका पापहरूले गर्दा प्रभु येशूको शोकमा सक्रिय रूपले सहभागी भई मनमा तीतो लाग्ने खेद यो हो। यसकारण आफ्ना पापका निम्ति गरिने शोकमा यो अवस्था सीमित रहँदैन, तर यो शोक संसारका मानिसहरूको शोचनीय अवस्थाका निम्ति, र तिनीहरूले आफ्ना मुक्तिदातालाई तिरस्कार गरेको हुनाले परमेश्वरको निगाह इन्कार गर्नेहरूको

भयानक दण्डका निम्ति अनुभव गरेको समवेदना पनि हो। यी शोक गर्नेहरूले त्यस दिन सान्त्वना पाउनेछन्, जुन दिन ***'परमेश्वरले उनीहरूका आँखाहरूबाट सबै आँसु पुछिदिनुहुनेछ'*** (प्रकाश २१:४)। विश्वासी जनहरूले सबै शोक यो जीवन रहुन्जेल गर्छन्, तर विश्वास नगर्नेहरूमाथि आइपर्ने अचेलका दुःखहरू अनन्त शोकको पूर्वअनुभव मात्र हुन्।

मत्ती ५:५: तेस्रो आशीर्वाद *नम्र हुनेहरूको* हो। उनीहरू पृथ्वीका उत्तराधिकारी हुनेछन्। हुन सक्छ, स्वभावले उनीहरू चञ्चल, मनमुद्रा बिग्रेका र रूखा मानिस हुन्छन् होला; तर दृढ़ सङ्कल्पले उनीहरूले प्रभु येशूको स्वभाव/सद्गुण लिएर उनीहरू विनयी र नम्र बन्नेछन् (मत्ती ११:२९)। नम्र हुनेहरूले आफ्नो नीच स्तर स्वीकार गर्छन्। नम्र व्यक्ति आफ्नो मामिलाको सम्बन्धमा नम्र र कोमल रहन्छ, तर परमेश्वरको मुद्दा लड्नुमा वा अरू मानिसहरूको प्रतिरक्षा गर्नुमा सिंहझैं शूरवीर हुन्छ।

नम्र हुनेहरूले अहिले चाहिँ पृथ्वीलाई आफ्नो अधिकारको भागको रूपमा पाउँदैनन्। होइन, बरु दुर्व्यवहार कमाएको र उनीहरूको सम्पत्ति अपहरण गरिएको भाग उनीहरूको हुन्छ। तर उनीहरू त्यस समय अक्षरशः रूपले पृथ्वीका उत्तराधिकारी हुनेछन्, जब मसीह राजाले शान्ति र समृद्धिको साथ हजार वर्षसम्म राज्य गर्नुहुनेछ।

मत्ती ५:६: अब *धार्मिकताका निम्ति भोकाउने र तिर्खाउनेहरूले* 'धन्यका हौ' भन्ने आशीर्वाद पाउँछन्। उनीहरूलाई तृप्ति पाउने प्रतिज्ञा दिइएको छ। उनीहरूले आफ्नो जीवनमा धार्मिकता प्राप्त गर्नलाई मरिमेट्छन्। उनीहरूले समाजमा इमानदार र साँचो व्यवहार अनि न्याय देख्न माग्छन्। उनीहरूले मण्डलीको रहनसहनमा पवित्रता कायम रहेको चाहन्छन्। यस्ताहरूको बारेमा श्री गमालिएल ब्र्याड्फर्डले यसो लेखेः 'उनीहरूलाई लागेको तिर्खा संसारको कुनै खोलाले तृप्त पार्न सक्दैन; उनीहरूलाई जुन भोक लागेको छ, त्यो केवल प्रभु येशूले मेटाउन सक्नुहुन्छ; उनीहरूले उहाँमा सन्तुष्टि पाउनुपर्छ, नत्रता उनीहरू मर्छन्।' प्रभु येशूको आउनेवाला राज्यमा उनीहरूले प्रशस्त गरी तृप्ति पाउनेछन्। उनीहरू तृप्त हुनेछन्; किनकि उहाँको राज्यमा धार्मिकताले राज्य गर्छ, भष्टाचारको

अस्तित्व मेटिनेछ, र त्यसको सट्टामा सदाचार र सद्भावनाजस्तै नैतिक उच्च-उच्च आदर्शी सद्गुणहरूले वास गर्नेछन् ।

मत्ती ५:७: हाम्रा प्रभुको राज्यमा *दयावान्* मानिसहरू आशिषित/धन्यका हुन्छन्; किनकि उनीहरूले दया पाउनेछन् । दयावान् हुनुको अर्थ अरू मानिसहरूमाथि टिठ्याउने कुरामा सक्रिय हुनु, लागिपर्नु हो । दण्ड पाउन लायकका अपराधीहरूबाट दण्ड नदिईकन सजाय हटाउनु पनि दयावान् हुनुको एक अर्थ हुन्छ। असहाय अभावग्रस्त मानिसहरूलाई सहायता दिनु, यसको व्यापक अर्थ पनि हो । परमेश्वरले हामीमाथि त्यस बेला दया देखाउनुभयो, जब उहाँले हामीले आफ्ना पाप र अधर्महरूको फलस्वरूप पाउनुपर्ने दण्ड नदिएर हामीबाट न्यायको माग पर सार्नुभयो र प्रभु येशूमा हामीलाई बचाएर हामीलाई अपार कृपा गर्नुभयो । हामी त्यत्ति बेला परमेश्वरको देखासिकीहरू हुन्छौं, जब हामी अरू मानिसहरूमाथि टिठ्याउँछौं ।

दयावान् हुनेहरूले दया पाउनेछन् भन्दैमा प्रभु येशूले यहाँ त्यस कृपाको कुरा गर्नुभएको थिएन, जो परमेश्वरले एउटा पापी मानिसमाथि देखाउनुहुन्छ, जब त्यसले प्रभु येशूमाथि विश्वास राख्छ । किनकि *त्यो* कृपा दयावान् व्यक्तिले मात्र पाउँदैन; त्यो कृपा दया देखाउनुमा निर्भर होइन । त्यो ता सित्तैंमा पाइने, शर्तमा निर्धारित नभएको वरदान हो । तर प्रभु येशूले यहाँ त्यस दयाको कुरा गर्नुहुन्छ, जो इसाई जीवन यापन गर्नका निम्ति हामीलाई दिन प्रतिदिन चाहिन्छ; अनि उहाँले यहाँ त्यस कृपाको कुरा गर्नुहुन्छ, जो भविष्यमा हामीलाई दरकार पर्नेछ, जब परमेश्वरले हाम्रा कामहरूको लेखा लिनुहुनेछ (१ कोरिन्थी ३:१२-१५) । हामी अहिले दयावान् हुँदैनौं भने हामीले त्यस बेला दया पाउनेछैनौं, तर आफ्नो निर्दयी व्यवहारको फलस्वरूप कम इनाम पाउनेछौं ।

मत्ती ५:८: *जस-जसको हृदय शुद्ध छ,* उनीहरूले परमेश्वरलाई देख्नेछन् भन्ने आश्वासन र निश्चयता यहाँ दिइएका छन् । शुद्ध हृदय भएको मानिस त्यो हो, जसको भावनाहरूमा खोट मिलाइएको छैन, जसका विचारहरू पवित्र छन् र जसको विवेक निर्मल हुन्छ। ***'तिनीहरूले***

परमेश्वरलाई देख्नेछन्' भन्ने वाक्य हामी विभिन्न प्रकारले बुझ्न सक्छौं। परमेश्वरलाई कसरी देखिन्छ? पहिलो तरिकाः उहाँको सङ्गतिमा, उहाँको वचनमा र आत्मामा उहाँलाई देखिन्छ। दोस्रो तरिकाः जब परमेश्वरले उनीहरूलाई प्रभुको दर्शन वा अरू कुनै अलौकिक आभास दिनुहुन्छ, त्यत्ति बेला उहाँलाई देखिन्छ। तेस्रो तरिकाः प्रभु येशू फेरि संसारमा फर्केर आउनुहुँदा उनीहरूले उहाँमा परमेश्वरलाई देख्नेछन्। चौथो तरिकाः अनन्त-अनन्तसम्म उनीहरूले परमेश्वरलाई देख्नेछन्।

मत्ती ५:९: *मेलमिलाप गराउनेहरूलाई* पनि आशीर्वादको वचन दिइएको छः **'उनीहरू परमेश्वरका छोराहरू कहलाइनेछन्।'** याद रहोस्, प्रभु येशूले यहाँ यस्ता मानिसहरूको कुरा गर्नुभएन, जसको स्वभाव शान्तको छ, र जसले शान्ति मन पराउँछन्। उहाँ यहाँ उनीहरूको कुरा गर्नुहुन्छ, जसले बीचमा आएर दुई पक्षालाई मेलमिलापमा ल्याउँछन्। मान्छेहरूको स्वभावमा चाहिँ झगड़ा हुँदा छेउमा बसेर तमाशा हेर्न रुचि हुन्छ। तर दुई पक्षाको बीचमा मेलमिलापको सम्बन्ध स्थापना गर्नका निम्ति चाहे अपमान र गाली सहनु किन नपरोस्, त्यस लक्ष्यतिर व्यवहारिक कदमहरू उठाउनु नै ईश्वरीय तरिका हो।

मेलमिलाप गराउनेहरू परमेश्वरका छोराहरू कहलाइनेछन्। मेलमिलाप गराएर उनीहरू परमेश्वरका सन्तान भएका छैनन्। तिनीहरू त प्रभु येशूलाई व्यक्तिगत प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गर्दा उहाँका सन्तान भए (यूहन्ना १:१२)। तर मेलमिलाप गराईकन विश्वासी जनहरूले आफैलाई परमेश्वरका सन्तान हौं भन्ने *प्रदर्शन* गर्छन्। अनि एक दिन परमेश्वरले उनीहरूमा परिवारिक समानता देखेर उनीहरूलाई 'यिनीहरू मेरा छोराहरू हुन्' भनीकन स्वीकार गर्नुहुनेछ।

मत्ती ५:१०: यहाँको आशीर्वाद *सतावटमा परेकाहरूका* निम्ति हो। उनीहरू आफ्ना गल्ती/कसूरले गर्दा होइन, तर *धार्मिकताको खातिर* सताइनेछन्। सठीक काम गरेर पनि दुःख सहने विश्वासीहरूको भागचाहिँ परमेश्वरको राज्य हो। यो परमेश्वरको प्रतिज्ञा हो। उनीहरूको सच्चा र इमानदार व्यवहारले यस भक्तिहीन संसारलाई दोषी ठहराउँछ, र उनीहरूले त्यसको घृणा र विरोध आफूमाथि ल्याउँछन्। धर्मी जनको जीवन संसारका

मानिसहरूले किन यति घृणा गर्छन् ? किनकि यस्तो जीवनले तिनीहरूको अधर्म प्रकट गर्दछ र दोष्याउँछ ।

मत्ती ५ :११: यहाँको अन्तिम आशीर्वादको वचन अघिको जस्तो देखिन्छ र त्यहाँ भनिएको कुरा यहाँ दोहोरिएको लाग्छ । तर यसमा एउटा भिन्नता छः दस पदमा सतावट धार्मिकताको खातिर हुने भयो भने यहाँको *सतावट ख्रीष्टको खातिर* भएको हो । उहाँका चेलाहरूले उहाँसितको सङ्गति र उहाँप्रतिको विश्वासयोग्यताले गर्दा दुर्व्यवहार सहनुपर्‍यो भन्ने कुरा प्रभु येशूलाई पूरा थाहा थियो । इतिहासले यो कुरा पुष्टि गरेको छः शुरुदेखि नै संसारका मानिसहरूले प्रभु येशूका अनुयायीहरूलाई सताए, भ्यालखानामा हाले र मारे ।

मत्ती ५ :१२: प्रभु येशूका निम्ति दुःख भोग्ने कुरा हामीमा आनन्द पैदा गराउने सौभाग्य हो । सङ्कष्टमा भविष्यवक्ताहरूसँग सहभागी हुनेहरूका निम्ति ठूलो इनाम साँचेर राखिएको छ । यी पुरानो नियमका नबीहरूले सतावट सहँदै सत्यताका निम्ति स्थिर रहे । प्रभुप्रतिको उनीहरूको निष्ठावान् वीरतालाई देखासिकी गर्नेहरू हालैमा उनीहरूको हर्षोल्लासमा र भविष्यमा उनीहरूको महिमित उत्थानमा सहभागी हुनेछन् ।

परम-पद आशीर्वादका वचनहरूले प्रभु येशूको राज्यका नागरिकहरू कस्ता-कस्ता व्यक्ति हुनुपर्छ, सो आदर्शको शब्दचित्र दिएका छन् । *धार्मिकता* (पद ६), *मेलमिलाप* (पद ९) र *आनन्दमा* (पद १२) दिइएको जोड़माथि ध्यान दिनुहोला । प्रेरित पावलले रोमी १४ :१७ पद लेख्दा उनको मनमा शायद त्यही कुराको याद भएको थियोः ***'किनकि परमेश्वरको राज्य खानु-पिउनु होइन, तर पवित्र आत्मामा धार्मिकता, शान्ति/मेलमिलाप र आनन्द हो ।'***

ख) प्रभु येशूका विश्वासी जनहरू नुन र ज्योति हुन् (मत्ती ५ :१३-१६)

मत्ती ५ :१३: प्रभु येशूले आफ्ना चेलाहरूलाई नुनसित तुलना गर्नुभएको छ । नुनमा जति गुणहरू छन्, उनीहरूचाहिँ संसारका निम्ति त्यही

हुनुपर्छ । नुनले खानेकुरा स्वादिष्ट पार्छ; त्यसले सड्न दिँदैन । त्यसले तिर्खा जगाउँछ; अनि त्यसले स्वाद बढ़ाउँछ । ठीक त्यस्तै उहाँका अनुयायीहरूले मसलाले झैं समाजलाई स्वादिष्ट तुल्याउँछन् । उनीहरू परिरक्षकको काम गर्छन् । उनीहरूले अरू मानिसहरूलाई प्रभावित पारेर तिनीहरूमा त्यही धार्मिकता प्राप्त गर्ने इच्छा र तृष्णा जगाउँछन्, जुन धार्मिकता अघिका पदहरूमा बयान गरिएको छ ।

तर नुनले आफ्नो स्वाद गुमायो भने त्यसलाई केले फेरि नुनिलो पार्ने ? प्रकृतिले दिएको त्यसको वास्तविक स्वाद कुनै तरिकाले पनि फर्काएर ल्याउन सकिँदैन । नुनको स्वाद गएपछि त्यो कुनै कामको हुँदैन । त्यो फुटपाथमा फ्याँकिन्छ । श्री अल्बर्ट बार्नस्ले यस खण्डको टिप्पणी गर्दा हाम्रो ज्ञान बढ़ाएका छन्ः 'हाम्रो देशमा प्रयोग गरिएको नुन रसायनिक विशुद्ध वस्तु हो; त्यसले आफ्नो स्वाद गुमायो वा अलिन्छ भने त्यस नुनको कुनै भाग पनि बाँकी रहँदैन । तर पूर्वीय देशहरूमा चलाइएको नुनचाहिँ यति चोखो थिएन, अलिक दूषित थियो । त्यसमा वनस्पति, बालुवा, मातो आदि चीजहरू मिसाइएका थिए । यसैले जब यस प्रकारको नुनले आफ्नो स्वाद गुमाउँथ्यो, तब निक्कै अलिनो नुनको वस्तु उब्रिन्थ्यो । त्यो भाग केही कामको हुँदैनथ्यो; यसैले वचनमा भनिएको जस्तै त्यो भागचाहिँ ढुङ्गारोड़ाझैं पटरी र फुटपाथमा बिच्याइन्थ्यो ।'[घ]

प्रभु येशूको चेलाको महान् कर्तव्य र उद्देश्य छः उसको काम पृथ्वीको नुन हुनु हो; अनि त्यो कुराचाहिँ उसले परम-पद आशीर्वादमा र पहाड़ी उपदेशको बाँकी सन्देशमा बताएझैं चेलापनका शर्तहरूमुताबिक जिएर देखाउनुपर्छ । तर उसले आफ्नो आत्मिक जीवनको वास्तविकता देखाउन सक्दैन भने मानिसहरूले उसको गवाही ग्रहण गर्दैनन्, तर त्यसलाई आफ्ना पैतालामनि चुल्चीमिल्ची पार्नेछन् ।

मत्ती ५ :१४ः प्रभु येशूले आफ्ना चेलाहरूलाई संसारका ज्योतिको नाम पनि दिनुभएको छ । उहाँले आफ्नो विषयमा पनि ***'संसारको ज्योति म नै हुँ'*** भन्नुभयो (यूहन्ना ८ :१२ अनि यूहन्ना १२ः३५ , ३६ र ४६) । यी दुई कुराको बीचको सम्बन्ध यस प्रकारको छः प्रभु येशू ज्योति दिने मूल-स्रोत हुनुहुन्छ ।

अनि इसाईहरू उहाँका चेलाहरूको नाताले उहाँको ज्योतिलाई प्रकाश गर्ने तेज वा किरण हुन्। चेलाहरूको काम र कर्तव्य चन्द्रमाको जस्तो हो, जसले सूर्यको महिमित प्रकाशको प्रतिविम्ब गर्छ।

इसाईहरू डाँड़ामाथि बसालिएको शहरजस्ता हुन्छन्, जो वरिपरिका सबै ठाउँभन्दा उच्च छ र अन्धकारमा झलमल्ल चम्किन्छ। तिनीहरू, जसले प्रभु येशूको शिक्षाका विशेषता र गुणहरूको प्रदर्शन गर्छन्, लुक्न सक्दैनन्।

मत्ती ५:१५-१६: मानिसहरूले बत्ती बालेर त्यसलाई पाथीमनि राख्दैनन्; होइन, तर तिनीहरूले त्यसलाई सामदानमाथि राख्छन्, र त्यसले घरभित्र हुने सबैलाई उज्यालो दिन्छ। प्रभु येशूको शिक्षारूपी प्रकाश हामीले आफ्ना निम्ति साँचेर राख्नु उहाँको इच्छा छैन। तर हामीले त्यो प्रकाश/ज्योति अरूसित बाँड़चुँड़ गर्नुपर्छ। हामीले आफ्नो ज्योति मानिसहरूको सामु यस प्रकारले चम्काउनुपर्छ, कि तिनीहरूले हाम्रा सुकर्महरू देखून्, र स्वर्गमा हुनुहुने हाम्रा पिताको महिमा गरून्। यहाँ, यस पदमा एउटा यस्तो सेवकाइमा जोड़ गरिएको छ, जसले इसाईको चरित्र देखाउँछ। जुन जीवनमा ख्रीष्टका सद्गुणहरू देखा पर्छन्, यस्तो जीवनमा मनलाई जित्ने आकर्षण हुन्छ, जो विश्वास दिलाउने मुखका शब्दहरूभन्दा प्रभावशाली हुन्छ।

ग) प्रभु येशू ख्रीष्टले व्यवस्था पूरा गर्नुहुन्छ (मत्ती ५:१७-२०)

मत्ती ५:१७-१८: प्रायः सबै क्रान्तिकारी नेताहरूले पुराना बन्धनहरू सबै तोड्छन्, र परम्परागत रूपले चल्दै गरेको व्यवस्थित क्रमलाई भङ्ग गर्छन्। तर प्रभु येशूले यस्तो गर्नुभएन। उहाँले मोशाको व्यवस्थालाई मान्यता दिनुभयो र व्यवस्था पूरा हुनुपर्छ भन्ने कुरामा जोड़ गर्नुभयो। प्रभु येशू त्यस व्यवस्थालाई वा भविष्यवक्ताहरूलाई रद्द गर्न आउनुभएन, तर पूरा गर्न आउनुभएको हो। सबै अक्षरशः पूरा नभइन्जेल व्यवस्थाबाट कुनै मात्रा वा विन्दु पनि बितेर जानेछैन भनी उहाँले सफासँग भन्नुभयो। मूललिपीमा 'मात्रा' भन्ने शब्द *'योद'* हो, जो हिब्रू वर्णमालाको सबभन्दा सानो अक्षर हो। विन्दु भन्नाले त्यो सानो चिन्ह बुझिन्छ, जसद्वारा हिब्रू भाषाका कति अक्षरको उच्चारण बदलिन्थ्यो, जस्तो स र श आदि। नेपालीमा 'ड़' र 'ड', 'प' र 'ष'

मा पनि एउटा विन्दु वा धर्कोले अक्षर बदल्छ। प्रभु येशूले पवित्र बाइबलको एक-एक शब्द परमेश्वरको प्रेरणाले दिइएको कुरामा विश्वास गर्नुभयो। पवित्र शास्त्रमा जो महत्त्वहीन र सानो देखिन्छ, त्यस सानोभन्दा सानो विन्दुमा पनि महत्त्व हुन्छ। परमेश्वरको वचनको जुनै कुरा, सानो विन्दु किन नहोस्, अर्थहीन हुँदैन।

यहाँ ध्यान दिनुपर्ने महत्त्व कुरा यो होः 'व्यवस्था कहिल्यै बितेर जानेछैन' प्रभुले भन्नुभएको होइन, तर ***'सबै पूरा नभइन्जेल व्यवस्था बित्नेछैन'*** भन्नुभएको हो। यसको भिन्नता छ, जसका निष्कर्षहरू/उपसंहारहरू अचेलका विश्वासीहरूमा पनि लागू हुन्छन्; अनि विश्वासीहरूको व्यवस्थासितको सम्बन्ध बुझ्नमा त्यति सरल छैन। यसकारण यस विषयमा पवित्र बाइबलले के शिक्षा दिन्छ, सो कुराको सार हामी यहाँ, यस ठाउँमा सङ्क्षिप्त रूपले दिन्छौं।

मोशाको व्यवस्थासित ख्रीष्टका विश्वासीहरूको सम्बन्ध

व्यवस्थाचाहिँ परमेश्वरले मोशाद्वारा इस्राएलीहरूलाई दिनुभएको कानुन वा विधिविधान हो। त्यसको सिङ्गो रूप हामी प्रस्थान २०-३१ अध्यायमा, अनि लेवी र व्यवस्थाको पुस्तकमा पाउँछौं, तर त्यसको सारांशचाहिँ दस आज्ञा हो।

व्यवस्था मुक्ति दिने माध्यमको रूपमा दिइएको होइन (प्रेरित १३:३९, रोमी ३:२०[क], गलाती २:१६ र २१ अनि ३:११)। त्यसको कामचाहिँ मानिसहरूलाई तिनीहरूको पापी अवस्था देखाउनु नै हो (रोमी ३:२०[ख], ५:२० र ७:७, १ कोरिन्थी १५:५६ र गलाती ३:१९), साथै प्रभु येशूकहाँ गएर उहाँको अनुग्रहमा मुक्ति पाउने प्रेरणा दिनु हो। व्यवस्था इस्राएलीहरूलाई दिइएको थियो; यद्यपि त्यसमा युगयुगका सबै मानिसहरूका निम्ति लागू हुने नैतिक शिक्षाहरू पनि समावेश छन् (रोमी २:१४-१५)। परमेश्वरले इस्राएलीहरूलाई मानव जातिको एक उदाहरण बन्न जाति-जातिहरूको बीचबाट छानेर उनीहरूलाई व्यवस्था दिनुभयो र त्यसद्वारा जाँच गर्नुभयो। तर इस्राएलीहरूले व्यवस्था पालन गर्न सकेनन्;

उनीहरू दोषी ठहरिए; इस्राएलीहरूलाई लागेको यस आरोपमा सारा संसारका मानिसहरूको दोष पनि प्रकट भएको छ (रोमी ३:१९)।

व्यवस्थासँग मृत्युदण्ड टाँसिएको थियो (गलाती ३:१०); अनि जुन मानिसले व्यवस्थाको एउटा आज्ञा उल्लङ्घन गरेको थियो, त्यस मानिसलाई पूरा व्यवस्था भङ्ग गरेको आरोप लाग्दथ्यो (याकूब २:१०)। सब मानिसहरूले व्यवस्था उल्लङ्घन गरे; यसैले तिनीहरू सबै मृत्युदण्डरूपी श्रापमनि परे। परमेश्वरका धार्मिकता र पवित्रताको माग के थियो भने, मानिसहरूमाथि आउन लागेको मृत्युदण्ड कसैले भोग्नुपर्थ्यो। यही कारणले प्रभु येशू यस संसारमा आउनुभयो। आफ्नो क्रूसको मृत्युद्वारा उहाँले त्यो सजाय, त्यो मृत्युदण्ड भोग्नुभयो। प्रभु येशू निर्दोष हुनुहुन्थ्यो, तर व्यवस्था भङ्ग गर्ने दोष लागेका अपराधीहरूका निम्ति, तिनीहरूको सट्टामा उहाँ मर्नुभयो। प्रभु येशूले व्यवस्था हटाउनुभएन; तर उहाँले आफूलाई त्यसका सबै कठोर नियमरूपी मागहरूको अधीनमा राखीकन ती मागहरू आफ्नो जीवन र मृत्युद्वारा पूरा गर्नुभयो। यसकारण सुसमाचारको सन्देशले व्यवस्थालाई रद्द गर्दैन; तर त्यसले यसलाई कायम राख्दछ। किनकि व्यवस्थाले जुन मागहरूको हिसाबकिताब खोज्दछ, ती सबै मागहरू प्रभु येशूले आफ्नो क्रूसको मृत्युले, त्यस मुक्ति कमाउने कार्यद्वारा, कसरी पूरा गर्नुभयो, सो कुरा सुसमाचारले स्पष्ट पार्छ।

यसकारण प्रभु येशूमाथि विश्वास गर्ने कुनै पनि मानिस व्यवस्थाको अधीनमा छैन नै; ऊ अनुग्रहको अधीनमा आइसकेको छ (रोमी ६:१४)। प्रभु येशूको प्रायश्चितको कामले गर्दा ऊ व्यवस्थाको लेखाप्रति मरेको छ। व्यवस्थाले ठहऱ्याएको दण्ड एकैपल्ट मात्र तिर्न आवश्यक छ। प्रभु येशूले त्यो दण्ड भोग्नुभयो र चुक्ता गर्ने दाम तिरिदिनुभयो। यसैले उहाँमाथि विश्वास गर्ने कुनै मानिसले त्यो दाम फेरि तिर्नुपर्दैन। यस हिसाबले इसाईहरूका निम्ति व्यवस्था बितिसक्यो, मेटियो (२ कोरिन्थी ३:७-११)। ख्रीष्ट येशू नआउन्जेल व्यवस्थाले शिक्षक वा ट्यूटरको काम गर्दथ्यो, तर प्रभु येशू आउनुभएपछि र मुक्तिको प्रबन्ध भइसकेपछि यस शिक्षकको आवश्यकता छैन (गलाती ३:२४-२५)।

हो, जुनै पनि इसाई व्यवस्थाको अधीनमा छैन । तर ऊ नियमविनाको मानिस होइन। व्यवस्थाको भन्दा बलियो साङ्लोले ऊ बाँधिएको हो; किनकि ऊ ख्रीष्टको व्यवस्थाको अधीनमा छ (१ कोरिन्थी ९:२१) । उसको व्यवहारले दण्ड पाउने डररूपी ढाँचाबाट आफ्नो रूप पाएको होइन, तर आफ्ना प्रभु र मुक्तिदातालाई सधैं प्रसन्न तुल्याउने प्रेमको भावनाबाट त्यसले प्रेरणा पाएको हो । ख्रीष्ट नै उसको जीवनको आदर्श भनिनुभएको छ (यूहन्ना १३:१५ र १५:१२, अनि एफेसी ५:१-२, १ यूहन्ना २:६ र ३:१६) ।

इसाईहरूको बीचमा व्यवस्थाको सम्बन्धमा यो साधारण प्रश्न उठ्छः 'के मैले दस आज्ञा पालन गर्नुपर्छ?' यसको उत्तरमा हामी यो भन्छौंः व्यवस्थामा लेखिएको कतिपय नियमहरू छन्, जो सधैं लागू हुन्छन्, जस्तै चोरी नगर्नू, लालच नगर्नू, हत्या नगर्नू । यी कुराहरू सधैं गलत छन् । दस आज्ञामध्ये नौवटा आज्ञा नयाँ नियममा दोहोरिएका छन् । तर भिन्नता यसैमा छः ती नियमहरू तिनमा दण्ड लगाईकन अब व्यवस्थाको रूपमा हामीलाई दिइएका होइनन्, तर परमेश्वरका जनहरूलाई उनीहरूलाई धार्मिकतामा तालिम दिनका निम्ति ती नियमहरू दिइएका हुन् (२ तिमोथी ३:१६) । दस आज्ञामा एउटा आज्ञा छ, जो नयाँ नियममा दोहोरिएको छैनः विश्रामदिन पवित्र मान्नू । इसाईहरूलाई कहिल्यै विश्रामदिन मान्नुपर्ने आदेश भएकै छैन । (विश्रामदिनचाहिँ शनिवार हो, हप्ताको सातौं दिन पर्छ) ।

प्रभु येशूबाट मुक्ति नपाएका मानिसहरूको बीचमा व्यवस्थाको काम जारी नै छ। ***'हामी जान्दछौं, व्यवस्था असल छ, यदि कसैले यसलाई नियमअनुसार प्रयोग गर्छ भने'*** (१ तिमोथी १:८) । व्यवस्थाको सठीक प्रयोगले पापको ज्ञान दिलाउँछ, र यसरी पापी मानिसलाई बाटो देखाउँदै पश्चात्तापतिर डोऱ्याउँछ। तर व्यवस्था मुक्ति पाइसकेका मानिसहरूका निम्ति होइन। ***'व्यवस्थाचाहिँ धर्मी मानिसका निम्ति बनाइएको होइन'*** (१ तिमोथी १:९) ।

जुन धार्मिकता व्यवस्थाले माग गर्दछ, त्योचाहिँ तिनीहरूमा पूरा हुनेछ, जो ***'शरीरअनुसार होइन, तर आत्माअनुसार'*** हिँड्दछन् (रोमी ८:४) । वास्तवमा, पहाड़ी उपदेशमा प्रभु येशूले व्यवस्थाको भन्दा उच्च स्तरको

शिक्षा दिनुभयो। उदाहरणका निम्ति, व्यवस्थाले ***'तिमीले हत्या नगर्नू'*** भन्छ, तर प्रभु येशूले भन्नुहुन्छः ***'तिमीले घृणा समेत नगर्नू !'*** यसर्थ पहाड़ी उपदेशले व्यवस्था र भविष्यवक्ताहरूका पुस्तकका नियमहरू कायम राखेको मात्र होइन, तर तिनलाई बढ़ाएको, तिनलाई विकास गरेको र तिनमा गहिरा-गहिरा अर्थ लगाएको छ।

मत्ती ५:१९: अब हामी पहाड़ी उपदेशमा फर्कन्छौं। प्रभु येशूले परमेश्वरका आज्ञाहरू खुकुलो पार्न चाहने हाम्रो स्वभाव राम्ररी चिन्नुहुँदो रहेछ। उहाँका आज्ञाहरू आत्मिक छन्, नैतिक उच्च स्तरका छन्; यसैले शारीरिक मानिसहरूलाई ती आज्ञाहरू पालन गर्नु असम्भव भएको हुनाले तिनीहरूले तिनको विषयमा आफूलाई धर्मी ठहऱ्याउने र तिनमा दिमागी अर्थ लगाउने युक्तिहरू रच्दछन्। तर **'जसले सबैभन्दा साना यी आज्ञाहरूमध्ये एउटालाई भङ्ग गर्ला, र मानिसहरूलाई त्यस्तै सिकाउला, त्योचाहि स्वर्गको राज्यमा सबैभन्दा सानो कहलाइनेछ'**। सबैभन्दा साना यी आज्ञाहरूमध्ये एउटालाई भङ्ग गर्ने मानिस परमेश्वरको राज्यमा पस्दो रहेछ ! अचम्म लाग्ने कुरा यसैमा छ। तब निश्चित छः परमेश्वरको राज्यभित्र प्रवेश गर्ने अनुमति ख्रीष्ट येशूमाथि राखिएको विश्वासले दिलाएको हुनुपर्छ। तर परमेश्वरको राज्यभित्र हाम्रो दर्जाचाहिँ यस पृथ्वीमा जिउँदाखेरि हामी प्रभुप्रति कति आज्ञाकारी र विश्वासयोग्य रह्यौं, त्यसको फल हो। त्यो व्यक्ति, जसले परमेश्वरको राज्यका नियमहरू पालन गर्दछ, ऊचाहिँ स्वर्गको राज्यमा महान् कहलाइनेछ।

मत्ती ५:२०: परमेश्वरको राज्यभित्र प्रवेश गर्न पाउनलाई हाम्रो धार्मिकताचाहिँ शास्त्री र फरिसीहरूको धार्मिकतालाई उछिनुपर्छ। तिनीहरू धार्मिक रीतिहरू पालन गर्नुमा सन्तुष्ट रहे; यी रीतिहरूद्वारा तिनीहरूले बाहिरी तवरले मात्र विधिअनुसारको शुद्धीकरणको अनुभव गरे, तर यी रीतिहरूलाई मानेर कुनै हृदय कहिल्यै बदली भएन र कहिल्यै बदली हुनेछैन नै। भित्री वास्तविकता नभएको, तर बाहिरी धार्मिकता मात्र प्राप्त भएको मानिसले कहिल्यै स्वर्गको राज्यमा पस्न पाउनेछैन भन्ने सत्यतालाई बढ़ी दृढ़ पार्नका

निम्ति प्रभु येशूले यहाँ बढ़ाइचढ़ाइ गर्ने अतिशययोक्ति प्रयोग गर्नुभएको छ। परमेश्वरले स्वीकार गर्ने एकमात्र धार्मिकता योचाहिँ होः परमेश्वरका पुत्र प्रभु येशूमाथि विश्वास राखीकन उहाँलाई मुक्तिदाताको रूपमा ग्रहण गर्नु; यस प्रकारले विश्वास गर्ने मानिसको हिसाबमा जुन सिद्ध धार्मिकता लगाइन्छ, त्यस ईश्वरीय धार्मिकताबाहेक उहाँको सामु अरू कुनै धार्मिकता गानिँदैन (२ कोरिन्थी ५:२१)। हुन पनि हो, यदि कुनै मानिसमा ख्रीष्ट येशूप्रति साँचो विश्वास छ भने उसैले यस पहाड़ी उपदेशको बाँकी भागमा प्रभु येशूले वर्णन गर्नुभएको व्यवहारिक धार्मिकता आफ्नो जीवनमा उतार्दछ।

घ) क्रोधको विषयमा प्रभु येशूको चेताउनी

(मत्ती ५:२१-२६)

मत्ती ५:२१: प्रभु येशूको जमानामा जिउने यहूदीहरूले हत्या पाप हो, परमेश्वरले हत्या गर्न मनाही गर्नुभएको छ, र हत्यारालाई मृत्युदण्ड दिइन्छ भन्ने कुरा जान्दथिए। व्यवस्था दिइएको बेलाभन्दा अघि पनि हत्याचाहिँ पाप गनिन्थ्यो (उत्पत्ति ९:६), पछिबाट यो आज्ञा व्यवस्थामा समावेश गरियो (प्रस्थान २०:१३ र व्यवस्था ५:१७)। **'तर म तिमीहरूलाई भन्दछु'** भनेर प्रभु येशूले आफ्ना शब्दमा हत्या नगर्नू भन्ने आज्ञाको संसोधन गर्नुभएको कुरा जनाउनुभयो। अब कुनै मानिसले कहिल्यै 'मैले हत्या गरेकै छैनँ' भनेर घमण्ड गर्न पाउनेछैन। किनकि प्रभु येशूले अब यसो भन्नुहुन्छः 'मेरो राज्यमा हत्या गर्ने विचार समेत गर्नुहुँदैन।' हत्या कहाँबाट शुरु हुन्छ, त्यसको जरामा गएर उहाँले हामीलाई तीन प्रकारको अनुचित रिसको बारेमा चेताउनी दिनुहुन्छ।

मत्ती ५:२२: पहिलो अनुचित रिस यो होः कोही व्यक्ति बिनाकारण[ङ] आफ्नो भाइसँग रिसाउँछ। यस प्रकारको अपराधको दोष लागेको व्यक्ति न्यायको योग्य हुन्छ। यस्तोलाई अदालतमा उभ्याइन्छ। प्रायः सबै मानिसहरूले आफ्नो रिसका निम्ति न्यायसँगत कारणहरू भेट्टाउँछन्, तर रिस त्यत्ति बेलामा मात्र ग्रहणयोग्य र उचित ठहरिन्छ, जुन बेला परमेश्वरको अनादर गरिने डर हुन्छ वा अरू कसैको अन्याय गरिएको हुन्छ। व्यक्तिगत

रूपले सहेका अन्यायको बदलीमा आफ्नो क्रोध प्रकट गर्नुचाहिँ कहिल्यै न्यायोचित कुरा ठहरिँदैन ।

त्यसभन्दा डरलाग्दो पाप आफ्नो भाइलाई निन्दा वा मानहानि गर्नु हो । प्रभु येशूको समयमा मानिसहरूले **'राका'** भन्ने शब्द प्रयोग गर्थे; यो एक अरामी भाषाको खराब गाली र अपमान गर्ने शब्द हो, जसको अर्थ 'निकम्मा' हुन्छ । यो शब्द प्रयोग गर्नेहरू महासभाको योग्य ठहरिन्थे, अर्थात् देशको 'सन्हेड्रीन' नामक सर्वोच्च न्यायालयमा आफ्नो मामिलाको जवाफ दिन खड़ा हुनुपर्थ्यो ।

अन्तमा, कसैलाई **'हे मूर्ख'** भन्नु नै प्रभु येशूले दोष्याउनुभएको अनुचित रिसको तेस्रो रूप हो । 'मूर्ख' भन्ने शब्दको अर्थ 'बुद्धू' भन्नुभन्दा पनि खराब हो । कुनै मानिसले कसैलाई 'मूर्ख' भन्यो भने त्यसले उसलाई नैतिक हिसाबले बुद्धिहीन व्यक्ति ठहऱ्याय़ो, जो मर्नु लायकको छ; अनि 'त्यो मरोस्' भन्ने यो अशुभ चिताउने चाहना यस शब्दद्वारा प्रकट गरिएको छ । अचेल मानिसहरूले केहीजस्तो नमानी एक-अर्कालाई 'परमेश्वरले तँलाई दण्ड दिऊन् !' भन्दै सराप्छन् । यस्तो श्राप गर्ने व्यक्तिले परमेश्वरलाई पुकारेर 'फलानालाई नरकमा हालियोस्' भन्ने प्रार्थना गरेको देखिन्छ । प्रभु येशूले भन्नुहुन्छः यस्तो श्राप उच्चारण गर्ने मानिस नरकको आगोको योग्य ठहर्दछ ।

मृत्यु-दण्ड दिइसकेका अपराधीहरूका लाशहरू प्रायः गाड़िएनन्, तर यरूशलेमबाहिरको मैला जलाउने ठाउँमा 'हिन्नोमको उपत्यका' नामक बेंसीमा फ्याँकिन्थ्यो, जसलाई 'गेहेन्ना' पनि भनिन्थ्यो । त्यो कहिल्यै ननिभ्ने नरकको आगोको प्रतीक थियो ।

हाम्रा प्रभुका शब्दहरूमा गम्भीरताको अर्थ लगाएर हामीले कुनै गल्ती गरेका होइनौं । उहाँले सिकाउनुभयोः रिसभित्र हत्या गर्ने बीउहरू हुन्छन्, निन्दात्मक शब्दहरू हत्या गर्ने आत्मा/मनको प्रेरणाको फल हुन्, र श्रापको वचनले हत्या गर्ने इच्छालाई एउटा भेष दिएको छ । जसरी अपराधहरू बढ़ूदै गएका छन्, त्यसरी नै दण्ड पनि बढ़्नुपर्छ । तीन किसिमका दण्ड दिने क्रम यस प्रकारको छः *आदलत*मा उभिनु, *महासभा*मा खड़ा हुनु वा *नरकको*

*आगो*मा पर्नु । प्रभु येशूले आफ्नो राज्यमा पापहरूसितको व्यवहार तिनको गम्भीरताअनुसार गर्नुहुनेछ ।

मत्ती ५ः२३-२४ः यदि कसैले कसैलाई रिसको कारणले कि अरू कुनै कारणले ठेस खुवाएको छ भने उसले परमेश्वरकहाँ ल्याउने भेटीको केही कामको हुँदैन । प्रभु यसमा खुशी हुनुहुन्न । जसले कसैलाई ठेस खुवाएको छ, त्यो पहिलो गएर त्यो कुरा ठीक पार्नुपर्छ । तब मात्र उसको भेटी ग्रहणयोग्य हुनेछ ।

यी वचनहरू यहूदी भूमिकामा र यहूदी दृष्टिकोणले लेखिए ता पनि यी वचनहरू आज हाम्रा निम्ति पनि लागू हुन्छन् । प्रेरित पावलले प्रभुभोजको सम्बन्धमा मत्ती ५ अध्यायको यही प्रभुको विचारधारणाको व्याख्या गरेका छन् (१ कोरिन्थी ११ अध्याय हेर्नुहोस् !) । कुनै पनि विश्वासीको अरू विश्वासीहरूसँग बोलचाल छैन भने उसको आराधना परमेश्वरले ग्रहण गर्नुहुन्न ।

मत्ती ५ः२५-२६ः तर्कप्रेमी र आफ्नो भूलदोष मानिलिन सुस्ती गर्ने बानीको विरोधमा प्रभु येशूले यहाँ चेताउनीको रूपमा बोल्नुभएको छ । आदलतको मुद्दामा फस्नुभन्दा झट्टै वादीसँग मिल्नु उत्तम हो । हामी मुद्दामा फस्यौं भने हामी पक्का पनि आफ्नो मामिलामा हार्नेछौं । वादी-प्रतिवादी को-को हुन्, यस दृष्टान्तको सम्बन्धमा विद्वानहरूको बीचमा एक मत छैन, तर एउटा कुरा स्पष्ट छः हाम्रो गल्ती भएको छ भने हामी झट्टै आफ्नो भूलचूक मानिहाल्नुपर्छ, तुरुन्तै मिल्नुपर्छ । हामी ढीट भएर बस्छौं र पश्चात्ताप गर्दैनौं भने हाम्रो पापले हामीलाई फेला पार्नेछ; अनि हामीले क्षतिको पूरा पूर्ति मात्र गर्नुपर्नेछैन, तर अझ बढ्ता दण्डहरू, अर्थ-दण्डहरू भोग्नुपर्नेछ । याद गर्नुहोस्ः आदलतमा मुद्दा पेस गर्नुमा सुरिनुहुँदैन; नत्रता कानुनले दोषीलाई भेट्टाउला र हामीलाई पो साबित पार्ला; तब अन्तिम पैसा नतिरेसम्म हामी त्यहाँबाट कुनै हालतमा उम्कनेछैनौं ।

ङ) येशूले व्यभिचारको पाप दोषी ठहराउनुभयो (मत्ती ५ः२७-३०)

मत्ती ५ः२७-२८ः मोशाको व्यवस्थाले व्यभिचारजस्तो कुकर्मलाई निषेध गरेको छ (प्रस्थान २०ः१४ र व्यवस्था ५ः१८) । कसैले गर्वसाथ

'मैले यो आज्ञा कहिल्यै उल्लङ्घन गरको छैनँ' भन्ला, तर उसका आँखाहरू व्यभिचारले भरिएका हुन्छन् (२ पत्रुस २:१४)। बाहिरबाट हेर्दा मानिस सज्जन, तर उसको मनचाहिँ सधैं अपवित्रताको भूलभुलैयामा अलमलिरहेको हुन्छ। यसकारण प्रभु येशूले आफ्ना चेलाहरूलाई शारीरिक अनैतिक सम्बन्धबाट मात्र अलग बस्न पुग्दैन, तर भित्री पवित्रता हुनुपर्छ भन्ने कुरा सम्झाइदिनुभयो। व्यवस्थाले व्यभिचार गर्ने कुकर्मलाई मनाही गर्छ भने प्रभु येशूले व्यभिचार गर्ने इच्छा/अभिलाषाधरि मनाही गर्नुभएको छः **'जसकसैले कुनै स्त्रीलाई खराब इच्छाले हेर्छ, त्यसले अघि नै आफ्नो हृदयमा त्यससित व्यभिचार गरिसकेको हुन्छ।'** श्री ई. स्टाण्ली जोन्स्ले यस पदले भन्न चाहेको मतलब बुझेर यसो लेखेः 'तिमीले व्यभिचार गर्ने अभिलाषालाई ठाउँ दिएर त्यस कुकर्मको विषयमा विचार गर्छौ, अथवा तिमी व्यभिचार गर्न पुग्छौ भने त्यस्तो रतिक्रियाबाट सन्तुष्टि मिल्दैन, यसरी बरु सम्भोगरूपी आगो निभाउन खोज्दा त्यसमा तेल पो हालेको हुन्छ।' पाप मनबाट शुरु हुन्छ। आफ्नो मनमा हामीले यस्तो कुकर्म गर्ने अभिलाषा र भावनाहरू पालिबस्यौं भने अन्तमा त्यसको पाप-कार्य पूरा गर्ने नै छौं।

मत्ती ५:२९-३०: शुद्ध भावना आफ्नो जीवनमा कायम राख्नलाई हामीले पूरा आत्मसंयमी हुनुपर्छ। यसैले प्रभु येशूले भन्नुहुन्छः शरीरको कुनै अङ्गले हामीलाई पाप गर्न लाउँछ भने अनन्त-अनन्तसम्म आफ्नो आत्मा गुमाउनुभन्दा पाप गर्न लाउने त्यो अङ्ग यस जीवनमा गुमाउनु उत्तम हुन्छ। के हामीले प्रभु येशूका यी वचनहरूको अक्षरशः अर्थ लिनुपर्ने? के हामीले आफ्नो शरीरलाई अङ्गभङ्ग गर्नुपर्छ; के प्रभु येशूले त्यही भन्नुभएको हो? उहाँका वचनहरूमा यहाँसम्म तिनको अक्षरशः अर्थ लाग्छः आफ्नो आत्मा नगुमाउनलाई आफ्नो शरीरको एउटा अङ्ग गुमाउनु आवश्यक छ भने हामीले खुशीसाथ त्यो अङ्ग दिइहाल्नुपर्छ। भाग्यवश यसो गर्नु कहिल्यै आवश्यक पर्दैन; किनकि पवित्र आत्माले प्रभु येशूमाथि विश्वास गर्ने जनलाई पवित्र जीवन जिउने शक्ति दिनुहुन्छ। तर यस सम्बन्धमा विश्वासी जनको पूरा सहभागिता हुनुपर्छ; ऊ पूरा संयमी हुनुपर्छ।

च) विवाहको सम्बन्ध-विच्छेद/छुटानाम प्रभु येशूले मनाही गर्नुहुन्छ (मत्ती ५:३१-३२)

मत्ती ५:३१: व्यवस्था २४:१-४ पदअनुसार पुरानो नियमको व्यवस्थामा विवाह-विच्छेद गर्ने अनुमति दिइएको थियो। तर यस खण्डमा व्यभिचार गरेकी स्त्रीको विषयमा कुरा गरिएको छैन; किनकि व्यभिचारको पापका निम्ति मृत्युदण्ड दिइन्थ्यो (व्यवस्था २२:२२)। होइन, व्यवस्थाले एक-अर्कालाई मन नपरेकाहरूलाई अथवा हेलमेल नहुनेहरूलाई छूट दिएको हो।

मत्ती ५:३२: तर प्रभु येशूको राज्यमा चाहिँ **'जसले व्यभिचारको कारणले बाहेक अरू कुनै कारणले आफ्नो स्वास्नीलाई त्याग्ला, त्यसले उसलाई व्यभिचार गर्न लगाउँछ।'** यस भनाइको मतलब यो होइन, कि ऊ सरासर व्यभिचारिणी भइहाल्छे। तर प्रभुले अघिदेखि बुझ्नुभएको छ, कि त्यागिएपछि त्यस स्त्रीले कुनै सहारा नपाउँदा अरू कुनै पुरुषसँग जिउन उसलाई करै लाग्छ। अनि यसरी ऊ व्यभिचारिणी बन्दछे। यसो हुँदा छुटानाम भएकी स्त्री व्यभिचारको सम्बन्ध राख्छे, तर **'जसले त्यागिएकीलाई विवाह गर्ला, त्यसले पनि व्यभिचार गर्छ।'**

पवित्र बाइबलमा विवाह-विच्छेद र पुनर्विवाह अति जटिल विषय बनेको छ। यस सम्बन्धमा उठेका सबै प्रश्नहरूको उत्तर दिनु सम्भव छैन। तर पवित्र शास्त्रले यसको विषयमा के सिकाउँछ, यहाँ यसको सर्वेक्षण गर्दा र सारांश दिँदा कसैलाई मद्दत मिल्छ कि भन्ने आशा छ।

विवाह-विच्छेद र पुनर्विवाह

परमेश्वरले मानिसको बारेमा विवाहको सम्बन्ध विच्छेद नहोस् भन्ने विचार लिनुभएको हो। उहाँको आदर्श यस्तो छः एउटा पुरुष र एउटी स्त्री जीवनभरि सँगै रहिरहून्, र मृत्युले मात्र तिनीहरूको बीचको सम्बन्ध टुटोस् (रोमी ७:२-३)। प्रभु येशूले फरिसीहरूलाई त्यही कुरा स्पष्ट पार्नुभयो र सृष्टिको शुरुमा दिइएको ईश्वरीय व्यवस्थामा ध्यान लगाउनुभयो (मत्ती १९:४-६)।

परमेश्वर पत्नी-त्यागलाई घृणा गर्नुहुन्छ (मलकी २:१६), अर्थात् उहाँ पवित्र शास्त्रअनुसार नभएको सम्बन्ध-विच्छेदलाई घृणा गर्नुहुन्छ। उहाँ सबै प्रकारको विवाह-विच्छेदलाई घृणा गर्नुहुन्न; किनभने उहाँले आफ्नो विषयमा ***'मैले इस्राएललाई त्यागें, र उसलाई त्याग-पत्र दिएँ'*** भन्ने कुरा गर्नुभएको छ (यर्मिया ३:८)। उहाँले इस्राएल जातिलाई किन त्याग्नुभयो? किनकि इस्राएल जातिले उहाँलाई त्यागेर मूर्तिहरूलाई पुज्न थालेको थियो। इस्राएल जाति परमेश्वरसितको सम्बन्धमा अविश्वासी भएको थियो।

मत्ती ५:३१-३२ र १९:९ पदमा प्रभु येशूले विवाहको सम्बन्ध विच्छेद गर्ने एकमात्र कारण बताउनुभयोः व्यभिचार, अर्थात् जोड़ीको एकजनाले कुनै परको व्यक्तिसित सम्भोग गरेको हुनुपर्छ। मर्कूस १०:११-१२ र लूका १६:१८ पदमा ***'व्यभिचारको कारणले बाहेक'*** भन्ने शब्दहरू हटेका छन्।

यसो किन भएको होला भन्ने प्रश्नको उत्तर शायद यसो दिएर ठीक होलाः न मर्कूसले, न ता लूकाले यस विषयमा प्रभुको सम्पूर्ण वचन उल्लेख गरेका छन्। विवाहको सम्बन्ध विच्छेद गर्नु राम्रो कुरा होइन, तर जहाँ एकजनाले विवाहको सम्बन्धमा विश्वासघात गऱ्यो, त्यहाँ मात्र त्यागिदिने अनुमति प्राप्त भएको हो। व्यभिचारको कारणले प्रभु येशूले विवाह-विच्छेद गर्ने *अनुमति* दिनुभएको हो, तर यसो गर्ने *आज्ञा*चाहिँ उहाँले कहिल्यै दिनुभएन।

कतिपय विद्वानहरूले १ कोरिन्थी ७:१२-१६ पदहरू लिएर के सिकाउँछन् भने, विश्वास नगर्ने व्यक्तिले विश्वासी भाइ वा बहिनीलाई छोड़्यो भने यस्तो अवस्थामा त्यागिदिने अनुमति दिइएको हो। प्रेरित पावलले भन्छन्: ***'यस्तो अवस्थामा भाइ वा बहिनी बन्धनमा छैन।'*** यसर्थ यस्तो भाइ वा बहिनीले त्यागिएकोमा छुटानाम पाउन सक्छन्। यस टिप्पणीका लेखकको धारणा के छ भने, यहाँ मत्ती ५ र १९ अध्यायमा दिइएको शर्त एउटै होः विश्वास नगर्नेचाहिँ अरू कुनै व्यक्तिसित सँगै जिउन भनी छुट्टिन्छ भने सम्बन्ध-विच्छेद गर्न मिल्छ। यसकारण हामी फेरि भनौंः हामी ख्रीष्ट-विश्वासीहरूका निम्ति प्रभुको नियम यस प्रकारको छः जीवनसाथीले विश्वासघात गरेर व्यभिचार गरेकोमा सम्बन्ध-विच्छेद हुन

सकिन्छ; यसैका निम्ति मात्र पवित्र शास्त्रीय आधार पाइन्छ र सम्बन्ध-विच्छेद गर्ने अनुमति दिइन्छ।

धेरै पल्ट यस्तो तर्क सुनिन्छः नयाँ नियममा विवाह-विच्छेद हुने अनुमति दिइन्छ, तर पुनर्विवाह गर्नका निम्ति चाहिँ यसमा कुनै अनुमति पाइँदैन। तर यस्तो तर्कले निम्न तर्क निम्त्याउँछः नयाँ नियमभरि यस्तो कुनै आज्ञा पनि छैन, जसले निर्दोष पक्षको पुनर्विवाह गर्न मनाही गर्छ; व्यभिचारको दोष लागेको व्यक्तिलाई मात्र यसो गर्न मनाही गरिएको छ। यस विषयमा थपेर अझ भनौंः पुनर्विवाहचाहिँ पवित्रशास्त्रले विवाह-विच्छेद गर्ने अनुमति दिने कारणहरूमध्ये एक मुख्य कारण हो; नत्र पक्ष-विपक्षलाई केवल छुट्ट्याएर बस्न लाउनु हो भने पृथक्करणले चाहिँ त्यही काम गर्नेछ, त्यही उद्देश्य पूरा गर्नेछ।

यो विषय छलफल गर्दा एउटा नभई नहुने प्रश्न उठ्छः मुक्ति पाउने समयभन्दा अगाड़ि विवाहको सम्बन्ध विच्छेद भएकाहरूको विषयमा के कसो? प्रभुकहाँ फर्केर आउनुभन्दा अगाड़ि अवैध रूपले गरेका विवाह-विच्छेद र पुनर्विवाहचाहिँ पापहरू हुन्, जसको पूरा क्षमा प्रभुबाट पाइन्छ। उदाहरणका निम्ति, १ कोरिन्थी ६:११ पदमा प्रेरित पावलले तिनीहरूका पापहरूको सूची दिँदा कोरिन्थमा भएका कति विश्वासीहरूले बितेको अविश्वासी जीवनमा गरेका पापहरूमध्ये व्यभिचार पनि हालेका छन्। यसकारण प्रभुकहाँ आउनुभन्दा अगाड़ि गरेका पापहरूले कुनै विश्वासीलाई स्थानीय मण्डलीको कुनै सेवाकार्यमा भाग लिनदेखि रोक्दैनन्।

त्यसभन्दा अप्ठ्यारो प्रश्न ती इसाईहरूको विषयमा छ, जसको विवाहको सम्बन्ध विच्छेद गर्ने कारणहरू बाइबलीय थिएनन्, र पनि तिनीहरूले फेरि विवाह गरे। के यस्ताहरूलाई स्थानीय मण्डलीको सँगतिमा फेरि पनि ग्रहण गर्न मिल्छ? त्यसको उत्तर यसमा निर्भर हुन्छः के तिनीहरूको त्यो व्यभिचार, त्यस्तो सम्भोग-कार्य भर्खरै शुरु भएको हो कि के तिनीहरूको त्यो पाप धेरै समयदेखि चल्दै आएको हो? व्यभिचारको सम्बन्धमा जिउने यी व्यक्तिहरूले आफ्ना पाप मानिलिनुको साथसाथमा आफ्नो सँगीलाई पनि छोड्नुपर्छ। तर याद रहोस्ः यस समस्याको समाधान

गर्दा परमेश्वरले कसैलाई झन् जटिल समस्याभित्र पार्नुहुन्न। विवाहको सम्बन्ध खूबै बिग्रेको गाठोरूपी झन्झट हो; यसलाई फुकाउन खोज्दाखेरि हाम्रो अनुचित निर्णयले गर्दा हामीले पुरुषहरू वा स्त्रीहरूलाई पापमा जाने बाध्यतामा पार्छौं, अथवा स्त्रीहरू र बाल-बालिकाहरूलाई बिनाघर र बेसहारा भएको स्थितिमा छोड़िपठाउँछौं भने हाम्रो दवाई/औषधीभन्दा रोग निको छ।

लेखकको धारणा यस प्रकारको छः ती ख्रीष्ट-विश्वासीहरू, जसको विवाह-विच्छेद बाइबलीय कारण आधारित थिएन, र पनि फेरि विवाह गरेका छन्, जब तिनीहरूले त्यस पापको सम्बन्धमा साँचो गरी पश्चात्ताप गर्छन्, र पूरा रूपले प्रभुकहाँ फर्कन्छन्, तब तिनीहरूलाई मण्डलीको सङ्गतिमा ग्रहण गर्नुपर्छ। तर विवाह-विच्छेदका मामिलाहरू प्रायः भिन्नभिन्नै हुन्छन्। यसकारण मण्डलीका एल्डरहरूले एक-एक मामिलाको जाँचपड़ताल गर्नुपर्छ र परमेश्वरको वचन आधारित त्यसको बारेमा निर्णय लिनुपर्छ। कहिलेकहीं कसैलाई मण्डलीको अनुशासनमा राख्नुपर्छ; तब सबैले एल्डरहरूको अधिकार मानेर उनीहरूले लिएको यो निर्णय स्वीकार गर्नुपर्छ।

छ) प्रभु येशूले झूटा कसमहरूमाथि दोषारोप लगाउनुभएको (मत्ती ५:३३-३७)

मत्ती ५:३३-३६: मोशाको व्यवस्थामा ***'परमेश्वरको नाममा झूटा कसम नखाओ'*** भनेर कतिपय पदहरू छन्, जसले यस प्रकारको कसम खाने काम मनाही गरेका छन् (लेवी १९:१२, गन्ती ३०:२ र व्यवस्था २३:२१)। परमेश्वरको नाममा कसम खानुको अर्थ 'मैले सत्य बोलेको छु' भन्ने कुरामा जोड़ गर्नलाई परमेश्वरलाई आफ्नो गवाही तुल्याउनु हो। यहूदीहरूले परमेश्वरको नाम लिएर अनुचित रीतिले झूटो कसम खान्छु कि भन्ने डरले गर्दा कसम खाँदाखेरि स्वर्गको नाममा, पृथ्वीको नाममा, यरूशलेमको नाममा वा तिनीहरूको शिरमा कसम खान्थे।

प्रभु येशूले व्यवस्थासित गरेको यस्तो टेढ़ा व्यवहार बिलकुलै कपट ठहऱ्याउनुभयो, अनि हाम्रो दैनिक सामान्य बातचितमा जुनै उद्देश्यका निम्ति जुनै तरिकाले गरेका कसम/शपथ र भाकलहरूको मनाही गर्नुभयो।

परमेश्वरको नाम अनुचित रीतिले लिनुदेखि डराईकन उहाँको नामको बदलीमा अरू कुनै नाम राख्नुचाहिँ कपट मात्र होइन, तर व्यर्थ पनि हो। स्वर्गको नाममा कसम खाँदाखेरि परमेश्वरको सिंहासनलाई छोएर कसम खाएकै हो। पृथ्वीको नाममा कसम खाँदाखेरि उहाँको पाउदानलाई छोएर कसम खाएको हो। यरूशलेमको नाममा कसम खाँदाखेरि महाराजाको शहरलाई छोएर कसम खाएको हो। अँ, आफ्नो शिरमा कसम खाँदाखेरि पनि त्यो परमेश्वरको नामबिना गरेको कसम होइन; किनकि उहाँ हामी सबैका सृष्टिकर्ता हुनुहुन्छ।

मत्ती ५:३७: ख्रीष्ट-विश्वासीका निम्ति कसम खानु आवश्यक छैन। जब उसले 'हो' भन्दछ, तब त्यसको मतलब 'हो' नै हो। उसले 'होइन' भन्यो भने त्यसको मतलब 'होइन' नै हो। त्यसभन्दा बढ़ी जे हामी बोल्छौं, त्यसले के बताउँछ भने त्यस दुष्ट शैतानले हाम्रो जीवनमा शासन गर्छ। इसाईका निम्ति यस्ता परिस्थितिहरू छँदैछैनन्, जसले गर्दा उसले झूट बोल्नुपर्छ।

परमेश्वरको वचनको यस खण्डले सत्यतालाई धमिल्याउने वा छल गर्ने हरक काम निषेध गर्दछ; तर आदलतमा कसम खाने कुरा मनाही गरेको छैन। किनकि हाम्रा प्रभुले पनि कसम ग्रहण गरेर प्रधान/महा पूजाहारीको सामु आफ्नो गवाही दिनुभयो (मत्ती २६:६३ पददेखि पढ्नुहोला)। प्रेरित पावलले पनि आफूले लेखेको कुरा सत्य साबित गराउनका निम्ति आफ्नो साक्षीको रूपमा परमेश्वरलाई राखे (२ कोरिन्थी १:२३ र गलाती १:२०)।

ज) दुई माइल हिँड्नुपर्छ (मत्ती ५:३८-४२)

मत्ती ५:३८: ***'आँखाको बदला आँखा, दाँतको बदला दाँत;'*** व्यवस्थाको भनाइ छ (प्रस्थान २१:२४, लेवी २४:२० र व्यवस्था १९:२१)। यो आज्ञा दण्ड दिनलाई एक धार्मिक नियम थियो, जसले बताउँछः सजाय अपराधअनुसार हुनुपर्छ, त्यसभन्दा ज्यादा हुनुहुँदैन। तर पुरानो नियममा यस सजायरूपी दण्ड दिने काम व्यक्ति-व्यक्तिको हातमा होइन, तर शासकहरूको हातमा दिइएको थियो।

मत्ती ५:३९-४१: प्रभु येशूले बदला लिने काम पूरा बन्द गर्नुभएको छ। यसो गर्दा उहाँले व्यवस्थालाई तल छोड़ेर उच्च धार्मिकता स्थापित

गर्नुभयो । उहाँले आफ्ना चेलाहरूलाई बताउनुभयोः एक समय थियो, जब कानुनले बदला दिने काम विधानअनुसारको ठहरायो; तर अब यस्तो समय आएको छ, जब उहाँका चेलाहरूलाई प्रतिरोध नगर्ने अनुग्रह दिइएको छ; यसैले अब बदला नलिनु सम्भव भयो । प्रभु येशूले आफ्ना चेलाहरूलाई के शिक्षा दिनुभयो भने, उनीहरूले दुष्ट मानिसको सामना गर्नुहुँदैनथियो; कसैले उनीहरूको गालामा थप्पड़ लगायो भने उनीहरूले त्यसपट्टि अर्को गाला पनि फर्काइदिनु थियो । उनीहरूको विरोधमा कसैले मुद्दा लगाएर उनीहरूको दौरा लैजाने इच्छा गऱ्यो भने त्यस्तोलाई कोट पनि लैजान दिनू । कुनै अधिकारीले उनीहरूलाई एक माइलसम्म तिनको सामान बोक्न कर लगाए भने उनीहरूले स्वेच्छाले त्यसलाई दुई माइलसम्म बोक्नु थियो ।

मत्ती ५ :४२ः प्रभु येशूले यस खण्डमा दिनुभएको अन्तिम आज्ञा आज हाम्रा निम्ति पालन गर्न नसकिने, अव्यवहारिक देखिन्छ । **'जसले तिमीसित माग्छ, त्यसलाई देऊ; अनि जसले तिमीसँग सापट लिन चाहन्छ, त्यसपट्टि पिठ्यूँ नफर्काऊ !'** भौतिक सरसामान र धनसम्पत्तिप्रतिको हाम्रो मोहले गर्दा आफूले दुःख गरेर कमाएको चीज अरू कसैलाई दिनु ता परै जाओस्, त्यसको बारेमा सोच्दा त्यसको विचारले हामीलाई पछि हट्ने तुल्याउँछ नै । तर स्वर्गीय धनपट्टि आफ्नो मन लगाईकन आवश्यक खानेकुरा र लाउने वस्त्र छन् भने त्यसमा हामी सन्तुष्ट रहेका भए हामीले यी वचनहरू सय प्रकारले ठीक हुन् भनेर खुशीसाथ स्वीकार गर्नेथियौं । प्रभु येशूको यो वचन तब लागू हुन्छ, जब जसले सहायता मागेको छ, त्यस व्यक्तिको खाँचोचाहिँ साँचो खाँचो हुन्छ । हरेक पल्ट खाँचो न्यायसँगत छ कि छैन, सो पत्ता लगाउन सकिँदैन । यसैले कसैले सल्लाह दिएभैं खाँचो परेको एकजनालाई फर्काइपठाउनु नपरोस् भन्ने हिसाबले बीसजना ठग भिखारीहरूलाई सहायता दिनु उत्तम हो । मानिसको दृष्टिकोण लिएर हामीले भन्नुपर्छः हो, प्रभुले हामीबाट चाहनुभएको यस प्रकारको व्यवहार असम्भव छ । पवित्र आत्माको नियन्त्रणमा रहने मानिसले मात्र यस्तो आत्म-त्यागपूर्ण जीवन जिउन सक्छ । ख्रीष्ट-विश्वासीको जीवनमा हाम्रा प्रभुले आफ्नो जीवन हालेर त्यस्तो शक्तिद्वारा चलाउन पाउनुहुँदा त्यस विश्वासीले अपमान (पद ३९), अन्याय

(पद ४०) र असुविधाहरू (पद ४१) सहेर पनि यसको सट्टामा प्रेमको व्यवहार देखाउन सक्छ। यस्तो व्यवहारलाई 'दुई माइलको सुसमाचार' भनिन्छ।

झ) आफ्ना शत्रुहरूलाई प्रेम गर्नुपर्छ (मत्ती ५:४३-४८)

मत्ती ५:४३: परमेश्वरको राज्यमा हुनुपर्ने, व्यवस्थाभन्दा उच्च धार्मिकताको अन्तिम उदाहरण दिँदा प्रभु येशूले आफ्ना शत्रुहरूसितको हाम्रो व्यवहारलाई विषयवस्तु बनाउनुभयो। यो विषय अघिको अनुच्छेदमा प्रस्तुत गरेको सन्दर्भबाट स्वभावैले उठ्छ। व्यवस्थाले इस्राएलीहरूलाई आफ्नो छिमेकीलाई प्रेम गर्नू भनी सिकाएको थियो (लेवी १९:१८); तर कहीं तिनीहरूले आफ्नो शत्रुलाई घृणा गर्नू भन्ने स्पष्ट आदेश पाएका थिएनन्; त्यो ता केवल तिनीहरूको मन र आत्मालाई प्रेरित गर्ने शिक्षाको फल थियो। शत्रुहरूलाई घृणा गर्ने भावनाचाहिँ पुरानो नियमले परमेश्वरका जनहरूलाई सताउनेहरूको विषयमा अपनाएको दृष्टिकोणको योगफल थियो (भजन १३९:२१-२२)। यो भावनाचाहिँ परमेश्वरका बैरीहरूको विरुद्ध निस्केर जाने धार्मिक शत्रुता थियो।

मत्ती ५:४४-४७: तर अब प्रभु येशूले भन्नुहुन्छः **'तिमीहरूको शत्रुहरूलाई प्रेम गर! ... तिमीहरूलाई सताउनेहरूका निम्ति प्रार्थना गर!'** प्रेम गर्ने आदेशले के बुझाउँछ भने, प्रेम गर्नु इच्छामा भर पर्ने कुरा रहेछ, भावनामा निर्भर हुने कुरा होइन। यो प्रेम र स्वभाविक स्नेह एउटा कुरा होइन; किनकि आफूलाई घृणा गर्ने र आफ्नो कुभलो गर्ने मानिसहरूलाई प्रेम गर्नु स्वभाविक होइन। यो प्रेमचाहिँ ईश्वरीय अलौकिक अनुग्रहको फल हो, जो उनीहरूबाट प्रकट हुन्छ, जसभित्र ईश्वरीय जीवनले वास गर्छ।

हामीलाई प्रेम गर्नेहरूलाई मात्र हामीले प्रेम गर्‍यौं भने यसमा कुनै इनाम छैन। प्रभु येशूले भन्नुहुन्छः त्यस्तो ता मुक्ति नपाएका महसुल उठाउनेहरूले[च] पनि गर्दछन्। त्यस्तो गर्नलाई कुनै ईश्वरीय शक्तिको खाँचो छैन। आफ्ना दाजुभाइहरूलाई[छ] मात्र अर्थात् आफ्ना आफन्त र कुटुम्बहरूलाई मात्र अभिवादन गर्नु केही ठूलो कुरा होइन। त्यसमा कुनै सद्गुण छैन।

अविश्वासीहरूले त्यस्तो गर्न सक्छन्। त्यसमा कुनै विशेष ख्रीष्टीय गुण नै छैन। हामी इसाईहरूको गुणस्तरचाहिँ संसारको भन्दा उच्च छैन भने संसारमाथि हाम्रो प्रभाव केही पनि हुनेछैन।

प्रभु येशूले सिकाउनुभयोः उहाँका चेलाहरूले खराबीको बदलामा भलाइ गर्नुपर्छ। तब उनीहरू स्वर्गमा हुनुहुने उनीहरूका पिताका सन्तान हुनेछन्। प्रभुले 'यसरी तिमीहरू परमेश्वरका सन्तान बन्नेछौ' भन्नभएन। होइन, यसरी हामीले परमेश्वरका सन्तान भइसकेको कुरा पो देखाउँछौं। दुष्ट र असल दुवैमाथि घाम झुल्काउँदा र पानीझरी बर्साउँदा परमेश्वर देखाउनुहुन्छः उहाँ कसैको पक्ष लिनुहुन्न। ठीक त्यस्तै हामीले पनि सबै मानिसहरूप्रति अनुग्रही र निष्पक्ष व्यवहार देखाउनुपर्छ।

मत्ती ५:४८: प्रभु येशूले यो अध्याय सुद्धयाउँदा एउटा आदेश दिनुहुन्छः **'यसकारण जसरी स्वर्गमा हुनुहुने तिमीहरूका पिता सिद्ध हुनुहुन्छ, त्यसरी नै तिमीहरू पनि सिद्ध होओ !'** सिद्ध हुने शब्दको अर्थ हामीले प्रसङ्ग र सन्दर्भबाट बुझ्नुपर्छ। यसको अर्थ पापरहित वा निष्कलङ्क हुनु होइन। अगाड़िका पदहरूले हामीलाई सिकाएः सिद्ध हुनुको मतलबचाहिँ आफूलाई घृणा गर्नेहरूलाई प्रेम गर्नु, आफूलाई सताउनेहरूका निम्ति प्रार्थना गरिदिनु अनि आफ्नो मित्र र आफ्नो शत्रु दुवैप्रति भलाइ र कृपाको व्यवहार देखाउनु हो। यहाँ प्रस्तुत गरिएको सिद्धताचाहिँ त्यो आत्मिक परिपक्वता हो, जसले एउटा इसाईलाई परमेश्वरको देखासिकी गर्ने शक्ति दिन्छ; यसो हुँदा उसले सबै मानिसहरूलाई पक्षपात नगरीकन सबका सबलाई आशिष बाँड़चुँड़ गर्नेछ।

ञ) गुप्त दान (मत्ती ६:१-४)

मत्ती ६:१: प्रभु येशूले यस अध्यायको पहिलो भागमा व्यक्तिगत जीवनका तीन क्षेत्र नियाल्नुहुन्छ, जहाँ उहाँ व्यवहारिक रूपले धार्मिकता देख्न चाहनुहुन्छ। यी ती हुन्: दान (६:१-४), प्रार्थना (६:५-१५) र उपवास (६:१६-१८)। यी अठार पदहरूमा पिताको नाम दस पल्ट लिइएको छ; अनि यो शब्दचाहिँ यी पदहरूमा उल्लेख गरिएको शिक्षा बुझ्ने

चाबी हो । व्यवहारमा उतारेका हाम्रा सबै धार्मिक कामहरूले उहाँको दृष्टिमा ग्रहणयोग्य हुनुपर्छ, मानिसहरूको दृष्टिमा होइन ।

अरू मानिसहरूले देखून् भन्ने हेतुले दानहरू दिएर वा परोपकारी कामहरू गरेर आफ्नो श्रद्धाभक्ति देखाउने आडम्बरको विरुद्धमा चेताउनी दिँदै प्रभु येशूले पहाड़ी उपदेशको यो खण्ड शुरु गर्नुहुन्छ । यसो गर्दा उहाँले उपकारको काममा होइन, तर त्यो कार्य किन गरेको हो, त्यसको अभिप्रायमा गल्ती भेट्टाएर त्यसको दोषारोप गर्नुभयो । मानिसहरूले देखेर प्रशंसा गरून्, त्यसको खास अभिप्राय हो भने उपकारकले पाउने इनाम त्यही मात्र भइगयो; किनभने परमेश्वरले कपटपूर्ण कामको इनाम दिनुहुन्न ।

मत्ती ६ः२ः हामीलाई विश्वास गर्न गाह्रो लाग्छ, तर कपटी मानिस-हरूले सभाघरहरूमा भेटी चढ़ाउँदा वा सड़कहरूहुँदो भिखारीहरूलाई भीख/भिक्षा दिँदा आफूप्रति मानिसहरूको ध्यान आकर्षण गर्नलाई खूब हल्ला गर्थे । **'तिनीहरूले आफ्नो इनाम पाइसके'** भन्दै तिनीहरूको यो चलन रद्द गरीकन प्रभुको छोटो वर्णन सकिन्छ । यस संसारमा उपकारको नाम कमाउन चाहनेहरूको एकमात्र क्षणिक इनाम यो हो ।

मत्ती ६ः३-४ः जब ख्रीष्ट येशूका चेलाहरूले परोपकारको काम गर्छन्, तब तिनीहरूले त्यो गुप्तमा गर्नुपर्छ । त्यो दान यति साह्रै गोप्य हुनुपर्छ; यसैले प्रभु येशूले आफ्ना चेलाहरूलाई भन्नुभयोः **'तिम्रो दाहिने हातले के गर्छ, सो तिम्रो देब्रे हातले थाहा नपाओस् !'** यो चित्रपूर्ण भाषा चलाएर प्रभु येशूले स्पष्ट पार्नुभयोः हाम्रा दान र परोपकार परमेश्वर पिताका निम्ति गरिनुपर्छ; उपकारकले सुनाम कमाउने हेतुले त्यो गरिनुहुँदैन ।

यस खण्डमाथि बल लगाएर 'अरू मानिसहरूले चाल पाउने गरी कुनै दान दिनुहुँदैन' भन्ने अर्थ यसबाट निकाल्नुहुँदैन; किनकि सबै दान र परोपकारका कामहरू दाताको नाम लुकाईकन सधैं गुप्तमा गर्नु असम्भव छ । प्रभुले खुला रूपले प्रदर्शन गर्ने गरी दान दिने कार्यमा दोष भेट्टाउनुभयो ।

ट) गुप्त प्रार्थना (मत्ती ६ः५-८)

मत्ती ६ः५ः अब प्रभु येशूले आफ्ना चेलाहरूलाई **'तिमीहरूले प्रार्थना गर्दा कपटीजस्तै नहोओ'** भन्ने चेताउनी दिनुहुन्छ। अरू मानिसहरूले

उनीहरूलाई प्रार्थना गर्दै गरेको देखून् र उनीहरूलाई खूबै धर्मी सम्झून् भन्ने उद्देश्यले उनीहरू सार्वजनिक ठाउँहरूहुँदो खड़ा हुनुहुँदैन। प्रभुले भन्नुहुन्छः यश पाउने लालसाले प्रेरित भएको प्रार्थनाको फलचाहिँ मानिसहरूबाट पाइने यशमा सीमित रहन्छ।

मत्ती ६:६: अघि-पछि 'तिमीहरू' भन्ने शब्द चलाउने प्रभुले अब यस पदमा 'तिमी' भन्नुहुन्छ; उहाँ बहुवचनदेखि एकवचनमा झर्नुहुन्छ; यसो गरेको मतलबचाहिँ प्रार्थना गर्दा परमेश्वरसित हाम्रो व्यक्तिगत घनिष्ठ सम्बन्ध हुनुपर्छ भन्ने कुरामा जोड़ दिनु थियो। प्रार्थनाको उत्तर पाउने किसिमले प्रार्थना चढ़ाउनु हो भने त्यो गुप्तमा हुनुपर्छ; **'आफ्नो भित्री कोठामा पसेर ढोका बन्द गर'** भन्ने आदेशको अर्थ यही हो। परमेश्वरसित सम्पर्क राख्नु हाम्रो प्रार्थना गर्ने अभिप्राय हो भने उहाँले हाम्रो प्रार्थना सुनेर त्यसको उत्तर दिनुहुनेछ।

मानिसहरूको सामु प्रार्थना चढ़ाउनुहुँदैन भन्ने शिक्षा यस खण्डबाट निकाल्नुचाहिँ प्रभुका शब्दहरूमा आफ्नो अर्थ लगाइएको प्रमाण हो। शुरुको मण्डली सामूहिक प्रार्थना चढ़ाउन भेला हुन्थे (प्रेरित २:४२, १२:१२, १३:३, १४:२३ र २०:३६)। यस खण्डमा भन्न चाहिएको कुरा यही होः हामीले प्रार्थना कहाँ, कुन ठाउँमा चढ़ाउँछौं, त्यो मुख्य होइन; तर हामी किन, कुन उद्देश्यले प्रार्थना गर्छौं, त्यो प्रमुख कुरा हो। कि ता मानिसहरूले देखून् भनेर, कि ता परमेश्वरले सुनून् भन्ने उद्देश्यले प्रार्थना गरिन्छ। भिन्नता यसैमा छ।

मत्ती ६:७: हाम्रो प्रार्थनामा व्यर्थै बरबराहटहरू हुनुहुँदैन। कण्ठ गरेका, सधैं चलाइरहेका शब्दहरू, अर्थहीन वाक्यहरू, सारा सामान्य भाषा आदि, अँ, घरीघरी दोहोऱ्याइरहने काम नहोस्! मुक्ति नपाएका मानिसहरूले यसरी प्रार्थना गर्छन्, तर परमेश्वरलाई शब्दहरूको थुप्रोले प्रभावित पार्न सकिँदैन। हृदयबाट निस्केका, सच्चा अन्तरिक विन्तीप्रार्थनाहरू उहाँ सुन्न चाहनुहुन्छ।

मत्ती ६:८: हामीले उहाँलाई माग्नुभन्दा पहिल्यै, हामीलाई के-के खाँचो छ, सो हाम्रा पितालाई थाहै छ। यसैले 'हामी प्रार्थना किन गरिबसौं

त ?' भन्ने प्रश्न सोध्न स्वभाविक हो। यसको कारण यो होः प्रार्थनाद्वारा हामीले आफ्नो खाँचो प्रकट गर्छौं, साथै परमेश्वरमाथि गरेको हाम्रो आड़भरोसा जाहेर गर्छौं। यो परमेश्वरसितको बातचितको मूलआधार हो। प्रार्थनाको उत्तरमा परमेश्वरले कतिपय काम गर्नुहुन्छ, जो प्रार्थना नगरेर उहाँले गर्नुहुनेछैन (याकूब ४:२)।

ठ) प्रभु येशूले नमुना-प्रार्थना सिकाउनुभएको (मत्ती ६:९-१५)

मत्ती ६:९: 'प्रभुको प्रार्थना' नामक प्रार्थनाको नमुना हामी मत्ती ६:९-१३ पदमा पाउँछौं। यस्तो शिर्षक प्रयोग गरेर हामीले एउटा कुरा याद गर्नुपर्छः प्रभु येशू आफैले कहिल्यै यो प्रार्थना चढ़ाउनुभएन। यो ता उहाँका चेलाहरूलाई दिइएको नमुना हो, कि यसलाई लिएर उनीहरूले आफ्ना प्रार्थनाहरू यस प्रकारको रूप दिन सकून्। उनीहरूले ठीक ती शब्दहरूमा जस्तैको त्यस्तै प्रार्थना गरून् भन्ने उद्देश्यले यो नमुना दिइएको होइन। सात पदले यसो गर्न दिँदैन; किनकि कण्ठस्थ गरेका शब्दहरू घरीघरी रट्दा-रट्दै अर्थहीन वाक्य र व्यर्थ बरबराहट हुन पुग्छन्।

'हे स्वर्गमा हुनुहुने हाम्रा पिता !'

प्रार्थना गर्दा हामीले परमेश्वर पितालाई सम्बोधन गर्नुपर्छ। उहाँ नै सारा सृष्टिको सर्वाधिकारी हुनुहुन्छ। यसो हुनाले हामीले यो कुरा स्वीकार गरेर उहाँलाई नै सम्बोधन गर्नुपर्छ।

'तपाईंको नाम पवित्र गरियोस् !'

हाम्रा प्रार्थनाको शुरुमा हामीले उहाँलाई दण्डवत् गर्नुपर्छ, उहाँलाई हाम्रो स्तुतिप्रशंसा चढ़ाउनुपर्छ; किनभने उहाँ हाम्रा आदर र महिमा पाउनुको योग्य हुनुहुन्छ।

मत्ती ६:१०: 'तपाईंको राज्य आओस् !'

उहाँको आराधना गरेपछि हामीले उहाँका इच्छा र अभिप्रायहरूलाई पहिलो स्थान दिएर उहाँको राज्यको वृद्धिका निम्ति 'तपाईंको उद्देश्य पूरा होस्' भनेर प्रार्थना गर्नुपर्छ। त्यो दिन आओस्, जब हाम्रा परमेश्वर र मुक्तिदाता प्रभु येशू ख्रीष्टले यस संसारमा आफ्नो राज्य स्थापित गर्नुहुनेछ, र

धार्मिकताको साथ राज्य गर्नुहुनेछ। हाम्रो विशेष ध्यान र प्रार्थनाको विषय त्यो दिन हुनुपर्छ।

'तपाईंको इच्छा पूरा होस् !'

यो विन्ती चढ़ाउँदाखेरि हामी स्वीकार गर्छौंः हो, कुनचाहिँ कुरा हाम्रा निम्ति उत्तम छ, त्यो परमेश्वर नै जान्नुहुन्छ; यसैले हामीले आफ्नो इच्छा उहाँको इच्छाको अधीनतामा सुम्पन्छौं। यस विन्तीमा सारा संसारका सबै मानिसहरूले उहाँको इच्छा र उद्देश्य मानिलिऊन् र उहाँको इच्छामनि आफूलाई सुम्पून् भन्ने चाहना छ।

'... स्वर्गमा भैं यस पृथ्वीमा पनि पूरा होस् !'

स्वर्गमा परमेश्वरको आराधना भइरहेको छ; स्वर्गमा परमेश्वरको शासन चल्दैछ; स्वर्गमा उहाँको इच्छा पूरा हुँदैछ। अघिका तीनवटा विन्तीहरू 'स्वर्गमा भैं यस पृथ्वीमा पनि पूरा होस्' भन्ने यस भनाइले समेट्छ। किनकि स्वर्गमा ती सबै कुराहरू भइरहन्छन्, सबै वास्तविकता भएका छन्। स्वर्गमा भइरहेका कुराहरू यस पृथ्वीमा पनि भइरहून् भन्ने अभिप्राय यस प्रार्थनाको मुटु हो।

मत्ती ६ःः११ः 'आज हाम्रो दिनहुँको रोटी हामीलाई दिनुहोस् !'

परमेश्वरका इच्छा र अभिप्रायहरूलाई पहिलो स्थान दिइसकेपछि हामीले आफ्नो खाँचो पेस गर्ने ठाउँ र मौका पाउँछौं। हाम्रो दैनिक भोजन, अँ, हाम्रो आत्मिक र शारीरिक खुराक परमेश्वरमाथि निर्भर रहन्छ; यस प्रार्थनाद्वारा हामी उहाँलाई के भन्छौं भने, हामीले उहाँबाट यी सब चीजहरू पाउने हाम्रो आशा र भरोसा उहाँमाथि राखेका छौं।

मत्ती ६ःः१२ः 'हाम्रा अपराधहरू/ऋणहरू हामीलाई क्षमा गर्नुहोस्, जसरी हामीले पनि हाम्रा अपराधीहरू/ऋणीहरूलाई क्षमा गर्दछौं।'

यहाँ भनिएको पापको क्षमाचाहिँ पापी मानिस परमेश्वरको न्यायमा पर्दा पापको दण्डदेखि छुटकारा पाउनलाई उसलाई दिइएको पापको क्षमा होइन। किनकि यस प्रकारको पापको क्षमा परमेश्वरका पुत्रको नाममा, प्रभु येशूमाथि विश्वास गरेर सित्तैंमा पाइन्छ। तर यहाँ बताइएको पापको क्षमाचाहिँ परमेश्वरको परिवारभित्रको कुरा हो। यदि हामीले परमेश्वर

पितासँगको सँगति कायम राख्न चाहन्छौं भने यस प्रकारको पापको क्षमा पाउनु आवश्यक छ। ख्रीष्ट-विश्वासीहरूले, जसले आफ्ना अपराधीहरूलाई क्षमा गर्न चाहँदैनन्, आफ्ना स्वर्गका पितासँग, जसले उनीहरूलाई उनीहरूका सबै पाप र अधर्महरू सित्तैंमा क्षमा गर्नुभयो, कसरी सँगत गर्ने वा सँगति कायम राख्ने आशा गर्न सक्छन् ?

मत्ती ६:१३: 'हामीलाई परीक्षामा नलैजानुहोस् !'

यस विन्ती र याकूब १:१३ पदले आपसमा मेल नखाएको जस्तो देखिन्छ। किनभने याकूबको पत्रमा लेखिएको छः परमेश्वरले कुनै पनि मानिसलाई परीक्षा गर्नुहुन्न। तर परमेश्वरले आफ्ना जनहरूलाई जाँच र पराख गर्न दिनुहुन्छ। यस विन्तीद्वारा परीक्षाहरूको सामना गर्दा र जाँच गरिने बेलामा स्थिर भई खड़ा रहन सक्नलाई म आफ्नो क्षमतामा निर्भर हुँदिनँ भन्ने कुरा व्यक्त गरिएको छ। आफ्नो विषयमा यस प्रकारको शङ्का गर्नु लाभप्रद कुरा हो। सुरक्षा परमेश्वरबाट आउँछ; यसैले मैले प्रभुमाथि पूर्णतया भरोसा राख्नुपर्छ; नत्र लड्नुपर्छ भन्ने कुरा यस प्रार्थनाको स्वीकार हो।

'तर हामीलाई दुष्टबाट छुटाउनुहोस् !'

यो प्रार्थना तिनीहरूका निम्ति हो, जसले परमेश्वरको शक्तिको सहायताले पापमा फस्नदेखि बाँच्न खूब चाह गर्छन्। आफ्नो दैनिक जीवनमा पापको शक्ति र शैतानको हर युक्तिबाट मुक्त हुनलाई विश्वासीले गरेको हृदयको पुकार यो हो।

'... किनभने राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईंकै हुन्। आमेन !'

रोमन् क्याथोलिक बाइबल र प्रायः सबै आधुनिक प्रोटेस्टेन्टका बाइबल-अनुवादहरूबाट यस प्रार्थनाको यो अन्तिम वाक्य हटाइएको छ; किनकि धेरै पुराना मूललिपीहरूमा यो वाक्य पाइँदैन। तर प्रभुको प्रार्थना अन्त्याउनलाई यो स्तुतिगान अति नै सुहाउँछ; अनि पवित्र बाइबलका प्रायः सबै मूललिपीहरूमा यो वाक्य पाइँदो रहेछ।[ज] श्री जोह्न काल्वीन्ले यस सम्बन्धमा भन्छन्: 'परमेश्वरको महिमा उद्घोषणा गर्न पाउँदा हाम्रो हृदय कति तातिन्छ, तर तातिने काम मात्र होइन, त्यस वाक्यले उहाँको महिमित

स्थानतिर लम्काउन हामीलाई प्रेरणा दिन्छ। त्यसले हामीलाई अरू के कुरा सम्झाउँछ भने, हाम्रा सबै प्रार्थनाहरूको भरोसारूपी जग परमेश्वर आफै हुनुहुन्छ, र उहाँ मात्र यिनको जग हुनुपर्छ नै; अरू कुनै आधार हुन सक्दैन।'

मत्ती ६:१४-१५: यी दुई पदहरूले अघि बाह्र पदमा भनिएको कुरालाई व्याख्या गर्ने टिप्पणीको रूपमा काम दिन्छन्। यी पदहरू प्रार्थनाको भाग होइनन्, तर परमेश्वरको परिवारमा पापको क्षमा पाउने कुरा कुन-कुन शर्तमा निर्भर छ भन्ने कुरा जोड़ दिनलाई ती थपिएका हुन्।

ड) गुप्त उपवास – प्रभु येशूले कसरी उपवास बस्नुपर्छ, सो सिकाउनुभएको (मत्ती ६:१६-१८)

मत्ती ६:१६: प्रभु येशूले यहाँ धार्मिक कपटको तेस्रो रूपमा, अर्थात् जानी-जानीकन उपवास बसेको छु भन्ने कुरा अरू मानिसहरूलाई देखाउने प्रयासमा दोषारोप लगाउनुभयो। उपवास बस्दा कपटीहरूले आफ्ना मुख बिगार्छन्; तिनीहरू दुब्ला, सिकुटे र दुःखी देखा पर्न खोज्छन्। तर प्रभु येशूले भन्नुहुन्छः पवित्र छु भनेर देखा पर्न गरिएका सबै प्रयास व्यर्थ र हाँसउठ्दा छन्।

मत्ती ६:१७-१८: ख्रीष्टभक्त विश्वासीहरूले गुप्तमा उपवास बस्नुपर्छ, र बाहिरबाट देखिने त्यसको कुनै लक्षण देखाउनुहुँदैन। **'तिमीचाहिँ आफ्नो शिरमा तेल लगाऊ, र आफ्नो मुख धोऊ!'** भनेको अर्थ अरू बेला जस्तो छौं, त्यस्तै देखा पर्नु हो। परमेश्वर पिताको सामु सबै कुरा उदाङ्गो छ; उहाँ सबै कुरा देख्नुहुन्छ र जान्नुहुन्छ। उहाँको इनाम मानिसहरूको प्रशंसा-भन्दा कत्तिको उत्तम हो।

उपवास

कुनै पनि शारीरिक भोक-तृष्णा नमेटाईकन त्यसबाट अलग बस्नुचाहिँ उपवास भनिन्छ। मत्ती ६ अध्यायमा उपवास स्वेच्छाले गरिन्छ; तर आफ्नो इच्छा नभएर पनि उपवास गरिन्छ (प्रेरित २७:३३ र २ कोरिन्थी ११:२७)। नयाँ नियमभरि उपवास प्रायः शोकसित (मत्ती ९:१४-१५) र प्रार्थनासित

सम्बन्धित हुन्छ (लूका २:३७ र प्रेरित १४:२३)। यी खण्डहरूमा, जहाँ उपवास प्रार्थनाको साथसाथै गरिएको छ, परमेश्वरको इच्छा बुझ्न पाऔं भन्ने उत्सुकता प्रार्थनाद्वारा प्रकट गरिएको छ।

मुक्तिको सम्बन्धमा उपवास बस्ने काम कुनै मूल्यको हुँदैन, न ता उपवास बसाइले हामीलाई परमेश्वरको सामु विशेष योग्यता प्रदान गर्छ। कुनै समयमा एकजना फरिसीले हप्तामा दुई पल्ट उपवास बसेको छु भन्ने कुराको विषयमा गर्व गऱ्यो, तर यसरी नै परमेश्वरको सामु धर्मी गनिन खोज्दा-खोज्दै ऊ धर्मी ठहरिएन, तर विफल भयो (लूका १८:१२ र १४)। तर आत्मिक अभ्यासको रूपमा एकजना इसाईले गुप्तमा उपवास बस्छ भने परमेश्वरले यो देख्नुहुन्छ र यसको इनाम दिनुहुन्छ। उपवास बस्नुपर्छ भन्ने आज्ञा हामी नयाँ नियमभित्र पाउँदैनौं, तर उपवास बस्नलाई नयाँ नियमले हामीलाई प्रोत्साहन दिन्छ, र उपवासबाट इनाम पाउने प्रतिज्ञा गर्छ। प्रार्थनाको जीवन जब खल्लो हुन्छ र निद्राले हामीलाई सताउँछ, तब उपवासले यो सब हटाउन सक्छ र प्रार्थना गर्नमा सहायता दिन्छ। आपत् परेको बेलामा, आफ्नो जीवनमा परमेश्वरको इच्छा बुझ्नुपर्दाखेरि, उपवास मूल्यवान् हुन्छ। उपवास बस्ने मानिसले आत्मसंयमी हुने प्रयासमा उन्नति गर्छ। उपवासचाहिँ आफू र परमेश्वरको बीचको कुरा हो। परमेश्वरलाई प्रसन्न तुल्याउने इच्छा र उद्देश्यले गरेको उपवास बसाइ मात्र ठीक हुन्छ। अरूको करकापले वा मानिसहरूलाई देखाउने हिसाबले गल्ती अभिप्राय लिएर गरेको उपवासचाहिँ मूल्यहीन हुन जान्छ।

ढ) स्वर्गमा धन थुपार! (मत्ती ६:१९-२१)

यस खण्डमा हाम्रा प्रभु येशूले आफ्नो शिक्षाको सबभन्दा क्रान्तिकारी उपदेश दिनुभएको छ, जसको लापरवाही पनि व्यापक छ। यस अध्यायको बाँकी भागको विषयवस्तुचाहिँ यो होः भविष्यको बारेमा गरिने फिक्रीचिन्ताबाट छुटकारा पाई कसरी सुरक्षित बस्न सकिन्छ?

मत्ती ६:१९-२०: आफ्नो भविष्य सुरक्षित राख्नलाई गरिने सबै आर्थिक प्रबन्धहरूको सम्बन्धमा मानिसहरूले जति सल्लाह दिन्छन्, तिनको

खण्डन् प्रभु येशूले यहाँ गर्नुभएको छ। जब प्रभु येशूले **'आफ्ना निम्ति पृथ्वीमा सम्पत्ति नथुपार!'** भन्नुहुन्छ, तब उहाँले भौतिक थोकहरूमा कुनै सुरक्षा पाइँदैन भन्ने कुरा सङ्केत गर्नुभएको हो। पृथ्वीमाथिको जुनसुकै किसिमको धनसम्पत्ति किन नहोस्, प्राकृतिक प्रकोपले (कीराले वा खियाले) त्यसलाई नाश पार्न सकिन्छ, अथवा चोरहरूले त्यसलाई चोर्छन्। प्रभु येशूले भन्नुहुन्छः स्वर्गमा थुपारिएको धनबाहेक अरू कुनै वस्तु छैन, जसको लगानीबाट कुनै हानि उठाउनुपर्दैन।

मत्ती ६:२१: प्रभु येशूले रुपियाँपैसाको सम्बन्धमा जुन मूलभूत नियम यहाँ पेस गर्नुभएको छ, त्यसको शिक्षारूपी जग यी शब्दहरूमा स्थापित गरिएको छः **'जहाँ तिमीहरूको सम्पत्ति छ, त्यहाँ तिमीहरूको मन पनि हुनेछ।'** हाम्रो रुपियाँ ढुकुटीमा छ भने हाम्रो मनको चाहना र फिक्री त्यहीं जान्छ। हाम्रो धनसम्पत्ति स्वर्गमा छ भने हाम्रो इच्छा त्यसमा केन्द्रित रहन्छ। आफ्ना निम्ति निर्णय गरौंः के प्रभु येशूले भन्नुभएको कुराको मतलब यही थियो त? उहाँले भन्नुभएको कुरामा अर्थ यही हो भने हाम्रा निम्ति एउटा प्रश्न तयार छः 'आफ्ना सांसारिक धनसम्पत्ति लिएर हामी के गरौं?' उहाँले भन्नुभएको कुरामा अर्को अर्थ लगाउनेले विचार गरोस्ः 'पवित्र बाइबलसित तपाईं अब के गर्नुहुन्छ, र कसरी पढ्नुहुन्छ?'

ण) हाम्रो शरीरको बत्ती (मत्ती ६:२२-२३)

भविष्यलाई सुरक्षित पार्ने हेतुले गरिने सम्बन्धमा मानिसहरूको चालचलनको विरोधमा जाने प्रभु येशूको शिक्षाले कहाँसम्म काम गर्ने हो, सो जान्न उहाँका चेलाहरूका निम्ति गाह्रो हुन्छ भन्ने कुरा प्रभु येशूलाई थाहै थियो। यसैकारणले उहाँले आत्मिक दृष्टिको विषयमा एउटा पाठ सिकाउनका निम्ति मानिसको आँखाको सादृश्य लिनुभयो। उहाँले भन्नुभयोः शरीरको बत्ती आँखा हो। आँखामार्फत मानिसको शरीरले प्रकाश पाउँछ र देख्न सक्छ। आँखा असल/निर्मल छ भने सम्पूर्ण शरीर उज्यालोले प्रज्वलित हुन्छ। तर आँखा खराब छ भने दृष्टि धमिलो हुन्छ। उज्यालो हुनको सट्टामा शरीरलाई अन्धकारले छोपेको छ।

यसको स्पष्ट अर्थ यो होः एउटा असल, निर्मल आँखा त्यस मानिसको हुन्छ, जसका उद्देश्य र अभिप्रायहरू शुद्ध छन् । उसको एकमात्र चाहनाचाहिँ ती कुराहरू हुन्, जसमा परमेश्वरको रुचि हुन्छ । अनि उसले प्रभु येशूका शिक्षाहरू खुशीसाथ स्वीकार गर्छ, र तिनका अर्थ शाब्दिक रूप मानिलिन्छ । उसको सम्पूर्ण जीवन आत्मिक प्रकाशले पूर्ण हुन्छ, उज्यालो-उज्यालो हुन्छ । उसले प्रभु येशूका वचनहरू पत्यार गर्छ । उसले भौतिक धनलाई त्यागिदिन्छ । उसले स्वर्गमा धन थुपार्छ । उसले जान्दछः साँचो सुरक्षा दिने एकमात्र उपाय यो हुँदो रहेछ ।

उता, खराब आँखा त्यस मानिसको हुन्छ, जसले दुवै लोकका निम्ति जिउन कोशिश गर्छ । त्यसले सांसारिक धनलाई छोड्न चाहँदैन, तर त्यसले स्वर्गको धन पनि चाह गर्छ । त्यसले 'चिचीको पनि लोभ, पापाको पनि लोभ' गर्छ । प्रभु येशूका शिक्षाहरू त्यस व्यक्तिका निम्ति असम्भव, व्यवहारमा ल्याउन नसक्ने हुन्छन् । त्यस्तोलाई स्पष्ट मार्ग-दर्शनको अभाव छ; किनकि त्यो अन्धकारले पूर्ण छ ।

प्रभु येशूले अझ थपेर भन्नुहुन्छः **'यसकारण तिमीमा भएको उज्यालोधरि अँध्यारो हुन्छ भने त्यो अँध्यारो कति ठूलो होला !'** अर्को शब्दमा भन्नु हो भने, 'तिमीले संसारको धनलाई आफ्नो भविष्य सुरक्षित तुल्याउने माध्यम बनाउनुहुँदैन' भन्ने प्रभु येशूको आज्ञा जानेर-बुझेर पनि हामीले येन केन प्रकारेण त्यसलाई उल्लङ्घन गर्छौं भने हामीले पालन नगरेको प्रभुको यो शिक्षा हाम्रा निम्ति अन्धकार हुन जान्छ, र एक प्रकारको बाक्लो आत्मिक अन्धोपन बन्छ । यसैले अब उसो धनसम्पत्तिको बारेमा हाम्रो सही दृश्य रहनेछैन ।

त) कि ता परमेश्वरको, कि ता धनको सेवा गर !
(मत्ती ६ः२४)

एकसाथ परमेश्वर र धन दुवैको सेवा गर्न असम्भव छ भन्ने कुरा स्पष्ट पार्दै प्रभु येशूले मालिक र दासको उदाहरण लिनुभयो । **'कसैले पनि दुईजना मालिकहरूको सेवा गर्न सक्दैन ।'** ती दुईमा एकजनाचाहिँ अवश्य उसको

जीवनमा अघि सरेर उसका भक्ति र आज्ञाकारिता पाउने नै छ। परमेश्वर र धनसित पनि यस्तै हुनेछ। ती दुईचाहिँ दुईजना मालिक हुन्छन् जो आपसमा मिल्दैनन्; हरेकले हामीमाथि आफ्नो स्वामित्व दाबी गर्छन्। यसैले हामीले कसको सेवा गर्ने हो, यसको निर्णय गर्नुपर्छ। कि ता हामी परमेश्वरलाई पहिलो स्थान दिन्छौं, र हाम्रो जीवनमाथि भौतिक कुराहरूको नियन्त्रण इन्कार गर्नुपर्छ। कि ता हामीले क्षणिक कुराहरूका निम्ति जिएर हाम्रो जीवनमा परमेश्वरको स्वामित्व इन्कार गर्नुपर्छ।

थ) फिक्री नगर! (मत्ती ६:२५-३४)

यस खण्डमा प्रभु येशूले खाने र लाउने कुरामा ध्यान लगाएर आफ्नो जीवनको केन्द्र बनाउने हाम्रो कमजोरीमा दोषारोप लगाउनुभयो। किनकि यसो गर्दा हामी जीवनको खास उद्देश्य गुमाइपठाउँछौं। आज के खाने, आज के लाउने, यो हाम्रो समस्या होइन, तर अबको दस, बीस वा तीस वर्षपछि हामी के खाऔं, के लाऔं, त्यो हाम्रो जटिल समस्या बनेको छ। यसरी भविष्यको विषयमा गरिएको फिक्री पाप हो; किनकि फिक्री गर्दा हामी परमेश्वरको प्रेम, उहाँको बुद्धि र शक्तिलाई इन्कार गर्छौं। चिन्ता गर्नु भनेको परमेश्वरको प्रेम इन्कार गर्नु हो; किनकि उहाँले हाम्रो वास्ता गर्नुहुन्छ भन्ने कुरामा हामी विश्वास गर्दैनौं। चिन्ता गर्नु भनेको परमेश्वरको बुद्धिलाई इन्कार गर्नु हो; किनभने उहाँले के गर्नुभएको छ, र के गर्नुहुनेछ, सो आफैले जान्नुहुन्न भन्ने शङ्का गर्छौं। अनि चिन्ता गर्नु भनेको उहाँको शक्तिलाई इन्कार गर्नु हो; किनकि उहाँले हाम्रो खाँचो पूरा गर्न सक्नुहुन्छ भन्ने कुरा हामीलाई पत्यार लाग्दैन।

यस प्रकारको फिक्रीले गर्दा हामी आफ्नो जीवन धाउन पर्याप्त उपाय खोज्ने धुनमा भएभरको बल खर्च गरिपठाउँछौं। यसरी थाह नपाई हाम्रो जिन्दगी बितिजान्छ; अनि परमेश्वरले हामीलाई जुन उद्देश्यका निम्ति सृष्टि गर्नुभयो, त्यसको खास अर्थ के थियो, सो नजानी हामी पूरा गर्दैनौं। परमेश्वरले हामीलाई आफ्नो स्वरूपमा सृष्टि गर्नुभयो; यसमा उहाँको उद्देश्य केवल खानु र पिउनु थिएन, तर यसो गर्नुको उहाँको उच्च विचार छ।

परमेश्वरलाई प्रेम गर्न, उहाँको आराधना गर्न र उहाँको सेवा गर्न हामी यस संसारमा छौं। हामी संसारमा उहाँका इच्छा र अभिप्रायहरू कायम राख्ने उहाँका प्रतिनिधि हौं। हाम्रा शरीर हाम्रो मालिक हुने होइन, तर त्यो ता हाम्रो सेवक पो हुनुपर्छ।

मत्ती ६:२६: आकाशका चराचरुङ्गीहरूलाई हेर! किनकि तिनीहरू उहाँले सृष्टि गर्नुभएका थोकहरूप्रति परमेश्वरको वास्ता कति ठूलो छ, सो देखाउँछन्। तिनीहरूको जीवन हाम्रा निम्ति 'तिमीहरूले कुनै फिक्रीचिन्ता गर्नुपर्दैन' भन्ने सन्देश हो। **'किनकि ती न ता बीउ छर्छन्, न कटनी गर्छन्, ... तर पनि तिमीहरूका स्वर्गीय पिताले तिनीहरूलाई खुवाउनुहुन्छ।'** सृष्टि गरिएका थोकहरूका श्रेणी हेर्दा मानिसचाहिँ चराहरूभन्दा धेरै मूल्यवान् हुन्छ। यसैले परमेश्वरले हाम्रो खाँचो पूरा गर्नुहुन्छ भन्ने निश्चित आशा हामी उहाँमाथि राख्न सक्छौं।

तर यसबाट हाम्रा दैनिक आवश्यकताहरूका निम्ति हामीले काम गर्नुपर्दैन रहेछ भन्ने भूलअर्थ ननिकालौं। प्रेरित पावलले हामीलाई सम्झाउँछन्: ***'यदि कसैले काम गर्न चाहँदैन भने, त्यसले नखाओस् पनि'*** (२ थेस्सलोनिकी ३:१०)। कृषकले बीउ छर्नु र कटनी गर्नुहुँदैन भन्ने भूलधारणा नअपनाऔं। वर्तमान् आवश्यकताहरूका निम्ति काम र परिश्रमद्वारा प्रबन्ध गर्नुपर्छ। यो परमेश्वरले मानिसलाई दिनुभएको कर्तव्य हो। प्रभु येशूले यहाँ, यस खण्डमा कुन कुरा मनाही गर्नुभयो त? परमेश्वरमाथि भर नपरेर आफूखुसी आफ्नो भविष्यका निम्ति ठूला-ठूला ढुकुटीहरू भरेका-भरेकैचाहिँ हुनुहुँदैन। (लूका १२:१६-२१ पदमा प्रभुले मूर्ख धनवानको कथा बताउँदा यसो गर्ने कामकुरामा दोष भेट्टाउनुभयो।) स्क्रीप्चर यूनिन्का दैनिक टिपनले छबीस पदको सङ्क्षिप्त सार यस प्रकारले दिन्छः 'यस पदमा भनिएको कुराको सम्बन्धमा हाम्रो तर्क यस्तो छः परमेश्वरले आफ्नो सृष्टिमा निम्न स्तर परेका चराहरूका निम्ति प्रबन्ध गर्नुहुन्छ, जसले यसमा सक्रीय रूपले भाग लिँदैनन्, र यसको बारेमा केही जान्दैनन्। तब सर्वश्रेष्ठ मानिस, जसका निम्ति सबै थोकहरू सृष्टि गरिएका हुन्, के परमेश्वरले यी मानिसलाई झन् बढ्ता गरी पाल्नुहुन्न, जब तिनले उहाँको प्रबन्ध गर्ने काममा सक्रीय रूपले साथ दिन्छन्?'

मत्ती ६ः२७ः भविष्यका निम्ति फिक्री गर्नुचाहिँ परमेश्वरलाई अनादर गर्नु हो; त्यत्ति मात्र होइन, तर यसो गर्नु व्यर्थ पनि छ। प्रभु येशूले निम्न प्रश्न सोधेर हामीलाई यसको याद दिलाउनुहुन्छः **'तिमीहरूमध्ये कुनचाहिँले फिक्री गरेर आफ्नो उचाइमा एक हात थप्न सक्छ र?'** एउटा पुड्को मानिसले फिक्री गरेर आफ्नो कदमा एक हात अर्थात् अठार इन्च बढ़ाउन सक्दैन। फिक्री गरेर भविष्यका निम्ति यावत् थोक जुटाउन सकिने भए ता ! त्योभन्दा बरु कदमा एक हात थपिन सजिलो हुनेथियो।

मत्ती ६ः२८-३०ः अब प्रभु येशूले भविष्यमा के लाऊँ भन्ने फिक्रीचाहिँ बिनाकारण र कति व्यर्थ रहेछ, सो देखाउनुहुन्छ। **'मैदानका लिली फूलहरूलाई विचार गर !'** (जो शायद अनेमोना फूलहरू थिए)। **'ती न ता परिश्रम गर्छन्, न ता दागो कात्छन्।'** तर तिनीहरूको सुन्दरता राजा सुलेमानको महिमित वस्त्रको भन्दा ज्यादा थियो। परमेश्वरले ती जङ्गली फूलहरूका निम्ति यति सुन्दर पहिरन जुटाउनुहुन्छ, जसको आयु थोरै दिनको मात्र हुन्छ र जो भोलि चुलामा फालिनेछन्; तब उहाँले झन् बढ़ता गरी आफ्ना जनहरूको प्रबन्ध गर्नुहुन्छ, जसले उहाँलाई आराधना चढ़ाउँछन् र उहाँको सेवा गर्छन्।

मत्ती ६ः३१-३२ः यस सम्बन्धमा प्रभु येशूको शिक्षाको सार सुनौंः भविष्यमा हामी के खाऔं, के पिऔं वा के पहिरौं भन्ने फिक्रीले प्रेरित भई हामी यस्ता कुराको खोजमा आफ्नो जीवन बिताउनुहुँदैन। अन्यजातिहरू, अर्थात् मुक्ति नपाएका मानिसहरू मानौं खाने र लाउने कुराहरू नै तिनीहरूको जीवनको सर्वस्य भएझैं मूर्ख तवरले भौतिक कुराहरूको थुप्रो लगाउँदै केवल यस्ता कुराहरूको पछि लाग्छन्। तर ख्रीष्टियानहरूचाहिँ यस्ता हुनुहुँदैन; किनकि स्वर्गमा उनीहरूका सबै आवश्यकताहरू जान्नुहुने र जुटाउनुहुने पिता हुनुहुन्छ।

ख्रीष्टियानहरूले आफ्नो सामु 'मैले अघिबाट भविष्यमा चाहिने सबै कुराहरूको प्रबन्ध गर्नुपर्छ' भन्ने लक्ष्य राखे भने उनीहरूको सब समय र बल धन कमाउने र थुपार्ने काममा खर्च गरिनेछ। 'मैले कमाएर जम्म गरेको धन पर्याप्त हुन्छ' भनेर उनीहरू कहिल्यै ढुक्क हुन सक्दैनन्। किनभने सधैं

सेयर-मार्केटको पतन, मुद्राको मूल्य निरन्तर घटेर गएको, बॅर्डफ्लू, स्वाइन्फ्लूजस्तै महामारी, महाविपत्ति, अथवा लामो बिमारी, दुर्घटना, पक्षवातको अवस्था आदि नराम्रा कुराहरू घट्ने डर भइबस्छ। यसो हुँदा परमेश्वरले आफ्नो जनहरूबाट कहिल्यै कुनै सेवा पाउनुहुनेछैन। यसो हुँदा उहाँले उनीहरूलाई कुन कारणले सृष्टि गर्नुभयो, र कुन उद्देश्यले बचाउनुभयो, सो मतलबहीन हुनेछ, होइन र? विचरा! परमेश्वरको स्वरूपमा बनाइएका मानिसहरू – पुरुष र स्त्रीहरू – यस पृथ्वीमा आफ्नो अनिश्चित भविष्यका निम्ति धुकचुक मान्दै जीवन व्यतीत गर्दा रहेछन्, जब उनीहरूले अनन्तकालका निम्ति, स्वर्गमा महत्त्वपूर्ण ठहरिने कुराहरूमाथि आफ्ना आँखा लगाएर जिउनुपर्नेथियो।

मत्ती ६:३३: यसकारण हाम्रा प्रभुले अब आफ्ना चेलाहरूसित एउटा करार बाँध्नुहुन्छ। वास्तवमा, उहाँ भन्नुहुन्छः 'परमेश्वरका निम्ति महत्त्वपूर्ण हुने कुराहरू तिमीहरूले आफ्नो जीवनमा पहिलो स्थान दिन्छौ भने तिमीहरूलाई भविष्यमा चाहिने सबै कुराहरूका निम्ति म नै जिम्मेवार हुनेछु। तिमीहरूले परमेश्वरको राज्य र उहाँको धार्मिकताको खोजी गर्छौ भने म यी सबै थोकहरू तिमीहरूलाई दिनेछु, र तिमीहरूलाई जीवनमा चाहिने कुनै पनि कुराको अभाव हुनेछैन।'

मत्ती ६:३४: यो हो भविष्यका निम्ति परमेश्वरको संरक्षा-कोष। ख्रीष्ट-विश्वासीको कर्तव्यचाहिँ प्रभु येशूका निम्ति जिउनु हो; परमेश्वरले प्रबन्ध गर्नुहुनेछ भन्ने दृढ़ संकाल्प लिएर उसले भविष्यमा चाहिने कुराका निम्ति उहाँमाथि पूरा भरोसा गर्नुपर्छ। जागिर भनौं, नोकरी भनौं, हाम्रो इलम, काम, धन्दा आदि जेसुकै भनौं, यो त अहिलेका निम्ति गुजारा गर्ने मेला मात्र हो। यसभन्दा बढ़ता हामीसँग जे छ, सबैचाहिँ प्रभुको काममा लगाऔं! हामी आजको दिनका निम्ति जिउन बोलाइएका छौं; **'भोलिको दिनले आफ्नै थोकहरूका निम्ति फिक्री गर्नेछ।'**

द) अनुचित आलोचना नगर! (मत्ती ७:१-६)

संसारको धनको सम्बन्धमा प्रभु येशूले जुन चेताउनीपूर्ण शिक्षा दिनुभयो, ठीक त्यसको पछि न्यायको विषयमा यो खण्ड आउँछ। यी दुई

विषयहरूको बीचको सम्बन्ध महत्त्वपूर्ण छ। यता, एउटा इसाई भाइबहिनीका लागि, जसले प्रभुका निम्ति सबै थोक त्यागेको छ, अरू धनवान् इसाईहरूलाई दोष लगाउन सजिलो पर्छ। उता, पछि हुन आउने समयका निम्ति आफ्ना परिवारका आवश्यकताहरू जुटाउन परिश्रम गर्ने इसाईहरूले 'तिमीले प्रभु येशूको यस शिक्षामा किन यति अक्षरशः अर्थ लगाउँछौ ?' भनेर प्रभु येशूले मत्ती ६ अध्यायमा दिनुभएको शिक्षालाई कम महत्त्व दिन्छन्; तिनीहरूको झुकाउ यस्तै छ। जे होस्, आपसमा यस्तो दोष लगाउने आलोचना गर्नु कुनै रीतिले उचित छैन; किनकि कोही व्यक्ति पनि केवल परमेश्वरमाथि निर्भर रहेर सम्पूर्ण रूपले विश्वासको आधारमा जिउने जीवन जिउँदैन।

अरूको न्याय नगर भन्ने आज्ञा निम्न क्षेत्रमा लागू हुन्छः **क)** हामीले कसैको मनसाय, वा मनोभावनाको जाँच गर्नुहुँदैन। परमेश्वरले मात्र मनको कुरा जान्नुहुन्छ। **ख)** हामीले बाहिरी रूप हेरेर कसैलाई न्याय गर्नुहुँदैन (यूहन्ना ७:२४ र याकूब २:१-४)। **ग)** जुन विषयहरू शङ्कापूर्ण हुन्छन्, जो न ठीक न बेठीक हुन्छन्, तिनको सम्बन्धमा कसैको विवेक कमजोर भएदेखि त्यस्तालाई पनि हामीले न्याय गर्नुहुँदैन। **घ)** हामीले अरू इसाई भाइबहिनीको सेवकाइ न्याय गर्नुहुँदैन (१ कोरिन्थी ४:१-५)। **ङ)** हामीले आफ्नो सङ्गी-विश्वासीको बदनामी गरेर उसको न्याय गर्नुहुँदैन (याकूब ४:११-१२)।

मत्ती ७:१: कहिलेकहीं हाम्रा प्रभु येशूका यी शब्दहरूमा गलत अर्थ लगाईकन मानिसहरूले जुनै प्रकारको न्याय गर्नुहुँदैन भनेर सिकाउँछन्। जे-जस्तोसुकै किन नहोस्, तिनीहरूले सधैं भक्तिसाथ भन्छन्: 'न्याय नगर ! नत्र तिमीहरूको न्याय गरिनेछ।' तर प्रभु येशूले हामीलाई विवेकहीन इसाई तुल्याउने शिक्षा दिनुभएको होइन। विवेकजस्तो असल र खराब छुट्ट्याउन सक्ने, छानबिन गर्न सक्ने हाम्रो इन्द्रियलाई इन्कार गर्नु उहाँको इच्छा होइन। नयाँ नियममा परिस्थिति, चालचलन वा अरू मानिसहरूले सिकाएको शिक्षा आदि कुराको विषयमा साँचो किसिमको न्याय गरेका उदाहरणहरू धेरै छन्। यति मात्र होइन, तर इसाईहरूले क्षेत्र-क्षेत्रमा कुन प्रकारले निर्णय लिनुपर्छ,

कुन प्रकारले असल र खराबको बीचमा, अँ, असल र सबभन्दा उत्तमको बीचमा छुट्ट्याउनुपर्छ, सो सम्बन्धमा उनीहरूलाई आज्ञाहरू दिइएका छन् ।

हाम्रो विवेचना-शक्ति प्रयोग गर्ने निम्न केही क्षेत्रहरू छन्ः

१) जब विश्वासी-विश्वासीको बीचमा वादविवादहरू उठ्छन्, तब मण्डलीमा ती वादविवादहरू न्याय वा निर्णय गर्ने क्षमता भएका दाजुभाइ-हरूको सामु समाधान/हाल गर्नुपर्छ (१ कोरिन्थी ६:१-८) ।

२) स्थानीय मण्डलीले आफ्ना सदस्य/सदस्याहरूले गरेका गम्भीर पापहरूको सम्बन्धमा न्याय गर्नुपर्छ र उचित कारबाही गर्नुपर्छ (मत्ती १८:१७ र १ कोरिन्थी ५:९-१३) ।

३) शिक्षक र प्रचारकहरूको शिक्षा केकस्तो छ, परमेश्वरको वचन लिएर जाँच्नुपर्छ (मत्ती ७:१५-२०, १ कोरिन्थी १४:२९ र १ यूहन्ना ४:१)

४) ख्रीष्टियानहरूले अरू मानिसहरू विश्वासी छन् कि छैनन् भनेर तिनीहरूलाई जाँच्नुपर्छ; नत्र उनीहरूले प्रेरित पावलले २ कोरिन्थी ६:१४ पदमा दिएको आज्ञा पालन गर्न सक्दैनन् ।

५) कुन-कुन व्यक्तिमा चाहिँ एल्डर र डिकन हुनका निम्ति चाहिने योग्यताहरू हुन्छन्, सो मण्डलीभित्र हुनेहरूले जाँच्नुपर्छ (१ तिमोथी ३:१-१३) ।

६) विश्वासीहरूमा कोचाहिँ अटेरी, कसले चाहिँ हरेश खाएको, कोचाहिँ कमजोर भएको, सो हामीले छुट्ट्याउनुपर्छ, नत्र ता हामी पवित्र बाइबलका शिक्षाहरूअनुसार तिनीहरूसँग व्यवहार गर्न सक्दैनौं (१ थेस्सलोनिकी ५:१४) ।

मत्ती ७:२: प्रभु येशूले बेठीक प्रकारको न्याय गरेको प्रतिफल निम्न प्रकारको हुनेछ भनेर चेताउनी दिँदै भन्नुहुन्छः **'जुन न्यायले तिमीहरू न्याय गर्दछौ, त्यसरी नै तिमीहरूको न्याय पनि गरिनेछ।'** जे रोप्छौं वा छर्छौं, त्यसको कटनी पनि गर्छौं भन्ने नियम मानिसको जीवनका सबै क्षेत्रमा लागू हुन्छ। मर्कूसले यही नियम हामी परमेश्वरको वचन कसरी सुन्छौं, कसरी ग्रहण गर्छौं, त्यस कुरामा लागू गर्दछन् (मर्कूस ४:२४) भने लूकाले त्यही नियम हामी कति उदारचित्त भई दिने सम्बन्धमा लागू गर्दछन् (लूका ६:३८) ।

मत्ती ७:३-५: प्रभु येशूले अरू कसैको जीवनमा सानो गल्ती/कसूर देख्ने, तर आफ्नो जीवनमा त्यही कुरामा ध्यान नदिने हाम्रो स्वभावको यो झुकाउ उदाङ्गो पार्नुभयो। यस कुरामा हाम्रो ध्यान आकर्षण गराउनका निम्ति प्रभु येशूले बढ़ाइचढ़ाइयुक्त शब्दहरू, जसलाई अतिशययोक्ति भनिन्छ, प्रयोग गर्नुभयो। जसको आँखामा मुढ़ा छ, त्यसैले प्रायः अरू कसैको आँखामा भएको छेस्कोलाई भेट्टाइहाल्दो रहेछ, तर आफ्नो अवस्था चालै पाउँदैन रहेछ। 'अर्काको आङमा जुम्रा हिँड़ेको देख्नु, तर आफ्नो आङमा भैंसी हिँड़ेको नदेखेझैं भएछ। हाम्रो व्यवहार कपटपूर्ण हुन्छ, जब फलानाको कसूर सुधार्न म सहायता गर्न सक्छु भनी हामीलाई लाग्छ, तर हाम्रो जीवनमा एउटा कसूर छ, जो उसको भन्दा ठूलो हुन्छ। अर्काको जीवनमा दोषको आलोचना गर्नभन्दा पहिले हामीले आफ्नो जीवनमा भएका गल्तीहरू सुधार्नुपर्छ।

मत्ती ७:६: प्रभु येशूले हर किसिमको न्याय गर्ने काम मनाही गर्नुभएको छैन भन्ने कुराको प्रमाण यस पदले दिन्छ। किनकि उहाँले आफ्ना चेलाहरूलाई **'पवित्र थोकहरू कुकुरहरूलाई नदेओ, न ता आफ्ना मोतीहरू सुँगुरहरूको अघि छर!'** भनेर चेताउनी दिनुभयो। मोशाको व्यवस्थामा कुकुर र सुँगुर अशुद्ध पशुको रूपमा मानिन्थे; तर यहाँ प्रभुले यी शब्द चलाएर दुष्ट मानिसहरूलाई सङ्केत गर्नुहुन्छ। जब हामी दुष्ट मानिसहरूलाई भेट्छौं, जसले ईश्वरीय सत्यताहरूलाई घृणा र अपमान गर्छन्, साथै हाम्रो प्रचारद्वारा सबै मानिसहरूमाथि प्रभु येशूको अधिकारको घोषणा गरेको प्रतिउत्तरमा हामीसँग दुर्व्यवहार र अत्याचार गर्छन् भने त्यस्ताहरूलाई अझ पनि सुसमाचार प्रचार गर्ने हाम्रो बाध्यता छैन। यही आज्ञा वास्ता नगीकन जबरजस्ती त्यस्ताहरूलाई सुसमाचार सुनाइरहनेले आफूमाथि निन्दाको राश निम्त्याउँछ।

त्यस्ता मानिसहरूलाई चिन्नका निम्ति हामीसँग आत्मिक ज्ञानशक्तिको आवश्यकता पर्छ; यो भनिरहनुपर्दैन। हुन सक्छ, यही कारणले अबका पदहरूले प्रार्थनालाई आफ्नो विषयवस्तु तुल्याएका छन्; किनभने प्रार्थना गरेर हामी बुद्धि माग्न सक्छौं।

ध) लगातार मागिरह, खोजिराख र ढकढक्याइराख !
(मत्ती ७:७-१२)

मत्ती ७:७-८: के पहाड़ी उपदेशमा प्रस्तुत गरिएका शिक्षाहरूअनुसार जिएर हामी ती आदेशहरू आफ्नो शक्तिले पूरा गर्न सक्छौं जस्तै लाग्छ? तब हाम्रा प्रभु येशूले हामीलाई जुन जीवनको बोलावट दिनुभएको छ, त्यसका गुण र चरित्रचाहिँ हाम्रो स्वभावदेखि कति बाहिरको हुन्छ, सो हामीले अलिकति पनि बुझेका छैनौं। यस्तो जीवन जिउने बुद्धि र शक्ति हामीलाई माथिबाट, परमेश्वरबाट दिइएको हुनुपर्छ। यसकारण हाम्रा निम्ति निमन्त्रणा छः 'माग, र मागिरहो, खोज र खोजिराख, ढकढक्याओ र ढकढक्याइराख !' जसले इसाई जीवन जिउन सक्नलाई बुद्धि र शक्ति पाऔं भनेर यत्नपूर्वक र लगातार प्रार्थना गर्छन्, उनीहरू सबैले यो पाउनेछन्।

यिनको सन्दर्भबाट निकालेर यी दुई पदहरूले 'ए, माग्यो भने जे पनि पाइहाल्दो रहेछ !' भन्ने कुरा सिकाएका छन्, र हामी विश्वासीहरूलाई 'कोरा चेक' दिएका छन्, जस्तो देखा पर्छ। तर यो बिलकुल साँचो होइन। यी पदहरू हामीले तिनको वरिपरिको सन्दर्भअनुसार र पवित्र बाइबलले प्रार्थनाको विषयमा के-के सिकाएको छ, त्यसको प्रकाशअनुसार बुझ्नुपर्छ। यसैले यहाँ जे कुरा शर्तबिना दिइएका प्रतिज्ञाहरूजस्तै देखिन्छ, त्यसमा अरू बाइबलका पदहरूले लगाम लगाउँछन्, जस्तो भजन ६६:१८ पद, जसबाट हामी सिक्छौं कि प्रार्थना गर्ने व्यक्तिको जीवनमा कुनै पाप हुनुहुँदैन, जो मानिलिइएको छ। हामीले विश्वाससाथ प्रार्थना गर्नुपर्छ (याकूब १:६-८); अनि उहाँको इच्छासित मेल खाने गरी प्रार्थना गर्नुपर्छ (१ यूहन्ना ५:१४); हामी प्रार्थना गर्नुमा अटल रहनुपर्छ (लूका १८:१-८)। हामीले साँचो मनले प्रार्थना गर्नुपर्छ (हिब्रू १०:२२)।

मत्ती ७:९-१०: जब हामीले यी शर्तहरू पूरा गरेका हुन्छौं, तब परमेश्वरले हाम्रो प्रार्थना सुन्नुहुन्छ, अनि सुनेपछि उत्तर पनि दिनुहुन्छ भन्ने कुरामा हामी पूरा रूपले निश्चित भई ढुक्का रहन सक्छौं। प्रार्थनाको उत्तर पाउँछौं-पाउँछौं भनेर हामी किन पूरा निश्चित हुन सक्छौं? हाम्रा पिता

परमेश्वरको विश्वासयोग्य स्वभाव हाम्रो निश्यचताको मूलकारण हो। परमेश्वर हाम्रा परमपिताको कुरा एक छिन छोड़िदिऔं ! हामीले मानिसको एउटा बुवाको मात्र उदाहरण लियौं भने पनि हामीलाई थाहै छः छोराले रोटी माग्यो भने बुवाले उसलाई ढुङ्गा दिँदैनन्। छोराले माछा माग्यो भने तिनले उसलाई साँप दिँदैनन् नि। संसारमा परिवारका एक बुवाले भोकाएको छोरालाई धोका दिँदैनन् र उसलाई कुनै हानिकारक थोक बिलकुलै दिँदैनन् भने हाम्रा स्वर्गका पिताले हामीसित केकस्तो व्यवहार गर्नुहुन्छ होला, आफै विचार गर्नुहोस् !

मत्ती ७:११: प्रभु येशूले आफ्नो तर्क प्रस्तुत गर्दाखेरि छुद्र मानिसबाट शुरु गरेर कुरा महान् परमेश्वरसम्म उठाउँदै लानुहुन्छ अर्थात् जब बुवाआमाले आफ्ना छोराछोरीहरूका वित्ती सुन्छन्, र तिनीहरूलाई सबभन्दा उत्तम चीज दिएर पूरा गर्छन् भने स्वर्गमा हुनुहुने तिमीहरूका पिताले कति बढ़ता गरी असल कुराहरू दिनुहुन्छ नै।

मत्ती ७:१२: बाह्र पदमा कुन अर्थ लगाएर हामी यसलाई अघि भनिएको कुरासित जोड़ौं ? यसको अर्थ यो हुन्छ होलाः हाम्रा परमेश्वर हामीलाई असल-असल कुराहरू दिनुहुने बुवा हुनुहुन्छ; यसैले हामीले पनि उहाँको देखासिकी गरेर अरू मानिसहरूलाई भलाइ गर्नुपर्छ। अरू मानिसहरूलाई गर्न लागेको कार्य तिनीहरूको भलाइ गर्छ कि गर्दैन भन्ने कुरा कसरी जान्ने ? जान्ने तरिका यस्तै छः जुन भलाइ हामी आफूले पाउन चाहन्छौं, त्योचाहिँ त्यही कुरा हो, जो हामीले अरूलाई गर्नुपर्छ। बाह्र पदका शब्दहरूले 'स्वर्ण नियम' भन्ने नाम पाए। रब्बी हिल्लेलले (ख्रीष्टपूर्व ११० - इस्वी संवत् १० साल) अघिबाटै त्यही कुरालाई नकारात्मक रूप दिएर भनेः 'जे कुरा तिमी स्वयम्लाई घृणा लाग्छ, त्यो कुरा आफ्नो छिमेकीलाई पनि नगर !' तर यस नियमलाई सकारात्मक शब्दहरू लगाएर प्रभु येशूले नराम्रो भावनालाई निष्क्रिया पार्ने कुरा तल छोड़ेर त्यसभन्दा उच्च स्तरको शिक्षा दिएर हामीलाई भलाइ गर्नमा सक्रिय तुलाउनुहुन्छ।

प्रभु येशूले भन्नुभएको यो 'स्वर्ण नियम'चाहिँ व्यवस्था र भविष्य-वक्ताहरूको शिक्षा हो, अर्थात् यस नियममा मोशाको व्यवस्थाले र

इस्राएलका भविष्यवक्ताहरूका पुस्तकहरूले सिकाउन चाहेको नैतिक सार हो। यसो गरेर पुरानो नियमले मागेको धार्मिकता हामी मुक्ति पाएका विश्वासीहरूमा पूरा हुन्छ – हामीमा, जो शरीरअनुसार होइन, तर आत्माको भरमा हिँड्छौं (रोमी ८:४)। यदि संसारका सबै मानिसहरूले यस पदमा भएको शिक्षा पालन गरेका भए त्यसले देश-देशको बीचको अन्तरराष्ट्रिय सम्बन्धमा, आफ्नो देश, परिवार र मण्डलीमा, अँ, जीवनका सब क्षेत्रमा कत्रो परिवर्तन ल्याउनेथियो।

न) साँघुरो बाटो (मत्ती ७:१३-१४)

इसाई चेलापनभित्र प्रवेश गर्ने ढोका साँघुरो, र बाटोचाहिँ अप्ठ्यारो हुन्छ भन्ने कुरा प्रभु येशूले यहाँ हामीलाई होशयार गराउनुहुन्छ।[फ] तर जतिले प्रभु येशूको शिक्षा विश्वासयोग्यतासाथ पालन गर्छन्, उनीहरूले भरपूर जीवन प्राप्त गर्नेछन्। यता, एउटा फराकिलो ढोका पनि छ, जसबाट भएर पस्नेहरूले भोगविलासमा तल्लीन जीवन पाउँछन्। यस्तो जीवनको अन्त विनाश हो।

यहाँ, यी दुई पदको सुसमाचारीय अर्थ यस प्रकारको छः मानव जातिका निम्ति दुईवटा बाटा मात्र छन्, जसले तिनीहरूलाई दुईवटा गन्तव्य स्थानहरू पुऱ्याउँदछन्। फराकिलो ढोका र चौड़ा बाटोले विनाशमा पुऱ्याउँछ (हितोपदेश १६:२५)। साँघुरो ढोका र अप्ठ्यारो बाटोले चाहिँ जीवनमा पुऱ्याउँछ। प्रभु येशू जीवनमा प्रवेश दिने ढोका हुनुहुन्छ (यूहन्ना १०:९), अनि उहाँ स्वयम् जीवनको बाटो हुनुहुन्छ (यूहन्ना १४:६)। यी पदहरूमा यस प्रकारको अर्थ लगाउन सठीक छ। तर यिनको खास मतलबचाहिँ विश्वासीहरूका निम्ति हो। प्रभु येशूले भन्नुहुन्छः उहाँको पछि लाग्नेलाई विश्वास, संयम र धीरज चाहिन्छ। तर यो 'अप्ठ्यारो' जीवन जिउन लायकको एकमात्र जीवन हो। तर जसले एउटा सजिलो बाटो खोज्छ, त्यस्तो मानिसका सँगी-साथीहरू धेरै हुनेछन्, तर त्यसले परमेश्वरले त्यसका निम्ति तयार गर्नुभएको सर्वश्रेष्ठ कुरा गुमाइपठाउनेछ।

प) तिनीहरूकै फलबाट तिमीहरूले तिनीहरूलाई चिन्नेछौ

(मत्ती ७:१५-२०)

मत्ती ७:१५: जहाँ-जहाँ प्रभु येशूको नाममा साँचो चेलापनका कठिन मागहरूको शिक्षा प्रचार गरिएको हुन्छ, त्यहाँ-त्यहाँ फराकिलो ढोका र चौड़ा बाटो प्रस्तुत गर्ने झूटा शिक्षकहरू पनि खड़ा हुनेछन्। तिनीहरूले प्रभुको सत्यतालाई यति साह्रै फिका र फ्यात्लो तुल्याउँछन्, कि श्री सी. एच. स्पॅर्चन्ले भनेझैं यसमा सत्यताको यति कम रहन्छ, कि यसलाई लिएर 'बिरामी फटेङ्ग्राका निम्ति एउटा सूपधरि बनाउन' सकिँदैन। ती मानिस-हरूले परमेश्वरको नाममा बोल्छु भनी दाबी गर्छन्। तिनीहरूले भेड़ाको भेष लिन्छन्, र साँचो इसाईहरूजस्तो देखा पर्छन्। तर भित्रपट्टि चाहिँ तिनीहरू लुटाहा ब्वाँसाहरू हुन्छन्। यसको मतलबचाहिँ तिनीहरू दुष्ट मानिसहरू हुन्, अँ, प्रभु येशूमाथि विश्वास नगर्नेहरू हुन्। तिनीहरूले नहुर्किएका आत्मिक बालबच्चाहरू, विश्वासमा दृढ़ र अटल नभएका विश्वासीहरू र सीधासादाहरूलाई आफ्ना शिकार बनाउँछन्।

मत्ती ७:१६-१८: यी पदहरूले झूटा शिक्षकहरूलाई जाँचबुझ गरेर चिन्ने तरिका बताउँछन्: **'तिनीहरूका फलहरूबाट नै तिमीहरूले तिनी-हरूलाई चिन्नेछौ।'** तिनीहरूको विलासी जीवन र विनाशकारी शिक्षाहरूले तिनीहरूलाई चिनाइदिन्छन्। रूख होस्, वा अरू कुनै वनस्पति होस्, त्यसले आफ्नो जातअनुसारको फल दिन्छ। काँड़ाहरूबाट अङ्गुर फल्दैन। लोहोंड़ेहरूबाट नेभारा फल्दै फल्दैन। एउटा असल रूखले असल फल फलाउँछ; त्यस्तै एउटा खराब रूखले खराब फल फलाउँछ। यो नियम प्राकृतिक संसारमा सत्य ठहरिन्छ भने आत्मिक क्षेत्रमा पनि यो सत्य हुन्छ। जतिले परमेश्वरको नाममा बोल्छन्, उनीहरूको जीवन र शिक्षा हामीले परमेश्वरको वचनरूपी कसीले जाँच्नुपर्छ। ***'यदि तिनीहरूले यस वचनअनुसार बोल्दैनन् भने यो तिनीहरूमा प्रकाश नभएकोले हो'*** (यशैया ८:२०)।

मत्ती ७:१९-२०: झूटा भविष्यवक्ताहरू अन्तमा आगोमा फालिनेछन्। झूटा शिक्षकहरू र झूटा भविष्यवक्ताहरूमाथि विनाश चाँड़ै आइपर्नेछ (२ पत्रुस २:१)। तिनीहरूलाई तिनीहरूका फलबाटै चिनिन्छ।

फ) मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ (मत्ती ७:२१-२३)

मत्ती ७:२१: प्रभु येशूले अब ती मानिसहरूलाई होशियार गराउनुहुन्छ, जसले उहाँलाई मुक्तिदाताको रूपमा स्वीकार ता गर्छन्, तर जसको अङ्गीकार झूटो हो; किनभने तिनीहरूको मन कहिल्यै परिवर्तन भएन। प्रभु येशूलाई 'प्रभु, प्रभु' भन्नेहरू सबै स्वर्गको राज्यमा पस्नेछैनन्। परमेश्वरको इच्छा पूरा गर्नेहरूले मात्र उहाँको राज्यमा प्रवेश पाउनेछन्। अनि परमेश्वरको इच्छा पूरा गर्ने पहिलो कदमचाहिँ प्रभु येशूमाथि विश्वास गर्नु हो (यूहन्ना ६:२९)।

मत्ती ७:२२-२३: न्यायको दिनमा, जब विश्वास नगर्नेहरू प्रभु येशूको सामु खड़ा हुनेछन् (प्रकाश २०:११-१५), धेरैजनाले उहाँलाई आफूले उहाँकै नाममा भविष्यवाणी बोलेको, दुष्ट आत्माहरू निकालेको वा अचम्मका कामहरू गरेको कुरा सम्झाउन खोज्नेछन्। तर तिनीहरूको यो खण्डन/प्रतिवाद व्यर्थ हुनेछ। प्रभु येशूले तिनीहरूलाई सफासँग भन्नुहुनेछः **'मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ।'** तिनीहरू उहाँका हुँदै होइनन्।

यी पदहरूबाट हामी के सिक्छौं भने, सबै आश्चर्य कर्महरू परमेश्वरपट्टिबाट हुँदैनन्, अनि यी अचम्मका काम गर्नेहरू सबैले परमेश्वरको मान्यता पाएका पनि हुँदैनन्। आश्चर्य कर्मचाहिँ अलौकिक शक्तिको प्रदर्शन मात्र हो। तर त्यो शक्ति परमेश्वरबाट आउँछ, शैतानको पनि हुन सक्छ। शैतानले आफ्ना कर्मीहरूलाई दुष्ट आत्माहरू निकाल्ने शक्ति दिन सक्छ; यसो हुँदा दुष्ट आत्माहरूले ग्रसित व्यक्तिलाई केही समयका निम्ति छोड्छन्, र यहाँ ईश्वरीय शक्तिले एउटा अचम्मको काम भएको भान दिलाइन्छ। यसरी शैतानले आफ्नो राज्यमा भिवाजन ल्याएको होइन, तर त्यसले भविष्यमा पहिलोभन्दा बढ़ी दुष्ट आत्माहरू लिएर चढ़ाइ गर्ने झन् ठूलो षड़्यन्त्र रचिरहेको हुन्छ।

ब) चट्टानमाथि घर बनाऊ ! (मत्ती ७:२४-२९)

मत्ती ७:२४-२५: प्रभु येशूले पहाड़ी उपदेशको अन्तमा एउटा दृष्टान्त दिनुभयो, जसद्वारा उहाँले आज्ञाकारिता कति महत्त्वपूर्ण कुरा हुन्छ, सो कुरामा जोड़ दिनुभएको छ। यी वचनहरू सुन्न मात्र काफी हुँदैन, तर हामीले तिनलाई पालन गरेर व्यवहारमा ल्याउनुपर्छ। प्रभु येशूको चेला तब बुद्धिमान् ठहरिन्छ, जब उसले प्रभुका वचनहरू सुन्छ र उहाँका आज्ञाहरू पालन गर्छ। उसले आफ्नो घर चट्टानमाथि बसालेको हुन्छ। अब उसको घररूपी जीवनको बलियो जग हुन्छ; पानी पर्दा र हुरीबतास चल्दा यस्तो वज्रपातमा पनि त्यो ढल्नेछैन।

मत्ती ७:२६-२७: जसले प्रभु येशूका वचनहरू सुनेर पनि तिनलाई पालन गर्दैन, त्यो एउटा मूर्ख मानिस हो। त्यसले आफ्नो घर बलुवामाथि बसालेको हुन्छ। त्यस्तो मानिसले आफ्नो विरोधमा आइलाग्ने आँधीबेहरीहरूको सामना गर्न सक्दैन। पानी पर्दा र हुरीबतास चल्दा त्यो घररूपी जीवन ढल्छ; किनभने त्यसको जग ठीक छैन।

पहाड़ी उपदेशमा प्रस्तुत गरिएका शिक्षा-नियमहरूअनुसार जिउने मानिसलाई संसारका मानिसहरूले मूर्ख भन्लान्, तर प्रभु येशूले यस्तालाई बुद्धिमान् भन्नुहुन्छ। संसारका मानिसहरूको दृष्टिमा त्यो मानिस बुद्धिमान् ठहरिन्छ, जसले रूप हेरेर जिउँछ, वर्तमान समयका निम्ति जिउँछ, अँ, आफ्नै लागि जिउँछ। तर प्रभु येशूले यस्तोलाई मूर्ख भन्नुहुन्छ। सुसमाचार सुनाउँदा यी बुद्धिमान् र मूर्ख घर निर्माण गर्नेहरूको यो दृष्टान्त प्रयोग गर्न उचित छ। बुद्धिमान् मानिसले चट्टानरूपी प्रभु येशूमाथि आफ्नो पूरा भरोसा राख्छ, र उहाँलाई प्रभु र मुक्तिदाताको रूपमा अपनाउँछ। मूर्ख मानिसले पश्चात्ताप गर्दैन, र प्रभु येशूलाई मुक्ति पाउने एकमात्र आशा र आफ्नो जीवनको सहारा तुल्याउँदैन। तर यस दृष्टान्तको खास अर्थले मुक्तिको अनुभवलाई नाघ्छ, र यसको शिक्षाले इसाई जीवनमा व्यवहारिक रूप लिनुपर्छ।

मत्ती ७:२८-२९: जब प्रभु येशूले यो उपदेश भनिसक्नुभयो, तब मानिसहरू छक्कै परे। 'पहाड़ी उपदेश' पढ्दाखेरि यसको क्रान्तिकारी विशेषताले हामीलाई प्रभावित पार्न सक्दैन भने यसबाट स्पष्ट देखिन्छः हामीले यसको अर्थ बुझेका छैनौं।

मानिसहरूले प्रभु येशूको शिक्षामा र शास्त्रहरूको शिक्षामा भिन्नता पाए। प्रभु येशूले अधिकारसित बोल्नुहुन्थ्यो। तर शास्त्रीहरूका शब्दहरूमा शक्ति थिएन। उहाँ स्वर्गीय आवाज हुनुहुन्थ्यो; तिनीहरू प्रतिध्वनि मात्र हुन्थे। यस सम्बन्धमा श्री जामिसोन्, फौसेट् र ब्राउन्ले टिप्पणीको रूपमा भन्छन्: 'प्रभु येशूको शिक्षाको जुनसुकै भागबाट ईश्वरीय अधिकाररूपी तेज यतिसम्म चमक्क चम्किन्छ, कि उहाँ नै यो संविधान दिने राजा, यसको व्याख्या गर्ने शिक्षक र यसको हिसाब लिने न्यायकर्ता हुनुहुँदो रहेछ भन्ने बोध आइरहन्छ। यसको तुलनामा शास्त्रीहरूको शिक्षाचाहिँ अर्थ न बर्थको बकबक ठहरिन्छ।'[ञ]

५) मत्ती ८:१-९:३४: मसीहका ईश्वरीय शक्ति/अधिकार र अनुग्रहले गरेका अचम्मका कामहरू र मानिसहरूमा तिनका बेग्ला-बेग्लै प्रतिक्रियाहरू

८-१२ अध्यायहरूमा प्रभु येशूले इस्राएल जातिलाई अन्तिम अकाट्य प्रमाणहरू प्रस्तुत गर्नुहुन्छः उहाँ ती मसीह हुनुहुन्छ, जसको विषयमा भविष्यवक्ताहरूले लेखेका हुन्। उदाहरणका निम्ति, मसीहले अन्धाहरूका आँखाहरू खोल्नुहुनेछ, बहिराहरूका कानहरू खोलिदिनुहुनेछ, लङ्गड़ा-हरूलाई निको पार्नुहुनेछ र गुँगाहरूलाई गीत गाउने तुल्याउनुहुनेछ भन्ने कुरा यशैयाले अघिदेखि नै भविष्यवाणी गरेका थिए (यशैया ३५:५-६)। प्रभु येशूले यी सबै भविष्यवाणीहरू पूरा गर्नुभयो, र यसरी मसीह म नै हुँ भन्ने कुरा प्रमाणित गर्नुभयो। इस्राएल जातिसँग पवित्र शास्त्र छँदैथियो;

तिनीहरूले त्यसमा ध्यान दिएका भए तिनीहरूले सजिलैसँग उहाँलाई मसीहको रूपमा चिन्न सक्नेथिए। तर देख्न नचाहनेहरूभन्दा बढ़ी अन्धा को छ र ? यी अध्यायहरूमा विवरण गरिएका घटनाहरू कालक्रमअनुसार होइन, तर विषयक हिसाबले प्रस्तुत गरिएका हुन्। यी अध्यायहरूमा प्रभु येशूको सम्पूर्ण सेवकाइको वृतान्त वर्णन दिइएको पनि होइन, तर पवित्र आत्माले प्रभु येशूको जीवनका कतिपय विशेष घटनाहरू छान्नुभएको छ, र तीबाट केही मूलविषयहरू प्रस्तुत गर्दै हुनुहुन्छ। यस प्रस्तुतिमा निम्न विषयहरू समावेश छन्ः

१) रोगहरू र दुष्ट आत्माहरूमाथि, मृत्यु र प्रकृतिमाथि प्रभु येशूको सर्वाधिकार

२) प्रभु येशूलाई स्वामीको रूपमा अपनाउने उहाँका चेलाहरूको जीवनमाथि उहाँको सम्पूर्ण प्रभुत्व

३) इस्राएल जाति, विशेष गरी त्यसका धार्मिक नेताहरूद्वारा प्रभु येशूको विरोधमा बढ़ूदै गएको तिरस्कार

४) प्रभु येशूलाई खुसीसाथ ग्रहण गरेका गैर-यहूदी अर्थात् अन्यजातिका कति व्यक्तिहरूको बयान

क) कोरमाथि प्रभु येशूको अधिकार (मत्ती ८ः१-४)

मत्ती ८ः१ः प्रभु येशूको शिक्षा असाधारण र निक्कै कठोर भए पनि यसमा आकर्षण थियो; किनकि ठूला-ठूला भीड़ उहाँको पछि लागे। मानिसहरूलाई सत्यता मन नपरोस्, तर तिनीहरूले सत्यता कहिल्यै भुल्न सक्दैनन्; सत्यता आफै-आफ प्रमाणित हुन्छ; त्यसको जित हुन्छ नै।

मत्ती ८ः२ः हताश भएको एउटा कोरीले निको हुने तीव्र अनुरोध लिएर प्रभु येशूलाई दण्डवत् गऱ्यो। यस कोरीसँग प्रभु येशूले मलाई निको पार्न सक्नुहुन्छ भन्ने विश्वास थियो; अनि साँचो विश्वासले कहिल्यै निराशामा पर्न दिनेछैन। कोरचाहिँ पापलाई सङ्केत गर्ने उचित चित्र हो; किनभने त्यो रोग घृणित छ; त्यसले नष्ट पार्छ; त्यो एक सरुवा रोग हो, जो मानव दृष्टिकोणले कहिल्यै निको हुनेछैन।[८]

मत्ती ८:३: कोरीहरू अछूट हुन्थे; किनकि तिनीहरूलाई छुँदा रोग सर्ने डर थियो। यहूदीहरूको समाजमा कोरीलाई छुने मानिस अशुद्ध हुन्थ्यो, र त्यस्तो व्यक्तिले इस्राएलीहरूको सामूहिक उपासनामा भाग लिन सक्दैन-थियो; त्यो अयोग्य ठहरिन्थ्यो। तर जब प्रभु येशूले त्यस कोरीलाई छुनुभयो, र 'तिमी शुद्ध हौ' भनेर चङ्गाइका शब्दहरू बोल्नुभयो, तब तुरुन्तै त्यो कोर हटेर गयो। हाम्रा प्रभुसँग पापबाट शुद्ध पार्ने शक्ति छ। उहाँसित शुद्ध पारिएको व्यक्तिलाई उपासक तुल्याउने अधिकार पनि छ।

मत्ती ८:४: मत्तीको सुसमाचारअन्तर्गत यहाँ प्रभु येशूले कसैलाई आफूले गर्नुभएको अचम्मको कामको सम्बन्धमा वा तिनीहरूले देखेको कुराको विषयमा 'कसैलाई केही नभन्नू' भनेर आज्ञा गर्नुभएको पहिलो पल्ट हो (मत्ती ९:३०, १२:१६ र १७:९ अनि मर्कूस ५:४३, ७:३६ र ८:२६ पनि हेर्नुहोला)। यसको कारण यो हुन सक्छः धेरै मानिसहरूले रोमी सरकारको जुवारूपी गैर-शासनबाट छुटकारा पाउने उत्कट इच्छा गरेर उहाँलाई राजा तुल्याउन चाहन्छन् भन्ने कुरा उहाँलाई थाहा थियो। तर इस्राएल जातिले पश्चात्ताप गर्दैन, तिनीहरूले उहाँको आत्मिक अगुवाइ इन्कार गर्नेछन्, र उहाँ आफूचाहिँ पहिलो क्रूसमा चढ़ाइनुपर्छ भन्ने कुरा उहाँले जान्नुभएको थियो।

मोशाको व्यवस्थामा पूजाहारीचाहिँ वैद्य पनि हुन्थे। जब एउटा कोरी शुद्ध भयो, तब लेवी १४:४-६ अनुसार त्यसले एउटा भेटी ल्याएर पूजाहारीको सामु देखा पर्नुपर्थ्यो, जसले त्यसलाई 'शुद्ध' भनी घोषणा गर्थे। कोरी निको भएको कुरा विरल घटना थियो, यसमा कुनै शङ्का छैन। कुरा यति असाधारण थियो, कि यसले कोरीको जाँच गर्ने ती पूजाहारीलाई तत्कालै सतर्क तुल्याइहाल्नुपर्नेथियो, र तिनमा 'अन्तमा मसीह पो देखा पर्नुभएको छ कि' भन्ने जिज्ञासो पैदा गरेर उहाँको खोज गराउनुपर्नेथियो। तर हामी पूजाहारीहरूको बीचमा भएको यस्तो कुनै प्रतिक्रियाको बारेमा केही पढ्दैनौं। प्रभु येशूले कोरीलाई यस सम्बन्धमा व्यवस्थाको नियम पालन गर्ने आदेश दिनुभयो।

आत्मिक दृष्टिले यस अचम्मको कामका अर्थहरू स्पष्ट छन्ः इस्राएल जातिकहाँ मसीह आउनुभएको हो, र उहाँसँग यस जातिका सबै रोगहरू निको

पार्ने शक्ति थियो। उहाँले यही अचम्मको काम प्रस्तुत गर्नुभयो; यो चिन्हचाहिँ उहाँलाई सिफारिस गर्ने एक माध्यम थियो। तर इस्राएलीहरू आफ्नो उद्धारकलाई ग्रहण गर्न अझ तयार भएनन्।

ख) पक्षाघातजस्तो रोगमाथि प्रभु येशूको अधिकार (मत्ती ८:५-१३)

मत्ती ८:५-६: यहूदीहरूले प्रभु येशूलाई कति पनि ग्रहण गरेनन्; तर तिनीहरूको तुलनामा कति भिन्न, कति अद्‌भुत ती सुबेदारको विश्वास थियो; ती गैर-यहूदी, अन्यजातिका मानिसको परिचय यी पदहरूमा दिइएको छ। इस्राएल जातिले आफ्ना मसीह राजालाई मान्यता दिन चाहेनन् भने तिनीहरूबाट तुच्छ ठानिएका अन्यजातिका मानिसहरूले उहाँलाई स्वीकार गर्ने नै छन्। ती सुबेदार रोमी सेनाका अधिकारी थिए, जसको अधीनमा प्रायः एक सय सिपाही हुन्थे। तिनको पल्टन कपर्नहुममा वा त्यसको नजिकै राखिएको थियो। तिनी आफ्नो पक्षाघात रोगले अति पीड़ित नोकरलाई निको पारिमाग्न येशूकहाँ आएका थिए। तिनले आफ्नो नोकरप्रति देखाएको यो दया एकदम असाधारण थियो। अरू कुनचाहिँ अधिकारीले आफ्नो नोकरलाई यत्रो वास्ता गर्नेथिए र ?

मत्ती ८:७-९: जब प्रभु येशूले 'म आएर त्यस बिरामी नोकरलाई हेर्नेछु' भन्नुभयो, तब ती सुबेदारले आफ्नो विश्वास, त्यसको वास्तविकता र गहिराइमा, प्रकट गरे। वास्तवमा तिनले यसो भनेः 'तपाईं मेरो घरमा आउने योग्यको म छैनँ; अनि मेरो घरमा आउनु खाँचो पनि छैन; किनभने तपाईंले वचन मात्र बोलेर सजिलैसित मेरो नोकरलाई निको पार्न सक्नुहुन्छ। यो ता अधिकारको कुरा हो; मेरा अफसरहरूबाट म हुकुम पाउने गर्छु, र मेरो अधीनमा हुनेहरूलाई आदेश दिन्छु। सिपाहीहरूले मेरा आज्ञाहरू तत्कालै मानिहाल्छन् भने त्यसभन्दा कति बढ़ता गरी तपाईंको हुकुमले त्यस नोकरको रोगमाथि अधिकार गर्छ।'

मत्ती ८:१०-१२: यी अन्यजातिका मानिसको विश्वास देखेर प्रभु येशू छक्क पर्नुभयो। प्रभु येशू छक्क पर्नुभएको कुरा दुई ठाउँमा उल्लेख

गरिएको छ। यहाँ त्यसको एक पल्ट हो। अर्को पल्ट उहाँ यहूदीहरूको अविश्वास देखेर छक्क पर्नुभयो (मर्कूस ६ :६)। यति ठूलो विश्वास उहाँले परमेश्वरका चुनिएका इस्राएली मानिसहरूको बीचमा पाउनुभएको थिएन। यस कुराले प्रभु येशूलाई यसो भन्न प्रेरणा दियोः संसारका चारै दिशाबाट नै जाति-जातिका मानिसहरू उहाँको आउँदो राज्यमा जम्मा हुनेछन्, र यहूदीहरूका पुर्खा अब्राहाम, इसहाक र याकूबसँग मीठो सँगति गर्नेछन्, तर राज्यका सन्तानहरूचाहिँ बाहिरको अन्धकारमा फालिनेछन्, जहाँ तिनीहरूले रुवाबासी र दाह्रा-किटाइ गर्नेछन्। राज्यका सन्तानचाहिँ यिनीहरू हुन्, जो जन्मकै यहूदी भएर परमेश्वरलाई आफ्ना राजाको रूपमा स्वीकार ता गर्थे, तर वास्तवमा यिनीहरूको मनको परिवर्तन कहिल्यै भएको थिएन। यो कुरा आज पनि ती मानिसहरूमा लागू हुन्छ, जसले इसाई परिवारमा जन्मने र हुर्किने सौभाग्य पाएका छन्। तिनीहरूले प्रभु येशूलाई अस्वीकार गरेका हुनाले हाम्रा धेरै इसाई नानीहरू नरकमा नाश हुनेछन्। तर असभ्य जङ्गली मानिसहरूले सुसमाचारको सन्देशमा विश्वास गरेका हुनाले तिनीहरू स्वर्गको अनन्त महिमामा सहभागी हुनेछन्।

मत्ती ८ :१३ः प्रभु येशूले यी सुबेदारलाई भन्नुभयोः **'जाऊ, र जस्तो तिमीले विश्वास गरेका छौ, त्यस्तै तिम्रा निम्ति गरियोस्!'** परमेश्वरको नाममाथि राखिएको भरोसाअनुसार विश्वासको प्रतिफल हुँदो रहेछ। तत्कालै तिनको नोकर निको भयो, यद्यपि प्रभु येशू नोकरकहाँ आउनुभएको थिएन। यस घटनाबाट हामीले प्रभु येशूको वर्तमान सेवकाइको सम्बन्धमा यो आत्मिक अर्थ निकाल्न सक्छौंः प्रभु येशू शारीरिक रूपले उपस्थित नहुनुभए ता पनि उहाँले सौभाग्य नपाएका अन्यजातिका मानिसहरूलाई तिनीहरूको पापरूपी पक्षाघातको रोगबाट निको पार्दै हुनुहुन्छ।

ग) ज्वरोमाथि प्रभु येशूको अधिकार (मत्ती ८ :१४-१५)

पत्रुसको घरमा पस्दा प्रभु येशूले उनकी सासूलाई ज्वरोले बिरामी भएकी भेट्टाउनुभयो। उहाँले तिनको हात छुनुभयो, र ज्वरोले तिनलाई छोड़िहाल्यो। ज्वरोले छोड़दाखेरि प्रायः निको भएको मानिस निक्कै

कमजोर हुन्छ। तर त्यो चङ्गाइ यति छिटो र सम्पूर्ण थियो, कि पत्रुसकी सासू ओछ्यानबाट उठिन् र उहाँको सेवा गरिन्। प्रभु येशूले तिनीप्रति देखाउनुभएको उपकारको कामका निम्ति तिनी कति धन्यवादी भइन्, सो यस कुराले बताउँछ। जब हामीले कुनै बिमारबाट चङ्गाइ पाउँछौं, तब नयाँ प्रकारले समर्पित भएर हामीले पत्रुसकी सासूको देखासिकी गरेर उमङ्ग र बलको साथ उहाँको सेवा गर्नुपर्छ।

घ) दुष्ट आत्माहरूमाथि, साथै किसिम-किसिमका रोगहरू-माथि प्रभु येशूको अधिकार (मत्ती ८:१६-१७)

साँझको बेलामा, विश्राम-दिनको अन्त भएपछि मानिसहरूले दुष्ट आत्माहरू लागेका धेरै पीड़ितहरूलाई ल्याएर उहाँकहाँ दुइरिए (मर्कूस १:२१-३४)। बिचरा, यी व्यक्तिहरूमा दुष्ट आत्माहरू पसेका थिए, जसले यिनीहरूलाई आफ्नो वशमा पारेका थिए। कतिपय दुष्ट आत्मा लागेका मानिसहरूसँग दैवी ज्ञान र शक्ति छ भने अरू प्रायः पीड़ित हुन्छन्। कहिलेकहीं तिनीहरूले मानसिक सन्तुलन हराएको व्यवहार देखाउँछन्, जुन व्यवहार कुनै शरीरको वा मनको रोगले पैदा भएको हुँदैन, तर दुष्ट आत्माको प्रभाव हो। प्रभु येशूले आफ्नो एकै वचनले ती दुष्ट आत्माहरू निकाल्नुभयो।

प्रभु येशूले अरू सबैलाई, जति बिरामी थिए, निको पार्नुभयो, र यसरी यशैया ५३:४ पदमा भएको भविष्यवाणी पूरा गर्नुभयो, जसले भन्दछः ***'उहाँ आफैले हाम्रा दुर्बलताहरू उठाउनुभयो र हाम्रा रोगहरू बोक्नुभयो।'*** यो सत्र पद लिएर फेट-हीलर नामक चङ्गाइकर्ताहरूले के भन्छन् भने, प्रभु येशूको, हाम्रा पापको प्रायश्चित गर्ने बलिदानले हामी सबैका निम्ति शरीरको चङ्गाइ कमाएको छ, र यसैले हरेक ख्रीष्ट-विश्वासीले शरीरको चङ्गाइ विश्वासले दाबी गर्न सक्छ अरे। तर यस खण्डमा पवित्र आत्माले उक्त भविष्यवाणीको अर्थ प्रभु येशूको क्रूसको मृत्युसँग जोड्नुहुन्न, तर हाम्रा प्रभुको निको पार्ने सेवकाइमा पो अर्थ लगाउनुभएको छ।

यस अध्यायमा हामीले निम्न चारओटा आश्चर्य कर्महरू देख्न सक्यौंः

अ) प्रभु येशूको उपस्थितिमा कोरी निको भएको

आ) प्रभु येशूको अनुपस्थितिमा सुबेदारको नोकर जाती पारिएको

इ) पत्रुसको घरमा प्रभु उपस्थित हुनुभएको बेलामा उनकी सासूको चङ्गाइ भएको

ई) प्रभु येशूको उपस्थितिमा दुष्ट आत्मा लागेकाहरू र अन्य रोगीहरू निको भए

श्री ग्यॅबेलाइन्को सुझाउअनुसार यी चारओटा अचम्मका कामहरूद्वारा प्रभु येशूको सेवकाइको निम्न चार किसिमको कालक्रम देख्न सकिन्छः

अ) प्रभु येशूको पहिलो आगमनमा उहाँले आफ्ना इस्राएली मानिसहरूको सेवा गर्नुभएको

आ) प्रभु येशू यस संसारमा शारीरिक रूपले अनुपस्थित हुनुभएको समयमा अन्यजातिहरूको युग भएको

इ) प्रभु येशूको दोस्रो आगमनपछि उहाँ इस्राएल जातिसँग आफ्नो सम्बन्ध फेरि गाँस्नुहुनेछ, र आफ्नो घरानाभित्र आउनुभएपछि सियोनकी छोरीलाई, जो बिरामी छिन्, निको पार्नुहुनेछ।

ई) प्रभु येशूको एक हजार वर्षको राज्यमा सबै दुष्ट आत्माहरू लागेका मानिसहरूले र सबै रोगीबिरामीहरूले चङ्गाइ पाउनेछन्।[७]

श्री ग्यॉबेलाइन्ले प्रभु येशूका अचम्मका कामहरूको विषयमा कहाँसम्म आफ्नो शिक्षाको विकास गरेर हामीमा कुतूहल उत्पन्न गर्ने विश्लेषण गरेका छन्, सो बुझ्नुभयो होला। यस विश्लेषणले पवित्र शास्त्रमा गहिरा-गहिरा अर्थ लुकेका छन् भन्ने विषयमा हाम्रो होश खोल्नुपर्छ। तर यसरी पवित्र बाइबलको हरेक कुरामा आत्मिक अर्थ लगाउन खोज्ने तरिकाको सीमा हुन्छ नै; यस्तो अर्थ लगाउने काममा होशियार हुनु खाँचो छ, नत्रता हामीले कतै गलत अर्थ लगाउँदै सीमा नाघेर एउटा यस्तो कुराको बारेमा जोड़ दिन्छौं, जो हाँसउठ्दा र मतलबहीन हुन्छ।

ङ) मानव इन्कार कस्तो अद्‌भुत, विचित्रको कुरा हो (मत्ती ८ः१८-२२)

प्रभु येशूले कसरी रोगबिमारहरूमाथि र दुष्ट आत्माहरूमाथि आफ्नो अधिकार प्रयोग गर्नुभयो, सो हामीले देख्यौं। तर जब प्रभु येशू पुरुष र स्त्रीहरूसित आफ्नो सम्पर्क स्थापित गर्न चाहनुहुन्छ, तब मात्र उहाँको अधिकारले रोकावट र बाधा पाउँछ। मानव इन्कारचाहिँ एक अद्‌भुत, विचित्रको कुरा हो।

मत्ती ८ः१८-२०ः प्रभु येशू कपर्नहुमदेखि पूर्व, गालील तालको पारिपट्टि जाने तयारीमा हुनुहुन्थ्यो। यति बेलामा अघि सरेर एकजना आत्मविश्वासी शास्त्रीले 'तपाईलाई जहाँ पनि पछ्याउँछु' भन्ने प्रतिज्ञा गरे। प्रभुले तिनलाई उत्तरमा **'स्यालहरूका ओड़ार र आकाशका चराहरूका गुड़ छन्, तर मानिसको पुत्रको शिर राख्ने ठाउँधरि छैन'** भन्दै आत्म-त्यागको मूल्य चुकाउने चुनौती दिनुभयो। प्रभु येशूको सेवकाइको समयभरि नै उहाँसँग आफ्नो घर थिएन, तर जहाँ-जहाँ उहाँलाई पाहुनाको रूपमा स्वागत गरिन्थ्यो, त्यहीं उहाँको घर हुन्थ्यो, र त्यहीं उहाँको मामुली सुत्ने ठाउँ हुन्थ्यो। तर मलाई लाग्छ, उहाँका शब्दहरूको खास अर्थ आत्मिक होः यस संसारमा उहाँलाई साँचो र स्थाही विश्रान दिने कुनै ठावै थिएन। उहाँको काम थियो, अनि जबसम्म उहाँले त्यो काम पूरा गर्नुभएन, तबसम्म उहाँले बिसाउन सक्नुहुन्नथियो। ठीक यही कुरा उहाँका चेलाहरूमा सत्य ठहरिन्छः यो संसार तिनीहरूको विश्रामस्थल होइन, अँ, तिनीहरूको विश्रामस्थल हुनुहुँदैन।

मत्ती ८ः२१ः अर्को एकजनाले प्रभु येशूको सामु उहाँलाई पछ्याउने उत्कट इच्छा प्रकट गरे, तर यसो गर्नभन्दा पहिले तिनको अर्को काम, यसभन्दा अझ मुख्य कुरा थियो। तिनले भनेः **'प्रभु, पहिले मलाई गएर मेरा बुवालाई गाड्ने अनुमति दिनुहोस्!'** तिनका बुवाको मृत्यु भइसकेको थियो वा भएको थिएन – त्यस कुराले ठूलो भिन्नता ल्याउँदैन। तर यी व्यक्तिको आत्मिक समस्या के थियो, सो तिनका प्रतिकूल शब्दहरूले बताउँछन्ः 'प्रभु, पहिले मलाई ...!' तिनले प्रभु येशूलाई पहिलो स्थान

दिएनन्, तर आफूलाई त्यहाँ राखे। आफ्ना बुवालाई उचित दफनको प्रबन्ध गर्नु बिलकुल ठीक हो, तर हाम्रा प्रभुको बोलावटलाई तल छोड़ेर योजस्तो योग्य कार्य समेत अघि राख्नु बेठीक ठहरिन्छ।

मत्ती ८ :२२: वास्तवमा, प्रभु येशूले तिनलाई यसो भन्नुभयोः 'पहिले मलाई पछ्याऊ, तिम्रो प्रथम कर्तव्य यही हो। आत्मिक हिसाबमा मरेकाहरूले शारीरिक मृत्यु भएकाहरूलाई गाडून्! मुक्ति नपाएको कुनै व्यक्तिले दफनजस्तो काम गर्न सक्छ। तर एउटा यस्तो काम छ, जो तिमीले मात्र पूरा गर्न सक्छौ। आफ्नो जीवनको सबभन्दा उत्तम भाग यस कुराका निम्ति खर्च गर, जो सदा रहिरहनेछ। आफ्नो जीवन तुच्छ, नगन्य कुराका निम्ति खेर नफाल!' यी दुईजना चेलाहरूले कुन प्रकारको जवाफ दिए, सो हामीलाई बताइएको छैन। तर तिनीहरूले प्रभु येशूलाई त्यागेर यस संसारमा आफ्नो सुविधा खाजे, र महत्त्वहीन कुराहरू अँगालेर तिनका निम्ति आफ्नो जीवन बरबाद गरे भन्ने कुरा अनुमान गर्न यहाँ ठूलो सम्भावना देखिन्छ। तर यिनीहरूलाई दोष लगाउनभन्दा पहिले हामी आफूले आफैलाई जाँच गरौंः के यस खण्डमा चेलापनको विषयमा प्रभु येशूले प्रस्तुत गर्नुभएका दुई शर्तहरू हामीले पूरा गरेका छौं, कि छैनौं?

च) प्रकृतिमाथि प्रभु येशूको अधिकार (मत्ती ८ :२३-२७)

अचानक गालील तालमा साह्रै डरलाग्दा आँधीबेहरीहरू चल्छन् भन्ने कुरामा त्यसको नाम प्रसिद्ध छ। आँधी चलेपछि त्यसको तीव्र हुरीबतासले पानी उर्लाएर जम्मै तालालाई हुँड़लिरहने फींज तुल्याउँदो रहेछ। उत्तरबाट यर्दन नदीको बेंसीहुँदा हुरी चलेपछि यस बेंसीको साँघुरो घाटीमा बतासको गति बढ़ूदा-अझ बढ़ूदै छिटो, झन् छिटो बहन थाल्छ, अनि जब आँधीले तल तालको पानीमाथि बज्रन पुग्छ, तब त्यसमा नौयात्रा गर्नलाई अत्यन्तै खतरनाक हुन्छ।

यहाँ, यस खण्डमा प्रभु येशू गालील तालको पूर्वबाट पश्चिममा आइरहनुभएको थियो। आँधी आइपरेको बेलामा प्रभु येशू डुङ्गामा सुतिरहनुभएको थियो। चेलाहरूलाई ठूलो डर भयो; आत्तिएर उनीहरूले

उहाँलाई बिउँझाए, र व्याकुल भई उहाँलाई गुहार माग्न लागे । उनीहरू ठीक व्यक्तिकहाँ गुहार माग्न गएकोमा उनीहरूलाई स्याबासी दिनुपर्छ। उहाँले पहिले उनीहरूलाई उनीहरूको अल्पविश्वासको कारणले दोष लगाउनुभयो, त्यसपछि उहाँले बतासहरू र पानीका छालहरूलाई हपार्नुभयो । तालमा ठूलो शान्ति छायो; चेलाहरू छक्क परे। बतास र समुद्रको पानीजस्तै प्राकृतिक थोकहरूले पनि उनीहरूसँग यात्रा गर्ने ती विनीत व्यक्तिको हुकुम मान्दा रहेछन्! त्यस दिन डुङ्गामा उनीहरूसित यात्रा गर्ने व्यक्तिचाहिँ सारा सृष्टिलाई रच्नुहुने सृष्टिकर्ता र पालनकर्ता हुनुहुन्थ्यो भन्ने कुरा उनीहरूले अलिकति पनि बुझेनन् ।

प्रभु येशूका सबै चेलाहरू ढिलो-छिटो कुनै न कुनै समयमा आँधीहरूको सामना गर्नुपर्नेछ। कुनै बेला छालहरूले हामीलाई हुत्त्याएर स्वात्तै लैजान्छन् कि जस्तो लाग्छ। तब हाम्रो जीवनरूपी डुङ्गामा प्रभु येशू हाम्रै साथमा हुनुहुन्छ – यो कत्रो सान्त्वना दिलाउने कुरा हो । 'जुन डुङ्गामा आकाश, पृथ्वी र समुद्रका मालिक सुतिरहनुहुन्छ, त्यसलाई कुनै पानीले डुबाउन सक्दैन।' प्रभु येशूले भैं अरू कसैले जीवनमाथि आइपर्ने आँधीबेहरीहरू शान्त पार्न सक्दै सक्दैन। उहाँ यसो गर्नमा अति निपुण हुनुहुन्छ।

छ) प्रभु येशूले दुष्ट आत्माहरू लागेका दुईजना मानिस-हरूलाई निको पार्नुभयो (मत्ती ८:२८-३४)

मत्ती ८:२८: गालील तालको पूर्वपट्टि गेर्गेसिनीहरूको मुलुक पर्थ्यो।[ङ] जब प्रभु येशू त्यहाँ आइपुग्नुभयो, तब दुष्ट आत्माहरू लागेका दुईजना मानिसहरूले उहाँलाई भेटे, जो असाध्यै डरलाग्दा थिए। तिनीहरू चिहानहरूहुँदो बस्थे; तिनीहरू चौपट्टै डरलाग्दा थिए, यहाँसम्म कि कोही पनि त्यो बाटो भएर आउजाउ गर्न सक्दैनथ्यो ।

मत्ती ८:२९-३१: प्रभु येशू नजिक जानुहुँदा ती दुष्ट आत्माहरू यसो भन्दै चिच्च्याए: **'हे येशू, परमेश्वरका पुत्र, तपाईंसँग हाम्रो के काम छ र? के तपाईं समयभन्दा पहिले नै हामीलाई पीड़ा दिन यहाँ आउनुभएको हो?'**

ती दुष्ट आत्माहरूले उहाँलाई चिने, अनि उहाँले आखिरमा तिनीहरूलाई कुनै दिन नाश गर्नुहुनेछ, सो जाने। यी विषयहरूको सम्बन्धमा धेरै आधुनिक उदारवादीहरूको भन्दा तिनीहरूको बाइबलीय ज्ञान सही थियो। प्रभु येशूले तिनीहरूलाई यी मानिसहरूबाट निकाल्न आँट्नुभएको महसुस गरेर तिनीहरूले उहाँलाई 'हामीलाई नजिकमा चरिरहेका सुँगुरको बगालभित्र जाने अनुमति दिनुहोस्' भन्ने विन्ती गरे।

मत्ती ८ः३२ः अचम्मको कुराः प्रभु येशूले तिनीहरूसित तिनीहरूको विन्तीअनुसारै गर्नुभयो। तर सर्वाधिकारी प्रभुले किन दुष्ट आत्माहरूको विन्ती सुन्नुभएको? यसो गर्नुभएको कारण बुझ्नलाई हामीले दुईवटा कुरा याद गर्नुपर्छ। पहिलो कुराः दुष्ट आत्माहरूले घररूपी शरीरदेखि मुक्त हुन चाहँदैनन्, तर देहधारी प्राणीहरूमा, विशेष गरी मानिसको शरीरमा, नभई कुनै जनावरमा वास गर्न चाहन्छन्। दोस्रो कुराः तिनीहरूले वास गरेको प्राणीलाई तिनीहरूले नाश नगरी छोड्दैनन्। नष्ट गर्नु नै दुष्ट आत्माहरूको उद्देश्य हो। प्रभु येशूले ती दुष्ट आत्माहरू यी दुई पगला मानिसहरूबाट निकालेर त्यसै छोड्नुभएको भए तिनीहरू त्यस इलाकाका अरू मानिसहरूका निम्ति खतरा हुनेथिए। तर उहाँले तिनीहरूलाई सुँगुरहरूको बगालभित्र पस्ने अनुमति दिँदा उहाँले अरू मानिसहरूलाई जोगाउनुभयो, जसभित्र ती दुष्ट आत्माहरू पस्न सक्थे, तर तिनीहरूको विनाशकारी शक्ति यी सुँगुरहरूमा सीमित राख्नुभयो। प्रभु येशूले तिनीहरूमाथि अन्तिम विनाश ल्याइपुऱ्याउने समय भएको थिएन। ती दुष्ट आत्माहरूले दुईजना मानिसहरूलाई छोड़ेर सुँगुरहरूभित्र पस्नसाथ सुँगुरहरूको सारा बगाल डरलाग्दो प्रकारले ओरालै-ओरालो दगुरेर समुद्रभित्र पस्यो, र पानीमा डुबेर मरे।

यस घटनाले दुई कुरा प्रमाणित गर्छः दुष्ट आत्माहरूको आन्तिम उद्देश्यचाहिँ नष्ट पार्नु हुँदो रहेछ। अनि दुई हजार सुँगुरहरूलाई नष्ट गर्नलाई जति दुष्ट आत्माको आवश्यकता पर्छ, त्यत्ति नै दुष्ट आत्माहरू दुईजना मानिसभित्र वास गर्न सक्दा रहेछन्। यस प्रकारको खतराले पूर्ण सम्भावना हुँदो रहेछ।

मत्ती ८ः३३-३४ः कुद्दै ती सुँगुर चराउनेहरू शहरमा फर्के र के-के घटेका थिए, यसको खबर तिनीहरूले सबैलाई सुनाए। फलस्वरूप सारा

शहरका मानिसहरू बाहिर निस्केर प्रभु येशूकहाँ आए, र उहाँलाई 'हाम्रा इलाकाबाट गइदिनुहोस्' भनेर विन्ती गरे। त्यस समयदेखि यता प्रभु येशूलाई निर्दोष सुँगुरहरूलाई मारेको आरोप लागेको छ। उहाँले नाशवान् पशुहरूको भन्दा मानिसहरूको मूल्य ज्यादा ठहऱ्याउनुभएको हुनाले उहाँलाई 'हामीबाट गइदिनुहोस्' भन्ने अनुरोध घरीघरी गरिएको हो। यी गेर्गेसिनीहरू यहूदी हुँदा हुन् ता तिनीहरूलाई सुँगुर पाल्न मनाही हुनेथियो। तर तिनीहरू यहूदी भए नभए तिनीहरूलाई यो आरोप लागेको छः दुष्ट आत्माहरू लागेका दुईजना मानिसको चङ्गाइभन्दा तिनीहरूले सुँगुरहरूको बगाललाई मूल्यवान् ठाने।

ज) प्रभु येशूसँग पापहरू क्षमा गर्ने अधिकार छ (मत्ती ९:१-८)

मत्ती ९:१: गेर्गेसिनीहरूले हाम्रा प्रभुलाई इन्कार गरेपछि उहाँ फेरि गालील तालबाट भएर कपर्नहुममा फर्कनुभयो। उहाँ आफ्नो शहरमा आउनुभयो। नासरतका मानिसहरूले उहाँलाई मार्न खोजेपछि कपर्नहुमचाहिँ उहाँको शहर भएको थियो (लूका ४:२९-३१)। यस शहरमा उहाँले आफ्ना सामर्थ्यका कतिपय कामहरू गर्नुभयो।

मत्ती ९:२: चारजना मानिसहरू उहाँकहाँ आए। तिनीहरूले ओछ्यानमा सुतिरहेको एकजना पक्षाघातको रोग लागेको मानिसलाई उहाँकहाँ ल्याए। मर्कूसको सुसमाचारअनुसार भीड़को कारणले तिनीहरू येशूकहाँ आउन सकेनन्। यसैले तिनीहरूले त्यस घरको छाना उघारे, र यस रोगीलाई येशूको सामु झारिपठाए (मर्कूस २:१-१२)। तिनीहरूको विश्वास देखेर उहाँले पक्षाघातको बिरामीलाई भन्नुभयोः **'छोरा, साहस गर! तिम्रा पापहरू तिमीलाई क्षमा भएका छन्।'** याद गर्नुहोस्ः उहाँले *तिनीहरूको* विश्वास देख्नुभयो। विश्वासको कारणले यी मानिसहरूले त्यस बिरामीलाई प्रभु येशूकहाँ ल्याए। अनि 'प्रभु येशूले मलाई निको पार्न सक्नुहुन्छ' भन्ने विश्वास लिएर त्यस बिरामी मानिसले प्रभुको बाटो हेर्दथियो। प्रभु येशूले यस विश्वासको पहिलो प्रतिफलस्वरूप त्यस बिरामी मानिसका पापहरू क्षमा गर्नुभयो। हाम्रा महान् वैद्यले रोगका लक्षणहरूको उपचार गर्नुभन्दा त्यस

रोगको मूलकारण हटाउनुभयो। चङ्गाइभन्दा ठूलो आशिष उहाँले पहिले दिनुभयो। यसबाट एउटा प्रश्न उठ्छः प्रभु येशूले मुक्तिको दान नदिईकन कसलाई निको पार्नुभयो ?

मत्ती ९ः३-५ः जब कति शास्त्रीहरूले प्रभु येशूले त्यस बिरामीका पापहरू क्षमा गर्नुभएको कुरा सुने, तब तिनीहरूले मनमनैमा भनेः 'यस मानिसले ईश्वर-निन्दा गर्छ।' हो नै हो, परमेश्वरले मात्र पापहरू क्षमा गर्न सक्नुहुन्छ। अनि यो निश्चय छः तिनीहरूले उहाँलाई परमेश्वर मानेर ग्रहण गर्नेछैनन्। सर्वज्ञ प्रभुले तिनीहरूका मनका विचारहरू जान्नुभयो, र तिनीहरूलाई तिनीहरूको हृदयको दुष्टता र तिनीहरूको अविश्वासका निम्ति हकार्नुभयो। त्यसपछि उहाँले तिनीहरूलाई सोध्नुभयोः **'कुनचाहिँ सजिलो छ? "तिम्रा पापहरू तिमीलाई क्षमा भए" भन्नु कि "उठ र हिँड़" भन्नु?'** दुईवटा कुरा भन्नु बराबर छन्, तर कुनचाहिँ गर्न सजिलो होला? दुवै कुरा मानिसका निम्ति असम्भव छन्। पापहरूको क्षमा भएको कुरा देखाउन केही पनि लक्षण देखिँदैनथियो, तर 'उठेर हिँड़' भन्ने आज्ञाको नतिजा तुरुन्तै देखिन्थ्यो।

मत्ती ९ः६-७ः प्रभु येशूसँग पृथ्वीमा पापहरू क्षमा गर्ने अधिकार छ (र यही कारणले उहाँले परमेश्वरलाई दिनुपर्ने मान पाउनुपर्नेथियो) भन्ने कुरा शास्त्री-हरूलाई देखाउन उहाँ तिनीहरूको स्तरमा झर्नुभयो र तिनीहरूलाई तिनीहरूले देख्न सक्ने एउटा अचम्मको काम दिनुभयो। त्यस पक्षाघातको रोगीतिर फर्केर उहाँले उसलाई भन्नुभयोः **'उठ, आफ्नो ओछ्यान उठाऊ र घर जाऊ!'**

मत्ती ९ः८ः त्यस बिरामी मानिसलाई आफ्नो ओछ्यान बोकीकन घर गएको देखेर यस कुराले भीड़का मानिसहरूमा दुईवटा भावना पैदा गऱ्योः डर र आश्चर्य। प्रत्यक्ष रूपले ईश्वरीय परिचायक चिन्हको समीपमा तिनीहरूलाई डर भयो। तिनीहरूले मानिसहरूलाई यस्तो सामर्थ्य दिनुहुने परमेश्वरको महिमा गरे। तर तिनीहरूले यस आश्चर्य कर्मको खास अर्थ पटक्कै बुझेनन्। त्यस पक्षाघातको रोगीको देखिने चङ्गाइको एउटै उद्देश्य थियोः त्यो नदेखिने अचम्मको काम – त्यस मानिसका पापहरू क्षमा भएको

कुरा पुष्टि गर्नु थियो। यसबाट तिनीहरूले अझ के बुझ्नुपर्नेथियोः तिनीहरूले जे देखेका थिए, त्यो परमेश्वरले मानिसहरूलाई यस्तो अधिकार/शक्ति दिनुभएको प्रदर्शन होइन रहेछ, तर प्रभु येशू ख्रीष्टमा परमेश्वर स्वयम् तिनीहरूको बीचमा उपस्थित भई आफ्नो व्यक्तिगत पहिचान पो दिनुहुँदो रहेछ। तर तिनीहरूले बुझेनन्।

शास्त्रीहरूको विषयमा हामी पछिका घटनाहरूबाट जान्दछौंः तिनीहरूको अविश्वास र प्रभु येशूप्रतिको घृणाले गर्दा तिनीहरूको हृदय झन्-झन् कठोर हुँदै गयो।

झ) प्रभु येशूले महसूल उठाउने मत्तीलाई बोलाउनुभयो (मत्ती ९ः९-१३)

मत्ती ९ः९ः प्रभु येशूको वरिपरि तनाउ बढ्दै गएको, कसिएको परिवेशमा यहाँ मत्तीले आफ्नो बोलावटको विषयमा सरल ढङ्गमा र नम्र प्रकारले वर्णन गर्छन्। यस बयानले यस क्रमलाई एक क्षण रोकेको छ। मत्ती एक महसूल उठाउने कर्मचारी वा सीमाशुल्क कार्यालयका हाकिम थिए। यहूदीहरूले तिनलाई र तिनका सहकर्मी अफिसरहरूलाई खूब घृणा गर्थे; किनकि तिनीहरूको व्यवहार कुटिल थियो, अनि तिनीहरूले सधैं चाहिँदो-भन्दा अधिक कर उठाउँथे। तर तिनीहरूलाई घृणा गर्ने मुख्य कारण यही थियोः तिनीहरूले रोमी साम्राज्यको चाकरी गर्थे, जुन रोमी सरकारले इस्राएलीहरूमाथि गैर-शासन गर्थ्यो। प्रभु येशू महसूल उठाउने अड्डाबाट भएर जानुभयो; त्यति बेला उहाँले मत्तीलाई भन्नुभयोः **'मेरो पछि लाग !'** तिनको प्रतिक्रिया हेर्नुहोस्ः तुरुन्तै तिनी उठे र उहाँको पछि लागे। तिनले आफ्नो जागिरलाई, त्यस चालिआएको ठग्ने पेशालाई छोड़िहाले र तत्कालै प्रभु येशूको चेला बने। कसैले यस कुराको टिपन गर्दै भनेः 'तिनले यस्तो सुविधापूर्वक जागिरलाई छोड़े, तर तिनले अनन्त लक्ष्य पाए। तिनले राम्रो कमाइ गुमाए, तर तिनले आदरको स्थान प्राप्त गरे। तिनी सुखद भविष्य कबुल गरिने सुरक्षाबाट निक्ले, तर तिनी आफूले सपनामा पनि नदेखेको, पूर्वअनुभव नगरेको साहसकार्य भेट्टाए।' तिनले प्राप्त गरेका इनामहरूमध्ये

एउटाचाहिँ तिनी बाह्र प्रेरितहरूमा गनिए; यो सानो कुरा होइन; अनि तिनले मत्तीको सुसमाचारको पुस्तक लेख्ने सौभाग्य पनि पाए।

मत्ती ९:१०: यहाँ वर्णन गरिएको भोज मत्तीले प्रभु येशूलाई आदर-सत्कार गरेर उहाँका निम्ति लगाएका थिए (लूका ५:२९)। यस प्रकारले तिनले प्रभु येशूलाई मानिसहरूको सामु खुल्लमखुल्ला स्वीकार गरे र इष्टमित्रहरूलाई आफ्ना मुक्तिदातासित परिचय गराए। यसैले जरुरत थियो, कि तिनको भोजमा निम्तो पाएका अतिथिहरूमध्ये महसूल उठाउनेहरू हुनु नै थियो, अनि अरू मानिसहरू पनि थिए, जसलाई सबैले पापीको रूपमा चिन्दथे।

मत्ती ९:११: ती दिनहरूमा टेबलको सामु पलङमाथि आरामसाथ ढल्केर खाने दस्तुर थियो। जब फरिसीहरूले प्रभु येशूलाई यही अवस्थामा ऐरेगैरे-नत्थूखैरेहरूसित बसेर खाइरहनुभएको देखे, तब तिनीहरू उहाँका चेलाहरूकहाँ गए, र उहाँलाई कुसँगत गर्ने आरोप लगाए। कोचाहिँ सच्चा अगमवक्ता हुन सक्छ, जसले पापीहरूसँग खाना खान्छ?

मत्ती ९:१२: प्रभु येशूले यो सुनेर जवाफमा भन्नुभयोः **'निरोगीहरूलाई होइन, तर रोगीहरूलाई डाक्टरको खाँचो पर्दछ।'** फरिसीहरूले आफूलाई आत्मिक स्वस्थ भएका देखे; यसैले 'येशू हामीलाई चाहिँदैन' भन्दै तिनीहरूले उहाँकहाँ आउन र उहाँलाई मान्न चाहेनन्। वास्तवमा तिनीहरू आत्मिक हिसाबले सिकिस्त बिरामी थिए, र तिनीहरूलाई चङ्गाइको एकदम खाँचो परेको थियो। तर यता, महसूल उठाउनेहरू र पापीहरूचाहिँ आफ्नो पापी अवस्था स्वीकार गर्न तयार भए। तिनीहरूले प्रभु येशूबाट मुक्ति ल्याउने अनुग्रहको खोजी गरे। उहाँ पापीहरूसँग बसेर खानुभएको आरोप सही रहेछ। तर उहाँ फरिसीहरूसँग बसेर खाना खानुभएको भए उहाँलाई त्यही दोष लाग्नेथियो, अँ, झन् बढ़ी लाग्नेथियो होला। यस्तो पापी संसारमा प्रभु येशू पापीहरूसँग बसेर नखानुहुँदा हुन् ता उहाँ सधैं एकलै खाना खानुपर्नेथियो। तर एउटा महत्त्वपूर्ण कुरा हामीलाई याद दिलाउनु छः ठीक छ, उहाँ पापीहरूसँग बसेर खाना खानुभएछ, तर यसो गर्दा उहाँले तिनीहरूका खराब आनीबानीमा कहिल्यै आनन्द लुट्नुभएन, न ता कहीं आफ्नो जीवन-

गवाही बिगार्नुभयो । यस अवसरमा उहाँले मानिसहरूलाई पश्चात्ताप गरेर सत्यतामा आउने र पवित्र जीवन अपनाउने बोलावट दिनुभयो ।

मत्ती ९:१३: फरिसीहरूमा आरोप के थियो भने, तिनीहरूले यहूदीहरूको परम्पराअनुसार होशियारसाथ सबै धर्मका कामहरू पूरा गर्थे, तर तिनीहरूको हृदयचाहिँ कठोर, प्रेमरहित र निर्दयी थियो । यसैले प्रभु येशूले तिनीहरूलाई बिदा दिँदै **'म दया चाहन्छु, बलिदान होइन'** भन्ने परमप्रभुको वचनको अर्थ सिक्ने चुनौती दिनुभयो (होशे ६:६) । परमेश्वरले बलि चढ़ाउने विधि-नियमहरू दिनुभयो; त्यसको मतलब यो थिएन, कि भित्री धार्मिकतामा ध्यान दिन छोड़ेर तिनीहरूले सट्टामा केवल यी धर्मका कामहरू पूरा गरून् । परमेश्वर विधिवादी हुनुहुन्न । उहाँ धर्मका कामहरूमा खुशी हुनुहुन्न, जब ती कामहरू व्यक्तिगत भक्तिसित जोड़ेका हुँदैनन् । अनि ठीक त्यही कुरा फरिसीहरूले गरिपठाए । तिनीहरूले व्यवस्था अक्षरशः पूरा गर्थे, तर जसलाई आत्मिक खाँचो परेको थियो, यिनीहरूलाई तिनीहरूले दया देखाउँदैनथे । तिनीहरूको सँगतचाहिँ आफूजस्तै दम्भी मानिसहरूसँग मात्र थियो ।

यता, सट्टामा प्रभु येशूले तिनीहरूको ध्यानमा ल्याएर भन्नुभयोः **'म धर्मीहरूलाई होइन, तर पापीहरूलाई ... बोलाउन आएको हुँ ।'** परमेश्वरले जति दया चाहनुभयो र जुन बलिदान खोज्नुभयो, त्यो सब प्रभु येशूले पूर्णतया पूरा गर्नुभयो । यहाँ भन्न उचित छः यस संसारमा कोही पनि धर्मी मानिस नै छैन; यसकारण उहाँ सबै मानिसहरूलाई पश्चात्ताप गर्नका निम्ति बोलाउन आउनुभयो । तर यसमा विचार गरौंः उहाँको बोलावट तिनीहरूका निम्ति मात्र काम लाग्छ, जसले आफूलाई पापी सम्झन्छन् । प्रभु येशूले ती फरिसीहरूजस्ता घमण्डी, धर्मी र पश्चात्ताप गर्न नचाहने मानिसहरूका निम्ति केही गर्न सक्नुहुन्न । यस्तो रोगका निम्ति कनै चङ्गाइ नै छैन ।

ञ) उपवासको विषयमा प्रभु येशूलाई सोधिएको प्रश्न (मत्ती ९:१४-१७)

मत्ती ९:१४: शायद, यति बेला बप्तिस्मा दिने यूहन्ना भ्यालखानामा परिसकेका थिए । उनका चेलाहरूले एउटा प्रश्न लिएर प्रभु येशूकहाँ आए;

किनकि तिनीहरूचाहिँ घरीघरी उपवास बस्थे, तर उहाँका चेलाहरू उपवासै बसेनन्। तिनीहरूको प्रश्न थियोः **'तपाईंका चेलाहरू किन उपवास बस्दैनन् ?'**

मत्ती ९:१५: प्रभु येशूले प्रश्नको उत्तरमा एउटा दृष्टान्त दिनुभयोः उहाँ आफूचाहिँ दुलहा हुनुहुन्छ, अनि उहाँका चेलाहरू जन्ती हुन्। जबसम्म दुलहा तिनीहरूको साथमा रहनुहुन्छ, तबसम्म तिनीहरूले विलाप गर्ने अर्थात् शोकको रूपमा उपवास बस्ने कुनै कारण छैन। तर एक दिन उहाँ तिनी-हरूबाट लगिनुहुनेथियो; तब उहाँका चेलाहरूले उपवास बस्नेथिए। अनि प्रभु येशू चेलाहरूबाट लगिनुभयोः उहाँको मृत्यु, उहाँको दफनमा; अनि उहाँको स्वर्गारोहणको समयदेखि यता प्रभु येशू शरीरमा उहाँका चेलाहरूको बीचमा उपस्थित हुनुहुन्न। यस जवाफमा प्रभु येशूले चलाउनुभएका शब्द-हरूमा उपवास गर्ने *आज्ञा* हामी पाउँदैनौं। ता पनि निश्चय उहाँले उपवास गर्नलाई *मन्जुरी* दिनुभएको छ। दुलहा कहिल्यै फर्केर आउने हो, यसको बाटो हेर्नेहरू सबैका निम्ति उपवास बस्नुचाहिँ एक उपयुक्त अभ्यास हो।

मत्ती ९:१६: बप्तिस्मा दिने यूहन्नाका चेलाहरूले सोधेको प्रश्नबाट मौका छोपेर प्रभु येशूले हाम्रो ध्यानमा ल्याउनुभयो, कि बप्तिस्मा दिने यूहन्नाको सेवकाइसित पुरानो नियमको युग समाप्त भएको हो; अब 'अनुग्रहको समय'को नाममा एउटा नयाँ युग शुरु हुन लागेको थियो; अनि यी दुईवटा युगका सिद्धान्त र नियमहरूको मिश्रण हुनुहुँदैन। मोशाको व्यवस्था र प्रभु येशूको अनुग्रह लिएर यी दुई कुराबाट एकै मिश्रण गर्न खोज्नेले पुरानो वस्त्रमा नयाँ कपड़ाको टालो टाल्न चाहन्छ। जब यसरी टालिएको वस्त्र धोइन्छ, तब नयाँ कपड़ाको टालो घटिन्छ, र च्यातिएर पुरानो वस्त्रबाट छुट्टिन्छ। तब त्यसको फटाइ झन् खराब हुनेछ। श्री ग्यॅबेलाइन्ले गुनासो गर्दै सही कुरा भन्छन्ः

'यहूदी धर्म मिसिएको इसाई धर्म परमेश्वरको दृष्टिमा घृणित कुरा हो; किनकि यस प्रकारको इसाई धर्मले परमेश्वरको अनुग्रह र प्रभु येशूको सुसमाचार स्वीकार गर्छ, तर मोशाको व्यवस्था पनि पालन गर्न खोज्छ, अनि यसरी धर्मकर्म गरेर धर्मी हुन चाहनेहरूलाई प्रोत्साहन दिन्छ। तर

यस्तो मिश्रित धर्मले बितेको समयका इस्राएलीहरूले गरेका मूर्तिपूजाभन्दा घृणित काम गर्छ।'[ढ]

मत्ती ९:१७: अथवा यस किसिमको मिश्रणचाहिँ पुराना मशकहरूमा नयाँ दाखमद्य हालेको जस्तो हुन्छ। दाखमद्य बनिने बेलामा दाखरसको सन्धानद्वारा जुन दाबचाप पैदा हुन्छ, त्यसले पुराना मशकहरू फुटाउँछ; किनभने ती मशकहरूले लचिला हुन छोड़े। ठीक यस्तै नयाँ दाखमद्यरूपी सुसमाचारमा पाइने जीवन र स्वतन्त्रताले धर्मविधिहरूमा सीमित रहेको व्यवस्थारूपी मशकहरू फटाउँछन्।

प्रभु येशूबाट जुन अनुग्रहको नयाँ युग शुरु भयो, त्यसले तनाउ पैदा गर्छ, यो अनिवार्य हो। रीतिविधिहरूमा सीमित रहेको पुरानो नियमरूपी ढाँचाले प्रभु येशूले दिने आनन्द थाम्न सकेन। यसका निम्ति सबै कुराहरू मिलाउने एउटा नयाँ ढाँचा, एउटा नयाँ नियम हुनुपर्छ। श्री पेटिङ्गिलले यो कुरा स्पष्ट पारेर भन्छन्:

'यसरी नै मसीह राजाले आफ्ना चेलाहरूलाई पुरानो नियम र नयाँ नियमको मिश्रण गर्नुहुँदैन भनेर चेताउनी दिनुभयो। तर के गर्ने? ठीक यही कुरा ख्रीष्टीय जगतभरि नै गरिरहेको पाइन्छ। जहींतहीं मण्डली-हरूमा यहूदी धर्मरूपी पुरानो वस्त्रलाई टालटुल गरियो, अँ, त्यसको रूप बदली गरेर त्यसलाई ग्रहणयोग्य बनाइयो, त्यसपछि त्यस पुरानो वस्त्रलाई 'इसाई धर्म' भन्ने नाम दिइयो। फलस्वरूप त्यो एक अलमल्ल पार्ने मिश्रण बन्यो, जो न यहूदी धर्म, न ता इसाई धर्म हुन्छ। जीवित परमेश्वरमाथि भरोसा गर्नुको सट्टामा त्यो 'धर्म' रीतिविधिहरूजस्ता मरेका कामहरूमा सीमित रहने नकल मात्र भइगयो। सित्तैंमा पाइने मुक्तिरूपी नयाँ दाखमद्य चाहिँ विधिवादरूपी पुराना मशकहरूमा हालिएको छ। अनि यसको नतिजा के भयोः मशकहरू फुटे, र नष्ट भए, अनि दाखमद्य पोखियो। जीवन दिने यो अमूल्य खुराक कहाँ गयो? यो ता पूरा हराएको छ। एकातिर व्यवस्थामा अनुग्रहको शिक्षा मिसाएको हुनाले व्यवस्थाबाट भय उत्पन्न गर्ने गुण हराएको छ भने अर्कातिर अनुग्रहको सुन्दरता र अनुग्रहलाई सुहाउने सद्गुण हराएको छ; किनभने त्यसमा व्यवस्थाका कामहरू मिसाइएका छन्।'[ण]

ट) निको नहुने बिरामीलाई निको पार्ने र मरेको मानिसलाई बौराउने अधिकार (मत्ती ९:१८-२६)

मत्ती ९:१८-१९: प्रभु येशूले पुरानो युग खतम भएको र नयाँ युग शुरु भएको – यस बदलीको विषयमा कुरा गर्दै हुनुहुन्थ्यो; तब एकजना सभाघरका व्याकुल शासक बीचमा आएर बोले; किनकि उनकी छोरी भर्खरै मरेकी थियो। उनले प्रभुलाई दण्डवत् गरे, र उहाँलाई 'आउनुहोस्, र मेरी छोरीलाई फेरि जीवित पार्नुहोस्' भनी विन्ती गरे। यी शासकले प्रभु येशूबाट सहायता खोजेको कुरा विशेष मान्नुपर्छ; अरू यहूदी अगुवाहरू हुँदा हुन् ता आफ्ना सँगीहरूबाट गिल्ला र निन्दा पाउने डरले यसो गर्न डराउनेथिए। प्रभु येशूले उनको विश्वासको कदर गर्नुभयो, र आफ्ना चेलाहरूलाई लिएर ती शासकको घरतिर लाग्नुभयो।

मत्ती ९:२०: फेरि कोही बीचमा आयो। यस पाली बाह्र वर्षदेखि रगत बहने रोग लागेकी एउटी स्त्री बीचमा पसी। काम गर्ने क्रम भङ्ग गर्ने कुराहरू आइपर्दा प्रभु येशूले कहिल्यै झर्को मान्नुहुन्नथियो। उहाँ सधैं सन्तुलित हुनुहुन्थ्यो; जोसुकै मानिस जहिले पनि उहाँकहाँ जान सकिन्थ्यो।

मत्ती ९:२१-२२: वैद्यविद्याजस्तो चिकित्सा विज्ञानले फेल खायो, र त्यस स्त्रीलाई निको पार्न सकेन; वास्तवमा, उसको हालत झन्-झन् खराब हुँदै गइरहेको थियो (मर्कूस ५:२६)। अन्तिम अवस्थामा उसले प्रभु येशूलाई भेटी, अथवा शायद उसले उहाँलाई भीड़ले घेरिरहेको स्थितिमा देखी। 'उहाँ मलाई निको पार्न सक्षम र इच्छुक हुनुहुन्छ' भन्ने विश्वास बोकेर उसले भीड़को बीचबाट चिरेर उहाँको वस्त्रको किनार छोई। साँचो विश्वास प्रभुको सामु लुक्न सक्दै सक्दैन। उहाँ ऊतिर फर्कनुभयो र उसलाई भन्नुभयोः **'छोरी साहस गर, तिम्रो विश्वासले तिमीलाई निको पारेको छ।'** त्यही घड़ीमै त्यो स्त्री निको भई; बाह्र वर्षपछि ऊ फेरि निको भई। प्रभुको स्तुति होस्!

मत्ती ९:२३-२४: अब फेरि आयो उही शासकको कुरा, जसकी छोरी मरेकी थियो। जब प्रभु येशू यी शासकको घरमा आइपुग्नुभयो, तब विलाप

गर्नेहरू रोइरहेका थिए। तिनीहरूको पेशा यस्तो थियो; यसैले तिनीहरूले गरेको कामलाई 'बनावटी विलाप' भन्न मिल्छ, जसरी एकजनाले सुझाउ दिएका छन्। प्रभु येशूले मरेकी केटी भएको यो कोठा खाली गर्न आदेश दिनुभयो, र त्यति खेर भन्नुभयोः **'ठिटी मरेकी छैन, सुतिरहेकी छ।'** प्रायः सबै बाइबल प्रेमीहरूले विश्वास गर्छन्ः प्रभुले 'ठिटी सुतिरहेकी छ' भन्नुभएको शब्दको अर्थ 'ठिटी मरेकी छ' भनेको हो। कतिले भन्छन्ः 'होइन, ऊ ता बेहोस मात्र थिई।' जे भए पनि, यूहन्ना ११:११-१४ पदले पुष्टि गर्छन्, कि 'सुतेको छ' वा 'निदाएको छ' भन्नुको अर्थ 'मरेको छ' भन्नु हो। त्यस ठिटीको बुवा र त्यहाँ उपस्थित भएका सबै मानिसहरूलाई हामीले सोध्यौं भने तिनीहरू सबैको राय एउटै होः 'त्यो केटी मरी!' सॅर रोबर्ट एन्डर्सन् किन नहोऊन्, त्यो मानिस को हो, जसले भन्छः 'ऊ मरिन; ऊ केवल अचेत थिई'?

मत्ती ९:२५-२६ः प्रभु येशू कोठाभित्र पस्नुभयो, र त्यस ठिटीको हात समात्नुभयो, तब आश्चर्य कर्म भइहाल्योः त्यो ठिटी उठी। एकै क्षणमा त्यस मुलुकभरि नै यस अचम्मको कामको समाचार फैलियो।

ठ) अन्धा मानिसहरूलाई दृष्टि-दान दिने प्रभु येशूको अधिकार (मत्ती ९:२७-३१)

मत्ती ९:२७-२८ः प्रभु येशूले शासकको घरलाई छोड्नुभएको र त्यहाँबाट हिँड्न लाग्नुभएको समयमा दुई अन्धा मानिसहरूले 'दृष्टि पाऔं' भनेर विन्ती गर्दै उहाँको पछि-पछि आए। तिनीहरूको शरीरका आँखाहरू अन्धा थिए, तर तिनीहरूको मनका आँखाहरू आत्मिक छानबिन गर्नलाई चनाखा थिए। तिनीहरूले प्रभु येशूलाई 'दाऊदका पुत्र'को नामले सम्बोधन गरे। यसर्थ तिनीहरूले उहाँ धेरै समयअघिदेखि बाटो हेरेका मसीह र इस्राएलका राजा हुने अधिकार भएका व्यक्ति हुनुहुन्छ भनी मानिलिए। तिनीहरूलाई थाहा थियोः जब मसीह आउनुहुन्छ, तब उहाँले अन्धाहरूका आँखाहरू खोलिदिनुहुनेछ; मसीहको एक चिनारी यही हुनेछ (यशैया ६१:१-२ र लूका ४:१८-१९)। प्रभु येशूले तिनीहरूको विश्वासको जाँच

गर्दै तिनीहरूलाई सोध्नुभयोः **'के म यो गर्न सक्छु भनी तिमीहरू विश्वास गर्छौ ?'** हिचकिच नगरी तिनीहरूले तुरुन्तै जवाफ दिएः **'ज्यू, प्रभु !'**

मत्ती ९:२९-३०: तब महान् वैद्यले तिनीहरूका आँखाहरू छुनुभयो र भन्नुभयोः **'तिमीहरूको विश्वासअनुसार यो भइहालोस् !'** विश्वासको फलस्वरूप तिनीहरूले देख्नेछन् भन्ने कुरा उहाँले तिनीहरूलाई निश्चित गराउनुभयो । तत्कालै तिनीहरूका आँखाहरू देख्ने भए ।

मानिसको यो भनाइ छः 'देख्नु नै विश्वास गर्नु हो ।' तर परमेश्वरले भन्नुहुन्छः 'तिमीले विश्वास गरयौ भने देख्नेछौ ।' प्रभु येशूले मार्थालाई भन्नुभयोः ***'तिमीले विश्वास गरयौ भने तिमीले परमेश्वरको महिमा देख्नेछौ'*** (यूहन्ना ११:४०) । हिब्रू ११:३ पदले भन्छः ***'विश्वासद्वारा हामी बुझ्नेछौं ।'*** प्रेरित यूहन्नाले भन्छन्ः ***'मैले तिमीहरूलाई, अर्थात् परमेश्वरका पुत्रको नाममाथि विश्वास गर्नेहरूलाई ... लेखेको छु, कि ... तिमीहरूलाई थाहा होस् !'*** (१ यूहन्ना ५:१३) । पहिले अचम्मको काम देखेर मात्र पत्याउने विश्वाससँग परमेश्वर प्रसन्न हुनुहुन्न । हामी उहाँमाथि विश्वास गर्छौं; किनभने उहाँ परमेश्वर हुनुहुन्छ; यसको अरू कुनै कारण छैन । यस प्रकारको विश्वास परमेश्वर हामीमा देख्न चाहनुहुन्छ ।

प्रभु येशूले तिनीहरूलाई कड़ा आज्ञा गर्नुभयोः **'यो कुरा कसैले थाह नपाओस् !'** उहाँले किन यसो आज्ञा गर्नुभयो होला ? मत्ती ८:४ पदको टिप्पणी गर्दा हामीले भन्यौंः यसको कारण यो हुन सक्छः धेरै मानिसहरूले उहाँलाई राजा तुल्याउन चाहन्थे; यस्तो अकालिक आन्दोलनलाई उहाँले प्रोत्साहन दिन चाहनुभएन । मानिसहरूले अझ पश्चात्ताप गर्दैनथे । जबसम्म तिनीहरूले नयाँ जन्म पाएनन्, तबसम्म उहाँले तिनीहरूमाथि राज्य गर्न सक्नुहुन्नथियो; र उहाँ आफूचाहिँ पहिलो क्रूसमा चढ़ाइनुपर्छ भन्ने कुरा उहाँले जान्नुभएको थियो । प्रभु येशूको नाममा मच्चिने क्रान्तिले रोमी सरकारको भयानक बदला यहूदीहरूको थाप्लोमा फर्काएर ल्याउनेथियो । त्यसबाहेक, राजाको रूपमा राज्य गर्नुभन्दा पहिले प्रभु येशू क्रूसमा उचालिनुपरेको थियो । गोलगथा जाने बाटोमा उहाँलाई बाधा दिने जेसुकै कुरा किन नहोस्, त्यो ता उहाँका निम्ति परमेश्वरको पूर्वयोजनाको विरोध गर्ने ठेसको कारण हुनेथियो ।

मत्ती ९ः३१ः दृष्टि पाएकोमा आभारले भुइँमा खुट्टा नभएका यी दुई मानिसहरूले अचम्म रीतिले आफू कसरी निको भए, सो समाचार त्यस मुलुकभरि नै फैलाए। तिनीहरूको उल्लासित गवाही समर्थन गरौं कि, वा तारिफ गरौं कि भन्ने परीक्षामा पर्न सकिन्छ। तर सख्त तथ्य के छ भने, अबुझ भएर तिनीहरूले प्रभुको आज्ञा उल्लङ्घन गरे, र वास्तवमा, यसरी तिनीहरूले प्रभुलाई सहायता गरेनन्, तर बरु उहाँको सेवकाइमा हानि पुऱ्याए। किनभने तिनीहरूले मानिसहरूमा कुतूहल मात्र उक्साए, जो पवित्र आत्माबाट पैदा भएको जिज्ञासो थिएन। कृतज्ञता पनि आज्ञा उल्लङ्घन गर्ने निहुँ हुनुहुँदैन।

ड) प्रभु येशूको बोली दिने अधिकार (मत्ती ९ः३२-३४)

मत्ती ९ः३२ः मत्ती नौ अध्यायको यस खण्डमा प्रभु येशूले पहिले मरेकी ठिटीलाई जीवन दिनुभयो, अन्धाहरूलाई दृष्टि दिनुभयो र अब गुँगो मानिसलाई बोली दिनुहुन्छ। यी आश्चर्य कर्महरूमा हामी एउटा आत्मिक क्रम देख्छौंः पहिले जीवन पाउनुपर्छ, त्यसपछि समझ पाउँछौं र तब प्रभुको बोल्ने गवाही बन्छौं।

यहाँ एउटा दुष्ट आत्माले त्यस मानिसलाई पक्रेर उसलाई गुँगो तुल्याएको थियो। कसैले त्यस दुष्ट आत्मा लागेको मानिसको वास्ता गरेर उसलाई प्रभु येशूकहाँ ल्यायो। परमेश्वरले ती नाम अज्ञात भएका महानुभावहरूलाई आशिष दिऊन्, जसले अरू मानिसहरूलाई येशूकहाँ ल्याए, र अझ ल्याउँछन्, जो यसरी उहाँका उपयोगी औजार बनेका छन्।

मत्ती ९ः३३ः दुष्ट आत्मा निकालिएपछि त्यो गुँगो बोल्यो। हामीले यस्तो अनुमान लगाउन सक्छौंः निश्चय फेरि पाएको त्यो बोल्ने क्षमता लिएर उसले अब परमेश्वरको उपासना गर्नेथियो, साथै यही व्यक्तिको नाममा साक्षी दिन प्रयोग गर्नेथियो, जसले उसमाथि टिठ्याएर उसलाई निको पार्नुभयो। छक्क परेर भीड़का मानिसहरूले मानिलिएः इस्राएल जातिले अघि कहिल्यै नदेखेका आश्चर्य कर्महरू देख्दैछ!

मत्ती ९ः३४ः तर फरिसीहरूले येशूको विषयमा भनेः 'यसले ता दुष्ट आत्माहरूको शासकद्वारा दुष्ट आत्माहरू निकाल्छ।' यही कुरा नै

प्रभु येशूले पछिबाट 'कहिल्यै क्षमा नगरिने पाप' भन्नुभयो (मत्ती १२:३२)। यसैले बुझ्नुहोस्: प्रभु येशूले पवित्र आत्माको शक्तिद्वारा गर्नुभएका अचम्मका कामहरूको विषयमा 'ती ता शैतानको शक्तिले गरिएका हुन्' भन्नुचाहिँ पवित्र आत्माको विरोधमा गरिएको निन्दा हो। एकातिर, धेरै मानिसहरू प्रभु येशूको चङ्गाइ दिने स्पर्शद्वारा आशिषित भए; अर्कातिर ती फरिसीहरूचाहिँ आत्मिक हिसाबले मुर्दा रहिरहे, अँ, अन्धा र गुँगा भइरहे।

६) मत्ती ९:३५-१०:४२: मसीहका बाह्र प्रेरितहरू इस्राएल जातिकहाँ पठाइए

क) कटनी गर्ने खेतालाहरूको खाँचो (मत्ती ९:३५-३८)

मत्ती ९:३५: 'गालीलको भ्रमणको तेस्रो परिक्रमा' भन्ने नामले चिनिएको खण्ड यस पदबाट शुरु हुन्छ। प्रभु येशू सबै शहर र गाउँहरूहुँदो यात्रा गर्दै हुनुहुन्थ्यो; उहाँले जहाँ पनि परमेश्वरको राज्यको सुसमाचार प्रचार गर्नुहुन्थ्यो। उहाँ नै इस्राएलका राजा हुनुहुन्थ्यो, अनि यदि इस्राएल जातिले पश्चात्ताप गऱ्यो र उहाँलाई राजाको रूपमा मानिलियो भने येशूले तिनीहरूमाथि राज्य गर्नुहुनेथियो – राज्यको सुसमाचारको प्रचार गरिएको मतलब यो थियो। यही समयमा इस्राएल जातिलाई सद्भावनाले यो प्रस्ताव गरियो। इस्राएल जातिले यो प्रस्ताव स्वीकार गरेको भए केकसो हुनेथियो, सो हामी जान्दैनौं। पवित्र बाइबल यसको विषयमा चुप रहेको छ। तर हामीलाई थाह छः परमेश्वरले सबै युगका मानिसहरूका पापहरू क्षमा गरेर तिनीहरूलाई धर्मी ठहऱ्याउने आधार उहाँलाई अझ खाँचो परेको थियो। यसो गर्नलाई प्रभु येशूले एउटा धार्मिक आधारको प्रबन्ध गर्नुपरेको थियो; यसका निम्ति उहाँ अझ क्रूसमा मर्नु थियो।

प्रभु येशूले शिक्षा दिनुहुन्थ्यो र सुसमाचार प्रचार गर्नुहुन्थ्यो, अनि हर प्रकारका रोगहरू निको पार्नुहुन्थ्यो। मसीहको पहिलो आगमनलाई चिनाउने लक्षणहरू यी अचम्मका कामहरू थिए, जो उहाँले नम्र भई

अनुग्रहसाथ देखाउनुभयो; उहाँको दोस्रो आगमनमा पनि अचम्मका कामहरूले उहाँलाई चिनाउनेछन्, तर त्यति बेला उहाँले तिनलाई पूरा शक्ति र ठूलो महिमाको साथ देखाउनुहुनेछ। हिब्रू ६:५ पदले यसलाई भन्छः 'आउँदो युगका सामर्थ्यहरूको स्वाद'।

मत्ती ९:३६: जब प्रभु येशूले क्लान्त र असहाय इस्राएली जातिका भीड़का मानिसहरूमाथि नजर लगाउनुभयो, तब उहाँले तिनीहरूलाई गोठाला नभएका भेड़ाहरूलाई झैं देख्नुभयो। उहाँको विशाल हृदयभरिको दयाको प्रवाह तिनीहरूतिर बगेर गयो। अहो, हराइरहेका र मरिरहेका आत्माहरूको आत्मिक अवस्था देखेर हामीलाई कहिल्यै ऐया आत्था लाग्ला, कहिल्यै तिनीहरूको भलाइका निम्ति हामीमा बोझ आउला, कहिल्यै हाम्रो मनमा ढाड़स जाग्ला? हामी निरान्तर निम्न प्रार्थना गर्नुपर्छः

'मेरा प्रभुले गर्नुभएझैं म पनि मेरा आँखाहरू आँसुले धुँधला नपरुन्जेल,
भीड़ैभीड़का मानिसहरूमाथि नजर लगाइराखूँ!
बरालिएका ती भेड़ाहरूलाई टिठ्याउने दृष्टिले हेर्न पाऊँ!
र प्रभुलाई प्रेम गरेकोले उहाँकै प्रेमले तिनीहरूलाई प्रेम गर्न सकूँ!'

मत्ती ९:३७: आत्मिक फसल काट्ने ठूलो काम गर्नु छ; तर खेतालाहरू थोरै छन्। आजको दिनसम्म यही समस्या भइरहेको छ। हुन सक्छ, खाँचो सधैं कामदारीहरूरूपी प्रभुको फौजले गर्न सक्ने क्षमता-भन्दा ठूलो देखिन्छ।

मत्ती ९:३८: प्रभु येशूले आफ्ना चेलाहरूलाई प्रार्थना गर्ने आदेश दिएर भन्नुभयोः **'फसलका प्रभुलाई, उहाँले आफ्नो फसलमा खेतालाहरू पठाइदिऊन् भनी प्रार्थना गर!'** याद गर्नुहोस्ः खाँचो र बोलावट एउटै कुरा होइन। खेतालाहरूलाई नपठाएसम्म तिनीहरू जानुहुँदैन।

प्रभु येशू, परमेश्वरका पुत्रले मलाई घोर अन्धकारले छाया परेका देशहरूमा पठाउनुभएको हो;
मेरो यो महान् नियुक्त उहाँले गर्नुभयो, जसका हातहरूमा कीलाहरू ठोकिएका थिए। *गेर्हार्ड टेर्स्टेगन्*

प्रभु येशूले फसलका प्रभु को हुनुहुन्छ, सो भन्नुभएन। कतिले अनुमान गर्छन्, कि पवित्र आत्मा फसलका प्रभु हुनुहुन्छ। तर मत्ती १०:५ पदमा प्रभु येशू स्वयम्ले आफ्ना चेलाहरूलाई पठाउनुहुन्छ। यसैबाट स्पष्ट हुन्छः उहाँ उही फसलका प्रभु हुनुहुन्छ, अनि सारा संसारमा सुसमाचार प्रचार गर्ने सम्बन्धमा चढ़ाइने हाम्रा विन्तीप्रार्थनाहरू उहाँलाई नै चढ़ाउनुपर्छ।

ख) बाह्र चेलाहरूको बोलावट (मत्ती १०:१-४)

मत्ती १०:१: नौ अध्यायको अन्तिम पदमा प्रभु येशूले आफ्ना चेलाहरूलाई बढ़ी खेतालाहरूका निम्ति प्रार्थना गर्ने आदेश दिनुभयो। जसले इमानदारपूर्वक यस प्रकारको विन्ती चढ़ाउन चाहन्छ, ऊ आफूचाहिँ जान तयार रहनुपर्छ। यहाँ प्रभु येशूले आफ्ना बाह्र चेलाहरूलाई बोलाउँदै हुनुहुन्छ। पहिले उहाँले उनीहरूलाई छान्नुभयो, तर अब उहाँ उनीहरूलाई इस्राएली जातिलाई सुसमाचार सुनाउने विशेष धावाका निम्ति बोलाउँदै हुनुहुन्छ। बोलावटको साथमा उनीहरूलाई अशुद्ध आत्माहरू निकाल्ने र हर किसिमका रोगहरू निको पार्ने अधिकार पनि दिइयो। प्रभु येशूको अद्वितीय विशेषता यहाँ देखा पर्दछः अरू मानिसहरूले पनि आश्चर्य कर्महरू गरे, तर प्रभु येशूले बाहेक अरू कनै व्यक्तिले कहिल्यै अचम्मको काम गर्ने आफ्नो अधिकार अरू मानिस-हरूलाई दिएन।

मत्ती १०:२-४: बाह्र प्रेरितहरू यी हुन्ः

१) **शिमोन,** जसको उपनाम पत्रुस थियो। उनी उत्तेजित, उदारचेता र दयालु थिए। उनमा एक अगुवा जन्मिए।

२) **अन्द्रियासचाहिँ** शिमोन पत्रुसको दाजु थिए। बप्तिस्मा दिने यूहन्नाले तिनलाई प्रभु येशूको परिचय गराइदिए (यूहन्ना १:३६ र ४०)। त्यसपछि तिनले आफ्नो भाइ पत्रुसलाई उहाँकहाँ ल्याए। पछि पनि तिनले अरू मानिसहरूलाई प्रभुकहाँ ल्याउने काम गरिरहन्थे। तिनको विशेषता यसैमा थियो।

३) जब्दीका छोरा याकूब। पछि राजा हेरोदले उनलाई मारे (प्रेरित १२:२)। बाह्रजनामध्ये पहिलो शहीद उनी नै भए।

४) याकूबका भाइ यूहन्ना। तिनी पनि जब्दीका छोरा थिए। तिनी त्यही चेला थिए, जसलाई येशूले प्रेम गर्नुहुन्थ्यो। तिनले यूहन्नाको सुसमाचार, यूहन्नाका तीनवटा पत्रहरू र प्रकाशको पुस्तक लेखे।

५) फिलिप। यिनी बेथसैदाका थिए। यिनले नथनएललाई प्रभुकहाँ ल्याए। नयाँ नियममा दुईजना फिलिप छन्; प्रेरितको पुस्तकको फिलिप, जो सुसमाचारको प्रचारक थिए, उनी अर्को फिलिप हुन्।

६) बार्थोलोमाइ। जनविश्वासअनुसार तिनी नथनएल थिए, जसमा प्रभु येशूले कुनै छल पाउनुभएन (यूहन्ना १:४७)।

७) थोमा। तिनको उपनाम 'दिदिमस' थियो, जसको अर्थ 'जुम्ल्याहा' हो। तिनलाई 'शङ्का गर्ने थोमा'को नाममा पनि चिनिन्छ; किनकि प्रभु येशूको पुनरुत्थान भएको कुरामा शङ्का गर्ने तिनी हुन्। तर तिनको शङ्का हटेपछि तिनले प्रभु येशूलाई 'मेरा प्रभु, मेरा परमेश्वर!' भनेर स्वीकार गरे (यूहन्ना २०:२८)।

८) मत्ती। तिनी महसूल उठाउने कर्मचारी थिए, जसले पछि मत्तीको सुसमाचार लेखे।

९) अल्फयसका छोरा याकूब। उनको विषयमा हामी अरू केही निश्चित जान्दैनौं।

१०) थेद्देयस उपनाम भएका लेब्बेयस। तिनको अर्को नाम याकूबका भाइ यहूदा हो (लूका ६:१६)। यूहन्ना १४:२२ पदमा तिनले भनेका शब्दहरूको एकमात्र बयान लेखिएको छ।

११) शिमोन कनानी। उनलाई जेलोतेस भनिने शिमोनको नाम पनि दिइन्थ्यो (लूका ६:१५)। जेलोतेसको अर्थ 'जोशिलो' हो।

१२) यहूदा इस्करियोती। तिनले हाम्रा प्रभुलाई विश्वासघात गरेर सुम्पिदिए।

प्रभुको बोलावट पाएको समयमा यी चेलाहरूको उमेर शायद बीस-तीस वर्षभित्रको थियो। उनीहरू किसिम-किसिमका कामधन्धाका मानिसहरू थिए; यी जवानहरूसँग सामान्य क्षमता थियो। उनीहरूको खास महानता प्रभु येशूसित रहिरहेको सम्बन्धमा निर्भर थियो।

ग) इस्राएली जातिको बीचको सुसमाचार प्रचार धावा (मत्ती १०:५-३३)

मत्ती १०:५-६: यहाँ प्रचार गर्ने विशेष धावाको सम्बन्धमा चेलाहरूलाई दिनुभएका शिक्षाहरू प्रस्तुत गरिएका छन्। यो घटना र सत्तरीजनालाई पठाइएको कुरा (लूका १०:१), अनि मत्ती २८:१९-२० मा दिइएको महान् आज्ञा अलग-अलग कुराहरू हुन्। तिनको खिचड़ी गर्नुहुँदैन। यहाँको चाहिँ एउटा अल्पकालीन प्रचार-धावा थियो। यसको विशेष उद्देश्य स्वर्गको राज्य नजिकै आइसकेको सूचना दिनु थियो। हुन त होः यस अध्यायमा दिइका कति नियमहरू सबै युगमा जिउने परमेश्वरका जनहरूका निम्ति मूल्यवान् छन्, र लागू हुन्छन् भने कति नियमहरू प्रभु येशूले पछिबाट खारिज गर्नुभयो (लूका २२:३५-३६)। यसर्थ ती नियमहरू अस्थाही थिए।

पहिले, कुन बाटो भएर जानुपर्ने हो, सो उनीहरूलाई बताइयो। उनीहरू अन्यजातिहरूकहाँ जानुहुँदैनथियो, न ता सामरीहरूकहाँ जानु थियो। सामरीहरूचाहिँ यहूदीहरूद्वारा घृणा गरिएको मिश्रित जाति थिए। त्यस बेला उनीहरूको सेवाक्षेत्र इस्राएलको घरानाका हराएका भेड़ाहरूमा सीमित थियो।

मत्ती १०:७: उनीहरूको सन्देशचाहिँ 'स्वर्गको राज्य नजिकै आएको' घोषणा थियो। इस्राएल जातिले सन्देश ग्रहण गरेन, तर इन्कार गऱ्यो भने तिनीहरूको कुनै बहाना रहनेछैन; किनकि यो राजकीय घोषणा विशेष गरी तिनीहरूकहाँ आएको थियो। परमेश्वरको राज्य कुन हिसाबले नजिकै आएको थियो? मसीह राजा आउनुभएको थियो। इस्राएलको घरानाका मानिसहरूले निर्णय गर्नुपर्थ्योः उहाँलाई ग्रहण गरौं कि नगरौं?

मत्ती १०:८: उनीहरूको सन्देश पुष्टि गर्ने सिफारिस केले गर्ने? उनीहरूलाई अधिकार दिइयोः उनीहरूले बिरामीहरूलाई निको पार्ने, कोरीहरूलाई शुद्ध पार्ने, मरेकाहरूलाई बिउँताउने[ग] र दुष्ट आत्माहरू निकाल्ने आदेश पाए। यहूदीहरूको माग चिन्हहरू थियो (१ कोरिन्थी १:२२); यसैले परमेश्वरले तिनीहरूलाई चिन्हहरू दिनुभयो। उहाँ आफ्नो अनुग्रहमा तिनीहरूको माग पूरा गर्न झुक्नुभयो।

पारिश्रमिकको विषयमा प्रभुको शिक्षा यस प्रकारको थियोः चेलाहरू प्रभुका प्रतिनिधिहरू भएका नाताले उनीहरूले आफ्नो सेवाका निम्ति कुनै दाम लिनुहुँदैनथियो। उनीहरूलाई यी आशिषहरूका निम्ति कुनै दाम परेन; यसैले उनीहरूले यी आशिषहरू कुनै मूल्यविना, सित्तैंमा दिनुपर्थ्यो।

मत्ती १०:९-१०: यात्राका निम्ति उनीहरूले अघि कुनै प्रबन्ध गर्नुपर्दैनथियो। उनीहरू आफूचाहिँ यहूदी थिए; उनीहरू यहूदी मानिसहरूकहाँ प्रचार गर्न गइरहेका थिए। खेताला आफ्नो भोजनको योग्य हुन्छ भन्ने सिद्धान्त यहूदीहरूको बीचमा चल्ती थियो। यसैले उनीहरूले सुन, चाँदी, तामा, अनि झोला, दुईवटा दौरा, जुत्ताहरू वा लौराहरू आदि बोक्ने आवश्यकता परेन। 'जुत्ताहरू' र 'लौराहरू' भनेको अर्थ शायद आफूले लगाइराखेका जुत्ताबाहेक फाल्तू जुत्ता नबोक्नु भनेको थियो होला; अनि आफूसित एउटा लौरो छ भने त्यही नै बोक्नु भन्न खोजेको होला (मर्कूस ६:८)। यसो भन्दाखेरि प्रभुको विचार के थियो भने, उनीहरूको खाँचो जसरी दिनहुँ उनीहरूमाथि आइपर्थ्यो, त्यसरी नै दिन प्रतिदिन उनीहरूको खाँचो पूरा गरिन्थ्यो।

मत्ती १०:११: वास बस्नलाई उनीहरूको प्रबन्ध के थियो? जब उनीहरू कुनै शहर वा गाउँमा पस्थे, तब उनीहरूले यस्ता योग्य व्यक्तिलाई खोज्नुपर्थ्यो, जसले उनीहरूलाई प्रभु येशूका चेलाहरूको नाममा ग्रहण गरेर उनीहरूको अतिथि-सत्कार गर्नेथिए र खुला हृदयले उनीहरूको सन्देश सुन्नेथिए। जुन बेला उनीहरूले यस्ता योग्य व्यक्तिलाई भेट्टाउँथे, त्यस बेलादेखि त्यस शहरमा रहुन्जेल उनीहरू

तिनीसँग बस्नुपर्थ्यो, र कतै त्यसभन्दा सुविधा भएको ठाउँ भेट्टाउँदाखेरि पनि उनीहरूले त्यहाँबाट बसाइ सार्नुहुँदैनथियो ।

मत्ती १०:१२-१४: कुनै घरका मानिसहरूले प्रभुका चेलाहरूलाई स्वागत गरे भने उनीहरूले त्यस परिवारलाई अभिवादन गर्नु थियो । अभिवादन गर्नुको अर्थ भद्र भई सत्कार गरिएकोमा आफ्नो आभार प्रकट गर्नु हो । अर्कातिर, जुन घरका मानिसहरूले उनीहरूलाई प्रभुका सन्देशवाहकको रूपमा स्वागत गरेनन्, तिनीहरूका निम्ति उनीहरूले 'तिमीहरूमाथि परमेश्वरको शान्ति आओस्' भनेर प्रार्थना गर्नुपर्दैनथियो, अर्थात् त्यस परिवारका निम्ति मङ्गलकामना रूपी आशीर्वादको वचन घोषणा गर्नुपर्दैनथियो । यति मात्र होइन, उनीहरूले आफ्ना पाउका धूला टकटक्याएर तिनीहरूप्रति परमेश्वरको बेखुशी गम्भीर रूपले देखाउनुपर्थ्यो । जुन परिवारले प्रभुका चेलाहरूलाई ग्रहण गरेनन्, तिनीहरूले प्रभु येशूलाई नै इन्कार गर्नेथिए ।

मत्ती १०:१५: यस्तो तिरस्कारको बारेमा प्रभु येशूले चेताउनी दिएर भन्नुभयोः 'न्यायको दिनमा सदोम र गमोराको विकृत दुष्टताको दण्डभन्दा तिरस्कार गर्नेको दण्डचाहिँ सहन नसकिने हुनेछ ।' यस भनाइले पुष्टि गर्छः नरकमा दण्ड फरक-फरक हुनेछ, कम वा बढ़ी हुनेछ; नत्र ता कसैका निम्ति दण्ड सहन सकिने, कसैका निम्ति दण्ड सहन नसकिने, यो कसरी हुन्छ त ?

मत्ती १०:१६: यस खण्डमा प्रभु येशूले आफ्ना चेलाहरूलाई सल्लाह दिँदै उनीहरूले सतावटको सामना गर्दा कस्तो व्यवहार देखाउनुपर्छ, सो कुरा सिकाउनुभयो । उनीहरू ब्वाँसाहरूको बीचमा भेड़ाझैं हुनेछन्, अँ, उनीहरू दुष्ट पापी मानिसहरूको घेराउमा पर्नेछन्, जसले उनीहरूलाई नष्ट गर्न खोज्दैछन् । उनीहरू साँपहरूजस्ता चतुर हुनु थियो, अर्थात् उनीहरूले कसैलाई नचाहिँदा बाधाहरू दिनुहुँदैनथियो; अँ, कसैले उनीहरूलाई छल गरेर यस्ता खतरा परिस्थितिहरूमा हाल्न नपाओस्, जहाँ उनीहरूले आफ्नो विश्वासलाई इन्कार गर्नुपर्नेथियो । उनीहरू ढुकुरहरूझैं सोझा हुनु थियो, अर्थात् उनीहरूले धर्मात्माको

चरित्र र निष्कपट विश्वासरूपी हातहतियार धारण गरेर सुरक्षित रहनुपर्थ्यो ।

मत्ती १०:१७: तर उहाँका चेलाहरू विश्वास नगर्ने यहूदी मानिसहरूसँग होशियार बस्नुपर्थ्यो, जसले उनीहरूलाई आदलतहरूमा घिस्स्याएर लैजानेथिए र उनीहरूलाई तिनीहरूका सभाघरहरूमा कोर्रा लाउनेथिए। यसर्थ सरकारको पक्ष र धर्मको पक्ष – दुवै पक्षबाट उनीहरूमाथि हमला आइपर्नेथियो ।

मत्ती १०:१८: प्रभु येशूको खातिर उनीहरू शासकहरू र राजाहरूको सामु घिसारिनेछन् । तर 'मानिसको दुष्टतामाथि परमेश्वरको सफलता' भनेझैं मानिसहरूका सबै दुष्ट युक्तिहरूमाथि परमेश्वरको योजनाको जित हुनेछ। उहाँका चेलाहरूले हार खाएको घड़ीमा उनीहरूले शासकहरू र अन्यजातिका मानिसहरूको सामु प्रभुको गवाही दिने अनुपम सौभाग्य पाउनेछन् । परमेश्वरले जे पनि गर्नुहुन्छ, त्यो सब भलाइका निम्ति गर्नुहुन्छ। बितेको समयमा सरकारी उच्च पदाधिकारीहरूका हातबाट इसाईहरूले धेरै किसिमको कष्ट सहनुपर्‍यो, तर 'तिमीहरू शासकहरू र राजाहरूको सामु घिसारिनेछौ' भन्ने शिक्षाबाट उच्च अधिकारीवर्गहरूलाई धेरै आत्मिक लाभ भएको छ; प्रभुको अरू कुनै शिक्षाबाट तिनीहरूलाई यति मद्दत भएकै छैन ।

मत्ती १०:१९-२०: उनीहरूको मुद्दाको जाँच गरिएको बेलामा उनीहरूले जवाफमा के भुन्नुपर्ने हो, सो पूर्वाभ्यास गर्नुपर्दैन। उत्तर दिनुपर्ने बेलामा परमेश्वरको आत्माले उनीहरूलाई यस्तो दिव्य बुद्धि दिनुहुन्छ कि उनीहरूले प्रभु येशूको महिमा गर्ने किसिमले जवाफ दिनेछन्, जसबाट वादीहरू पूरा विफल हुनेछन्, अँ, अलमल्ल परेर पूरा लज्जित हुनेछन् । १९ पदको व्याख्या गर्दा दुईवटा अचाक्ली गल्ती गर्नुहुँदैनः एक, विश्वासीहरूले प्रवचनको तयारी गर्नुपर्दैन भन्ने भूलधारणा लिनुहुँदैन। दुई, यहाँ, यी पदमा जे बताइएको छ, त्यो अब हाम्रो समयमा लागू हुँदैन भन्ने भूलविचार अपनाउनुहुँदैन। सुअवसरमा उपयुक्त प्रवचन दिन सकूँ भनेर प्रार्थनामा परमेश्वरको उपस्थितिको

खोज गर्नु जुनै प्रचारकका निम्ति उपयोगी र अनिवार्य पनि हो । तर सत्य कुरा के हो भने, आपदविपादमा परेको समयमा सबै विश्वासीहरूले 'परमेश्वरले मलाई बुद्धि दिनुहुन्छ, र म ईश्वरीय प्रेरणाले बोल्न सक्नेछु' भनेर यहाँ उल्लेख गरिएको उहाँको प्रतिज्ञा दाबी गर्न पाउँछन् । उनीहरू परमेश्वर पिताको आत्माका मुख-पात्रहरू बन्नेछन् ।

मत्ती १०:२१: 'तिमीहरूले विश्वासघात र धोकेबाजीको सामुना गर्नुपर्छ' भनेर प्रभु येशूले यसको बारेमा पूर्वसूचना दिँदै आफ्ना चेलाहरूलाई चेताउनी दिनुभयो । भाइले भाइलाई आरोप लगाउनेछ; बुवाले छोरालाई विश्वासघात गरेर सुम्पिदिनेछन्; छोराछोरीहरू बुवाआमाहरूको विरोधमा मुखबिर बन्नेछन्, र तिनीहरूलाई मार्न लाउनेछन् ।

यस सम्बन्धमा श्री जे.सी. म्याकोलेले ठीक भन्छन्:

'संसारका मानिसहरूको घृणा सहनुपर्दाखेरि हामी सत्सङ्गी बन्छौं; ... किनभने हाम्रा प्रभुले शत्रुको हातबाट जुन कुव्यवहार सहनुभयो, प्रभुका दासहरू भएका नाताले हामीले तिनीहरूबाट त्यसभन्दा असल कारवाही पाउने आशा नराख्दा हुन्छ । प्रभु येशूका निम्ति संसारका मानिसहरूले क्रूसभन्दा असल थोक पाएका थिएनन् भने तिनीहरूले उहाँका चेलाहरूका निम्ति शानदार सवारी तयार नपार्लान् । उहाँका निम्ति काँड़ाहरू थिए भने हाम्रा निम्ति फूलका मालाहरू नहोलान् । ... साँच्चै संसारका मानिसहरूले हामीलाई घृणा गरे भने यो घृणा हामीले केवल 'प्रभु येशूको खातिर' सहनुपरोस्, तर हामीमा हामीलाई घृणा गरिने अरू कुनै कारणले वा हाम्रा प्रभुको नाम लिने प्रतिनिधिहरूमा कुनै अयोग्य कुराले गर्दा नहोस् !' [थ]

मत्ती १०:२२-२३: प्रभु येशूका चेलाहरू सबै मानिसहरूद्वारा घृणा गरिनेछन् । 'सबै मानिसहरूद्वारा' भन्नाले एकजनालाई पनि नछोड़ेर सबका सब भनेको होइन; तर यसको अर्थ 'सबै राष्ट्र, समाज, धर्म र जातिका मानिसहरूद्वारा' हो । **'तर जसले अन्तसम्म सहन्छ, उसको उद्धार हुनेछ ।'** सन्दर्भ नहेरीकन यो पद मात्र विचार गर्नु हो भने यसबाट

'स्थिर भई बस्ने मानिसचाहिँ धैर्य धरेर मुक्ति कमाउन सक्छ' जस्तो देखिन्छ। तर हामी जान्दछौं, यसको अर्थ यो हुन सक्दैन; किनभने पवित्र शास्त्रले सफासँग बताउँछः मुक्ति परमेश्वरको अनुग्रहको वरदान हो, जो विश्वासद्वारा सित्तैंमा पाइन्छ (एफेसी २:८-९)। यस पदको अर्थ प्रभु येशूप्रति विश्वासयोग्य हुनेहरू शरीरको मृत्युबाट बचाइनेछन् भनेको पनि होइन। किनकि यसको अघिल्लो पदले पूर्वसूचना दिएर भनेको छः प्रभुका कति विश्वासयोग्य चेलाहरूको हत्या हुने नै छ। यहाँ यस पदको सबभन्दा साधारण व्याख्या गरौंः जसको मुक्तिको अनुभव साँचो छ, उसले विश्वासमा स्थिर रहेर त्यो देखाउँछ। स्थिरताचाहिँ मुक्ति पाएको प्रमाण-चिन्ह हो। ती व्यक्तिहरू जो सतावटका समयमा स्थिर रहन्छन्, उनीहरूले आफ्नो स्थिरताद्वारा आफू ख्रीष्टका सच्चा, खाँटी विश्वासी हौं भन्ने कुरा प्रमाणित गर्छन्। मत्ती २४:१३ पदमा हामी यही वचन पाउँछौं। त्यहाँ त्यसले यी विश्वासयोग्य यहूदीहरूको जगेरालाई सङ्केत गरेको छ, जसले महा सङ्कष्टका दिनहरूमा कुनै हालतमा पनि प्रभु येशूप्रतिको भक्ति बेच्दैनन् र उहाँलाई इन्कार गर्दैनन्। तिनीहरूको स्थिरताले तिनीहरू प्रभुका सच्चा चेलाहरू रहेछन् भन्ने कुरा प्रकट गर्छ।

भविष्यको सम्बन्धमा लेखिएका पवित्र बाइबलका खण्डहरूमा प्रायः परमेश्वरको आत्माले लगत्तै आइहाल्ने भविष्य प्रकट गरेपछि सुदूर भविष्यमा जानुहुँदो रहेछ। कुनै भविष्यवाणीको केही अंश पहिले तत्कालमा पूरा हुन्छ भने धेरै समयपछि त्यो त्यसको सम्पूर्ण रूपमा पूरा हुने अर्थ पनि लाग्छ। उदाहरणका निम्ति, प्रभु येशूको पहिलो आगमन र उहाँको दोस्रो आगमन एउटै पद वा खण्डमा केही स्पष्टीकरणविना एकसाथ मिलेर दिइएको हुन सक्छः जस्तै यशैया ५२:१४-१५ र मीका ५:२-४। यहाँ मत्ती १०:२२-२३ पदमा हाम्रा प्रभु येशू आफूले पनि यस प्रकारले नजिकको भविष्यको कुरा गरेर सुदूर भविष्यमा आफ्नो कुरा टुङ्गाउनुहुन्छ। यी पदमा उहाँले आफ्ना बाह्र चेलाहरूलाई उनीहरूले प्रभु येशूको खातिर भोग्नुपर्ने दुःखकष्टहरूको विषयमा चेताउनी दिनुहुन्छ।

त्यसपछि उहाँले उनीहरूलाई महा सङ्कष्टको बेलामा जिउने भक्तजन-हरूसँग तुलना गर्नुहुन्छ, जो त्यत्तिखेर यहूदीहरू भएर पनि उहाँका चेलाहरू हुनेछन्। उहाँ पहिलो शताब्दीमा जिउने ख्रीष्ट-विश्वासीहरूका विपत्तिहरूको कुरा गरेर एकै पल्टमा उहाँको दोस्रो आगमनको बेलामा जिउने विश्वासीहरूको विषयमा कुरा गर्न पुग्नुहुन्छ।

मत्ती १०:२३ पदको अन्तिम भागको '**... मानिसका पुत्र नआउन्जेल तिमीहरू कुनै रीतिले पनि इस्राएलका शहरहरू घुमिसकेका हुनेछैनौ**' भन्ने वचनले हामीलाई प्रभु येशूको दोस्रो आगमन हुनुभन्दा अघिका दिनहरूमा लगिदिन्छ। प्रभु येशूको पहिलो आगमन भइसकेको हुनाले यो वचन बाह्रजना चेलाहरूको तात्कालिक सुसमाचार धावासित सम्बन्धित छैन। कति बाइबल-शिक्षकहरूले यहाँ बताइएको कुरा इस्वी संवत् ७० सालमा यरूशलेमको विनाशसित जोड्न खोज्छन्, तर 'मानिसका पुत्र नआउन्जेल' भन्ने शब्दहरूमा यस्तो सत्यानाशको अर्थ लगाउन बेठीक देखिन्छ। होइन, यो वचन प्रभु येशूको दोस्रो आगमनसित जोड्नु एकदम मिल्छ। महा सङ्कष्टको समयमा यहूदी विश्वासीहरूरूपी प्रभुका भाइहरू राज्यको सुसमाचार लिएर इस्राएलका शहरहरूतिर निस्कनेछन्। उनीहरूचाहिँ सतावट र खेदोमा पर्नेछन्। उनीहरू इस्राएलका सबै शहरहरूमा पुग्नुभन्दा अगाड़ि प्रभु येशू फर्केर आउनुहुनेछ, आफ्ना शत्रुहरूको न्याय गर्नुहुनेछ र आफ्नो राज्य स्थापित गर्नुहुनेछ।

यस २३ पदमा भनिएको कुरा मत्ती २४:१४ पदसित नमिलेको लाग्छ। यहाँको पदमा प्रभुले भन्नुहुन्छः मानिसका पुत्र नआउन्जेल इस्राएलका सबै शहरहरूमा राज्यको सुसमाचार पुग्नेछैन, तर मत्ती २४:१४ पदमा प्रभुको दोस्रो आगमनभन्दा अघि सारा संसारमा राज्यको सुसमाचार प्रचारिनेछ भनी बताइएको छ। तर यहाँ मेल नखाने कुनै कुरा छैन। सबै जातिका मानिसहरूमा सुसमाचार प्रचारिन्छ, ता पनि हरेक व्यक्तिले सुसमाचार नसुन्ला। सुसमाचारको सन्देशमाथि कठिन बाधाहरू आइपर्नेछन्। इस्राएल देशमा सन्देशवाहकहरूले घोर सतावटको सामना गर्नुपर्नेछ, र सुनाउने काममा ठूलो रोकावट आइपर्नेछ। यसैले राज्यको सुसमाचार इस्राएलका सबै शहरहरूमा पुग्नेछैन।

मत्ती १०:२४-२५: प्रभु येशूका चेलाहरूले आफूले यस्तो दुर्व्यवहार किन सहनुपर्छ भन्ने विषयमा घरिघरि अचम्म लाग्ने अवसरहरू पाउनेछन् । के प्रभु येशू मसीह राजा हुनुहुन्न ? तब हामी उहाँका अनुयायीहरूले राज्य गर्नुको सट्टामा किन दुःख सहनुपर्छ त ? प्रभु येशूले उनीहरूको खुलदुली जानेर २४ र २५ पदमा यी प्रश्नको उत्तर दिनुहुन्छः उनीहरूले दुःख भोग्ने मूल कारण उहाँसित उनीहरूको सम्बन्ध हो । उहाँ उनीहरूका गुरु हुनुहुन्थ्यो; उनीहरू उहाँका चेलाहरू थिए । उहाँ उनीहरूका मालिक हुनुहुन्थ्यो; उनीहरू उहाँका दासहरू थिए । उनीहरू उहाँको घरानाका थिए भने उहाँ घरका मालिक हुनुहुन्थ्यो । चेला भन्दैमा गुरुभन्दा उच्च पद पाउने मतलब बुझिँदैन, तर गुरुको पछि लागेर उहाँको देखासिकी गर्ने जिम्मेवारी पो बुझिन्छ । दासहरू हुन् भने उनीहरूले आफ्ना मालिकको भन्दा असल व्यवहार खोज्नुहुँदैन । मानिसहरूले घरका मालिकलाई 'बेल्जेबुल' भन्दछन् भने तिनीहरूले उहाँको घरानाकाहरूमाथि झन् त्यस्तै प्रकारको अपमानपूर्ण निन्दाका शब्दहरू लगाउनेछन् । (बेल्जेबुलको अर्थ 'झिङ्गाका मालिक' हो; एक्रोनीहरूले आफ्नो देवतालाई यही नाम दिन्थे; त्यो नाम यहूदीहरूले शैतानको उपनामको रूपमा प्रयोग गर्थे) । चेला हुनुको अर्थ मालिकको तिरस्कारमा सहभागी हुनु पनि हो ।

मत्ती १०:२६-२७: प्रभु येशूले आफ्ना चेलाहरूलाई तीन पल्ट 'नडराओ' भन्ने आदेश दिनुभयो (मत्ती १०:२६, २८ र ३१ पदमा) । पहिले, उनीहरूले शत्रुहरूको जय देखेर डराउनुहुँदैन । किनकि आउँदो दिनमा उहाँको मामिलाको महिमित प्रतिशोध हुनेछ; एक दिन उहाँले गर्नुभएको अभिप्राय पूरा हुने नै छ । चेलाहरूको समयमा सुसमाचार केही मात्रामा छोपिएको थियो, र प्रभुका शिक्षाहरू केही हदसम्म लुकिएका थिए । तर अब चाँडै प्रभुका चेलाहरूले साहसको साथ प्रभुको सन्देश प्रचारप्रसार गर्नुपर्नेथियो, जुन सन्देश उनीहरूले त्यस समयसम्म छुट्टै, गुप्त रूपले सुन्ने गर्थे ।

मत्ती १०:२८: दोस्रो, प्रभुका चेलाहरूले मानिसहरूको हत्यारूपी प्रकोपदेखि डराउनुहुँदैन । मानिसले शरीरलाई मार्न सक्छन्; तिनीहरूले गर्न

सक्ने यति हो। ख्रीष्ट-विश्वासीका निम्ति शरीरको मृत्यु त्यत्ति दुःखद घटना होइन। उसका निम्ति मर्नुको मतलब प्रभुको साथमा जानु हो। त्यसभन्दा उत्तम कुरा के छ र? मर्नु भनेको पाप, शोकचिन्ता, रोग, दुःखकष्ट र मृत्युबाट उम्कनु हो; यसको अर्थ अनन्त महिमामा प्रवेश गर्नु हो। तब मानिसहरूले हामीलाई मार्दा के गर्छन्? वास्तवमा, तिनीहरूले हामीलाई गर्न सक्ने त्यो सबभन्दा ठूलो हानिचाहिँ परमेश्वरको छोराछोरीका निम्ति सबभन्दा ठूलो लाभ पो हो।

उहाँका चेलाहरूले मानिसहरूदेखि डराउनुहुँदैन, तर उनीहरूले परमेश्वरको भय मान्नुपर्छ; किनभने उहाँले आत्मा र शरीर दुवैलाई नरकमा नष्ट गर्न सक्नुहुन्छ। योचाहिँ सबभन्दा ठूलो हानि होः अनन्त-अनन्तसम्म परमेश्वरबाट अगल, मुक्तिदाताबाट अगल रहेर त्यो आशारहित अवस्था। त्यस आत्मिक मृत्युबाट उठाएको हानि नाप्न सकिँदैन; त्यस भयानक दण्डदेखि जुनै हालतले हामीले उम्कन खोज्नुपर्छ।

मत्ती १०:२८ पदमा प्रभु येशूले चलाउनुभएका शब्दहरूले श्री योह्न नोक्सको सम्झना दिलाएका छन्, जसको चिहानमा लगाइएको समाधि-ढुङ्गामाथि निम्न शब्द लेखिएका छन्ः 'यहाँ यस्ता एउटा मानिस सुतिरहेका छन्, जसले परमेश्वरको भय यहाँसम्म मान्थे, कि यिनले कहिल्यै कुनै मानिससँग डराउनुपरेन।'

मत्ती १०:२९ः आगोरूपी परीक्षाहरूको बीचमा पनि उहाँका चेलाहरू ढुक्कै रहन सक्छन्; किनभने परमेश्वरले उनीहरूको वास्ता गर्नुहुनेछ। यो कुरा प्रभु येशूले सबै मानिसबाट चिनिएको भँगेराको उदाहरणबाट सिकाउनुभयो। यी दुई, केही नगनिने चरा तामाको एकै पैसामा बिक्री हुन्थे; तर परमेश्वर पिताको इच्छाबिना तीमध्ये एउटा पनि मर्दैन। उहाँको ज्ञान र उहाँको उपस्थितिदेखि बाहिर कुनै कुरा पनि जाँदैन। यसैले कसैले भनेः 'परमेश्वर हरेक भँगेराको दफनमा उपस्थित हुनुहुन्छ।'

मत्ती १०:३१-३२ः सानो भँगेरामा चासो राख्नुहुने परमेश्वरले आफ्ना छोराछोरीहरूका शिरका केश एक-एक गरी गन्नुभएको छ, अँ, हरेकका केशको हिसाब राख्नुभएको छ। एउटा भँगेराको तुलनामा एक झुप्पा

केशको मूल्य केही पनि होइन । यसर्थ परमेश्वरका जनहरू उहाँका निम्ति धेरै भँगेराहरूभन्दा बढ़ी मूल्यवान् हुन्छन् । तब उनीहरू किन डराउने ?

मत्ती १०:३२: अघि बताइएका तर्कहरूमा ध्यान राखेर प्रभुका चेलाहरूले उहाँलाई मानिसहरूको सामु निर्भयको साथ स्वीकार गर्ने निष्कर्षमा पुग्नु नै एकमात्र न्यायसँगत/उचित कुरा देखिन्छ। प्रभु येशूको खातिर उनीहरूले भोग्नुपर्ने जुनसुकै अपमान वा निन्दाका निम्ति स्वर्गमा उनीहरूलाई प्रशस्त इनाम दिइनेछ; त्यत्ति बेला प्रभु येशूले उनीहरूलाई आफ्ना पिताको सामु स्वीकार गर्नुहुनेछ। प्रभु येशूलाई स्वीकार गर्नुको मतलब उहाँलाई आफ्नो व्यक्तिगत प्रभु र मुक्तिदाताको रूपमा अपनाउनु हो । यस प्रकारको जीवन समर्पणको माग होः हामीले आफ्नो मुखले उहाँलाई स्वीकार गर्नुपर्छ र आफ्नो चालचलनले यो अङ्गीकार पुष्टि गर्नुपर्छ। यी बाह्र प्रेरितहरूले यसरी आफ्ना जीवनभरि नै प्रभु येशूलाई स्वीकार गरिरहे, र विश्वासको अङ्गीकारको चरमसीमामा उनीहरू प्रायः सबै शहीद भए।

मत्ती १०:३३: पृथ्वीमा हामीले प्रभु येशूलाई इन्कार गर्‍यौं भने त्यसको फलस्वरूप स्वर्गमा प्रभुले परमेश्वरको सामु हामीलाई इन्कार गर्नुहुनेछ। यहाँ, प्रभु येशूलाई इन्कार गर्नु भनेको आफ्नो जीवनमाथि उहाँको अधिकार अस्वीकार गर्नु हो । जस-जसले आफ्नो जीवनको बारेमा यसो भन्न खोज्छन्: 'प्रभु, म तपाईंलाई चिन्दिनँ', तिनीहरूले अन्तमा आफ्नो विषयमा **'म तिमीहरूलाई कहिल्यै चिनेको छैनँ'** भन्ने उहाँको वचन सुन्नुपर्ला । पत्रुसले गरेझैं दबाउमा परेर यस्तो अप्ठ्यारो क्षणमा प्रभुलाई इन्कार गरिएको कुरा प्रभु येशूले यहाँ सङ्केत गर्नुभएको होइन, तर यस किसिमको इन्कारको विषयमा यो भन्नुभएको हो, जो एक आदत बन्दछ र जसमा कुनै हेरफेर हुँदैन, तर आखिर/अन्तिम हुनेछ।

घ) प्रभु येशू मिलाप ल्याउन होइन, तर तरवार चलाउन आउनुभएको हो (मत्ती १०:३४-३९)

मत्ती १०:३४: हाम्रा प्रभु येशूका यी शब्दहरू हामीले चित्रको रूपमा बुझ्नुपर्छ। उहाँ यस संसारमा आउनुभयो, र उहाँको यस आगमनले

मानिसहरूमा के-कस्तो प्रतिक्रिया पैदा गर्‍यो, सो कुरा उहाँले यहाँ देखाउन चाहनुभयो । 'हेर, मेरो आउनुको उद्देश्य यही हो' भनेझैं उहाँले छेड़ हानेर **'म मिलाप ल्याउन होइन, तर तरवार चलाउन आएको हुँ'** भनेर भन्नुभयो । किनभने वास्तवमा उहाँ मिलाप गराउने उद्देश्यले आउनुभएको हो (एफेसी २:१४-१७) । उहाँद्वारा संसारले मुक्ति पाओस् भनेर नै उहाँ आउनुभयो (यूहन्ना ३:१७) ।

मत्ती १०:३५-३७: तर उहाँले यहाँ भन्न चाहनुभएको तात्पर्यचाहिँ यही होः जब-जब मानिसहरूले उहाँका चेलाचेली बन्छन्, तब-तब तिनीहरूका परिवारकाहरू तिनीहरूको विरोधमा उठ्छन् । प्रभु येशूकहाँ फर्केर आएका बुवाको विरोधमा तिनको प्रभुमा विश्वास नगर्ने छोरा उठ्छ, अनि ख्रीष्ट-विश्वासी आमाको विरोधमा प्रभुलाई नपाएकी तिनकी छोरी उठ्छे । प्रभुमा नयाँ जन्म पाएकी सासूलाई तिनकी नयाँ जन्म नपाएकी बुहारीले घृणा गर्छे । यसर्थ प्रभु येशू र परिवारको बीचमा कसलाई चाहिँ छानूँ भनेर हामीले निर्णय गर्नुपर्छ । प्रभु येशूको चेलाचेलीलाई स्वभाविक स्नेहरूपी कुनै बन्धनले प्रभुप्रति सारा भक्ति देखाउनदेखि अलिकति पनि झुकाउ ल्याउनुहुँदैन । बुवा, आमा, छोरा वा छोरीलाई भन्दा प्रभु येशूलाई नै पहिलो स्थान दिनुपर्छ । चेला हुने मूल्य चुकाउनुपर्दा आफ्नो परिवारमा तनाउ, वादविवाद र सङ्गत टुटेको जस्तो नमीठो अनुभव गर्नुपर्दछ । जीचनका अन्य क्षेत्रमा आइपर्ने परीक्षाहरूभन्दा तीतो अनुभव आफ्नो परिवारबाट पाइएको बैरभाव हो ।

मत्ती १०:३८: तर आफ्नो परिवारभन्दा प्रभु येशूलाई हाम्रो जीवनमा सर्वोच्च स्थानदेखि वञ्चित पार्न सक्ने अर्को कुरा छः आफ्नो जीवनलाई बढ़ी माया गर्ने भाव । यसकारण प्रभु येशूले थपेर भन्नहुन्छः **'अनि जो आफ्नो क्रूस उठाएर मेरो पछि लाग्दैन, त्यो मेरो योग्यको हुँदैन ।'** याद रहोस्ः क्रूसचाहिँ मृत्युदण्ड दिनलाई चलाउने साधन थियो । क्रूस उठाएर प्रभु येशूको पछि लाग्नु भनेको उहाँका निम्ति जुनै पनि कुरा त्याग्ने समर्पणको साथ बलिदानको जीवन जिउनु हो । प्रभुका निम्ति मर्नुपरे पनि उनीहरूलाई त्यो मूल्य ज्यादा लाग्दैन । प्रभु येशूका सबै चेलाहरू उहाँका निम्ति मर्नुपर्दैन, तर

उनीहरू सबैले आफ्नो जीवनलाई बहुमूल्य नठानीकन उहाँलाई नै आफ्नो सबभन्दा मूल्यवान् वस्तु गन्नुपर्छ/मान्नुपर्छ।

मत्ती १०:३९: ख्रीष्टको प्रेमले हामीमा आफूलाई जोगाउने त्यो स्वार्थी भावनालाई जिल्नुपर्छ। **'जसले आफ्नो प्राण प्राप्त गर्छ, त्यसले त्यो गुमाउनेछ; अनि जसले मेरो कारणले आफ्नो प्राण गुमाउँछ, त्यसले त्यो प्राप्त गर्नेछ।'** आफ्नो जीवनलाई प्रेमले अङ्गालो मारेर पूरा समर्पणको जीवनको साथमा आइपर्ने दुःख र हानि उठाउनदेखि उम्कन खोज्ने हरेक कोशिश एक गम्भीर परीक्षा हुन जान्छ। तर यसरी स्वार्थसिद्धिका निम्ति जिउने मानिसले आफ्नो जीवनमा सबभन्दा ठूलो हानि उठाउँछ। तर आफ्नो जीवनको सबैभन्दा सदुपयोग गर्नु हो भने हामीले त्यसलाई प्रभुको सेवामा खर्च गर्नुपर्छ। जुन व्यक्तिले सेवानिष्ठ भई आफ्नो जीवन प्रभुका निम्ति गुमाउँछ, उसैले भरपूरीको साथमा जीवनको वास्तविक अर्थ र उद्देश्य प्राप्त गर्नेछ।

ङ) एक कचौरा चिसो पानी (मत्ती १०:४०-४२)

मत्ती १०:४: सबै मानिसहरूले प्रभुका चेलाहरूले प्रचार गरेको सन्देश इन्कार गर्दैनन्। कतिले ता उनीहरूलाई मसीहका प्रतिनिधि भनेर चिन्नेछन् र उनीहरूलाई धन्यवादसाथ स्वागत गर्नेछन्। तर चेलाहरूसँग यस्ता मानिसहरूलाई आफूप्रति देखाइएको उपकारको साटफेर गर्ने क्षमता कम हुन्छ। उनीहरूले यसको केही परवाह मान्नुपर्दैन; किनकि उनीहरूलाई गरिएको जुनसुकै उपकार प्रभुलाई गरिएको ठहरिनेछ, र यी उपकारक-हरूलाई यस प्रकारको इनाम मिल्नेछ।

प्रभुका चेलाहरूलाई स्वागत गर्ने मानिसले प्रभुलाई स्वागत गरेको बराबर काम गर्छ। अनि प्रभुलाई स्वागत गर्नुको मतलब उहाँका पितालाई स्वागत गर्नु हो, जसले उहाँलाई पठाउनुभएको हो। किनभने पठाइएको व्यक्तिले पठाउनेको प्रतिनिधि गर्छन्। एउटा राजदूतले आफ्नो राष्ट्रको नियुक्ति पाएर त्यसैको अधिकारमा कुनै अन्य ठाउँमा आफ्नो राष्ट्रको प्रतिनिधि गर्छन्। ती राजदूतलाई जसले स्वागत गर्छ, त्यस व्यक्तिले तिनको देशसित राजनीतिक सम्बन्ध गाँसेर त्यसको उपभोग गर्छ।

मत्ती १०:४१: 'जसले भविष्यवक्तालाई भविष्यवक्ताको नाममा ग्रहण गर्छ, त्यसले भविष्यवक्ताको इनाम पाउनेछ।' यसको व्याख्या गर्दा श्री ए. टी. पियर्सन्ले यसो भन्छन्:

'यहूदीहरूको विचारअनुसार भविष्यवक्ताको इनाम सबैभन्दा ठूलो इनाम गनियो। किनकि राजाहरूले परमप्रभुको नाममा राज्य गरे ता पनि, अनि पूजाहारीहरूले परमप्रभुको नाममा सेवा गरे ता पनि भविष्यवक्ताचाहिँ परमप्रभुको तर्फबाट राजा र पूजाहारीहरूकहाँ तिनीहरूलाई शिक्षा दिन भनी पठाइन्थ्यो। प्रभु येशूले यहाँ के भन्नुभयो भने, हामीले एउटा भविष्यवक्तालाई भविष्यवक्ताको नाममा ग्रहण गर्‍यौं, र त्यसभन्दा बढ्ता केही गरेनौं भने हामीले भविष्यवक्तालाई जे इनाम दिइन्छ, त्यही इनाम पाउनेछौं; किनकि हामीले भविष्यवक्तालाई सहायता गरेका छौं। प्रभुको नाममा प्रवचन दिने वक्ताको अवगुण गर्न लाग्ने बेलामा यस कुराको विचार गरौं! हामीले तिनलाई परमेश्वरका निम्ति बोल्ने काममा सहायता पुर्‍यायौं र तिनलाई यसमा उत्साह दियौं भने हामी तिनको इनाममा सहभागी हुनेछौं। तर हामीले तिनको काममा बाधा दियौं र तिनलाई अप्ठ्यारोमा पार्‍यौं भने हामीले आफ्नो इनाम गुमाउनेछौं। अरूको भलाइ गर्न खोज्ने मानिसमा सहायता पुर्‍याउनु ठूलो कुरा रहेछ। प्रभुको दासको पहिरन, तिनको मनको मुद्रा, तिनको शिष्टता वा तिनको बोलीमा ध्यान दिनुहुँदैन। यस्ता कुराहरू पछाडि छोड़ेर हामीले आफूमा भन्नुपर्छः मेरा निम्ति यो परमेश्वरको सन्देश हो। के यो सन्देश बोल्ने मानिस परमेश्वरबाट मेरो आत्मिक उत्थानका निम्ति पठाइएका होइनन् र? तब तिनलाई र तिनको वचन ग्रहण किन नगरौं? तिनको प्रवचन र कामको बढ़ाइ गरौं, अनि तिनको इनाममा सहभागी बनौं!'[८]

'जसले धर्मी जनलाई धर्मी जनको नाममा ग्रहण गर्छ, त्यसले धर्मी जनको इनाम पाउनेछ।' जुन मानिसहरूले अरूलाई तिनीहरूको शरीरको सुन्दरता, रूप, रङ, वर्ग वा भौतिक स्तरअनुसार जाँच गर्छन्, ती मानिस-हरूले धर्मी मानिसलाई चिन्न सक्दैनन्; किनकि उसको विनम्र भेषले धेरैजसो उसको आत्मिकता, उसको नैतिक स्तर छिपाउँछ। यसैकारण हामीले प्रभुको

सबभन्दा सीधासादा चेलासित जुन व्यवहार देखाउँछौं, त्यो त्यही व्यवहार हो, जो हामीले आफ्नो प्रभुसँग गर्दछौं ।

मत्ती १०:४२: प्रभु येशूको कुनै चेलालाई देखाइएको उपकार लुक्न सक्दैन, त्यसको ख्याल अवश्य गरिन्छ। जसले चेलाको नाममा प्रभुको कुनै अनुयायीलाई एक कचौरा चिसो पानी दिन्छ, त्यसले ठूलो इनाम पाउनेछ।

प्रभु येशूले आफ्ना बाह्र प्रेरितहरूलाई यस प्रकारको राजकीय महिमा दिएर नै उनीहरूलाई सुम्पिदिनुभएको विशेष उत्तरदायत्व अन्त्याउनुहुन्छ। हो, उनीहरूलाई विरोध गरिने नै छ, उनीहरूलाई तिरस्कार गरिने नै छ; हो, उनीहरू पक्राउ पर्नेछन्, न्यायमा सुम्पिइनेछन्, भ्यालखानामा हालिनेछन्, अँ, हुन सक्छः उनीहरूलाई मार्न सम्भव छ। तर उनीहरूले कहिल्यै बिर्सनुहुँदैनः उनीहरू मसीह राजाका प्रतिनिधि थिए, यसैले उहाँका निम्ति बोल्ने र काम गर्ने महिमित सौभाग्य उनीहरूलाई दिइएको थियो ।

७) मत्ती ११-१२: विरोध बढ्दै गएको र मसीह तिरस्कार हुनुभएको

क) बप्तिस्मा दिने यूहन्ना भ्यालखानामा हालिए

(मत्ती ११:१-१९)

मत्ती ११:१: प्रभु येशूले आफ्ना बाह्रजना प्रेरितहरूलाई अल्प कालिक सुसमाचार प्रचारको विशेष धावामा इस्राएलको घरानाकहाँ पठाउनुभएपछि उहाँ ती गालीलका शहरहरूमा शिक्षा दिन र प्रचार गर्न त्यहाँबाट हिँड्नुभयो, जहाँ उहाँका चेलाहरू पहिले बसेका थिए ।

मत्ती ११:२-३: यति बेलासम्म बप्तिस्मा दिने यूहन्ना भ्यालखानामा हालिइसकेका थिए। यो हेरोद एन्टिपासको काम थियो। यसरी एकलै जेलमा बसेर तिनी निराश भए। तिनी प्रभु येशूको सम्बन्धमा दोधारमा परिरहेका थिए। 'साँच्ची नै प्रभु येशूचाहिँ मसीह हुनुहुन्छ भने उहाँले मलाई, उहाँको अग्रदूतलाई, यसरी भ्यालखानामा क्षीण अवस्थामा छोड़िदिनुहुन्छ त?' परमेश्वरका ठूला-ठूला दासहरूमध्ये धेरैको जीवनमा भएझैं केही

समयका निम्ति तिनको विश्वासमा झुकझुक आएको थियो । यसैले तिनले आफ्ना दुईजना चेलाहरूलाई पठाएर प्रभु येशूलाई सोध्न लाए: 'के तपाईं भविष्यवक्ताहरूले पूर्वसूचना दिएका मसीह हुनुहुन्छ? कि के हामी अझै पनि परमेश्वरका अभिषिक्त जनको बाटो हेरिरहौं?'

मत्ती ११:४-५: प्रभु येशूले यूहन्नालाई प्रश्नको जवाफ दिएर मसीहको सम्बन्धमा उहाँले जुन आश्चर्य कर्महरू गर्नुहुनेछ भनी भविष्यवाणी गरिएको थियो, ती आश्चर्य कर्महरू उहाँ स्वयम्ले गर्दै हुनुहुन्छ भन्ने कुरा तिनलाई याद दिलाउनुभयो। आन्धाहरूले दृष्टि पाउँछन् (यशैया ३५:५), लङ्गड़ाहरू हिँड्छन् (यशैया ३५:६), कोरीहरू शुद्ध पारिन्छन् (यशैया ५३:४ र मत्ती ८:१६-१७ पद तुलना गर्नुहोला), बहिराहरूले सुन्छन् (यशैया ३५:५) र मुर्दाहरू बिउँताइन्छन् (यो कुरा मसीहको विषयमा भविष्यवाणी गरिएको थिएन, तर यस कुराले भविष्यवाणी गरिएका सबै आश्चर्य कर्महरूलाई नाघ्यो)। प्रभु येशूले यूहन्नालाई अझ के सम्झाइदिनुभयो भने, गरिबहरूलाई सुसमाचार सुनाइन्छ; यशैया ६१:१ पदमा मसीहको विषयमा भविष्यवाणी गरिएको यो कुरा पनि पूरा हुँदै आएको हो। धर्मका सामान्य नेताहरूको ध्यान प्रायः धनवान् र कुलीन मानिसहरूमा केन्द्रित रहन्छ, तर मसीहले चाहिँ गरिबहरूकहाँ सुसमाचार ल्याउनुभयो।

मत्ती ११:६: त्यसपछि प्रभुले थपेर भन्नुभयो: **'अनि जसले ममा ठेस खाँदैनन्, तिनी धन्य हुन्!'** अरू कसैको मुखबाट यस्ता शब्द सुन्दा त्यो परम अभिमानीको सेखी हो जस्तै लाग्छ; तर प्रभु येशूको मुखमा यी शब्द सुहाउँछन्; किनकि उहाँ सिद्ध चरित्र हुनुभएको व्यक्ति हुनुहुन्थ्यो। प्रभु येशूले जङ्गी सेनापतिको रवाफिलो भेष धारण गर्नुभएन, तर विनम्र सिकर्मीको रूप लिनुभयो। उहाँको भद्र, दीन र नम्र चरित्र अनि प्रचलनअनुसार युद्धकारी मसीहको बीचमा कुनै कुराले पनि मेल खाँदैनथियो। शारीरिक कुराहरूमा मात्र ध्यान दिने मानिसहरूले प्रभु येशूमा मसीह भई राज्य गर्ने अधिकार दाबी गर्न सक्ने कुनै लक्षण नदेख्दै उहाँको विषयमा दोधारमा पर्लान्। तर जस-जसको आत्मिक समझ खोलिएको छ,

उनीहरूले नासरतको येशूमा प्रतिज्ञा गरिएका मसीह राजालाई देख्छन्। उनीहरू परमेश्वरको आशिषका पात्र भई धन्यका हुन्छन्।

पद ६ को कुरा बप्तिस्मा दिने यूहन्नाका निम्ति प्रभुको हप्की भनेर बुझ्नुहुँदैन; किनभने हामी हरकको विश्वास पनि बेला-बेलामा बोलियो र सुदृढ़ पार्नु आवश्यक छ। आफ्नो विश्वासमा अल्पकालिक झुकझुक आउनु एउटा कुरा हो, तर हाम्रा प्रभु येशूलाई साँचो हिसाबले नचिनेर उहाँमा ठेस खाईकन विश्वासबाट सधैंका निम्ति पछि हट्नुचाहिँ अर्को कुरा हो। मानिसको जीवनरूपी कथा एकै अध्यायमा टुङ्गा हुँदैन। बप्तिस्मा दिने यूहन्नाको जीवन शुरुदेखि अन्तसम्म नियाल्दाखेरि हामी यसमा विश्वास-योग्यता र संलग्नता पाउँछौं। पवित्र बाइबलको वर्णन यिनको साक्षी हो।

मत्ती ११:७-८: बप्तिस्मा दिने यूहन्नाका चेलाहरूले प्रभु येशूबाट यी आश्वासन दिने वचनहरू लिएर गइसकेपछि उहाँले भीड़का मानिसहरूको सामु प्रफुल्ल शब्द चलाएर यूहन्नाको तारिफ गर्नुभयो। ती मानिसहरू उजाड़स्थानमा गएर यूहन्नाको प्रचार सुन्न धुइरो लाएका थिए। तिनीहरूले किन यसो गरे? के तिनीहरू जनसाधारणहरूको क्षिणिक रायरूपी प्रत्येक हावाले हल्लिने निगालोतुल्य कमजोर मानिसलाई हेर्न निस्के? अहँ, कदापि होइन। बप्तिस्मा दिने यूहन्ना कसैसँग नडराउने वीर प्रचारक थिए; तिनी एक निपुण सचेतक थिए। परमेश्वरका निम्ति बोल्दा तिनले दःख भोग्नु परे ता पनि तिनी चुप लाग्न सक्दैनथे; तिनी झूट बोल्नभन्दा बरु मर्न तयार थिए। के तिनीहरू मुलायम लुगा पहिरिने एउटा दरबारियालाई हेर्न निस्के, जसले सुखचैनमा भोगविलास गरिरहेका थिए? अहँ, कदापि होइन नि! यूहन्ना एक साधारण मानिस थिए, तिनी परमेश्वरका जन थिए। तिनको अति संयमी जीवनले मानिसहरूको बीचमा प्रचलित बृहत सांसारिकतालाई हप्की दिन्थ्यो।

मत्ती ११:९: के तिनीहरू एउटा भविष्यवक्तालाई हेर्न निस्के? हो, बप्तिस्मा दिने यूहन्ना एक भविष्यवक्ता थिए; वास्तवमा तिनी सबै भविष्यवक्ताहरूभन्दा ठूला भविष्यवक्ता थिए। यूहन्नाको बड़ोपनचाहिँ तिनको चरित्रमा, तिनको बोल्ने वा विश्वास दिलाउने क्षमतामा थिएन, तर

मसीह राजाका अग्रदूत भएका हुनाले तिनी यही विशेष स्थान पाएकाले महान् भएका थिए ।

मत्ती ११:१०: यही पदले यो कुरा स्पष्ट पार्दछ । मलाकी ३:१ पदमा भएको भविष्यवाणी यूहन्नाको जीवनमा पूरा भयो । बप्तिस्मा दिने यूहन्ना यी अग्रदूत थिए, जो मसीह आउनुभन्दा अघि आएका थिए, जसले मानिसहरूलाई प्रभुको आगमनका निम्ति तयार पार्थे । अरू भविष्य-वक्ताहरूले मसीहको आगमनको विषयमा ईश्वरीय वाणी बोलेका थिए, तर परमेश्वरले मसीहको उपस्थिति प्रस्तुत गर्ने घोषणा गर्न बप्तिस्मा दिने यूहन्नालाई छान्नुभयो । यो भनिएको कुरा मलाई असल लागेको छः यूहन्नाले मसीहका निम्ति बाटो खुला पारे, त्यसपछि तिनले मसीहका निम्ति बाटो छोड़िदिए ।

मत्ती ११:११: '... तरै पनि स्वर्गको राज्यमा जो सबैभन्दा सानो छ, त्यो यिनीभन्दा ठूलो हुन्छ' भनेर प्रभुले यूहन्नाको चरित्रको कुरा गर्नुभएको होइन, तर तिनको विशेष स्थानको सौभाग्यको कुरा गर्नुभएको हो; यस कथनले यो कुरा पुष्टि गर्छ । स्वर्गको राज्यमा सबैभन्दा सानो व्यक्तिको गुण विशेष यूहन्नाको भन्दा श्रेष्ठ नहोला, तर उसको सौभाग्य ठूलो हुँदो रहेछ । किनकि स्वर्गको राज्य नजिकै आएको छ भन्ने घोषणा गर्ने व्यक्तिको भन्दा स्वर्गको राज्यको नागरिकैं सौभाग्य ठूलो हुन्छ । प्रभु येशूको सामु बाटो तयार पार्ने यूहन्नाको सौभाग्य ठूलो थियो; तर तिनले परमेश्वरको राज्यका आशिषहरू उपभोग गर्न पाएनन् ।

मत्ती ११:१२: बप्तिस्मा दिने यूहन्नाको सेवकाइको पूरा समयभरि शुरुदेखि हालै भ्यालखानामा हालिएको बेलासम्म स्वर्गको राज्यले बलमिचाइ सहेको थियो । किनभने फरिसीहरू र शास्त्रीहरूले त्यसको घोर विरोध गरिरहे । परमेश्वरको राज्यलाई धक्का दिनुमा राजा हेरोद एन्टिपासको पनि हात थियो; किनभने उनले यूहन्नालाई त्यसको प्रचारकलाई पक्रेका थिए ।

'... अनि बलजफती गर्नेहरूले जबरजस्तसँग यसलाई लिन्छन् ।' यस व्याक्यका दुईवटा अर्थ हुन सक्छन् । पहिलो अर्थः स्वर्गको राज्यका

विरोधीहरूले त्यस राज्यलाई कब्जा गरेर त्यसलाई नाश गर्ने सकभर प्रयास गरे। तिनीहरूले यूहन्नालाई रद्द गरे; यसर्थ तिनीहरूले मसीह राजालाई, अँ, त्यस राज्यलाई समेत इन्कार गर्नेछन् भन्ने पूर्वलक्षण यो पनि थियो। तर यस व्याक्यको दोस्रो अर्थ यो पनि हुन सक्छः स्वर्गको राज्य आइरहेको छ भन्ने घोषणा सुन्नासाथ जो-जो मसीह राजाको आगमनका निम्ति तयार भए, तिनीहरूको प्रतिक्रिया सकारात्मक थियो। तिनीहरूले उमङ्गको साथ त्यसलाई स्वागत गरे, र हर तरहले बल लगाई त्यसभित्र पस्ने प्रयत्न गरे। लूका १६:१६ पदको अर्थ यही होः ***'व्यवस्था र भविष्यवक्ताहरू यूहन्नासम्म रहे; त्यस समयदेखि परमेश्वरको राज्यको सुसमाचार प्रचार भएको छ, र हरेक मानिस यसभित्र जोर लगाएर पस्दछ।'*** यस पदमा परमेश्वरको राज्य एउटा मोर्चा बाँधिएको/घेरा हालिएको शहरको चित्रण गरिएको छ। सबै किसिमका मानिसहरूले बाहिरबाट त्यस शहरभित्र पस्नलाई त्यसको पर्खाल तोड्न ठोकिरहे। यसबाट के बुझिन्छः परमेश्वरको राज्यभित्र पस्न केही न केही आत्मिक बल चाहिँदो रहेछ। यी दुईमा कुनचाहिँ अर्थ सठीक लागे पनि एउटा कुरा स्पष्ट बुझिन्छः यूहन्नाको प्रचारमा बलजफती प्रतिक्रिया हुन्थ्यो, जसको प्रभाव व्यापक र गहिरो थियो।

मत्ती ११:१३: 'किनकि सबै भविष्यवक्ताहरू र व्यवस्थाले यूहन्नासम्म भविष्यवाणी गरे;' उत्पत्तिको पुस्तकदेखि लिएर मलाकीको पुस्तकसम्म सम्पूर्ण पुरानो नियमभरि नै मसीहको आगमनको बारेमा भविष्यवाणीहरू आएका थिए। जब बप्तिस्मा दिने यूहन्ना इतिहासरूपी मञ्चमा चढ़े, तब तिनको भूमिका केवल भविष्यवाणी कहनु थिएन। तर तिनको अद्वितीय कर्तव्यचाहिँ मसीहको पहिलो आगमनको सम्बन्धमा जति भविष्यवाणीहरू आएका थिए, ती सबै अब पूरा हुँदैछन् भन्ने घोषणा गर्नु पनि थियो।

मत्ती ११:१४: अगमवक्ता मलाकीले मसीह देखा पर्नुभन्दा अघि एलिया अग्रदूतको रूपमा आउनेछन् भन्ने कुरा भविष्यवाणी गरे (मलाकी ४:५)। मानिसहरूले मसीहलाई मान्न वा ग्रहण गर्न तयार भएको भएदेखि बप्तिस्मा दिने यूहन्नाचाहिँ एलियाको भूमिका खेल्नेथिए। यूहन्ना एलियाको अवतार थिएनन्। किनकि यूहन्ना १:२१ पदमा 'के तिमी एलिया हौ' भनेर

सोध्दा तिनले 'म होइनँ' भनेर जवाफ दिए। तर तिनी एलियाको आत्मा र शक्तिमा मसीहको अघि-अघि गए।

मत्ती ११:१५: सबै मानिसहरूले बप्तिस्मा दिने यूहन्नालाई मन पराएनन्, न ता तिनको सेवकाइको गहिरो अर्थ बुझे। यसकारण प्रभु येशूले थपेर भन्नुभयोः **'जसका सुन्ने कानहरू छन्, त्यसले सुनोस्!'** जसको अर्थ होः 'ध्यान देओ! तिमीहरूले सुनिरहेका शब्दको अर्थ र महत्त्व बुझ!' बप्तिस्मा दिने यूहन्नामा एलियाको भविष्यवाणी पूरा भयो भने प्रभु येशू नै प्रतिज्ञा गरिएको मसीह हुनुपर्छ। यूहन्नालाई यस प्रकारले मान्यता दिएर उहाँले 'परमेश्वरको मसीह म नै हुँ' भन्ने दाबी पुष्टि गर्नुभयो। यूहन्नाको विषयमा दिइएको गवाही ग्रहण गर्दा दोस्रो दाबी पनि स्वीकार गरिनुपर्थ्यो।

मत्ती ११:१६-१७: तर जुन पुस्ताका मानिसहरूसँग प्रभु येशूले यो कुरा गर्नुभयो, तिनीहरू न यूहन्नाको विषयमा, न ता येशूको विषयमा गरिएका दाबीहरू ग्रहण गर्न राजी भए। मसीह राजाको आगमन भइरहेको देख्दा-देख्दै यी यहूदीहरूको कत्रो सौभाग्य! तर तिनीहरू न उहाँमा, न ता उहाँको अग्रदूतमा प्रसन्न भए। तिनीहरूको विषयमा प्रभुको अड्को सुन्नुहोस्! तिनीहरू चित्त बुझाउन नसकिने केटाकेटीहरूजस्तै छन्, जो बजारहरूहुँदो बसिरहेका छन्। तिनीहरूलाई कुनै प्रकारको गानाबजानाले खुशी तुल्याउन सकिँदैन। तिनीहरूका साथीहरूले नाँचौं भनेर बाँसुरी बजाए भने तिनीहरूले नाँच्न मानेनन्; तिनीहरूका साथीहरूले मरौपरौको अभिनय गरे भने तिनीहरूले विलाप गर्न मानेनन्।

मत्ती ११:१८-१९: उता बप्तिस्मा दिने यूहन्ना तपसी भएर आए, अनि यहूदीहरूले भनेः 'तिनीसँग दुष्ट आत्मा छ।' यता प्रभु येशू मानिसका पुत्र भएर आउनुभयो, अनि मानिसहरूसित सामान्य रूपले खानुभयो र पिउनुभयो। यूहन्नाको तपस्याले पूर्ण जीवनले तिनीहरूमा अशान्ति पैदा गर्‍यो भने त तिनीहरू प्रभु येशूको खाने आदतमा अवश्य खुशी हुनुपर्नेथियो। तर तिनीहरू खुशी भएनन्; तिनीहरूले उल्टा उहाँलाई 'घिचुवा, मतवाला, महसूल उठाउने र पापीहरूको साथी' भन्ने नाम दिए। प्रभु येशूले कहिल्यै चाहिँदो भन्दा बढ्ता खानुभएन, पिउनुभएन। यसमा कुनै शङ्का छैन।

तिनीहरूले उहाँलाई बिनसित्ति आरोप लगाए। तिनीहरूको दोष बिलकुलै बनावटी थियो। हो, उहाँ महसूल उठाउने र पापीहरूको साथी हुनुहुन्थ्यो, तर तिनीहरूले सोचेझैं त होइन। उहाँ पापी मानिसहरूका मित्र हुनुभएको उद्देश्य तिनीहरूलाई तिनीहरूका पापबाट बचाउनु थियो। उहाँ कहिल्यै तिनीहरूको पापमा सहभागी हुनुहुन्नथियो, न ता कहिल्यै तिनीहरूका पापहरू बेवास्ता गरेर तिनीहरूका कुकर्मको समर्थन गर्नुभयो।

'तर बुद्धि आफ्ना सन्तानद्वारा सत्य ठहरिन्छ।' त्यो बुद्धि प्रभु येशू नै हुनुहुन्थ्यो (१ कोरिन्थी १:३०)। विश्वास नगर्ने मानिसहरूले उहाँलाई जत्ति निन्दा किन नगरून्, उहाँ आफ्ना कामहरूद्वारा र आफ्ना चेलाहरूका जीवनद्वारा सत्य ठहरिनुभएको छ। यहूदीहरूले बहुसङ्ख्यामा उहाँलाई मसीह राजाको रूपमा मान्न नचाहेर उहाँलाई स्वीकार गरेनन्; ता पनि उहाँका आश्चर्य कर्महरूले, साथै उहाँका भक्त चेलाहरूको आत्मिक जीवनको परिवर्तनले उहाँका दाबीहरू पुष्टि गरेर ती बिलकुल सत्य हुन् भनी प्रमाणित गरे।

ख) गालीलका ती शहरहरूका मानिसहरूलाई हाय, जसले पश्चात्ताप गरेनन् (मत्ती ११:२०-२४)

मत्ती ११:२०: ठूलो सौभाग्यको साथ ठूलो जिम्मेवारी आउँछ। खोराजिन, बेथसैदा र कपर्नहुम – यी शहरहरूको सौभाग्य सबैभन्दा ठूलो थियो; यी शहरका मानिसहरूले भन्दा ठूलो सौभाग्य अरू कसैले पाएन। किनकि ती शहरहरूका धूलोले भरिएका सड़कहरूमा देहधारी परमेश्वरका पुत्र हिँड्नुहुन्थ्यो; उहाँले तिनका प्रतिष्ठा मानिसहरूलाई शिक्षा दिनुहुन्थ्यो, र तिनका पर्खालको घेराभित्र प्रायः धेरै सामार्थ्यका कामहरू गर्नुभयो। तिनीहरूका आँखाको सामु यी सबै स्पष्ट गवाहीहरू भइरहे ता पनि ढीठ भएर तिनीहरूले पश्चात्ताप गरेनन्। तब प्रभु येशूले तिनीहरूले पाउनुपर्ने दण्ड सहन नसकिने, अपार ठहर्‍याउनुभएकोमा को अचम्म मान्दछ र?

मत्ती ११:२१: प्रभुले खोराजिन र बेथसैदाबाट धिक्कार्ने काम शुरु गर्नुभयो। यी शहरका मानिसहरूले आफ्ना मुक्तिदाता परमेश्वरका अनुग्रही

आह्वानहरू सुने, तर जानी-बुझी उहाँलाई पन्साए। उहाँको सम्झनामा टायर र सिडोनका शहरहरू आइरहे, जो आफ्ना मूर्तिपूजा र दुष्ट्याइँको कारणले परमेश्वरको न्यायमा परेका थिए। यी शहरका मानिसहरूले प्रभु येशूका अचम्मका कामहरू देख्ने सौभाग्य पाएका भए तिनीहरूले पूरा पश्चात्तापी भई आफैलाई नम्र तुल्याउनेथिए। यसैले न्यायको दिनमा खोराजिन र बेथसैदाको भन्दा टायर र सिडोनको हालत बढ़ी सहन सकिने हुनेछ।

मत्ती ११:२२: 'न्यायको दिनमा टायर र सोडोनको दशाचाहिँ तिमीहरूको भन्दा बढ़ी सहन सक्ने हुनेछ' भन्ने शब्दहरूबाट नरकमा भोग्नुपर्ने दण्डचाहिँ बेसी-कम्ती हुँदो रहेछ भनी बुझिन्छ, जसरी स्वर्गमा पाउने इनाम पनि ठूलो-सानो हुनेछ (१ कोरिन्थी ३:१२-१५)। प्रभु येशूको हातमा आफूलाई विश्वासको साथ सुम्पन नचाहेर मानिसले त्यही एउटा पाप गर्छ, जसले त्यसलाई नरकमा पुऱ्याउँछ (यूहन्ना ३:३६)। तर नरकमा मानिसले सहनुपर्ने कष्टको परिणामचाहिँ त्यसले आफ्नो जीवनकालमा परमेश्वरले दिनुभएका कति सौभाग्यहरू लत्याएको छ र कति पापहरू पूरा गरेर रस थुपारेको छ, सो कुरामा निर्भर रहन्छ।

मत्ती ११:२३-२४: कपर्नहुम शहरले पाएझैं परमेश्वरको ठूलो कृपादृष्टि अरू कुनचाहिँ शहरका मानिसहरूले पाउन सके त? मलाई भन्नुहोस्! नासरतका मानिसहरूले प्रभु येशूलाई तिरस्कार गरेपछि कपर्नहुम नै उहाँको घर र सेवा-केन्द्र बन्यो (मत्ती ४:१३ को टिप्पणी, अनि मत्ती ९:१ र मर्कूस २:१-१२)। त्यस शहरमा प्रभु येशूले आफ्ना कतिपय अतुलनीय आश्चर्य कर्महरू गर्नुभयो, जसले उहाँ नै मसीह हुनुहुँदो रहेछ भन्ने अकाट्य प्रमाणहरू दिन्थे। पुरुषगामीहरूको केन्द्रको रूपमा चिनिने सदोमजस्तो भ्रष्ट र नीच शहरका मानिसहरूले कपर्नहुमको सौभाग्य पाएका भए तिनी-हरूले पश्चात्ताप गर्नेथिए, र परमेश्वरले तिनीहरूलाई जोगाउनुहुनेथियो। कपर्नहुमको सौभाग्य कत्रो थियो, विचार गर्नुहोस्! त्यसका मानिसहरूले पश्चात्ताप गरेर खुशीसाथ प्रभु येशूलाई ग्रहण गर्नुपर्नेथियो। तर कपर्नहुमले आफ्नो यो सुअवसर गुमाइपठायो। सदोमका मानिसहरूले गरेको

भ्रष्टाचारको पाप ठूलो थियो, तर कपर्महुमको पाप झन् ठूलो थियो। त्यसका मानिसहरूले परमेश्वरका पवित्र पुत्रलाई तिरस्कार गरे; यसभन्दा ठूलो पाप हुँदैन। यसकारण न्यायको दिनमा सदोमका मानिसहरूले कपर्नहुमका मानिसहरूको भन्दा कम सजाय पाउनेछन्। स्वर्गसम्म उचालिने सौभाग्य पाएको कपर्नहुम न्यायमा नरकसम्म खलालिनेछ। कपर्नहुम शहरमा यो कुरा सत्य ठहरिनेछ भने ती ठाउँहरूका मानिसहरूको विषयमा केकसो, जहाँ पवित्र बाइबलका पुस्तकहरू प्रशस्त मात्रामा उपलब्ध हुन्छन्, जहाँ ख्रीष्टको सुसमाचारको प्रचार भइरहन्छ र जहाँ प्रायः कुनै व्यक्ति छैन, जसले मैले सुनेको छैनँ भन्ने बहाना गर्न सक्छ?

प्रभु येशूको समयमा गालीलमा चार विशिष्ट शहरहरू थिएः खोराजिन, बेथसैदा, कपर्नहुम र तिबेरियास। प्रभु येशूले पहिलेका तीन शहरहरूलाई धिक्कार्नुभयो, तर तिबेरियासलाई छोड्नुभयो। यसको नजिता के भयो त? खोराजिन र बेथसैदाको सर्वनाश यति पूर्ण छ, कि यी शहरको अवस्थिति कहाँ थियो, सो पत्ता भएकै छैन। कपर्नहुमको स्थिति पनि यस्तै छ। तर तिबेरियास आजको दिनसम्म रहेको छ। यसरी नै प्रभुको श्रापरूपी भविष्यवाणी अद्भुत रीतिले पूरा भयो; अनि यसरी प्रभु येशू सर्वज्ञानी, अन्तर्यामी हुनुहुँदो रहेछ, र पवित्र शास्त्र बाइबल परमेश्वरको प्रेरणाले दिइएको अद्वितीय दिव्य पुस्तक हुँदो रहेछ भन्ने कुरा पुष्टि गर्ने प्रमाणहरूमा एउटा थपियो।

ग) तिरस्कार हुनुभएको प्रभु येशूको प्रतिक्रिया (मत्ती ११:२५-३०)

मत्ती ११:२५-२६: गालीलका यी तीनवटा शहरका मानिसहरूका न परमेश्वरका मसीहलाई चिन्ने आँखाहरू थिए, न उहाँलाई प्रेम गर्ने हृदय थियो; प्रभुलाई थाह थियोः तिनीहरूले अहिले प्रकट गरेको यस तिरस्कारको व्यवहारले आउँदा दिनहरूको पूर्ण इन्कारको पूर्वअनुभव थियो। तिनीहरूको पश्चात्ताप नगर्ने क्रियाको प्रतिक्रियामा प्रभुले के गर्नुभयो? के तीतो हुनुभएर उहाँले छेड़ हानेर आफूलाई निर्दोष ठहर्‍याउनुभयो? होइन। तर उहाँले उच्च

सोरले परमेश्वर पितालाई धन्यवाद चढ़ाउनुभयो; किनकि कुनै कुराले पनि र कसैले पनि परमेश्वरको प्रभुत्वमा निर्भर रहेका उद्देश्य र योजनाहरू रोक्न सक्दैनथियो। यसैले उहाँले यसरी धन्यवाद दिनुभयोः **'हे पिता, स्वर्ग र पृथ्वीका परमप्रभु, म तपाईंलाई धन्यवाद चढ़ाउँछु, किनकि तपाईंले यी कुराहरू बुद्धिमान् र समझदारहरूबाट छिपाउनुभएको छ, र यिनलाई बालकहरूकहाँ प्रकट गर्नुभएको छ।'**

उपरोक्त कुराको सम्बन्धमा हामीले कुरा बुझ्नमा दुईवटा गल्ती गर्नुहुँदैन। एक, प्रभु येशूले यहाँ गालीलका यी शहरहरूमाथि परमेश्वरको न्याय अनिवार्य रूपले आइपर्नेछ भन्ने कुरामा खुशी हुनुभएको हामीले सोच्नुहुँदैन। दोस्रो, परमेश्वरले बुद्धिमान् र समझदार मानिसहरूबाट आत्मिक प्रकाश लुकाउनुभएको पनि होइन। प्रभुले यहाँ यस प्रकारको मनमानी गरेको सङ्केत गर्नुभएको होइन।

वास्तवमा यी शहरका मानिसहरूले प्रभु येशूलाई स्वागत गर्ने प्रशस्त मौकाहरू पाएका थिए। तर तिनीहरूले आफूलाई उहाँको अधीनमा सुम्पिदिन चाहेनन्। जब तिनीहरू दिव्य प्रकाशलाई इन्कार गरे, तब परमेश्वरले तिनीहरूबाट यो प्रकाश लुकाउनुभयो। तर परमेश्वरका पूर्वयोजनाहरू विफल हुँदैनन्, तर पूरा हुने नै छन्। बुद्धिजीवीहरूले विश्वास गर्दैनन् भने परमेश्वरले प्रभु येशूलाई नम्र हृदय भएकाहरूकहाँ प्रकट गर्नुहुन्छ। लूका १:५३ पदअनुसार उहाँले भोकाएकाहरूलाई असल थोकहरूले तृप्त पार्नु-हुन्छ, र धनवान्हरूलाई रित्तै पठाउनुहुन्छ।

जति जनाले आफूलाई यहाँसम्म बुद्धिमान् र समझदार ठान्छन्, कि तिनीहरूलाई प्रभु येशूको खाँचो हुँदैन, तिनीहरूको समझशक्ति अन्धा पारिन्छ। तर जसले आफ्नो बुद्धिको अभाव परमेश्वरको सामु मानिलिन्छन्, उनीहरूले उहाँकै प्रकाश पाउँछन्, ***'जसमा बुद्धि र ज्ञानका सम्पूर्ण सम्पत्तिहरू लुकेका छन्'*** (कलस्सी २:३)। प्रभु येशूले परमेश्वर पितालाई धन्यवाद किन चढ़ाउनुभयो? किनभने कतिले प्रभुलाई इन्कार गरे ता पनि अरूले उहाँलाई ग्रहण गर्ने नै छन् भन्ने कुरा उहाँले निश्चय गर्नुभयो। यति घोर अविश्वासको सामना गर्नुपरेको समयमा प्रभु येशूले परमेश्वरको सर्वेसर्वा योजना र उद्देश्यमा सान्त्वना पाउनुभयो।

मत्ती ११:२७: 'मेरा पिताबाट सबै कुराहरू मलाई सुम्पिइएका छन्;' अरू कसैको मुखबाट यी शब्द सनेका भए हामीलाई कत्रो आडम्बर गरेको लाग्थ्यो; तर प्रभु येशूको मुखमा यी शब्द बिलकुल सत्य हुन्छन्। प्रभु येशूको विरोध बढ़िरहेको त्यस घड़ीमा सबै कुरा उहाँको नियन्त्रणमा भएको जस्तै देखिँदैन; ता पनि यो कुरा सत्य थियो। उहाँको जीवन ईश्वरीय योजनाअनुसार क्रमिक रूपले र विनारोकावट लगातार अघि बढ़िरहेको थियो, र अन्त्यमा महिमित विजयमा टुङ्गिन्चायो।

'पिताले बाहेक अरू कसैले पुत्रलाई चिन्दैन'; प्रभु येशूको सम्बन्धमा हामीले कहिल्यै बुझ्न नसक्ने अगम्य रहस्यहरू बाँकी रहेछन्। हामीजस्तो सीमित समझ भएका मानिसहरूका निम्ति प्रभु येशूमा दुवै व्यक्तित्व – ईश्वरको र मानिसको – एकसाथ मिलेर बसेको कुरा बुझ्न गाह्रो पर्छ, र यस कुराले हाम्रो दिमागलाई आनेकाने पार्ने समस्याहरू सृजना गर्छ। उदारणका निम्ति, उहाँको मृत्युले एउटा समस्या खड़ा गर्छ। परमेश्वर कहिल्यै मर्नुहुन्न नै। प्रभु येशू परमेश्वर हुनुहुन्छ; रपनि मर्नुभयो। यसो भए पनि उहाँमा ईश्वरीय गुण र मानवीय गुण दुवै कहिल्यै नछुट्टिने गरी सधैं एकसाथ रहिरहे। हो, हामी प्रभु येशूलाई व्यक्तिगत रूपले चिन्छौं, उहाँलाई प्रेम गर्छौं र उहाँमाथि विश्वास गर्छौं; ता पनि पिता परमेश्वरले मात्र उहाँलाई पूर्ण रूपले चिन्नुहुन्छ र उहाँको विषयमा सबै कुरा बुझ्नुहन्छ।

'तर हे त्रीएक परमेश्वर, तपाईंको नामका सर्वोच्च अपार रहस्यहरू तपाईंले सृष्टि गर्नुभएको कुनै प्राणीले कहिल्यै बुझ्न सक्दैन;
यस वचनको महिमित दाबीअनुसार पिताले मात्र पुत्रलाई चिन्नुहुन्छ।
हे परमेश्वरका पाठो/थुमा! तपाईंको सामु हरेक घुड़ा टेक्नुपर्छ; तपाईं यसको योग्य हुनुहुन्छ।' जोशिया कोन्डर

'न ता पुत्रले बाहेक अरू कसैले पितालाई चिन्दैन, साथै उसले चिन्छ, जसकहाँ पुत्रले पितालाई प्रकट गरिदिने इच्छा गर्नुहुन्छ।' परमेश्वर पितालाई पनि सम्पूर्ण रूपले चिन्नु असम्भव छ। अन्तिम आएर परमेश्वरले मात्र आफूलाई आफ्नो महानतामा चिन्न र बुझ्न सक्नुहुन्छ। मानिसले उहाँलाई

आफ्नो बलले र आफ्नो समझले ठम्याउन सक्दै सक्दैन। तर प्रभु येशूले परमेश्वर पितालाई प्रकट गर्न सक्नुहुन्छ र उनीहरूकहाँ उहाँलाई प्रकट गर्नुहुन्छ, जस-जसलाई उहाँले चुन्नुहुन्छ, र जस-जसकहाँ पितालाई प्रकट गर्न उहाँ इच्छा गर्नुहुन्छ। हरेक जसले प्रभु येशूमा परमेश्वरका पुत्रलाई चिन्छ, उसैले पिता परमेश्वरलाई पनि चिन्दछ (यूहन्ना १४:७)।

यति भनिसके ता पनि हामीले मानिलिनुपर्छः २७ पदको व्याख्या गर्दा-गर्दै हामीलाई के महसुस हुन्छ भने, हामीले परमेश्वरको अपार सत्यमा डेढ़अक्कल पो लगाउन खोजिरहेका हौं कि? हामीले ऐनामा देखेझैं कुरा धमिलो देखिरहेछौं। परमेश्वरको महानता ठम्याउन र प्रभु येशू देहधारी हुनुभएको रहस्य पूरा बुझ्नका निम्ति अनन्त काल पनि हामीजस्तो सीमित समझशक्ति भएका मानिसहरूलाई पर्याप्त हुनेछैन।

'... साथै उसले चिन्छ, जसकहाँ पुत्रले पितालाई प्रकट गरिदिने इच्छा गर्नुहुन्छ' भन्ने व्याक्य पढ़दा हामीलाई के लाग्न सक्छ भने, 'अरे! कसैकहाँ पितालाई प्रकट गर्ने र कसैकाँ पितालाई पकट नगर्ने – प्रभु येशूले यस्तो मनपरी गरेर कुनै न कुनै चानिएका व्यक्तिहरूलाई मात्र कसरी छान्न सक्नुहुन्छ?' तर २८ पद पढ़्नुहोस्, तब प्रभुका शब्दमा यस प्रकारको अर्थ लगाउन असम्भव छ। किनकि प्रभु येशूले त्यहाँ सारा संसारका मानिसहरूलाई, विशेष गरी सबै थाकेका र बोझले लादिएका व्यक्तिहरूलाई उहाँकहाँ/आफूकहाँ आएर विश्राम पाउने निम्तो दिनुहुन्छ। अरू शब्दहरूमा भन्नु हो भने, पिता परमेश्वरलाई प्रकट गर्नका निम्ति जुन-जुन मानिसहरूलाई प्रभु येशूले चुन्नुहुन्छ, उनीहरू अरू कोहो होइनन्, तर ती हुन्, जसले उहाँको नाममाथि विश्वास गरेर उहाँलाई प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गर्छन्। अब हामी उहाँको अति कोमल र करुणामय निम्तोको बारेमा विचार गर्न लाग्दा यो कुरा नबिर्सौंः गालीलका शहरका यी कृपा पाएका मानिसहरूले उहाँलाई बिझाउने तिरस्कार गर्ने बित्तिकै उहाँको यो प्रेममय निम्तो आएको/भएको हो। मानिसहरूका घृणा र हठीपनले उहाँको प्रेम र निगाह निभाउन सकेनन्।

श्री ए.जे. माक्क्लेनले भनेका छन्ः

'इस्राएलीहरू जातिको हिसाबले परमेश्वरको न्यायरूपी परीक्षामा पर्न अघि बढ़िरहेका छन्; ता पनि मानिसहरूले व्यक्तिगत रूपले मुक्ति पाऊन् भन्ने हेतुले मसीह राजाले आफ्नो अन्तिम वचनमा यहाँ मुक्तिको ढोका उदाङ्गो पारेर पूरा खोलिदिनुभएको छ। यसो गर्दा तिनीहरू न्यायको मुखमा पुगे ता पनि उहाँले आफूचाहिँ अनुग्रही परमेश्वर हुनुहुँदो रहेछ भन्ने प्रमाण दिनुभएको छ।'[ध]

मत्ती ११:२८: 'हे सबै परिश्रम गर्ने र बोझले लादिएकाहरूहो, मकहाँ आओ ! म तिमीहरूलाई विश्राम दिनेछु।'

क) 'हे सबै परिश्रम गर्ने र बोझले लादिएकाहरूहो !'

कोही मानिस साँच्चो गरी प्रभु येशूकहाँ आउनुभन्दा अघि उसले 'म पापको बोझाले लादिएको मानिस हुँ' भनी मान्नुपर्छ। पापमा हराएको आफ्नो आत्मिक अवस्था स्वीकार गर्ने मानिसले मात्र मुक्ति पाउन सक्छ। प्रभु येशूमाथि विश्वास गर्नु अघि मानिसको कायल/साबित भएको मन परमेश्वरकहाँ फर्किनुपर्छ।

ख) '... मकहाँ ...'

प्रभु येशूमा मुक्ति छ – कुनै चर्च/मण्डलीमा होइन, कुनै विश्वासको सारमा होइन, कुनै पाष्टर, प्रचारक, पादरी वा पोपमा पनि होइन। प्रभु येशू जीवित हुनुहुन्छ। अनि मुक्ति उहाँमा सुरक्षित राखिएको छ। जति जनाले प्रभु येशूमा मुक्ति पाएका छन्, उनीहरू परमेश्वरमा सम्पूर्ण तवरले सुरक्षित छन्।

ग) '... आओ !'

प्रभु येशूकहाँ आउनुको अर्थ उहाँमाथि विश्वास गर्नु हो (प्रेरित १६:३१), प्रभु येशूलाई ग्रहण गर्नु हो (यूहन्ना १:१२), उहाँलाई खानु (यूहन्ना ६:३५) वा पिउनु हो (यूहन्ना ६:३७)। प्रभुकहाँ आउनुको मतलबचाहिँ उहाँलाई हेर्नु (यशैया ४५:२२), उहाँलाई स्वीकार्नु (१ यूहन्ना ४:२), उहाँको वचनरूपी सोर सुन्नु (यूहन्ना ५:२४-२५), ढोकाबाट भित्र पस्नु (यूहन्ना १०:९), हृदयरूपी ढोका खोलिदिनु (प्रकाश ३:२०) र उहाँको वस्त्रको किनार छुनु पनि हो (मत्ती ९:२०-२१); प्रभु येशू ख्रीष्टकहाँ आएर हामी विश्वासले उहाँमा अनन्त जीवन परमेश्वरको अनुग्रहको वरदान/उपहारको रूपमा ग्रहण गर्छौं।

घ) '... म तिमीहरूलाई विश्राम दिनेछु ।'

याद गर्नुहोस्ः विश्राम कमाउने कुरा होइन; हामी कहिल्यै विश्राम पाउन योग्यका हुँदैनौं; यो विश्रामचाहिँ परमेश्वरको वरदान हो । यो विश्राम मुक्तिको फल हो । 'प्रभु येशूले कलभरी क्रूसमा हाम्रा निम्ति मुक्ति ल्याउने अनुग्रह कमाउनुभएको छ । मुक्तिको कार्य क्रूसमा सिद्धिएको छ'; जसले यो कुरा बुझेको छ, ऊ यस विश्राममा प्रवेश गर्छ, र ख्रीष्टमा बिसाउन पाउँछ । विवेकका निम्ति पनि यहाँ विश्राम छ; 'मेरा पापहरूको ऋण सधैंका निम्ति चुक्त गर्नलाई प्रभुको बलिदानले पूरा दाम चुकाएको र यसका निम्ति पूरा दाम तिरिसकेको छ; यसर्थ परमेश्वरले पाप-क्षमा गर्ने दाम दोस्रो पल्ट लिनुहुन्न, अँ, उहाँले यो मबाट फेरि लिन खोज्नुहुन्न;' जसले यो कुरा बुझेको र अपनाएको छ, उसको विवेकले उसलाई दोष्याउन छोड्छ, र चुप रहन्छ ।

मत्ती ११ःर२९ः २८ पददेखि २९-३० पदमा आउँदाखेरि प्रभु येशूले मुक्ति पाउने निम्तो छोड़ेर सेवाका निम्ति निम्तो दिनुहुन्छ ।

'मेरो जुवा आफूमाथि राख !'

यस आज्ञाको मतलब यही होः जसले प्रभुको जुवा आफूमाथि राख्छ, उसले आफ्नो जीवन प्रभुको हातमा सुम्पिदिन्छ; अब उसो ऊ आफ्नो जीवनको मालिक हुँदैन, तर प्रभुको अधीनमा आएर र उहाँको इच्छा शिरोपर गरेर उसले उहाँको प्रभुत्व स्वीकार गर्छ (रोमी १२ःर१-२) ।

'... र मबाट सिक !'

जब हामी आफ्नो जीवनको हर क्षेत्रमा उहाँको प्रभुत्व स्वीकार गर्छौं, तब उहाँले हामीलाई उहाँका मार्गहरू सिकाउनुहुन्छ, र हामीलाई तालिम दिनुहुन्छ ।

'... ; किनकि म नम्र र हृदयमा दीन छु;'

फरिसीहरू निष्ठुर थिए, घमण्डी थिए; तर हाम्रा प्रभु येशू साँचो शिक्षक/गुरु कति फरक हुनुहुन्थ्यो; उहाँ नम्र र विनयी हुनुहुन्थ्यो । जतिले उहाँको जुवा उठाउँछन्, उनीहरूले सबभन्दा तल्लो स्थान लिन/ओगट्न सिक्छन् ।

'... अनि तिमीहरूले आ-आफ्नो मनमा विश्राम पाउनेछौ ।'

यहाँ प्रभुले विवेकमा आएको विश्रामको कुरा होइन (पद २८), तर मनको शान्तिको कुरा गर्नुभएको हो । जसले परमेश्वर र मानिसहरूको सामु

सबभन्दा तल्लो स्थान लिन्छ, उसैले यो विश्राम पाउँछ। यो विश्राम उसैले पनि अनुभव गर्छ, जसले प्रभुको सेवामा आफै ठूलो हुन खोज्ने कोशिश छोड्छ।

मत्ती ११:३०: 'किनकि मेरो जुवा सजिलो, र मेरो भारी हलुका छ।'

फरिसीहरूको तुलनामा यहाँ आकाश र पातलको भिन्नता छ। किनभने प्रभु येशूले फरिसीहरूको बारेमा यसो भन्नुभयोः ***'किनकि तिनीहरूले गह्रौं र बोक्न कठिन पर्ने भारीहरू बाँध्छन् र तिनलाई मानिसहरूका काँधहरूमाथि राखिदिन्छन्; तर तिनीहरू आफैले चाहिँ तिनलाई आफ्नो औंलीले पनि सार्न चाहँदैनन्'*** (मत्ती २३:४)। प्रभु येशूको जुवा सजिलो छ; त्यसले रगड़ेर पिल्स्याउँदैन। यसको सम्बन्धमा एकजनाको विचार के थियो भने, नासरतमा प्रभु येशूको सिकर्मी दोकान-बाहिर एउटा साइनबोर्ड हुँदो हो ता त्यसमा 'यहाँ बनेका जुवाहरू बड़ा राम्रोसँग मिल्दा रहेछन्' लेख्नुपर्थ्यो।

प्रभुले लदाउने भारी हलुका छ। यसैले इसाई जीवन जिउँदा कुनै समस्या वा परीक्षा आउँदैन, त्यसमा कुनै परिश्रम गर्नुपर्दैन वा पीरमर्क हुँदैन भन्ने कुरा सोच्नु ठूलो भूल हो। हामीले बोक्नुपर्ने भारी हलुका छ; किनभने हामी एकलैले त्यो भारी बोक्नुपर्दैन। हामी प्रभुसित जुवामा नारिएका हौं, जसले हामीलाई हर खाँचो र हर परिस्थितिका निम्ति प्रशस्त/पर्याप्त अनुग्रह दिनुहुन्छ। प्रभुको सेवा हामीले बन्धन सम्झनुहुँदैन, किनकि उहाँको सेवामा पूरा स्वतन्त्रता छ।

श्री जे. एच. जोवेटले यसो भन्छन्ः

'जुवामा नारिएर आफ्नो जीवनरूपी भार एकलैले तान्न खोज्ने विश्वासीले ठूलो भूल गर्छ। मानिसले आफ्नो भार एकलै बोकोस् - यो कहिल्यै परमेश्वरको इच्छा होइन। यसैले प्रभु येशूले हामीसित व्यवहार गर्नुहुँदा हामीसँग जुवाको सम्बन्ध राख्नुहुन्छ। यसर्थ जुवा दुईजनाको काँधमाथि हालिने साधन हो; प्रभु दाहिने, हामी छौं देब्रे; प्रभु येशू हामीसित एउटै जुवामनि आएर हामीसँगै हाम्रै भारी बोक्न चाहनुहुन्छ; यो उहाँको माग हो। उहाँ हाम्रो जुनै काममा - चाहे त्यो सजिलो होस्, चाहे गाह्रो किन नहोस् - हामीलाई साथ दिन र त्यो सँगै बोकेर पूरा गर्न चाहनुहुन्छ। इसाई जीवनमा शान्ति र विजय प्राप्त गर्ने रहस्य यसैमा छः आफ्नो

काँधबाट 'म आफैले सक्छु' भन्ने जुवा हटाउनुहोस्, र तपाईंको जीवनका स्वामीको जुवा स्वीकार गर्नुहोस्, जो आरामदायक हो !'[७]

घ) प्रभु येशू विश्राम-दिनका प्रभु हुनुहुन्छ

(मत्ती १२:१-८)

मत्ती १२:१: बाह्र अध्यायमा प्रभु येशूप्रतिको तिरस्कार चरमबिन्दुमा पुग्छ। फरिसीहरूको बीचमा उहाँको विरोधमा दुस्मनी र ईर्ष्या यति साह्रै बढ़ेर आयो कि अब एकै क्षिणमा त्यो भरिएर पोखिएला जस्तै भयो। विश्राम-दिनको सम्बन्धमा उठेको प्रश्नले त्यस द्वेषको बाढ़-द्वार खोलिदिन्छ।

उक्त विश्राम-दिन प्रभु येशू आफ्ना चेलाहरूसँग अन्नका बारीहरूबाट भएर जानुभयो। उहाँका चेलाहरूले अन्नका बाला टिप्न र खान लागे। आफ्नो छिमेकीको बारीमा हँसिया नलगाएर, तर हातले बाला टिप्ने अनुमति व्यवस्थाले तिनीहरूलाई दिएको थियो (व्यवस्था २३:२५)।

मत्ती १२:२: तर अर्काको आङको जुम्रा केलाउने विधिवादी फरिसीहरूले उहाँका चेलाहरूलाई विश्राम-दिन भङ्ग गरेको आरोप लगाए। तिनीहरूले लगाएको आरोपका खास बुँदाहरू उल्लेख गरिएनन्; तर हामी यसको बारेमा अनुमान गरेर भन्न सक्छौंः तिनीहरूले प्रभुका चेलाहरूलाई निम्न कुरामा दोष लगाएः **क)** अन्न टिपेर कटनी गरेको, **ख)** हातले माड़ेर अन्न झाँटेको, अनि **ग)** अन्न र भुस छुट्ट्याउँदा निफन्ने काम गरेको दोष।

मत्ती १२:३-४: तिनीहरूको हाँसोउठ्दो सिकायत लिएर प्रभु येशूले जवाफ दिनुहुँदा तिनीहरूलाई राजा दाऊदको जीवनमा घटेको एउटा घटनाको याद दिलाउनुभयो। निर्वास गरिएको समयमा उनी र उनका मानिसहरूले भेटीका रोटीहरू खाए (१ शमूएल २१:१-६)। यी सम्झना दिलाउने बाह्र पवित्र रोटीहरू पूजाहारीहरूले बाहेक अरू कसैले खानुहुँदैनथियो। दाऊद पूजाहारी थिएनन्, न ता उनका मानिसहरू पूजाहारीहरू थिए। तर परमेश्वरले उनीहरूमा ती पवित्र रोटी खाएकोमा कुनै दोष पाउनुभएन। किन होला ?

यसको कारण यसमा छः परमेश्वरको व्यवस्था, त्यसले उहाँका भक्त जनहरूलाई कष्ट दिओस् भनेर दिइएको होइन। दाऊद देशनिकाला भए, तर

यसमा उनकै गल्ती थिएन। उनका पापी इस्राएली जातिले उनलाई तिरस्कार गरेको थियो। उनलाई उनले पाउनुपर्ने अधिकारको स्थान दिइएको भए उनले र उनीसित भएका मानिसहरूले ती भेटीका रोटीहरू कहिल्यै खानुपर्नेथिएन। इस्राएल जातिमा पाप थियो; यसैले परमेश्वरले यो निषेध गरिएको कार्य सहेर यसमा दोष भेट्टाउनुभएन।

दाऊदको जीवनमा घटेको घटनामा र हालैमा भइरहेको कुराको बीचमा प्रभुले के समानता देख्नुभयो, सो स्पष्ट छ। प्रभु येशू इस्राएल देशका मसीह राजा हुनुहुन्थ्यो; योचाहिँ उहाँले पाउनुपर्ने अधिकारको स्थान थियो। तर इस्राएल जातिले उहाँलाई राजाको रूपमा स्विकार्न चाहेन। उहाँलाई उहाँले पाउनुपर्ने आदरको स्थान दिइएको भए उहाँका चेलाहरूले – विश्राम-दिनमा होस्, वा अरू कुनै दिनमा होस् – कहिल्यै अन्नका बाला टिपेर खाने बाध्यतामा पर्नेथिएन नै। इतिहास दोहोरियो। प्रभु येशूले आफ्ना चेलाहरूलाई हप्काउनुभएन; किनकि उनीहरूमा कुनै दोष थिएन।

मत्ती १२:५: प्रभु येशूले फरिसीहरूलाई अझ याद दिलाउनुभयो, कि पूजाहारीहरूले विश्राम-दिनमा बलिका पशुहरूलाई मारेर तिनलाई बलि चढ़ाउँदा र अन्य सेवाकार्य गर्दा विश्राम-दिनलाई अपवित्र तुल्याउँदा रहेछन् (गन्ती २८:९-१०), र पनि निर्दोष ठहरिँदा रहेछन्; किनभने उनीहरूले परमेश्वरको सेवा गरिरहेका छन्।

मत्ती १२:६: फरिसीहरूलाई थाहै थियोः पूजाहारीहरूले हरेक विश्राम-दिनमा मन्दिरमा सेवाको काम गर्दथिए, र पनि विश्राम-दिनलाई अपवित्र पार्दैनथिए। तब तिनीहरूले उहाँका चेलाहरूमा किन गल्ती भेट्टाउन खोजे होलान्, जब मन्दिरभन्दा महान् व्यक्ति यहाँ उपस्थित हुनुहुन्थ्यो, जसको सामु चेलाहरूले यो सब काम गरिरहेका थिए। यस पदको अर्थअनुसार मन्दिरभन्दा महान् अरू के हुन सक्थ्यो ? परमेश्वरको राज्यचाहिँ मन्दिरभन्दा महान् कुरा हो; अनि यस महान् राज्यका मसीह राजा उपस्थित हुनुहुन्थ्यो।

मत्ती १२:७: फरिसीहरूले परमेश्वरको मन कहिल्यै बुझेनन्। होशे ६:६ पदमा परमप्रभुले भन्नुभयोः ***'म दया चाहन्छु, बलिदान होइन।'***

परमेश्वरले दयालाई पहिलो स्थान दिनुभएको छ, रीतिविधिहरूलाई होइन। विश्राम-दिनमा आफ्नो भोक मेटाउनलाई उहाँका जनहरूले अन्नका बाला टिपेर खाएको कुरा उहाँले आफ्नो दयामा सहनुहुन्छ, तर विश्राम-दिन यति कठोर तरिकाले मानेर आफूलाई र अरू मानिसहरूलाई शारीरिक कष्ट दिने कुरा उहाँ हेर्न सक्नुहुन्न। फरिसीहरूले यो कुरा महसुस गरेका भए तिनीहरूले उहाँका चेलाहरूलाई दोष लगाउनेथिएनन्। मानिसहरूको कल्यान गर्नुभन्दा तिनीहरूले बरु रिवाजका बाहिरी सानातिना नियमहरू निको मान्दथिए।

मत्ती १२:८: तब हाम्रा प्रभुले थपेर भन्नुभयोः **'किनकि मानिसको पुत्र विश्राम-दिनको पनि प्रभु हुन्।'** पहिलो कुराः उहाँले मोशाको व्यवस्था दिनुभयो; दोस्रो कुराः यसैले उहाँ आफूले दिनुभएको आफ्नै व्यवस्थाको सठीक अर्थ लगाउने व्यक्ति पनि हुनुहुन्छ। उहाँ यसो गर्न अति योग्य हुनुहुन्छ। श्री ई. डब्लयू. रोजेर्स्ले के भन्छन् भनेः

'मलाई के लाग्छ भनेः यहाँ, यस अध्यायमा पवित्र आत्माको अगुवाइअनुसार प्रेरित मत्तीले प्रभु येशूका कतिपय नाम र पदहरू छोटकरीमा दोहोऱ्याउँदै लान्छन्, जस्तै मानिसका पुत्र, विश्राम-दिनका प्रभु, मेरा सेवक, मेरा प्रिय जन, दाऊदका पुत्र, अनि एकजना जो मन्दिरभन्दा महान्, योनाभन्दा महान्, अँ, सुलेमानभन्दा महान् हुनुहुन्छ। उनले किन यसो गरे होलान्? प्रभु येशूलाई ग्रहण नगर्दा र उहाँलाई दिनुपर्ने स्थान, सम्मान र अधिकार नदिँदा हामीले कत्रो महाँ पाप गर्छौं, सो कुरा स्पष्ट पार्न मत्तीले यसो गरेका हुन्।' [प]

अब प्रभु येशूले विश्राम-दिनमा सुकेको हात भएको मानिसलाई कसरी निको पार्नुहुन्छ भन्ने अर्को घटनामा ध्यान दिनुभन्दा अघि हामी यहाँ, एक क्षण लिएर पवित्र शास्त्रले विश्राम-दिनको विषयमा के सिकाउँछ, सो छोटकरीमा दिन चाहन्छौं।

विश्रामको दिन

सृष्टिको शुरुदेखि नै विश्राम-दिन सधैं हप्ताको सातौं दिन अर्थात् शनिबार हुन्थ्यो, र सदा-सर्वदा शनिबार भइरहने नै छ।

परमेश्वरले छ दिनभित्र सबै थोकहरू सृष्टि गर्नुभएपछि सातौं दिनमा विश्राम लिनुभयो (उत्पत्ति २:२)। त्यस समय उहाँले मानिसलाई विश्राम-

दिन मान्नुपर्छ बन्ने आज्ञा दिनुभएन; तर हुन सक्छ, उहाँले हरेक सातामा एक दिन विश्राम लिने नियम पालन गरेको चाहनुभएको होला ।

इस्राएली जातिलाई दस आज्ञा दिँदाखेरि उनीहरूले विश्राम दिन पवित्र मान्ने आदेश पाएका थिए (प्रस्थान २०:८-११)। विश्राम-दिन मान्ने आज्ञाचाहिँ अरू नौ आज्ञाहरूभन्दा फरक छ। अरू नौ आज्ञा सबै नैतिक आज्ञाहरू हुन्, तर विश्राम-दिन मान्नुचाहिँ विधिवत् नियम हो। विश्राम-दिनमा किन काम गर्नुहुँदैन ? किनभने परमेश्वरले यसो भन्नुभएको हो; अरू कुनै कारणले होइन। अरू नौ आज्ञाहरू हर तरहले, हर दृष्टिकोण र परिस्थितिमा गलत हुन् ।

विश्राम-दिनमा कुनै काम गर्नुहुँदैन भन्ने रोकमा निम्न कुराहरू समावेश थिएनन् र छैनन्: परमेश्वरलाई गरिने सेवा (मत्ती १२:५); आफ्ना आवश्यकताहरू पूरा गर्न गरेका कामहरू (मत्ती १२:३-४); अनि कसैको उपकार गर्ने कार्यहरू (मत्ती १२:११-१२)। नयाँ नियमको पुस्तकमा दस आज्ञाहरूमध्ये नौवटा उल्लेख गरिएका छन्। तर यी आज्ञाहरू व्यवस्थाको रूपमा होइन, तर अनुग्रहको करार अन्तर्गत उत्तम इसाई जीवन जिउनलाई दिइएका अर्तीउपदेशको रूपमा मात्र दिइएका हुन्। विश्राम-दिन मान्नुपर्छ भनेर ख्रीष्ट्यानहरूलाई कहिल्यै आज्ञा गरिएको छैन। दस आज्ञाहरूमध्ये योचाहिँ आदेश नयाँ नियमभरि पाइँदैन। यति मात्र होइन, प्रेरित पावलले के भन्छन् भनेः विश्राम-दिन नमानेकोमा कसैले हामीलाई दोष्याउन पाउँदैन (कलस्सी २:१६)।

इसाईहरूको विशेष दिन ता हप्ताको पहिलो दिन हो। प्रभु येशू त्यही दिनमा मरेकाहरूबाट बौरेर उठ्नुभयो (यूहन्ना २०:१)। उहाँको यस बौरिउठाइले मुक्तिको काम पूरा भएको र परमेश्वरले यो कार्य समर्थन गर्नुभएको प्रमाण दिन्छ। प्रभु येशू बौरिउठ्नुभएको आइतबारपछिका दुई आइतबारहरूमा उहाँ आफ्ना चेलाहरूसित भेट हुनुभयो (यूहन्ना २०:१९ र २६)। त्यस दिनलाई 'प्रभुको दिन' भनिन्छ। पवित्र आत्मा पनि हप्ताको पहिलो दिनमा दिइनुभयो (प्रेरित २:१ र लूका २३:१५-१६ तुलना गर्नुहोला)। प्रभुका पहिला चेलाहरू त्यही दिनमा भेला हुन्थे, र प्रभुको

मृत्युको प्रचार गर्दै उनीहरूले प्रभुभोज खान्थे (प्रेरित २०:७)। हप्ताको पहिलो दिनमा हरेक इसाईले प्रभुको कामका निम्ति भेटी छुट्ट्याउनुपर्छ भन्ने आदेशअनुसार यसो गर्न यो दिन परमेश्वरद्वारा ठहराइएको हो (१ कोरिन्थी १६:१-२)।

विश्राम-दिन अर्थात् हप्ताको सातौं दिनचाहिँ छ दिन परिश्रम गरेको अन्ततिर पर्छ, तर प्रभुको दिनचाहिँ अर्थात् हप्ताको पहिलो दिन, आइतबारको दिनचाहिँ हप्ताको शुरुमा पर्छ, जब हप्ता नयाँ हुन्छ, र मुक्ति दिने कार्य सिद्धिएको छ भन्ने ज्ञानले हामीलाई बिसाउन दिन्छ। विश्राम-दिनले पहिलो सृष्टिको सम्झना दिलाउँछ भने प्रभुको दिनचाहिँ नयाँ सृष्टिसित सम्बन्धित छ। विश्राम-दिनको साथ मान्नुपर्ने धेरै कुराहरू हुन्छन्, तर प्रभुको दिनमा सौभाग्यको रूपमा उपभोग गर्ने धेरै आशिषहरू हुन्छन्।

इसाईहरूले प्रभुको दिन 'पालन' गर्दैनन्; न ता यो दिन मुक्ति कमाउने उपाय, न पवित्रता प्राप्त गरिदिने माध्यमको रूपमा मान्छन्, साथै प्रभुको दिन नमानेपछि दण्ड पाइन्छ भन्ने डरले पनि मान्दैनन्। तर उनीहरूले यो दिन किन अलग गर्छन् त? उनीहरूले आफ्ना प्रभुलाई प्रेम गर्छन् र उहाँलाई श्रद्धाभक्ति चढ़ाउन यसो गर्छन्; किनभने उहाँले उनीहरूलाई प्रेम गरी आफूलाई उनीहरूका निम्ति अर्पण गर्नुभयो। यस दिनमा छुट्टी पाएकोले गर्दा हामी आफ्नो जीवनका दैनिक कामकाज र सांसारिक कुराहरूदेखि अलग रहेर यो दिन परमेश्वरको आराधना र ख्रीष्टको सेवा गर्ने विशेष दिनको रूपमा मान्छौं।

विश्राम-दिनचाहिँ प्रभुको दिनमा बदलेको छ भन्नु गलत हो; किनकि विश्रामको दिन शनिबार हो, र प्रभुको दिन आइतबार पर्छ। विश्राम-दिन ती कुराहरूको एक छाया मात्र हो, जसको वास्तविकता ख्रीष्ट येशू हुनुहुन्छ (कलस्सी २:१६)। प्रभुको बौरिउठाइसित एउटा नयाँ युग शुरु भएको छ, अनि प्रभुको दिनले यो नयाँ शुरुआतलाई सङ्केत गर्छ।

(फरिसीहरूले प्रभु येशूलाई विश्राम-दिन भङ्ग गर्नुभएको अनेक आरोप लगाए ता पनि उहाँ विश्वासी यहूदी भई व्यवस्थाको अधीनमा रहेर उहाँले विश्राम-दिन मान्नुभएको थियो। तर विश्राम-दिनका प्रभु हुनुभएको

हुनाले उहाँले त्यस दिनलाई त्यो दिन सिँगारपटार गर्न खोज्ने झूटा रीति-विधिहरूबाट मुक्त गर्नुभयो ।

ङ) प्रभु येशू विश्राम-दिनमा निको पार्ने काम गर्नुहुन्छ (मत्ती १२:९-१४)

मत्ती १२:९: अन्नका बारीहरू छोड़ेर प्रभु येशू यहूदीहरूको एउटा सभाघरमा जानुभयो । लूकाको सुसमाचारअनुसार शास्त्री र फरिसीहरूले चाहिँ उहाँको विरोधमा दोष भेट्टाऔं भनेर त्यहाँ उहाँको चेवा गरेका थिए (लूका ६:६-७) ।

मत्ती १२:१०: त्यस सभाघरमा सुकेको हात भएको मानिस थियो – उसलाई सहायता गर्न फरिसीहरू कति शक्तिहीन् छन् भन्ने कुरा जनाउने मौन साक्षीको रूपमा । त्यस बेलासम्म तिनीहरूले रूखा भएर उसलाई बेवास्ता गरेका थिए । तर अहिले हेर्नुहोस्, अचानक ऊ तिनीहरूका निम्ति उपयोगी भएको, प्रभु येशूलाई फसाउने पासो पो बन्न पुग्यो; किनकि प्रभु येशूले मानिसको दुःख हेर्न नसकी दुःख हरण गर्न सधैं तत्पर हुनुभएको कुरा तिनीहरूलाई थाहा थियो । प्रभुले विश्राम-दिनमा निको पार्ने काम गर्नुभयो भने उहाँ दण्डको योग्य काम गर्नुहुन्छ, र हामीले उहाँलाई पक्राउ पार्न सक्नेछौं भन्ने तिनीहरूको विचार थियो । यसैले तिनीहरूले वाक्छल गरेर उहाँलाई यो प्रश्न सोधेः 'के विश्राम-दिनमा निको पार्नु उचित छ ?'

मत्ती १२:११: तिनीहरूलाई उत्तर दिँदा प्रभुले तिनीहरूलाई पनि एउटा प्रश्न गर्नुभयोः के विश्राम-दिनमा खाड़लमा परेको आफ्नो भेड़ा निकाल्नु हुन्छ कि हुँदैन ? त्यो भेड़ा पक्का पनि निकालिन्थ्यो । तर कुन आधारमा यसो गर्न मिल्छ त ? हो, दयाको कारणले यसो गरिन्छ होला, तर शायद यो विचार ठीक होलाः भेड़ाको दाम सम्झेर कसैले त्यसको हानि उठाउन चाहँदैनथियो, विश्रामको दिनमा पनि हानि उठाउन हुँदैनथियो ।

मत्ती १२:१२: प्रभु येशूले तिनीहरूलाई के सम्झना दिलाउनुभयो भने, मानिसको मूल्य भेड़ाको भन्दा धेरै हो । एउटा पशुप्रति दयाको काम गर्नु उचित छ भने विश्राम-दिनमा मानिसको उपकार गर्नु झन् न्यायसँगत कुरा हुनुपर्छ, होइन र ?

मत्ती १२:१३-१४: प्रभुले यी यहूदी अगुवाहरूलाई तिनीहरूको लोभमा पक्रनुभयो। अब उहाँले त्यो सुकेको हात निको पार्नुहुन्छ। **'तिम्रो हात पसार'** भन्ने आदेश दिएर उहाँले त्यस रोगीको विश्वास र निको हुने इच्छा चलाउने प्रेरणा गर्नुभयो। रोगी आज्ञाकारी भयो, फलस्वरूप ऊ निको भयो। सृष्टिकर्ताको अचम्मको काममा ध्यान दिनुहोस्: त्यो सुकेको हात अर्कोजस्तै पूरा स्वस्थ भइहाल्यो। त्यो मानिस, जसलाई फरिसीहरूले न सहायता गर्न चाहन्थे न निको पार्न सक्थे, त्योचाहिँ अब निको भएकोमा तिनीहरू अवश्य खुशी भएको विचार मनमा उठ्न खोज्छ, तर कहाँ खुशी हुनु र, तिनीहरू रिसले चूर भएर उहाँको विरोधमा उहाँलाई मार्ने मतो रच्न लागे। सम्झनु-होस्: हामीमध्ये कसैको हात सुकेको छ भने हप्ताको जुनै दिनमा पनि त्यो निको हुनुमा हामी खुशी हुनेथियौं।

च) प्रभुको चङ्गाइ सबैका निम्ति हो (मत्ती १२:१५-२१)

मत्ती १२:१५-१६: जब प्रभु येशूले आफ्ना शत्रुहरूको यो दुष्ट विचार थाहा पाउनुभयो, तब उहाँ त्यहाँबाट निस्केर जानुभयो। तर के गर्ने? उहाँ जहाँ-जहाँ जानुहुन्थ्यो, त्यहाँ-त्यहाँ मानिसहरूको भीड़ लाग्थ्यो; अनि तिनीहरूमा जोजति बिरामी थिए, उहाँले तिनीहरू सबैलाई निको पार्नुभयो। उहाँले ती निको भएका मानिसहरूलाई तिनीहरूले यी अचम्मका चङ्गाइकार्य प्रचारप्रसार नगर्नू भनेर कड़ा चेताउनी दिनुभयो। यसो गर्दा उहाँ आफूले खतराबाट बाँच्न खोज्नुभएन, तर तिनीहरूमा कुनै चञ्चल आन्दोलन शुरु नहोस्, र कसैले उहाँलाई प्रख्यात तुल्याएर उहाँ क्रान्तिकारी वीर नबनून् भन्ने हेतुले यसो गर्नुभयो। सबै कुरा परमेश्वरको समय र क्रममा हुनु र गर्नु थियो। उहाँको क्रान्तिको समय आउँदै थियो; अनि त्यस क्रान्तिमा चाहिँ रोमीहरूको रगत होइन, तर येशूकै रगत बगाउनु थियो।

मत्ती १२:१७-१८: प्रभु येशूको अनुग्रहकारी सेवाकार्यमा यशैया ४२:१-४ पदमा भनिएको भविष्यवाणी पूरा भयो, जहाँ भविष्यवक्ता यशैयाले मसीहलाई एक विनम्र विजेताको रूपमा देखे। उनले आफ्नो भविष्यवाणीमा प्रभु येशूलाई परमेश्वरका सेवकको रूप दिए, जसलाई

परमप्रभु स्वयम्ले छान्नुभयो; अँ, प्रभु येशू ती प्रिय जन हुनुहुन्थ्यो, जससित परमेश्वरको मन प्रसन्न हुन्थ्यो। 'परमेश्वरले उहाँमाथि आफ्नो आत्मा राख्नुहुनेछ'। यो भविष्यवाणी येशूको बप्तिस्मामा पूरा भयो। उहाँको सेवा इस्राएली मानिसहरूमा सीमित नरहेर ***'अन्यजातिहरूको बीचमा न्यायको प्रचार गर्नुहुनेछ'***। इस्राएलीहरूले उहाँलाई जति बढ़ी इन्कार गरे, त्यत्ति नै यस अन्तिम कामले प्रमुख स्थान पायो।

मत्ती १२:१९: भविष्यवक्ता यशैयाले आफ्नो भविष्यवाणीमा अझ के भन्छन् भनेः ***'उनले झगड़ा गर्नेछैनन्, नता चिच्च्याउनेछन्, न सड़कहरूहुँदा कसैले उनको सोर सुन्नेछ।'*** अर्को शब्दमा भन्नु हो भने, जनतालाई उत्तेजित पार्ने किसिमको भाषण छाँट्ने राजनैतिक वक्ताजस्तै उहाँ हुनुहुन्नथियो।

श्री म्याक-क्लेनले यसो लेख्छन्:

'ती राजाले, जो परमेश्वरका सेवक हुनुहुन्छ, कुनै सामान्य तरिकाले अर्थात् शारीरिक बल वा राजनैतिक नेतागिरी प्रयोग गरेर आफ्नो अधिकारको स्थान लिनुहुनेछैन नै; अँ, यसो गर्नका निम्ति उहाँले आफ्नो हुकुम मात्रे स्वर्गीय सेनाहरूलाई पनि चलाउनुहुनेछैन।' [फ]

मत्ती १२:२०: यस भविष्यवाणीमा अझ बताइएको छः ***'किच्याइएको निगालो उनले भाँच्नेछैनन्,र धूवाँ निस्किरहेको सलेतो उनले निभाउने-छैनन्।'*** यसर्थ उहाँले आफूले लक्ष्य राखेका स्थानमा पुग्नका निम्ति आफ्नो अधिकारबाट वञ्चित भएका मानिसहरूको टाउकोमा टेक्नुहुनेछैन, न शोषित व्यक्तिहरूबाट फाइदा उठाउनुहुनेछ। होइन, उहाँले ता मन भाँचिएका र तनाउले पिल्सिएकाहरूलाई उत्साह दिनुहुन्छ र बलियो तुल्याउनुहुन्छ। उहाँले कसैको विश्वास, त्यो आगोको झिल्काजति सानो किन नहोस्, हम्काएर आगोको ज्वाला तुल्याउनुहुन्छ। उहाँको सेवकाइ तबसम्म चलिरहनेछ, जबसम्म उहाँले न्यायलाई विजयमा ल्याइपुर्‍याउनुहुन्न। मानिसहरूको घृणाले पूर्ण र आभाररहित व्यवहारले कहिल्यै उहाँमा मानिसप्रतिको त्यो प्रेम र विनम्र वास्ता निभाउन सक्दैन।

मत्ती १२:२१: ***'अनि उनकै नाममा अन्यजातिहरूले आशा राख्नेछन्।'*** यशैयाको पुस्तकमा हेर्‍यौं भने त्यहाँ यसो लेखिएको छः ***'अनि टापुहरूले***

तिनको व्यवस्थाको आशा गर्नेछन् ।' शब्दहरू फरक भए पनि यी दुई खण्डको अर्थ एउटै हो । किनकि टापुहरूको अर्थचाहिँ अन्यजातिहरू बुझिन्छ । तिनीहरूले यस खण्डमा उहाँको शासनको बाटो हेर्नेहरूको रूप लिएका छन्, जसले आफूलाई उहाँको अधीनमा सुम्पेर उहाँ विश्वासी प्रजा हुनेछन् । श्री क्लैस्ट र लिल्लीले यशैयाको पुस्तकबाट उद्धृत गरिएको खण्डलाई निम्न शब्दमा प्रशंसा गरेका छन्ः

'सुसमाचारभित्र पाइने रत्नहरूमा एउटाचाहिँ यही होः ख्रीष्टको परम सुन्दरता, जसको चित्र भविष्यवक्ता यशैयाले दिएका छन्, जब यहाँ उनले अन्यजातिहरूलाई शिक्षा दिने प्रेषण/मिशनमा परमेश्वर पितासँग ख्रीष्टको एकता, पिड़ित मानिसहरूको दुःख हरण गर्ने काममा उहाँको कोमलता र उहाँको आखिरी विजयको चित्रण कोर्दछन् । हुन पनि हो, उहाँको नाममा मात्र संसारका निम्ति आशा छ, नत्र आशा कहीं छैन; किनकि ख्रीष्ट संसारको मुक्तिदाता हुनुहुन्छ । उनले यो कुरा कनै रस नभएका शब्दहरूले, विद्वानका शैलीले होइन, तर गहकिलो, पूर्वदेशी साहित्यको चमकदार चित्रहरूले पूर्ण भाषाले व्यक्त गरेका छन् ।' [ब]

छ) पवित्र आत्माको निन्दाचाहिँ क्षमा नहुने पाप हो (मत्ती १२ः२२-३२)

मत्ती १२ः२२-२४ः जब प्रभु येशूले एकजना दुष्ट आत्मा लागेको, अन्धा र गुँगा मानिसलाई निको पार्नुभयो, तब साधारण मानिसहरू उहाँको विषयमा गम्भीर हुन थाले र शायद दाऊदका पुत्र 'ख्रीष्ट' अर्थात् इस्राएलका मसीह उहाँ नै हुनुहुन्छ होला भनेर सोच्न लागे । यस कुराले फरिसीहरूको रिस उठायो । येशूलाई समर्थन दिने अरू कुनै वचन सुन्न नसकेर तिनीहरू बम्किएः 'दुष्ट आत्माहरूको शासक बेल्जेबुलद्वारा बाहेक यस मानिसले दुष्ट आत्माहरू निकाल्न सक्दैन ।' यसरी तिनीहरूले यस अचम्मको काममा दोष लगाए । प्रथम चोटि फरिसीहरूले प्रभु येशूलाई शैतानिक हो भन्ने चोट पार्ने दोषद्वारा खुला रूपले आरोप लगाए ।

मत्ती १२ः२५-२६ः तिनीहरूका विचारहरू थाहा पाएर येशूले यसो भन्दै तिनीहरूको मूर्खता भन्डाफोर गरिदिनुभयोः ***'आपसमा फाटो भएको***

कुनै राज्य, शहर वा घर टेक्नेछैन ।' उहाँले शैतानको शक्ति प्रयोग गरेर शैतानका दुष्ट आत्माहरू निकाल्नुभयो भने शैतानले आफ्नै विरोधमा काम गरेको हुनुपर्छ, अनि यो अर्थहीन हुन्छ ।

मत्ती १२:२७: हाम्रा प्रभुले फरिसीहरूलाई यस सम्बन्धमा तिनीहरूको तर्कको सर्वनाश गर्ने दोस्रो जवाफ दिनुहुन्छः तिनीहरूको यहूदी समाजका दाजुभाइहरूमा कुनैले दुष्ट आत्मा निकाल्ने काम गर्थे, र आफूसँग भूतप्रेत धपाउने शक्ति छ भन्ने दाबी गर्थे । प्रभु येशूले तिनीहरूको यस दाबीको बारेमा यो कुरा पुष्टि दिने वा यो कुरा इन्कार गर्ने केही भन्नुभएन, तर तिनीहरूको उदाहरण तर्कको रूपमा प्रयोग गर्नुभयोः उहाँले बेल्जेबुलद्वारा दुष्ट आत्माहरू निकाल्नुभयो भने फरिसीहरूका छोरा नाम गरेका भूतप्रेत धपाउनेहरूले पनि त्यही किसिमले यसो गर्थे । तर फरिसीहरूले यो कुरा कहिल्यै मानिलिन तयार थिएनन्, तर प्रभुको यस तर्कको प्रभावबाट उम्कन सकेनन् । किनकि यो कुरा स्वीकार गरेमा तिनीहरूको समाजका दाजुभाइहरूले तिनीहरूलाई 'तिमीहरूले हामीलाई शैतानका सहकर्मी तुल्याएका छौ, कसरी ?' भनेर दोष लानेथिए ।

श्री स्कोफिल्डले भन्छन्ः

'फरिसीहरू आफ्नो विषयमा र आफ्ना छोराहरूको सम्बन्धमा शैतानिक शक्ति प्रयोग गरेको दोष एक क्षण पनि टेक्न नदिएर तत्कालै इन्कार गर्न तयार थिए । तर तिनीहरूले अपनाएको तर्कले अर्थात् प्रभु येशूले बेल्जेबुलको सहायता लिएर दुष्ट आत्माहरू धपाउनुभएको कुराले तिनीहरूलाई कहाँसम्म पुऱ्याय़ो, सो तिनीहरूलाई थाहा भएनः तिनीहरूका छोराहरूले तिनीहरूलाई न्याय गरेर तिनीहरूलाई तिनीहरूको तर्क असँगत, अँ, पक्षपातले पूर्ण छ भन्ने दोष लग्थ्यो । किनभने कुरा स्पष्ट छः दुष्ट आत्मा निकाल्ने शक्ति शैतानिक हो भने यो शक्ति प्रयोग गर्ने हरेक व्यक्ति - त्यो जोसुकै होस् - त्यस शक्तिको श्रोतसँग अर्थात् शैतानसँग सम्बन्धित भएको ठहर्छ ।' [भ]

यसैले यो कुरा बुझौंः जसले दुष्ट आत्मा निकालेको त्यो एउटा कार्य विभिन्न श्रोतहरूबाटको हो भनेर भन्छ, त्यसको तर्क न्यायसँगत होइन ।

मत्ती १२:२८: वास्तवमा, प्रभु येशूले परमेश्वरको आत्माद्वारा दुष्ट आत्माहरू निकाल्नुभयो । यस संसारमा मानिसको रूपमा जिएर येशू सम्पूर्ण

जीवनभरि नै पवित्र आत्माको शक्तिले आफ्नो जीवन जिउनुभयो। भविष्यवक्ता यशैयाले पहिल्यै भविष्यवाणी गरेका आत्माको भरपूरी भएको मसीह उहाँ हुनुहुन्थ्यो (यशैया ११:२, ४२:१, ६१:१-३)। यसैले उहाँले फरिसीहरूलाई यसो भन्नुभयोः **'परमेश्वरको आत्माद्वारा म दुष्ट आत्माहरू निकाल्छु भने ता अवश्य परमेश्वरको राज्य तिमीहरूकहाँ आएको हुनुपर्छ।'** पक्का पनि यो सूचनारूपी वचन तिनीहरूका निम्ति हार खुवाउने प्रहार भयो। तिनीहरूले आफ्नो ईश्वरी ज्ञानको सम्बन्धमा घमण्ड गर्थे। तर दुःखको कुरा, तिनीहरूको माझमा मसीह राजा आउनुभएको थियो; यसैले परमेश्वरको राज्य पनि तिनीहरूकहाँ आएको थियो; तर उहाँको उपस्थितिमा तिनीहरूले यो कुरा चालै पाएनन्।

मत्ती १२:२९: प्रभु येशूले शैतानसित सम्बन्ध राख्नुभएको कुरा पर जाओस्, उहाँले शैतानलाई जित्नुभयो। उहाँ त्यसलाई जित्ने विजेता हुनुहुन्छ। यो कुरा स्पष्ट पार्नलाई उहाँले बलियो मान्छेको कथा भन्नुभयो। त्यो बलियो मान्छे शैतान हो। त्यसको घर त्यसको अधिकार जमाउने क्षेत्र हो। त्यसको सम्पत्तिरूपी मालसामानचाहिँ त्यसका दुष्ट आत्माहरू हुन्। येशू प्रभुले त्यस बलियो मान्छेलाई बाँध्नुभयो, त्यसपछि त्यसको घरभित्र पसेर त्यसका मालसामान लुट्नुभयो। यो कुरा साँचो होः शैतानलाई बाँध्ने काम क्रमिक हुन्छ। त्यो शैतानलाई बाँध्ने कामचाहिँ प्रभु येशूको सेवकाइबाट शुरु भएको थियो भने, अनि उहाँको मृत्यु र बौरिउठाइद्वारा ईश्वरीय निर्णय-अनुसार निश्चित/पक्का ठहरियो। मसीह राजाको एक हजार वर्षको शासनकालमा शैतानको बन्धन अझ कसिलो हुनेछ (प्रकाश २०:२)। अन्तमा शैतान आगोको झीलभित्र फ्याँकिनेछ, तब त्यो बाँध्ने काम सिद्धिनेछ, अँ, अनन्तसम्म सत्य ठहरिनेछ (प्रकाश २०:१०)। हालैमा शैतान बाँधिएको जस्तो देखिँदैन; किनकि त्यसले अझ निक्कै शक्ति चलाउँछ। तर त्यसको अन्त्य आइसकेको छ, त्यसको समय धेर छैन।

मत्ती १२:३०: तब प्रभु येशूले यसो भन्नुभयोः **'जो मसँग छैन, त्यो मेरो विरोधमा छ; अनि जसले मसँग बटुल्दैन, त्यसले छरपुस्ट पार्छ।'** ती फरिसीहरूको येशूलाई निन्दा गर्ने व्यवहारले तिनीहरू उहाँसँग छैनन् भन्ने

प्रमाण दियो। यसर्थ तिनीहरू उहाँको विरोधमा थिए। तिनीहरूले उहाँसँग फसल बटुलेनन्, यसैले तिनीहरूले भित्र्याएका अन्न छरपुस्ट पारे। तिनीहरूले येशूलाई उहाँले शैतानको शक्तिले दुष्ट आत्माहरू निकाल्नुहुन्छ भन्ने आरोप लगाए; तर वास्तवमा तिनीहरू नै शैतानका सहकर्मी थिए, जसले परमेश्वरको काम विफल पार्न चाहे।

मर्कूस ९:४० पदमा प्रभु येशूले भन्नुभयोः ***'जो हाम्रो विरोधमा छैन, त्यो हाम्रो पक्षमा छ।'*** यस कुराले मत्ती १२:३० पदमा उहाँले भन्नुभएको वचनसित कुनै पनि मेल नखाएको देखिन्छ। यो समस्या तब समाधान हुन्छ, जब हामी मत्तीले लेखेको मुक्तिको सन्दर्भ र मर्कूसले लेखेको सेवाको सन्दर्भको बीचमा छुट्ट्याउँछौं। मुक्तिको सम्बन्धमा बीचमा उभिने ठावै रहँदैन, हामीले ख्रीष्टको पक्ष लिनैपर्छ, नत्र हामी उहाँको विरोधमा छौं। तर सेवाको सम्बन्धमा भनौं भने ख्रीष्टका चेलाहरूको बीचमा प्रशस्त भिन्नताहरू छन्, जस्तै स्थानीय मण्डलीको सेवा र प्रशासन, प्रभुको काम गर्ने तरिकाहरू र प्रभुको शिक्षामा बेग्ला-बेग्लै अर्थ लगाएको विषयमा। तर यसमा लगाउनुपर्ने नियम यही होः जो प्रभुको विरोधमा छैन, त्यो ता उहाँसँग छ। यसैले हामीले त्यस्तालाई यसरी नै आदर गर्नुपर्छ।

मत्ती १२:३१-३२: यी पदहरूमा इस्राएली नेताहरूसँग प्रभुका वार्तालाप र व्यवहार बिग्रेर शोचनीय स्थितिमा पुगेका देख्छौं; किनकि उहाँले तिनीहरूलाई तिनीहरूले पवित्र आत्माको निन्दा गरेर क्षमा नहुने पाप गरेको दोष लगाउनुभयो। पवित्र आत्माको निन्दा कसरी भयो ? पवित्र आत्माको शक्तिले होइन, तर शैतानको शक्तिद्वारा प्रभुले यी अचम्मका कामहरू गर्नुभयो भन्नु नै क्षमा नहुने पाप हो। वास्तवमा तिनीहरूले पवित्र आत्मालाई दुष्ट आत्माहरूको शासक बेल्जेबुल तुल्याए।

अनेक किसिमका पापहरू र ईश्वर-निन्दाका निम्ति पाप-क्षमा पाउन सकिन्छ। कसैले मानिसका पुत्रको विरोधमा बोल्छ, र त्यसलाई त्यो पाप क्षमा गरिन्छ। तर पवित्र आत्माको विरोधमा गरिने निन्दाचाहिँ यस्तो एउटा पाप हो, जसको क्षमा यस संसारमा र आउने युगमा अर्थात् ख्रीष्टको हजार वर्षको राज्यमा गरिनेछैन। जब यस संसार/युगमा प्रभुले भन्नुभयो, तब उहाँले

संसारमा आफ्नो सेवकाइको समयको कुरा गर्नुभयो। आजभोलि कसैले कहिल्यै क्षमा हुने पाप गर्न सक्छ भन्ने विषयमा सङ्कोच मान्न सकिन्छ; किनकि अचम्मका कामहरू गर्दै गर्नुभएको प्रभु वर्तमान समयमा शारीरिक रूपले यस पृथ्वीमा उपस्थित हुनुहुन्न।

सुसमाचारको वचन अस्वीकार गर्नु र क्षमा नहुने पाप गर्नु एउटै कुरा होइन। किनभने कुनै मानिसले वर्सौंसम्म आफ्नो मुक्तिदातालाई लत्याएपछि पश्चात्ताप गर्न सक्छ, विश्वास गरेर मुक्ति पाउन सक्छ। (निस्सन्देह, त्यो मानिस आफ्नो अविश्वासी अवस्थामा मर्‍यो भने त्यसलाई क्षमा हुँदैन।) विश्वासबाट पछि हट्नु र क्षमा नहुने पाप पनि एउटै कुरा होइन। किनकि एउटा विश्वासी भड्किएर प्रभुबाट टाढ़ा, एक दम टाढ़ै पुग्न सक्छ, रपनि पापको क्षमा पाई परमेश्वरको परिवारमा फर्केर तिनीहरूको सङ्गतिमा ग्रहण गरिन्छ।

धेरै मानिसहरूले 'लौ, मैले ता क्षमा नहुने पाप गरें-गरें' भनेर चिन्ता गर्छन्। यस्तो पाप अचेल गर्न सकिँदैन भन्ने कुरा एकक्षण पन्साएर पनि यसमा कुरा स्पष्ट छः जुन मानिसले आफूले गरेको पापको बारेमा चिन्ता गर्छ, उसले क्षमा नहुने पाप गरेकै हुँदैन। उसको चिन्ता यसको प्रमाण हो। जस-जसले यो क्षमा नहुने पाप गरे, तिनीहरू सबैको मन कड़ा/कठोर थियो, र तिनीहरूले येशू प्रभुको विरोध गर्ने विषयमा कहिल्यै पछुताएनन्। पवित्र आत्माको निन्दा गरेर तिनीहरूलाई कहिल्यै अफसोस लागेन। प्रभु येशूको हत्याको युक्ति रचेर तिनीहरूलाई कहिल्यै हिचकिच भएन। तिनीहरूले कहिल्यै अफसोस देखाएनन्, तिनीहरूले कहिल्यै पश्चात्ताप गरेनन्।

ज) रूखलाई त्यसको फलबाट चिनिन्छ

(मत्ती १२ः३३-३७)

मत्ती १२ः३३ः दुष्ट आत्माहरू निकालेर प्रभु येशूले एउटा असल काम गर्नुभएको कुरा फरिसीहरूले पनि स्वीकार गर्नुपर्नेथियो। तर तिनीहरूले उहाँलाई खराब काम गर्नुभएको आरोप लगाए। यस खण्डमा उहाँले तिनीहरूको न्यायसँगत नभएको दोषको भूल प्रकट गरेर खास गरी यसो

भन्नुभयोः अब तिमीहरूले निर्णय गर ! कि त रूख असल र त्यसको फल पनि असल हुन्छ। फल असल हुँदा रूख पनि असल हुनुपर्छ। रूखको फलचाहिँ त्यस फल उत्पादन गर्ने रूखको गुण बताउँछ। प्रभुको सेवकाइको फल असल थियो। उहाँले बिरामीहरूलाई निको पार्नुभयो; उहाँले अन्धा, गुँगा, बहिरालाई चङ्गाइ गर्नुभयो; उहाँले दुष्ट आत्माहरू निकाल्नुभयो; उहाँले मरेकाहरूलाई फेरि जीवित पार्नुभयो। के कुनै खराब रूखले यस्ता असल-असल फलहरू फलाउन सक्थ्यो र ? कदापि होइन। तब किन, अँ, किन तिनीहरू उहाँलाई आफ्नो प्रभु नअपनाएर त्यति ढीठ भइरहे ?

मत्ती १२:३४-३५: तिनीहरू विषालु सर्पका सन्तानहरू थिए; प्रभुलाई नमान्ने मूल कारण यही हो। मानिसका पुत्रको विरोधमा गरेको तिनीहरूको दुष्ट्याइँले, तिनीहरूको मुखबाट निस्केका विषले पूर्ण शब्दहरूले के कुरा प्रमाणित गरे ? यो त तिनीहरूको दुष्ट हृदयबाट निस्केको दुषित भेल/बाढ़रूपी फल हो। जुन हृदय भलाइले भरिएको हुन्छ, त्यसले त्यो कुरा आफ्नो अनुग्रही शब्दहरूले र धार्मिक/असल कामहरूले देखाउँछ। एउटा दुष्ट हृदयले निन्दा, तीतोपन र दुर्व्यवहारले आफूलाई चिनाउँछ।

मत्ती १२:३६: प्रभु येशूले चेताउनी दिएर तिनीहरूलाई भन्नुभयो, र हामीलाई पनि भन्नुहुन्छः **'हरेक व्यर्थको कुरा, जो मानिसहरूले बोल्छन्, न्यायको दिनमा तिनीहरूले लेखा दिनेछन्।'** मानिसहरूले बोलेका शब्दहरू तिनीहरूको जीवन जाँच्ने अचूक कसी ठहरिएका छन्। तिनीहरूका शब्दहरूचाहिँ दोष-आरोपण लाउने वा निर्दोष ठहराउने सठीक आधार हुन्। विचार गर्नुहोस्, ती फरिसीहरूले परमेश्वरका पवित्र पुत्रको विरोधमा बोलेका, यी घृणा र निन्दाले पूर्ण नीच शब्दहरूले तिनीहरूका निम्ति कति ठूलो दण्ड कमाए होला ?

मत्ती १२:३७: 'तिमी आफ्नै शब्दहरूद्वारा धर्मी ठहरिनेछौ र आफ्नै वचनहरूले दोषी ठहरिनेछौ।' विश्वासीहरूको कुरा गरौंः लापरवाहीमा बोलेका उनीहरूका शब्दहरूका दण्ड प्रभु येशूको क्रूसको मृत्युले प्रायश्चित्त गरेको छ। यसो भए पनि हाम्रो लापरवाही बोलीवचनहरूका कारणले, हामीले तिनलाई मानिलिँदैनौं र तिनको क्षमा हामीले पाएनौं भने, ख्रीष्टको

न्याय-आसनको सामु उभिँदै आफ्नो जीवनको लेखा दिँदा हामीले आफ्नो इनाम गुमाउनेछौं ।

झ) भविष्यवक्ता योनाको चिन्ह (मत्ती १२ः३८-४२)

मत्ती १२ः३८ः प्रभु येशूले गर्नुभएका सबै अचम्म कामहरू देख्दा-देख्दै पनि शास्त्री र फरिसीहरूमा उहाँलाई 'गुरुज्यू, हामी तपाईंबाट एउटा चिन्ह देख्न चाहन्छौं' भन्ने दुःसाहस कहाँबाट आयो होला ? यस प्रश्नको मतलब यो थियोः 'प्रभु, तपाईंले हामीलाई आफ्नो विषयमा तपाईं साँच्चै मसीह हुनुहुन्छ भन्ने प्रमाण दिनुभएको भए हामीले तपाईंमाथि विश्वास गर्नेथियौं ।' तर तिनीहरूको यो कपट छर्लङ्ग प्रकट भयो । यति धेरै अचम्मका कामहरू देखेर पनि विश्वास नगर्ने तिनीहरू हुन्; तिनीहरूलाई एउटा थप चिन्हले के प्रभाव पार्थ्यो ? चिन्हहरू देखेपछि म विश्वास गर्छु भन्ने सर्त राख्ने मानिसको त्यस मनोभावनासित परमेश्वर खुशी हुनुहुन्न । प्रभु येशूले आफ्नो चेला थोमालाई भन्नुभयोः ***'उनीहरू धन्य हुन्, जसले देखेका छैनन्, ता पनि विश्वास गर्छन्'*** (यूहन्ना २०ः२९) । परमेश्वरको व्यवस्था यस्तो छः विश्वास गरेपछि मात्र देख्न पाइन्छ ।

मत्ती १२ः३९ः यस पदमा प्रभु येशूले ती मानिसहरूलाई दुष्ट र व्यभिचारी पुस्ता भनेर सम्बोधन गर्नुभयो । तिनीहरू दुष्ट, किन ? किनभने तिनीहरूले आफ्ना मसीहलाई चिन्न नचाहेर जानी-जानी आफ्ना आँखाहरू छोपे । तिनीहरू व्यभिचारी, किन ? किनभने तिनीहरू आत्मिक हिसाबले आफ्ना परमेश्वरप्रति अविश्वासी भए । तिनीहरूको सृष्टिकर्ता स्वयम् ती व्यक्तिको रूपमा तिनीहरूको माझमा खड़ा हुनुहुन्थ्यो र तिनीहरूसित बोल्नुहुन्थ्यो, जसमा दुवै कुरा, सम्पूर्ण ईश्वरत्व र पूरा मानवत्व एकसाथ जोड़िएका थिए । र पनि तिनीहरूले उहाँबाट एउटा चिन्ह मागे, कत्रो दुःसाहस !

मत्ती १२ः४०ः उहाँले तिनीहरूलाई छोटकरीमा यसो भन्नुभयोः **'तिमीहरूलाई भविष्यवक्ता योनाको चिन्हबाहेक अरू कुनै चिन्ह दिइनेछैन ।'** योनाको चिन्हले उहाँको मृत्यु, उहाँको गड़ाइ र उहाँको बौरिउठाइको

पूर्वसङ्केत गर्छ। विशाल माछाले योनालाई निल्यो, र तीन दिनपछि तिनलाई उकेल्यो (योना १:१७ र २:१०)। योनाको यस अनुभवमा प्रभु येशूको दुःख र बौरिउठाइले एक पूर्वरूप लिएका छन्। प्रभु येशू मरेकाहरूबाट बैरेर उठ्नु थियो। योचाहिँ इस्राएल जातिका निम्ति गरिने उहाँको सेवकाइको अन्तिम चरमबिन्दुरूपी चिन्ह थियो।

जसरी योना ठूलो माछाको पेटभित्र तीन दिन र तीन रात थिए, त्यसरी नै हाम्रा प्रभु, ती मानिसका पुत्र, पनि पृथ्वीको पेटभित्र तीन दिन र तीन रात हुनुहुनेछ। उहाँको भविष्यवाणी यस्तो थियो, अनि यसले हामीलाई एउटा समस्या दिन्छ। किनकि जनविश्वासअनुसार प्रभु येशू शुक्रबार-साँझभन्दा अघि गाड़िनुभयो र आइतबार बिहानै फेरि बौरेर उठ्नुभयो; तब उहाँ तीन दिन र तीन रात चिहानमा रहनुभएको कुरा कसरी हुन सक्छ? यसको उत्तर हामी यसैमा पाउँछौंः यहूदीहरूले दिनहरू कुन हिसाबले गान्ने गर्छन्? तिनहरूको विचारमा, कुनै दिनको वा रातको जुनै पनि भाग पूरै एक दिन वा पूरा एक रात गनिन्छ। एउटा यहूदी उक्ति छः एक 'ओना'मा एक दिन र एक रात हुन्छ; अनि 'ओना'को जुनै भागचाहिँ एक पूरा 'ओना' गनिन्छ।'

मत्ती १२:४१: प्रभु येशूले यहूदी नेताहरूको गल्ती केमा छ, सो देखाउनलाई दुई असमान कुरा लिनुभयो। एक, निनवेका अन्यजातिका मानिसहरूको भाग्य यहूदीहरूको सौभाग्यभन्दा धेरै कम थियो; रपनि जब तिनीहरूले भविष्यवक्ता योनाको प्रचार सुने, तब शोकले आकुल हुँदै तिनीहरूले पश्चात्ताप गरे। **'न्याय हुँदा निनवेका मानिसहरू येशूको समयमा जिउने पुस्तासँग खड़ा हुनेछन्, र यसलाई दोषी ठहराउनेछन्;'** किनकि यिनीहरूले योनाभन्दा महान् व्यक्तिलाई ग्रहण गरेनन्। ती महान् व्यक्तिचाहिँ मानिसको चोला लिएर आउनुभएको परमेश्वरका एकमात्र पुत्र हुनुहुन्थ्यो।

मत्ती १२:४२: असमान भएको दोस्रो कुराः दक्षिणकी रानी, जो एउटी अन्यजातिकी स्त्री थिइन्, र यहूदीहरूलाई मात्र मिल्ने सौभाग्यदेखि बाहिर हुन्थिन्; ठूलो कष्ट उठाएर र धेरै खर्चा गरेर तिनी राजा सुलेमानलाई भेट्न पृथ्वीका छेउदेखि आइन्। प्रभु येशूलाई देख्न त्यस बेलाका यहूदीहरूले यात्रा गर्नुपरेको थिएन; किनभने तिनीहरूका मसीह राजा हुनलाई उहाँले स्वर्ग

छोड़ेर तिनीहरूकहाँ आउनुभएको थियो। यसो भए ता पनि तिनीहरूको जीवनमा उहाँले कुनै ठावै पाउनुभएन; अँ, उहाँका निम्ति ठाउँ थिएन, जो सुलेमानभन्दा अति नै महान् हुनुहुन्थ्यो। न्याय हुँदा ती अन्यजातिकी रानीले तिनीहरूलाई दोषी ठहराउनेछिन्; किनकि तिनीहरूले येशूसित बिनसित्ति साह्रै लापरवाही गरे।

यही अध्यायमा प्रभु येशू मन्दिरभन्दा महान् हुनुहुन्छ (पद ६), योनाभन्दा महान् हुनुहुन्छ (पद ४१) र सुलेमानभन्दा महान् हुनुहुन्छ भनेर प्रस्तुत गरियो। प्रभु येशू सबै महान् व्यक्तिहरूभन्दा अझ महान्, अँ, सर्वोच्च हुनुहुन्छ; उहाँ सबै उत्तम व्यक्तिहरूभन्दा अझ उत्तम, अँ, सर्वोत्तम हुनुहुन्छ।

ञ) अशुद्ध दुष्ट आत्मा फर्केर आउँछ

(मत्ती १२:४३-४५)

मत्ती १२:४३-४४: प्रभु येशूले यहाँ एउटा दृष्टान्त लिएर उहाँमाथि विश्वास नगर्ने इस्राएली जातिको भूतकाल, वर्तमान समय र भविष्यको छोटो सारांश दिनुभएको छ। यस दृष्टान्तमा भनिएको मानिसचाहिँ इस्राएली जाति हो; अशुद्ध आत्माचाहिँ तिनीहरूको मूर्तिपूजा हो, जुन पाप तिनीहरूले मिस्र-देशको बन्धनमा परेको समयदेखि लिएर बेबिलोनमा लगिएको र त्यहाँ तिनीहरू कैदी रहेको बेलासम्म गरिरहेका थिए। (यस कैदको अवस्थाले इस्राएलीहरूबाट त्यो मूतिपूजाको पाप निकालेको थियो, तर केही समयका निम्ति मात्र तिनीहरू आफ्नो त्यस पापबाट मुक्त भए); अशुद्ध आत्माले त्यस मानिसलाई छोड़ेको जस्तै। बेबिलोनमा लगिएको कैदको अवस्थादेखि आजको दिनसम्म यहूदीहरू मूर्तिपूजा गर्दैनथे। तिनीहरू त्यस घरजस्तै हुन्, जुन घरचाहिँ रित्तो, बढ़ारिएको र सजाइएको छ।

उनाइस सय वर्षहरूभन्दा पहिले येशू प्रभुले त्यस रित्तो घरभित्र प्रवेश गर्न खोज्नुभयो; किनकि उहाँ नै त्यस घरमा बहालवाला अधिकारी, अँ, त्यस घरका मालिक हुनुहुन्थ्यो, र हुनुहुन्छ। तर मानिसहरूले उहाँलाई पटक्कै भित्र पस्न दिएनन्। तिनीहरूले मूर्तिहरू पूजा गर्ने काम त छोड़े, तर तिनीहरूले सत्य परमेश्वरलाई चाहिँ पुज्न चाहेनन्।

रित्तो घरः त्यस रित्तो घरले मानिसहरूमा भएको आत्मिक रित्तोपन, त्यो खतरा अवस्था देखाउँछ; यो खोक्रो अवस्था कति खतरा छ, त्यस दृष्टान्तले यसको बारेमा अझ के-के बताउँछ, सो कुरा हेरेर थाहा गर्नुहोस् ! हाम्रो जीवनमा सुधार आएको पुग्दैन; तर हामीले वास्तविक तवरले प्रभु येशूलाई आफ्नै प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गर्नुपर्छ ।

मत्ती १२ः४५ः भविष्यमा कुनै समयमा त्यस मूर्तिपूजारूपी अशुद्ध आत्माले निस्केको घरमा फर्कने निर्णय गर्नेछ, र साथमा आफूभन्दा बढ़ी दुष्ट अरू सातओटा आत्माहरू ल्याउनेछ । अङ्क सात सिद्धताको सङ्ख्या हो, र त्यसले पूर्णताको अर्थ दिन्छ । यसैले हामी यहाँ, यसको अर्थ के अनुमान गर्न सक्छौंः मूर्तिपूजा त्यसको पूर्णतामा इस्राएलकहाँ फर्केर आउनेछ । त्यस कुराले हामीलाई सङ्कटकालको समयमा ल्याउँछ, जब पतित भएको इस्राएली जातिले ख्रीष्ट-विरोधीलाई पुज्नेछ । त्यस पापको पुरुषलाई पुज्नु र पापको स्वरूप लिने त्यस व्यक्तिलाई परमेश्वर भनेर पूजा गर्नुचाहिँ मूर्तिपूजा गर्नुभन्दा खराब हो । यस्तो डरलाग्दो पाप इस्राएलीहरूले बितेका समयहरूमा कहिल्यै गर्दैनथे, जब तिनीहरूले मूर्तिपूजा गरेका थिए । अनि यसरी त्यस मानिसको पछिल्लो अवस्थाचाहिँ अघिल्लो दशाभन्दा खराब हुनेछ । महासङ्कष्टमा विश्वास नगर्ने इस्राएली जातिले परमेश्वरबाट डरलाग्दा-डरलाग्दा न्यायरूपी दण्डहरू भोग्नेछ, अनि तिनीहरूलाई बेबिलोनमा कैदमा लगिएको बेलामा दिइएको कष्टभन्दा तिनीहरूका कष्टहरू ज्यादै हुनेछन् । येशू ख्रीष्टको दोस्रो आगमन हुँदा तिनीहरूमा त्यही भाग पूरा नाश हुनेछ, जो मूर्तिपूजक रहनेछन् ।

'यस दुष्ट पुस्तालाई पनि यस्तै हुनेछ ।' यसको अर्थ यही होः जुन पतित इस्राएली जाति, जसले प्रभु येशूलाई उहाँको पहिलो आगमनमा ग्रहण गरेन, तर परमेश्वरका पुत्रलाई इन्कार गर्‍यो, त्यही जातिले उहाँको दोस्रो आगमनमा भयानक दण्ड उठाउनुपर्नेछ ।

ट) प्रभु येशूकी आमा र उहाँका भाइहरू (मत्ती १२ः४६-५०)

यी पदहरूमा प्रभु येशूकी आमा र उहाँका भाइहरू, भनौं उहाँको जम्मै परिवार उहाँलाई भेट्न र उहाँसित कुरा गर्न आएको सामान्य कुरा उल्लेख

गरिएको छ। उनीहरू किन आए? मर्कूसको सुसमाचारले हामीलाई यसको रहस्य खोल्छ। *'उहाँको होश ठेगानमा छैन'* भन्ने कोही आफन्तहरू थिए (मर्कूस ३:२१ र ३१-३५)। यसैले उहाँको परिवारले उहाँलाई त्यहाँबाट सुटुक्कै लैजाने विचारले आएका हुन सक्छ (यूहन्ना ७:५ पद पनि हेर्नुहोला!)। उहाँसित कुरा गर्न उहाँका भाइहरू र उहाँकी आमा आएका छन्, र बाहिर उभिरहेका छन् भन्ने कुरा कसैले भनेपछि प्रभु येशूले जवाफ दिएर भन्नुभयोः **'मेरी आमा, वा मेरा भाइहरू को हुन्?'** त्यसपछि आफ्नो हातले आफ्ना चेलाहरूतिर देखाउँदै उहाँले भन्नुभयोः **'हेर, मेरी आमा र मेरा भाइहरू!'** अनि थपेर उहाँले भन्नुभयोः **'जसले स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्छ, उही मेरो भाइ, बहिनी र आमा हुन्।'**

यस वाक्यले खूबै गहन आत्मिक अर्थ बोकेको छ। यहाँ, प्रभु येशूले इस्राएली जातिसितको आफ्नो व्यवहारमा एउटा नयाँ मोड़ आएको कुरा सङ्केत गर्नुभएको हो। आमा मरियम र तिनका छोराहरूले यस खण्डमा येशूको शारीरिक नाता परेकोले इस्राएली जातिलाई प्रतिनिधि गर्छन्। अहिलेसम्म उहाँले आफ्नो सेवकाइ प्रायः इस्राएलको घरानाका हराएका भेड़ाहरूमा सीमित राख्नुभयो। तर अब स्पष्ट भयोः उहाँका आफ्नाहरूले उहाँलाई चाहेनन्। आफ्ना मसीहको सामु झुक्ने कुरा परै जाओस्, फरिसीहरूले उहाँलाई उहाँ शैतानको नियन्त्रणमा हुनुभएको आरोप लगाए।

तर अहिले प्रभु येशूले कुराहरूमा हेरफेर आएको र अबदेखि नयाँ क्रम चल्नेछ भन्ने कुरा जनाउनुभयो। अबदेखि उसो उहाँको सेवाकार्य अघि बढ्दै लाँदा इस्राएली जातिसितको यो नाताको सम्बन्ध प्रेरणा दिने मुख्य कारण रहनेछैन। हुन त, उहाँको दयाले भरिएको हृदय लिएर उहाँ अझ आफ्ना सजातीय दाजुभाइहरूसँग प्रेमसाथ आह्वान गर्दै रहनुहुनेछ; ता पनि मत्ती १२ अध्यायले इस्राएल जातिसितको सम्बन्ध विच्छेद हुन गएको कुरा सफासँग सङ्केत गर्छ। यसको परिमाण यही हुनेछः इस्राएल जातिले उहाँलाई नचाहेको कारणले उहाँ यस्ता मानिसहरूकहाँ जानुहुनेछ, जो उहाँलाई ग्रहण गर्नेछन्। रगतको नाता अब मुख्य भूमिका खेल्दैन; आत्मिक विचारहरू यसको ठाउँ लिन्छन्। परमेश्वरको इच्छा पालन गर्ने सबै पुरुष र स्त्रीहरू, चाहे तिनीहरू

यहूदी होऊन्, चाहे अन्यजातिका मानिसहरू होऊन्, यस आज्ञापालनद्वारा उहाँसित एउटा सजीव र घनिष्ठ सम्बन्धभित्र गाभिन्छन् ।

यस घटनामाथि ध्यान दिन छोड्नुभन्दा अघि हामीले येशूकी आमा मरियमको विषयमा दुईवटा कुरा भन्नुपर्छ। पहिलो कुराः यस खण्डबाट स्पष्ट हुन्छ, प्रभुको उपस्थितिमा जान पाउने वा जान नपाउने सम्बन्धमा आमा मरियमले विशेष भूमिका खेलेकी छैनन् रहेछ। दोस्रो कुराः यहाँ येशूका भाइहरू भएका कुरा उल्लेख गरिएको छ। तब येशूकी आमा मरियम सदा कन्या रहेकी शिक्षा कहाँबाट आयो ? यो खण्ड पढ़ेर यसका निम्ति कुनै ठावै रहनेछैन; किनकि यस खण्डबाट छरलङ्ग बुझिन्छः मरियमका छोराहरू पक्कै पनि तिनका वास्ताविक छोराहरू हुनुपर्छ, र यसैले तिनीहरू हाम्रा प्रभुका भाइहरू हुन् । यो कुरा अरू बाइबलका पदहरूले पुष्टि गर्छन्, जस्तै भजन ६९:८ , मत्ती १३:५५ , मर्कूस ३:३१-३२ र ६:३ , यूहन्ना ७:३ र ५ , प्रेरित १:१४ , १ कोरिन्थी ९:५ र गलाती १:१९ ।

८) मत्ती १३: इस्राएलीहरूले मसीह राजालाई तिरस्कार गरे; यसैले अब उहाँले अन्तरिम कालका निम्ति आफ्नो राज्यको रूपान्तर हुन गएको कुरा घोषणा गर्नुभएको

राज्यका दृष्टान्तहरू

मत्तीको सुसमाचारको पुस्तकमा हामी एउटा आपतकालमा, एउटा चरमसीमामा आइपुगेका छौं। अब उसो आत्मिक सम्बन्धहरूले शारीरिक सम्बन्धहरूको ठाउँ लिन्छन् भन्ने कुरा हाम्रा प्रभुले सङ्केत गर्नुभयो। यसैले अब उसो यहूदी भएर जन्मिने कुरा गर्निँदैन, तर परमेश्वर पिताको इच्छा पालन गरेको वा नगरेको कुरा गर्निन्छ। जब शास्त्री र फरिसीहरूले मसीह राजालाई इन्कार गरे, तब तिनीहरूले जरूरी परमेश्वरको राज्यलाई पनि

इन्कार गरेको हुनुपर्छ। अब दृष्टान्तहरूको यस लहरमा प्रभु येशूले हामीलाई के बताउन चाहनुभयो ? अब जब उहाँको तिरस्कार भएको छ, अहिलेदेखि उहाँ राजाहरूका महाराजा र प्रभुहरूका परमप्रभुको रूपमा प्रकट नहोउन्जेल यही समयका निम्ति परमेश्वरको राज्य एउटा नयाँ रूप लिन्छ। उहाँले हामीलाई यहाँ यसको पूर्वदृष्टि दिनुहुन्छ। यी दृष्टान्तहरूमा छवटाचाहिँ '**स्वर्गको राज्य ... जस्तो हो**' भनेर शुरु हुन्छन्।

यी दृष्टान्तहरू सठीक दृश्यले हेर्नु हो भने हामीले मत्ती ३ अध्यायमा छलफल गरेको कुरातिर फर्कनुपर्छ, र हामी त्यहाँ परमेश्वरको राज्यको विषयमा बताइएका कुराहरू दोहोऱ्याऔं। स्वर्गको राज्य एउटा यस्तो क्षेत्र हो, जहाँ परमेश्वरको शासन र अधिकार मानिन्छ। यसका दुईवटा रूप छन्ः यसको सानो भित्री रूप र यसको ठूलो बाहिरी रूप। 'स्वीकार गर्नेहरूको बाहिरी क्षेत्र'मा तिनीहरू सबै छन्, जसले आफू परमेश्वरको शासनको अधीनमा छौं भनी भन्छन्। तर 'वास्तविकताको भित्री क्षेत्र'मा उनीहरू मात्र हुन्छन्, जो परमेश्वरको राज्यभित्र प्रवेश गर्छन्; किनकि उनीहरूको जीवन प्रभु येशूमाथि विश्वास गरेर साँच्चै बदली भएको छ।

परमेश्वरको राज्यका पाँचवटा अवस्था छन्। पहिलो अवस्थाः *भविष्यवाणी गरिएको*। पुरानो नियमको समयमा यसको भविष्यवाणी गरिएको थियो। दोस्रो अवस्थाः *नजिक आएको,* जुन बेला मसीह राजा आफै उपस्थित हुनुभयो। तेस्रो अवस्थाः *अस्थाही, अन्तरिम रूप;* यो मसीह राजाको तिरस्कार भएपछि उहाँ स्वर्गमा फर्कनुभएपछिको समय हो; अनि यसमा यिनीहरू सबै गनिन्छन्, जसले पृथ्वीमा हामी उहाँको प्रजा हौं भन्ने कुरा स्वीकार गर्छन्। चौथो अवस्थाः *प्रत्यक्ष रूप।* यो युग एक हजार वर्षको राज्य भनिन्छ। पाँचौं अवस्थाः *अन्तिम अनन्त रूप,* जब परमेश्वरको राज्य अनन्त-अनन्तसम्म भइरहनेछ। परमेश्वरको राज्यको विषयमा सम्पूर्ण बाइबलमा दिइएको एक-एक सन्दर्भ यी पाँच अवस्थामध्ये कुनैसँग मिल्छ नै।

मत्ती १३ अध्यायमा हामी परमेश्वरको राज्यको यही 'अन्तरिम' तेस्रो अवस्थाको चर्चा गर्छौं। यस युगमा, जो पेन्तेकोष्टको दिनदेखि प्रभुका

जनहरूको उठाइलगिने क्षणसम्म जान्छ, हामी परमेश्वरको राज्यको 'वास्विकताको भित्री क्षेत्र'मा पर्ने मानिसहरू र ख्रीष्टको मण्डलीका सदस्यहरूमा केही भिन्नता पाउँदैनौं, देख्दैनौं; किनभने उनीहरू सबै प्रभुका सच्चा विश्वासीहरू हुन्। यस समयमा परमेश्वरको राज्य र मण्डली एउटै कुरा हुन्। तर यसमा मात्र यी दुई कुराहरू समान हुन्छन्, नत्रभने परमेश्वरको राज्य र मण्डली एउटै कुरा होइनन्। मनमा यही भूमिका/पृष्ठिका/दृष्टिकोण लिएर हामी यी दृष्टान्तहरूमा ध्यान दिऔं।

क) बीउ छर्नेको दृष्टान्त (मत्ती १३:१-९)

मत्ती १३:१: प्रभु येशू त्यस घरबाट निस्कनुभयो, जुन घरमा उहाँले दुष्ट आत्मा लागेको मानिसलाई निको पार्नुभयो; अनि उहाँ 'गालीलको झील/ताल' नामक समुद्रको किनारामा बस्नुभयो। बाइबलका धेरै विद्वानहरूले त्यस घरलाई इस्राएल जाति हो भन्ने सङ्केत र यस समुद्रलाई अन्यजातिहरू हुन् भन्ने अर्थ लगाउँछन्। यसरी प्रभु निस्कनुभयो भन्ने चित्रले उहाँले इस्राएली जातिसँग आफ्नो सम्बन्ध टुटाउनुभयो भन्ने अर्थ दिन्छ। यस अन्तरिम समयमा परमेश्वरको राज्यको सुसमाचार सबै जातिका मानिसहरूलाई प्रचार गरिनेछ।

मत्ती १३:२: समुद्रको किनारामा ठूला-ठूला भीड़हरू उहाँकहाँ भेला भए। उहाँ एउटा डुङ्गामा पस्नुभयो, र बसेर उहाँले ती मानिसहरूलाई दृष्टान्तहरूबाट शिक्षा दिन थाल्नुभयो। दृष्टान्त एउटा यस्तो कथा हो, जसभित्र कुनै आत्मिक वा नैतिक शिक्षा हालिएको हुन्छ, जसको अर्थ तुरुन्तै खुला रूपले देखा नपर्ला। अबका सात दृष्टान्तहरूले हामीलाई प्रभुको पहिलो आगमन र उहाँको दोस्रो आगमनको बीचको समयमा परमेश्वरको राज्य कुन-कुन रूप लिन्छ, सो बताउँछन्।

पहिला चारवटा दृष्टान्तहरू भीड़का मानिसहरूलाई, तर अन्तिम तीनवटा दृष्टान्तहरू प्रभुका चेलाहरूलाई बताइएका छन्। प्रभु येशूले पहिलो, दोस्रो र सातौं दृष्टान्तको अर्थ आफ्ना चेलाहरूलाई खोलेर बताउनुभयो। यति भनेपछि खोलेर दिएका अर्थहरूचाहिँ अरू बाँकी

दृष्टान्तहरूको अर्थ खोल्ने चाबीहरू हुन् भनेर उहाँले तिनमा आफैले अर्थ लगाउने काम आफ्ना चेलाहरूलाई (र हामीलाई पनि) सुम्पिदिनुभयो ।

मत्ती १३:३: प्रथम दृष्टान्त बीउ छर्नेको दृष्टान्त हो; बीउ छर्नेले चार किसिमको जमिनमा बीउ छर्‍यो । शुरुमा यति स्पष्ट छः चार किसिमका जमिनहरूले चार प्रकारका नतिजा दिनेछन् ।

मत्ती १३:४-८:

जमिन १: बाटोको किनारको कड़ा, चाम्रो माटो

नतिजा १: बीउ चराहरूले खाइदिए

जमिन २: ढुङ्गेनी माटो

नतिजा २: बीउ झट्टै उम्रे; तर जरा नभएकोले चर्को घामले तिनलाई डढ़ायो, र ती सुकिगए ।

जमिन ३: काँड़ाहरूको बीचमा

नतिजा ३: बीउ उम्रे; तर काँड़ाहरूको कारणले, जो बीउ सँगै बढ़े, तिनैले बीउ निस्सासिदिए, र बीउ राम्ररी बढ़ून सकेनन् ।

जमिन ४: असल जमिन

नतिजा ४: बीउ उम्रे, बढ़े र फल दिए – कतिले सय गुणा, कतिले साठी गुणा, कतिले तीस गुणा ।

मत्ती १३:९: प्रभु येशूले दृष्टान्तको अन्तमा **'जसका सुन्ने कानहरू छन् भने त्यसले सुनोस्'** भनेर अर्थपूर्ण अर्ती दिनुभयो । यस दृष्टान्तमा उहाँले भीड़का मानिसहरूलाई एक अर्थपूर्ण सन्देश दिनुभयो, तर आफ्ना चेलाहरूलाई उहाँले यस दृष्टान्तद्वारा अर्को उपदेश दिनुभयो । जे भए पनि, यो दृष्टान्त सुन्ने मानिसहरूमा कसैले पनि उहाँका शब्दहरूको अर्थ नबुझेको हुनुहुँदैन ।

प्रभु येशू स्वयम्ले १८ पददेखि २३ पदसम्म यस दृष्टान्तको अर्थ खोल्नुभयो; यसैले हामी त्यस खण्डमा नपुगुन्जेल पर्खौं, र हाम्रो जिज्ञासो त्यति बेलासम्म थामिराखौं ।

ख) यी दृष्टान्तहरूको उद्देश्य (मत्ती १३:१०-१७)

मत्ती १३:१०: प्रभु येशूले दृष्टान्तहरूको अस्पष्ट भाषा प्रयोग गरेर, अर्थमा घुम्टो लगाईकन किन बोल्नुभयो भन्ने कुराले उहाँका चेलाहरूलाई

उल्झाएको छ। यसकारणले उनीहरूले उहाँलाई यस तरिकाको मतलब बुझाउनुहोस् भनी विन्ती गरे।

मत्ती १३:११: उनीहरूलाई उत्तर दिँदा उहाँले भीड़का मानिसहरू र चेलाहरूको बीचमा भिन्नता लगाउनुभयो; किनभने भीड़ विश्वास गर्नेहरू थिएनन्, तर चेलाहरूले उहाँमाथि विश्वास गरेका थिए। यस भीड़ले चाहिँ यहूदी समाजका किसिम-किसिमका मानिसहरूको प्रतिनिधि गरेको छ, जसले उहाँलाई इन्कार गरिरहेका छन्, तर अहिलेसम्म पूरा रूपले होइन। त्यो तिनीहरूको तिरस्कारचाहिँ क्रूसमा चरमसीमा पुगी पूरा हुनेछ। तिनीहरूलाई परमेश्वरको राज्यका रहस्यहरू बुझ्न दिइएको थिइएन। तर उहाँका सच्चा अनुयायीहरूलाई सहायता मिल्नेछ र यी दृष्टान्तहरूको अर्थ बुझ्ने ज्ञान दिइनेछ।

रहस्य भन्नाले नयाँ नियमभरि के बुझिन्छ भने, रहस्यचाहिँ मानिस-हरूले पहिल्यै कहिल्यै नजानेको एउटा सत्यता हो, जो तिनीहरूले दिव्य प्रकाश नपाएसम्म कहिल्यै जान्नेछैनन् र बुझ्नेछैनन्, तर जो अहिले प्रकाशमा आएको छ। परमेश्वरको राज्यका रहस्यहरू अहिलेसम्म लुकि-राखेका कुराहरू, अँ, हालैमा प्रकट भएका यस्ता सत्यताहरू हुन्; ती कुराहरूले हामीलाई यस राज्यको अन्तरिम रूपको दर्शन दिन्छन्। अँ, परमेश्वरको राज्यको अन्तरिम रूप छ भन्ने कुरा यहाँसम्म प्रकट भएकै थिएन। यसैले मसीह राजा अनुपस्थित हुनुभएको समयमा परमेश्वरको राज्य कस्ता-कस्ता रूप लिँदो रहेछ भन्ने उद्देश्यले यी दृष्टान्तहरूले हामीलाई त्यसका केही विशेषताहरूको बयान गर्छन्। यसैकारण कति विद्वानहरूले यिनलाई 'राज्यको रहस्यमय रूप' भन्ने नाम राखेका छन्। उनीहरूले परमेश्वरको राज्य बुझ्न नसकिने रहस्यमय कुरा हो भन्न चाहेका होइन, तर यसको बोध त्यस बेलासम्म मानिसहरूलाई कहिल्यै नदिइएको हो; उनीहरूले 'रहस्यमय रूप' भन्ने संज्ञामा यही अर्थ लगाउन चाहे।

मत्ती १३:१२: भीड़का मानिसहरूबाट यी रहस्यहरू छिपाएर आफ्ना चेलाहरूकहाँ मात्र प्रकट गर्ने कुरा सोझो दृष्टिले हेर्दा प्रभु मतलबी हुनुभएको देखा पर्ला। तर प्रभु येशूले यसको कारण यसरी दिनुभयो: **'किनकि जोसँग**

छ, त्यसलाई दिइनेछ, र त्योसँग झन् प्रशस्त हुनेछ; तर जोसँग छैन, त्यसबाट त्योसँग जे छ, त्यो पनि लगिनेछ।' उहाँका चेलाहरूसँग प्रभु येशूमाथिको विश्वास थियो; यसैले उनीहरूमा झन् बढ़ी आशिषहरू ग्रहण गर्ने क्षमता अझै पनि बढ़ाइनेछ। उनीहरूले दिव्य प्रकाशरूपी ज्योति ग्रहण गरे; यसैले उनीहरूलाई अझै पनि बढ़ता प्रकाश दिइनेछ। तर यता इस्राएली जातिले प्रभु येशूलाई, संसारका ज्योतिलाई इन्कार गरे। यसैकारण तिनीहरू अझ बढ़ी प्रकाश पाउनदेखि वञ्चित मात्र भएनन्, तर तिनीहरूसँग भएको थोरै दिव्य प्रकाश पनि लगिनेछ। ईश्वरीय प्रकाशलाई इन्कार गर्नुको मतलब आफूलाई अझ दिव्य प्रकाश पाउनदेखि वञ्चित गर्नु हो।

मत्ती १३:१३: श्री हेन्री म्याथ्यूले यी दृष्टान्तहरू त्यस बादल र आगोको खाँबासित तुलना गरेका छन्, जसले यता इस्राएलीहरूलाई उज्यालो दिन्थ्यो, तर उता मिस्रीहरूलाई अलमल्ल पार्थ्यो। सच्चा हृदयले चासो लिनेहरूकहाँ यी दृष्टान्तहरू प्रकाश दिने भए, तर प्रभु येशूको विरोध गर्नेहरूका निम्ति ती दिक्दार तुल्याइदिने कारण मात्र ठहरिने भए।

यसैकारण कुरा सफा छः प्रभु मतलबी हुनुभएन; तर यहाँ हामी जीवनको हरेक क्षेत्रमा लागू हुने एक आत्मिक नियम पाउँछौंः जसको आत्मिक अन्धोपना आफ्नो राजीखुशी गरेको फल हो, यसको सजायको रूपमा तिनीहरू झन्-झन् अन्धा हुन जानेछन्। यही कारणले प्रभु येशूले यहूदीहरूसित बोल्दा दृष्टान्तहरू चलाउनुभयो। श्री एच. सी. वूडरिङ्गले यो कुरा निम्न शब्द दिएर यसो बताएका छन्ः 'तिनीहरूले सत्यतालाई रुचाएनन्; यसैले तिनीहरूले सत्यको प्रकाश पाएनन्।'[य]

ईश्वरीय सत्य ज्ञानको सम्बन्धमा सबै कुरा बुझेझैं तिनीहरूले 'हामी देख्दैछौं' भनेर आफ्नो विषयमा दाबी गर्थे, तर तिनीहरूकै सामु येशू प्रभुमा सत्यता शारीरिक रूपले उपस्थित हुँदा-हुँदै पनि तिनीहरूले उहाँलाई हेर्न इन्कार गरे; उहाँलाई नदेख्नुमा तिनीहरू दृढ़ रहे। परमेश्वरको वचन हामी सुन्दैछौं भनेर तिनीहरूले भन्ने गर्थे, तर परमेश्वरको देहरूपी जीवित वचन, जो तिनीहरूको बीचमा हुनुहुन्थ्यो, तिनीहरूले मान्न र उहाँप्रति आज्ञाकारी हुन चाहँदैनथे। येशूमा वचन देह हुनुभएको अद्भुत कुरा तिनीहरूले बुझ्न चाहेनन्; यसैले तिनीहरूमा भएको बुझ्ने क्षमता तिनीहरूबाट लगियो।

मत्ती १३:१४-१५: यशैया ६:९-१० पदमा उल्लेख गरिएको भविष्यवाणी तिनीहरूमा साक्षात् रूपले पूरा भयो। इस्राएल जातिका मानिहरूको हृदय मोटो भएको थियो, र तिनीहरूका कानहरू परमेश्वरको सोर सुन्नलाई बोधा भएका थिए। जानी-जानी तिनीहरूले आफ्ना आँखाहरू तीसित देख्नु नपरोस् भनेर बन्द गरेका थिए। किनकि यदि तिनीहरूले देखेका, सुनेका र बुझेका भए अनि पश्चात्ताप गरेका भए परमेश्वरले तिनीहरूलाई निको पार्नुहुनेथियो भन्ने कुरा तिनीहरूलाई थाहा थियो। तर तिनीहरूले आफ्ना यस रोगी र खाँचो परेको अवस्थामा उहाँको सहायता लिन चाहेनन्। यसैकारण सुनेर नबुझ्नु र हेरेर नदेख्नुचाहिँ तिनीहरूको सजाय थियो।

मत्ती १३:१६-१७: प्रभुका चेलाहरूको सौभाग्य अति ठूलो थियो; किनभने पहिल्यै कहिल्यै कुनै मानिसले नदेखेको महान् कुरा उनीहरूले देख्न पाए। मसीह राजा संसारमा आउनुभएको बेलामा जिउन पाऔं भनेर पुरानो नियमको समयमा जिएका भविष्यवक्ताहरू र धर्मी जनहरूले खूबै इच्छा गरे, तर उनीहरूको यो इच्छा पूरा भएन। उहाँका चेलाहरूले यस ऐतिहासिक चरमबिन्दुरूपी समयमा जिउने अवसर पाए, जब उनीहरूले मसीहको जीवन देखे, उहाँका अचम्मका कामहरू ध्यानसित हेरे र उहाँको मुखारबिन्दबाट अनुपम शिक्षा दिने शब्दहरू सुने।

ग) बीउ छर्नेको दृष्टान्तको अर्थ (मत्ती १३:१८-२३)

मत्ती १३:१८: दृष्टान्तहरू लिएर बोल्ने आफ्नो मनसाय बुझाउनुभएपछि प्रभु येशूले यहाँ चार किसिमको जमिनको दृष्टान्तको अर्थ खोल्ने काम शुरु गर्नुहुन्छ। उहाँले बीउ छर्ने को थियो, सो बताउनुभएन, तर बीउ छर्नेचाहिँ कि ता उहाँ स्वयम् हुनुहुन्छ (३७ पद), कि ता राज्यको सुसमाचार प्रचार गर्ने उहाँका प्रतिनिधिहरू हुन् भन्ने कुरामा हामी निश्चित छौं। बीउचाहिँ राज्यको वचन हो (१९ पद)। चार किसिमको जमिनले सुसन्देश सुन्नेहरूको सङ्केत गर्छ।

मत्ती १३:१९: बाटोको कड़ा, चाम्रो माटोले ती मानिसहरूलाई दर्साउँछ, जसले परमेश्वरको सन्देश ग्रहण गर्न चाहँदैनन्। तिनीहरूले

सुसमाचार सुन्न त सुन्छन्, तर बुझ्दैनन्। तिनीहरू बुझ्न नसक्ने अबुझ मानिस होइनन्, तर तिनीहरूले बुझ्नै चाहँदैनन्। चराहरूले शैतानलाई सङ्केत गर्छन्, जसले सन्देश सुन्नेहरूको हृदयबाट वचनरूपी बीउ खोसेर लैजान्छ। तिनीहरूले फल फलाउन चाहेनन्; यसमा शैतानले तिनीहरूलाई साथ दिएको मात्र हो। फरिसीहरू यस किसिमको कड़ा, चाम्रो माटोरूपी मानिसहरू थिए।

मत्ती १२:२०-२१: जब प्रभु येशूले ढुङ्गेनी माटोको कुरा गर्नुभयो, तब उहाँले यस प्रकारको माटोको विषयमा बोल्नुभयो, जहाँ थोरै माटोको तहमनि तलशिला थियो। यस किसिमको हृदय भएका मानिसहरूले वचन सुन्नेबित्तिकै खुशीले वचन ग्रहण गरिहाल्छन्। यसैले वचनको प्रचारक रमाएर उसलाई के लाग्न सक्छः 'अहो, मैले गरेको प्रचार कति प्रभावशाली र सफल भएछ!' तर थोरै समयभित्र उसले एउटा गम्भीर पाठ सिक्छः 'वाह! वाह!' गरेर खुशी र मुक्सानको साथ वचन ग्रहण गर्नु राम्रो कुरा होइन रहेछ। पहिले ता मानिसले आफ्ना पापको विषयमा कायल हुनुपर्छ, उसको हृदय चूर्ण हुनुपर्छ र उसले पछुताउनुपर्छ। कल्वरी क्रूसमा बलि हुनुभएको येशूकहाँ आएर मुक्ति खोज्ने मानिस रुँदा-रुँदै प्रभुकहाँ फर्केर आउँछ भने उसका निम्ति आशा छ; तर हल्का हृदय लिएर र उल्लासित भई प्रभुकहाँ आउनेहरूबाट होशियार! गहिरो माटो नभएको जमिनरूपी हृदय भएको मानिसको मुखको स्वीकार पनि त्यस्तै ओछा हुनेछ। त्यसमा न जरा न गहिराइ छ। जब वचनको खातिर कष्ट वा खेदोरूपी घामको पोल्ने चर्को रापले त्यसको मुखको स्वीकारको जाँच गर्छ, तब त्यो पछि हट्छ र येशू प्रभुलाई त्याग्छ। त्यसको प्रभुप्रतिको विश्वास र मुखको स्वीकार कहाँ गयो त?

मत्ती १३:२२: काँड़ाहरूले भरिएको जमिनले अर्को यस्तो खलका मानिसहरूलाई दर्साउँछ, जसले वचन सुन्छन्, तर पल्लवग्राही हुन्छन्। तिनीहरू बाहिरी तवरले सकली विश्वासी, अर्थात् राजाको आज्ञा मान्ने उहाँको प्रजाका हुनेहरूजस्ता देखा पर्छन्, तर समय बित्दै जाँदा तिनीहरूको आत्मिक कुरामा भइरहेको चासोचाहिँ संसारको फिक्रीद्वारा र धनसम्पत्तिबाट उठाइएको

आनन्दद्वारा निसासिएको हुन्छ। तिनीहरूको जीवनमा परमेश्वरका निम्ति कुनै फल लाग्दैन। श्री लॉङले धनको साह्रै लोभ गर्ने ठूलो व्यापारीको छोराको उदाहरण दिएर यो कुरा बुझाउँछन्। त्यस व्यापारीको छोराले यवान हुँदा परमेश्वरको वचन सुन्यो, तर पछिबाट व्यापारमा तल्लीन भयो। कहानी यस प्रकारको छः

'चाँड़ै समय आयो, जब त्यस छोराले कि त आफ्ना प्रभुलाई, कि त आफ्ना बुवालाई, यी दुईमा कसलाई चाहिँ खुशी पार्ने हो, सो निर्णय गर्नुपर्‍यो। यसर्थ के बुझिन्छः वचनरूपी बीउ छर्दा र उम्रिँदाखेरि त्यस जमिनमा काँड़ाहरू आइसकेका थिए। यस संसारको फिक्रीचिन्ता र धनको लोभबाट हुने धोकाले त्यसलाई पक्रिसके। त्यसले आफ्नो बुवाको इच्छाको अधीनमा आयो, र व्यापारमा तनमनले आफूलाई पूरा रूपमा दिइहाल्यो। समयमा त्यो छोरा यस इलमको मालिक बन्यो। तर त्यसको जीवन निक्कै बितिसकेपछि त्यसले मैले स्वर्गका कुराहरूमा बेवास्ता गरेको मान्नुपर्‍यो। त्यसको रिटायर हुने बेलामा त्यसले अब आत्मिक कुरामा बड़ो दृढ़तासाथ लाग्ने कुरा गर्‍यो। तर परमेश्वर यस प्रकारको ठट्टा मन पराउनुहुन्न। त्यो मानिस रिटायर भयो, तर केही महिनाभित्र अचानक त्यसको मृत्यु भयो। त्यसको लाखौंलाख रुपियाँको साथसाथै त्यससँग एउटा आत्मिक हिसाबले खेर फालेको जीवन थियो। यसरी त्यस छोराको जीवनमा काँड़ाहरूले परमेश्वरको वचनलाई निसाए; वचनले फलै दिएन।'[र]

मत्ती १२ः२३ः असल जमिनले सच्चा विश्वासीलाई सङ्केत गर्छ। उसले वचन ध्यानसित सुन्छ, र त्यसलाई बुझ्छ – उसले सुनेको कुरा पालन गरेर बुझ्छ। सबै विश्वासीहरू बराबर फल फलाउँदैनन्; ता पनि फल फलाएर उनीहरूले आफूभित्र ईश्वरीय जीवन छ भन्ने कुरा देखाउँछन्। यहाँ, यस खण्डमा फल भन्नाले उनीहरूको जीवनमा भएका ईश्वरीय सद्‌गुणहरू बुझिन्छ, जो ख्रीष्टीय स्वभावको रूपमा उनीहरूमा देखा पर्छन्; यो फलचाहिँ उनीहरूले येशू प्रभुका निम्ति जितेका आत्माहरू बुझिँदैन। किनकि नयाँ नियमभरि जब फल भन्ने शब्द प्रयोग गरिएको छ, तब प्रायः त्यसको अर्थ आत्माको फल हुन्छ (गलाती ५ः२२-२३)।

यस बीउ छर्नेको दृष्टान्तले भीड़का मानिसहरूलाई के भन्न खोजेको? वचन सुन्न त सुनिन्छ, तर त्यसको पालन नगर्दा स्पष्ट देखा पर्ने खतराको

विषयमा त्यसले तिनीहरूलाई चेताउनी दियो। त्यसले व्यक्ति-व्यक्तिमा साँचो हृदयले इमानदारीसाथ वचन ग्रहण गर्ने र त्यसपछि परमेश्वरका निम्ति फल फलाउँदै आफ्नो जीवनबाट यसको वास्तविकता देखाउने उत्साह दिन खोजेको हो। अनि प्रभुका चेलाहरूचाहिँ के सिक्न सक्छन्? त्यस दृष्टान्तले यी बाह्र प्ररितहरू र येशूका सबै भावी चेलाहरूलाई सुसन्देश सुन्नेहरूमध्ये कम्ती मानिसहरूमा सकल विश्वास छ, र थोरै जनाले मुक्ति पाउनेछन् भन्ने कुरा देखाएर उनीहरूलाई अघिबाटै यसका निम्ति तयार पार्दै निराश हुन-देखि बचाउन खोजेको छ। त्यसले येशू प्रभुका विश्वासी जनहरूलाई सुसमाचारको वचनको व्यापक प्रचारप्रसारद्वारा हामी सारा संसारका मानिसहरूलाई बचाउन सक्छौं भन्ने भूलबाट बचाउँछ। यस दृष्टान्तमा उहाँका चेलाहरूले सुसमाचारका तीनवटा विरोधीहरू कुन-कुन हुन्, सो विषयमा चेताउनी पाए, अर्थात् **क)** शैतान – त्यो दुष्ट, जसले चराहरूले झैं वचन खोसेर लैजाने काम गर्छ। **ख)** शरीर/पापी स्वभाव – त्यो चर्को पोल्ने घाम, त्यो कष्ट र खेदो, जसले वचनलाई जरा हाल्न दिँदैन। **ग)** संसार – ती काँड़ाहरू, संसारका ती फिक्रीचिन्ताहरू, त्यो धनसम्पत्तिको माया, जसले वचनलाई निसासिदिन्छन्।

अन्तमा, यस दृष्टान्तद्वारा प्रभुका चेलाहरूलाई फलको दर्शन मिलेको छः जब उनीहरूले हराएका आत्माहरूका निम्ति लगानी गर्छन्, तब त्यसको प्रतिफल के हुनेछ? एक प्रशस्त फसल! तीस गुणा भनेको लगानीको ३'००० प्रतिशत प्रतिफल, साठी गुणा भनेको लगानीको ६'००० प्रतिशत प्रतिफल र सय गुणा भनेको लगानीको १०'००० प्रतिशत प्रतिफल हो। एउटा आत्मा साँचो गरी प्रभुतिर फर्केको मूल्य कति छ? यसको नतिजाको नापचोख गरेर साध्य हुँदैन। ती अपरिचित सण्डे स्कूलको शिक्षक विचार गर्नुहोस्, जसको नाम कसैलाई थाहै छैन, जसले डी.एल. मूडीको जीवनमा लगानी गरे! मूडी प्रभुमा आए; उनले अरूलाई प्रभुमा ल्याए, जसले पनि फेरि अरूलाई प्रभुमा ल्याए। यी सण्डे स्कूलको शिक्षकबाट आत्मा बचाउने क्रमरूपी माला/साङ्लो शुरु भयो, जसको टुङ्गो कहिल्यै हुनेछैन।

घ) गहुँ र सामाको दृष्टान्त (मत्ती १३ः२४-३०)

अघिको दृष्टान्तमा हामीले केकस्तो स्पष्ट चित्र देख्यौं भने, स्वर्गको राज्यमा उहाँको सच्चा चेलाहरू मात्र हुँदैनन्, तर मसीह राजाको ओठेविश्वास गर्नेहरू पनि समावेश हुन्छन्। पहिलेका तीनवटा जमिनहरूले परमेश्वरको राज्यको बाहिरी रूप अर्थात् यस ठूलो बाहिरी क्षेत्रलाई सङ्केत गर्छन्, जसभित्र उहाँलाई स्वीकार गर्ने सबै पर्छन्। तर चौथो जमनिले चाहिँ त्यस सानो भित्री क्षेत्रलाई दर्साउँछ, जसमा साँचो गरी प्रभुकहाँ फर्केर आएकाहरूको मात्र गन्ती गरिन्छ।

मत्ती १३ः२४-२६ः दोस्रो दृष्टान्तमा, जो गहुँ र सामाको बारेमा छ, स्वर्गको राज्यलाई दुई भाग लगाइन्छः गहुँचाहिँ साँचो विश्वासीहरू हुन् भने सामाचाहिँ मुखले मात्र 'प्रभु, प्रभु' भन्नेहरू हुन्। प्रभु येशूले स्वर्गको राज्य एउटा मानिससित तुलना गर्नुहुन्छ, जसले आफ्नो बारीमा असल बीउ छरे। तर मानिसहरू सुतेको बेलामा उनको शत्रु आयो, जसले गहुँको बीचमा सामा छर्‍यो। श्री मेरिल एफ. अङ्गरले यस दृष्टान्तमा अर्थ लगाएर यसो भन्छन्ः 'इस्राएल देशका अन्नबारीहरूमा जताततै पनि पाइरहने समान्य झारचाहिँ उवाजस्तो देखिने जुँगे डर्नेल/मोचनी हो; यो बिषालु झार जबसम्म बढ़ेर बाला हाल्दैन, तबसम्म गहुँबाट छुट्ट्याउन नसकिने एक किसिमको घाँस हो। तर तिनमा बाला लागेपछि ती दुईलाई सजिलै छुट्ट्याउन सकिन्छ।'[ल]

मत्ती १३ः२७-२८ः जब दासहरूले गहुँको बीचमा सामा मिसिएको देखे, तब तिनीहरूले मालिकलाई सोधेः 'असल बीउ छरेपछि सामाहरू कहाँबाट आए त?' उनले तत्कालै भनेः 'यो शत्रुको काम हो।' दासहरू त्यत्ति बेलै सामाहरू उखेल्न तयार भए।

मत्ती १३ः२९-३०ः तर मालिकले तिनीहरूलाई फसल काट्ने बेलासम्म पर्ख भन्ने आज्ञा दिए। त्यस समय खेतालाहरूले ती दुईलाई अगल-अलग पार्नेछन्। गहुँचाहिँ ढुकुटीमा जम्मा गरिनेछ, तर सामाचाहिँ जलाइनेछ।

मालिकले ती दुईलाई किन तत्कालै अलग-अगल पार्न दिएनन्, तर यो काम पछिको समयमा सार्नुभयो? किनकि गहुँ र सामाका जराहरू माटोभित्र

यति साह्रै लठारिएका हुन्छन् कि एउटालाई जोगाएर अर्कालाई मात्र उखाल्न असम्भव छ।

यस दृष्टान्तको अर्थ प्रभु येशूले ३७ पददेखि ४३ पदसम्म खोलेर दिनुहुन्छ। यसैले हामी यस खण्डमा नपुगेसम्म टिप्पणी दिने काम यहाँ राखौं।

ङ) रायोको बीउको दृष्टान्त (मत्ती १३ः३१-३२)

अब प्रभु येशूले स्वर्गको राज्य रायोको बीउसित तुलना गर्नुहुन्छ। उहाँले यो बीउ सबै बीउहरूभन्दा सानो भएको बताउनुहुन्छ। अँ, उहाँको सन्देश सुन्नेहरूको दृष्टिमा पनि रायोको बीउ सबैभन्दा सानो बीउ गनिन्थ्यो होला। तर प्रभुले भन्नुभएको बीउ कसैले रोप्यो भने त्यो बढ़ेर एउटा रूख बन्छ; कत्रो अपूर्व विकास! प्राकृतिक हिसाबले रायोचाहिँ साग हो, रूखै होइन। यस दृष्टान्तमा चाहिँ यो त यत्रो रूख भयो, कि त्यसको हाँगाहरूमा चराहरूले आएर वास बस्छन्, र गुँड़ बनाउँछन्।

रायोको बीउले परमेश्वरको राज्य सानै अवस्थाबाट शुरु हुन्छ भनेर देखाउँछ। त्यसरी नै राज्यको शुरुआत सानो थियो, र सतावटले गर्दा राज्य शुद्ध रह्यो। तर सरकारको आश्रय र सुरक्षा पाएर त्यसको असाधारण वृद्धि भयो। रूख बनेपछि चराहरू आएर त्यसमा आ-आफ्ना गुँड़ बनाए। चराहरू भन्ने शब्द ४ पदमा प्रयोग गरिएको थियो, जसको अर्थ प्रभु येशूले १९ पदमा दिएर दुष्ट हो भनेर भन्नुभयो। रूखरूपी परमेश्वरको राज्यमा शैतान र त्यसका कार्यकर्ताहरूले आ-आफ्ना गुँड़हरू बनाउँछन्। अचेल इसाई धर्मको नाममा प्रभु येशू र उहाँको शिक्षालाई इन्कार गर्ने झुण्डाहरू, जस्तै युनिट्यारियन्, क्रिस्ट्यान् साइन्स्, मर्मन्, जेहोवा विट्नेस र युनिफिकेशन चर्च समेत समावेश गरिएका छन्।

यहाँ, यस खण्डमा प्रभु येशूले आफ्ना चेलाहरूलाई पूर्व चेताउनी दिनुभयो, कि उहाँको अनुपस्थितिमा राज्यचाहिँ अति नै बढ़ी वृद्धि गर्छ। वृद्धि सफलताको चिन्ह/प्रतीक हो भनेर सम्झनुहुँदैन, तर बरु हामी होशियार बस्नुपर्छ र धोकामा पर्नुहुँदैन। यस्तो वृद्धि स्वास्थ्यकारक उन्नति होइन।

मसिनो बीउ बढ़ेर रूख बने पनि त्यो रूखचाहिँ अस्वाभाविक रूख हुनुपर्छ, अनि त्यसको ठूलो अवस्थाको के काम? यो ता ***'दुष्ट आत्माहरूको वासस्थान, हरेक अशुद्ध आत्माको कैदखाना र हरेक अशुद्ध र घिनलाग्दो चराको खोर भएको छ'*** (प्रकाश १८:२)।

च) खमीरको दृष्टान्त (मत्ती १३:३३)

अब प्रभु येशूले स्वर्गको राज्य खमीरसित तुलना गर्नुहुन्छ। त्यसलाई लगेर एउटी स्त्रीले तीन पाथी पीठोमा लुकाइराखी। अन्तमा सारा ढिको पूरै खमीरी भयो। यस दृष्टान्तको साधारण अर्थ यस प्रकारको हो भनी मानिन्छः पीठो संसार हो; अनि खमीरचाहिँ सुसमाचारको वचन हो, जसको प्रचारप्रसार त्यस बेलासम्म सारा संसारमा हुनेछ, जबसम्म सबै मानिसहरूले मुक्ति पाउँदैनन्। तर यो दृष्टिकोण गलत हो, र पवित्र शास्त्रसित, मण्डलीको इतिहाससित र हालै भइरहेका परिस्थितिहरूसित मेल खाँदैन।

पवित्र बाइबलभरि खमीर खराबीको प्रतीक हो। जब परमेश्वरले आफ्नो प्रजालाई ***'तिमीहरूका घरहरूबाट खमीर निकाल्नू'*** भनेर आज्ञा गर्नुभयो, तब मानिसहरूले यो आदेशको अर्थ बुझे (प्रस्थान १२:१५)। अखमिरे रोटीहरूको चाड़को पहिलो दिनदेखि सातौं दिनसम्म तिनीहरूमध्ये जसले खमीर हालेको केही खानेकुरा खायो भने त्यस्तोलाई इस्राएली समाजबाट निकाल्नुपर्थ्यो। नयाँ नियमको समयमा प्रभु येशूले फरिसी र सदुकीहरूको खमीरबाट, साथै हेरोदको खमीरदेखि होशियार बस भन्ने चेताउनी दिनुभयो (मत्ती १६:६ र मर्कूस ८:१५)। १ कोरिन्थी ५:६-८ पदमा प्रेरित पावलले पनि खमीरलाई द्वेष र दुष्टताको अर्थ दिए। गलाती ५:९ पद हेर्‍यौं भने त्यहाँ पनि यसको अर्थ झूटो शिक्षा नै हो। यसैले खमीरले कि ता झूटो शिक्षाको अर्थ, कि ता दुर्व्यवहारको अर्थ दिन्छ।

प्रभु येशूले के भन्न चाहनुभयो? उहाँले यस दृष्टान्तमा हामीलाई स्वर्गको राज्यभित्रै खराब काम गर्ने दुष्ट शक्तिको विषयमा चेताउनी दिनुभयो, जुन दुष्ट शक्तिको प्रभाव खमीरझैं चारैतिर फैलिएर जान्छ। रायोको बीउको दृष्टान्तमा परमेश्वरको राज्यमा दुष्टको प्रभावको बाहिरी रूप

अर्थात् त्यसको असाधारण वृद्धि हेर्स्यौं भने यहाँ, यस दृष्टान्तमा हामी त्यस दुष्ट शक्तिले राज्यभित्र भइरहने कत्रो भ्रष्टाचार ल्याउँछ, सो कुरा देख्दछौं ।

हाम्रो विश्वास छ, पीठोचाहिँ परमेश्वरका जनहरूको पवित्र बाइबल-वचनरूपी भोजन हो । अनि खमीरचाहिँ झूटो शिक्षा हो । त्यो स्त्रीचाहिँ त्यो झूटी भविष्यवक्तिनी हो, जसले के-के गलत कुरा सिकाएर परमेश्वरका जनहरूमा भड्काउने काम गर्छे (प्रकाश २:२०) । कति स्त्रीहरू झूटा सम्प्रदायहरूका स्थापक भए, के यो अचम्म मान्ने कुरा होइन र ? तब पवित्र बाइबलमा स्त्रीहरूले मण्डलीमा शिक्षा दिनुहुँदैन भन्ने निषेध उल्लेख हुँदा-हुँदै यी स्त्रीहरूले निर्धक्क भई कसरी प्रभुको यस आज्ञालाई नाघे, र कसरी आफूलाई बाइबलको शिक्षाको सम्बन्धमा एक मुख्य अधिकार हुँ भनी सम्झे । यसो हुँदा आत्मिक विनाश ल्याउने आफ्ना झूटा शिक्षाहरूद्वारा तिनीहरूले परमेश्वरका जनहरूको भोजनमा खोट मिसाएर दूषित पारे ।

यस सम्बन्धमा श्री जे. एच. ब्रूक्सले भन्छन्ः

'येशू प्रभुले स्वर्गको राज्य एउटा खराब कुरासित तुलना गर्नुहुन्न नै भनेर कसैले हामीले दिएको यसको अर्थ लगाउमा आफ्नो आपत्ति जनायो भने यसको उत्तरमा हामी यति भन्यौं भने पुग्छ होलाः उहाँले स्वर्गको राज्य तुलना गर्नुहुँदा त्यसलाई गहुँ र सामासित, असल र खराब माछाहरूसित, क्षमा नगर्ने एउटा दुष्ट दाससित तुलना गर्नुभयो (मत्ती १८:२३-३२); अँ, विवाह भोजको दृष्टान्तमा त्यसभित्र विवाहको वस्त्र नलगाएको मानिस पसेको, जो बाहिरी अन्धकारमा नाश भयो भनी बताउनुभयो (मत्ती २२:१-१३) ।'[ब]

छ) दृष्टान्तहरू प्रयोग गरेर प्रभु येशूले भविष्यवाणी पूरा गर्नुभयो (मत्ती १३:३४-३५)

प्रभु येशूले पहिलेका चारवटा दृष्टान्तहरू भीड़का मानिसहरूका निम्ति बोल्नुभयो । मसीहले आफ्नो मुख दृष्टान्तहरूमा खोल्नुहुनेछ, संसारको उत्पत्तिदेखि गुप्त राखिएका कुराहरू बोल्नुहुनेछ भनेर आसाफले भजन ७८:२ पदमा गरेको भविष्यवाणी प्रभु येशूले यहाँ आफ्नो सिकाउने काममा दृष्टान्तहरू प्रयोग गरेर पूरा गर्नुभयो । स्वर्गको राज्यको अन्तरिम अवस्थाका

यी विशेषताहरू, जो त्यत्ति बेलासम्म गुप्त राखिएका थिए, अहिले प्रकट गरिएका छन् ।

ज) गहुँ र सामाको दृष्टान्तको अर्थ (मत्ती १३ः३६-४३)

मत्ती १३ः३६ः प्रभुको उपदेशको बाँकी भाग उहाँले घरभित्र आफ्ना चेलाहरूलाई भन्नुभयो । हुन सक्छ, उहाँका चेलाहरूले यहाँ, यस खण्डमा इस्राएली जातिको त्यस बाँकी रहेको भागको मानिसहरूको सङ्केत गर्छन्, जसले प्रभुमाथि विश्वास गर्छन् । त्यस घरको कुरा घरिघरि गरिएको छ, यहाँ फेरि पनि त्यसको कुरा गरिएको छ; यसले हामीलाई के याद दिलाउँछ भने, परमेश्वरले आफ्नो प्रजालाई, जसलाई उहाँले अघि नै जान्नुभएको थियो, सदाका निम्ति त्याग्नुभएको रहेनछ ।

मत्ती १३ः३७ः प्रभु येशूले गहुँ र सामाको दृष्टान्तमा अर्थ लगाउनुहुँदा उहाँले बीउ छर्ने मानिसका पुत्र हुन्, अर्थात् म नै हुँ भनेर भन्नुभयो । संसारमा उहाँको सेवकाइको अवधिभित्र उहाँ आफूले बीउ छरिरहनुहुन्थ्यो भने त्यसपछिका युगहरूमा बीउ छर्नलाई आफ्ना सेवकहरूलाई प्रयोग गर्नुभएको छ ।

मत्ती १३ः३८ः बारीचाहिँ संसार हो । बारीचाहिँ मण्डली होइन, तर संसार नै हो भन्ने कुरामा जोड़ दिनुपर्छ । असल बीउ भन्नाले परमेश्वरको राज्यका सन्तानहरू बुझिन्छ । जीवित मानिसहरू बीउको रूपमा कसरी जमिनमा छर्न सकिन्छन् भन्ने कुरा अनौठा र न्यायसँगत नभएको देखिन्छ । तर भन्न चाहेको मतलब यही होः राज्यका सन्तानहरू बीउको रूपमा संसाररूपी बारीमा छरिए । प्रभु येशूले आफ्नो सेवकाइको अवधिभित्र संसारमा आफ्ना चेलाहरूरूपी बीउ छर्नुभयो । उनीहरूचाहिँ राज्यको विश्वासयोग्य प्रजाका मानिसहरू थिए । सामाहरूचाहिँ दुष्टका सन्तान हुन् । शैतानसँग हरेक ईश्वरीय सत्यताको नकल छ । त्यसले संसारमा तिनीहरूलाई छरिदिन्छ, जो प्रभुका चेलाहरूजस्तै देखा पर्छन्, जो उहाँका चेलाहरूले झैं बोल्छन्, र केही मात्रामा येशूका चेलाहरू भएझैं हिँड्छन् । तर तिनीहरू मसीह राजाको पछि लाग्ने सच्चा अनुयायीहरू होइनन् ।

मत्ती १३:३९: शत्रुचाहिँ शैतान हो, जो परमेश्वरको शत्रु र परमेश्वरका सबै जनहरूको शत्रु हो। बालीको कटनीचाहिँ संसारको अन्त हो, अर्थात् परमेश्वरको राज्यको अन्तरिम अवस्थाको अन्त पनि हो। त्यत्ति बेला प्रभु येशू स्वर्गबाट ठूलो शक्ति र महिमाको साथ फर्केर आउनुहुनेछ र मसीह राजाको रूपमा शासन गर्नुहुनेछ। प्रभु येशूले यहाँ मण्डलीको अन्त हुन्छ भनेर त्यस युगको कुरा गर्नुभएकै छैन। यहाँ मण्डलीको कुरा गर्दा अलमलमा पार्ने काम मात्र गरिन्छ।

मत्ती १३:४०-४२: फसल काट्नेहरूचाहिँ स्वर्गदूतहरू हुन् (प्रकाश १४:१४-२०)। राज्यको अन्तरिम अवस्था रहने समयभरि नै गहुँ र सामा छुट्ट्याउने कुनै प्रयास गरिनेछैन नै। ती सँगै बढ्न पाउँछन्। तर प्रभु येशूको दोस्रो आगमनमा स्वर्गदूतहरूले सबै ठेस खुवाउने पापका कुराहरू र अधर्म गर्नेहरूलाई बटुल्नेछन्, र तिनीहरूलाई आगोको भट्टीभित्र फालिदिनेछन्; त्यहाँ रुवाबासी र दाह्राकिटाइ हुनेछ।

मत्ती १३:४३: परमेश्वरका धर्मी जनहरू, जो महाँ सङ्कष्टको समयमा संसारमा बाँचिरहनेछन्, राज्यको न्यायसँगत प्रजा भई आफ्ना पिताको राज्यभित्र प्रवेश गर्नेछन्, र येशू प्रभुको हजार वर्षको राज्यमा त्यसको आनन्द उठाउनेछन्। त्यहाँ र त्यत्ति बेला उनीहरू सूर्यजस्तै चम्किनेछन्। उनीहरू महिमाले टलटली टल्किरहनेछन्।

प्रभु येशूले फेरि **'जसका सुन्ने कानहरू छन् भने त्यसले सुनोस्'** भन्ने अर्थपूर्ण अर्ती दिनुभयो।

कतिको भूल धारणाअनुसार स्थानीय मण्डलीभित्र भक्तिहीन मानिस-हरूको दुर्व्यवहार उदार चित्तले सहनुपर्छ भन्ने कुरा यस दृष्टान्तको अर्थ होइन। याद गर्नुहोस्: अन्नको बारीचाहिँ संसार हो, मण्डली होइन। १ कोरिन्थी ५:९-१३ पदअनुसार स्थानीय मण्डलीहरूले प्रभुको आज्ञा शिरोपर गरेर आफ्नो सङ्गतिबाट तिनीहरूलाई हटाउनुपर्छ, जसले त्यहाँ उल्लेख गरिएका पापहरूअनुसार दोषी भएका छन्। परमेश्वरको राज्यको अन्तरिम अवस्थामा अनुग्रहको युगको अन्तसम्म त्यसले आफूभित्र सक्कली र नक्कली दुवैलाई, सच्चा र देखावटी दुवैलाई समावेश गरेको छ भन्ने यस

दृष्टान्तको सरल अर्थ हो। त्यसपछि मात्र परमेश्वरका दूतहरूले प्रभुका सच्चा जनहरूको बीचबाट झूटाहरू/कपटीहरू अलग पार्नेछन्। झूटाहरू न्यायमा लगिनेछन्; तर प्रभुका सच्चा जनहरूले पृथ्वीमा प्रभुको महिमित राज्यको आशिष उपभोग गर्नेछन्।

झ) लुकेको धनको दृष्टान्त (मत्ती १३:४४)

जहाँसम्म सबै दृष्टान्तहरूमा के सिकाइयो भने, स्वर्गको राज्यभित्र असल र खराब दुवै किसिमका मानिसहरू हुन्छन्, अँ, धर्मी जन र अधर्मी जनहरूरूपी प्रजा हुनेछ। तर अबका दुईवटा दृष्टान्तहरूले परमेश्वरको प्रजामा पनि दुई प्रकारका धर्मी जनहरू हुन्छन् भन्ने कुरा देखाउँछन्: **क)** मण्डलीको युगको अघि-पछि जिउने यहूदीहरू, जसले प्रभु येशूमाथि विश्वास गर्छन्। **ख)** हालै भइरहेको मण्डलीको युगमा जिउने यहूदी र अन्यजातिका मानिसहरू, जसले प्रभु येशूमाथि विश्वास गर्छन्।

लुकेको धनको दृष्टान्तमा प्रभु येशूले स्वर्गको राज्य बारीमा लुकाइराखेको धनसित तुलना गर्नुभयो। एउटा मानिसले त्यो भेट्टाउँछ, र त्यसलाई फेरि पनि छोपछाप गर्छ। त्यसपछि खुशी भएर ऊ जान्छ र आफूसँग भएका सबै थोक बेच्छ र त्यो बारी किन्छ।

त्यो मानिस प्रभु येशू हुनुहुन्छ भन्ने हाम्रो सुझाउ हो। ३७ पदमा गहुँ र सामाको दृष्टान्तको अर्थमा उहाँ पनि त्यो बीउ छर्ने मानिस हुनुहुन्थ्यो। लुकेको धनचाहिँ ती बाँकी रहेका यहूदी भक्त जनहरू हुन्, जसले प्रभुमाथि विश्वास गर्छन्। यिनीहरू प्रभु येशूको सेवकाइको समयमा थिए, र फेरि पनि मण्डलीका सबै विश्वासीहरू स्वर्गमा उठाई लगिएपछि हुनेछन्। भजन १३५:४ पदमा इस्राएललाई उहाँको निज धन भनिएको छ। यिनीहरू बारीमा लुकिएका छन्, अर्थात् सारा संसारभरि नै छरपुस्ट भएका छन्, र वास्तवमा परमेश्वरले बाहेक अरू कसैले पनि यिनीहरूलाई चिन्दैन। प्रभु येशूले त्यो लुकेको धन भेट्टाउनुभएको दृश्य यस दृष्टान्तले दिन्छ; त्यसपछि क्रूसमा आफूसँग भएको सबै थोक दिएर उहाँले त्यो संसाररूपी बारी किन्नुभयो, जहाँ त्यो धन लुकेको थियो (२ कोरिन्थी ५:१९ र १ यूहन्ना २:२)। मुक्ति पाएका

इस्राएलीहरू सधैं लुक्न सक्दैनन्, तर यिनीहरू त्यत्ति बेला प्रकट हुनेछन्, जब सियोनबाट यिनीहरूको उद्धारक आउनुहुनेछ, र यिनीहरूले धेरै समयदेखि बाटो हेरिरहेको मसीहको राज्य स्थापित हुनेछ।

यस दृष्टान्तको अर्थ कहिलेकहीं त्यस पापी मानिसमा लगाइन्छ, जसले येशू प्रभुलाई, त्यो बहुमूल्य धन, भेट्टाउनका निम्ति सबै थोक दिइहाल्छ। तर यस प्रकारको अर्थ लगाउने मानिसले मुक्तिचाहिँ विश्वासद्वारा अनुग्रहबाट मिल्नेछ भन्ने शिक्षामा ठक्कर खान्छ। अनुग्रहको अर्थमा मुक्तिचाहिँ सित्तैंमा, दाम नतिरीकन दानको रूपमा पाइन्छ (यशैया ५५:१ र एफेसी २:८-९)।

ञ) बहुमूल्य मोतीको दृष्टान्त (मत्ती १३:४५-४६)

फेरि, स्वर्गको राज्य सुन्दर-सुन्दर मोतीहरू खोजिहिँड्ने एउटा व्यापारीसित तुलना गरिएको छ। जब त्यसले एउटा अति मूल्यवान् मोती भेट्टाउँछ, तब त्यसले आफैसँग भएका सबै थोक बेच्छ र त्यो किन्छ।

एउटा भजनको गीतले यसो भन्दछः 'मैले अति मूल्यवान् सर्वोत्तम मोती पाएँ।' यस गीतमा मोती भेट्टाउनेचाहिँ एउटा हामीजस्तै पापी मानिस हो, र मोतीचाहिँ प्रभु येशू हुनुहुन्छ भनी भनिएको छ। तर हामी यस प्रकारको अर्थ लगाएको कुरामा दोष भेट्टाएर विरोध जनाउँछौं; किनभने कुनै पापी मानिसले सबै थोक बेचेर येशू प्रभुलाई किन्नुपर्दैन नि।

तर हाम्रो विश्वास हामी यस प्रकारको व्यक्त गर्छौंः त्यो व्यापारीचाहिँ प्रभु येशू हुनुहुन्छ। अनि त्यो बहुमूल्य मोतीचाहिँ प्रभुको मण्डली हो। त्यो मोती किन्नलाई प्रभु येशूले क्रूसमा सबै थोक बलिदानको रूपमा दिएर तिरिदिनुभयो। जसरी सिपीकीरालाई लागेको चोटको पीड़ाबाट सिपीभित्र एउटा मोती बनिन्छ, त्यसरी नै छियाछिया छेड़िएको र चोटैचोट लागेको हाम्रा प्रभुको घायल शरीरबाट ख्रीष्टको मण्डली बनियो।

चाखलाग्दो कुरा के छ भने, लुकेको धनको दृष्टान्तमा स्वर्गको राज्य धनसित तुलना गरिएको छ भने यहाँ यस दृष्टान्तमा राज्य मोतीसित होइन, तर त्यस व्यापारीसित तुलना गरिएको हो। यसमा भिन्नता के छ?

अघिल्लो दृष्टान्तमा जोड़चाहिँ त्यस धनमाथि गरियो, जुन धनले मुक्ति पाएका यहूदीहरू सङ्केत गर्छ। यसरी स्वर्गको राज्य इस्राएली जातिसित

एउटा नजिकको सम्बन्धमा राखियो; किनकि तिनीहरूलाई नै परमेश्वरको राज्य पहिले प्रस्तुत गरियो, अनि भविष्यमा पनि त्यो राज्य आफ्नो प्रत्यक्ष रूपमा प्रकट हुँदा यहूदीहरू नै त्यसको मुख्य प्रजा हुनेछन् ।

हामीले अघि बताएअनुसार मण्डली र स्वर्गको राज्य एउटै कुरा होइन । ख्रीष्टको मण्डलीका सबै सदस्यहरूको गन्ती अन्तरिम राज्यभित्र गरिन्छ, तर परमेश्वरको राज्यभित्र हुनेहरू सबैचाहिँ मण्डलीमा छैनन् । ख्रीष्टको मण्डली स्वर्गको राज्यको आगामी प्रत्यक्ष रूप हुने नै होइन । तर ख्रीष्टको मण्डलीले नयाँ पृथ्वीमाथि ख्रीष्टको शासन-प्रशासनमा भाग लिनेछ। पछिल्लो दृष्टान्तमा जोड़चाहिँ मसीह राजामाथि नै लगाइएको छ, जसले आफ्नो दुलहीलाई प्रेमले जित्न र प्राप्त गर्नलाई अति ठूलो दाम तिरिदिनुभयो । प्रभु येशूको दोस्रो आगमनमा उहाँकी दुलही उहाँको महिमामा सहभागी हुनेछिन् ।

जसरी मोती समुद्रबाट निकालिन्छ, त्यसरी नै ख्रीष्टको मण्डलीचाहिँ प्रायः समुद्ररूपी अन्यजातिहरूबाट आउँछ, र यसैले ख्रीष्टको अन्यजातीय दुलही भनिन्छ। यसो भन्दाखेरि मण्डलीमा मुक्ति पाएका यहूदीहरू छैनन् भन्न खोजेको होइन; त्यो त हुन्छ हुन्छ। तर अन्यजातीय दुलही भनिएको मण्डलीको मुख्य अंश र प्रमुख कुरा यी मानिसहरू हुन्, जसको बोलावट अन्यजातिहरूबाट भएको हो; तिनीहरूबाट परमेश्वरले आफ्नो नामका निम्ति एउटा जाति निकाल्दै हुनुहुन्छ। वर्तमान् समयमा परमेश्वरको मुख्य उद्देश्य/ महान् योजना यही हो भनेर याकूबले प्रेरित १५ :१४ पदमा पुष्टि गरेका छन् ।

ट) महाजालको दृष्टान्त (मत्ती १३ :४७-५०)

मत्ती १३ :४७-४८ : यस सिलसिलामा अन्तिम दृष्टान्तले चाहिँ स्वर्गको राज्य समुद्रमा हालिएको एउटा महाजालसित तुलना गर्दछ, जसले हरेक किसिमका माछा बटुल्यो। मछुवाहरूले बसेर असल-असललाई भाँड़ाहरूभित्र जम्मा गरेर र खराब जत्तिलाई फालिदिएर माछाहरूको छानबिन गरे ।

मत्ती १३ :४९-५० : हाम्रा प्रभु आफैले यस दृष्टान्तको अर्थ खोल्नु-हुन्छ। यस दृष्टान्तको समयचाहिँ संसारको अन्त, अर्थात् सङ्कटकालको

समयको अन्त्य हो । यो प्रभु येशूको दोस्रो आगमनको समय हो । मछुवा-हरूचाहिँ स्वर्गदूतहरू हुन् । असल माछाचाहिँ धर्मी जनहरू, अर्थात् दुवै यहूदी र अन्यजातिहरूबाट मुक्ति पाएका मानिसहरू हुन् । खराब माछाचाहिँ अधर्मी मानिसहरू हुन्, जो प्रभुमाथि विश्वास नगर्ने जाति-जातिका मानिसहरू हुन् । अब छानबिन गरीकन छुट्ट्याउने काम हुन्छ, जसरी हामीले गहुँ र सामाको दृष्टान्तमा देखिसक्यौं (मत्ती १३:३०, ३९-४३) । धर्मी जनहरूले आफ्ना पिताको राज्यमा प्रवेश गर्नेछन् भने अधर्मी मानिसहरूको भाग आगोको भट्टीमा हुनेछ, जहाँ रुवाबासी र दाह्रकिटाइ हुनेछ । यहाँ अन्तिम न्यायको कुरा गरिएकै छैन है । यहाँको छानबिन हजार वर्षको राज्यको शुरुमै हुनेछ; तर अन्तिम न्यायचाहिँ ख्रीष्टको हजार वर्षको राज्य सिद्धिएपछि हुनेछ (प्रकाश २०:७-१५) ।

श्री गेबेलाइन्ले यस दृष्टान्तको टिप्पणी गर्दा निम्न कुरा गरेका छन्:

'महाजाल समुद्रमा हालिन्छ; समुद्रको अर्थ अन्यजातिका मानिसहरू हो, जस्तो हामीले अघि हेरिसक्यौं । यस दृष्टान्तले यहाँ महासङ्कष्टको समयमा प्रचारप्रसार हुने अनन्त सुसमाचार धावाको कुरा गरेको छ (प्रकाश १४:६-७) । स्वर्ग-दूतहरूले असल र खराबको बीच छुट्ट्याउनेछन् । यहाँ बताइएको सबै कुराले वर्तमान् समय वा मण्डलीको युगलाई सङ्केत गरेको होइन, तर स्वर्गको राज्य प्रत्यक्ष रूपले स्थापित गर्नै लागेको बेलालाई सङ्केत गरेको हो । परमेश्वरले यस काममा स्वर्गदूतहरूलाई प्रयोग गर्नुहुनेछ, जसरी प्रकाशको पुस्तकमा छर्लङ्ग देखिन्छ । दुष्ट मानिसहरू आगोको भट्टीभित्र फालिनेछन्, तर धर्मी जनहरूचाहिँ हजार वर्षको राज्यको समयसम्म पृथ्वीमाथि रहिरहनेछन् ।' [श]

ठ) सत्यताको ढुकुटी (मत्ती १३:५१-५२)

मत्ती १३:५१: जब शिक्षकहरूका महाशिक्षक प्रभु येशूले यी दृष्टान्तहरू बोल्ने र अर्थ लगाउने काम सिद्ध्याउनुभयो, तब उहाँले आफ्ना चेलाहरूलाई सोध्नुभयो: **'के तिमीहरूले कुरा बुझ्यौ ?'** अनि उनीहरूले जवाफ दिएर भने: 'ज्यू प्रभु !' उनीहरूको उत्तरमा हामीलाई अचम्म लाग्छ, वा उनीहरूको खातिर हाम्रो मन डाहाले अलिक चस्स भएर दुख्न सक्छ

होला । सायद उनीहरूले जस्तै निश्चित हामी 'ज्यू प्रभु, हामीले कुरा बुझ्यौं' भनेर भन्न सक्दैनौं ।

मत्ती १३:५२: जसले बुझेको छ, उसले अरूसँग त्यो कुरा बाँड़चूड़ गर्नुपर्छ। प्रभुका चेलाहरू आशिष बग्ने कुलाहरू हुनुपर्छ; आशिष उनीहरूकहाँ आएर उनीहरूमा टुङ्गिनुहुँदैन । यी बाह्र प्रेरितहरू स्वर्गको राज्यको सम्बन्धमा तालिम प्राप्त गरेका शास्त्रीहरू भइसके; उनीहरू सत्यता सिकाउन सक्ने र व्याख्या गर्न सक्ने निपुण शिक्षकहरू भए। उनीहरू ती घरको मालिकजस्ता थिए, जसले आफ्नो ढुकुटीबाट नयाँ र पुराना कुराहरू निकाल्छन् । उनीहरूका निम्ति पुरानो नियमको पुस्तकमा 'पुरानो सत्यता' भन्न सकिने धनरूपी ठूलो भण्डार छँदै थियो। अनि प्रभु येशूले दृष्टान्तहरूद्वारा दिनुभएको शिक्षामा उनीहरूले भर्खर बिलकुलै नयाँ कुरा प्राप्त गरे। यस ज्ञानको विशाल भण्डारबाट उनीहरूले निकालेर अरू मानिसहरूलाई त्यो महिमित सत्यता बाँड़चूड़ गर्नुपर्थ्यो ।

ड) नासरतमा प्रभु येशूको इन्कार (मत्ती १३:५३-५८)

मत्ती १३:५३-५६: यी दृष्टान्तहरू भनिसक्नुभएपछि प्रभु येशूले गालीलको इलाकालाई छोड़ेर हिँड़्नुभयो र अन्तिम चोटि नासरतमा आउनुभयो। उहाँले नासरतका मानिसहरूलाई तिनीहरूको सभाघरमा सिकाउनुभयो; यहाँसम्म कि मानिसहरू उहाँको बुद्धिमा र उहाँका ख्यातिप्राप्त सामर्थ्यका कामहरूमा छक्कै परे। तिनीहरूका निम्ति उहाँ केवल सिकार्मीको छोरो हुनुहुन्थ्यो । तिनीहरूले उहाँकी आमा मरियमलाई चिन्थे, उहाँका भाइहरू याकूब, योसेस, शिमोन र यहूदालाई पनि, अँ, उहाँका बहिनीहरूलाई समेत चिन्थे; किनकि यिनीहरू अझै पनि नासरतमै बस्थे। तिनीहरूकै शहरमा हुर्किएका केटाहरूमध्ये एकजना कसरी यति प्रख्यात हुन सक्थ्यो र? अनि उहाँले भन्नुभएको वचन र उहाँले गर्नुभएका कामहरू गर्न सक्थ्यो र? यस कुराले तिनीहरूलाई अलमलमा पार्‍यो । तर यो वास्तविकता स्वीकार गर्नुभन्दा तिनीहरूलाई अज्ञानतामा अडिग रहनु सजिलो लाग्यो ।

मत्ती १३:५७-५८: तिनीहरूले उहाँमा ठेस खाए। यसैबाट प्रभु येशूले साँचो भविष्यवक्ताले आफ्नो गाउँघरमा भन्दा बरु अन्य ठाउँहरूमा आदर पाउँछन् भन्ने वचन बोल्ने प्रेरणा पाउनुभयो। प्रभुसित अति परिचित भई उहाँकै मुलुकका मानिसहरू र उहाँकै आफन्तहरूले आफ्नो मनमा त्यो तिरस्कार/अपमान उम्रन दिए। मानिसहरूको अविश्वासचाहिँ नासरतमा प्रभुको कामको मुख्य बाधा ठहरियो। त्यहाँ उहाँले केही बिरामीहरूलाई मात्र निको पार्नुभयो, बस केवल यति काम भयो (मर्कूस ६:५)। उहाँमा यी कामहरू गर्ने शक्ति नभएको होइन। किनकि मानिसहरूको दुष्टताले परमेश्वरको शक्तिलाई रोक्न वा सीमित राख्नै सक्दैन। प्रभु येशूले तिनीहरूलाई आशिष दिन तयार हुनुहुन्थ्यो; तर तिनीहरूमा त्यो आशिष पाउने चाहना थिएन। उहाँले तिनीहरूमा भएको खाँचो पूर्ती गर्नुहुनेथियो; तर तिनीहरूले आफ्नो खाँचो बुझेका थिएनन्। उहाँले तिनीहरूको बीचमा बिरामीहरूलाई निको पार्नुहुनेथियो; तर तिनीहरूमध्ये कोही पनि 'म बिमारी छु' भन्न तयार भएन।

९) मत्ती १४:१-१६:१२: बढ्दै गएको विरुद्ध सामना गर्दै मसीह राजाले आफ्नो अपार अनुग्रहको अथक प्रदर्शन गर्दै हुनुहुन्छ

क) बप्तिस्मा दिने यूहन्नाको हत्या (मत्ती १४:१-१२)

मत्ती १४:१-२: त्यत्ति बेला राजा हेरोद टेट्रआर्खेस्ले येशूको सेवकाइको बारेमा सुने। हेरोद टेट्रआर्खेस्चाहिँ हेरोद डि ग्रेटका कुख्यात पुत्र हुन्, जसलाई हेरोद एन्टिपासको नाममा पनि चिनिन्छ। तिनले नै बप्तिस्मा दिने यूहन्नाको हत्या गर्ने हुकुम दिए। अब प्रभु येशूका अचम्मका कामहरूको विषयमा सुन्दाखेरि तिनको विवेकले तिनलाई घोच्न थाल्यो। ती भविष्य-वक्ताको आलो सम्झना तिनको सामु झलक्क आयो, जसको टाउको तिनले काटेका थिए। तिनले आफ्ना नोकरहरूलाई भनेः 'यिनी बप्तिस्मा दिने

यूहन्ना हुन्; यिनी मरेकाहरूबाट बौरेर उठेछन्; यसैले यी सामर्थ्यका कामहरू हुँदा रहेछन् !'

मत्ती १४:३: तीन पददेखि बाह्र पदसम्म हामीले यस हत्याको वर्णन पढ्छौं; यस्तो वर्णन साहित्यमा 'पूर्वदृश्य' भनिन्छ। मत्तीले आफ्नो वृत्तान्तको क्रम यहाँ एक क्षण रोक्छन्, र यूहन्नाको हत्या कुन परिस्थितिमा र कसरी भएको थियो, सो कुरा दोहोऱ्याउँछन्।

मत्ती १४:४-५: राजा हेरोदले आफ्नी पत्नीलाई त्यागेका थिए, अनि अहिले आफ्नो भाइ फिलिपकी पत्नी हेरोदियाससित वैवाहिक सम्बन्ध राखे, जुन सम्बन्ध कौटुम्बिक व्यभिचार थियो। परमेश्वरको भविष्यवक्ता भएका नाताले यूहन्नाले यस पापको दोष देखाइदिनुपर्‍यो। पापको जलन बोकेर र डरविना यूहन्नाले राजा हेरोदको जीवनमा भएको पाप औंल्याए, र तिनको व्यभिचारको कारणले तिनलाई दोष-आरोप लगाए।

राजा हेरोद राँकिए, र आफ्नो रिसमा यूहन्नालाई मार्न चाहे, तर राजनीतिको हिसाबले त्यो उचित नहोला भैं देखिन्थ्यो। जनताको दृष्टिमा बप्तिस्मा दिने यूहन्ना एक भविष्यवक्ता थिए; अनि तिनीहरूले सायद उनको हत्यामा घोर विरोध जनाउनेथिए, र यसो हुँदा हिंसा हुने सम्भवना हुनेथियो। यसैले ती क्रूर शासकले यूहन्नालाई पक्रेर भ्यालखानामा हाले, र यसरी केही समयका निम्ति तिनको रिस शान्त भयो।

अज्ञात उद्धरणः 'भक्तिहीन मानिसहरूले धर्मलाई केकस्तो मन पराउँछन्, के म भनूँ? तिनीहरूले सिंहहरूलाई कि ता मरेको कि ता थुनिएको अवस्थामा मन पराएझैं धर्मलाई त्यही ढङ्गले मन पराउँछन्। तर जब धर्मले तिनीहरूलाई सताउन र तिनीहरूको विवेकलाई घोचेर तिनीहरूलाई पश्चात्ताप गर्ने आह्वान दिन्छ, तब तिनीहरू धर्मसित डराउन थाल्छन्।'[४]

मत्ती १४:६-११: राजा हेरोदको जन्म-दिनमा हेरोदियासकी छोरी के साह्रै राम्रोसँग नाची; राजा मग्न भए। यसैले तिनले कसम खाएर 'तिमीले जे मागे पनि म तिमीलाई दिनेछु' भन्ने कबुल गरे। उसकी लम्पट आमाले चाहिँ उसलाई सिकाएअनुसार उसले निर्धक्कसाथ 'एउटा थालमा बप्तिस्मा दिने

यूहन्नाको टाउको दिनुहोस्' भनी मागी। त्यस समयसम्म यहून्नाको विरोधमा हेरोदको रिस निक्कै सेलेको थियो; हुन सक्छ, तिनले भविष्यवक्ताको साहस र इमानदारी/सच्चाइको तारिफ गर्थे होला। जे होस्, राजा दुःखित भए ता पनि तिनलाई आफ्नो कबुल पूरा गर्न करै लाग्यो। तिनले हुकुम गरे; यूहन्नाको टाउको काटियो; त्यस नाच्ने केटीले घिनलाग्दो विन्तीअनुसार उसलाई उसले मागेको कुरा दिइयो।

मत्ती १४:१२: यूहन्नाका चेलाहरू आएर तिनको मृत शरीर लगे र सम्मानको साथ दफन गरे; त्यसपछि गएर तिनीहरूले येशूलाई सब बताए। तिनीहरूको शोक पोख्न र आफ्नो रिस शान्त पार्न येशूभन्दा उत्तम ठावै थिएन नै। अनि तिनीहरूको यो उदाहरण हाम्रा निम्ति कति उत्तम र स्मर्णीय छ! सतावट, अत्याचार, दुःखकष्ट र शोकको बेलामा गएर हामीले पनि येशूलाई सब बताउनैपर्छ।

राजा हेरोदचाहिँ – तिनको अपराध ता सिद्धिएको थियो, तर त्यसको आलो सम्झना भइरहन्थ्यो। किन जब तिनले प्रभु येशूका कामहरूको विषयमा सुने, तब त्यसको जम्मै घटनाको स्मरण फर्केर आयो, र त्यसले तिनलाई सतायो।

ख) प्रभु येशूले पाँच हजारलाई खुवाउनुभयो (मत्ती १४:१३-२१)

मत्ती १४:१३-१४: प्रभु येशूको कीर्ति सुनेर राजा हेरोद घबराए भन्ने कुरा सुन्नुभएपछि उहाँ एउटा डुङ्गामा चढ्नुभयो र त्यहाँबाट अलग्गै एउटा एकान्त ठाउँमा जानुभयो। त्यो स्थान गालीलको समुद्रनेर थियो। हामीलाई पक्का थाहा छः यसो गर्नुहुँदा उहाँलाई हेरोददेखि डर भएको थिएन; किनकि उहाँका निम्ति समय नआएसम्म कसैले उहाँलाई केही पनि गर्न सक्दैन भन्ने कुरा उहाँले जान्नुभएको थियो; तर यस परिस्थितिमा सावधानी हुनुभएकोमा प्रभुले बुद्धि देखाउनुभयो। तब उहाँ किन त्यहाँ जानुभयो? यसको खास कारण हामीलाई थाहै छैन। उहाँका चेलाहरू भर्खरै एउटा सुसमाचार धावाबाट फर्केर आएका थिए, र उनीहरूलाई बिसाउनु र विश्राम पाउनु खाँचो

थियो – यति हामीलाई यसो गर्नुभएको एउटा मामुली कारणको रूपमा थाहा छ (मर्कूस ६:३० र लूका ९:१०)।

तर के गर्ने ? शहरहरूबाट भीड़ैभीड़का मानिसहरू पैदलै उहाँको पछि लागेछन्। अनि जब उहाँ किनारामा उत्रनुभयो, तब ती मानिसहरूले उहाँका निम्ति पर्खिरहेका थिए। तिनीहरूले उहाँको आराम पाउने उद्देश्य भङ्ग गरेकोमा हाम्रा प्रभु तिनीहरूदेखि चिढ़िनुभएन, तर दयाले भरिएर उहाँले आफ्नो काम शुरु गर्नुभयो र तिनीहरूको बीचमा भएका बिरामीहरूलाई निको पार्नुभयो।

मत्ती १४:१५: साँझ पर्न लाग्यो, अर्थात् समय ३ बजे नाघेको थियो। तब उहाँका चेलाहरूले एउटा ठूलो समस्या देख्न थालेः यति धेरै मानिसहरू, र तिनीहरूको केही खानेकुरा नभएको ! उनीहरूले प्रभुलाई 'भीड़हरूलाई पठाइदिनुहोस्, र यिनीहरूले गाउँहरूहुँदो आफ्ना निम्ति खानेकुरा किनून्' भनेर विन्ती गरे। उनीहरूले येशू प्रभुको मनको कुरा अलिकति पनि बुझेनन्, न ता उहाँको शक्तिको महानता ख्याल गरे।

मत्ती १४:१६-१८: प्रभु येशूले उनीहरूलाई जवाफ दिएर भन्नुभयोः **'यिनीहरूलाई जानु खाँचो छैन।'** मानिसहरूले किन उहाँलाई छोड़ेर अन्त कहीं जाऊन्, जब तिनीहरूको सामु उहाँ हुनुहुन्थ्यो, जसले आफ्नो मुट्ठी खोलेर सबै जीवित प्राणीहरूको खाँचो पूरा गर्नुहुन्छ। त्यसपछि उहाँले उनीहरूलाई उनीहरू तयार नरहेको क्षणमा भेट्टाएर भन्नुभयोः **'तिमीहरूले नै यिनीहरूलाई खान देओ !'** उनीहरू अरकच्च परे; यिनीहरूलाई खान दिनु, कसरी ? **'हामीसँग पाँच रोटी र दुई माछाबाहेक अरू केही पनि छैन।'** उनीहरूले प्रभु येशू पनि साथमा हुनुभएको कुरा बिर्से। धैर्यशाली प्रभुले उनीहरूलाई भन्नुभयोः **'तिनलाई यहाँ मकहाँ ल्याओ !'** उनीहरूले गर्नुपर्ने कामको भाग यही थियो।

मत्ती १४:१९-२१: प्रभु येशूले भीड़का मानिसहरूलाई घाँसमाथि बस्ने आज्ञा दिनुभएको दृश्य हामी सजिलोसँग कल्पना गर्न सक्छौं। त्यसपछि उहाँले पाँच रोटी र दुई माछा लिनुभयो, माथि स्वर्गतिर हेरेर आशिष दिनुभयो अनि भाँचेर रोटी चेलाहरूलाई भीड़लाई बाँड़िदिन भनेर दिनुभयो। सबैका

निम्ति पर्याप्त/प्रशस्त खानेकुरा थियो। जब सबै अघाए, तब उहाँका चेलाहरूले बाह्र डालाभरि उब्रेका टुक्राटुक्री उठाए। अचम्म, प्रभु येशूले आफ्नो यो काम थोरैबाट शुरु गर्नुभएको थियो, अनि अब यो काम सिद्धिएपछि बेसी/बढ़ी उब्रियो। खिसी गरेर भनौंः यस कार्यमा अल्प विश्वास देखाउने बाह्र चेलाहरूको एक-एकजनाका निम्ति उब्रेका टुक्राले भरिएको एक-एक डाला भयो। खाने मानिसहरूको संख्याको कुरा गरौं भने त्यहाँ दस-पन्ध्र हजार मानिसहरू थिए; पाँच हजार पुरुष, साथै स्त्रीहरू र केटाकेटीहरू पनि।

प्रभुका चेलाहरूका निम्ति – उनीहरू जुनसुकै पुस्ताका होऊन् – यहाँ, यस अचम्मको कामबाट सिक्नुपर्ने आत्मिक पाठ छ। भोकाएका मानिसहरूको भीड़ जहिले पनि हुन्छ; अनि प्रभुका चेलाहरूको सानो झुण्डसँग भएको स्रोत सधैं नपुग्ने गरी अति कम/क्षुद्र देखिन्छ। तर यस्तो परिस्थितिमा हाम्रा दयावान् प्रभु पनि सधैं साथमा हुनुहुन्छ। जब हामी उहाँका चेलाहरूले आफूसँग भएको सबै थोक, त्यो जति थोरै किन नहोस्, सुम्पिदिन्छन्, तब उहाँले त्यसलाई बढ़ाएर हजारौं मानिसहरूको खाँचो पूरा गर्नलाई प्रयोग गर्नुहुनेछ। तर ठूलो भिन्नता यहाँ छः गालीलको समुद्रको छेउमा, यी पाँच हजार पुरुषहरूले अघाएसम्म खाए, र तिनीहरू सबै तृप्त भए; तर तिनीहरूको भोक केही समयका निम्ति मात्र मेट्यो। तर आज, तपाईं जीवित प्रभु येशूकहाँ, यस जीवनको रोटीकहाँ आउनुहोस्, र तपाईं सधैंका निम्ति तृप्त हुनुहुनेछ, र फेरि कहिल्यै भोकाउनुहुनेछैन नै (यूहन्ना ६:३५)।

ग) प्रभु येशू समुद्रको पानीमाथि-माथि हिँड्नुभयो (मत्ती १४:२२-३३)

पाँच हजार मानिसहरूलाई खुवाउने यस अघिल्लो अचम्मको कामले प्रभुका चेलाहरूलाई निश्चयता दिलायोः अँ, उनीहरूले पछ्याउनुभएको प्रभुचाहिँ उनीहरूका सबै खाँचो पूरा गर्न सक्ने सक्षम प्रबन्धक हुनुहुन्छ। अनि अब उनीहरूले अर्को कुरा सिक्नुपर्छः उनीहरूका प्रभुले उनीहरूलाई सुरक्षा दिनुहुन्छ, अँ, शक्ति पनि दिनुहुन्छ।

मत्ती १४:२२-२३: प्रभु येशूले भीड़का मानिसहरूलाई बिदा गर्नुभएको बेलामा आफ्ना चेलाहरूलाई **'एउटा डुङ्गामा चढ़ेर गालीलको समुद्रको पारिपट्टि फर्केर जानू'** भन्नुभयो। त्यसपछि उहाँ एउटा डाँड़ामाथि चढ्नुभयो, र प्रार्थना गर्नुभयो। अब साँझ पर्‍यो, र घाम अस्तायो; उहाँ त्यहाँ एकलै हुनुहुन्थ्यो। (याद गर्नुहोस्: यहूदीहरूको हिसाबमा साँझ दुई भाग हुने गरी गनिन्थ्यो; पहिलो भागचाहिँ प्रस्थान १२:६ पदमा 'बेलुकीपख' भनिएको छ, जसको बारेमा हामीले मत्ती १४:१५ पदमा पढ़िसक्यौं, अर्थात् तीन बजेदेखि उताको समय। अनि साँझको दोस्रो भागचाहिँ छ बजेतिर, घाम अस्ताएको समय हो, जसको बारेमा हामी यहाँ, यस पदमा पढ्छौं।)

मत्ती १४:२४-२७: यति बेलासम्म डुङ्गाचाहिँ किनारादेखि टाढ़ा, समुद्रको बीचमा पुगिसकेको थियो, अनि हुत्याँदैथ्यो; किनकि बतास अगाड़िपट्टिबाट आइरहेको थियो। छालहरूले चेलाहरूको डुङ्गालाई हानिरहेको र उनीहरूको आपत प्रभुले देख्नुभयो। रातको चौथो पहरमा प्रभु येशू समुद्रको पानीमाथि-माथि हिँड़्दै उनीहरूकहाँ आउनुभयो। (रातको चौथो पहर भनेको बिहानको तीन बजेदेखि छ बजेसम्मको समय हो।) उहाँलाई देख्दा **'यो ता भूत हो'** भनेर चेलाहरू आत्तिए। तर तुरुन्तै उनीहरूले येशूको सोर, उनीहरूका स्वामी र मित्रको सोर, त्यो सान्त्वना दिने सोर सुने/चिनेः **'साहस गर! म हुँ; नडराओ!'**

हाम्रो अनुभावसँग के साह्रो मिलेको छ, यो घटना! हामी आँधीबेहरी, भुँवरीभित्र पर्छौं, हामी हैरान हुन्छौं, हामी आत्तिन्छौं। त्यत्ति बेला हाम्रा प्रभु हामीदेखि टाढ़ा हुनुभएको हामीलाई लाग्छ। तर याद गर्नुहोस्: उहाँचाहिँ हाम्रा निम्ति सधैंभरि अन्तर्विन्ती/प्रार्थना गरिरहनुहुन्छ। रातको घोर अन्धकारले हामीलाई छोपेको समयमा उहाँ नजिकै हुनुहुन्छ, हाम्रै नजिकै। आपदविपदमा परेर हामी उहाँलाई चिन्दैनौं; हामी डरले आत्तिन्छौं। तब हामीले उहाँको सोर सुन्छौं – त्यो सान्त्वना दिने सोर। अनि बल्ल हामी बुझ्छौंः हामीमा डरत्रास पैदा गर्ने छालहरू उहाँका पैतालाको अधीनमा रहेछन्।

मत्ती १४:२८: जब पत्रुसले प्रभुको त्यो सोर, त्यो सुपरिचित र अति प्यारो सोर सुने, र चिने, तब उनमा प्रेम जाग्यो, उनमा जोश उर्लेर आयो।

उनले भनेः **'प्रभु, तपाईं हुनुहुन्छ भने मलाई पानीमाथि-माथि तपाईंकहाँ आउने आज्ञा दिनुहोस् !'** पत्रसले चलाएको 'यदि' भन्ने शब्दमा ध्यान लगाएर उनको सानो विश्वासमा केन्द्रित नरहौं, तर उनको यस विन्तीमा ठूलो साहस र ठूलो भरोसा देखौं । प्रभुको जुनै आज्ञाको साथसाथै उहाँले त्यो आज्ञा पूरा गर्ने शक्ति पनि दिनुहुन्छ भन्ने कुरा पत्रुसले आभास गरे । यसैले पत्रुसका निम्ति प्रभुको आज्ञा पाउनु र प्रभुबाट आज्ञा पूरा गर्ने शक्ति पाउनु एकै कुरा थियो ।

मत्ती १४:२९-३३ः प्रभु येशूले **'आऊ'** भन्नेबित्तिकै पत्रुस तुरुन्तै डुङ्गाबाट उत्रे, र उहाँतिर पानीमाथि-माथि हिँड्न थाले । जबसम्म पत्रुसले आफ्ना आँखाहरू प्रभुमा लगाएका थिए, तबसम्म उनले असम्भव कुरा पूरा गर्न सके । तर त्यो क्षण आयो, जब उनले त्यो तेज बतास हेर्न लागे; अनि उनी डुब्न थाले । डरले आत्तिएर उनले चिच्च्याउँदै पुकारेः **'प्रभु, मलाई बचाउनुहोस् !'** तब प्रभु येशूले आफ्नो हात बढ़ाएर पत्रुसलाई पक्रनुभयो, उनलाई उनको अल्प विश्वासको खातिर हल्का हप्की दिनुभयो र उनलाई डुङ्गामा ल्याउनुभयो । प्रभु येशू डुङ्गामा चढ्नसाथ बतास थामिहाल्यो । अब त्यही डुङ्गामा आराधना सभा भयो, जब चेलाहरू नजिक आए, र प्रभुलाई दण्डवत् गरेर भनेः **'साँच्चै तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ ।'**

इसाई जीवन जिउनु पानीमाथि-माथि हिँड्नु बराबर हो; यो मानिसको दृष्टिमा असम्भव कुरा हो । यो ता पवित्र आत्माको शक्तिमा जिउने जीवन हो । जबसम्म हामीले अरू सबै कुराहरूबाट आफ्ना आँखा हटाएर येशूलाई मात्र हेरिरहन्छौं, तबसम्म हामीले एउटा यस्तो जीवन अनुभव गर्छौं, जो मामुली जीवनभन्दा उच्च हुन्छ । तर त्यो क्षण आओस्, जब हामी आफूलाई वा हाम्रो परिस्थिति हेर्न थाल्छौं, तब हामी डुब्न लाग्छौं । तब हामीले येशू प्रभुलाई पुकार्नुपर्छ र उहाँबाट विश्वासमा फेरि दह्रो हुने ईश्वरीय शक्ति माग्नुपर्छ ।

घ) गन्नेसरेतमा प्रभु येशूले बिरामीहरूलाई निको पार्नुभयो (मत्ती १४:३४-३६)

गन्नेसरेत भन्ने ठाउँमा उहाँहरू डुङ्गाबाट उत्रनुभयो । गन्नेसरेत गालीलको समुद्रको उत्तर-पश्चिम किनारामा अवस्थित छ । येशूलाई देख्नसाथ त्यस

ठाउँका मानिसहरूले यस इलाकाभरिका सबै बिरामीहरूलाई खोजी-खोजी उहाँकहाँ ल्याए – बिरामीहरूले उहाँको वस्त्रको किनार मात्र भए पनि छुन पाऔं भनेर। अनि जतिले छोए, तिनीहरू सबै पूरा निको भए। त्यस दिन यस इलाकाका सबै डाक्टरवैद्यहरूको छुट्टी भयो; किनकि केही समय-सम्म कहीं कोही बिरामीहरू भएनन्। परमवैद्य तिनीहरूको इलाकामा आउनुभएको हुनाले यस मुलुकका मानिसहरूलाई स्वास्थ्य र चङ्गाइ मिल्यो।

ङ) अशुद्ध हुने कुरा भित्रबाट आउँछ (मत्ती १५:१-२०)

मत्तीले आफ्नो पुस्तक लेख्दा शुरुका अध्यायहरूमा समयको क्रमलाई भङ्ग गरेर लेखे भन्ने कुरा धेरै चल्ती छ। तर १४ अध्यायको शुरुदेखि अन्तसम्म उनले घटनाहरूको विवरण प्रायः जस्तोको त्यस्तै दिएका छन्।

पन्ध्र अध्याय युगहरूको कालक्रमसित पनि मिल्न जान्छ। प्रथम, फरिसीहरू र शास्त्रीहरूले आफ्नो वातविवाद गर्ने र प्रभुलाई झड़गामा फसाउने काम अघि बढ़ाउँदै लानेछन् (मत्ती १५:१-२०)। यस कुराले इस्राएली जातिद्वारा मसीह राजाको तिरस्कार हुनेछ भन्ने पूर्वअनुमान दिन्छ। दोस्रो, काननी स्त्रीको विश्वासले के सङ्केत गर्छ भने, सुसमाचारको प्रचार अन्यजातिहरूको बीचमा फैलिएर जानेछ – आजको दिनसम्म यो काम भइरहेको छ (मत्ती १५:२१-२८)। अनि अन्तमा, ठूला-ठूला भीड़का मानिसहरू आफ्ना रोगबाट निको पारिएका (मत्ती १५:२९-३१) र प्रभुले चार हजार पुरुषहरूलाई खुवाउनुभएको कुरा (मत्ती १५:३२-३९)। यस कुराले आउने युगको सङ्केत दिन्छ, त्यस हजार वर्षको राज्यलाई दर्साउँछ, जब संसारभरि नै स्वास्थ्य र सम्वृद्धि हुनेछ।

मत्ती १५:१-२: शास्त्री र फरिसीहरू प्रभु येशूलाई फसाउन खोज्दा आफ्ना प्रयासमा कहिल्यै थाकेनन्। तिनीहरूको प्रतिनिधि गरेर एक टोली यरूशलेमबाट आए। तिनीहरूले प्रभुका चेलाहरूलाई हात नधोईकन अशुद्ध भएको अवस्थामा रोटी खाएको दोष लगाए। यसो गर्दा चेलाहरूले प्राचीनहरूको रीति भङ्ग गरे अरे।

यस घटनाको मतलब बुझ्नका निम्ति हामीले यहूदीहरूको शुद्ध-अशुद्ध हुने नियमहरू, साथै फरिसीहरूले हात धुने कुरा लिएर के भन्न चाहे, सो जान्नुपर्छ। शुद्ध-अशुद्ध हुने विचारधारणा पुरानो नियमबाट आएको हो। अनि यहाँ अशुद्ध भनेर प्रभुका चेलाहरूलाई लगाइएको आरोपचाहिँ बिलकुलै विधिवत्/रैतिक हिसाबले मात्र लाग्नेथ्यो। यो नियम यस प्रकारको छः कसैले एउटा मुर्दालाई छोयो भने, अथवा खान नहुने कुनै खानेकुरा खायो भने ऊ विधिवत् हिसाबले अशुद्ध भयो, अर्थात् उसले परमेश्वरको सेवा-आराधाना गर्न पाउँदैनथियो। यस विधिअनुसार ऊ अयोग्य भयो। यसैले परमेश्वरको व्यवस्थाको माग थियोः परमेश्वरको उपस्थितिमा/नजिक जान पाउनुअघि उसले केही शुद्ध पार्ने रीतिहरू पालन गर्नुपर्थ्यो।

तर पछिबाट इस्राएलका प्राचीनहरूले यस शुद्ध पार्ने विधिमा आफ्ना रीतिहरू थपे। उदाहरणका निम्ति, तिनीहरूले के आदेश दिए भने, कुनै यहूदीले खाना खानुभन्दा अघि आफ्ना हात धुनुपर्छ। तिनीहरूको अर्थमा धुनु भनेको विस्तृत कार्यविधि पालन गरीकन आफ्ना हातहरू मात्र धोएर होइन, तर कुहिनासम्म उसका दुवै बाहु शुद्ध हुनुपर्थ्यो। ऊ बजार गएर आयो भने मानिस विधिपूर्वक नुहाउनुपर्थ्यो। यसैकारण कुरा बुझौंः फरिसीहरूले यहाँ प्रभुका चेलाहरूलाई केमा आरोप लगाए त? यहूदीहरूको रीतिअनुसार उनीहरूले त्यो नुह्याइधोवाइ गरिमाग्ने दस्तुर पो उल्लङ्घन गरे, यस्तो एउटा पेचिलो दस्तुर, जो परमेश्वरले होइन, तर तिनीहरू आफैले निर्धारित गरेका थिए।

मत्ती १५ः३-६ः हाम्रा प्रभु येशूले उहाँमा दोष भेट्टाउनेहरूलाई याद दिलाउनुभयोः '**अनि तिमीहरूले आफ्नो रीतिथिति मानेर किन परमेश्वरको आज्ञा उल्लङ्घन गर्छौ?**' किनकि मोशाको व्यवस्थाअनुसार मानिसले आफ्ना बुवाआमालाई आदर गर्नुपर्थ्यो। यस नियममा आवश्यकता परेमा आर्थिक सहायता दिएर उनीहरूको खाँचो पूरा गर्ने जिम्मेवारी पनि समावेश गरिएको थियो। तर शास्त्रीहरू र फरिसीहरूले आफ्ना वृद्ध भएका बुवाआमाहरूका निम्ति आफ्नो पैसा खर्च गर्न चाहँदैनथे – अरू धेरै मानिसहरूले पनि यसो गर्न चाहँदैनन्। यसैले तिनीहरूले एउटा यस्तो रीति स्थापित गरे, जसले गर्दा

तिनीहरू आफ्नो यस जिम्मेवारी/कर्तव्यबाट उम्के। कसैको बुवाले सहायता मागे, वा कुनै आमाले सहायता मागिन्, तब त्यस रीतिअनुसार तिनीहरूले केवल निम्न शब्द लिएर भन्नुपर्थ्योः 'मसँग जति पैसा छ, त्यो लिएर मैले तपाईंको सहायता गर्नेथिएँ, तर के गर्ने? मैले त्यो पैसा भेटीको रूपमा परमेश्वरलाई अर्पण गरिसकें; यसैले म त्यो तपाईंलाई दिन सक्दिनँ।' यही सूत्र फलाकेपछि तिनीहरूले बुवाआमाप्रतिको आफ्नो आर्थिक कर्तव्यबाट छूट पाउँथे। तिनीहरूले आफ्ना बुवाआमाको स्याहारसुसार/हेरचाह गर्नू भन्ने परमेश्वरको आज्ञा थियो। तर यस धूर्त रीतिथितिको पछि लागेर तिनीहरूले परमेश्वरको वचन बेकम्मा तुल्याए।

मत्ती १५:७-९: धूर्त भएर तिनीहरूले वचनहरू टेढ़ामेढ़ा पारेर बिगारे, र यसरी यशैया २९:१३ पदमा उल्लेख गरिएको भविष्यवाणी पूरा गरे। तिनीहरूले आफ्ना ओठले परमेश्वरको आदर गर्छु भने, तर तिनीहरूको हृदय उहाँबाट टाढ़ा थियो। तिनीहरूको उपासना व्यर्थ थियो; किनभने तिनीहरूले परमेश्वरको वचनलाई भन्दा आफ्ना रीतिथितिहरूमा पहिलो स्थान दिए।

मत्ती १५:१०-११: प्रभु येशू भीड़तिर फर्कनुभयो; उहाँले यसो भन्दै तिनीहरूको सामु अति महत्त्वपूर्ण उद्घोषणा गर्नुभयोः **'मुखभित्र जे पस्छ, त्यसले मानिसलाई अशुद्ध पार्दैन; तर मुखबाट जे निस्कन्छ, त्यही कुराले मानिसलाई अशुद्ध पार्छ।'** यस टीका/व्याख्याभित्र कत्रो क्रान्तिपूर्ण शक्ति छ, सो हामीले अनुमान् गर्नै सक्दैनौं, न ता यसको मूल्य मूल्याङ्कन गर्न सक्दछौं। लेवीय नियमविधिहरूअनुसार मुखभित्र पस्ने कुराले मानिसलाई अशुद्ध पार्थ्यो। जुन पशु उग्राउँदैनथियो, र जसको खुट्टाको खुर चिरिएको थिएन, त्यस पशुको मासु यहूदीहरूले खानुहुँदैनथ्यो। तिनीहरूले कत्ला र पखेटा नभएको कुनै माछा खानुहुँदैनथ्यो। परमेश्वरले तिनीहरूलाई शुद्ध र अशुद्ध खानेकुराको सम्बन्धमा विस्तृत रूपले आदेशहरू दिनुभएको थियो।

अब प्रभु येशू, नयाँ नियमका स्थापकले यति भनेर त्यो विधिवत् अशुद्ध हुने-नहुने पूरा व्यवस्था/नियमविधिहरूको राशि रद्द गर्नलाई बाटो खोल्नुभयो। उहाँले भन्नुभएको कुराको अर्थ यस प्रकारको छः जुन खानेकुरा उहाँका चेलाहरूले नधोइएका हातहरूले खाएका थिए, त्यसले उनीहरूलाई

अशुद्ध तुल्याएन, तर शास्त्री र फरिसीहरूको कपट – अशुद्ध पार्ने कुरा साँच्चै यही हो ।

मत्ती १५:१२-१४: जब प्रभुका चेलाहरूले यो भर्त्सना सुनेर फरिसीहरूले ठेस खाए भन्ने कुरा येशूलाई बताए, तब उहाँले तिनीहरूलाई परमेश्वर पिताले नरोप्नुभएका विरुवाहरूसित तुलना गर्नुभयो । तिनीहरू गहुँ थिएनन्, तर सामा थिए । तिनीहरूको शिक्षासिद्धान्त जरासमेत उखालिनेछ, र तिनीहरू नाश हुनेछन् । उहाँले थपेर भन्नुभयोः **'तिनीहरूलाई छोड़िदेओ ! तिनीहरू अन्धाहरूका अन्धा अगुवाहरू हुन् ।'** तिनीहरूले आत्मिक कुराहरूको सम्बन्धमा मुख्य अधिकारी/विद्वान अध्यापक हौं भनेर धाक पिटे, तर वास्तवमा तिनीहरू आत्मिक यथार्थ कुराहरूको विषयमा अन्धा थिए, अनि तिनीहरूले अगुवाइ गरेका मानिसहरू पनि अन्धा थिए । अन्धाहरूले अन्धाहरूलाई डोऱ्याए भने दुवै खाड़लभित्र पर्ने नै छन्; यो अनिवार्य छ ।

मत्ती १५:१५: येशूका चेलाहरूले शुद्ध र अशुद्ध खानेकुराको विषयमा जुन शिक्षा पाएका थिए, त्यो जम्मै शिक्षा उल्टाउने विपरीत कुरा प्रभुबाट सुनेर उनीहरू डगमगाए; यसमा शङ्का छैन । यसैले प्रभुको यो वचन उनीहरूलाई दृष्टान्तजस्तै लाग्यो, जसको अर्थ अस्पष्ट, र जसमा घुम्टो हालेको थियो । पत्रुसले **'यस दृष्टान्तको अर्थ हामीलाई बताइदिनुहोस्'** भनेर यसको स्पष्टिकरण माग्दा उनीहरूको मनभित्रको खुलदुली प्रकट गरे ।

मत्ती १५:१६-१७: चेलाहरू यति अबुझ अथवा बुझ्नमा साह्रै सुस्ती भएकोमा प्रभु येशू छक्क/दङ्ग पर्नुभयो । त्यसपछि उहाँले उनीहरूका निम्ति कुरा स्पष्ट पार्नुभयोः वास्तविक अशुद्धताचाहिँ मानिसको नैतिक आचरण/व्यवहारसित सम्बन्धित छ, र त्यो कुनै थोकभित्र भएको आफ्नै भौतिक गुण/स्वभावबाट आउँदैन । हामी पनि बुझिराखौंः कुनै खानेकुरा स्वभावैले न शुद्ध न ता अशुद्ध हुन्छ । अँ, कुनै भौतिक चीज आफैआफ खराब हुँदैन । तर जब कुनै चीजको प्रयोग बेठीक हुन्छ, तब त्यो गलत हो । मानिसले खाना खान्छ; त्यो खानेकुरा मुखमा पस्छ, पेटमा जान्छ र पेटभित्र पच्छ, अनि नपचेको जति चर्पीमा फालिन्छ । यसो हुँदो त्यो खानेकुरा खाएको मानिसको नैतिक अवस्थामा कुनै पनि असर पर्दैन । यसको जम्मै प्रभाव उसको

शरीरमाथि मात्र पर्छ। हामी पहिलो तिमोथीको पत्रबाट जान्दछौंः ***'परमेश्वरले सृष्टि गर्नुभएको हरेक थोक असल हो, अनि कुनै थोक इन्कार गरिनुपर्ने होइन - त्यसलाई धन्यवादसाथ ग्रहण गरिन्छ भने; किनकि परमेश्वरको वचन र प्रार्थनाद्वारा त्यो पवित्र तुल्याइन्छ'*** (१ तिमोथी ४:४-५)। यस खण्डमा अवश्य विषालु खानेकुराको बारेमा कुरा गरिएको छैन, तर यहाँ बताइएको कुरा ती खानुहुने थोकहरू हुन्, जसको सृष्टि परमेश्वरले मानिसका निम्ति उसले ती खाओस् भनेर गर्नुभएको छ। उहाँको सृष्टिका सबै थोकहरू असल हुन्छन्, र तिनलाई धन्यवादसाथ ग्रहण गरी खानुपर्छ। कति मानिसहरूले सबै कुरा खान सक्छन् भने अरूको शरीर कमजोर छ, र सबै कुरा पच्दैन; यसैले आफ्नै शरीरअनुसार कतिले कुनै थोक खान्छन्, कतिले त्यो खाँदैनन्। तर साधारण हिसाबले हामी भन्न सक्छौंः हामीले खानेकुराको सम्बन्धमा कुनै शङ्का गर्नुपर्दैन; किनकि हामी सबै कुरा यस हेतुले खान सक्छौं, कि परमेश्वरले यसैद्वारा हाम्रो शरीरको पोषण गर्नुहुन्छ।

मत्ती १५:१८: ठीक छः कुनै खानेकुराले कसैलाई अशुद्ध पार्दैन। तब केले अशुद्ध पार्छ र? येशूले यसो भनेर यसको जवाफ दिनुहुन्छः **'तर ती कुराहरू जो मुखबाट बाहिर निस्कन्छन्, ती हृदयबाट निस्केर आउँछन् र तिनैले मानिसलाई अशुद्ध पार्छन्।'** हृदय भन्नाले हाम्रो शरीरको रगत चलाइरहने मुटु बुझिँदैन, तर मानिसभित्रको भ्रष्ट मूल-केन्द्र/स्रोत, जसबाट पापी भावना र अभिलाषाहरू निस्केर आउँछन्। मानिसको नैतिक स्वभावको यही भागमा अशुद्ध विचारहरू पैदा हुन्छन्, त्यसबाट कुरा अघि बढ़ेर ती विचारहरूबाट भ्रष्ट शब्दहरू बन्छन्, र अन्तमा खराब कामहरूको रूपमा देखा पर्छन्।

मत्ती १५:१९-२०: मानिसलाई अशुद्ध पार्ने कुराहरूमध्ये यी हुन्ः खराब विचार, हत्या, परस्त्रीगमन, व्यभिचार, चोरी, झूटो साक्षी, निन्दा आदि। (निन्दा भन्नाले अरूको बदनाम गरेको, कसैको विरुद्धमा खराबी बोलेको अर्थ ग्रीक शब्दबाट बुझिन्छ।)

फरिसीहरू र शास्त्रीहरू हात धुने रीतिथितिहरूका बिन्दु-बिन्दु होशियारसाथ पालन गरेर ज्यादै देखावटी थिए। तर तिनीहरूको जीवनको

भित्री भागचाहिँ अशुद्ध थियो । जुन कुरा परमेश्वरको दृष्टिमा गनिँदैनथियो, त्यस क्षुद्र कुरामा तिनीहरूको ध्यान बस्थ्यो, जब तिनीहरूले ती कुराहरूको वास्ता गर्दैनथे, जो साँच्ची नै महत्त्वपूर्ण थिए। तिनीहरूले प्रभुका चेलाहरूलाई ती रीतिहरू पालन नगरेको आरोप लाए, जो ईश्वरीय प्रेरणाबिना बनाइएका थिए र यसैले केवल मानिसका रीतिहरू मात्र थिए। तर तिनीहरूले चाहिँ परमेश्वरका पुत्रलाई हत्या गर्ने युक्ति रचे, र तिनीहरूमा १९ पदले सूचित गरेका जम्मै पापहरूको दोष लाग्थ्यो ।

च) एउटी गैरयहूदी, कानी स्त्री आफ्नो विश्वासमा आशिषित भई (मत्ती १५ः२१-२८)

मत्ती १५ः२१-२२ः येशू त्यहाँबाट निस्केर टायर र सिडोनका इलाकाहरूतिर जानुभयो, जुन दुई शहरहरू भूमध्यसागरको किनारामा अवस्थित थिए। हामीलाई थाहा लागेअनुसार प्रभु येशू आफ्नो सेवकाइको अवधिभित्र यहाँ, एकपल्ट मात्र यहूदीहरूको देशबाट निस्कनुभयो, जब फोनिसियामा एउटी कानी स्त्रीले उसलाई निको पारिदिनुहोस् भनेर उहाँलाई आफ्नी छोरीका निम्ति विन्ती गरी, जोचाहिँ दुष्ट आत्माले ग्रस्त, अँ, साह्रै सताइएकी थियो ।

यहाँ हामीलाई याद गर्न आवश्यक छ, कि यो स्त्री यहूदी होइन, तर अन्यजातिकी स्त्री थिई। ऊ कनानीहरूको वंशकी महिला थिई – एउटा नैतिक भ्रष्ट जाति, जसको अस्तित्व परमेश्वरले मेटाइदिने निर्णय गर्नुभएको थियो । तर इस्राएलीहरू आज्ञाकारी भएनन्, र यसैले यहोशूको पालोमा कति काननीहरू यहूदीहरूको कब्जाबाट उम्के । यो स्त्री यी उम्केकाहरूको वंशकी थिई । अन्यजाति भएकी नाताले उसले परमेश्वरको चुनिएको जातिलाई मात्र हुने/मिल्ने सौभाग्यहरूको सम्भागी थिइन । ऊ आशाविनाकी एउटी परदेशी महिला थिई। यस अवस्थामा, उसको न परमेश्वरमा न उहाँका मसीह राजामा कुनै आशिष दाबी गर्न सक्ने अधिकार थियो ।

जब उसले प्रभु येशूसँग कुरा गरी, तब उसले उहाँलाई 'हे प्रभु, दाऊदका पुत्र' भनेर सम्बोधन गरी। यस प्रकारको सम्बोधन/उपाधि

यहूदीहरूले मसीह राजाका निम्ति प्रयोग गर्थे। हो, प्रभु येशूचाहिँ मसीह हुनुहुन्थ्यो; तर अन्यजातिकी स्त्रीले यस यहूदीलाई मात्र मिल्ने आधारमा उहाँकहाँ आउने बाटो पाइन। यही कारणले उहाँले उसलाई उसको पहिलो विन्तीको कुनै जवाफ दिनुभएन।

मत्ती १५:२३: उहाँका चेलाहरू आएर उहाँलाई **'उसलाई बिदा गरिदिनुहोस्'** भनेर विन्ती गरे। त्यस स्त्रीदेखि उनीहरूलाई झिजो लाग्थ्यो। तर प्रभुका निम्ति ऊ विश्वासको अनुकुल उदाहरण बनी – एउटा यस्तो पात्र, जसको जीवनमा उहाँको अनुग्रह झलक्क चम्काउनेथियो। तर यसो हुनुभन्दा पहिले उहाँले उसको विश्वास जाँच्नुपर्‍यो र उसलाई यस सम्बन्धमा एउटा पाठ सिकाउनुपर्‍यो।

मत्ती १५:२४-२५: उहाँले उसलाई भन्नुभयोः **'इस्राएलको घरानाका हराएका भेड़ाहरूकहाँ बाहेक अरू कसैकहाँ म पठाइएको होइनँ।'** यसर्थ उहाँ अन्य जातिहरूका निम्ति आउनुभएन, काननीहरूका निम्ति पक्क पनि आउनुभएन। तर प्रभुले उसको विन्ती यसरी इन्कार गर्नुभएकोमा ऊ निराश भइन। उसले दाऊदका पुत्र भन्ने उपाधि छोड़ेर उहाँलाई दण्डवत् गरी र भनीः 'प्रभु, मलाई सहायता गर्नुहोस्!' यहूदी नभएको नाताले उसको मसीहकहाँ आउने अधिकार थिएन भने 'म तपाईंकी सृष्टि हुँ' भनेर आफ्ना सृष्टिकर्ताकहाँ आउने बाटो खोजी।

मत्ती १५:२६: प्रभु येशूले उसको विश्वास परिपक्व छ कि छैन भनेर अझ जाँच्दै हुनुहुन्छ। यसैले उहाँले उसलाई भन्नुभयोः 'यहूदीरूपी नानीहरूको रोटी लिएर अन्यजातिरूपी कुकुरहरूलाई दिनु उचित होइन।' यी शब्दहरू हाम्रा कानहरूमा रूखा सुनिन्छन्। तर हामीले याद गर्नुपर्छः प्रभुका शब्दहरू चिकित्सकको लाग्ने छुरीझैं हानिकारक होइनन्, तिनले चोट पार्दैनन्; तिनले चङ्गाइ पो पार्छन्। यो स्त्री अन्यजाति महिला थिई-थिई। यहूदीहरूको दृष्टिमा अन्यजातिहरूचाहिँ सड़क-सड़क र गल्ली-गल्ली हुँदो फोहोर-मैलातिर केही खानेकुरा खोजिहिँड्ने कुकुरहरू थिए। तर प्रभु येशू रूखो हुनुहुन्न; उहाँले यहाँ 'साना कुकुरहरू' भनेर प्यारो शब्द पो चलाउनुभयो। यसैले यहाँ सवाल यसैमा छः के उसले आफ्नो अयोग्यता

मानिलिन्छ कि लिँदैन ? के 'उहाँको कृपा पाउनु म अलिकति पनि योग्य छैनँ' भनी स्वीकार गर्न के ऊ तयार थिई ?

मत्ती १५ : २७ : उसको जवाफ हेर्नुहोस् ! त्यो कति सुन्दर छ ! ! किनकि उसले अन्यजातिहरूलाई बयान गर्ने प्रभुका शब्दहरू पूरा रूपले स्वीकार गरी । हो, म एक अयोग्य अन्यजातिकी स्त्री हुँ भनेर उसले आफूलाई उहाँको दयामा, अँ, उहाँको प्रेम र अनुग्रहमा सुम्पिदिई । उसले यसो भन्न चाहेकीः 'हो प्रभु, तपाईंले ठीक भन्नुभयो; टेबलमनि रोटीका टुक्राको आशा राख्ने ससाना कुकुरहरूमध्ये म एउटी हुँ । तर मलाई थाहै छः कहिलेकहीं टेबलबाट रोटीका टुक्राटुक्री भुइँमा खस्छन् नि । के तपाईंले मलाई केही टुक्राटुक्री खान दिनुहुन्न ? तपाईंले मेरी छोरीलाई निको पार्नुको म योग्य छैनँ, तर मलाई आफ्नै अयोग्य सृष्टि सम्झेर मेरी छोरीलाई निको पार्नुहुने आग्रह गर्छु ।'

मत्ती १५ : २८ : प्रभु येशूले उसको ठूलो विश्वास देखेर उसलाई प्रशंसा गर्नुभयो । उता उहाँप्रति अविश्वास गर्ने यहूदीहरूरूपी नानीहरूलाई भोक लाग्दैनथियो भने यता एउटी अन्यजाति स्त्रीचाहिँ 'हो, म सानी कुत्तै हुँ' भनी मानिलिन तयार भई; किनकि रोटीका टुक्रारूपी उहाँको दया पाउन ऊ अति नै तृषित थिई । उसको विश्वासको प्रतिफल हेर्नुहोस् ! उसकी छोरी तत्कालै निको भइहाली ।

प्रभु येशूले टाढैबाट त्यस अन्यजाति स्त्रीकी छोरीलाई निको पार्नुभयो । यस कुराले परमेश्वरको पिताको दाहिने हातपट्टि बसेर हालैमा भइरहने उहाँको सेवकाइको सम्बन्धमा के सुझाउ दिन्छः यस वर्तमान् युगमा, जब परमेश्वरले उहिले चुन्नुभएको यहूदी जाति उहाँको निज प्रजा हुनका निम्ति त्यागिएको छ, प्रभु येशूले अन्यजातिका मानिसहरूलाई आत्मिक चङ्गाइ दिँदै हुनुहुन्छ ।

छ) प्रभु येशूले ठूला-ठूला भीड़का मानिसहरूलाई निको पार्नुभयो (मत्ती १५ : २९-३१)

मर्कूस ७ : ३१ पदबाट हामीले के देख्छौं भने, प्रभु येशूले टायर छोड़ेर उत्तर दिशामा सिडोनतिर यात्रा गर्नुभयो, त्यसपछि पूर्वतिर लागेर उहाँ यर्दन-

पारि पुग्नुभयो, अनि त्यसपछि उहाँ डेकापोलिसका इलाकाहरूबाट भएर दक्षिण जानुभयो। त्यहाँ गालीलको समुद्रको छेउमा उहाँले लङ्गड़ा, अन्धा, लाटा, कूँजा र अरू धेरैलाई निको पार्नुभयो। भीड़ैभीड़का मानिसहरू छक्कै परे, र तिनीहरूले इस्राएलका परमेश्वरको महिमा गरे। यस इलाकामा अन्यजातिका मानिसहरू बस्थे भन्ने अनुमान् गर्न ठोस कारण छ। यसो हो भने त्यहाँका अन्य जातिका मानिसहरूले प्रभु येशू र उहाँका चेलाहरूलाई इस्राएली सम्झन्थे, र इस्राएलका परमेश्वरले तिनीहरूको बीचमा काम गर्दै हुनुहुन्थ्यो भनेर सठीक अड्कल काटे।

ज) प्रभु येशूले चार हजारलाई खुवाउनुभयो

(मत्ती १५ः३२-३९)

मत्ती १५ः३२ः मत्तीको पुस्तक होशियारसाथ नपढ्ने वा यसमा लेखिएको कुरामा दोष पाउन खोज्नेमध्ये कतिले यो घटना र पाँच हजारलाई खुवाइएको घटना एउटै हो भन्छन्। तिनीहरूले पवित्र बाइबलमा कुरा दोहोरिएको, कुरा नमिलेको वा गन्ती गर्न नजानिएको झूटो दोष लगाउँछन्। तर वास्तवमा यी दुई घटनाहरू निक्कै फरक छन्। तिनमा नमिल्ने कुरै छैन, तर तिनैले एक-अर्काको पूरकको काम गर्छन्।

प्रभु येशूसँग रहेका तीन दिन भइसकेपछि भीड़का मानिसहरूको खानेकुरा खाइसकिएको थियो। उहाँले तिनीहरूलाई भोकै पठाउन चाहनुभएन; नत्र तिनीहरू बाटोमा मूर्च्छा पर्नेथियो।

मत्ती १५ः३३-३४ः भीड़का यतिका मानिसहरूलाई खुवाउनुपर्ने असम्भव काम देखेर उहाँका चेलाहरू फेरि एकपल्ट निराश भए। यस पालि उनीहरूसँग सात रोटी र अलिकति मसिना माछाहरू थिए।

मत्ती १५ः३५-३६ः पाँच हजारलाई खुवाउनुभएको बेलामा झैं उहाँले यस भीड़लाई भुइँमा बस्न लाउनुभयो, ती सात रोटी र ती माछाहरू लिएर धन्यवाद चढ़ाउनुभयो, रोटीहरू भाँच्नुभयो र उहाँका चेलाहरूलाई ती भीड़को बीचमा बाँड़िदिन भनेर दिनुभयो। प्रभुले चेलाहरू आफैले गर्न सक्ने काम गरून् भनेर उनीहरूमाथि आशा राख्नुहुन्छ। त्यसपछि उनीहरूले गर्न नसक्ने काम गर्नलाई उहाँ अघि सार्नुहुनेछ।

मत्ती १५:३७-३९: सबै मानिसहरूले खाए, र अघाए; अनि उनीहरूले सात ठूला-ठूला डालाभरि उब्रेका टुक्राहरू उठाए। खाएर तृप्त भएका मानिसहरूको सङ्ख्या यस प्रकारको छः स्त्रीहरू र केटाकेटीहरूलाई छोड़ेर पुरुषहरूको चार हजार।

मत्ती १६:८-१२ पदमा हामीले प्रभु येशूद्वारा अचम्म प्रकारले मानिसहरू खुवाइएका यी दुई घटनाको विषयमा तिनमा भिन्न-भिन्नै गन्ती कति महत्त्वपूर्ण रहेछ, सो देख्नेछौं। पवित्र बाइबलको जति वृतान्तहरू छन्, तिनमा समावेश गरिएका ससाना टीकाहरू/विस्तृत वर्णनहरू पनि अर्थले पूर्ण हुन्छन्।

भीड़लाई बिदा गरिसक्नुभएपछि प्रभु येशू डुङ्गामा चढ्नुभयो, र मग्दलामा आउनुभयो। मग्दला भन्ने ठाउँ गालीलको समुद्रको पश्चिमपट्टिको किनारामा अवस्थित छ।

झ) फरिसी र सदुकीहरूको खमीर (मत्ती १६:१-१२)

मत्ती १६:१: फरिसीहरू र सदुकीहरू यहूदी धर्मको सम्बन्धमा परम्परागत विरोधी-प्रतिरोधी पक्ष बसेका थिए। तिनीहरूका सिद्धान्तहरू/मत मिलेनन्, तर एक छेउदेखि अर्को छेउ जति टाढ़ा छ, त्यत्ति नै फरक थिए। तर आपसी विरोध गर्ने बानीलाई छोड़ेर प्रभु येशूलाई पासोमा पार्ने/फसाउने कुरा आफ्नो लक्ष्य तुल्याई तिनीहरू एक भए, र एक-अर्कालाई साथ दिए। उहाँलाई परीक्षा गर्दै तिनीहरूले उहाँसित स्वर्गबाटको एउटा चिन्ह मागे। तिनीहरूले उहाँलाई फसाएर हो कि फकाएर हो, तिनीहरूसित मिल्ने मध्यमार्गमा ल्याउने चेष्टा गरे। हुन सक्छ, स्वर्गबाटको एउटा चिन्ह मागेर तिनीहरूले उहाँका अघिल्ला अचम्मका कामहरू स्वर्गबाटका नभएको अर्थ लाइदिन खोजेका थिए? अथवा तिनीहरूले आकाशमा एउटा अलौकिक चिन्ह देख्न चाहेका थिए? यहाँसम्म प्रभु येशूले गर्नुभएका जम्मै अचम्मका कामहरू पृथ्वीमाथि देखाइएका थिए, तब के, के उहाँले खगोलमा पनि आश्चर्य कर्महरू देखाउन सक्नुहुनेथियो?

मत्ती १६:२-३: जवाफ दिएर उहाँले तिनीहरूबाट आकाशको कुरा लिएर चलाउनुभयो। किनकि साँझमा जब तिनीहरूले रातो आकाश देखे,

तब तिनीहरूले भोलि सफा मौसम हुने रहेछ भनी भने। तर बिहान आकाश रातो र धुम्म परेको देखेर तिनीहरूले आज आँधि चल्ने रहेछ भनी जाने।[स] तिनीहरू आकाशको रूपरङबाट मौसम खुट्ट्याउनुमा निपुण थिए, तर तिनीहरूले समयहरूका चिन्हहरूचाहिँ खुट्ट्याउन सकेनन्।

समयका चिन्हहरू के-के थिए त? पहिलो चिन्हः बप्तिस्मा दिने यूहन्ना ती भविष्यवक्ता, जसले मसीहको आगमन हुँदैछ भन्ने घोषणा गरेका थिए। दोस्रो चिन्हः पहिले कहिल्यै कुनै मानिसले नगरेका, तर हालैमा तिनीहरूको बीचमा देखाइएका र भइरहेका प्रभुका अचम्मका कामहरूले मसीहको विषयमा अगमवाणी गर्दैथिए। समयहरूको तेस्रो चिन्हः यहूदीहरूले मसीह राजालाई खुल्लमखुल्ला तिरस्कार गरे; यसैले अब अन्यजातिहरूकहाँ सुसमाचारको प्रचारप्रसार गर्ने धावा अघि बढ्नेछ। यी सबै कुराहरूमा भविष्यवाणीहरू पूरा भए। यी अकाट्य प्रमाणहरू हुँदा-हुँदै तिनीहरूमा न भइरहेको इतिहास पढ्ने क्षमता, न हालैमा आफ्नै आँखाकै सामु भविष्यवाणी पूरा भएको कुरा जान्ने बोध थियो।

मत्ती १६:४: येशू प्रभुमा मसीह राजा स्वयम् तिनीहरूको माझमा उपस्थित हुनुहुँदा तिनीहरूले कसरी एउटा चिन्ह मागे? यसरी ती फरिसी र सदुकीहरूले आफू आत्मिक हिसाबले एउटा दुष्ट, व्यभिचारी पुस्ताका मानिसहरू हुन् भन्ने प्रमाण दिए। भविष्यवक्ता योनाको चिन्हबाहेक तिनीहरूलाई अरू कुनै चिन्ह दिइनेछैन। हामीले मत्ती १२:३९ पदको टिप्पणीमा भनिसक्यौंः यो चिन्ह तेस्रो दिन मरेकाहरूबाट बौरिनुहुने प्रभुको पुनरुत्थानमा पूरा हुनेछ। एउटा दुष्ट, व्यभिचारी पुस्ताले आफ्ना मसीह राजालाई क्रूसमा झुन्ड्याएर मार्नेछ, तर परमेश्वरले उहाँलाई मरेकाहरूबाट बौराउनुहुनेछ। यो तिनीहरू सबैका निम्ति ठहराइएको दण्डको चिन्ह हुनेथियो, जसले आफ्ना सर्वअधिकारी शासकको सामु आफ्ना घुँड़ा टेक्न इन्कार गर्छन्।

'तिनीहरूलाई छोड़ेर उहाँ हिँड्नुभयो' भन्ने अशुभ वाक्यमा यो अनुच्छेद सिद्धिएको छ। यी शब्दहरूको आत्मिक तात्पर्य के हो, सो सबैले छरलङ्गै बुझिहाल्छन्।

मत्ती १६:५-६: उहाँका चेलाहरू समुद्रको पारिपट्टि आइपुगे र प्रभुसँग सम्मेल भए; उनीहरूले रोटी ल्याउन बिर्सेका रहेछन्। यसैले जब प्रभुले **'सचेत रहो, फरिसी र सदुकीहरूको खमीरदेखि होशियार बस'** भन्ने चेताउनी लिएर उनीहरूलाई स्वागत गर्नुभयो, तब उनीहरूले यसको बारेमा के सोचे ? 'अहो, हामी रोटी पाउन यी यहूदी नेताहरूकहाँ जानुहुँदैन रहेछ।' खानेकुरा कहाँबाट पाऔं भन्ने फिक्री अघिबाटै उनीहरूको मनमा उठिसकेको थियो; यसैले जुन शब्दहरूभित्र प्रभुले उनीहरूका निम्ति एउटा आत्मिक शिक्षा हाल्नुभएको थियो, ती शब्दहरूको खास उद्देश्य नबुझेर उनीहरूले तिनमा अक्षरशः अर्थ लगाए, र तिनलाई सांसारिक दृष्टिकोणले बुझे।

मत्ती १६:७-१०: उहाँका चेलाहरूले कसरी खानेकुराका निम्ति फिक्रीचिन्ता गर्न सके, जब एक पल्ट पाँच हजार मानिसहरूलाई र अर्को पल्ट चार हजार मानिसहरूलाई रोटी खुवाउनुहुने उनीहरूका स्वामी उनीहरूको साथमा हुनुहुन्थ्यो ? यसैले उहाँले यी बितेका घटनाहरूको सम्झना गराएर उनीहरूसँग यसमा मुख्य कुरा दोहोऱ्याउनुभयो। परमेश्वरले कुन प्रकारले हिसाब लगाउनुहुन्छ, र उहाँसँगको स्रोत कति ठूलो छ, सो कुरा सिकाउने पाठ यी पदहरूमा छ; किनकि आफ्नो काम पूरा गर्नलाई प्रभु येशूसँग स्रोत सानो थियो, त्यो थोरै लिएर उहाँले काममा लगाउनुभयो र धेरै, अँ, अति धेरै मानिसहरूलाई खुवाउनुभयो र बढ़ी, अँ, झन् बढ़ी रोटीका टुक्राटुक्रीहरू उब्रेका थिए। लौ, हामी यो कुरा हिसाब गरौं: जब उहाँसँग पाँच रोटी र दुई माछा थिए, तब उहाँले पाँच हजारभन्दा बढ़ी मानिसहरूलाई खुवाउनुभयो र बाह्र डालाभरि रोटीका टुक्राटुक्रीहरू उब्रेका थिए। अनि जब उहाँसँग बढ़ी खानेकुरा थियो, अर्थात् सात रोटी र मसिना माछाहरू, तब उहाँले अघिभन्दा कम्ती मानिसहरूलाई अर्थात् लगभग चार हजार मानिसहरूलाई खुवाउनुभयो, अनि केवल सात डालाभरि रोटीका टुक्राहरू उब्रेका थिए। यसर्थ हामीसँग स्रोत सानो किन नहोस्, हामी यो सब प्रभुको हातमा सुम्पिदियौं भने उहाँले त्यसको सङ्ख्या यतिसम्म बढ़ाउनुहुन्छ, कि थोरै कुराबाट धेरै काम सम्भव हुन्छ। उहाँले गुणा गर्नुहुँदा जति सानो सङ्ख्याबाट गुन्ने काम शुरु हुन्छ, त्यत्ति नै ज्यादा योगफल निस्किँदो रहेछ।

यसैले यो भनाइ साँचो होः 'थोरै कुरा धेरै कुरा हुन जान्छ, जब यो परमेश्वरको हातमा छ।'

मत्ती १४:२० र १६:१० पदमा पाँच हजार मानिसहरूलाई खुवाउनुभएपछि टुक्राहरू उठाइएका डालाहरूका निम्ति प्रयोग गरिएको शब्द, अनि चार हजार मानिसहरूलाई खुवाउनुभएको यस बयानमा रोटीका टुक्रा हालिएका डालाहरूको शब्द मूल-भाषामा भिन्नै छन्।[ह] अनुमान गरिन्छ, कि पाँच हजार मानिसहरूलाई खुवाउँदा जुन डालाहरू प्रयोगमा आए, ती बाह्र डाला यहाँ चार हजार मानिसहरूलाई खुवाउँदा प्रयोग गरिएका सात डालाभन्दा साना थिए। यसो भए पनि सिक्नुपर्ने पाठ एउटै होः जब हाम्रो सम्बन्ध उहाँसित सठीक/जोड़िएको हुन्छ, जसका शक्ति र स्रोत असीमित हुन्छन्, तब भोक लाग्दा र खाँचो पर्दा हामी किन फिक्री गरिरहने ?

मत्ती १६:११-१२: 'फरिसी र सदुकीहरूको खमीरदेखि होशियार बस' भन्ने आदेश दिनुहुँदा प्रभु येशूले रोटीको, अर्थात् खानेकुराको विषयमा बोल्नुभएन, तर फरिसी र सदुकीहरूको दुष्ट शिक्षा र तिनीहरूको खराब व्यवहार सङ्केत गर्नुभएको हो। लूका १२:१ पदमा फरिसीहरूको खमीर कपट हो भनेर सफासँग बताइएको छ। ससाना कुराहरूमा पनि परमेश्वरको वचन यता-उता नगरीकन पालन गर्ने दाबी तिनीहरूसँग ता थियो, तर तिनीहरूको आज्ञापालनचाहिँ देखावटी र बाहिरी आज्ञाकारिता मात्र हुन्थ्यो। भित्रपट्टिचाहिँ तिनीहरू दुष्ट र भ्रष्ट थिए।

सदुकीहरूको खमीरचाहिँ बुद्धिवाद थियो। तिनीहरू मानिसको ज्ञान-बुद्धि एकमात्र स्रोत मान्ने आफ्नो युगका स्वतन्त्र विचारकहरू थिए, जसरी आजका लिबरल्स्हरू पनि त्यस्तै छन्। तिनीहरूको सिद्धान्त शङ्काहरू र खण्डनहरूमाथि बसालिएको थियो। तिनीहरूले स्वर्गदूतहरू, दुष्ट आत्माहरू, शरीरको बौरिउठाइ, मानिसको आत्माको अमरता र पापको ज्यालारूपी अनन्त नरकको दण्डमा विश्वास गर्दैनथे। तिनीहरूको खमीर हर कुरामा शङ्का-उपशङ्का गर्ने सन्देहवाद थियो। यो खमीर रहन दियौं भने त्यो चारैतिर फैलिएर जानेछ र त्यसले सबै थोक खमीरे तुल्याइदिन्छ, जसरी खमीरले पीठोको जम्मै ढिकोलाई खमीरे तुल्याउँछ।

१०) मत्ती १६:१३ - १७:२७: मसीहले आफ्ना चेलाहरूलाई तयार पार्दै हुनुहुन्छ

क) येशू 'ख्रीष्ट' हुनुहुन्छ भन्ने पत्रुसको महान् अङ्गिकार (मत्ती १६:१३-२०)

मत्ती १६:१३-१४: सिजरिया फिलिप्पी भन्ने शहरचाहिँ गालीलको समुद्रदेखि लगभग पच्चीस माइल उत्तरपट्टि र यर्दनदेखि प्रायः पाँच माइल पूर्वमा अवस्थित थियो। प्रभु येशू आसपासका गाउँहरू/बस्तीहरूहँदो जानुभयो (मर्कूस ८:२७)। त्यस बेला एउटा घटना घटियो, जसलाई सामान्य रूपले प्रभुको सिकाउने सेवकाइको चरमसीमा हो भनी मानिन्छ। यस समयसम्म उहाँ आफ्ना चेलाहरूलाई आफ्नो साँचो परिचयको बोध दिँदै आउनुभएको हो। यस काममा सफल हुनुभएको प्रभु फनक्क फर्कनुभयो र क्रूसलाई आफ्नो लक्ष्य बनाई त्यत्तैतिर आफ्नो अनुहार लगाउनुहुन्छ।

उहाँले कुरा शुरु गर्नुभयो, र आफ्ना चेलाहरूलाई आफ्नो विषयमा यसो भन्दै सोध्नुभयोः **'मानिसहरू के भन्छन् – म, मानिसको पुत्र को हुँ?'** तब उहाँले त्यस प्रश्नको जवाफ एउटा उत्तर-मालाको रूपमा पाउनुभयो, जस्तैः बप्तिस्मा दिने यूहन्ना, एलिया, यर्मिया वा अरू कुनै भविष्यवक्ता। जनताका मानिसहरूका निम्ति उहाँ धेरैजनामध्ये एक हुनुहुन्थ्यो। तिनीहरूको दृष्टिमा उहाँ उत्तम हुनुहुन्थ्यो, तर सर्वोत्तम हुनुहुन्नथ्यो; उहाँ महान् हुनुहुन्थ्यो, तर सर्वोच्च हुनुहुन्नथ्यो; उहाँ कुनै एक भविष्यवक्ता हुनुहुन्थ्यो, तर ती एकमात्र भविष्यवक्ता हुनुहुन्नथ्यो। यस प्रकारको विचारधाराणा ग्रहणयोग्य हुँदैन। प्रभु येशूलाई फिका प्रशंसा दिएर यस्ताहरूले उहाँको अपमान पो गर्दछन्; किनकि उहाँ अरू कुनै मानिसजस्तो मात्र हुनुहुन्थ्यो भने उहाँ एक ठगाहा हुनुपर्छ, किनभने उहाँले परमेश्वर पितासित बराबर हुँ भनी भन्नुहुन्थ्यो।

मत्ती १६:१५-१६: त्यसपछि उहाँले आफ्ना चेलाहरूलाई सोध्नुभयोः **'अनि तिमीहरूचाहिँ नि के भन्छौ?'** यस प्रश्नले शिमोन पत्रुसबाट अचम्मको उत्तर, यस ऐतिहासिक अङ्गिकार निकाल्योः **'तपाईं जीवित**

परमेश्वरका पुत्र ख्रीष्ट हुनुहुन्छ।' अर्को शब्दमा भनौं भने, उहाँ इस्राएलका मसीह राजा हुनुहुन्थ्यो, उहाँ परमेश्वरका एकमात्र पुत्र हुनुहुन्थ्यो।

मत्ती १६:१७-१८: तब हाम्रा प्रभुले **'धन्य हौ !'** भनेर योनाका छोरा शिमोनलाई आशिषको वचन दिनुभयो। प्रभु येशूको सम्बन्धमा माछा मार्ने पत्रुसको यो अङ्गिकार उनले आफ्नो समझ वा बुद्धि लगाएको फल थिएन, तर परमेश्वर पिताले त्यो कुरा उनलाई अलौकिक प्रकारले प्रकट गर्नुभयो। तर येशू प्रभुले पनि पत्रुसलाई भन्नुपर्ने महत्त्वपूर्ण कुरा थियो, यसैले उहाँले कुरा थप्रेर भन्नुभयोः **'अनि म पनि तिमीलाई भन्दछुः तिमी पत्रुस हौ, र यस चट्टानमाथि म आफ्नो मण्डली निर्माण गर्नेछु, अनि नरकका ढोकाहरू यसमाथि विजयी हुनेछैनन्।'** हामी सबैलाई थाहा होला; सुसमाचारको पुस्तकको यस पदको सम्बन्धमा अरू सबै पदहरूको बारेमा भन्दा अति नै बढ़ी वादविवाद चल्दैछ। किनकि यहाँबाट यो प्रश्न उठ्छः 'त्यो चट्टान को हो त ?' अथवा 'त्यस चट्टानले कुन कुरालाई सङ्केत गरेको हो ?' यहाँ, यस पदमा पत्रुस र चट्टानका निम्ति उस्तै-उस्तै ग्रीक शब्दहरू चलाइएका छन्; यसबाट समस्या उठेको छ। तर भिन्नता शब्दको अर्थबाट आउँछ। प्रथम, 'पट्रोस्' भन्ने शब्दको अर्थ ठूलो ढुङ्गा, वा पत्थर हो। दोस्रो, 'पेट्रा' भन्ने शब्दको अर्थ चट्टान वा पहरा हो। प्रभु येशूले वास्तवमा के भन्नुभयो त ? उहाँका शब्दको अर्थ यही होः 'तिमी एउटा ढुङ्गा हौ, अनि यस चट्टानमाथि म आफ्नो मण्डली निर्माण गर्नेछु।' यसर्थ प्रभुले आफ्नो मण्डली एउटा ढुङ्गामाथि होइन, तर एउटा चट्टानमाथि निर्माण गर्नुहुँदो रहेछ।

पत्रुसचाहिँ त्यो चट्टान होइन; तब त्यो चट्टान के हो त ? यस खण्डभित्रको सन्दर्भमा टिक्नु हो भने यसको उत्तर सजिलो छ र छरलङ्गै देखिन्छ; यो हो तपाईं परमेश्वरका पुत्र ख्रीष्ट हुनुहुन्छ भन्ने पत्रुसको अङ्गिकार। यो हो त्यो सत्यता, जसमाथि प्रभुको मण्डली जग बसालिएको छ। एफेसी २:२० पदअनुसार मण्डली प्रभु येशूमाथि बसालिएको छ; उहाँ त्यस जगको कुनेढुङ्गा हुनुहुन्छ। जब प्रेरित पावलले 'प्रेरितहरू र भविष्यवक्ताहरूको जगमाथि बसालिएको' भनेका छन्, तब उनले प्रेरितहरूचाहिँ त्यो जग हुन् भनेका छैनन्, तर प्रभु येशू ख्रीष्टको सम्बन्धमा

उनीहरूले बसालेको उनीहरूको शिक्षाचाहिँ त्यो जग हो भनी भनेका छन् । १ कोरिन्थी १०:४ पदमा पनि ख्रीष्ट त्यो चट्टान हुनुभएको कुरा गरिएको छ । यस सम्बन्धमा श्री मोर्गन्‌ले दिएको टिप्पणीले सहायता गर्छः

'याद गर्नुहोस्, यहाँ प्रभु येशूले यहूदी मानिसहरूसित कुरा गर्नुभएको हो । हिब्रू शास्त्रहरू अर्थात् पुरानो नियमभरि चट्टानको शब्द कसरी प्रयोग गरिएको छ, सो नियालेर हेर्‍यौं भने हामी के थाहा पाउँछौं भने, यो चट्टान भन्ने शब्द कदापि मानिसलाई होइन, तर केवल परमेश्वरलाई सङ्केत गरीकन प्रयोग गरिएको हो । यसरी नै सिजरिया फिलिप्पीमा पनि यस्तै छ । प्रभुको मण्डली पत्रुसमाथि निर्माण हुने नै होइन । प्रभु येशूले शब्दहरूको सङ्केत-अर्थसँग खेल खेल्नुभएन । तर उहाँले हिब्रूहरूको पुरानो चित्रणको रूपमा चट्टानको अर्थ सधैं परमेश्वर हुनुहुन्छ भन्ने अर्थमै प्रयोग गरेर भन्नुभयोः 'जीवित परमेश्वरका पुत्र ख्रीष्टमाथि, अँ, परमेश्वर स्वयम्‌माथि म आफ्नो मण्डली निर्माण गर्नेछु ।'[श]

प्रेरित पत्रुसले आफ्नो विषयमा कुरा गर्दा कहिल्यै 'मण्डलीको जग म नै हुँ' भनेर भनेनन् । उनले दुई पल्ट प्रभु येशूलाई एउटा ढुङ्गा वा पत्थरसित तुलना गरे (प्रेरित ४:११-१२ र १ पत्रुस २:४-८); अनि त्यत्तिखेर त्यसको मतलब अर्को थियोः ती ठाउँमा प्रभु येशूचाहिँ जग होइन, तर मुख्य कुनेढुङ्गा हुनुहुन्छ ।

' ... **म आफ्नो मण्डली निर्माण गर्नेछु'** भनेर प्रथम चोटि पवित्र बाइबलमा मण्डलीको कुरा गरिएको हो । प्रभुको मण्डली पुरानो नियमको समयमा थिएन । जति बेला प्रभु येशूले यी शब्दहरू बोल्नुभयो, त्यत्ति बेला मण्डली बनिएको थिएन, मण्डली अझ भविष्यमा निर्माण गरिने कुरा थियो । मण्डली पेन्टेकोष्टको दिनमा स्थापित भएको हो; ख्रीष्टका सबै सच्चा विश्वासीहरू यस मण्डलीभित्र समावेश भएका हुन्छन्, चाहे उनीहरू यहूदी हुन्, चाहे अन्यजातिका मानिसहरू हुन् । मण्डली भनेको छुट्टै एउटा संघ/समाज हो, जसलाई ख्रीष्टको देह र ख्रीष्टको दुलहीको नामले चिनिन्छ; यसको बोलावट, र यसको लक्ष्य अद्वितीय छ ।

मत्तीले लेखेको सुसमाचारको पुस्तकमा प्रभुको मण्डलीको परिचय पाउने आशा कम थियो, किनकि यस पुस्तकमा इस्राएल र परमेश्वरको राज्य

मुख्य विषयवस्तुहरू हुन्। तर इस्राएलीहरूले प्रभु येशूलाई तिरस्कार गरे; फलस्वरूप तिनीहरूलाई त्यागिएको समयभरि नै मण्डलीको युग हुन्छ, जुन युग सबै ख्रीष्ट-विश्वासीहरूको उठाइलैजाने दिनसम्म चलिरहनेछ। त्यसपछि परमेश्वर इस्राएलीहरूकहाँ फर्कनुहुनेछ र तिनीहरूसँग फेरि जातिको हिसाबले व्यवहार गर्नुहुनेछ। यसैकारण यहाँ मण्डलीको परिचय दिनु एकदम सुहाउँछ; किनभने परमेश्वरको समय-तालिकामा इस्राएलीहरूले प्रभुलाई तिरस्कार गरेपछि अर्को कदम चल्नु थियो, मण्डलीको योजना शुरु गर्नु थियो।

'नरकका ढोकाहरू यसमाथि विजयी हुनेछैनन्' भन्ने वाक्य हामीले दुई प्रकारले बुझ्न सक्छौं। एक, नरकका ढोकाहरूचाहिँ मण्डलीको विरोधमा उठेका सबै असफल आक्रमणहरूको चित्रण हुन्। मण्डली आफूमाथि चढ़ाइ गर्ने शत्रुहरूका यी सबै आक्रमणहरूको सामना गर्दै विजयी हुनेछ। दुई, मण्डली आफूले नरकका ढोकाहरूरूपी आत्मिक किल्लाहरूमाथि चढ़ाइ गरेर विजयी हुनेछ। दुईवटा अर्थमा पनि मृत्युका जम्मै शक्तिहरूले हार खानैपर्छ, जब सबै मरेका ख्रीष्ट-विश्वासीहरू बौरिउठ्नेछन् र सबै जीवित ख्रीष्ट-विश्वासीहरू आकाशमा उठाइनेछन्।

मत्ती १६:१९: 'अनि म तिमीलाई स्वर्गको राज्यका चाबीहरू दिनेछु।' प्रेरित पत्रुसले कुनचाहिँ मानिस स्वर्ग जान्छ र को जाँदैन, यसको अधिकार पाएको होइन; यस वाक्यको अर्थ यो होइन। तर यहाँ पृथ्वीमा भएको स्वर्गको राज्यको कुरा गरिएको छ। यस राज्यको क्षेत्रफलभित्र सबै इसाईहरू समावेश गरिएका छन्, जतिले 'मेरो सम्बन्ध मसीह राजासँग छ' भनी भन्छन्। 'चाबीहरू' भन्नाले प्रवेश र प्रवेश दिने अधिकार बुझिन्छ। चेला बनाओ, बप्तिस्मा देओ र सिकाइदेओ भनेर महान् आज्ञा नामक खण्डमा (मत्ती २८:१९) ती चाबीहरू हुन्, जसद्वारा मानिसहरू प्रभुलाई स्वीकार गर्नेहरूको क्षेत्रभित्र प्रवेश गर्न पाउँछन्। (बप्तिस्माचाहिँ मुक्ति पाउनलाई चाहिँदैन; तर यो विश्वासको शुरुको विधि हो, जसद्वारा मानिसहरूले मसीह राजासँग तिनीहरूको व्यक्तिगत सम्बन्ध छ भन्ने गवाही खुल्लमखुल्ला दिन्छन्।) पेन्टेकोष्टको दिनमा प्रेरित पत्रुसले यी चाबीहरू प्रथम चोटि

प्रयोग गरे। यी चाबीहरू उनलाई मात्र दिइएका थिएनन्, तर पत्रुस यहाँ सबै चेलाहरूको प्रतिनिधि मात्र गर्छन्, र यस नाताले चाबीहरू उनलाई दिइएका छन्। (मत्ती १८:१८ पदमा पनि हेर्नुहोला, जहाँ निम्न प्रतिज्ञा सबै चेलाहरूले पाएका छन्)।

'पृथ्वीमा तिमीले जे बाँधौला, त्यो स्वर्गमा बाँधिनेछ, अनि पृथ्वीमा तिमीले जे फुकाऔला, त्यो स्वर्गमा फुकाइनेछ।' यो खण्ड र यससँग मिल्न खोजेको यूहन्ना २०:२३ पद लिएर मानिसहरूले कहिलेकहीं के सिकाउन चाहन्छन् भने, प्रेरित पत्रुस र उनको पछि उनको स्थान ओगट्ने उत्तराधिकारीहरूले पापहरूको क्षमा दिने अधिकार पाए। तर यो हुनै सक्दैन; किनकि हामी जान्दछौंः परमेश्वर मात्र पापहरूको क्षमा दिन सक्नुहुन्छ।

तब हामी माथि उल्लेख गरिएका शब्दको अर्थ कसरी बुझ्नुपर्छ र? यसमा दुई तरिका छन्; एक ता, प्रभुका प्रेरितहरूसँग बाँध्ने र फुकाउने जुन अधिकार थियो, त्योचाहिँ अचेल हामीसँग छैन। उदाहरणको निम्ति, प्रेरित पत्रुसले हनानिया र सफीरामाथि तिनीहरूको पाप बाँधे, र फलस्वरूप तिनीहरू तुरुन्तै यसको दण्ड पाएर मरे (प्रेरित ५:१-१०)। दोस्रो उदाहरण हेरौंः कोरिन्थमा मण्डलीको अनुशासनमा परेको एउटा विश्वासी भाइ थियो, जसले आफ्नो पापको विषयमा पश्चात्ताप गऱ्यो, फलस्वरूप प्रेरित पावलले उसलाई उसले यस पापको फल भोग्नुनपरोस् भन्ने हेतुले फुकाले (२ कोरिन्थी २:१०)।

बुझ्ने दोस्रो तरिकाः जुन कुराहरू प्रभुका प्रेरितहरूले पृथ्वीमा बाँध्थे र फुकाल्थे, ती कुराहरू अघिबाटै स्वर्गमा बाँधिसकेका र फुकालिसकेका थिए। यसैले श्री राइरीले भन्छन्ः 'स्वर्गका परमश्वरबाट बाँध्ने र फुकाउने सबै काम शुरु हुन्छन्; प्रभुका प्रेरितहरूले यसो गर्दैनन्; उनीहरूले 'बाँधियो है, फुकाइयो है' भनेर यसको घोषणा मात्र गर्छन्।'[३]

यस पदका शब्दहरूको अर्थ अचेल एक किसिमले मात्र साँचो र सत्य हुन सकिन्छः घोषणात्मक रीति/हिसाबले। जब एउटा पापी मानिसले साँचो गरी आफ्ना सबै पापहरूको बारेमा कायल हुँदै पश्चात्ताप गर्छ, र प्रभु येशूलाई आफ्नो व्यक्तिगत प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गर्छ, तब एउटा विश्वासी

भाइ-बहिनीले 'प्रभु येशूले तपाईंका पापहरू क्षमा गर्नुभयो' भनेर यसको घोषणा गर्न सक्छ। अनि जब एउटा पापी मानिसले मुक्तिदाता प्रभुलाई अविश्वास गरेर तिरस्कार गर्छ, तब त्यसलाई सुसमाचार सुनाउने व्यक्तिले त्यसलाई भन्न सक्छः 'तपाईंका पापहरू तपाईंलाई क्षमा भएनन्।' श्री विलियम केल्लीले यसो लेख्छन्ः 'जहाँ पनि प्रभुको मण्डलीले साँचो गरी प्रभुको नाममा काम गर्छ र उहाँको इच्छा पालन गर्छ, त्यहाँ परमेश्वरले तिनीहरूका कामहरूमा आफ्नो छाप लगाउनुहुनेछ।'

मत्ती १६:२०ः फेरि पनि प्रभु येशूले आफ्ना चेलाहरूलाई उहाँ/आफै मसीह हुनुहुन्छ भनेर कसैलाई नभन्नू भन्ने आज्ञा दिनुभएको हामी पढ्छौं। उहाँप्रति इस्राएली जातिले अविश्वास गरेको कारणले यस प्रकारको खुला प्रकटीकरणबाट केही राम्रो नतिजा आउनेथिएन नै। होइन, उहाँलाई राजा तुल्याउन चाहने मानिसहरूको क्रान्तिपूर्ण आन्दोलनबाट पाइने नतिजा केवल हानि हुन सकिन्थ्यो। यस्तो प्रतिकूल समयमा गरिने युक्ति रोमीहरूले अवश्य क्रूरतासाथ चकनाचूर पार्नेथिए।

श्री स्टूवर्टले यस खण्डलाई प्रभु येशूको सेवकाइको नयाँ मोड़ भन्ने नाम दिएर यसो भन्छन्ः

'सिजरिया फिलिप्पीको दिन स्मरणीय छ; किनभने यो दिन सुसमाचारका पुस्तिकाहरूमा एकतर्फ बग्ने पानीको प्रवाहरूपी वर्णन रोकिराखेको र अब उसो अर्को दिशामा बग्न थालेको दिन ठहरियो। प्रभुको सेवकाइको शुरुका दिनहरूमा प्रायः मानिसहरूको बीचमा देखिने, उहाँलाई सिंहासनमाथि पुऱ्याउन खोज्ने ज्वाररूपी उहाँको लोकप्रियता अब पछाड़ि छोड़ेर गयो; अहिले भाटाको तरङ्गले उहाँलाई क्रूसतिर लाँदैछ। यस सिजरिया फिलिप्पी भन्ने ठाउँमा प्रभु येशू एउटा भिवाजन ल्याउने रेखामाथि, एउटा यस्तो पहाड़को शिखरमाथि खड़ा हुनुभएझैं उभिनुभयो, जहाँबाट पछाड़ि हेरेर उहाँले यात्रा गर्दा-गर्दै आउनुभएको पूरा बाटो देख्न सक्नुभयो, र अगाड़िपट्टि अन्धकारले उहाँ हिँड्नुपर्ने त्यो अशुभ बाटो छेकेको थियो। पछाड़ि फर्केर उहाँले बितेका दिनहरूका मङ्गलमय क्षणहरू एक नजरले हेर्नुभयो, जहाँ उहाँलाई ती न्याना क्षणहरूचाहिँ घाम अस्ताएपछि केही समयसम्म क्षितिजमा भइरहेको उज्यालोझैं लाग्दथे। त्यसपछि उहाँ फनक्क

फर्कनुभयो, र त्यही अन्धकारमय छायातर्फ अघि बढ्नुभयो; किनकि उहाँको अनुहार अब गोलगथा/कलभरीमा लगाइएको थियो ।' [ज्ञ]

ख) प्रभु येशूले आफ्ना चेलाहरूलाई उहाँको मृत्यु र बौरिउठाइका निम्ति तयार गर्दै हुनुहुन्छ (मत्ती १६ः२१-२३)

मत्ती १६ः२१ः अहिले चाहिँ प्रभुका चेलाहरूले येशू नै जीवित परमेश्वरका पुत्र ख्रीष्ट हुनुहुँदो रहेछ भन्ने कुरा महसुस गरे । अहिले उनीहरू उहाँको मृत्यु र बौरिउठाइको पहिलो स्पष्ट भविष्यवाणी सुन्न तयार भए । अब उनीहरू निश्चित थिएः प्रभुको उद्देश्य/योजना विफल हुनेछैन; उनीहरू जितको पक्षमा थिए; अनि जे आइपरे ता पनि उनीहरूको विजय निश्चित थियो । यसकारण चेलाहरूका हृदय/मन तयार पार्नलाई प्रभु येशूले उनीहरूका निम्ति जुन कुरा बिलकुलै नयाँ थियो, त्यो उनीहरूलाई भनिहाल्नुभयो । उहाँलाई यरूशलेम जानु थियो; यहूदी धर्मगुरुहरूबाट उहाँले अनेकौं दुःख भोग्नुपर्नेथियो; उहाँ मारिनुपर्नेथियो र उहाँलाई तेस्रो दिन बौरिउठ्नु आवश्यक थियो । यी खबरहरू जुनै पनि आन्दोलनलाई शेष पार्ने प्रहारहरू गनिनुपर्छ – 'उहाँलाई तेस्रो दिन बौरिउठ्नु आवश्यक छ' भन्ने अन्तिमचाहिँ छोड़ेर सब नै । तर यस अन्तिम कुरामा छ विशेषता/भेद !

मत्ती १६ः२२ः 'मेरा स्वामी यस्तो दुर्व्यवहार कसरी सहनुहुन्छ होला' भन्ने विचारले पत्रुसलाई राँकिन तुल्यायो । अनि प्रभुको बाटो छेक्न खोज्दै उहाँलाई एकातिर लगेर उनले यसमा आफ्नो विरोध जनाएर उहाँलाई भनेः **'यस्तो नहोस्, प्रभु ! तपाईंमाथि यो कुरा कुनै रीतिले परिआउनेछैन !'**

मत्ती १६ः२३ः यस कुराले प्रभु येशूको हप्की निम्त्यायो; किनभने उहाँ पापीहरूका निम्ति मर्न भनी यस संसारमा आउनुभयो । जुन व्यक्तिले वा जुन थोकले उहाँलाई यस उद्देश्य पूरा गर्नदेखि रोक्न खोज्यो, त्योचाहिँ परमेश्वरको इच्छा-विरोध गर्ने बाधा/अवरोध ठहरियो । यसैले उहाँले पत्रुसलाई भन्नुभयोः **'हे शैतान, मेरो पछिल्तिर जा ! तँ मेरा लागि ठेस लाग्ने कारण होस्, किनकि तँ परमेश्वरका कुराहरूमा होइन, तर मानिसहरूका कुराहरूमा ध्यान लगाउँछस् ।'** प्रभुले पत्रुसलाई 'हे शैतान' भन्नुभयो; यसको

मतलब यो होइन, कि प्रेरित पत्रुसलाई दुष्ट आत्मा लागेको थियो, वा उनी शैतानको नियन्त्रण/वशमा थिए। होइन, तर पत्रुसले गरेको यो काम र उनका शब्दहरू शैतानको शैली/ढाँचाका थिए।

ग) प्रभु येशूले आफ्ना चेलाहरूलाई साँचो चेलापनाका निम्ति तयार गर्दै हुनुहुन्छ (मत्ती १६:२४-२८)

मत्ती १६:२४: अब प्रभु येशूले उहाँका चेला हुन खोज्नेहरूका निम्ति उहाँले कुन-कुन सर्त राख्नुभएको छ, सो कुरा स्पष्ट पार्नुभयोः आफैलाई इन्कार गर्नु, आफ्नो क्रूस उठाउनु र प्रभुको पछि लाग्नु। आफूलाई इन्कार गर्नु र आत्मत्याग एउटा कुरा होइन। किनभने आफूलाई इन्कार गर्दाखेरि म आफैलाई प्रभुको अधीनतामा सम्पूर्ण रूपले सुम्पन्छु, यहाँसम्म कि 'म' र 'मेरो' भन्ने ठावै रहँदैन। आफ्नो क्रूस उठाउनु भनेको प्रभु येशूको खातिर निन्दा, अपमान र दुःखकष्टहरू सहनु, अँ, परिआएको खण्डमा शहीद बनिनु पनि हो। पापका सबै अभिलाषाहरूप्रति, आफ्नो स्वार्थ पूरा गर्ने सबै इच्छाहरूप्रति र संसार र त्यसका सबै मागहरूप्रति म मरें भन्ने मतलब यो पनि हो। प्रभुको पछि लाग्नु भनेको उहाँ जसरी जिउनुभयो, त्यसरी नै जिउनु हो, अर्थात् उहाँजस्तो नम्र, उहाँजस्तो गरिब, उहाँजस्तो दयालु, उहाँजस्तो प्रेमिलो, उहाँजस्तो अनुग्रह र अरू सबै सद्गुणले युक्त भएको जीवन अपनाउनु हो।

मत्ती १६:२५: प्रभुले हामीलाई उहाँको चेला हुनदेखि रोक्न सक्ने दुईवटा बाधा देख्नुभएको छ। पहिलो रोकावटचाहिँ आफूलाई बचाउन खोज्ने त्यो स्वभाविक प्रतिक्रिया हो; जब दुःखकष्ट, पीड़ा, एकलोपन वा हानिनोक्सानी आदि आउँछ, तब हामीले आफूलाई जोगाउने/आफू जोगिने प्रयास गर्छौं, र यो कुरा हाम्रा निम्ति एउटा परीक्षा बन्दछ। अनि दोस्रो रोकावटचाहिँ धनी हुने हाम्रो चाहना हो। त्यो पहिलो बाधा पार्ने कुरा लिएर प्रभु येशूले चेताउनी दिएर भन्नुभयोः जसले आफूलाई बढ़ी प्रेम गर्छ र केवल आफ्नै स्वार्थ वा मतलब हासिल गर्न खोज्छ, त्यसले

कहिल्यै परितुष्टि पाउनेछैन नै। तर जस-जसले जस्तै दाम तिर्नुपरे ता पनि साहससित आफैलाई परित्याग गरेर प्रभु येशूकहाँ समर्पण गर्छन्, तिनीहरूले आफ्नो जीवनको खास उद्देश्य अर्थात् एक अर्थपूर्ण जीवन प्राप्त गर्छन्।

मत्ती १६:२६: चेला हुनुमा दोस्रो रोकावट दिने बाधा यही होः धनी हुने चाहना; यो कुरा न्यायसँगत नभएको देखिन्छ। प्रभु येशूका शब्दको अर्थ यस प्रकारको छः मानिलिऔं, कुनै एउटा मानिसले व्यापार गर्छ र यसमा यति सफल हुन्छ, कि त्यसले सारा संसार हात पार्छ। यस मूर्ख एकचित्तको प्रयासमा लागेर त्यसको सबै समय र बलको खर्च हुन्छ, यहाँसम्म कि त्यो मानिस आफ्नो जीवनको मूल उद्देश्य र लक्ष्यकहाँ आइपुग्दैन। तब यति धन कमाएकोमा के फायदा भयो, जब त्यो मानिस मर्छ, र सबै धन छोड़ेर जानुपर्छ, र अनन्त-अनन्तसम्म रित्तै हात लिई बस्छ?

मानिसको जिन्दगी पैसा कमाउनु होइन; यसमा रुपियाँपैसा पाउनुभन्दा ठूलो कुरा छ। हाम्रो बोलावटचाहिँ हाम्रा मसीह राजाका इच्छा र कामकुराहरू पूरा गर्दै उहाँको प्रतिनिधि गर्नु हो। जसले यो उद्देश्य गुमाइपठाउँछ, त्यसले सर्वस्व गुमाएकै हुन्छ।

जुन कुराहरू प्रभु येशूले २४ पदमा भन्नुभएको थियो, यी चेला हुने सर्तहरू उनीहरूका निम्ति सबभन्दा नराम्रा थिए; अब यीभन्दा कड़ा कुनै पनि कुरा छैन। यो इसाई धर्मको गुण र विशेषता होः शुरुमै यसको सबभन्दा नमीठो कुरा गरिन्छ र जानिन्छ, त्यसपछि यसमा लुकेर राखिएका धनरूपी आशिषहरूको सीमा रहनेछैन। यसको अनुभव गर्दै जानुहोस्, उपभोग गर्दै बस्नुहोस्! तपाईंले कहिल्यै यसको जम्मै आशिष लिएर सिद्ध्याउन सक्नुहुन्न।

श्री डोनल्ड जी. बार्नहाउसले भन्छन्ः

'पवित्र शास्त्रमा मनाही गरिएका जेजति कुराहरू छन्, ती सबै पढ़ेपछि त्यहाँ अरू कुनै यस्तो आज्ञा रहेकै छैन, जो लुकेर बसेको छ, जसको जानकारी पछि मात्र पाएर हामीले अचम्म मान्नुपर्ला। होइन,

जेजति कुराहरू हामी अबदेखि उसो सिक्दै जानेछौं, र हाम्रा निम्ति नयाँ हुन्छन्, चाहे त्यो कुरा यस जीवनसित सम्बन्धित होस्, चाहे त्यो कुरा पछिको जीवनमा थाहा लागिने कुरा किन नहोस्, त्यो हाम्रो आनन्दको कारण मात्र हुनेछ।'[क]

मत्ती १६:२७: यस बेला प्रभु येशूले आफ्ना चेलाहरूलाई दुःख सहेपछि हुन आउने महिमाको विषयमा सम्झना दिलाउनुभएको छ। उहाँले उनीहरूलाई लगेर यहाँ आफ्नो दोस्रो आगमनमा पुऱ्याउनुभएको छ, जब उहाँ आफ्ना दूतहरूको साथमा आउनुहुनेछ, जब आफ्ना पिताको महिमाले सुशोभान्वित भई उहाँ यस संसारमा फेरि फर्केर आउनुहुनेछ। त्यति बेला उहाँले प्रभुका निम्ति जिउनेहरूलाई इनाम दिनुहुनेछ। सफल, सार्थक जीवनको एकमात्र उपाय यही होः त्यस महिमित दिनमा तपाईं केकस्तो हालतमा हुनुहुनेछ, सो आफूलाई कल्पना/विचार गर्नुहोस्! त्यति बेला कुन-कुन कुरा वास्तवमा महत्त्वपूर्ण ठहरिनेछन्, सो बुझिराख्नुहोस्, त्यसपछि आफ्नो पूरा शक्तिले त्यही गर्नुहोस्!

मत्ती १६:२८: अब प्रभुले छक्क पार्ने अर्को के कुरा भन्नुभएको छ भने, त्यहाँ उभिइरहेकाहरूमध्ये कतिजना छन्, जसले उहाँलाई आफ्नो राज्यमा आइरहेका नदेखुन्जेल कुनै रीतिले मृत्युको स्वाद चाख्नेछैनन्। यहाँ एउटा समस्या के देखिन्छ भने, त्यति बेला प्रभुसँग उभिएका चेलाहरू सबै मरिगए, र पनि ख्रीष्ट येशू आफ्नो शक्ति र महिमामा फर्केर आउनुभएकै छैन, र अझै आफ्नो राज्य स्थापित गर्नुभएकै छैन। यो समस्या तब समाधान हुन्छ, जब हामीले यस अध्यायलाई नाघेर जान्छौं र सत्र अध्यायका एक पददेखि आठ पदसम्म पढ्छौं। त्यहाँ हामी यस रहस्यमय कुराको स्पष्टीकरण पाउँछौं। किनकि यी पदहरूमा हामी त्यस पहाड़मा येशूको रूप परिवर्तन भएको घटनाको बयान पाउँछौं। पत्रुस, याकूब र यूहन्नाले प्रभु येशूको रूप बदलिएको देखे। प्रभु येशूलाई उहाँको राज्यको महिमामा आउँदै गर्नुभएको झलक अघिबाट देख्न पाउनु नै यी तीनजनाको ठूलो सौभाग्य थियो।

प्रभु येशूको रूप परिवर्तन भएको घटनाले उहाँको आउने राज्यको पूर्वझलक गरेको हो भन्ने कुरा विश्वास गर्न/ठान्न उचित ठहरिन्छ; किनभने प्रेरित पत्रुसले यस घटनालाई सङ्केत गर्दा ***'हाम्रा प्रभु येशू ख्रीष्टको प्रताप र आगमन'*** भनेर यसको परिभाषा गरेका छन् (२ पत्रुस १:१६)। प्रभु येशूको प्रताप र आगमन भन्नाले उहाँको दोस्रो आगमन बुझिन्छ; साथै प्रेरित यूहन्नाले पनि त्यस पहाड़माथि गरेको अनुभव यसरी बयान गरेका छन्: ***' ... हामीले उहाँको महिमा पिताका एकमात्र पुत्रको महिमाजस्तो देख्यौं'*** (यूहन्ना १:१४)। प्रभु येशूको पहिलो आगमनचाहिँ नीच थियो भने उहाँको दोस्रो आगमनचाहिँ महिमाले भरपूर हुनेछ। यसरी प्रभु येशूले १६:२८ पदमा दिनुभएको पूर्वसूचना सत्र अध्यायमा त्यस पहाड़मा पूरा भयो। प्रेरित पत्रुस, याकूब र यूहन्नाले मानिसका पुत्रलाई देखे – नासरतको दीन/तुच्छ मानिसको रूपमा होइन, तर महिमान्वित राजाको रूपमा देखे।

घ) येशूको रूप परिवर्तनले उहाँका चेलाहरूलाई महिमाका निम्ति तयार गर्दैछ (मत्ती १७:१-८)

मत्ती १७:१-२: सिसरिया फिलिप्पीमा घटना घटेको छ दिनपछिको कुरा यो होः प्रभु येशूले पत्रुस, याकूब र यूहन्नालाई लिएर गालीलमा भएको कुनै एउटा अग्लो पहाड़मा चढ्नुभयो। धेरै टिप्पणीकारहरूले यी छ दिनमा विशेष महत्त्व लगाएका पाउँछौं। उदाहरणका निम्ति, श्री गेबेलाइनले टिप्पणी गरेर भन्छन्: 'अङ्क छचाहिँ मानिसलाई सङ्केत गर्ने सङ्ख्या हो। यस सङ्ख्याले मानिसको काम गर्ने छ दिनको अर्थ दिन्छ। ती छ दिन बितेपछि अर्थात् मानिसका सबै काम पूरा भएपछि र त्यसको समय सिद्धिएपछि प्रभुको दिन आउँछ, उहाँको राज्यको आरम्भ हुनेछ।'

जब लूकाले प्रभुको रूप परिवर्तनको विषयमा लेख्दा ***'लगभग आठ दिनपछि ...'*** भनेर लेखे (लूका ९:२८), तब यो कुरा स्पष्ट छः तिनले गन्न शुरु गरेको पहिलो दिन, अन्तिम दिन, साथै बीचमा भएका

छ दिनहरू पनि गनेका थिए। अनि अङ्क आठचाहिँ पुनरुत्थानको र नयाँ शुरुआतको शङ्ख्या हो; अनि यही दृष्टिकोणले हेर्दा लूकाले परमेश्वरको राज्य एउटा नयाँ शुरुआतसित एक/समान तुल्याएकोमा सठीक/उचित काम गरे।

पत्रुस, याकूब र यूहन्नाचाहिँ यी तीन व्यक्ति थिए, जो प्रभु येशूसित नजिकै, अरू चेलाहरूको भन्दा घनिष्ठ सम्बन्धमा रहेका थिए; उनीहरूले नै प्रभु येशूको रूप परिवर्तन भएको देख्ने सुनौलो मौका पाए। त्यति बेलासम्म प्रभु येशूको महिमामा उहाँको मानव शरीररूपी घुम्टो लगाइएको थियो; तर अबचाहिँ उहाँको चेहरा सूर्यझैं चम्क्यो, अनि उहाँका वस्त्रहरू ज्योतिजस्तै तिरमिरे सेता भए। यहाँ उहाँको ईश्वरत्वको प्रकाश भएको थियो, जसरी पुरानो नियमको समयमा परमेश्वरको उपस्थितिलाई सङ्केत गर्ने महिमाको बादल अथवा त्यो 'शेकिनाह'चाहिँ भेट हुने पालमाथि रहेको थियो। प्रभु येशू फर्केर आउनुभएपछि उहाँ यस संसारमा आफ्नो राज्य स्थापित गर्नुहुँदा कस्तो हुनुहुँदो रहेछ, सो पूर्वदर्शन यस दृश्यले दिएको थियो। तब उहाँ फेरि मारिएको थुमा/भेड़ाको पाठोको रूपमा देखा पर्नुहुनेछैन, तर उहाँले यहूदा कूलका सिंहको रूप लिनुहुनेछ। त्यस बेला उहाँलाई देख्ने सबैले तुरुन्तै उहाँ ता परमेश्वरको पुत्र, राजाहरूका महाराजा र प्रभुहरूका परमप्रभु हुनुहुँदो रहेछ भनी चिन्नेछन्।

मत्ती १७:३: त्यस पहाड़मा मोशा र एलिया देखा परे; अनि उनीहरूले उहाँसित यरूशलेममा हुन लागेको उहाँको मृत्युको चर्च गर्दैथिए (लूका ९:३०-३१)। मोशा र एलियाले चाहिँ पुरानो नियमको समयका पवित्र जनहरूलाई प्रतिनिधि गरेको हुन सकिन्छ। अथवा हामी मानिलिऔंः मोशाले व्यवस्थालाई सङ्केत गर्छन्, र एलियाले चाहिँ भविष्यवक्ताहरूलाई सङ्केत गर्छन्; तब हामी यहाँ के देख्छौं भने, पुरानो नियमका दुवै खण्डहरूले ख्रीष्टका दुःखहरू र त्यसपछि हुन आउने महिमाको समयतिर औंलाएका छन्। अनि तेस्रो सम्भावित अर्थ यो हुन सक्छः मोशा, जसले मृत्युलाई चाखेर स्वर्ग गए, उनले तिनीहरू सबैलाई चित्रण गर्छन्, जो बौरेर उठ्नेछन्, र हजार वर्षको राज्यभित्र

प्रवेश गर्न पाउनेछन्। एलियाले चाहिँ मृत्युलाई देख्नुपरेन, तर उनी सीधा स्वर्गमा उठाइए। यसैले उनले तिनीहरू सबैलाई चित्रण गर्छन्, जो नमरी उठाइनेछन् र यसरी नै परमेश्वरको राज्यभित्र पस्नेछन्।

हुन सक्छ, पत्रुस, याकूब र यूहन्ना – यी तीन चेलाहरूले नयाँ नियमको समयका पवित्र जनहरूलाई प्रतिनिधि गर्छन्। उनीहरूलाई यसको अर्थमा लिन पनि सकिन्छः उनीहरूले यहूदीहरूमध्ये जो-जो विश्वासयोग्य रहनेछन्, तिनीहरूको बाँचेको भागलाई पूर्वसङ्केत गर्छन्, जो प्रभुको दोस्रो आगमन हुँदा जीवित हुनेछन्, र जसले उहाँसित उहाँको राज्यमा प्रवेश गर्नेछन्।

अनि त्यस पहाड़को फेदमा भएको भीड़लाई हामी के अर्थ लगाऔं? (मत्ती १:१४ र लूका ९:३७)। त्यस भीड़ले ती अन्य जातिका मानिसहरूलाई सङ्केत गर्छ, जो ख्रीष्टको हजार वर्षको राज्यका आशिषहरूमा सहभागी हुनेछन्।

मत्ती १७:४-५: यस घटनाले पत्रुसलाई निक्कै प्रभावित तुल्यायो। तिनमा इतिहासको वास्तविक बोध रहेछ। यस महिमित क्षणलाई पक्रेर तिनले हतार-हतार स्मारकको रूपमा तीनवटा तम्बू वा डेरा बनाउने सल्लाह दिए – एउटा येशूका निम्ति, एउटा मोशाका निम्ति र एउटा एलियाका निम्ति। हो, तिनले येशूलाई पहिलो स्थान दिए, यसमा तिनले ठीक गरे। तर तिनले उहाँलाई सर्वश्रेष्ठ नतुल्याएकोमा तिनको भूल थियो। प्रभु येशू धेरैजनामा एक हुनुहुन्न नि; उहाँलाई अरूको दाँजामा राख्न मिल्दैन; किनकि उहाँ सबका प्रभु हुनुहुन्छ। परमेश्वर पिताले उनीहरूलाई यही पाठ सिकाउन चाहनुभयो, यसैले उहाँले उनीहरूलाई एउटा चम्किलो बादलले ढाकिदिनुभयो, र भन्नुभयोः **'यिनी मेरा प्रिय पुत्र हुन्, जससँग म अत्यन्त प्रसन्न छु; यिनकै कुरा सुन!'**

परमेश्वरको राज्यमा येशू ख्रीष्ट अद्वितीय हुनुहुनेछ; उहाँ सर्वोच्च, सर्वाधिकारी राजा हुनुहुनेछ, जसको हुकुम/आज्ञा कसैले काट्नै सक्नेछैन। अनि हालैमा जिउने उहाँका अनुयायीहरूको हृदयमा यस्तै हुनुपर्छ।

मत्ती १७:६-८: महिमित बादल देखेर र परमेश्वरको स्वर सुनेर दङ्ग परेका ती चेलाहरू भुइँमा घोप्टो परे। तर प्रभु येशूले उनीहरूलाई **'उठ, र नडराओ'** भन्नुभयो। उनीहरू उठे; तब उनीहरूले येशूलाई बाहेक अरू कसैलाई देखेनन्। परमेश्वरको राज्यमा यस्तै हुनेछः प्रभु येशू नै 'इम्मानुएलको देश'का सारा महिमा हुनुहुनेछ।

ङ) अग्रदूतको विषयमा (मत्ती १७:९-१३)

मत्ती १७:९: उहाँहरू त्यस पहाड़बाट ओर्लंदै गर्नुहुँदा येशूले यी तीनजना चेलाहरूलाई यसो भन्दै आज्ञा गर्नुभयोः **'मानिसका पुत्र मरेकाहरूबाट बौरेर नउठुन्जेल उनीहरूले देखेका दर्शनको बारेमा कसैलाई नभन्नू!'** यहूदीहरूले उत्सुकतासाथ तिनीहरूलाई रोमी सरकारको जुवामनिदेखि बचाउने उद्धारकर्ताको बाटो हेर्दथे; उहाँले तिनीहरूलाई रोमबाट बचाउनुभएको भए तिनीहरूले उहाँलाई खुशीसाथ स्वागत गर्नेथिए। तर येशूचाहिँ तिनीहरूलाई तिनीहरूका पापबाट बचाउने मुक्तिदाता हुनु – यो ग्रहण गर्न तिनीहरू तयार थिएनन्। व्यवहारिक दृष्टिकोणले पनि ती यहूदीहरूसित, जसले आफ्ना मसीह राजालाई इन्कार गरेका थिए, ख्रीष्टको महिमाको यस दर्शनको कुरा गर्नु अर्थहीन/व्यर्थ हुनेथियो। तर उहाँको पुनरुत्थान भएपछि यो समाचार सारा संसारभरि नै प्रचार गरिनेछ।

मत्ती १७:१०-१३: हालैमा यी तीनजना चेलाहरूले येशू ख्रीष्ट कसरी शक्ति र महिमाको साथ फर्केर आउनुहुनेछ, सो कुराको पूर्व-दर्शन पाएका थिए। तर उहाँका अग्रदूत देखा परेका थिएनन्। मसीह आउनुभन्दा पहिले एलिया आउनुपर्छ भनेर मलाकीले भविष्यवाणी गरेका थिए (मलाकी ४:५-६)। यसैले उहाँका चेलाहरूले उहाँलाई यसको विषयमा सोधे। प्रभुले एक धर्मसुधारकको रूपमा एलिया पहिले आउनुपर्छ भन्ने कुरा मान्नुभयो, तर एलिया अघि नै आइसकेका छन् भनेर बताउनुभयो। कुरा स्पष्ट छः उहाँले बप्तिस्मा दिने यूहन्नाको कुरा गर्नुभएछ (मत्ती १७:१३)। बप्तिस्मा दिने यूहन्ना एलिया थिएनन्

(यूहन्ना १:२१), तर एलियाको आत्मा र शक्तिमा आएका थिए (लूका १:१७)। इस्राएलीहरूले बप्तिस्मा दिने यूहन्ना र उनको सन्देश ग्रहण गरेका भए उनीचाहिँ एलियाको भूमिका खेलेर एलियाको बारेमा भविष्यवाणी गरेका सबै कुराहरू पूरा गर्नेथिए (मत्ती ११:१४)। तर इस्राएल देशका मानिसहरूले यूहन्नाको सेवकाइको महत्त्व बुझेनन्, यसैले तिनीहरूलाई जे इच्छा लाग्यो, तिनीहरूले उनीसित त्यही गरे। तिनीहरूले मानिसका पुत्र येशूसित पनि त्यस्तै व्यवहार गर्नेछन् भनेर यूहन्नाको मृत्युले अघिबाट सङ्केत दियो। तिनीहरूले अग्रदूतलाई इन्कार गरे; तिनीहरूले मसीह राजालाई पनि इन्कार गर्ने नै छन्। जब प्रभु येशूले यो कुरा आफ्ना चेलाहरूलाई बताइदिनुभयो, तब उहाँले बप्तिस्मा दिने यूहन्नाको विषयमा पो कुरा गर्नुभएको रहेछ भनी उनीहरूले बुझे।

येशू ख्रीष्टको दोस्रो आगमनभन्दा पहिले एकजना अगमवक्ता आउने नै छन्; उनले इस्राएलीहरूलाई तिनीहरूकहाँ आउनुहुने राजाका निम्ति तयार पार्नेछन् भन्ने कुरा विश्वास गर्नु न्यायसँगत र उचित देखिन्छ। ती भविष्ववक्ता एलिया हुने हो, वा उनको सेवकाइजस्तो काम गर्ने अरू कुनै एकजना आउने हो, सो कुरा निश्चित रूपले भन्नु असम्भव छ।

च) प्रार्थना र उपवासद्वारा सेवाका निम्ति हुने तयारी (मत्ती १७:१४-२१)

जीवनचाहिँ सधैंभरि पर्वतको शिखरमा रहिरहने अनुभव होइन। आत्मिक प्रफुल्ल क्षणहरू भएपछि परिश्रम र लगानी गर्ने दिन र समयहरू आउँछन्। त्यो समय आउँछ, जब हामीले त्यस पहाड़लाई छोड्नुपर्छ, र बेंसीमा आएर मानिसहरूको खाँचो पूर्ती गर्नुपर्छ।

मत्ती १७:१४-१५: त्यस पहाड़को फेदमा एकजना विचलित बुवा प्रभु येशूका निम्ति पर्खिरहेको थियो। उहाँको सामु घुँड़ा टेकेर 'मेरो छोरा निको पारिदिनुहोस्; किनकि उसलाई दुष्ट आत्मा लागेको छ' भनेर आफ्नो दुःख पोख्दै त्यस मानिसले आफ्नो विन्ती चढ़ायो। उसको

छोरालाई छारे रोग लागेको थियो; यसैले गर्दा त्यो घरीघरी आगोमा, घरीघरी पानीमा खस्दथ्यो। उसको अवस्था नाजुक थियो; किनकि उसको शरीरभरि आगोले डढ़ेका डामहरू थिए, र कतिपल्ट ऊ पानीमा डुबेर झण्डै मर्‍यो। शैतान, जो काममा जोत्ने सबैभन्दा कठोर र क्रूर मालिक हो, त्यसले कस्तो किसिमको कष्ट दिँदो रहेछ, यो केटा त्यसको स्पष्ट चित्र र नमुना हो।

मत्ती १७:१६: सहायता पाउन भनी त्यस ठिटाको बुवा प्रभुका चेलाहरूकहाँ गएको थियो। तर यसो गर्दा मानिसको सहायता व्यर्थ रहेछ भन्ने कुरा उसले सिक्नुपर्‍यो; किनकि उनीहरूले त्यस केटालाई निको पार्न सकेनन्।

मत्ती १७:१७: 'हे विश्वासहीन र भ्रष्ट पुस्ता! म कहिलेसम्म तिमीहरूसँग रहूँ? म कहिलेसम्म तिमीहरूलाई सहूँ?' यी वचनहरू उहाँले आफ्ना चेलाहरूसित बोल्नुभयो; किनभने उनीहरूमा त्यस छारे रोग लागेको ठिटालाई निको पार्ने विश्वास थिएन। तर यस सन्दर्भमा त्यति बेलाका यहूदीहरू पनि यी चेलाहरूजस्तै विश्वासहीन र भ्रष्ट थिए।

मत्ती १७:१८: त्यस छारे रोग लागेको ठिटालाई प्रभुकहाँ ल्याउने बित्तिकै उहाँले दुष्ट आत्मालाई हकार्नुभयो; अनि त्यो बिरामी केटा तत्कालै निको भयो।

मत्ती १७:१९-२०: प्रभुका चेलाहरू आफ्नो शक्तिहीन अवस्थाको विषयमा ताजुप भएर सुटुक्क येशूकहाँ गए र उहाँलाई यसको कारण सोधे। उहाँको सीधा जवाफ थियोः **'तिमीहरूको अविश्वासको कारणले!'** उनीहरूसँग रायाको दानाजत्रो विश्वास भएको भए, (रायोको बीउ सबभन्दा सानो हुन्छ), उनीहरूले एउटा पहाड़लाई समुद्रभित्र फालिइजा भन्ने आज्ञा गर्न सक्थे, र त्यो भइहाल्नेथियो। यस सम्बन्धमा याद गरौंः साँचो विश्वास सधैं परमेश्वरको कुनै आज्ञा वा प्रतिज्ञामाथि निर्भर रहन्छ नै। आफ्नो मनमा उठेको भावनाको पछि लागेर आफ्नो व्यक्तिगत लालच पूरा गर्ने किसिमले कुनै चमत्कार

देखाउन खोज्नुचाहिँ विश्वासै होइन, दुःसाहस पो हो। तर यो पनि भनौंः परमेश्वरले कुनै विश्वासीलाई एउटा विशेष कामको सम्बन्धमा अगुवाइ गर्नुभयो, वा कुनै आदेश दिनुभयो भने, यस्तो ख्रीष्ट-विश्वासी ढुक्कै बस्न, अँ, पूरा हिम्मत बाँध्न सक्छ; किनकि उसको सामु उठेका पहाड़रूपी जटिल समस्याहरू अद्‌भुत रीतिले हटिजानेछन्। विश्वास गर्नेहरूका निम्ति कुनै कुरा पनि असम्भव हुँदैन, सब सम्भव हुन्छ।

मत्ती १७:२१: 'तर पनि यस किसिमको दुष्ट आत्माचाहिँ प्रार्थना र उपवासद्वारा बाहेक निस्कँदैन' भन्ने पद कति बाइबल अनुवादहरूमा पाइँदैन, किनकि पहिलेका कतिपय पाण्डुलिपिहरूमा यो पदै छैन। तर जति पाण्डुलिपिहरू छन्, तिनमा प्रायः/धेरजसो यो पद छँदैछ, र विशेष गरी जटिल समस्याको सन्दर्भ हेर्‍यौं भने पूरा मिल्छ।

छ) प्रभु येशूले आफ्ना चेलाहरूलाई उहाँलाई विश्वास-घात गरेर सुम्पिदिने दिनका निम्ति तयार गर्दै हुनुहुन्छ (मत्ती १७:२२-२३)

यस ठाउँमा दोस्रो पल्ट प्रभु येशूले एकदम सरल र साधारण शब्दहरूले आफ्ना चेलाहरूलाई उहाँको हत्या/मृत्युको पूर्वसूचना दिनुभएको छ, अनि फेरि पनि यसमा उहाँ पूर्ण रूपले निर्दोष हुनुहुन्छ, र विजयी बन्नुहुनेछ भन्ने आश्वासन दिनुभएको छ; किनकि उहाँ तेस्रो दिन बौरिउठ्नुहुनेछ। उहाँले उनीहरूलाई उहाँको मृत्युको विषयमा अघिबाटै जानकारी नदिनुभएको भए, निश्चय नै उनीहरूले त्यो हुँदाखेरि साह्रै निराश हुनेथिए र उनीहरूको विश्वास भङ्ग हुनेथियो; किनभने उनी-हरूले आशा गरेका मसीहसित यस्तो अपमानपूर्ण र कष्टदायक मृत्युले मेल खादैनथियो।

अनि यहाँ त्यस्तै हुन गयो। उहाँले उनीहरूलाई छोड्नुहुँदो रहेछ, र उहाँलाई मारिनेछ; यो सुनेर उनीहरू साह्रै व्याकुल/दुःखित भए। उनीहरूले प्रभुको यस भविष्यवाणीमा केवल उहाँको कष्टको पहिलो भाग सुने, तर उहाँ बौरिउठ्नुहुनेछ भन्ने प्रतिज्ञा छोड़े जस्तै छ।

ज) पत्रुस र उनका प्रभुले कर तिर्नुभएको

(मत्ती १७:२४-२७)

मत्ती १७:२४-२५: उहाँहरू कपर्नहुममा आउनुभएपछि कर उठाउनेहरू पत्रुसकहाँ आए, र सोधेः **'के तिमीहरूका गुरुले कर तिर्दैनन्?'** किनकि हरेक पुरुषका निम्ति मन्दिरको कर आधा शेकेल हुन्थ्यो, जसबाट मन्दिरको सेवाका जम्मै कामहरू बेहोरिन्थे। पत्रुसले जवाफ दिएः **'ज्यू, तिर्नुहुन्छ।'** हुन सक्छ, यसो भनेर उनले प्रभु येशूलाई लाजको पात्र बन्नुदेखि बचाउन खोजेका थिए होलान्, तर यसमा उनी भूलमा परेको थियो।

जुन घटना अब घट्दैछ, त्यसमा प्रभु सर्वज्ञानी हुनुहुन्छ भन्ने कुरा छरलङ्गै देखिन्छ। जब पत्रुस घर फर्केका थिए, तब उनले केही क्षण अगाड़ि घटेको कुराको बयान गर्न पाउनुभन्दा अघि येशूले उनलाई पहिल्यै भनिहाल्नुभयोः **'शिमोन, तिम्रो के विचार छ? पृथ्वीका राजाहरूले महसूल वा कर कसबाट लिन्छन्? आफ्नै छोराहरूबाट कि पराईहरूबाट?'** यो प्रश्नको अर्थ बुझ्नका निम्ति त्यस जमानाको चलन केकस्तो थियो, सो दृष्टिकोण लिनुपर्छ। राजाहरूले आफ्नो राज्य चलाउन र आफ्नो राजकीय परिवार सम्भाल्न आफ्नै प्रजाबाट कर उठाउँथे, तर तिनले आफ्नो घरानाकाहरूबाट कर कहिल्यै लिँदैनथे। हाम्रो सरकारको नियमअनुसार हरेकले कर तिर्नुपर्छ, शासकले पनि अनि तिनको परिवारले पनि कर तिर्नुपर्छ।

मत्ती १७:२६: पत्रुसले प्रभुको प्रश्नको ठीक उत्तर दिए; पराईहरूबाट कर उठाइन्थ्यो। तब प्रभु येशूले भन्नुभयोः **'त्यसो भए छोराहरूले चाहिँ छुट पाए, होइन र?'** प्रभुले भन्नुभएको कुराको मतलब यही थियोः मन्दिरचाहिँ परमेश्वरको घर हो। तब छोरा भएर परमेश्वरका पुत्र येशूले त्यस मन्दिरका काम र सेवाहरू पूरा गर्न कर कसरी तिर्नुहुन्छ? उहाँले कर तिर्नुचाहिँ आफैलाई कर तिर्नुभएको बराबर हुनेथियो।

मत्ती १७:२७: तर व्यर्थैमा तिनीहरूलाई ठेस खुवाउनुभन्दा प्रभुले बरु कर तिर्न राजी हुनुभयो। तर प्रभुले त्यो पैसा कहाँबाट लिनुहुन्छ? किनकि उहाँले आफूसित पैसा बोक्नुभएको वर्णन कहीं लेखिएको पाइँदैन। उहाँले पत्रुसलाई गालीलको समुद्रमा पठाउनुभयो, र उनले बल्छी थपेर पक्रेको पहिलो माछा ल्याउनू भन्ने आज्ञा गर्नुभयो। अनि पत्रुसले त्यस्तै गरे। त्यस माछाको मुखमा एउटा सिक्का अर्थात् एक स्टाटर थियो; त्यो सिक्का लगेर पत्रुसले कर तिरे – आधा पैसा प्रभुका निम्ति र आधा पैसा आफ्नै निम्ति।

येशू ख्रीष्ट सर्वज्ञानी हुनुहुँदो रहेछ। लेखक मत्तीले आफ्नो बयान एक दम सरल राखे पनि यस अद्भुत अचम्मको कामले सफासँग यसको प्रमाण दिन्छ। गालीलको समुद्रमा भएका असङ्ख्य माछामध्ये कुनचाहिँ माछाको मुखमा त्यो सिक्का थियो, सो कुरा उहाँले जान्नुभएको थियो। उहाँले त्यो माछा कहाँ छ, सो कुरा पनि बुझ्नुभएको थियो। अनि पत्रुसले पक्रने पहिलो माछा त्यही माछा हुनेछ भन्ने कुरा उहाँले पनि जान्नुभएको थियो।

यस कर तिर्ने सम्बन्धमा कुनै ईश्वरीय नियम भङ्ग गरिने कुरा थिएन; यसमा परमेश्वरको कुनै नियम भङ्ग गर्ने कुरा भएको भए प्रभुले करै तिर्नुहुनेथिएन नै। तर कर तिरेर पाप गर्ने होइन; यसैले नैतिक दृष्टिमा कुनै गल्ती नदेख्दाखेरि उहाँ कर तिर्न इच्छुक हुनुभयो। तिनीहरूलाई किन ठेस खुवाइदिऊँ? हामी विश्वासीहरू मोशाको व्यवस्थाबाट स्वतन्त्र भएका छौं। तर जुन कुराहरूमा नैतिकता भङ्ग गर्ने डरै हुँदैन, ती कुराहरूमा अरू मानिसहरूको विवेक ख्याल राख्नुपर्छ र यस्तो कुनै पनि काम गर्नुहुँदैन, जसबाट अरू मानिसहरूले ठेस खान्छन्।

११) मत्ती १८-२०: मसीहले आफ्ना चेलाहरूलाई शिक्षा दिँदै हुनुहुन्छ

क) नम्रताको विषयमा प्रभुको शिक्षा (मत्ती १८:१-८)

यस अध्यायको नाम दिइएको छः 'महानता र पापको क्षमाको

प्रवचन'। यस प्रवचनले मसीह राजाको प्रजा हामी नै हौं भन्नेहरू कस्तो प्रकारको व्यवहार देखाउनुपर्ने हो, र उनीहरूलाई कस्तो चरित्र सुहाउँछ, सो सिद्धान्तहरूरूपी रूपरेखा दिन्छ।

मत्ती १८ः१ः येशूका चेलाहरूले सधैं आफ्नो विचारमा स्वर्गको राज्यचाहिँ शान्ति र समृद्धिको सुनौलो युग हो भन्ठान्थे। यसैले अहिले उनीहरूले त्यस राज्यमा पदोन्नतिका उच्च स्थानहरू खोज्न/लालच गर्न थाले। **'स्वर्गको राज्यमा सबैभन्दा ठूलो को हो?'** भनेकैमा उनीहरूले आफ्नो मनभित्र लुकाइराखेको स्वार्थी भावना यस प्रश्नका शब्दद्वारा प्रकाशमा ल्याए।

मत्ती १८ः२-३ः प्रभु येशूले यस प्रश्नको उत्तर एउटा जिउँदो वस्तु लिएर दिनुभयो, र उनीहरूलाई यसरी एउटा पाठ सिकाउनुभयो। एउटा सानो बालकलाई बीचमा उभ्याएर उहाँले उनीहरूलाई यसो भन्नुभयोः **'तिमीहरू बदलिएर ससाना बालकहरूजस्ता हुनुपर्छ; नत्रभने तिमीहरू कुनै रीतिले पनि स्वर्गको राज्यमा पस्नेछैनौ।'** यसो बोल्दा यहाँ उहाँले स्वर्गको राज्यको भित्री रूपको कुरा गर्नुभएको थियो। एउटा सच्चा विश्वासी हुनु हो भने मानिसले आफ्नो विषयमा ठूलो कुरा सोच्ने विचारहरू त्याग्नुपर्छ, र सानो बालकले झैं आफूलाई नीच स्थानमा राख्नुपर्छ। यसको शुरुआत त्यति बेला हुन्छ, जब हामीले आफ्नो पापी अवस्था र आफ्नो अयोग्यता मानिलिन्छौं, र प्रभु येशूलाई हाम्रो एकमात्र आशाको रूपमा ग्रहण गर्छौं। हाम्रो इसाई जीवनभरि नै यो नम्र मनोभावना रहिरहनुपर्छ। प्रभु येशूले आफ्ना यी शब्दहरूमा चेलाहरूले मुक्ति नपाएको अर्थ लगाउनुभएन। किनकि यहूदा इस्करियोतिलाई छोड़ेर अरू सबै चेलाहरूमा उहाँमाथिको साँचो विश्वास थियो, र यस विश्वासले उनीहरू परमेश्वरको अगाड़ि धर्मी ठहरिएका थिए। तर उनीहरूले अहिलेसम्म पवित्र आत्मा पाएका थिएनन्, जो उनीहरूभित्र व्यक्तिगत रूपले वास गर्नुहुनेथियो। यही कारणले उनीहरूसँग साँचो नम्रता देखाउने शक्ति नै थिएन। तर आज हामीसँग यो शक्ति छ, र पनि हामीले नम्रता जस्तो देखाउनुपर्नेथियो, त्यस्तै देखाउँदैनौं। अनि

उनीहरूलाई बद्लिनु आवश्यक थियो; यसर्थ उनीहरूमा भएको सबै गलत विचारधारनाहरू बदली हुनु र परमेश्वरको राज्यसँग मेल खानु थियो ।

मत्ती १८ः४ः 'जसले आफूलाई यो सानो बालकजस्तो नम्र तुल्याउँछ, त्यही मानिस स्वर्गको राज्यमा सबैभन्दा ठूलो हो ।' यसबाट स्पष्ट बुझिन्छ, यस संसारमा जुन प्रकारका नापजोख र मूल्याङ्कन चल्दछ, त्यसको ठीक विपरीत स्वर्गको राज्यको स्तर र मूल्य हुने रहेछ। यसैले हाम्रो सम्पूर्ण विचार गर्ने तरिका बद्लिनुपर्छ। ख्रीष्टको मनअनुसार हाम्रो मन हुनुपर्छ, र हामीले उहाँका विचारहरूअनुसार सोच्नुपर्छ (फिलिप्पी २ः५-८)।

मत्ती १८ः५ः हामीले थाहै नहुने गरी प्रभु येशूले यस ठाउँमा त्यस बालकको विषय छोड़ेर एउटा आत्मिक बालकलाई आफ्नो विषयवस्तु तुल्याउनुभएको छ। हरेक जसले येशूको नाममा उहाँका साधारण विश्वासीहरूमध्ये उहाँको कुनै अनुयायीलाई ग्रहण गर्छ, उसले प्रभुलाई नै ग्रहण गरेको इनाम पाउनेछ। जुन सेवा हामीले उहाँको कुनै चेलालाई गर्छौं, त्योचाहिँ उसका स्वामीलाई गरेको गनिन्छ।

मत्ती १८ः६ः अर्को कुरा त्यत्ति नै सत्य ठहरिन्छः जसले एउटा ख्रीष्ट-विश्वासीलाई पापमा फसाउँछ, त्यसले आफूमाथि ठूलो दण्ड निम्त्याउँछ। **'त्यसको घिच्रोमा एउटा ठूलो जाँतोको ढुङ्गा झुन्ड्याएर त्योचाहिँ समुद्रको गहिराइमा डुबाइएको भए त्यसका निम्ति बढ़िया हुनेथ्यो ।'** ठूलो जाँतोको ढुङ्गा भन्नाले गधाले घुमाउने घट्ट बुझिन्छ। आफैले पाप गर्नु नराम्रो कुरा हो, तर कुनै विश्वासीलाई पाप गर्न लाउनुचाहिँ अति ठूलो अपराध हो; यसले गर्दा उसको निर्दोष अवस्था खतम पारिन्छ, उसको मन दूषित/भ्रष्ट पारिन्छ र उसको साक्षी बिग्रिन्छ। कसैको जीवन कलङ्कित तुल्याउनुभन्दा बरु भीषण/विकट मृत्युमा परेर मर्नु बेस ! यसमा खेलाँची नगर्नुहोस् !

ख) ठेस-ठक्करहरूको विषयमा प्रभुको चेताउनी (मत्ती १८ः७-१४)

मत्ती १८ः७ः संसारमा ठेस-ठक्करहरू आउनैपर्छ भन्ने कुरा येशू

बताउँदै जानुभयो; किनकि पापमा फसाउने र भ्रष्ट पार्ने काममा संसार, शरीर र शैतान संलग्न रहेका छन्। तर हाय यस व्यक्तिलाई, जो ती दुष्ट्याइँको सेनाको हतियार र माध्यम बन्दछ; त्यस्तो मानिसको दोष/अपराध ठूलो हो। यसैले परमेश्वरको कुनै सन्तानलाई पापको परीक्षा पार्नु नपरोस् भनेर मानिसले आफूलाई कड़ाभन्दा कड़ा अनुशासन गर्नैपर्छ भन्ने चेताउनी प्रभु येशूले हामीलाई दिनुभएको छ।

मत्ती १८:८-९: चाहे हात, चाहे खुट्टा, चाहे आँखा, पाप गर्ने/ठेस खुवाउने अङ्ग जे भए पनि, त्यसलाई भ्वाट्टै काटिदिनुहोस्! त्यसलाई कसैको जीवनमा भएको परमेश्वरको काम नाश गर्न नदिनुहोस्! दुवै हात वा दुवै खुट्टासित, अँ, दुवै आँखासित नरकको आगोमा फालिनुभन्दा लङ्गड़ा, कूँजो वा कानो भएर जीवनमा प्रवेश गर्नु असल हो। हाम्रा प्रभुका यी शब्दमा स्वर्गमा कसैको हातखुट्टा छैन भन्ने अर्थ लगाउनुहुँदैन। तर यस युगबाट परलोकमा जान तयार भएको विश्वासीको शरीरको हालत त्यस बखतमा कस्तो हुँदो रहेछ, सो वर्णन गरिएको मात्र हो। पुनरुत्थान भएको शरीरमा कुनै कमी हुनेछैन, तर त्यो पूरै रूपले सिद्ध हुनेछ, यसमा शङ्का छैन।

मत्ती १८:१०: त्यसपछि परमेश्वरका पुत्रले उहाँका सानाहरूमध्ये एउटालाई – चाहे त्यो एउटा बालक होस्, वा राज्यको कुनै सन्तान होस् – तुच्छ नठान्नू भन्ने चेताउनी दिनुभयो। उनीहरूको महत्त्व कतिको छ, सो बुझाउन उहाँले थपेर भन्नुभयोः स्वर्गमा उनीहरूका दूतहरूले सधैंभरि परमेश्वरको उपस्थितिमा उहाँको चेहरा हेर्दछन्। यस पदका दूतहरूको मतलब रक्षक गर्ने दूतहरू बुझिन्छ होला। हिब्रू १:१४ पद पनि हेर्नुहोस्!

मत्ती १८:११: यो पद धेरै बाइबल अनुवादहरूले छोड़िदिएका छन्। तर धेरैभन्दा धेरै पाण्डुलिपिहरूले यस पदको समर्थन गर्छन्। यस खण्डको चरमसिमामा पुगेर प्रभुको सेवकाइ र संसारमा आउने उहाँको उद्देश्य बताउन कति सुहाउँछ![ख]

मत्ती १८:१२-१३: यी सानाहरूलाई पनि बचाउन भनी हाम्रा दयालु गोठाला येशू आउनुभएको हो। उहाँको सेवकाइ उनीहरूका

निम्ति पनि थियो। सय भेड़ामा एउटा हरायो भने, उहाँले अनान्सयलाई छोड़िराखेर त्यस हराएकोलाई त्यसलाई नभेट्टाउन्जेल खोज्नुहुन्छ। त्यस हराएको भेड़ा भेट्टाउने गोठालाको आनन्द विचार गर्नुहोस्! तब उहाँका सानाहरूको मूल्य कति छ, सो हामी सिक्नेछौं, र उनीहरूलाई आदर गर्नेछौं।

मत्ती १८:१४: यी सानाहरू स्वर्गदूतहरूका निम्ति मात्र होइन, हाम्रा गोठालाका निम्ति मात्र होइन, तर परमेश्वर पिताको दृष्टिमा पनि मूल्यवान् हुन्छन्। उहाँको इच्छा होः यी सानाहरूमध्ये एउटै पनि नष्ट नहोस्! यी सानाहरू यति महत्त्वपूर्ण छन्, कि स्वर्गदूतहरूले, हाम्रा प्रभु येशूले र परमेश्वर पिताले समेत उनीहरूमाथि ध्यान लगाएर खट्नुहुन्छ; तब हामी यस्ताहरूलाई कहिल्यै कुनै हालतमा तुच्छ ठान्नुहुँदैन – चाहे उनीहरू प्रेम गर्न लायक देखा पर्लान् वा नपर्लान्, चाहे उनीहरू क्षुद्र होऊन् वा नहोऊन्।

ग) पापमा फसेकाहरूको अनुशासनको सम्बन्धमा प्रभुको शिक्षा (मत्ती १८:१५-२०)

यस अध्यायको बाँकी भागमा प्रभु येशूले निम्त दुईवटा विषयसित व्यवहार गर्नुहुन्छः उहाँको मण्डलीका सदस्य-सदस्यको बीचमा भएका मतभेद/झगड़ाहरू कसरी समाधान गर्नुपर्छ, साथै हामी असीमित रूपले पापको क्षमा देखाउन सक्ने हुनुपर्छ।

मत्ती १८:१५: एउटा विश्वासीले अर्को विश्वासीलाई कुनै खराबी गरेको छ; तब त्यस ख्रीष्ट-विश्वासी, जसको खराबी गरिएको छ, त्यसको जिम्मेवारीको सम्बन्धमा प्रभु येशूले यहाँ विस्तृत रूपले आदेशहरू दिनुभएको छ। पहिलो कदमः यी दुईजनाको बीचमा यो कुरा मिलाउनुपर्छ, तिनीहरू आपसमा मिल्नुपर्छ, तर अरू मानिसको सामु होइन। पाप गर्ने व्यक्तिले आफ्नो भूलदोष मानिलियो भने आपसमा कुरा मिल्यो, मिलाप भयो। तर हाम्रो समस्या के हो भने, हामी यसो गर्दैनौं। हामी अरू सबै मानिसहरूको सामु अरूको गल्ती/दोष देखाइदिन्छौं, दोहोऱ्याउँछौं, कुरा बढ़ाउँछौं, अँ, दोषीको विरोधमा कुरा

गरिहिँड्छौं। तब कुरा आगलागी/डढ़ेलोझैं फैलिन्छ र झगड़ा झन्, झन् बढ़ेर आउँछ। यसैले उठाउनुपर्ने प्रथम कदमचाहिँ के हो, सो याद गरौं: **'जाऊ, अनि तिम्रो र उसको बीचमा मात्र उसले गरेको भूल/दोष उसलाई देखाइदेऊ !'**

मत्ती १८:१६: जब त्यस दोषी भाइले कुरा सुन्दैन, तब हामीले दोस्रो कदम उठाउनुपर्छ। जसको खराबी गरिएको छ, उसले साथमा कुरा मिलाउन खोज्ने अरू एक वा दुईजनालाई लैजानुपर्छ। यसो गर्दा यस कुरामा बढ़ी जोड़/महत्त्व दिइन्छ; किनभने त्यस दोषी भाइको हृदय कठोर भइरहेको छ; त्यो साह्रै गम्भीर कुरा रहेछ, र अझ गम्भीर हुँदै जान्छ। तर यसो गर्दा सक्षम साक्षीहरू पनि निस्कन्छन्, जसरी पवित्र शास्त्रले माग गर्छः ***'... दुईजना साक्षीको मुखको गवाही वा तीनजना साक्षीको मुखको गवाहीको आधारमा हरेक कुरा निर्धारित गरियोस् !'*** (व्यवस्था १९:१५)। कसैको विरोधमा लगाइएको जुनै पनि आरोप दुई-तीन साक्षीको मुखको गवाहीले साबित पार्नुपर्छ। यस साधारण नियमअनुसार व्यवहार नगरेको हुनाले प्रभुको मण्डलीलाई असाध्य चर्को मर्का परेको छ, त्यसलाई लागेको नराम्रो असर नाप्न सकिँदैन। यस सम्बन्धमा हामीले मान्नुपर्छः प्रभुका मण्डलीहरूमा भन्दा बरु सांसारिक आदलतहरूमा बढ़ी न्यायको काम हुँदो रहेछ।

मत्ती १८:१७: त्यो दोषी व्यक्ति अझ आफ्नो पाप मानिलिन र माफ माग्न तयार हुँदैन भने त्यो कुरा स्थानीय मण्डलीको सामु ल्याउनुपर्छ; यो तेस्रो कदम हो। यस विषयमा महत्त्व कुरा के हो, सो याद गर्नुपर्छः सरकारी आदलतचाहिँ होइन, तर स्थानीय मण्डलीचाहिँ त्यो जिम्मेदार समुह हो, जसले त्यो मामिला सुन्नुपर्छ। किनकि विश्वासी भाइले अर्को विश्वासी भाइको विरोधमा आदलतमा आफ्नो मामिला लड्नु मनाही गरिएको छ (१ कोरिन्थी ६:१-८)।

दोषी व्यक्तिचाहिँ मण्डलीको सामु पनि आफ्नो भूल मान्न तयार भएन भने यसलाई अन्यजाति र महसूल उठाउनेसरह ठान्नुपर्छ। यस वाक्यको प्रत्यक्ष/खास अर्थ यो होः यो व्यक्ति अब मण्डलीभित्रको सदस्य हुँदैन, तर मण्डली-बाहिरको गनिन्छ। हुन सक्छ, ऊ एक सच्चा

विश्वासी होला; तर ऊ त्यस विश्वासअनुसार जिउँदैन। यसैले उसको जीवनअनुसार ऊसँग व्यवहार गर्नुपर्छ। विश्व-मण्डलीसितको सम्बन्ध छोड़िदिऊँ, यस्तो व्यक्तिलाई स्थानीय मण्डलीका आशिषहरूको सहभागिताबाट वञ्चित गर्नुपर्छ/अलग राख्नुपर्छ। यस प्रकारको अनुशासन एक गम्भीर कुरा हो। यस्तो विश्वासीलाई केही समयको लागि उसको शरीरको विनाशका निम्ति शैतानको हातमा सुम्पिनुपर्छ, उसको आत्माचाहिँ प्रभु येशूको दिनमा बाँचोस् भनेर (१ कोरिन्थी ५:५)। अनुशासन-कार्यको उद्देश्यचाहिँ उसलाई होसमा ल्याउनु र उसलाई कायल गराउनु हो। ऊ त्यस अवस्थामा नपुगुन्जेल सँगी-विश्वासीहरूले उसलाई भद्रतापूर्वक व्यवहार देखाउनुपर्छ, तर उसको पापको सामु आँखा बन्द गर्न पनि सक्दैनन् भन्ने कुरा उसलाई थाहा दिनुपर्छ। उनीहरूले सँगी-विश्वासीको रूपमा ऊसँग सँगत गर्न सक्दैनन्। परमेश्वरको रीतिअनुसार उसले पश्चात्ताप गरेको कुरा केही प्रमाणबाट स्पष्ट रूपले देखा पर्‍यो भने मण्डली उसलाई फेरि ग्रहण गर्न तयार हुनुपर्छ।

मत्ती १८:१८: यो पद अघिको खण्डसित सम्बन्धित छ। जब एउटा मण्डली वचनप्रति आज्ञाकारी भई होशियारीसाथ र प्रार्थनासाथ कसैलाई अनुशासनमा राख्छ, बाँध्छ, तब स्वर्गमा त्यो कामको कदर गरिन्छ, त्यो त्यहाँ पनि बाँधिएको हुन्छ। अनि जब अनुशासनमा राखिएको व्यक्तिले पश्चात्ताप गर्छ, र आफ्नो पाप मानिलिन्छ, तब मण्डलीले उसलाई फेरि सँगतिमा ग्रहण गर्छ। यो 'फुकाउने' काम पनि परमेश्वरले स्वीकार गर्नुहुन्छ (यूहन्ना २०:२३)।

मत्ती १८:१९: कसैमा यो प्रश्न उठेको छः माथि उल्लेख गरेअनुसार बाँध्ने र फुकाउने काम गर्न सक्ने मण्डली कति ठूलो हुनुपर्छ होला? यसका निम्ति कम्तीमा दुईजना हुनुपर्छ। दुईजना विश्वासीहरूले यस्ता कामकुराहरू प्रार्थनाद्वारा परमेश्वरकहाँ पेस गर्न सक्छन्; उनी-हरूको प्रार्थनाको सुनाइ अवश्य हुन्छ। मत्ती १८:१९ पद प्रायः प्रार्थनाको उत्तर पाउने सामान्य प्रतिज्ञाको रूपमा लिइन्छ, त्यो ठिक्कै हो;

तर सन्दर्भ हेर्ने हो भने यो पद ता मण्डली अनुशासन गरेको प्रार्थनाको विषयमा पो दिइएको हो। अनि जब यस पदमा दिइएको प्रतिज्ञा हामीले सबै किसिमका प्रार्थनाहरूमा दाबी गर्न चाहन्छौं भने हामीले प्रार्थनाको विषयमा पवित्र बाइबलमा अरू के-के शिक्षा पाउँछौं, सो कुरामा पनि ध्यान दिनुपर्छ। उदाहरणका निम्ति, हाम्रा प्रार्थनाहरूमा अरू कुरा छोड़ेर निम्न कुराहरू हुनैपर्छः

अ) परमेश्वरले प्रकट गर्नुभएको उहाँको इच्छाअनुसार हुनैपर्छ (१ यूहन्ना ५:१४-१५)

आ) विश्वास हुनैपर्छ (याकूब १:६-८)

इ) साँचो मनले गरेको हुनैपर्छ (हिब्रू १०:२२)

मत्ती १८:२०: यस पदमा पनि हामीले यसको सन्दर्भ हेरेर अर्थ लगाउनुपर्छ। पहिलो बुझ्नुहोस्: नयाँ नियमको मण्डलीको रूपमा गठन गरेको सबभन्दा साधारण/सानो समुदायको कुरा भएकै छैन यहाँ; अनि सर्वजानिक प्रार्थना सभाको कुरा पनि चलेको छैन यहाँ। यहाँ सन्दर्भ अर्कै छ। तर यहाँ, कुनै पापको कारणले गर्दा दुईजना इसाई भाइहरूको बीचमा फाटो आएको हुनाले मण्डलीले तिनीहरूलाई मेलमिलापमा ल्याउने प्रयास गरेर भेला भएको हो। हुन त हो, यो प्रतिज्ञा विश्वासी-हरूका सबै सभाहरूमा लागू गर्न सकिन्छ, जहाँ ख्रीष्ट येशू त्यसको मूलकेन्द्र हुनुहुन्छ। तर याद राख्नुहोस्: यहाँ एउटा विशेष अनुशासन-सभामा ध्यान लगाइएको छ।

'उहाँको नाममा' भेला हुनु भनेको उहाँको अधिकारमा भेला हुनु, उहाँको सम्पूर्ण स्वामित्व स्वीकार गर्नु र उहाँको वचनप्रति आज्ञाकारी हुनु हो। कुनै झुण्डले पनि 'उहाँको नाममा भेला हुने हामी मात्र हौं' भनेर दाबी गर्नै सक्दैन। यो सम्भव भए त प्रभुको उपस्थिति पृथ्वीमा भएको उहाँको देहको सानो अंशमा मात्र सीमित रहनेथियो। जहाँ दुई वा तीनजना उहाँको नाममा, अर्थात् येशूलाई प्रभु र मुक्तिदाताको रूपमा स्वीकार गरेर भेला भएको जुनसुकै ठाउँमा उहाँ तिनीहरूकै बीचमा हुनुहुन्छ।

घ) असीमित पापको क्षमाको विषयमा प्रभुको शिक्षा (मत्ती १८:२१-३५)

मत्ती १८:२१-२२: यस ठाउँमा पत्रुसले प्रभुलाई सोध्छन्: **'हे प्रभु, मेरो भाइले मेरो विरोधमा पाप गऱ्यो भने मैले उसलाई कति पल्ट क्षमा दिनुपर्छ?'** शायद, सात पल्टसम्म भनेकोमा आफू ज्यादा क्षमाशील भएको उनलाई लागेको थियो होला। येशूले जवाफ दिएर भन्नुभयोः **'सात पल्टसम्म म भन्दिनँ, तर सत्तरी गुणा सात पल्टसम्म।'** यसको उत्तर ४९० पल्ट होइन; उहाँको जवाफको अर्थ हामीले अक्षरशः लिएको उहाँले चाहनुभएन। असीमित/अनगन्ती रूपले क्षमा दिनुपर्छ भन्न चाहेर उहाँको परिभाषा यस प्रकारको थियो।

कसैले भन्लाः 'तब किन मत्ती १८:१५-२० पदमा उल्लेख गरिएका कदमहरू उठाउनुपर्छ/अपनाउनुपर्छ त? दोषी भाइकहाँ किन एकलै जाऊँ? त्यसपछि एक-दुईजनालाई किन लैजाऊँ? तब म त्यस्तोलाई मण्डलीको सामु कनि उभ्याऊँ? उसलाई क्षमा दिइहालौं, बस यति; अरू केही नगरौं!'

यस प्रश्नको उत्तरमा यो होः हामीले पाप-क्षमा दिने कामका निम्न कदमहरू जान्नुपर्छः

अ) कुनै भाइले मेरो खराबी गरेको छ वा मेरो विरोधमा पाप गरेको छ भने म उसलाई तुरुन्तै हृदयदेखि क्षमा दिनुपर्छ (एफेसी ४:३२)। यसो गर्दा म तीतो बनिनेछैनँ, ममा क्षमा नदिने मनोभव उठ्न पाउनेछैन, र दोषचाहिँ उसको काँधमा रहिरहनेछ/थाप्लोमा आइपर्नेछ।

आ) आफ्नो हृदयमा मैले उसलाई क्षमा ता दिएँ; तर 'तिम्रो पाप तिमीलाई क्षमा भयो' उसलाई त्यत्ति बेला भन्नुहुँदैन। उसले पश्चात्ताप नगरेसम्म उसलाई खुल्लमखुल्ला उसको पाप क्षमा गरिदिनु न्यायसँगत काम होइन। यसमा मेरो कर्तव्य छः उसले आफ्नो पाप मानिलिन्छ कि भन्ने आशा लिएर म उसकहाँ जानैपर्छ र उसलाई प्रेमसाथ हप्काउनुपर्छ (लूका १७:३)।

इ) उसले माफ मागेर आफ्नो पाप स्वीकार गर्ने बित्तिकै म उसलाई उसको पाप क्षमा भयो भनेर भन्छु (लूका १७:४)।

मत्ती १८:२३: अब प्रभु येशूले स्वर्गको राज्यको एक दृष्टान्त दिनुभएको छ; यसमा उहाँका जनहरूमा आफैले सित्तैंमा पापको क्षमा पाएर अरूलाई क्षमा नदिने मनोभाव हुनुहुँदैन भनेर यसका नतिजाहरू देखाउँदै उहाँले हामीलाई यसको विरोधमा चेताउनी दिँदै हुनुहुन्छ।

मत्ती १८:२४-२७: दृष्टान्त यस प्रकारको छः एकजना राजा थिए, जसले आफ्ना दासहरूबाट हिसाब लिने इच्छा गरे। दस हजार टालेन्ट ऋण लागेको तिनको एउटा दस थियो। त्योसँग ऋण तिर्ने पैसा नभएको हुनाले त्यसका मालिकले त्यो र त्यसको परिवार दासत्वमा बेच्ने र यसरी नै ऋण चुकाउने हुकुम दिए। त्यस आकुलव्याकुल भएको दासले **'मप्रति धीरज धर्नुहोस्, र म तपाईंलाई सबै तिरिदिनेछु'** भन्ने विन्ती गरेर समय माग्यो।

स्क्रिप्चर यूनिनको दैनिक टिप्पणीमा यसो लेखिएको पाइन्छः

'सबै ऋणीहरूले जस्तो त्यस दासले पनि "मैले केही समय मात्र पाएदेखि म यो र त्यो गर्न सक्नेथिएँ" भनेर आफ्नो विषयमा अति नै सकारात्मक विचार लिएको थियो (मत्ती १८:२६)। गालील प्रान्तको जम्मै आय ३०० टालेन्ट थियो भने त्यस मानिसको १०'००० टालेन्टको ऋणले के गर्ने? यस ज्यादा ठूलो रकमको सङ्ख्या दिइएकोमा एउटा उद्देश्य थियोः यसरी प्रभु येशूले यो दृष्टान्त सुन्नेहरूको मनमा धक्का लगाउन र तिनीहरूको ध्यान आकर्षित पार्न चाहनुहुन्थ्यो। यस ज्यादा ठूलो रकमले परमेश्वरको सामु हाम्रो ऋण कति ठूलो रहेछ, सो कुरामा पनि जोड़ दिन खोजेको। श्री मार्टिन लुथरले यसो भन्ने गर्थेः "परमेश्वरको सामु हामी सबै भिखारी हौं; यसर्थ हामीले कतै ऋण चुकाउन सक्छौं भन्ने आशा नलिनू!" '

आफ्नो दासको पश्चात्तापी भएको अवस्था देखेर ती मालिकले त्यस दासको जम्मै ऋण अर्थात् ती दस हजार टालेन्ट माफ गरे। यो ता न्यायको होइन, तर प्रभुको महान्, असीम दयाको व्यवहार हो।

मत्ती १८:२८-३०: त्यस दासको सँगी-दास रहेछ, जसलाई त्यसको एक सय दीनार ऋण लागेको थियो। (मत्ती २०:२ पदअनुसार

१०० दीनार लगभग १०० दिनको ज्याला हो)। उसलाई उसको ऋण माफ दिनुको सट्टामा त्यसले उसलाई पक्रेर उसको घोक्रो अँठ्यायो, 'तँलाई लागेको पूरा ऋण मलाई तिरिहाल्' भनेर। ऋण लागेको यस अभागी दासले ऋण तिर्ने समय माग्यो, तर यस विन्तीको केही सीप लागेन। तर त्यसले उसलाई जबसम्म उसले त्यो ऋण चुक्ता गर्दैन, तबसम्म भ्यालखानामा हालिदियो। ऋण चुक्ता गर्नु कति गाह्रो! भ्यालखानामा बसुन्जेल उसले के कमाउँथ्यो र? त्यहाँ उसलाई कमाउने मौका नै मिल्नेथिएन।

मत्ती १८:३१-३४: अरू दासहरूचाहिँ त्यसको दुर्व्यवहार देखेर नाराज भए। तिनीहरूले आफ्ना मालिकलाई यो सारा घटना बताइदिए/सुनाइदिए। ती मालिकचाहिँ ऋण दिने दयाहीन दाससित रिसाए; किनकि त्यसको ज्यादा ठूलो ऋण त्यसलाई माफ दिइएपछि त्यसले सानोभन्दा सानो अल्प-ऋण माफ दिन नचाहेको। यसैले त्यसको ऋण नतिरेसम्म त्यसलाई फेरि भ्यालखानाका हाकिमको हातमा सुम्पि-दिइयो।

मत्ती १८:३५: यस दृष्टान्तको प्रयोग/व्यवहारिक अर्थ सफा छः परमेश्वर ती राजा हुनुहुन्छ। उहाँका सबै दासहरूलाई पापरूपी ऋण लागेको छ, जुन ऋण तिनीहरूले कुनै हालतमा पनि तिर्नै सक्दैनथे। दयाको सागर प्रभु येशूले आफ्नो अचम्मको अनुग्रहले त्यो सम्पूर्ण ऋण तिरिदिनुभयो, र सित्तैंमा तिनीहरूका पापहरू क्षमा गरिदिनुभयो। अब मानिलिऔंः कुनै ख्रीष्ट-विश्वासीले अर्को ख्रीष्ट-विश्वासीको खराबी गर्छ। जब उसलाई हप्काइन्छ, तब उसले आफ्नो भूल स्वीकार गरेर माफ माग्छ; तर त्यो विश्वासी, जसको खराबी गरिएको थियो, उसलाई क्षमा दिँदैन। जसलाई करोड़ौं रुपियाँ माफ भएको छ, के उसले एक सय रुपियाँ माफ दिन नसक्ने? के राजाले यस्तो व्यवहार सहनुहुन्छ, र दण्ड नदिई यसलाई छोड्नुहुन्छ र? कदापि होइन! यस जीवनमा अपराधीले उहाँको ताड़ना अनुभव गर्नुपर्छ, र ख्रीष्टको न्याय-आसनको सामुमा ठूलो हानि उठाउनुपर्नेछ।

ङ) विवाह, विवाहको सम्बन्ध-विच्छेद र विवाह नगर्ने विषयमा प्रभुको शिक्षा (मत्ती १९:१-१२)

मत्ती १९:१-२: गालीलमा आफ्नो सेवकाइ पूरा गर्नुभएपछि प्रभु येशू दक्षिणपट्टि लाग्दै यरूशलेमतर्फ जाँदै हुनुहुन्थ्यो। उहाँ कुन बाटो जानुभयो, सो पक्का गरी हामी भन्न सक्दैनौं; तर यर्दन-नदीको पूर्वपट्टि उहाँ पेरियाबाट भएर जानुभयो होला। मत्तीले त्यस क्षेत्रको बारेमा 'यर्दनपारि यहूदियाका इलाकाहरू' भनेर उल्लेख गरे। पेरियामा हुनुहुँदा उहाँको सेवकाइचाहिँ मत्ती १९ अध्यायदेखि मत्ती २०:१६ कि ता २०:२८ सम्म जान्छ। उहाँ कहिले यर्दन पार गरेर वारिको यहूदियामा आउनुभयो, सो सफासँग लेखिएको छैन।

मत्ती १९:३: हुन सक्छ, ठूला भीड़हरू उहाँको पछि लागेको र उहाँले तिनीहरूलाई निको पार्नुभएको कुराले फरिसीहरूको ध्यान आकर्षण गरेको होला। जे होस्, तिनीहरूले उहाँ कहाँ हुनुहुन्छ, सो पत्ता लगाए। जङ्गली कुकुरहरूको झुण्डले झैं तिनीहरूले उहाँलाई तिनीहरूकै घेराभित्र हाल्न र उहाँलाई आफ्नै शब्दहरूमा पक्राउ पार्न चाहे। तिनीहरूले प्रभुलाई यो प्रश्न सोधेः **'के जुनै पनि कारणले आफ्नी स्वास्नीलाई त्याग्न मिल्छ?'** प्रभु येशूको उत्तर जस्तोसुकै भए पनि उहाँको जवाफले यहूदीहरूमध्ये कुनै न कुनैलाई रिस उठाउनेथियो। किनकि यस सम्बन्धमा तिनीहरूमा एक भागका मानिसहरूले एकदम स्वतन्त्र विचार लिएका थिए भने अरू भागका मानिसहरूले यसको विषयमा एकदम कठोर/साँघुरो भावना लिए।

मत्ती १९:४-६: हाम्रा प्रभुले विवाहमा परमेश्वरको शुरुको उद्देश्य के थियो, सो स्पष्ट पार्दै भन्नुभयोः एउटा पुरुषकी एउटी जीवित पत्नी होस्! जुन परमेश्वरले मानिसहरूलाई नर र नारी सृष्टि गर्नुभयो, उहाँले बुवाआमासितको सम्बन्धभन्दा विवाहको सम्बन्ध ठूलो ठहराउनुभयो। उहाँले भन्नुभयोः विवाह भन्नाले पति र पत्नीको एकता हो। परमेश्वरको आदर्श यस प्रकारको छः ईश्वरीय नियमअनुसार बनेका जोड़ा मानिसको कुनै पनि रीतिले, कुनै कार्य वा कुनै कानुनले नछुट्ट्याइयोस्!

मत्ती १९:७: फरिसीहरूले अब हामीले उहाँलाई पुरानो नियमको आज्ञा प्रतिकूल/खण्डन/विरोध गर्नुभएको भेट्टायौं भनी भन्ठाने। के मोशाले विवाहको सम्बन्ध विच्छेद गर्ने अनुमति दिएका थिएनन्? कुनै पुरुषले एउटा त्याग-पत्र लेखेर त्यो आफ्नी पत्नीलाई दिन सक्थ्यो, र उसलाई घरबाट निकाल्न सक्थ्यो (व्यवस्था २४:१-४)।

मत्ती १९:८: प्रभु येशूले मोशाले विवाहको सम्बन्ध-विच्छेद गर्ने अनुमति दिएको कुरामा आफ्नो सहमति दिनुभयो; तर मानिसप्रति यो परमेश्वरको शुभेच्छा थिएन, तर यो ता इस्राएलीहरू पछि हटेको फल थियो। उहाँले यसो भन्नुभयोः **'तिमीहरूकै हृदयको कठोरताको कारणले गर्दा मोशाले तिमीहरूलाई आफ्ना पत्नीहरूलाई त्याग गर्ने अनुमति दिए; तर शुरुदेखि यस्तै थिएन।'** परमेश्वरको सिद्ध योजना-अनुसार विवाहको सम्बन्ध विच्छेद गर्नुहुँदैन। तर धेरै पल्ट परमेश्वरले आफ्नो निर्देशक इच्छाअनुसार नभएका परिस्थितिहरू सहनुहुन्छ।

मत्ती १९:९: तब प्रभु येशूले बितेको समयमा विवाहको सम्बन्ध-विच्छेदको विषयमा कानुनको जुन लुलोपना थियो, त्यो अब उसो रहनेछैन। अबदेखि विवाहको सम्बन्ध विच्छेद गर्ने एकमात्र कारण बस्नेछः व्यभिचार (अर्थात् परस्त्रीसँग वा परपुरुषसँग अनुचित यौन-सम्बन्ध)। व्यभिचारबाहेक अरू कुनै कारणले कसैले आफ्नो विवाहको सम्बन्ध विच्छेद गर्छ, र त्यसले फेरि विवाह गर्छ भने त्यसलाई व्यभिचार गरेको दोष लाग्छ-लाग्छ।

प्रभु येशूका शब्दहरूबाट सफासँग नभनिए ता पनि के कुरा बुझिन्छः आफ्नो जीवन-साथीको व्यभिचारको कारणले जसको विवाहको सम्बन्ध विच्छेद भएको छ, ऊ निर्दोष हो, र उसले फेरि विवाह गर्न सक्छ। छुट्टिएर बस्दा जुन लाभ प्राप्त गरिन्छ, त्यसबाहेक विवाहको सम्बन्ध-विच्छेदबाट अरू केही फाइदा नहुँदा यसको मतलब के भयो त?

यौनको अनुचित सम्बन्धलाई वा परस्त्रीगमन/परपुरुषगमनलाई व्यभिचार भनिन्छ। तर धेरैजना बाइबलका पोख्त विद्वान्हरूले यसको अर्थ विवाहको अघिको अशुद्धतासित मात्र सम्बन्धित छ भनी भन्छन्,

जुन किसिमको पाप विवाह गरेपछि मात्र थाहा लागेको छ (व्यवस्था २२:१३-२१)। फेरि अरूले यो ता यहूदीहरूको विवाहको प्रथासित मात्र सम्बन्धित छ भनेर विश्वास गर्छन्, किनभने केवल मत्तीको सुसमाचारमा 'व्यभिचारको कारणले बाहेक' भन्ने वाक्य पाइन्छ। मत्तीको सुसमाचार यहूदीहरूको सुसमाचार गनिन्छ।

विवाहको सम्बन्ध-विच्छेदको विषयमा अझ विस्तृत रूपले पढ्न चाहेमा मत्ती ५:३१-३२ पदमा गरेका टिप्पणीमा हेर्नुहोला।

मत्ती १९:१०: जब येशूका चेलाहरूले विवाहको सम्बन्ध-विच्छेदको विषयमा प्रभुको शिक्षा सुने, तब उनीहरूले आफै कस्ता असन्तुलित व्यक्ति हुँदा रहेछन् भन्ने प्रमाण दिए; किनकि उनीहरूले यस सम्बन्धमा निरर्थक दृष्टिकोण लिए। उनीहरूको विचारधारा थियोः विवाहको सम्बन्ध-विच्छेद एउटै कारणले मात्र प्राप्त हुने हो भने विवाहको सम्बन्धमा पाप नगर्नका निम्ति विवाह नगरेकोमा नै फाइदा रहेछ। तर विवाह नगरी एकलै रहेको अवस्थामा गरिने पापको विषयमा कसो ? उनीहरू यस सम्भावनाबाट उम्कन सक्नेथिएनन्।

मत्ती १९:११: यसैले उनीहरूका प्रभुले विवाह नगरी बस्ने क्षमता सबैको हुँदैन भन्ने कुरा उनीहरूलाई याद दिलाउनुभयो। किनकि विशेष अनुग्रह पाएका व्यक्तिहरू मात्र विवाह नगरी बस्न सक्छन्। **'सबैले यो वचन ग्रहण गर्न सक्दैनन्; जसलाई दिइएको छ, तिनीहरूले मात्र'** भन्ने शब्दहरूको अर्थ यो होइन, कि अब येशूले जे भन्न लाग्नुभयो, सबै मानिसहरूले बुझ्न सक्दैनन्; तर यसै गर्नका निम्ति परमेश्वरको विशेष बोलावट नपाईकन कसैले पनि अविवाहित जीवन बिताएर यसमा सन्तोष रहन सक्दैन भन्ने कुरा उहाँले भन्न खोज्नुभएको हो।

मत्ती १९:१२: प्रभु येशूले बुझाउनुहुन्छः तीन किसिमका नपुंसकहरू छन्। कतिजना मानिस नपुंसक हुन्; किनकि तिनीहरू त्यस्तै, सन्तान पैदा गर्ने शक्तिविना जन्मेका छन्। कतिजनालाई मानिसहरूले खसी पारेर नपुंसक बनाएका छन्। प्रायः पूर्वीय सबै राजाहरूले रनिवास/रानिहरूको आवासको जिम्मा दिने सेवकहरूलाई शल्योपचार/आपरेशन गरेर नपुंसक तुल्याउँथे। तर प्रभु येशूले

तिनीहरूमाथि आफ्नो ध्यान/विचार लगाउनुभयो, **'जसले स्वर्गको राज्यका निम्ति आफैलाई नपुंसक बनाएका छन्।'** यी मानिसहरूले विवाह गर्न सक्नेथिए, किनकि यिनीहरूको शरीरमा कुनै कमी छैन। तर मसीह राजा र उहाँको राज्यका निम्ति आफैलाई समर्पण गरेर यिनीहरूले विवाह गर्न चाहँदैनन्। विनाबाधा सम्पूर्ण रूपले ख्रीष्टको सेवा गर्न सकून् भनेर नै यिनीहरूले यसो गर्छन्। प्रेरित पावलले यस सम्बन्धमा केही समयपछि लेखेः ***'जसले विवाह गरेको छैन, उसले "म प्रभुलाई कसरी खुशी पारूँ" भन्दै प्रभुकै कुराहरूको विषयमा फिक्री गर्छ'*** (१ कोरिन्थी ७:३२)। यस्ताहरूको विवाह नगर्ने कारण शारीरिक होइन, तर यिनीहरूले स्वेच्छापूर्वक विवाह नगर्ने निर्णय लिएका छन्।

सबै मानिसहरूले यस प्रकारको अविवाहित जीवन जिउन सक्दैनन्। ईश्वरीय शक्ति पाउनेहरूले मात्र यसो गर्न सक्छन्। ***'तर हरेकसँग परमेश्वरबाट उसको आफ्नै वरदान छ – कसैको यस किसिमको, कसैको अर्को किसिमको'*** (१ कोरिन्थी ७:७)।

च) बालबालिकाहरूको विषयमा प्रभुको शिक्षा (मत्ती १९:१३-१५)

चाखलाग्दो कुरा के छ भने, प्रभुले विवाहको सम्बन्ध-विच्छेदको प्रवचन दिनुभएको बित्तिकै यहाँ, यस ठाउँमा बालबालिकाहरू प्रस्तुत गरिएका छन्। (मर्कूस १०:१-१६ पनि हेर्नुहोला); किनकि विवाहको सम्बन्ध-विच्छेद भएको घरपरिवारमा धेरैजसो बालबच्चाहरूले सबभन्दा बढ़ी दुःख पाउँछन्।

नानीहरूका बुवाआमाहरूले आफ्ना बालबालिकाहरूलाई तिनीहरूले उहाँबाट आशिष पाऊन् भनेर गुरु-गोठाला येशूकहाँ ल्याए। यो देखेर उहाँका चेलाहरूले 'अनुमतिविना तिमीहरू कसरी यहाँ आएका?, र प्रभुलाई किन दिक्क लाउँछौ' भन्दै ती बुवाआमाहरूलाई हप्काए। तर प्रभु येशू बीचमा आएर भन्नुभयोः **'साना नानीहरूलाई मकहाँ आउन देओ, र उनीहरूलाई नरोक; किनकि स्वर्गको राज्य यस्तैहरूको हो।'** यी शब्दहरूले त्यस समयदेखि नै उहाँलाई युगयुगका बालबालिका-हरूका निम्ति प्रेमका पात्र तुल्याए।

प्रभुका यी शब्दहरूबाट केही महत्त्वपूर्ण शिक्षाहरू निक्लेका छन्। पहिलो शिक्षाः यी शब्दहरूबाट प्रभुका दासहरूले परमेश्वरको वचन लिएर बालबालिकाहरूकहाँ जाने प्रेरणा पाऊन्, र नानीहरूलाई प्रभुको शिक्षा दिने काम कति महत्त्वपूर्ण छ, सो बुझून्; किनभने नानीहरूको मन तीखो छ, र तिनीहरू छिट्टै वचन ग्रहण गर्न तयार छन्। दोस्रो शिक्षाः जब बालबालिकाहरूले प्रभु येशूमाथि विश्वास गर्छन्, र यो विश्वास स्वीकार गर्न चाहन्छन्, तब हामीले तिनीहरूलाई यसो गर्न उत्साह दिनुपर्छ, र तिनीहरूलाई रोक्न वा बाधा दिनुहुँदैन। नरकमा सबभन्दा कम उमेर भएको व्यक्ति को होला? कसैले यो जान्दैन। यसैले कुनै बालबालिकाले साँच्ची नै मुक्ति पाउन चाहन्छ भने हामीले यस्तोलाई 'तिमी साना छौ; तिमीले यसो गर्न सक्दैनौ' भन्नुहुँदैन, साथै तिनीहरूले नकल गर्ने गरी प्रभुलाई स्वीकार गर्न तिनीहरूलाई करमा पार्नुहुँदैन। भावुक भएको हुनाले नानीहरू सजिलोसँग आवेगपूर्ण आग्रहहरूको सिकार बन्दछन्; यसैले सुसमाचार सुनाउँदा जबरजस्ती गर्ने तरिकाहरू अपनाउनेहरूबाट हामीले बालबालिकाहरूलाई रक्षा गर्नुपर्छ। मुक्ति पाउन बालबालिकाहरू वयस्क हुनुपर्दैन, तर प्रौढ़हरू साना नानीहरूजस्तै बन्नुपर्छ (मत्ती १८:३-४, मर्कूस १०:१५)।

तेस्रो शिक्षाः प्रभु येशूका यी शब्दहरूले निम्न प्रश्नको उत्तर दिन्छन्: 'जनु बालबालिका आफ्नो जीवनको पूरा जिम्मेवारी उठाउन सक्ने उमेर नपुगी मर्‍यो भने उसलाई के हुने होला?' प्रभु येशूले भन्नुभयोः 'स्वर्गको राज्य यस्ताहरूकै हो।' आफ्ना ससाना नानीहरू गुमाउनुपरेको हुनाले शोकित बुवाआमाहरूलाई यस वचनले पर्याप्त सान्त्वना/आश्वासन/निश्चयता मिलेको छ।

यो खण्ड लिएर कतिले यससित बालबप्तिस्मा समर्थन गर्न खोज्छन्, जुन बप्तिस्मा दिएर तिनीहरूले मसिना नानीहरूलाई ख्रीष्टको देहका अङ्गहरू र उनीहरूलाई स्वर्गको राज्यका हकदारहरू/उत्तराधिकारीहरू तुल्याउन चाहन्छन्। तर यो खण्ड ध्यानसित पढ्दाखेरि के थाहा लाग्यो भने, बुवाआमाहरूले नानीहरूलाई बप्तिस्मा-कक्षमा होइन, तर प्रभु येशूकहाँ ल्याए। यी नानीहरू स्वर्गको राज्यका हकवाला

भइसकेको कुरा यहाँ बताइएको पाइन्छ। अनि यस खण्डमा बप्तिस्माको के कुरा, एक थोपा पानीधरिको कुरा उल्लेख गरिएको छैन।

छ) धनी जवान शासकबाट धनसम्पत्तिको विषयमा प्रभुको शिक्षा (मत्ती १९:१६-२६)

मत्ती १९:१६: यहाँको घटनाको अध्ययन गरेमा दुईवटा असमान कुराको तुलना गर्न पाइँदो रहेछ। स्वर्गको राज्य ससाना नानीहरूको हो भन्ने कुरा भर्खरै हामीले अध्ययन गरेका छौं; अब प्रौढ़हरूलाई स्वर्गको राज्यमा प्रवेश गर्नु कति कठिन/गाह्रो पर्दो रहेछ, सो हेर्नेछौं।

एकजना धनी जवान येशूकहाँ आयो, र उहाँलाई एउटा इमानदार प्रश्न गरेर उहाँलाई अघि बढ़ून दिएन। 'असल गुरु' भनेर प्रभुलाई सम्बोधन गरीकन उसले सोधेः 'अनन्त जीवन पाउन म के गरूँ?' यस प्रश्नले के प्रकट गर्छ भने, यस मानिसले प्रभु येशूको साँचो परिचय पाएको थिएन रहेछ, र मुक्तिको बाटोको विषयमा पनि ऊ अनजान थियो। प्रभु येशूलाई 'गुरु' भन्दाखेरि उसले उहाँलाई अरू महान् व्यक्तिहरूको दाँजोमा राखेछ। अनि उसले अनन्त जीवन प्राप्त गर्ने सम्बन्धमा त्यसलाई दानको रूपमा होइन, तर काम गरेर तिर्न सक्ने उधारो सम्झ्यो।

मत्ती १९:१७: यी दुईवटा कुरामा हाम्रा प्रभुले उसलाई जाँच गर्नुभयो। **'तिमी मलाई किन असल भन्छौ? एकजना मात्र असल हुनुहुन्छ – परमेश्वर; उहाँबाहेक अरू कोही पनि असल छैन'** भन्दाखेरि प्रभु येशूले आफू परमेश्वर हुनुभएको कुरा इन्कार गर्नुभएन, तर यसो गर्दा उहाँले यस मानिसलाई 'तपाईंचाहिँ परमेश्वर हुनुहुन्छ, र यसैकारण मैले तपाईंलाई असल भनेको छु' भन्ने मौका दिनुभयो।

मुक्तिको बाटोको सम्बन्धमा उसको परीक्षा लिनलाई येशूले भन्नुभयोः **'तर तिमी जीवनमा प्रवेश गर्न चाहन्छौ भने आज्ञाहरू पालन गर!'** आज्ञाहरू पालन गरीकन कुनै मानिसले मुक्ति प्राप्त गर्न सक्छ भन्ने अर्थ येशूका यी शब्दहरूमा छैन नै। तर व्यवस्थाको कुरा लिएर उहाँले यस मानिसको हृदयमा उसलाई पापको दोषले कायल पार्न चाहनुभयो;

किनभने यस जवान मानिसमा काम गरेर नै म परमेश्वरको राज्यको भागीदार हुन्छु भन्ने भूलधारणा र सिद्धान्त थियो। यसकारण उसले व्यवस्था पालन गरोस्; किनकि व्यवस्थाले उसलाई उसले के गर्नुपर्छ, सो बताइदिन्छ।

मत्ती १९:१८-२०: हाम्रा प्रभुले व्यवस्थाबाट ती पाँचवटा आज्ञा उद्धृत गर्नुभयो, जुन आज्ञाहरूले प्रायः आफ्नो छिमेकीप्रति हाम्रो कर्तव्य देखाउँछन्। **'अनि तिमीले आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर'** भन्दै उहाँले आज्ञाहरूको शिखरमा पुग्नुभयो। आफ्नो स्वार्थीपनको बारेमा अन्धा भएको यस जवान मानिसले 'मैले सधैं नै यी आज्ञाहरू पालन गरिरहेकै छु' भन्दै गर्व गऱ्यो।

मत्ती १९:२१: तब हाम्रा प्रभुले आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर्नुमा उसको कमी/असफलता देखाउन उसलाई भन्नुभयोः **'जाऊ, तिमीसँग जे छ, त्यो बेच र गरिबहरूलाई देऊ! त्यसपछि आऊ, मेरो पछि लाग!'**

यस मानिसले आफ्नो सारा धनसम्पत्ति बेचेर र यसको जम्मै पैसा दान गरेर मुक्ति पाउन सक्छ भन्ने अर्थ प्रभु येशूले आफ्ना शब्दमा लगाउनुभएन; किनभने मुक्ति पाउने एकमात्र उपाय प्रभु येशूमाथि विश्वास गर्नु हो।

तर मुक्ति पाउन मानिसले 'मैले पाप गरें र परमेश्वरका पवित्र आज्ञाहरू उल्लङ्घन गरेर उहाँको माग पूरा गरिनँ; म जस्तो हुनुपर्ने हो, त्यस्तै म भएकै छैनँ; म एकदम पछाडि परेको छु' भन्ने कुरा स्वीकार गर्नुपर्छ। यस धनी मानिस आफ्नो पूरा धनसम्पत्ति बेचेर गरिबहरूलाई बाँड्न राजी थिएन; यसैबाट उसले आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम नगरेको कुरा देखायो। 'हे प्रभु, तपाईंको माग यही हो भने म ता एउटा पापी रहेछु; म आफ्नो कोशिशले आफूलाई बचाउन सक्दिनँ; यसैले म तपाईंलाई विन्ती गर्छुः तपाईंको अनुग्रह/निगाहले मलाई बचाउनुहोस्!' भन्दै उसले भन्नुपर्नेथियो। यस मानिसले प्रभुले दिनुभएको शिक्षा ग्रहण गरेको भए उसका निम्ति मुक्तिको बाटो खोलिनेथियो, उसैलाई मुक्तिको उपाय दिइनेथियो।

मत्ती १९:२२: येशूको यो शिक्षा ग्रहण नगरेर त्यो जवान मानिस दुःखित भएर हिँड्यो ।

मत्ती १९:२३-२४: यस धनी मानिसको प्रतिक्रियाबाट प्रेरित भईकन प्रभु येशूले **'धनी मानिस कठिनसँग स्वर्गको राज्यभित्र प्रवेश गर्छ'** भन्नुभयो । धनसम्पत्तिचाहिँ मूर्ति बन्दो रहेछ । धनसम्पत्ति भएको मानिसका निम्ति धनमाथि भरोसा नपर्नु गाह्रो रहेछ । हाम्रा प्रभुले सफासँग भन्नुभयोः **'धनी मानिसलाई परमेश्वरको राज्यभित्र पस्नुभन्दा ऊँटलाई सियोको नाथ्रीबाट छिरेर जानु सजिलो हुन्छ ।'** यस कुराले गहिरो प्रभाव पारोस् र यसको स्मरण रहिरहोस् भन्ने उद्देश्यले उहाँले यहाँ चित्रणको भाषा चलाउनुभयो । यस्तो भाषालाई अतिशयोक्ति भनिन्छ ।

पक्का पनि ऊँटलाई सियोको नाथ्रीबाट छिर्नु असम्भव छ । यस 'सियोको नाथ्री'को कुरा लिएर धेरैले भन्छन्ः यो ता यरूशलेमको पर्खालमा भएको सानो ढोका/प्रवेशद्वार हुनुपर्ला, जसबाट भएर एउटा ऊँट बड़ो मुस्किलले बामे सार्दै छिर्न सक्थ्यो । तर जुन 'रफिस' शब्द मूलभाषामा सियोका निम्ति चलाइएको छ, त्यो शब्द लूकाले पनि चलाउँछन्, तर यसको अर्थ चिकित्सकले/डाक्टरले सिलाइ गर्ने सियोको रूपमा प्रयोग गर्ने सियो हो । 'कठिन छ' भनेर प्रभुले भन्न चाहनुभएन, तर 'यो ता असम्भव नै हो' पो भन्नुभयो । मानिसको दृष्टिमा धनी मानिसले मुक्ति पाउनै सक्दैन ।

मत्ती १९:२५: यो सुनेर प्रभुका चेलाहरूले अचम्म माने; किनकि उनीहरू मोशाको व्यवस्थामनि जिउने यहूदी थिए, जुन व्यवस्थामा परमेश्वरले उहाँको आज्ञापालन गर्नेहरूलाई सफलता/उन्नति/समृद्धिको प्रतिज्ञा दिनुभयो । यसैले धनसम्पत्तिचाहिँ परमेश्वरको आशिषको प्रमाण हो भनी उनीहरूले सम्झन्थे, अनि यसो बुझ्नुमा उनीहरू ठीक थिए । तब परमेश्वरको आशिषमनि जिउनेहरूले मुक्ति पाउन सक्दैनन् भने मुक्ति कसले पाउँछ र ?

मत्ती १९:२६: प्रभु येशूले उत्तर दिँदै यसो भन्नुभयोः **'मानिसहरूका निम्ति यो असम्भव छ, तर परमेश्वरका निम्ति सबै कुरा सम्भव छन् ।'** मानिसको दृष्टिमा सबैका निम्ति मुक्ति पाउनु असम्भव

छ। परमेश्वरले मात्र मानिसलाई बचाउन सक्नुहुन्छ। तर गरिब मानिसका निम्ति भन्दा धनी मानिसका निम्ति आफ्नो इच्छा प्रभु येशूमा सुम्पनु झन् गाह्रो छ। यसको प्रमाण यो छः थोरै धनी मानिसहरू प्रभुतिर फर्केका छन्। देखिने जीवनको आधारमाथि गरिने भरोसा त्यागेर देख्न नसकिने ख्रीष्ट प्रभुमाथि भर पर्नु तिनीहरूका निम्ति प्रायः असम्भव छ। परमेश्वरले मात्र तिनीहरूमा यस प्रकारको परिवर्तन ल्याउन सक्नुहुन्छ।

यस ठाउँमा प्रायः सबै टिप्पणीकारहरू र प्रचारकहरूले एकसाथ आफ्नै विचार हालेर/लगाएर ख्रीष्ट-विश्वासीहरूका निम्ति धनी हुनु बिलकुल ठीक कुरा हो भनेर भन्छन्। यो कति चकित/विचित्र कुरा हो। तिनीहरूले कसरी यो खण्ड लिएर पृथ्वीमा धन थुपार्ने काम सठीक पार्न सक्छन्, जब यस खण्डमा प्रभु येशूले धनसम्पत्तिमा दोष भेट्टाएर त्यसले चाहिँ अनन्तकालको दृष्टिमा मानिसको भलो गर्दैन, तर बरु मुक्ति पाउनुमा बाधा पार्छ? चारैतिर भयानक खाँचैखाँचो देखेर एउटा ख्रीष्ट-विश्वासीचाहिँ कसरी लीन भएर धनमा टाँसिरहन सक्छ? यो बुझ्न गाह्रो छ। के येशू ख्रीष्टको दोस्रो आगमन नजिकै होइन र? के पृथ्वीमा आफ्ना निम्ति धनसम्पत्ति नथुपार्नू भनेर प्रभु येशूले स्पष्ट रूपले धन जोहो गर्न मनाही गर्नुभएको छैन र? हामीले थुपारेको धनले चाहिँ हामीलाई आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम नगरेको पापको सम्बन्धमा दोषी ठहर्‍याएको छ।

ज) त्यागको जीवनको विषयमा प्रभुको शिक्षा (मत्ती १९:२७-३०)

मत्ती १९:२७: प्रभु येशूले सिकाउनुभएको शिक्षारूपी तरङ्गमा बगेर पत्रुसले प्रभुले भन्न चाहनुभएको सार बुझिहालेः 'सबै कुरा त्यागेर मेरो पछि आऊ!' उनी आफैले र उनका सँगी-चेलाहरूले ठीक त्यस्तै गरेका थिए। यस कुराले आफ्ना आँखा सेक्दै उनले थपेर प्रभुलाई सोध्छन्: **'हामीले सबै कुरा त्याग्यौं, र तपाईंको पछि लाग्यौं; यसका निम्ति हामीले के पाउनेछौं?'** पत्रुसको स्वार्थी भावना यस प्रश्नमा देखा

परिरहेको रहेछ। उनको पुरानो स्वभाव उठिरहेको रहेछ। यस्तो मनो-भावनादेखि हामी सबैजना होशियार/सतर्क रहनुपर्छ। के पत्रुसले प्रभुसँग मोलतोल गर्न खोजेको होइन र ?

मत्ती १९:२८-२९: प्रभु येशूले पत्रुसलाई ठूलो आश्वासन दिनुभयोः उनले प्रभुका निम्ति जेजति पनि गरे वा गर्छन्, त्यसको उचित/ठूलो इनाम उनले पाउने नै छन्। विशेष गरी यी बाह्रजना प्रेरितहरूले ख्रीष्टको हजार वर्षको राज्यमा उच्च ओहदामा बसेर ठूलो अधिकार पाउनेछन्। 'नयाँ सृष्टिमा' भन्नाले भविष्यमा पृथ्वीमा येशू ख्रीष्टको शासनकाल बुझिन्छ; किनकि **'जब मानिसका पुत्र आफ्नो महिमाको सिंहासनमा बस्नेछन्'** भन्ने शब्दहरूले यही अर्थ दिन्छन्। मत्ती ३ अध्यायमा हेर्नुहोला, जहाँ हामीले स्वर्गको राज्यको यस चौथो अवस्थालाई *प्रत्यक्ष प्रदर्शन* भन्ने नाम दिएका थियौं। त्यस समय यी बाह्रजना प्रेरितहरू **'इस्राएलका बाह्र कुलहरूको न्याय गर्दै बाह्रवटा सिंहासनहरूमा बस्नेछन्।'** नयाँ नियममा बताइएका इनामहरू र ख्रीष्टको हजार वर्षको राज्यमा हुने पद/उपाधिहरूको बीचमा नजिकको सम्बन्ध छ (लूका १९:१७ र १९ पद हेर्नुहोस्!)। इनामहरू ख्रीष्टको न्याय-आसनमा पाइनेछन्, तर प्रभु येशू यस संसारमा राज्य गर्न फर्केर आउनुहुने समयमा तिनले एक प्रत्यक्ष रूप लिनेछन्।

सबै विश्वासीहरूको विषयमा प्रभु येशूले यो कुरा थपेर भन्नुभयोः **'अनि हरेक, जसले मेरो नामको खातिर घरहरू, वा दाजुभाइहरू, वा दिदीबहिनीहरू, वा बुवा, वा आमा, वा पत्नी, वा नानीहरू, वा जग्गाजमिनहरू त्यागेको छ, त्यसले सय गुणा पाउनेछ, र अनन्त जीवनको अधिकारी हुनेछ।'** यस जीवनमा यस्ता विश्वासीहरूले संसारभरिका भाइबहिनीहरूको मीठो, न्यानो सँगति उपभोग गर्छन्, अनि यस सँगतिले सांसारिक सम्बन्धहरू टुटेकोबाट उनीहरूले भोगेको क्षति पूर्ति गर्छ, अँ, त्यसभन्दा बढ़ी गर्छ। उनीहरूले त्याग्नुपरेको एउटा घरको सट्टामा विश्वासीहरूका सयवटा घरहरूमा हार्दिक स्वागत पाउँछन्। उनीहरूले छोड्नुपरेको जग्गाजमिन वा अरू कुनै जयजेथाको सट्टामा बेहिसाब आत्मिक धनसम्पत्ति पाउनेछन्।

अनन्त जीवन सबै विश्वासीहरूको इनाम हो, जो उनीहरूले भविष्यमा पाउनेछन्। अनन्त जीवनचाहिँ सबै कुराको त्याग गरेको र बलिदानरूपी जीवन जिएको फल हो भन्ने अर्थ लाउनु गलत हो; किनकि अनन्त जीवन एक वरदान हो; यसलाई कमाउन सकिँदैन; यो कुनै पुण्यफल पनि होइन। यहाँ भन्न चाहिएको कुरा के हो भने, जसले सबै थोक त्यागे, स्वर्गमा अनन्त जीवनका आशिषहरूको आनन्द उपभोग गर्ने उनीहरूको क्षमता बढ़ी हुनेछ। सबै विश्वासीहरूसँग अनन्त जीवन छ; तर सबैले बराबर यसको आनन्द उपभोग गर्नेछैनन्।

मत्ती १९:३०: आफ्ना टिप्पणीहरू भनिसकेर अन्तमा प्रभु येशूले मोलतोल गर्ने भावनाको विरोधमा चेताउनी दिनुहुन्छ। वास्तवमा उहाँले पत्रुसलाई भन्नुहुन्छः 'तिमीले मेरा निम्ति जे पनि गर्छौ, त्यसको इनाम अवश्य हुनेछ; तर आफ्नो स्वार्थसिद्धिको सिकार बन्नुदेखि होशियार, नत्र ता **'धेरैजना जो पहिला छन्, तिनीहरू पछिल्ला हुनेछन्, र पछिल्ला-हरूचाहिँ पहिला हुनेछन्।'** बीस अध्यायमा भएको दृष्टान्तले यो कुरा स्पष्ट पार्छ। यस भनाइमा अर्को चेताउनी पनि छः येशूको चेला हुने पथमा खुट्टा टेकेर हिँड्न शुरु गर्नु – यति पर्याप्त हुँदैन, तर त्यसको अन्तमा/टुङ्गामा हामी कसरी पुग्नेछौ, त्यो पो गनिन्छ।

यो खण्ड छोड्नुभन्दा अघि स्वर्गको राज्य र परमेश्वरको राज्य २३ र २४ पदमा एक-अर्कोको ठाउँमा राखेर प्रयोग गरेको कुरामा हामीले ध्यान दिनुपर्छ। यी दुई कुरा एउटै हुन्; यी शब्दहरू समानार्थक हुन्।

झ) दाखबारीमा काम गर्नेहरूले पाउने इनामहरूको विषयमा प्रभुको शिक्षा (मत्ती २०:१-१६)

मत्ती २०:१-२: उन्नाइस अध्यायको अन्तमा प्रभु येशूले इनामहरूको विषयमा दिनुभएको प्रवचनले यस दृष्टान्तमा निरन्तरता पाउँछ। येशूका सबै सच्चा चेलाहरूले इनाम पाउनेछन्, तर इनामहरू दिने क्रमचाहिँ चेलाले प्रभुको सेवा कुन भावनाले/मनसायले गरेको छ, यस कुरामा निर्धारित हुन्छ भन्ने वास्तविकता यस दृष्टान्तले स्पष्ट पार्छ।

यस दृष्टान्तले एकजना जमिनका मालिकको बयान गर्छ, **'जो आफ्नो दाखबारीमा खेतालाहरूलाई ज्यालामा लगाउन बिहानै बाहिर निस्के।'** ती खेतालाहरूले दिनको एक दीनारमा कामको ठेक्का लिए। त्यस जमानामा एक दीनार एक दिनको उचित ज्याला/मजदुरी थियो। मानौं, तिनीहरूले बिहान छ बजेदेखि काम शुरु गरे।

मत्ती २०:३-४: अनि नौ बजेतिर तिनले बजारमा अरू खेताला-हरूलाई भेट्टाए, जसले काम पाएका थिएनन्। यसपालि कुनै काम-दामको तय गरिएन। **'जे उचित छ, सो म तिमीहरूलाई दिन्छु'** भन्ने तिनको वचन लिएर तिनीहरू काम गर्न गए।

मत्ती २०:५-७: बाह्र बजेतिर अनि तीन बजेतिर यी दाखबारीका मालिकले फेरि अरू मानिसहरूलाई 'म तिमीहरूलाई उचित ज्याला दिन्छु' भन्ने प्रतिज्ञा दिएर काममा लगाए। अनि बेलुकी पाँच बजेतिर तिनले अरू मानिसहरूलाई भेट्टाए, जसले काम पाएका थिएनन्। उनीहरू अल्छे थिएनन्; उनीहरूले काम गर्न चाहन्थे; तर कसैले उनीहरूलाई कुनै काम दिएको थिएन। 'मेरो दाखबारीमा जाओ' भन्दै तिनले ज्यालाको बारेमा केही नभनीकन उनीहरूलाई काममा पठाए।

हाम्रो ध्यानमा पर्नुपर्ने महत्त्वपूर्ण कुरा यही होः सबभन्दा पहिले काममा लगाइएका खेतालाहरूले मालिकसित मोलमोलाइ गरेर ज्याला मिलाएका थिए, तर पछि आउने अरू खेतालाहरूले ज्यालाको कुरा जमिनका मालिकको हातमा राखिछोड़े।

मत्ती २०:८: साँझ परेपछि जमिनका मालिकले आफ्नो वेतनदातालाई पछिल्लाहरूबाट शुरु गरेर यी खेतालाहरूको ज्याला दिने आदेश दिए। यसरी नै पहिले काममा लगाइएकाहरूले अरूले कति ज्याला पाए, सो देखे।

मत्ती २०:९-१२: सबैले एकै ज्याला – एक दीनार पाए। बिहान छ बजेदेखि काम गर्ने मानिसहरूले **'हामी बढ़ी ज्याला पाउँछौं होला'** भन्ने आशा गरेका थिए, तर होइन, तिनीहरूले पनि एक-एक दीनार पाए। तिनीहरू नाराज भए; किनकि तिनीहरूले गर्मी सहेर दिनभरि नै काम गरेका थिए।

मत्ती २०:१३-१४: यस दृष्टान्तबाट जमिनका मालिकले तिनीहरूमध्ये एउटालाई दिएको जवाफमा हामीले केही रहिरहने पाठहरू सिक्न पाउँछौं। तिनले भनेः **'साथि, मैले तिमीमाथि कुनै अन्याय गरेको छैनँ; के तिमी मसँग एक दीनारमा राजी भएनौ र? तिम्रो लेऊ, र जाऊ! मैले तिमीलाई जति दिएँ, म त्यत्ति नै यस पछिल्लोलाई पनि दिन चाहन्छु।'** पहिला खेतालाहरूले दिनको एक दीनारमा आफ्नो ज्याला मिलाएका थिए, अनि तिनीहरूले त्यही ज्याला पाए, जसमा तिनीहरू राजी भए। तर अरू सबै खेतालाहरूले आफैलाई जमिनका मालिकको अनुग्रहमा/निगाहमा राखिछोड़े, र उनीहरूले अनुग्रह/निगाह पाए। न्याय पाउनुभन्दा अनुग्रह/निगाह पाउनु उत्तम रहेछ। प्रभुसँग मोलतोल गरेर इनामहरू तोक्नुभन्दा हाम्रा इनामहरू उहाँको हातमा राखिछोड्नु बेस हो।

मत्ती २०:१५: त्यसपछि यी जमिनका मालिकले भनेः **'मेरो चीजसित, मलाई जे इच्छा लाग्छ, त्यही गर्न के मेरा लागि उचित छैन र?'** यसबाट हामीले सिक्नुपर्ने पाठ होः परमेश्वर सर्वाधिकारी हुनुहुन्छ। उहाँलाई जे इच्छा लागेको छ, त्यही उहाँले गर्न सक्नुहुन्छ; अनि उहाँलाई जे इच्छा लाग्छ, त्यो उचित, न्यायसँगत र पक्षपातबिनाको हुन्छ।

यी जमिनका मालिकले कुरा थपेर सोधेः **'म असल भएकोमा के तिम्रो आँखा जल्छ?'** मानिसको स्वभाव कति स्वार्थले पूर्ण रहेछ!? यस प्रश्नले सो कुरा प्रकाशमा ल्याएको छ। बिहान छ बजेदेखि काम गर्ने मानिसहरूले तिनीहरूले पाउनुपर्ने सठीक ज्याला पाए, तर तिनीहरूको आँखा जल्यो; किनकि अरू खेतालाहरूले कम समय काम गरेर उत्ति नै ज्याला पाएका थिए। अनि हामीमध्ये धेरैजनाले स्वीकार गर्नुपर्छः हो, यी मालिकको व्यवहार हामीलाई पनि अलिक अनुचित/पक्षपाति लाग्यो। यस कुराले स्वर्गको राज्यमा हामीले पूर्ण रूपले नयाँ प्रकारको सोचाइ अपनाउनुपर्छ भन्ने प्रमाण दिन्छ। हाम्रो लोभी/स्वार्थी भावना, हाम्रो स्पर्धा-प्रतिस्पर्धा गर्ने आत्मा हामीले त्याग्नुपर्छ र प्रभुले गरेजस्तै विचार गर्नुपर्छ।

ती सबै खेतालाहरूलाई पैसाको खाँचो छ भन्ने कुरा यी जमिनका मालिकलाई थाहा थियो। यसैले उनले तिनीहरूको खाँचोअनुसार तिनीहरूलाई ज्याला दिए, तिनीहरूको लोभी भावना/लोभअनुसार होइन। कसैलाई पाउनुपर्ने ज्यालाभन्दा कम्ती दिइएन; सबैले आ-आफ्नो आवश्यकता र आ-आफ्ना परिवारको आवश्यकताअनुसार ज्याला पाए। श्री जेम्स् स्टूवर्टको भनाइअनुसार यहाँ सिक्नुपर्ने पाठ यस प्रकारको छः 'जुन व्यक्तिले अन्तमा पाइने आफ्नो इनामको विषयमा परमेश्वरसित मोलतोल गरेर त्यसलाई निश्चित गराउन चाहन्छ, ऊ सधैं गल्ती गर्छ; अनि सधैं परमेश्वरको अनुग्रहचाहिँ अन्तिम अधिकार हो; उहाँको निगाहसित विवाद गर्ने कुनै ठावै रहनेछैन।' [ग]

यस दृष्टिकोणले हामी यो दृष्टान्तको अध्ययन जत्ति गर्छौं, त्यत्ति नै हामीलाई के महसुस हुन्छ भने, यी मालिकको व्यवहार उचित/न्यायसँगत मात्र नभएर अति सुन्दर, अति उत्तम रहेछ। बिहान छ बजेतिर ज्यालामा लगाइएका खेतालाहरूले दिनभरि यस्ता अद्‌भुत मालिकको सेवा गर्न पाएको खण्डमा यो थप आशिषरूपी सौभाग्य पो ठान्नुपर्नेथियो।

मत्ती २०:१६: प्रभु येशूले यस दृष्टान्त अन्त गर्नुहुँदा यी शब्द प्रगोग गर्नुभयोः **'यसरी नै पछिल्लाहरू पहिला, र पहिलाहरू पछिल्ला हुनेछन्।'** (मत्ती १९:३० पद हेर्नुहोस्!)। त्यस दिन इनामहरूको विषयमा ताजुब लाग्ने नै छ। कतिजना जो सोच्थेः 'पक्का, म पहिलो हुनेछु', तिनीहरू पछिल्ला हुनेछन्; किनभने तिनीहरूको सेवा घमण्ड र स्वार्थी अभिप्रायले प्रेरित भएको थियो। अरू मानिसहरूको ठूलो सम्मान/कदर हुनेछ; किनकि उनीहरूले प्रेम र आभारको भावनाले प्रभुको सेवा गरे।

'जुन कामहरूको बारेमा हामीले ती इनाम पाउने योग्यका हुन्छन् भन्ठान्छौं, प्रभुले हामीलाई के देखाउनुहुनेछ भने, ती पाप पो हुँदा रहेछन्। तर ती ससाना कामहरू जो हामीले भुलिसक्यौं, तिनको विषयमा उहाँले हामीलाई देखाउनुहुनेछः ती उहाँका निम्ति गरिएका हुन्।' *अज्ञात*

ञ) आफ्नो मृत्यु र पुनरुत्थानको विषयमा प्रभुको शिक्षा (मत्ती २०:१७-१९)

मत्ती २०:२९ पद हेर्दाखेरि यरिहोबाट भएर यरूशलेमतिर गर्ने यात्रामा प्रभु येशूले पेरिया छोड्नुभएको बुझिन्छ। यस बेला उहाँले फेरि पनि आफ्ना बाह्र चेलाहरूलाई अलग्गै लानुभयो र पवित्र शहर यरूशलेम पुगेपछि के-के घटना घटिनेछन्, सो उनीहरूलाई बताउनु-भयो। **'उहाँ मुख्य पूजाहारीहरू र शास्त्रीहरूको हातमा पक्राउ पर्नुहुनेछ।'** यो यहूदा इस्करयोतीले गरेको विश्वासघातको स्पष्ट पूर्वसङ्केत हो। यहूदीहरूका नेताहरूले **'उहाँलाई मृत्यु-दण्डको योग्य ठहराउनेछन्।'** मृत्यु-दण्ड दिने अधिकार नभएको हुनाले **'तिनीहरूले उहाँलाई अन्यजातिहरूको हातमा सुम्पनेछन्।'** अन्यजातिहरू भन्नाले रोमीहरू बुझिन्छ। **'उहाँलाई गिल्ला गरिनेछ, उहाँलाई कोर्रा लगाइनेछ र उहाँलाई क्रूसमा टाँगिनेछ।'** तर मृत्युले आफ्नो लुटको माल/सिकार हाम्रा प्रभुलाई राख्न सक्नेछैन; **'तेस्रो दिनमा उहाँ बौरेर उठ्नुहुनेछ।'**

ट) परमेश्वरको राज्यमा पाइने उच्च पदको विषयमा प्रभुको शिक्षा (मत्ती २०:२०-२८)

प्रभुको दुःखको मृत्युको तेस्रो पूर्वसूचना दिइने बित्तिकै येशूका अनुयायीहरूले उहाँका दुःखकष्टहरूभन्दा आफ्नो महिमाको विषयमा बढ़ी सोचे/मन लगाए/ध्यान दिए भन्ने कुरा लिएर हामीले यस ठाउँमा मानव स्वभावको एक दुःखलाग्दो टिप्पणी गर्नुपर्‍यो।

स्क्रिप्चर यूनिनको दैनिक टिप्पणीमा यसो लेखिएको पाइन्छः

'येशूको दुःखको पहिलो पूर्वसूचनाले पत्रुसको मनमा यसको विरोधमा आफ्नो आपत्ति जनाउने उमङ्ग पैदा गरेको थियो (मत्ती १६:२२); अनि दोस्रो पूर्वसूचना दिइएको केही क्षणपछि चेलाहरूले "स्वर्गको राज्यमा सबैभन्दा ठूलो को हो?" भन्ने प्रश्न गरे। अनि यहाँ, याकूब र यूहन्नाको अभिलाषाले युक्त विन्तीले तेस्रो पूर्वसूचनामाथि ढक्कनी लगाउँदैथियो। चेलाहरूका आँखाहरू

समस्याको विषयमा दिइएका चेताउनीहरूका निम्ति सधैं बन्द रहेका थिए; ती केवल आफ्नो महिमाको विषयमा दिइएको प्रतिज्ञा देख्नका निम्ति खोलिए। यसरी उनीहरूले परमेश्वरको राज्यको बारेमा केवल एक भौतिक दृष्टि, अँ, एक गलत दृष्टि पाएर अपनाए।'

मत्ती २०:२०-२१: जब्दीका छोरा याकूब र यूहन्नाकी आमा प्रभुकहाँ आइन्, र उहाँलाई यसो विन्ती गरिन्: **'तपाईंको राज्यमा मेरा यी दुई छोराहरूलाई तपाईंको दाहिने हातपट्टि र देब्रे हातपट्टि बस्न दिनुहोस्!'** तिनको सन्हानी गरेर हामी भन्न सक्छौं: तिनले आफ्ना छोराहरू प्रभुको नजिकमा भएका चाहना गरिन्, र आउन लागेको उहाँको राज्यको विषयमा हार खाएकी थिइनन्। तर तिनले परमेश्वरको राज्यमा सम्मान कुन आधारमा/कुन हिसाबले दिइन्छ, सो कुरा बुझिनन्।

सुसमाचार लेखक मर्कूसले तिनका छोरा याकूब र यूहन्ना स्वयम्ले यो विन्ती चढ़ाएका बताउँछन् (मर्कूस १०:३५)। हुन सक्छ, उनीहरूले आमाको निर्देशनमा यसो गरे; अथवा शायद उनीहरू तीनैजनाले सँगै प्रभुकहाँ गएका थिए। जस्तो भए पनि एक-अर्कोको कुरा खण्डन गर्न यहाँ केही पनि छैन।

मत्ती २०:२२: येशूले जवाफ दिएर उनीहरूलाई सफासँग/खुलस्त भन्नुभयो: **'तिमीहरू के माग्छौ, सो जान्दैनौ।'** उनीहरूले क्रूसविनाको मुकुट, बलिदान चढ़ाउने वेदीविनाको सिंहासन, दुःखकष्टविनाको महिमा खोजिरहेका थिए; जसको एक कुरा अर्को कुराविना पाइँदैनथियो। यसैले उहाँले उनीहरूलाई यही कुरा केन्द्रित गर्ने प्रश्न सोध्नुभयो: **'जुन कचौरा म पिउन लागेको छु, के तिमीहरू त्यो पिउन सक्छौ?'** त्यस कचौराको अर्थ के थियो होला भनेर आफ्नो अड़कल काट्नुपर्दैन। भर्खरै उहाँले १८ र १९ पदमा यसको कुरा गर्नुभएको थियो। प्रभु येशू दुःख सहनुपर्छ र मर्नुपर्छ।

याकूब र यूहन्नाले **'हामी सक्छौं'** भनेर उहाँका दुःखकष्टहरूमा सहभागी हुने आफ्नो क्षमता व्यक्त गरे। हुन सक्छ, यस कुरामा

उनीहरूको आत्मविश्वास ज्ञानमा आधारित होइन, तर आवेगको फल थियो होला ।

मत्ती २०:२३: हो, पक्का पनि उनीहरूले उहाँको कचौरा पिउने नै छन् । प्रभु येशूले उनीहरूलाई निश्चय गराउनुभयो । याकूब शहीद बन्नु थियो, र यूहन्ना सतावटमा परेर पतमोस टापुमा देशनिकालाको सजाय भोग्नु थियो । श्री रोबर्ट लिट्टलले यसो भन्छन्: *'याकूब शहीद भएर मरे, अनि यूहन्ना शहीदको जीवन जिए ।'* मूलभाषामा शहीदको अर्थ साक्षी पनि हो ।

त्यसपछि प्रभु येशूले आफ्नै स्वतन्त्र इच्छाले कसैलाई परमेश्वरको राज्यमा आदरका स्थानहरू दिन सक्नुहुन्न, सो स्पष्ट पार्नुभयो । यी उच्च पदहरू कुन विशेष आधारमा निर्धारित भई दिइनेछन्, सो कुरा पिता परमेश्वरले ठहराउनुभएको छ । उनीहरूको विचारमा, त्यो येशूको राजनीतिक अधिकारको कुरा थियो, अर्थात् उनीहरू ख्रीष्ट येशूको यति नजिक सम्पर्कमा रहेका व्यक्तिहरू भएका हुनाले उनीहरूले पदोन्नतिका स्थानहरूका निम्ति प्राथमिक अधिकार दाबी गर्न सक्नेथिए । तर यसमा भाइ-भतिजावाद हुँदैन, पक्षपात पनि हुँदैन । परमेश्वरका सल्लाह/अभिप्रायहरूअनुसार ख्रीष्टको दाहिने र देब्रेपट्टिका ठाउँहरू उहाँका निम्ति भोगेका दुःखकष्टको आधारमा दिइनेछन् । यसर्थ परमेश्वरको राज्यका सर्वोच्च सम्मानचाहिँ पहिलो शताब्दीमा जिउने ख्रीष्ट-विश्वासीहरूमा मात्र सीमित हुँदैन, तर आजभोलि जिउने विश्वासीहरूले दुःख सहेर ती प्राप्त गर्नु/हासिल गर्नु सम्भव छ ।

मत्ती २०:२४: जब्दीका छोराहरूले यस प्रकारको विन्ती चढ़ाएकोमा अरू दसजना चेलाहरू साह्रै रिसाए । शायद उनीहरूले स्वयम् सबैभन्दा ठूलो हुन चाहेका थिए, र यसैले याकूब र यूहन्नाले यसको पूर्वदाबी गर्न खोजेको प्रयासमा उनीहरू बेखुशी थिए ।

मत्ती २०:२५-२७: यस अवस्थाले हाम्रा प्रभुलाई उहाँको राज्यमा महान् हुने सम्बन्धमा क्रान्तिकारी व्याख्या भन्नलाई राम्रो मौका/सुअवसर दिलायो । अन्यजातिका मानिसहरूले महान्तामा अरूमाथि प्रभुत्व जमाउनु र शासन गर्नु मात्र बुझ्छन् । तर ख्रीष्ट येशूको राज्यमा महान्ता

सेवाद्वारा प्रकट गरिन्छ। **'जो महान् हुने इच्छा गर्छ, ऊचाहिँ सेवक बन्नुपर्छ, र जो पहिलो हुने इच्छा गर्छ, ऊचाहिँ दास बन्नुपर्छ।'**

मत्ती २०:२८: मानिसका पुत्र येशू स्वयम् विनम्र सेवाको सिद्ध नमुना हुनुहुन्थ्यो। उहाँ संसारमा **'सेवा गरिन होइन, तर सेवा गर्न र धेरैको सट्टामा छुटकाराको दाम तिर्नका निम्ति आफ्नो प्राण दिन आउनुभयो।'** प्रभु येशू किन मानिस बन्नुभयो? यसको सम्पूर्ण उद्देश्यचाहिँ दुईवटा शब्दमा भन्नु हो भने सेवा गर्नु र दिनु हो। विचार गर्नुहोस्! सर्वोच्च प्रभुले आफैलाई नम्र तुल्याएर डुँड़मा आउनुभयो, अँ, क्रूससम्म जानुभयो – कति अचम्म/अद्भुत कुरा! उहाँको महान्ता उहाँको दीनतामा प्रकट भयो; यसको गहिराइ बुझ्नुहोस्! किनकि हाम्रो विषयमा अवश्य पनि यस्तै हुनु छ।

प्रभु येशूले आफ्नो प्राण धेरैजनाको छुटकाराको दामको रूपमा दिनुभयो। पापको विरोधमा परमेश्वरका जति धर्ममय मागहरू थिए, ती सबै उहाँको क्रूसको मृत्युले पूरा गऱ्यो। सारा संसारका मानिसहरूका सबै पापहरू हरण गर्न येशूको बलिदान पर्याप्त छ। तर के तपाईंले कुनै समयमा येशू ख्रीष्टलाई आफ्ना प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गर्नुभयो? किनकि मुक्तिचाहिँ उनीहरूका निम्ति मात्र हो।

ठ) दुई अन्धा मानिसहरूको चङ्गाइ (मत्ती २०:२९-३४)

मत्ती २०:२९-३०: यतिखेर पेरियाबाट आईकन प्रभु येशूले यर्दन नदी पार गर्नुभयो, र यरिहोमा आइपुग्नुभयो। उहाँ त्यस शहरबाट निक्सिरहनुभएको थियो, हेर, दुई अन्धा मानिसहरू उहाँलाई पुकार्दै यसो कराएः **'हे प्रभु, दाऊदका पुत्र! हामीमाथि दया गर्नुहोस्!'** उनीहरूले उहाँलाई 'हे दाऊदका पुत्र!' भनेर सम्बोधन गरे; यसर्थ उनीहरू शारीरिक रूपले अन्धा भए पनि उनीहरूका भित्री/आत्मिक आँखा तीखा थिए; किनकि उनीहरूले प्रभु येशूलाई ख्रीष्ट/मसीह भनी चिनिहाले। यी दुईजना अन्धालाई हामीले आत्मिक अन्धोपन भएका इस्राएलीहरूको बाँकी भागको प्रतिनिधिको रूपमा लिन सक्छौं, जसले प्रभुमाथि विश्वास गर्नेछन् र उहाँ राज्य गर्न फर्केर आउनुहुँदा उहाँलाई

मसीह/ख्रीष्ट भनी स्वागत/स्वीकार गर्नेछन् (यशैया ३५:५ र ४२:७, रोमी ११:२५-२६, २ कोरिन्थी ३:१६ र प्रकाश १:७)।

मत्ती २०:३१-३४: भीड़ले उनीहरूलाई चुप गराउन खोज्यो, तर उनीहरू झन् बढ़ी उहाँलाई पुकार्दै चिच्च्याए। जब तिमीहरूले के चाहन्छौ भन्दै प्रभु येशूले उनीहरूलाई सोध्नुभयो, तब उनीहरूले यसो जवाफ दिए भनेः **'प्रभुजी, हाम्रा आँखाहरू खोलिऊन्!'** उनीहरूले सामान्य/मामुली कुराहरू मागेनन्, जसरी हामीले प्रार्थना गर्दा प्रायः माग्ने गर्छौं, तर उनीहरूको एकमात्र मुख्य विषय थियो, जो उनीहरूले तत्कालै प्रभुकहाँ पेस गरे। उनीहरूको निश्चित विन्तीको फलचाहिँ प्रभुको निश्चित जवाफ थियो। **'येशूले उनीहरूलाई टिठ्याउनुभयो र उनीहरूका आँखाहरू छुन्नुभयो; अनि तुरुन्तै उनीहरूका आँखाहरूले दृष्टि पाइहाले, र उनीहरू उहाँको पछि लागे।'**

प्रभु येशूले उनीहरूलाई छुनुभयो; यस सम्बन्धमा श्री गेबेलाइन्ले निम्न लाभदायक टिप्पणी गरेर भन्छन्ः

'यस सुसमाचारको पुस्तकको अध्ययनमा हामीले प्रभुको स्पर्शले प्रदान गरिएको चङ्गाइको प्रतीकात्मक/दृष्टान्तात्मक अर्थ हेरिसक्यौं, कि जब प्रभु येशूले कसैलाई छोएर निको पार्नुभयो, तब युग-युग छुट्ट्याउने हिसाबमा यो कुरा यस पृथ्वीमा उहाँको व्यक्तिगत उपस्थितिसँग र इस्राएलसितको उहाँको निगाहले पूर्ण कारवाइसँग सम्बन्धित छ। तर जब अनुपस्थित भई प्रभु येशूले केवल वचनद्वारा कसैलाई निको पार्नुभयो, ... अथवा जब कसैले विश्वाससाथ उहाँलाई छोएर चङ्गाइ पायो, तब त्यस कुराले त्यस समयको सङ्केत गर्छ, जब प्रभु संसारमा व्यक्तिगत रूपले उपस्थित हुनुहुन्न, र अन्यजातिका मानिसहरूले विश्वाससाथ उहाँलाई पुकार्छन्/प्रस्ताव गर्छन्, र चङ्गाइ पाउँछन्।' [घ]

मर्कूस १०:४६-५२ र लूका १८:३५-४३ का खण्डहरू, साथै लूका १९:१ पदसित मत्तीको वर्णनसित मिलाउनुमा/एकिकरण गर्नुमा केही समस्या देखा पर्छन्; मत्तीको सुसमाचारमा दुई अन्धा मानिसहरू छन्; मर्कूसको सुसमाचारमा र लूकाको सुसमाचारमा एकजनाको विषयमा मात्र बताइएको छ। यस समस्याको समाधान गर्ने सुझाव के दिइन्छ भने, मर्कूस र लूकाले ती दुई अन्धा मानिसहरूमध्ये प्रख्यात

भएको बर्तिमैको मात्र कुरा गरे, जब मत्ती, जसले आफ्नो सुसमाचारको पुस्तक विशेष यहूदी मानिसहरूलाई नजर राखेर लेखे, तिनले दुईजनाको कुरा गरे; किनभने उनीहरूका निम्ति जुनै पनि गवाही प्रमाणित पार्न दुई साक्षी चाहिन्थ्यो (२ कोरिन्थी १३:१)।

फेरि मत्तीको सुसमाचारमा र मर्कूसको सुसमाचारमा यो घटना प्रभु येशूले यरिहो शहरलाई छोड़ेर जानुहुँदा घटेको बताइएको छ, तर लूकाको सुसमाचारमा उहाँ येरिहो शहरभित्र पस्नुभन्दा अघि यो घटना भएको भनिएको छ। यो कसरी हुन्छ? नयाँ र पुरानो दिल्लीझैं यरिहो शहरका दुई भागहरू थिए, नयाँ यरिहो र पुरानो यरिहो। हुन सक्छ, प्रभु येशूले यो निको पार्ने काम यरिहोको एक भागलाई छोड़ेर यरिहोको अर्को भागमा पस्नुहुँदा गर्नुभयो।

१२) मत्ती २१-२३: मसीह राजाले आफैलाई प्रस्तुत गर्नुभएको, तर तिरस्कृत हुनुभएको

क) जयजयकारको साथ यरूशलेममा प्रभु येशूको प्रवेश (मत्ती २१:१-१२)

मत्ती २१:१-३: यरिहो शहरदेखि प्रभु येशू यरूशलेमको बाटोको उकालो चढ्दै जानुभयो, र जैतुन डाँड़ाको पूर्वपट्टि आइपुग्नुभयो, जहाँ बेथानी र बेथफागे भन्ने ठाउँहरू अवस्थित थिए। त्यहाँबाट सड़क जैतुन डाँड़ाको दक्षिण फेद हुँदा-हुँदै यहोशापातको बेंसीभित्र झर्थ्यो। किद्रोन खोलापार गरेपछि बाटोचाहिँ यरूशलेमसम्म फेरि उकालो चढ्दैथियो।

प्रभु येशूले आफ्ना दुईजना चेलाहरूलाई बेथानीमा पठाउनुभयो, यो अघिबाट जानेर, कि उनीहरूले त्यहाँ एउटा बाँधिराखेको गधा र त्यसको साथ त्यसको बच्चालाई भेट्टाउनेछन्। तिनीहरूलाई फुकालेर येशूकहाँ ल्याउने उनीहरूलाई अह्राइएको काम थियो। कसैले बाधा दिएर केही भन्यो भने, उनीहरूले **'प्रभुलाई यिनीहरूको खाँचो छ'** भनेर बताउनु/बुझाउनु थियो। यतिमा गधाका मालिकले ती पठाउनेछन्।

शायद गधाको मालिकले प्रभु येशूलाई चिन्थे, र अघि कुनै समयमा 'म तपाईंलाई सहायता गर्छु' भनेर आफ्नो मद्दत कबुल गरे होला; नत्र ता यस घटनाले प्रभु येशू सर्वज्ञानी हुनुहुन्छ भन्ने प्रमाण दिएको हुनुपर्छ, साथै यसले उहाँको सर्वोच्च अधिकार प्रस्तुत गरेको हुनुपर्छ; किनकि प्रभु येशूले अघिबाटै जस्तो भन्नुभएको थियो, त्यस्तै सबै कुरा भइगयो ।

मत्ती २१:४-५: प्रभु येशूले यी गधाहरू आफ्नो प्रयोगमा ल्याउनुभएको कुराबाट भविष्यवक्ता यशैया र जकरियाले अघिबाटै गरेका भविष्यवाणीहरू पूरा भयोः

'सियोनकी छोरीलाई भन, "हेर, तिम्रा राजा नम्र र गधामाथि बसेर, अँ, एउटा गाँडू अर्थात् एउटा गधाको बच्चामाथि बसेर तिमीकहाँ आउँदै हुनुहुन्छ।" '

मत्ती २१:६: चेलाहरूले गधाहरूमाथि आफ्ना लुगाहरू ओछ्याए-पछि प्रभु येशू गधाको बच्चामाथि चढ्नुभयो (मर्कूस ११:७), र यरूशलेमतर्फ सवारी गर्नुभयो। यो एक ऐतिहासिक क्षण थियो। सर रोबर्ट एण्डर्सनको गन्तीअनुसार यति बेला दानिएयलको पुस्तकमा बताइएका उनन्सत्तरी हप्ता पूरा भए; अब मसीहलाई हटाइन्थ्यो (दानियल ९:२६)। ('द कमिङ्ग प्रिन्स' नामक पुस्तकमा उनको गणना प्रस्तुत गरिएको छ, त्यहाँ हेर्नुहोला)।

यस प्रकारले गधामाथि सवारी गर्दै गर्नुभएको प्रभु येशूले यरूशलेमभित्र प्रवेश गरेर जानी-बुझी आफूचाहिँ मसीह हुँ भन्ने खुल्लमखुल्ला दाबी गर्नुभयो।

श्री जे.पी. लाङ्गेले यस विषयमा निम्न टिप्पणी गर्छन्:

'जुन भविष्यवाणी प्रभु येशूको समयका सबै मानिसहरूले मसीहलाई सङ्केत गरिएको अर्थमा बुझ्थे, त्यही भविष्यवाणी उहाँले यहाँ जानी-बुझी पूरा गर्नुभयो। पहिले आफ्नो मान-मर्यादा यसरी नै खुल्लमखुल्ला घोषणा गर्नु प्रभुका निम्ति खतरनाक हुन्थ्यो भने अब उहाँ यसको विषयमा चुप लाग्न सक्नुहुन्नथ्यो; ... अबदेखि उसो कसैले भन्न सक्दैनः "उहाँले आफ्नो विषयमा कहिल्यै सफासँग भन्नुभएन।" भविष्यमा यरूशलेमका मानिसहरूलाई मसीहको हत्या गरेको आरोप लगाइनेछ; त्यत्ति बेला "हामी सबैको सामु उहाँले

कुनै स्पष्ट चिन्हद्वारा 'महीह म नै हुँ' भन्ने कुरा बुझाउने जानकारी दिनुभएको थिएन" भनेर तिनीहरूले भन्न नपाऊन् भन्ने हेतुले यसो भएको हो ।' [ङ]

मत्ती २१:७-८: लुगाहरू र खजुरका हाँगाहरूरूपी गलैंचामाथि सवार हुँदै प्रभु येशू यरूशलेम शहरतर्फ लाग्नुभयो; मानिसहरूको जयजयकार उहाँका कानहरूमा गुँजिरहेको थियो । केही क्षणका निम्ति मात्र भए पनि तिनीहरूले उहाँलाई राजाको रूपमा स्वीकार गरे ।

मत्ती २१:९: भीड़हरू यसो भन्दै कराइरहेका थिए: **'दाऊदका पुत्रलाई होसन्ना ! परमप्रभुको नाममा आउनुहुने धन्य हुनुहुन्छ, परमधाममा होसन्ना !'** यो स्पष्ट/निश्चित छः यहाँ उद्धृत गरिएको भजन ११८:२५-२६ पदको खण्डमा मसीहको आगमनसित सम्बन्ध जोड़िएको छ । मूलभाषामा होसन्नाको अर्थ होः 'अब बचाउनुहोस् !' हुन सक्छ, मानिसहरूले भन्न चाहेः 'हाम्रा रोमी दमनकर्ताहरूबाट हामीलाई बचाउनुहोस् !' पछिबाट यो होसन्ना शब्द प्रशंसारूपी उद्घोष हुन गयो । 'दाऊदका पुत्र' र 'परमप्रभुको नाममा आउनुहुने धन्य हुनुहुन्छ' – यी दुईवटा वाक्यबाट सफासँग बुझिन्छः भीड़का यी मानिसहरूले येशूलाई मसीहको मान्यता दिए । उहाँ ती धन्य व्यक्ति हुनुहुन्थ्यो, जसले परमप्रभुको अधिकार प्राप्त गर्नुभएको हो, र जो उहाँकै इच्छा पूरा गर्न आउनुभएको हो ।

मर्कूस ११:१० पदमा सुसमाचार लेखकले भीड़ले निम्न वाक्य पनि साथमा कराएर उद्घोषणा गरेको बताउँछन्: ***'हाम्रा पिता दाऊदको राज्य, जो परमप्रभुको नाममा आउँछ, धन्य होस् !'*** यसले के देखाउँछ भने, मानिसहरूको विचारमा, अब ख्रीष्टले/मसीहले दाऊदको सिंहासनमाथि आफ्नो आसन ग्रहण गर्न लाग्नुभएको छ; यसर्थ अब परमेश्वरको राज्य स्थापित/शुरु हुनेछ । 'परमधाममा होसन्ना !' भनी कराउँदै भीड़का मानिसहरूले स्वर्गका गणहरूलाई पृथ्वीसँग मिलेर मसीहको प्रशंसामा भाग लिन आह्वान गरे । अनि हुन सक्छ, तिनीहरूले मसीहलाई 'हामीलाई सर्वोच्च स्वर्गको अधिकार/शक्ति लिएर बचाउनुहोस्' भनेर पुकारे होलान् ।

मर्कूस ११:११ पदको बयानअनुसार यरूशलेमभित्र प्रवेश गर्ने बित्तिकै प्रभु येशू मन्दिरमा जानुभयो। उहाँ पवित्रस्थानभित्र होइन, तर त्यसको आँगनमा जानुभयो। मानिसहरूको बीचमा त्यो मन्दिर परमेश्वरको भवनको रूपमा मानिन्थ्यो। तर प्रभु येशू यस मन्दिरसित प्रसन्न/खुशी हुनुहुन्नथियो, आफ्नो घर सम्झनुभएन; किनकि पूजाहारी-हरूलगायत यहूदीहरूले उहाँलाई दिनुपर्ने स्थान/सम्मान दिएनन्। एकैक्षण चारैतिर सबै थोकहरू हेरेपछि प्रभु येशू मन्दिरबाट निस्कनुभयो, र बाह्रजना प्रेरितहरूको साथ बेथानी जानुभयो। आइतबारको साँझ थियो।

मत्ती २१:१०-११: उहाँको विषयमा 'यिनी को हुन्?' भनेर सारा शहरमा हलचल मच्चियो। यो प्रश्न सोध्नेहरूले उत्तरमा यस्तो जवाफ पाए: **'यिनी गालीलको नासरतका भविष्यवक्ता येशू हुन्।'** यस जवाफबाट बुझिन्छ, पक्का पनि थोरैजनाले मात्र उहाँलाई मसीहको रूपमा चिनेका रहेछन्। अब एक हप्ता पनि लाग्दैनथियो, र *'त्यसलाई क्रूसमा टाँगिदिनुहोस्! त्यसलाई क्रूसमा टाँगिदिनुहोस्!'* भन्दै चञ्चल भीड़का मानिसहरू चिच्च्याउनेथिए।

ख) प्रभु येशूले मन्दिर शुद्ध पार्नुभयो (मत्ती २१:१२-१३)

मत्ती २१:१२: आफ्नो सेवकाइको शुरुमा प्रभु येशूले मन्दिरको चोकबाट त्यहाँ व्यापार गर्नेहरूलाई लखेटेर तिनीहरूलाई निकाल्नुभयो (यूहन्ना २:१३-१६)। तर मन्दिरको बाहिरी चोकमा मुनाफाखोरीहरूको धन्धा फेरि बढ्न थाल्यो। बलि गर्ने पशु-पक्षीहरूको किनबेच चल्थ्यो, ज्यादा दाममा। आफ्ना यहूदी दाजुभाइहरूबाट सराफीहरूले बढ़ि शुल्कमा अरू मुद्रहरू लिएर तिनीहरूलाई आधा-आधा शेकेल दिएर पैसा साट्ने गर्थे; किनकि हरेक पुरुषलाई मन्दिरको कर तिर्न यति लाग्थ्यो। अब आफ्नो सेवकाइको अन्तमा उहाँले फेरि पनि धर्मका विधिहरूका पालनहरूबाट पैसा कमाउनेहरूलाई धपाउनुभयो।

मत्ती २१:१३: यशैया र यर्मियाका दुवै पुस्तकबाट केही वचन लिएर प्रभु येशूले मन्दिरलाई अपवित्र तुल्याउने, धर्मको नाममा व्यापार

गर्ने र ऐकान्तिकवाद अपनाउनेहरूको चालको विरोध गर्दै यस्ताहरूलाई पूरा दोषी ठहऱ्याउनुभयो। यशैया ५६:७ पद उद्धृत गर्दै उहाँले मन्दिरचाहिँ परमेश्वरको उद्देश्यअनुसार प्रार्थना भवन हुनुपर्छ भन्ने कुरा सम्झाइदिनुभयो। तर तिनीहरूले त्यसलाई डाकूहरूको ओड़ार तुल्याएका थिए।

यरूशलेमभित्र प्रवेश गर्नुभएपछि त्यस मन्दिरको शुद्धीकरण प्रभुको प्रथम राजकीय काम थियो। यसो गर्दा उहाँले मन्दिरमाथि आफ्नो प्रभुत्व निश्चयतापूर्वक दाबी गर्नुभयो।

यस घटनामा हामी आजभोलि जिउनेहरूका निम्ति दुईवटा सन्देश दिइन्छ। हाम्रा मण्डली-मण्डलीका चालहरूको सम्बन्धमा हामीलाई उहाँको शुद्धीकरणको शक्ति चाहिएको छ; किनकि तीबाट पसल/दोकान वा सेल राख्ने, खानपिनको व्यवस्था गर्ने जस्तो अन्य प्रकारले पैसा कमाउने असङ्ख्या चलाकी युक्तिहरू धपाएर निकाल्नुपरेको छ। हाम्रो व्यक्तिगत जीवनमा पनि लगातार प्रभुको शुद्धीकरणको सेवकाइको खाँचो पर्छ; किनकि हाम्रो शरीर पवित्र आत्माको मन्दिर हो।

ग) पूजाहारीहरू र शास्त्रीहरूको क्रोध (मत्ती २१:१४-१७)

मत्ती २१:१४: मन्दिरको चोकमा हाम्रा प्रभुले अन्धा र लङ्गड़ाहरूलाई निको पार्नुभएको घटना यहाँ प्रस्तुत गरिएको छ। उहाँ जहाँ-जहाँ जानुहुन्थ्यो, त्यहाँ उहाँले खाँचोमा परेका मानिसहरूलाई आफूतिर खिच्नुहुन्थ्यो। अनि उहाँले सधैंभरि तिनीहरूको खाँचो पूरा गरेर तिनीहरूलाई बिदा गर्नुहुन्थ्यो। उहाँले कसैलाई रित्तै फर्काउनु-हुन्नथियो।

मत्ती २१:१५-१६: तर उहाँका शत्रुहरूका आँखाले हेरिरहेका थिए। अनि जब मुख्य पूजाहारीहरू र शास्त्रीहरूले नानीहरूले 'दाऊदका पुत्रलाई होसन्ना!' भन्दै येशूको जयजयकार गरेका सुने, तब तिनीहरू क्रोधित भए।

तिनीहरूले भनेः **'यिनीहरूले के भनिरहेका छन्, सुन्दैछौ?'** मानौं, तिनीहरूमा 'मलाई मसीह नभन्नू ल' भनेर उहाँले ती नानीहरूलाई

मनाही गर्नुपर्छ भन्ने अपेक्षा थियो । प्रभु येशू मसीह नहुनुभएको भए अब यहाँ यो कुरा सदाका निम्ति स्पष्ट पार्ने उचित समय आयो । तर प्रभुको जवाफबाट के बुझिन्छ भने, नानीहरूले जे भने, त्यो नै सही थियो । उहाँले पुरानो नियमको सेप्टुअजिन्त नामक ग्रीक अनुवादबाट भजन ८:२ पद उद्धृत गरेर भन्नुभयोः **'बालकहरू र दूध पिउने बाल-बच्चाहरूको मुखबाट तपाईंले प्रशंसा सिद्ध गराउनुभएको छ।'** बुद्धिजिवी पूजाहारीहरू र शास्त्रीहरूले उहाँलाई मसीह अर्थात् अभिषिक्त जनको रूपमा प्रशंसा दिन मानेनन् भने ससाना नानीहरूले प्रभुको उपासना गर्छन्-गर्छन् । धेरै पल्ट यस्तै छः नानीहरूमा तिनीहरूको उमेरको तुलनामा गहिरो आत्मिक दृष्टि हुन्छ, अनि विश्वास र प्रेमले भरिएका तिनीहरूका शब्दहरूले प्रभुको नामको असामान्य महिमा गर्छन् ।

मत्ती २१:१७: धार्मिक नेताहरूले यसको विषयमा चिन्तन/मनन गरून् भनेर येशूले तिनीहरूलाई छोड्नुभयो, र बेथानीमा फर्कनुभयो, र त्यही रात त्यहाँ बिताउनुभयो ।

घ) फल नफल्ने नेभाराको रूख (मत्ती २१:१८-२२)

मत्ती २१:१८-१९: बिहान प्रभु येशू यरूशलेमतिर फर्कंदै हुनुहुन्थ्यो; बाटोमा उहाँले एउटा नेभाराको रूख देख्नुभयो; अनि त्यसमा फल भेट्टाएर आफ्नो भोक मेटाउने आशा लिएर उहाँ त्यसनेर जानुभयो । तर उहाँले त्यसमा पातहरूबाहेक केही पाउनुभएन; यसैले उहाँले त्यसलाई भन्नुभयोः **'अबदेखि उसो तँमा कहिल्यै फल नलागोस् !'** अनि तुरुन्तै त्यो नेभाराको रूख ओइलिहाल्यो ।

मर्कूस ११:१२-१४ पदको वृत्तान्तमा तपाईंले हेर्नुभयो भने त्यहाँ नेभाराहरूको फल्ने समय थिएन भनेर लेखिएको पाउनुहुन्छ । यसकारण प्रभु येशूले त्यस रूखमा कुनै फल नभएको खण्डमा त्यसलाई श्राप गर्नुभएको कुरा उचित देखिँदैन, अनि यस कार्यमा हाम्रा प्रभु रिसाउनुभएको र न्यायसँगत काम नगर्नुभएको देखिन्छ । तर यो सत्य

होइन, यसको अर्थ यो हुनै सक्दैन। तब यो सजिलोसँग बुझ्न नसकिने कुरा हामी कसरी बुझाइदिऔं त ?

पवित्र बाइबलमा उल्लेख गरिएका देशहरूमा नेभाराका रूखहरूले पातहरू आउनुभन्दा अघि अगौटे फल उत्पन्न गर्छन्, जुन पहिलोफल एकदम मीठो छ र खान लायकको हुन्छ। त्यो अगौटे फलचाहिँ पछि हुने नियमित फसलको अग्रदूत हो। यस नेभाराको रूखमा भएझैं नेभाराहरूमा अगौटे फलहरू देखा पर्दैनन् भने त्यसको अर्थ यो होः यस पालि पछि हुने नियमित नेभाराहरू पनि फल्नेछैनन्।

प्रभु येशूले गर्नुभएका अचम्मका कामहरूमध्ये यस एउटैमा मात्र उहाँले आशिष दिनुभएन, तर श्राप दिनुभयो – जीवित पार्नुभएन, तर नष्ट गर्नुभयो। कतिले यस कुरामा ठूलो समस्या देख्न खोज्छन्; तर यो ता प्रभु येशूको विषयमा तिनीहरूको अज्ञानता देखाउने विवाद मात्र हो। प्रभु येशू परमेश्वर हुनुहुन्छ; उहाँ विश्वमण्डलका एकमात्र मालिक हुनुहुन्छ। उहाँले गर्नुभएका कति कामहरू हाम्रा निम्ति रहस्यमय छन्; यसो भए पनि हामीले उहाँमा शङ्का गर्नुहुँदैन, तर उहाँका कामहरू सधैं बिलकुल ठीक छन् भनेर हाम्रो जाँच र सोच शुरु गर्नुपर्छ। अनि यहाँ, यस नेभाराको रूखको विषयमा त्यसले अबउसो कहिल्यै फल फलाउनेछैन भन्ने कुरा प्रभु येशूलाई थाहा थियो। अनि उहाँले त्यस कृषकले जस्तै काम गर्नुभयो, जसले आफ्नो बारीबाट/बगौंचाबाट फल नफल्ने हरेक रूख हटाइदिन्छ।

जतिले हाम्रा प्रभुले यस नेभाराको रूखलाई श्राप दिनुभएको यस काममा दोष भेट्टाउन खोज्छन्, तिनीहरूले यसको अर्थ प्रतीकात्मक/दृष्टान्तात्मक छ भनेर स्वीकार गर्छन्। यस घटनाले हाम्रा प्रभुले भर्खरै यरूशलेममा पाउनुभएको हलचल मच्चिने किसिमको स्वागत कुन प्रकारले बुझ्नुभयो, सो स्पष्ट पारेको छ। दाखको बोट र जैतुनको बोटले झैं नेभाराको रूखले पनि इस्राएली जातिलाई सङ्केत गर्छ। जहाँ प्रभु येशू इस्राएली जातिरूपी नेभाराको रूखनेर आउनुभयो, तब उहाँले त्यसमा पातहरूबाहेक केही भेट्टाउनुभएन। पातहरूको अर्थ तिनीहरूको अङ्गीकार, ओठे भक्ति मात्र थियो, तर परमेश्वरका निम्ति

कुनै फल अर्थात् कुनै काम थिएन। इस्राएली जातिबाट फल पाउँछु कि भनेर येशू प्रभु भोकाएझैं अति तृषित हुनुहुन्थ्यो।

अनि यिनीहरूमा कुनै अगौटे फल नभएको हुनाले यी अविश्वासी इस्राएल जातिका मानिसहरूबाट पछिबाट फसलरूपी कुनै फलको आशा राख्न सकिँदैन भनेर प्रभु येशूलाई थाहा थियो; अनि यसैले उहाँले नेभाराको रूखरूपी इस्राएललाई श्राप दिनुभयो। यो ता इस्वी सम्बत् ७० सालमा इस्राएली जातिमाथि आइपरेको परमेश्वरको न्यायको पूर्वचित्रण हो।

यस सम्बन्धमा हामीले याद राख्नुपर्छः अविश्वासी इस्राएली जाति सदाका निम्ति फलहीन हुनेछ, तर यहूदी जातिको बाँकी भागचाहिँ ख्रीष्ट-विश्वासीहरूलाई उठाइसकेपछि मसीहकहाँ फर्कनेछ। महाँसङ्कष्ट र ख्रीष्टको एक हजार वर्षको राज्यको समयमा तिनीहरूले उहाँका निम्ति फल फलाउनेछन्।

हो, यस खण्डको अर्थ प्रायः इस्राएली जातिसित सम्बन्धित छ; यसो भए पनि यसको मतलब सबै युगका मानिसहरूका निम्ति पनि हो, विशेष गरी तिनीहरूका निम्ति, जसले मुखले ठूला-ठूला कुरा गर्छन्, तर जसको चालचलन अल्पविकसित भएको हुन्छ।

मत्ती २१ः२०-२२ः 'यो नेभाराको रूख कति छिटो आइलियो' भनेर चेलाहरू छक्क परे; त्यत्ति बेला प्रभु येशूले उनीहरूलाई जवाफ दिएर भन्नुभयोः 'तिमीहरूसँग विश्वास छ भने तिमीहरूले त्यसभन्दा ठूला-ठूला अचम्मका काम गर्न सक्नेछौ।' यसको उदाहरण दिऊँः 'तिमीहरूले यस पहाड़लाई "हटिजा, र समुद्रमा फालिजा!" भन्यौ भने यस्तै हुनेछ। अनि विश्वास गरेर तिमीहरूले जेसुकै कुरा पनि प्रार्थनामा माग्छौ, ती सबै तिमीहरूले पाउनेछौ।'

फेरि पनि हामीले बुझाउनुपर्छः यहाँ, यस ठाउँमा प्रार्थनाको विषयमा कुनै प्रतिबन्धविना गरिएका यी प्रतिज्ञाहरू हामीले सम्पूर्ण पवित्र बाइबलले यस सम्बन्धमा दिएको शिक्षाअनुसार बुझ्नुपर्छ। कुनै ख्रीष्ट-विश्वासीलाई जे इच्छा लाग्छ, उसले त्यो माग्न सक्छ र उसले मागेको सबै कुरा पाउँछ भन्ने कुरा बाइस पदले सिकाउँदैन। होइन,

पवित्र बाइबलमा निर्धारित गरिएका सर्तहरूअनुसार हामीले प्रार्थना गर्नुपर्छ।

ङ) प्रभु येशूको अधिकारको विषयमा उठेको प्रश्न (मत्ती २१:२३-२७)

मत्ती २१:२३: अनि मन्दिरभित्र अर्थात् पवित्र स्थानदेखि बाहिरको चोकमा आउनुभएपछि मुख्य पूजाहारीहरू र बूढ़ा प्रधानहरूले उहाँले शिक्षा दिइरहनुभएको बेलामा बीचमा बोलेर उहाँलाई सोधेः **'कुन अधिकारले तिमी यी कुराहरू गर्दछौ?'** अर्थात् शिक्षा दिने, अचम्मका कामहरू गर्ने र मन्दिर शुद्ध पार्ने काम गर्न कसले तिमीलाई अधिकार दियो? उहाँले जेजस्तो जवाफ दिनुभए पनि तिनीहरूले उहाँलाई फसाउने बाटो हेरिरहेका थिए। 'परमेश्वरको पुत्र म नै हुँ' भन्ने कुरा गरेर उहाँले आफूमा त्यो अधिकार छ भनेर दाबी गर्नुभयो भने तिनीहरूले उहाँलाई ईश्वर-निन्दा गरेको दोष लाउनेथिए। 'मैले यो अधिकार मानिसहरूबाट पाएको हुँ' भनी उहाँले दाबी गर्नुभयो भने, तिनीहरूले त्यो कुरा अस्वीकार गर्नेथिए। 'मेरो अधिकार परमेश्वरबाटको हो' भनेर उहाँले दाबी गर्नुभयो भने, तिनीहरूले उहाँलाई चुनौती दिनेथिए। तिनीहरूले आफूलाई धर्मका रक्षकहरू ठान्थे। तिनीहरू विधिवत् शिक्षादीक्षा प्राप्त गरिएका कर्मचारीहरू थिए, जसको मानवीय नियुक्तिअनुसार धार्मिक जनजीवनमाथि तिनीहरूको सम्पूर्ण अधिकार थियो। प्रभु येशूसँग विधिवत् शिक्षा थिएन; अनि इस्राएलका शासकहरूबाट उहाँको सिफारिस-पत्र वा अधिकार-पत्र अवश्य पनि थिएन। तिनीहरूले प्रभुलाई दिएको चुनौतीबाट पेशागत धर्मगुरुहरूको त्यो बेखुशी प्रतिबिम्बित भएको छ, जो यस्ताहरूले युगयुगदेखि नै ईश्वरीय अभिषेकको शक्तिले भरपूर भएका मानिसहरूको विरोधमा अनुभव गरे, र गर्छन्।

मत्ती २१:२४-२५: 'यूहन्नाको बप्तिस्मा – यो कहाँबाटको थियो? स्वर्गबाटको थियो कि मानिसहरूबाटको?' यसको उत्तर तिनीहरूले उहाँलाई दिए भने यी कुराहरूले प्रभुले कुन अधिकारले

गर्नुहुन्छ, सो उहाँले तिमीहरूलाई बताउनुहुनेथियो। यूहन्नाको बप्तिस्मा भन्नाले बप्तिस्मा दिने यूहन्नाको सम्पूर्ण सेवकाइ बुझ्नुपर्छ। यसकारण प्रभुले तिनीहरूलाई सोधेको प्रश्न अर्को शब्दमा भन्नु हो भने, 'कसले यूहन्नालाई आफ्नो सेवकाइ गर्ने अधिकार दियो?' 'उनको नियुक्ति कसबाट भएको थियो? परमेश्वरबाट भएको थियो कि मानिसबाट?' 'इस्राएली नेताहरूबाट कुनचाहिँ सिफारिस-पत्र उनले पाएका थिए?' यी प्रश्नको उत्तर छर्लङ्ग थियोः यूहन्ना परमेश्वरबाट पठाइएका मानिस थिए। उनको शक्ति/अधिकार परमेश्वरले प्रदान गर्नुभएको हो; यो मानिसबाटको मन्जुरी थिएन।

अब ती पूजाहारीहरू र बूढ़ा प्रधानहरू दोधार/दुबिधामा परे। यूहन्ना परमेश्वरबाट पठाइएका मानिस थिए भन्ने कुरा तिनीहरूले स्वीकार गरे भने तिनीहरू पासोमा फस्नेथिए; किनभने यूहन्नाले मानिहरूलाई 'मसीह उहाँ हुनुहुन्छ' भन्दै प्रभु येशूकहाँ बाटो देखाएका थिए। यूहन्नाको अधिकार परमेश्वरबाटको हो भने तिनीहरूले किन पश्चात्ताप गरेनन्? किन येशू ख्रीष्टमाथि विश्वास गरेनन्?

मत्ती २१:२६: अर्को दृष्टिकोण लिएर तिनीहरूले 'होइन, यूहन्ना परमेश्वरको नियुक्त पाएका व्यक्ति थिएनन्' भने भने जनताको सामु हाँसोका पात्र बनिनु तिनीहरूको डर थियो; किनकि प्रायः सबै मानिस-हरूले यूहन्नालाई परमेश्वरका अगमवक्ताको रूपमा मानेका थिए। 'यूहन्ना परमेश्वरबाट आएका हुन्' भनी तिनीहरूले ठीक प्रकारको जवाफ दिएका भए तिनीहरूले आफ्नो प्रश्नको पनि सठीक जवाफ पाउनेथिएः येशू नै मसीह हुनुहुन्थ्यो, अनि यूहन्नाचाहिँ उहाँका अग्रदूत थिए।

मत्ती २१:२७: तर तिनीहरूले सत्यताको सामना गर्ने चुनौती लिएनन्; तर **'हामीलाई थाहा छैन'** भनेर आफूलाई अनजान तुल्याए। तिनीहरूले यूहन्नाको अधिकार कहाँबाट आएको थियो, सो भन्न चाहेनन्। यसैले प्रभु येशूले तिनीहरूलाई भन्नभयोः **'म पनि यी कुराहरू कुन अधिकारले गर्दछु, सो म तिमीहरूलाई बताउँदिनँ।'** तिनीहरूले अघिबाट जानेका, तर स्वीकार गर्न नचाहेको कुरा उहाँले तिनीहरूलाई किन भन्नुपर्ने?

च) दुई छोराहरूको दृष्टान्त (मत्ती २१:२८-३२)

मत्ती २१:२८-३०: यी मुख्य पूजाहारीहरू र बूढ़ा प्रधानहरूका निम्ति यो दृष्टान्त घोच्ने हप्की हुनुपर्‍यो; किनकि तिनीहरूले बप्तिस्मा दिने यूहन्नाको 'पश्चत्ताप गर! विश्वास गर!' भन्ने आह्वान आज्ञापालन गरेनन्। यस दृष्टान्तको विषय एकजना मानिस थिए, जसका दुई छोराहरूले उनको दाखबारीमा काम गर्ने आदेश पाएका थिए। एक छोराले काम गर्न इन्कार गर्‍यो, तर पछिबाट उसको मन बदलियो, र ऊ गयो। अर्को छोरा जान राजी थियो, तर कहिल्यै काम गर्न गएन।

मत्ती २१:३१-३२: 'यी दुईमा कुनचाहिँले बुवाको इच्छा पालन गर्‍यो?' भन्दैमा धर्म-नेताहरूले 'पहिलोले' भनेर नजानीकन आफूलाई दोषी ठहर्‍याए।

प्रभु येशूले यस दृष्टान्तको अर्थ खोल्नुभयो। महसूल उठाउनेहरू र बेश्याहरू त्यो पहिलो छोराजस्ता थिए। तिनीहरूले झट्टै बप्तिस्मा दिने यूहन्नाको सन्देश पालन गर्ने बहाना गरेनन्। तर तिनीहरूमध्ये धेरैजनाले पछिबाट पश्चात्ताप गरे, र प्रभु येशूमाथि विश्वास गरे। धर्म-नेताहरू दोस्रो छोराजस्ता थिए। तिनीहरूले मुखले बप्तिस्मा दिने यूहन्नाको प्रचार समर्थन गरे, तर तिनीहरूले कहिल्यै आफ्ना पापहरू मानिलिएनन् वा प्रभु येशूलाई मुक्तिदाताको रूपमा ग्रहण गरेनन्। यसकारण पूर्णतया पापी सम्झिएका मानिसहरूले परमेश्वरको राज्यभित्र प्रवेश गरे, तर दम्भी धर्म-नेताहरू राज्य-बाहिर रहिरहे। आज पनि यस्तै छ। प्रकट/प्रत्यक्ष रूपले पापी मानिएका मानिसहरूले तयारी मनले प्रभु येशूको सुसमाचार ग्रहण गर्छन्, जब खोक्रो भक्तिको पातलो लेपन मात्र देखाउन सक्नेहरूले येशूलाई ग्रहण गर्दैनन्।

'यूहन्ना तिमीहरूकहाँ धार्मिकताको मार्गमा आए' भन्ने वाक्यको अर्थ यस प्रकारको छः बप्तिस्मा दिने यूहन्नाले परमेश्वरको धार्मिकता प्राप्त गर्नु हो भने पश्चात्ताप गर्नुपर्छ र सुसमाचारमाथि विश्वास गर्नुपर्छ भन्ने आवश्यकता प्रचार गरे।

छ) दाखबारीका दुष्ट किसानहरूको दृष्टान्त (मत्ती २१:३३-४६)

मत्ती २१:३३-३९: अधिकारको विषयमा उठेको प्रश्नको उत्तर अझ सकिएको छैन। यसको उत्तरमा प्रभु येशूले निम्न दृष्टान्त बताउनुभयो। एकजना घरका मालिक थिए, जसले एउटा दाखबारी लगाए, र त्यसको वरिपरि बार हाले; त्यसपछि तिनले त्यसमा एउटा दाख पेल्ने कोल खने, र एउटा मचान थापे। तिनले त्यो बारी किसानहरूलाई ठेक्कामा दिएर तिनीचाहिँ टाढ़ो देशमा गए। फलको समयमा तिनले आफ्ना दासहरू ती किसानहरूकहाँ त्यसका फल लिन पठाए। ती किसानहरूले तिनका दासहरूलाई पक्रेर एउटालाई पिटे, अर्कालाई मारे, र अर्कालाई ढुङ्गाले हाने। तिनले अरू दासहरू पठाए; तर तिनीहरूले उनीहरूलाई पनि त्यस्तै गरे। अन्तमा **'तिनीहरूले मेरा छोरालाई आदर गर्नेछन्'** भन्दै तिनले आफ्ना छोरा पठाए। **'हकवाला यही हो'** भन्ने कुरा राम्ररी जानेर तिनीहरूले उनलाई मारे, र यसरी उनको हकको सम्पत्ति हड़प गर्न खोजे।

मत्ती २१:४०-४१: दृष्टान्तको वर्णन यस ठाउँमा पुगेपछि प्रभु येशूले पूजाहारीहरू र बूढ़ा प्रधानहरूलाई सोध्नुभयोः **'दाखबारीका मालिकले ती किसानहरूलाई के गर्लान् त?'** अनि तिनीहरूले जवाफ दिएर भनेः **'तिनले ती दुष्ट मानिसहरूलाई नराम्रो किसिमले नष्ट गर्नेछन्, र आफ्नो दाखबारीचाहिँ अरू किसानहरूलाई ठेक्कामा दिनेछन्, जसले फलको समय-समयमा तिनलाई फल बुझाउनेछन्।'**

यस दृष्टान्तको अर्थ बुझ्न गाह्रो छैन। परमेश्वर ती घरका मालिक हुनुहुन्छ; इस्राएलचाहिँ त्यो दाखको बारी हो (भजन ८०:८, यशैया ५:१-७ र यर्मिया २:२१)। त्यो बारचाहिँ मोशाको व्यवस्था हो, जसले इस्राएलीहरूलाई अन्यजातिहरूबाट अलग पार्‍यो, र जसले तिनीहरूलाई परमप्रभुको विशेष जातिको रूपमा रक्षा गर्‍यो। दाख पेल्ने कोलले चाहिँ इस्राएलले परमेश्वरका निम्ति फलाउनुपर्ने फललाई सङ्केत गर्छ। मचानचाहिँ आफ्नो प्रजाप्रति परमप्रभुको अटुट हेरचाह र वास्ताको प्रतीक हो। किसानहरूचाहिँ ती मुख्य पूजाहारीहरू र शास्त्रहरू हुन्।

परमेश्वरले घरिघरि आफ्ना दासहरू अर्थात् भविष्यवक्ताहरू दाखबारीरूपी इस्राएली जातिकहाँ पठाउनुहुन्थ्यो; किनभने उहाँले तिनीहरूबाट सँगति, पवित्रता र प्रेमजस्ता फलहरू खोज्दै हुनुहुन्थ्यो। तर मानिसहरूले भविष्यवक्ताहरूलाई सताउँथे, र तिनीहरूमध्ये कतिलाई मारे। अन्तमा परमेश्वरले यसो भन्दै आफ्ना पुत्र पठाउनुभयोः **'तिनीहरूले मेरा छोरालाई आदर गर्नेछन्'** (पद ३७)। तर मुख्य पूजाहारीहरू र बूढ़ा प्रधानहरूले आपसमा भनेः **'यो ता हकवाला हो।'** यो कस्तो भाग्यनिर्णायक स्वीकार थियो। यसको मतलब थियोः तिनीहरूले गुप्त रूपले प्रभु येशू परमेश्वरका पुत्र हुनुहुन्थ्यो भन्ने कुरा मानेका रहेछन्; तर खुल्लमखुल्ला तिनीहरूले यो कुरा इन्कार गर्थे। यसरी नै तिनीहरू स्वयम्ले उहाँको अधिकारको विषयमा उठाएको प्रश्न आफैले उत्तर दिए। येशू परमेश्वरका पुत्र हुनुहुन्थ्यो; उहाँको अधिकार यसैमा थियो।

यस दृष्टान्तमा किसानहरूले भनेः **'हकवाला यही हो; आओ, यसलाई मारौं, र यसको हकको सम्पत्ति हड़प गरौं!'** (पद ३८)। तर वास्तविक तिनीहरूले भनेः ***'यसलाई हामी त्यसै छोड़िदियौं भने ता सबैले यसमाथि विश्वास गर्नेछन्, र रोमीहरू आउनेछन्, अनि हाम्रा ठाउँ र जातिलाई समेत लैजानेछन्'*** (यूहन्ना ११:४८)। अनि यसरी तिनीहरूले उहाँलाई तिरस्कार गरे, उहाँलाई बाहिर निकालिदिए र उहाँलाई क्रूसमा टाँगिदिए।

मत्ती २१:४२: 'त्यस दाखबारीका मालिकले ती किसानहरूलाई के गर्लान् त?' भनेर येशूले तिनीहरूलाई सोध्नुहुँदा तिनीहरूले दिएको उत्तरले तिनीहरूलाई दोषी ठहराएको छ। प्रभु येशूले यो कुरा ४२-४३ पदमा देखाउँदै हुनुहुन्छ। उहाँले भजन ११८:२२-२३ पद उद्धृत गर्नुभयोः **'जुन ढुङ्गा डकर्मीहरूले रद्द गरे, त्यही नै कुनाको शिर भयो; यो परमप्रभुबाट भएको हो, अनि हाम्रो दृष्टिमा यो अद्भुत छ।'** यसको अर्थ यो होः जब ख्रीष्ट येशूले आफूलाई ढुङ्गाको रूपमा डकर्मीहरूरूपी इस्राएलका नेताहरूकहाँ प्रस्तुत गर्नुभयो, तब उहाँका निम्ति तिनीहरूको निर्माण-परियोजनामा कुनै ठाउँ थिएन। तिनीहरूले उहाँलाई काम नलाग्ने ढुङ्गाझैं रद्द गरेर फालिदिए। तर उहाँको मृत्युपछि परमेश्वरले

उहाँलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो र उहाँलाई सर्वोच्च स्थान दिनुभयो। परमेश्वरको भवनमा उहाँलाई सबभन्दा उच्च शिर-ढुङ्गा तुल्याइयो, जसरी लेखिएको छः ***'यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई त्यो नाम दिनुभयो, जो हरेक नामभन्दा उच्च छ'*** (फिलिप्पी २:९)।

मत्ती २१:४३: त्यसपछि प्रभु येशूले सीधा भन्नुभयोः **'परमेश्वरको राज्य तिमी इस्राएलीहरूबाट लगिइनेछ, र यस्तो एउटा जातिलाई दिइनेछ, जसले त्यसका फल फलाउँछ।'** अनि त्यस्तै भयो पनि। इस्राएली जाति परमेश्वरको चुनिएको जाति हुन छोड़ियो/पन्छाइयो, र परमेश्वरको न्यायमा तिनीहरू अन्धा भए। जुन जातिले आफ्ना मसीहलाई तिरस्कार/रद्द गऱ्यो, त्यस जातिको हृदय कठोर पारियो। **'परमेश्वरको राज्य यस्तो एउटा जातिलाई दिइनेछ, जसले त्यसका फल फलाउँछ'** भन्ने भविष्यवाणी यस प्रकारले बुझिएको छः यस जातिले कि त **क)** प्रभुको मण्डलीसित सम्बन्ध राख्छ, जो यहूदीहरू र अन्यजातिहरूका विश्वासीहरूद्वारा सङ्गठित गरिएको छ; ख्रीष्टको मण्डलीचाहिँ ***'त्यो पवित्र जाति र परमेश्वरको निज प्रजा'*** हो (१ पत्रुस २:९); अथवा **ख)** ख्रीष्ट येशूको दोस्रो आगमन हुने बेलामा जिउने इस्राएलीहरूमा विश्वास गर्नेहरूको रहल भागसित सम्बन्ध राख्छ। उद्धार पाएको इस्राएल जातिले परमेश्वरका निम्ति फल फलाउनेछ।

मत्ती २१:४४: 'जो यस ढुङ्गामाथि खस्ला, त्यो टुक्रा-टुक्रा हुनेछ; तर जसमाथि यो ढुङ्गा खस्ला, यसले त्यसलाई धूलोपीठो पारिदिनेछ।' यस पदको पहिलो खण्डमा त्यो ढुङ्गा भुइँमा छ, र दोस्रो खण्डमा त्यो ढुङ्गा माथिबाट तल आउँछ। यस कुराले प्रभुका दुईवटा आगमन सङ्केत गर्छ। जब प्रभु येशू पहिलो पल्ट आउनुभयो, त्यस बेला यहूदी अगुवाहरूले उहाँमा ठक्कर खाए, र टुक्रा-टुक्रा भए। जब उहाँ दोस्रो पल्ट आउनुहुनेछ, त्यस बेला उहाँ न्यायका निम्ति स्वर्गबाट आउनुहुनेछ, र उहाँले आफ्ना शत्रुहरूलाई धूलोझैं तितरबितर पार्नुहुनेछ।

मत्ती २१:४५-४६: मुख्य पूजाहारीहरू र फरिसीहरूले ख्रीष्टको अधिकारको सम्बन्धमा जुन प्रश्न गरेका थिए, त्यसको उत्तरमा प्रभु

येशूले यी दृष्टान्तहरू बोल्नुभएको र तिनले सीधा तिनीहरूलाई ताकेका छन् भन्ने कुरा महसुस गरे। यसैले तिनीहरूले उहाँलाई तत्कालै पक्रन खोजे, तर तिनीहरू भीड़हरूसित डराए; किनभने मानिसहरूले येशूलाई भविष्यवक्ताको रूपमा मानिरहेका थिए।

ज) विवाह भोजको दृष्टान्त (मत्ती २२:१-१४)

मत्ती २२:१-६: प्रभु येशूले मुख्य पूजाहारीहरू र फरिसीहरूको कुरा गर्न सक्नुभएको थिएन। उहाँले यस विवाहको भोजको दृष्टान्तमा अघि/पहिले कृपाको पात्र भएको इस्राएल जातिलाई रद्द गरिएको/पर पन्छाइएको, तर तुच्छ ठानिएका अन्यजातिहरू पाहुना भएर टेबिलको वरिपरि बसेका चित्रण दिनुभएको छ। उहाँले स्वर्गको राज्य एकजना राजासित तुलना गर्नुभयो, जसले आफ्ना छोराका निम्ति विवाहको भोज तयार गरे। विवाहको निम्तो दिने कामचाहिँ दुई भाग गरी पूरा भयो। पहिले अग्रिम निमन्त्रणा थियो – राजाका नोकरहरूले उनको व्यक्तिगत निम्तो पेस गरे; तर यो पूरा रूपले इन्कार गरियो। दोस्रो निमन्त्रणा त्यस बेला सूचनाको रूपमा दिइयो, जब सबै कुराहरू तयार भए। तर कतिले त्यसलाई हल्का सम्झे; किनकि तिनीहरू आफ्नो फार्ममा/खेतबारीमा र आफ्नो व्यापारमा व्यस्त रहेका थिए। कतिले यस निम्तोको प्रतिक्रियामा बल प्रयोग गरे; किनभने तिनीहरूले राजाका नोकरहरूलाई पक्रे, बेइज्जत गरे र मारे।

मत्ती २२:७-१०: राजा क्रोधित भए; उनले आफ्ना फौजहरू पठाए, यी हत्याराहरूलाई नष्ट गरे र तिनीहरूको शहर जलाइदिए। निम्तो पाएका पाहुनाहरूको पहिलो नाम-सूची रद्द गरेर उनले आउन चाहने जति सबै मानिसहरूका निम्ति एउटा आम-निम्तो प्रकाशन गरे। यस पालि विवाहको भोज पाहुनाहरूले भरियो; एउटा आसन पनि खाली रहेन।

मत्ती २२:११-१३: तर पाहुनाहरूमध्ये एकजना थियो, जसले विवाहको वस्त्र लगाएकै थिएन। विवाहको वस्त्र नलगाईकन त्यो कसरी भित्र आयो ? त्यो विवाहको भोजमा भाग लिन अयोग्य थियो। यसको

विषयमा आपत्ति जनाएबापत त्यो निरुत्तर भयो। तब राजाले त्यसलाई हातखुट्टा बाँधेर बाहिर अन्धकारमा फालिदिने हुकुम गरे, जहाँ रुवाबासी र दाह्रा-किटाइ हुनेछ। याद गर्नुहोस्ः पद १३ मा बताइएका सेवकहरू र पद ३ मा बताइएका नोकर/दासहरू एकै होइनन्, भिन्नै हुन्छन्।

मत्ती २२ःः१४ः हाम्रा प्रभुले यो दृष्टान्त यी शब्दहरूले अन्त्याउनु-भयोः **'किनभने बोलाइएकाहरू धेरै छन्, तर चुनिएकाहरू थोरै छन्।'**

अब यस दृष्टान्तमा अर्थ लगाऔं! राजाचाहिँ परमेश्वर हुनुहुन्छ; अनि राजाको छोरा प्रभु येशू हुनुहुन्छ। स्वर्गको राज्यमा जुन आनन्दोत्सव हुनेछ, त्यसको उचित चित्रण यस विवाहको भोजले गरेको छ। यस दृष्टान्तमा ख्रीष्ट येशूको मण्डलीलाई उहाँकी दुलहीको रूपमा पेस गर्नु आवश्यक पर्दैन; यस कुराले केवल बुझ्नमा समस्या बढ़ाउँछ। यस दृष्टान्तको मुख्य बुँदा यही होः इस्राएल जाति रद्द गरिनेछ। मण्डलीको भिन्नै बोलावट र मण्डलीको भिन्नै उद्देश्य देखाउन यसको मतलब थिएन।

निमन्त्रणाको पहिलो भागमा हामी बप्तिस्मा दिने यूहन्ना र प्रभु येशूका बाह्र प्रेरितहरूले इस्राएल जातिलाई प्रेमसाथ विवाहको भोजमा निम्तो दिएको, तर तिनीहरूले जातिको रूपमा यो निम्तो अस्वीकार गरेको नक्सा पाउँछौं। तीन पदमा **'तिनीहरूले आउने इच्छा गरेनन्'** भन्ने शब्दहरूको अर्थ कहाँसम्म पुग्छ, सो कुरा येशूको क्रूसिकरणमा प्रकट भएको छ।

निमन्त्रणाको दोस्रो भागचाहिँ प्रेरितहरूको पुस्तकमा उल्लेख गरिएको समय बुझिन्छ, जुन समयमा यहूदीहरूलाई सुसमाचार प्रचार गरियो। कतिले सन्देशको अवहेलना गरे; कतिले सुसमाचार-वाहकहरूलाई अत्याचार गरे। प्रेरितहरू प्रायः सबै शहीद भए।

राजाचाहिँ इस्राएल जातिसँग क्रोधित हुनुभयो; यसमा उहाँले ठीक किसिमको व्यवहार गर्नुभयो। उहाँले आफ्ना फौजहरू पठाउनुभयो, अर्थात् टाइटस र तिनका रोमी सेनाहरू पठाउनुभयो, जसले इस्वी सम्वत् ७० सालमा यरूशलेम नाश गरे र प्रायः त्यसका सबै मानिसहरूलाई मारे। यी सेनाहरू उहाँका फौजहरू थिए, किनकि उहाँले तिनीहरूलाई

आफ्ना हातहतियारको रूपमा प्रयोग गरेर इस्राएल जातिलाई दण्ड दिनुभयो। तिनीहरू उहाँका थिए; यद्यपि तिनीहरूले उहाँलाई व्यक्तिगत रूपले चिन्दैनथे।

अब इस्राएलचाहिँ जातिगत हिसाबले रद्द गरियो; अनि मुक्तिको सुसमाचार निस्केर सबै अन्यजातिहरूकहाँ जान्छ (प्रेरित १३:४५-४६ र २८:२८), चाहे तिनीहरू असल, चाहे तिनीहरू खराब किन नहोऊन्; अब ख्रीष्टको सुसमाचार सबै दर्जाका मानिसहरूकहाँ पुग्छ; यसमा कुनै भेदभाव हुनेछैन। तर हरेक व्यक्ति, जो प्रभुमा आउँछ, उसको विश्वास केकस्तो छ, सकली कि नकली छ, सो जाँच गरिनेछ। विवाहको वस्त्र नलगाइएको मानिस त्यो हो, जसले 'म स्वर्गको राज्यमा पस्न तयार भएको छु' भनी मुखले भन्छ/स्वीकार गर्छ, तर जसलाई प्रभु येशू ख्रीष्टमाथिको विश्वासद्वारा परमेश्वरको धार्मिकतारूपी पोसाक कहिल्यै लगाइएन (२ कोरिन्थी ५:२१)। वास्तवमा विवाहको वस्त्र नभएको मानिसका निम्ति बहाना गर्ने कुनै ठावै रहेन; किनकि श्री राइरीले टिप्पणी गरेअनुसार यी दिनहरूमा के चलन थियो भने, जस-जसको विवाहको वस्त्र थिएन, ती पाहुनाहरूलाई सो पोसाक दिने प्रबन्ध गरिन्थ्यो। त्यस मानिसलाई प्रस्तुत गरिएको सुविधाबाट त्यसले लाभ नउठाएको कुरा स्पष्ट छ। ख्रीष्ट येशूविना सबै मानिसहरू निरुत्तर हुनेछन्, जब तिनीहरूले स्वर्गको राज्यमा कुन अधिकारले प्रवेश गरे, सो सम्बन्धमा तिनीहरूलाई चुनौती दिइन्छ, र तिनीहरूले जवाफ दिनुपर्छ (रोमी ३:१९)। त्यस मानिसको भाग/दुर्भाग्य बाहिरको अन्धकार हो, जहाँ रुवाबासी र दाह्रा-किटाइ हुनेछ। रुवाबासीको अर्थ नरकको ननिभ्ने आगोको पीड़ा बुझिन्छ। कति टिप्पणीकारहरूले दाह्रा-किटाइको अर्थ यस प्रकारले लगाउँछन्: दाह्रा-किटाइले निरान्तर परमेश्वरको विरोधमा गरेको घृणा र विद्रोह सङ्केत गर्छ। यसो हो भने, यसैबाट नरकको आगोले शुद्ध पार्ने काम गर्छ भन्ने धारणा असत्य प्रमाणित हुन्छ।

चौध पदले भनेको कुरा त्यस विवाहको वस्त्र नलगाइएको मानिसको घटनामा मात्र सीमित होइन, तर सम्पूर्ण दृष्टान्तभरि नै लागू हुन्छ। **'बोलाइएकाहरू धेरै छन्'** अर्थात् सुसमाचाररूपी निम्तो धेरै

मानिसहरूलाई दिइन्छ। **'तर चुनिएकाहरू थोरै छन्।'** कतिजनाले परमेश्वरको निम्तो अस्वीकार गर्छन्। अनि सुसमाचार ग्रहण गर्नेहरूमध्ये कतिजना हुन्छन्, जसको स्वीकार असत्य ठहरिन्छ। सुसमाचारको निम्तो स्वीकार गर्ने सबैजना चुनिएकाहरू हुन्। 'के म चुनिएको हुँ? म कसरी निश्चित जानूँ?' यो कुरा जान्ने एकमात्र उपाय होः मैले प्रभु येशू ख्रीष्टलाई आफ्नो तुल्याउनुपर्छ। श्री जेन्निङ्गस्ले यो कुरा यस प्रकारले राख्छन्ः 'विवाहको भोजको आनन्द उपभोग गर्ने निम्तो/बोलावट सबैलाई दिइन्छ, तर सबैजना उहाँ नै भोजको योग्य वस्त्र दिनुहुन्छ भनी विवाहको पोसाकको बन्दोबस्त गरिदिने प्रबन्धकमाथि विश्वास गर्न तयार हुँदैनन्।'

झ) सिजरका कुराहरू सिजरलाई र परमेश्वरका कुराहरू परमेश्वरलाई दिने सम्बन्धमा प्रभुको जवाफ (मत्ती २२ः१५-२२)

बाइस अध्यायचाहिँ प्रश्नहरूको अध्याय हो; यसमा परमेश्वरका पुत्रलाई फसाउन पठाइएका तीनवटा भिन्नै प्रतिनिधि-मण्डलका प्रयासहरू उल्लेख गरिएका छन्।

मत्ती २२ः१५-१६ः पहिले फरिसीहरू र हेरोदीहरूले गरेको प्रयास यहाँ प्रस्तुत गरिएको छ। यी दुई दलहरू एक-अर्काका घोर विरोधी/दुस्मन थिए; तर प्रभु येशूप्रतिको दुवैको घृणाले गर्दा तिनीहरू थोरै समयका निम्ति आपसमा मिले। तिनीहरूको फसाउने प्रयासको लक्ष्य के थियो भने, तिनीहरूले ख्रीष्ट येशूलाई उहाँ कुनै राजनीतिक भाषण गर्नुहुन्छ कि, जसबाट उहाँका विद्रोही/खतरनाक उद्देश्यहरू प्रकट हुन्छन् भनेर अल्झोमा राख्न खोजे। सिजरप्रति निष्ठावान् हुने कि नहुने सम्बन्धमा यहूदीहरूको बीचमा फाटो थियो; यसैबाट तिनीहरूले यहाँ आफ्नो फाइदा उठाउन चाहे; किनकि कतिले आफूलाई अन्यजातिका शासक/सम्राटको अधीनमा सुम्पन नचाहेर यसको उत्कट विरोध गरे। हेरोदीहरू र अरूले यिनीहरूले भन्दा हलका/खुला विचारधारा अपनाएका थिए।

मत्ती २२:१७: पहिले ता तिनीहरूले उहाँको शुद्ध/निष्कलङ्क चरित्र, उहाँको सत्य शिक्षा र उहाँको निर्भयता/साहसको झूटो प्रशंसा गरे। त्यसपछि तिनीहरूले आफ्नो गतिलो प्रश्न तेर्साए: **'के सिजरलाई कर तिर्नु उचित छ कि छैन ?'**

येशूले 'कर तिर्नु उचित छैन' भनेर जवाफ दिनुभएको भए उहाँले हेरोदीहरूलाई आफ्नो विरोधमा उठाउनुहुनेथियो, साथै उहाँलाई रोमी सरकारको विरुद्ध राजद्रोह गरेको दोष/आरोप लाग्नेथियो। तब फरिसीहरूले उहाँलाई धकेलेर न्यायाधीशको सामु उहाँको विरोधमा अभियोगहरू लाउनेथिए।

उहाँले 'कर तिर्नु उचित छ' भनेर जवाफ दिनुभएको भए उहाँ यहूदीहरूको देशभक्ति भावनाको सिकार बन्नुहुनेथियो। यसरी साधारण मानिसहरूको बीचमा उहाँले आफ्नो लोकप्रियता गुमाउनुहुनेथियो – एउटा लोकप्रियता, जसले गर्दा उहाँलाई खतम पार्ने/मार्ने तिनीहरूका प्रयासहरूमा यी अगुवाहरूलाई बाधा दिएको थियो।

मत्ती २२:१८-१९: प्रभु येशूले तिनीहरूलाई **'हे कपटीहरूहो'** भनेर स्पष्ट गरी हप्काउनुभयो; किनकि तिनीहरू उहाँलाई फसाउने दाउमा थिए। त्यसपछि उहाँले तिनीहरूलाई **'मलाई एउटा दीनार देखाऔ'** भनेर आज्ञा गर्नुभयो; किनभने दीनारचाहिँ रोमी सरकारलाई कर तिर्ने सिक्का/मुद्र थियो। हर पल्ट जब यहूदीहरूले दीनारमा सिजरको मूर्ति र छाप देख्थे, तब त्यस कुराले तिनीहरूलाई 'हामी अन्यजातिको अधिकारको अधीनतामा र उनीहरूको करारोपणमा छौं' भन्ने सम्झना दिलाएर पिरोल्थ्यो/चिढ़ाउँथ्यो। वास्तवमा, त्यस दीनारको सिक्काले तिनीहरूलाई रोमी सरकारको यो बन्धन तिनीहरूको पापको फल थियो भन्ने सम्झना गराउनुपर्नेथियो। तिनीहरू परमप्रभुप्रति सच्चा र इमानदार भएका भए सिजरलाई कर तिर्ने कुरा/प्रश्न कहिल्यै उठ्नेथिएन।

मत्ती २२:२०-२१: प्रभु येशूले तिनीहरूलाई सोध्नुभयो: **'यो मूर्ति र छाप कसको हो ?' 'सिजरको'** भन्न/जवाफ दिन तिनीहरूलाई करै

लाग्यो। तब प्रभुले तिनीहरूलाई भन्नुभयोः **'यसकारण सिजरका कुराहरू सिजरलाई र परमेश्वरका कुराहरू परमेश्वरलाई देओ !'**

तिनीहरूको प्रश्नको प्रहार तिनीहरूकहाँ फर्क्यो, र तिनीहरूलाई नै हानि गऱ्यो। तिनीहरूले सिजरलाई कर तिर्ने-नतिर्ने प्रश्न गरेर प्रभु येशूलाई फसाउने आशा गरेका/बाटो हेरेका थिए। तर उहाँले चाहिँ परमेश्वरलाई दिनुपर्ने श्रद्धाभक्तिको विषयमा तिनीहरूको दोष/गल्ती देखाइदिनुभयो। तिनीहरूलाई मन नपरे/चर्को लागे ता पनि तिनीहरूले सिजरलाई दिनुपर्ने दातव्य दिए; तर तिनीहरूले आफ्नो जीवनमा परमेश्वरका मागहरू वास्तै गरेनन्, आफ्नो जीवनमाथि परमेश्वरको अधिकार छ भन्ने कुरामा ध्यान दिएनन्। अनि तिनीहरूको सामु एकजना उभिनुभयो, जो परमेश्वरको व्यक्तित्वको पक्का प्रतिरूप हुनुहुन्थ्यो (हिब्रू १:३), र तिनीहरूले उहाँलाई दिनुपर्ने स्थान र सम्मान दिएनन्, तिनीहरू यसमा चुके।

प्रभु येशूले दिनुभएको यस जवाफबाट ख्रीष्ट-विश्वासीले आफ्ना दुईवटा नागरिकता छन् भन्ने कुरा बुझ्छ। आफ्नो सरकारका नियमकानुन पालन गर्ने र आर्थिक सहयोग गर्ने उसको जिम्मेवारी छ। ऊ आफ्ना शासकहरूको विरोधमा खराबी बोल्नुहुँदैन, र उसले आफ्नो सरकारको विरोधमा विद्रोह मच्चाउन पाउँदैन। उसले उच्च पदाधिकारीहरूका निम्ति प्रार्थना गर्नुपर्छ। स्वर्गको नागरिक भएको नाताले उसले परमेश्वरको आज्ञापालन गर्नुपर्छ। सरकारको कुरा मान्ने कि परमेश्वरको कुरा मान्ने विषयमा कारणवश/कहीं कुनै द्वन्द्व भयो भने परमेश्वरप्रति उसको निष्ठा/भक्ति/कर्तव्य पहिले हुनुपर्छ, प्रथम स्थान पाउनुपर्छ (प्रेरित ५:२९)।

जब हामी मत्ती २२:२१ पदको कुरा गर्छौं, तब हामी प्रायः सिजरलाई दिनुपर्ने कुराहरूमा जोड़ लाउँछौं, र परमेश्वरलाई दिनुपर्ने कुराहरू फुट्ट छोड़िदिन्छौं; अनि ठीक यही कुरा फरिसीहरूले गर्थे, र यसैले प्रभु येशूले तिनीहरूलाई तिनीहरूको त्यही भूलको दोष देखाउनुभयो।

मत्ती २२:२२: जब यी फरिसीहरूले उहाँको उत्तर सुने, तब आफूले हार खाएका तिनीहरूले बुझे; तब के गर्ने ? तिनीहरू छक्क परे; तिनीहरूले उहाँलाई छोड़े, र आफ्नो बाटो लागे ।

ञ) सदुकीहरू र पुनरुत्थानको विषयमा तिनीहरूले थापेको अड्को (मत्ती २२:२३-३३)

मत्ती २२:२३-२४: हामीले अघिबाट बताइसक्यौं: सदुकीहरूचाहिँ त्यस समयका धर्मका उदारवादी विद्वानहरू थिए, जसले शारीरिक पुनरुत्थान, स्वर्गदूतहरू र आश्चर्यकर्महरू अस्वीकार गर्थे । वास्तवमा, तिनीहरूले मानेका/स्वीकार गरेका कुराहरूभन्दा तिनीहरूले अस्वीकार गरेका कुराहरू धेरै थिए ।

तिनीहरूको एक दल येशूकहाँ आयो; पुनरुत्थानको कुरा हँसी-ठट्टामा उड़ाउने तिनीहरूसँग एक आफैले रचेको, अड्कोरूपी कथा थियो । तिनीहरूले पहिले मोशाको व्यवस्थामा नियोगको विवाहको विषयमा लेखिएको कुरा प्रभुलाई सम्झाए (व्यवस्था २५:५) । व्यवस्थाको समयमा त्यसको नियम यस प्रकारको थियो: कुनै इस्राएली पुरुष सन्तान नभई मर्‍यो भने, उसको भाइले उसको पत्नीलाई विवाह गर्नुपर्नेथियो, यस हेतुले कि इस्राएलमा उसको परिवारिक नाम नमेटिओस् र उसको पैतृक सम्पत्तिचाहिँ आफ्नो परिवारभित्र रहिरहोस् ।

मत्ती २२:२५-२८: तिनीहरूको अड्कोरूपी कथा एउटी स्त्रीको विषयमा थियो, जसको पति मरेपछि उसको विवाह उसको पतिको एक भाइसँग भएको थियो । उसको दोस्रो पति पनि मर्‍यो, र उसको विवाह पतिको अर्को भाइसँग भयो । यसरी नै उसको विवाह सातपल्ट सातौं भाइसँग भएसम्म भयो । अन्तमा त्यो स्त्री पनि मरी । त्यसपछि तिनीहरूले त्यो रचेको प्रश्न निकाले, जुन प्रश्नद्वारा तिनीहरूले प्रभु येशूलाई होच्याउन चाहेका थिए, जो स्वयम् पुनरुत्थान हुनुहुन्छ (यूहन्ना ११:२५) । तिनीहरूले उहाँलाई प्रश्न गरे: **'यसकारण पुनरुत्थानमा त्योचाहिँ ती सातजनामा कसकी पत्नी हुनेछ; किनकि त्यो ता सबैकी भइसकेकी थिई ?'**

मत्ती २२:२९: वास्तवमा तिनीहरूको मूल तर्क यस प्रकारको थियोः पुनरुत्थानको सिद्धान्तले तर्न नसकिने समस्याहरू सृजना गर्छ; यसैले यो तर्कसँगत थिएन, र यसैले यो सत्य हुन सक्दैनथियो। प्रभु येशूले जवाफमा तिनीहरूको खास समस्या देखाउनुभयो, जो त्यस सिद्धान्तमा होइन, तर तिनीहरूको मनमा थियो; किनभने तिनीहरू पवित्र शास्त्रहरूमा र परमेश्वरको शक्तिको सम्बन्धमा अनजान थिए।

पहिलो कुरा, तिनीहरू पवित्र शास्त्रहरूमा अनजान थिए। पति-पत्नीको वैवाहिक सम्बन्धमा स्वर्गमा पनि जारी रहन्छ भन्ने कुरा पवित्र बाइबलले कहिल्यै कुनै ठाउँमा भन्दैन। स्वर्गमा पुरुषहरूचाहिँ पुरुष र स्त्रीहरूचाहिँ स्त्री रहनेछन्, यसो चिनिनेछन्, तर तिनीहरूको बिहेवारी हुँदैन; यस सम्बन्धमा तिनीहरू सबै स्वर्गदूतहरूजस्तै हुनेछन्।

दोस्रो कुरा, तिनीहरू परमेश्वरको शक्तिको विषयमा अनजान थिए। के उहाँले मानिसलाई माटोबाट सृष्टि गर्नुभएन? तब मरेर माटो भइसकेकाहरूलाई माटोबाट बौराएर उठाउनु र त्यस माटोबाट तिनीहरूका निम्ति एउटा महिमित शरीर रच्नु उहाँलाई के गाह्रो पर्थ्यो र?

मत्ती २२:३०-३२: अब प्रभु येशूले शरीरको पुनरुत्थान अवश्य हुनैपर्छ भन्ने कुरा देखाउनलाई पवित्र शास्त्रको खण्ड लिएर त्यहाँबाट यो कुरा पुष्टि गर्ने तर्क निकाल्नुभयो। प्रस्थान ३:६ पदमा परमेश्वरले आफ्नो विषयमा यसरी बोल्नुभयोः ***'म अब्राहामको परमेश्वर, इसहाकको परमेश्वर र याकूबको परमेश्वर हुँ;'*** त्यो भन्नुभएपछि उहाँले यस सन्दर्भमा भन्नुभयोः **'परमेश्वर मरेकाहरूका परमेश्वर हुनुहुन्न, तर जिउँदाहरूका परमेश्वर हुनुहुन्छ।'** अब्राहाम, इसहाक र याकूब – यी तीनजना व्यक्तिहरूसँग परमेश्वरले करार/वाचाहरू बाँध्नुभयो, तर यी करार/वाचाहरूमा गरिएका सबै प्रतिज्ञाहरू पूरा हुनअघि नै उनीहरू मरे। यी तीनजना व्यक्तिका परमेश्वर हुँ भनेर परमेश्वरले आफ्नो विषयमा कसरी बोल्न सक्नुहुन्छ, जब यी तीनजना मरे र उनीहरूका शरीर गाड़िएर चिहानमा रहेका छन्। आफ्ना प्रतिज्ञाहरूको विषयमा विश्वासयोग्य र अटल रहनुहुने परमेश्वरले मरिसकेका ती

मानिसहरूसित बाँध्नुभएका आफ्ना प्रतिज्ञाहरू कसो गरी पूरा गर्नुहुन्छ? यसको एकमात्र जवाफ छः शरीरको पुनरुत्थानद्वारा।

मत्ती २२:३३: उहाँको अद्भुत शिक्षामा ती भीड़हरू के, हामी पनि छक्कै पर्दछौं।

ट) ठूलो आज्ञा (मत्ती २२:३४-४०)

मत्ती २२:३४-३६: प्रभु येशूले सदुकीहरूलाई चुप पार्नुभएको कुरा जब फरिसीहरूले सुने; (सदुकीहरू फरिसीहरूको विपक्ष थिए); तब तिनीहरू पनि प्रभु येशूलाई भेट्न र उहाँसित अन्तर्वार्ता/कुराकानी गर्न आए। एकजना व्यवस्थाका पण्डित तिनीहरूका प्रवक्ता थिए, जसले प्रभु येशूलाई सोधेः **'गुरुज्यू, भन्नुहोस्! व्यवस्थामा ठूलो आज्ञा कुनचाहिँ हो?'**

मत्ती २२:३७-३८: प्रभु येशूले प्रवीणतापूर्वक/निपुणतासाथ परमेश्वरप्रति मानिसको कर्तव्यको सङ्क्षिप्त सार दिनुभयो, जसलाई **'यहीचाहिँ पहिलो र ठूलो आज्ञा हो'** भनेर भन्नुभयो। **'तिमीले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले र आफ्नो सारा मनले प्रेम गर!'** मर्कूसको सुसमाचारमा अझ यो कुरा थपिएको छः ***' ... र आफ्नो सारा बलले प्रेम गर!'*** (मर्कूस १२:३०)। हामीले परमेश्वरलाई हाम्रो सम्पूर्ण जीवनले प्रेम गर्नुपर्छ – मानिसको सर्वप्रथम/परम कर्तव्यको मतलब यही हो। त्यसको परिभाषा यस प्रकारको छः हृदय भन्नाले मानिसको मनोभावना देखाउँछ, प्राण भन्नाले मानिसको इच्छा गर्ने क्षमता देखाउँछ, मन भन्नाले मानिसको समझशक्ति देखाउँछ र शक्ति भन्नाले मानिसको शारीरिक बल देखाउँछ।

मत्ती २२:३९-४०: त्यसपछि प्रभु येशूले मानिसको दोस्रो कर्तव्य पनि थपेर बताउनुभयोः **'तिमीले आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर!'** श्री ए. बार्नस्ले भन्छन्: 'परमेश्वरलाई र मानिसलाई प्रेम गर्नु नै यस धर्मको सम्पूर्ण सार हो। अनि यस प्रकारको प्रेम पैदा गर्न मोशा, भविष्यवक्ताहरू, मुक्तिदाता येशू र उहाँका प्रेरितहरूको उद्देश्य थियो।' **'तिमीले आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर'** भन्ने शब्दहरू

हामीले बारम्बार मनन/चिन्तन गर्नुपर्छ। हामीले आफैलाई कति, अति नै बढ़ी प्रेम गर्दा रहेछौं, केवल आफ्नै वास्ता गरेर र केवल आफ्नै सुविधा हेरेर मात्र काम, क्रियाकलाप गरिरहँदा रहेछौं भन्ने कुरामा ध्यान दिनुपर्छ। त्यसपछि यस प्रकारको प्रेम हामीले आफ्ना छिमेकीलाई गरेको कल्पना गरौं – यो केजस्तो हुनेथियो होला? त्यसपछि हामीले यस कल्पनाअनुसार काम गरौं, यसलाई पूरा गरिहालौं! यस प्रकारको व्यवहार मानिसको स्वभावअनुसारको होइन, तर ईश्वरीय स्वभाव-अनुसारको हो। यसैले केवल नयाँ जन्म पाएका व्यक्तिहरूले यसो गर्न सक्छन्, अनि जब उनीहरूले ख्रीष्ट येशूलाई उनीहरूको जीवनद्वारा यसो गर्न दिन्छन्, तब मात्र उनीहरूले यसो गर्न सक्छन्।

ठ) दाऊदका पुत्रचाहिँ दाऊदका प्रभु हुनुहुँदो रहेछ (मत्ती २२:४१-४६)

मत्ती २२:४१-४२: यी फरिसीहरू ती पण्डितलाई दिनुभएको येशूको जवाफको प्रभावले अझ विस्मयाकुल भएको बेलामा उहाँले मौका छोपेर तिनीहरूको सामु तिनीहरूलाई छेड़पेच दिलाउने समस्या राख्नुभयोः **'ख्रीष्टको विषयमा तिमीहरूको विचार के छ? उनी कसका पुत्र हुन्?'**

फरिसीहरूमध्ये धेरैले येशू नै ख्रीष्ट हुनुहुन्छ भन्ने कुरा विश्वासै गरेनन्; तिनीहरूले अझै मसीहको बाटो हेरिरहेका थिए। यसकारण प्रभु येशूले तिनीहरूलाई 'मेरो विषयमा तिमीहरूको के विचार छ' भन्ने प्रश्न सोध्नुभएन (यद्यपि यो अर्थ उहाँको प्रश्नभित्र हालिएको थियो); तर उहाँले तिनीहरूलाई साधारण तौरले सोध्नुभयोः 'मसीहचाहिँ यस संसारमा आउँदा कसको छोरा भएर आउने हो?' तिनीहरूले ठीक जवाफ दिएः मसीहचाहिँ दाऊदका पुत्र भएर आउने हो।

मत्ती २२:४३-४४: अब प्रभु येशूले भजन ११०:१ पद उद्धृत गर्नुभयो, जहाँ राजा दाऊदले भनेः **'परमप्रभुले मेरा प्रभुलाई भन्नुभयोः "जबसम्म म तिम्रा शत्रुहरूलाई तिम्रो पाउदान बनाउँदिनँ, तबसम्म तिमी मेरो दाहिने हातपट्टि बस!" '** परमप्रभु भन्ने शब्द पिता परमेश्वरसित

सम्बन्धित छ भने प्रभु भन्ने शब्दले चाहिँ मसीहसित सम्बन्ध राख्छ। यसर्थ राजा दाऊदले मसीहलाई 'मेरा प्रभु' भने।

मत्ती २२:४५: यस बेला प्रभुले अर्को प्रश्न गर्नुभयोः **'दाऊदले उहाँलाई "प्रभु" भन्छन् भने उहाँ कसरी, कुन हिसाबले उनका पुत्र हुनुहुन्छ त?'** यस प्रश्नको उत्तर होः मसीहचाहिँ दाऊदका प्रभु साथै दाऊदका पुत्र पनि हुनुहुन्थ्यो; किनभने मसीहचाहिँ दुवै परमेश्वर र मानिस हुनुहुन्थ्यो। परमेश्वर भएर उहाँ दाऊदका प्रभु हुनुहुन्थ्यो, अनि मानिस भएर उहाँ दाऊदका पुत्र हुनुहुन्थ्यो।

फरिसीहरूमा सिक्ने मन भएको/फरिसीहरू शिक्षणीय भएका भए तिनीहरूले येशू मसीह हुनुहुँदो रहेछ भन्ने कुरा थाहा पाउनेथिए, जो मरियमको वंशावलीअनुसार दाऊदका पुत्र हुनुहुन्थ्यो; अनि उहाँ परमेश्वरका पुत्र पनि हुनुहुन्थ्यो, जुन कुरा उहाँका शब्दहरूले, उहाँका कामहरूले र उहाँको चालचलनले प्रकट गर्दथे।

मत्ती २२:४६: तर तिनीहरूले यो कुरा देख्न इन्कार गरे। प्रभुका बुद्धिले भरिएका वचनहरूसँग पूरा हार खाएर र अलमलमा परेर तिनीहरूले अरू प्रश्नहरू गरेर उहाँलाई फसाउने क्रम थामे। अबदेखि उसो तिनीहरूले अर्को तरिका अपनाउनेथिएः बलप्रयोग/अत्याचार।

ङ) ठूला-ठूला कुरा गर्नेहरूलाई चेताउनी, जसको चालचलन अल्पविकसित भएको (मत्ती २३:१-१२)

मत्ती २३:१-४: यस अध्यायका शुरुका पदहरूमा प्रभु येशूले भीड़का मानिसहरू र उहाँका चेलाहरूलाई फरिसीहरू र शास्त्रीहरूको विषयमा चेताउनी दिँदै हुनुहुन्छ; किनकि यी अगुवाहरू मोशाको आसनमा बस्दथे, र मोशाको व्यवस्था सिकाउँदथे। तिनीहरूले दिएका शिक्षाहरू प्रायः भरपर्दा थिए, तर तिनीहरूको व्यवहार यस्तो थिएन। तिनीहरूको सिद्धान्त ठीक्कै थियो, तर तिनीहरूको चालचलन खराब थियो। यो ता ठूला-ठूला कुराहरू गर्ने, तर आफ्नो चाल ती कुरासँग मेल नखाने एक नमुना थियो। यसैले प्रभु येशूले भन्नुभयोः **'तिनीहरूले तिमीहरूलाई जे-जे मान्नु भन्छन्, ती सबै कुरा मान र गर; तर**

तिनीहरूकै कामहरूजस्तो चाहिँ नगर; किनकि तिनीहरू भन्नु ता भन्छन्, तर गर्दैनन् ।'

तिनीहरूले मानिसहरूमाथि नियम/आदेशहरूरूपी गह्रौं भारीहरू लदाउँथे, तर तिनीहरूले कसैलाई ती असह्य भारीहरू बोक्नमा अलिकति पनि सहायता दिँदैनथे । (हुन सक्छ, तिनीहरूले व्यवस्थालाई साह्रै अक्षरशः लिए, र यसैले तिनीहरूले लाएका अर्थहरू पनि सन्तुलित थिएनन्) ।

मत्ती २३:५: तिनीहरूले भित्री हृदयको सचाइले होइन, तर मानिसहरूले देखून् भन्ने हेतुले सबै धार्मिक विधिविधनहरू बनावटी रीतिले पूरा गर्दैथे । तिनीहरूले प्रयोग गरेका व्यवस्था-पेटिकाहरू यसको एक उदाहरण हुन् । वास्तवमा, परमेश्वरले इस्राएलीहरूलाई 'परमप्रभुको व्यवस्था तिम्रो मुखमा रहोस् भनेर योचाहिँ तिम्रा निम्ति तिम्रो हातमा एउटा चिन्ह र तिम्रो निधारमा सम्झनाको रूपमा रहोस्' भन्ने आज्ञा दिनुहुँदा यसको मतलब थियोः व्यवस्थाका वचनहरूचाहिँ मार्ग-दर्शकको रूपमा सधैंभरि तिनीहरूको सामु रहिरहून्, र तिनैले तिनीहरूका सबै कामकुराहरूमा तिनीहरूलाई अगुवाइ गरिरहून् (प्रस्थान १३:९ र १६, व्यवस्था ६:८ र ११:१८) । तिनीहरूले यो आत्मिक नियम घटाएर यसलाई यसको अक्षरशः रूप मात्र रहेसम्म परिणत गरे, र यसलाई एक भौतिक रूप दिए। ससाना छालाका जन्तरहरूमा तिनीहरूले पवित्र शास्त्रका केही लिखित खण्डहरू हाल्थे र तिनलाई आफ्नो निधारमा वा आफ्ना पाखुरामा बाँध्थे। यसरी फरिसीहरू व्यवस्थाको वचन पालन गरौं भनेर फिक्री गर्दैनथे, तर ठूला-ठूला व्यवस्था-पेटिकाहरू लगाएर तिनीहरू आफूचाहिँ साह्रै आत्मिक देखा पर्नुपर्थ्यो, बस, यति पुग्यो। व्यवस्थामा यो आज्ञा पनि थियोः ***'तिनीहरूले आफ्ना वस्त्रहरूका किनारमा झुम्काहरू बनाऊन्, र त्यस किनारको झुम्कामा नीलो रङको फित्ता लगाऊन् !'***(गन्ती १५:३७-४१ र व्यवस्था २२:१२) । यी विशेष सजावटहरूले तिनीहरूलाई 'हामी एक पवित्र जाति हौं; यसैले अन्यजातिहरूबाट अलग रहेर हामी चल्नुपर्छ'

भन्ने कुराको सम्झना गराउनुपर्थ्यो । यही आत्मिक मतलब फरिसीहरूले वास्ता गरेनन्, तर लामा-लामा झुम्काहरू बनाउनुमा तिनीहरू सन्तोष रहन्थे ।

मत्ती २३:६-८: तिनीहरूले भोजहरूमा उच्च स्थानहरू र सभाघरहरूमा मुख्य आसनहरू रुचाउँथे; तिनीहरूको यस होड़बाजीले तिनीहरूको अहङ्कार देखाउँथ्यो । बजारहरूहुँदो तिनीहरूले अरू मानिस-हरूबाट अभिवादन पाएर आफ्नो अहम पालनपोषण गर्थे, अनि जब अरूले तिनीहरूलाई 'गुरुज्यू', 'पिताजी', 'बाजे' वा 'रब्बी' भन्थे, तब तिनीहरू साह्रै खुशी हुन्थे । (रब्बीको अर्थ 'मेरा गुरुज्यू/स्वामी' वा 'मेरा महात्मा' हो) ।

मत्ती २३:९-१०: यहाँ, यस ठाउँमा हाम्रा प्रभुले आफ्ना चेलाहरूलाई 'तिमीहरूले यस्ता कुनै विशेष उपाधिहरू प्रयोग नगर, जो परमेश्वरलाई मात्र सुहाउँछन्' भन्ने चेताउनी दिनुभयो । हामीलाई रब्बी भन्नु सुहाउँदैन; किनकि हाम्रा एकमात्र गुरु र स्वामी हुनुहुन्छ, जो ख्रीष्ट येशू हुनुहुन्छ । हामीले कुनै मानिसलाई 'हे बुवा/हे पिता' भन्नुहुँदैन; परमेश्वर हाम्रा पिता हुनुहुन्छ । श्री एच. जी. वेस्टोनले यस सम्बन्धमा गहिरो प्रकारले लेख्छन्:

'कसैलाई 'गुरुज्यू' 'स्वामी', 'पिताजी', 'बाजे', 'पाद्री-साहेब' आदि उपाधि दिनुहुँदैन; किनकि यी शब्दहरू मानिसले परमेश्वरसितको सम्बन्धमा मात्र उच्चारण गर्नु योग्य एक घोषणा हो । कुनै मानिस ख्रीष्ट-विश्वासी हो कि होइन ? यो तीनवटा कुराहरूमा निर्भर हुन्छः ऊ जे छ, उसले जे विश्वास गर्छ, र उसले जे काम गर्छ । अर्थात् अरू शब्दमा भन्नु हो भने, उसको सिद्धान्त के हो, उसको अनुभव के हो, उसको व्यवहार के हो ? अनि हरेक मानिसलाई आफ्नो आत्मिक जीवनमा तीनवटा कुराहरू आवश्यक पर्छः आत्मिक जीवन, आत्मिक शिक्षा र आत्मिक अगुवाइ/मार्गदर्शन । अनि ठीक यी तीनवटा कुरा-हरू उहाँ स्वयम् हुनुहुन्छ भनेर प्रभु येशूले यूहन्नाको सुसमाचारका थोरै शब्द-हरू लिएर 'बाटो, सत्य र जीवन म नै हुँ' भनेर घोषणा गर्नुभयो । ... तपाईंले आत्मिक रूपले कसैलाई पिताको रूपमा मान्नुहुँदैन; किनकि कुनै मानिसले आत्मिक जीवन पैदा गर्न सक्दैन, न ता आत्मिक जीवन कायम राख्न सक्छ ।

तपाईंले कुनै मानिसलाई आफ्ना भूलरहित गुरु/शिक्षकको रूपमा राख्नुहुँदैन; तपाईंले कुनै मानिसलाई आफ्ना आत्मिक निर्देशक हुन दिनुहुँदैन; किनकि अरू जुनसुकै व्यक्तिसित तपाईंको सम्बन्ध जत्ति नजिक भए पनि परमेश्वरसित र ख्रीष्ट येशूसित तपाईंको सम्बन्ध उत्तिकै/त्यत्ति नै नजिक हुन्छ।' [च]

प्रभुका यी शब्दहरूको स्पष्ट अर्थ यो होः स्वर्गको राज्यमा सबै विश्वासीहरूबाट एक भाइबान्धुरूपी इसाईसमाज बन्दछ, जहाँ सबै एकसमान/बराबर हुन्छन्, जहाँ एकजनालाई अरूलाई भन्दा उच्च पार्ने भिन्नभिन्नै विशेष उपाधिहरूका निम्ति कुनै ठावै रहँदैन। तर हिजोआज इसाई धर्ममा प्रयोग गरिएका आडम्बरपूर्ण उपाधिहरू विचार गर्नुहोस्! जस्तै रेभरेण्ड, राइट रेभरेण्ड, फाडर, पाद्री, पोप आदि; अरू थुप्रै यस्ता नामहरू छन्। डाक्टरजस्तै उपाधि प्रयोग गर्दा केही नराम्रो देखिएला, तर यसको अर्थ ल्याटिन भाषामा गुरुज्यू/शिक्षकज्यू/सर हुन्छ। (यहाँ प्रभुले दिनुभएको चेताउनीचाहिँ आत्मिक क्षेत्रमा लागू हुन्छ; यसमा शङ्का छैन; यहाँ शरीरको नातामा, पेशागत क्षेत्रमा वा शैक्षिक क्षेत्रमा हुने सम्बन्धको कुरा गरिएको छैन। उदाहरणका निम्ति, कुनै बाल-बालिकालाई आफ्ना बुवालाई 'पिता' भन्नु मनाही गरिएको छैन। कुनै बिरामी मानिसलाई आफ्ना चिकित्सकलाई 'डाक्टर' भन्नु निषेध गरिएको छैन)। सांसारिक सम्बन्धहरूमा यो नियम चल्छः ***'जसलाई आदर दिनुपर्छ, उसैलाई आदर देओ!'*** (रोमी १३:७)।

मत्ती २३:११-१२: साधारण मानिसहरूले साँचो महान्ताको विषयमा जस्तो सोच्छन्, त्यसको ठीक विपरीत त्यो स्वर्गको राज्यको क्रान्तिकारी सद्गुण देखा पर्दछ। **'तिमीहरूको बीचमा जो सबभन्दा ठूला छन्, तिनी तिमीहरूका सेवक बनून्; अनि जसले आफूलाई उचाल्छ, ऊ होचो पारिनेछ, अनि जसले आफूलाई होच्याउँछ, ऊचाहिँ उच्च पारिनेछ।'** जससँग साँचो महान्ता छ, ऊ अरूको सेवा गर्न झुक्छ। तर फरिसीहरूले आफूलाई उचाल्थे; यसैले तिनीहरू तल झारिनेछन्, होचा पारिनेछन्। अनि प्रभुका सच्चा चेलाहरू, जसले आफूलाई होच्याएका छन्, उनीहरू प्रभुको समयमा उच्च पारिनेछन्।

ढ) शास्त्रीहरू र फरिसीहरूलाई हाय !

(मत्ती २३:१३-३६)

अब प्रभु येशूले त्यस बेलामा जिउने अहङ्कारी धार्मिक पाखण्डीहरूको विरोधमा बोल्दै तिनीहरूलाई आठ पल्ट धिकार्नुभयो। उहाँले तिनीहरूलाई सराप्नुभएन; तर **'तिमीहरूलाई हाय !'** भनेर उहाँले भविष्यमा तिनीहरूको अन्तिम अवस्था देखेर आफ्नो शोक प्रकट गर्नुभएको हो।

मत्ती २३:१३: पहिलो पल्ट उहाँले तिनीहरूलाई तिनीहरूको हृदयको कठोरताले गर्दा र अरूलाई बाधा पार्ने कामहरू गरेको हुनाले धिकार्नुभयो। तिनीहरू आफैचाहिँ परमेश्वरको राज्यमा पसेनन्; अनि तिनीहरूले अरूलाई पनि पस्न दिएनन्, तर पस्न खोज्नेहरूलाई निक्कै बाधा दिए। अनौठो कुरा के हो भने, धर्म-नेताहरूचाहिँ प्रायः अनुग्रहको सुसमाचारका सबैभन्दा सक्रिय र फुर्तिला विरोधीहरू हुँदो रहेछन्। मुक्तिको सुसमाचारलाई छोड़ेर तिनीहरूले जेपनि मीठो मानेर सहन सक्दा रहेछन्। स्वभावैले सांसारिक मानिसले परमेश्वरको निगाहको पात्र बन्न चाहँदैन, र परमेश्वरले अरू मानिसहरूलाई अनुग्रह देखाउनुभएको पनि चाह गर्दैन।

मत्ती २३:१४: प्रभुको दोस्रो धिक्कार/हायले छ चाहिँ तिनीहरूलाई प्रहार गरेको छ, जसले विधुवाहरूका घरहरू निलेका छन्, र यस अधर्मको ढाकछोप गर्न लामा-लामा प्रार्थना गर्दछन्। अचेलका केही आधुनिक झूटा सम्प्रदायहरूले पनि यस प्रकारका प्रणालीहरू अपनाएर वृद्धा विधवाहरूलाई, कहिलेकहीं सीधासादा विश्वासीहरूलाई पनि मनाएर आफ्नो सम्पत्ति 'मण्डली'को नाममा दर्ता गर्न लाउँछन्। यसरी भक्तिको भेष धारण गर्नेहरूले झन् ठूलो दण्ड पाउनेछन्।

मत्ती २३:१५: तेस्रो धिक्कार/हाय तिनीहरूका निम्ति थियो, जसले आफ्नो जोश गलत ठाउँमा पुऱ्याएर प्रयोग गरेका थिए। एकजना मानिसलाई आफ्नो मतमा ल्याउन तिनीहरूले सात समुद्र पार गरे, तिनीहरूले असाध्य दुःख उठाए, तर जब त्यो तिनीहरूको मतमा

आइसक्यो, तब तिनीहरूले त्यसलाई आफूभन्दा दोबर दुष्ट तुल्याए। वर्तमान झूटा सम्प्रदायहरूको जोश पनि यस्तै छ। एउटा यस्तो झुण्ड छ, जसले आफ्नो मतका निम्ति एउटा व्यक्तिसित सम्पर्क राख्न भनी सयौं दैलाहरूमा ढक्ढक्याउँछ; तर तिनीहरूको यस प्रयासको अन्तिम परिणाम राम्रो हुँदैन, यसको प्रतिफल असल हुँदैन। कसैले भनेझैं भएको छः *'अरू सबैले भन्दा बढ़ी आफ्नो धर्म परिवर्तन गर्नेचाहिँ धेरैजसो सबैभन्दा बढ़ी विकृत भएको, सबैभन्दा बढ़ी बिग्रको हुन्छ।'*

मत्ती २३ः१६-२२ः चौथो पल्ट धिकार्दै प्रभु येशूले तिनीहरूलाई ताक्नुभयो, जसले धर्म-अधर्मको सम्बन्धमा वाक्छल/कुतर्क गर्थे, अथवा जसले जानी-जानी बेइमानदारपूर्वक/छली तर्क गर्थे। तिनीहरूले भाकल गरेको रकम तिर्नु नपरोस् भनेर आफ्ना निम्ति किसिम-किसिमका तर्क गर्ने प्रणालीहरू रचेका थिए। उदाहरणका निम्ति, तिनीहरूले के सिकाउँथे भने, 'कसैले मन्दिरको शपथ खायो भने त्यो केही पनि होइन, उसले भाकल तिर्नुपर्दैन; तर कसैले मन्दिरको सुनको शपथ खायो भने त्यो भाकल पक्क भएको, बाँधिएको हुन्छ, र उसले त्यो तिर्नैपर्छ।' तिनीहरूले यो पनि भन्थेः वेदीमाथि राखिएको भेटिको शपथ लागू हुन्छ, तर खाली वेदीको नाममा मात्र गरेको शपथ लाग्दैन। यसो हुनाले तिनीहरूले परमेश्वरलाई भन्दा सुनलाई बढ़ी महत्त्व दिए, र वेदीलाई भन्दा वेदीमाथि चढ़ाइएको भेटि/बलिदानलाई बढ़ी मान्यता दिए। (किनकि मन्दिरचाहिँ परमेश्वरको भवन थियो, र भेटिचाहिँ आफ्नो धनसम्पत्तिको केही अंश मात्र थियो)। तिनीहरूले आत्मिक कुराहरूमा भन्दा भौतिक कुराहरूमा बढ़ी चासो राख्थे; तिनीहरूले दिनभन्दा लिन चाहन्थे; तिनीहरूले वेदिमाथि त्यो भेटि चढ़ाउनुभन्दा त्यो वेदीमाथि राखिएको भेटि पाउने चेष्टा राख्थे। (किनकि वेदिचाहिँ परमेश्वरलाई दिने ठाउँ, उहाँलाई भेटि चढ़ाउने ठाउँ थियो)।

'हे अन्धा अगुवाहरूहो' भनेर प्रभु येशूले तिनीहरूलाई सम्बोधन गर्दा तिनीहरूको कुतर्क गर्ने चालको दोष प्रकट गर्नुभयो। मन्दिरचाहिँ परमेश्वरको भवन/वासस्थान भएको हुनाले मन्दिरको सुनको मूल्य बढ़्यो। वेदिले त्यसमाथि राखिएको भेटिलाई महत्त्व दियो। सुनमा

केही तात्त्विक भाव छ भन्ने कुरा विश्वास गर्ने मानिस अन्धा हुनुपर्छ। सुनको महत्त्व तब बढ्छ, जब हामीले त्यो सुन परमेश्वरको महिमाका निम्ति प्रयोग गर्छौं। शारीरिक इच्छा/अभिप्रायले दिएका भेटिहरू अर्थहीन/मूल्यहीन हुन्छन्, तर प्रभुलाई दिएका वा प्रभुको नाममा समर्पण गरेका भेटिहरू अनन्तसम्म मूल्यवान् हुन्छन्।

सत्य के होः ती फरिसीहरूले जेसुकै शपथ खाऊन्, तिनीहरूले त्यो भाकल पूरा गर्नुपर्थ्यो; किनभने तिनीहरूका शपथहरू सधैं परमेश्वरसित सम्बन्धित थिए। मानिसले कपटपूर्ण तर्कहरू गरेर आफ्ना कर्तव्यहरूबाट कहिल्यै मुक्त हुँदैन। भाकल/शपथहरू सधैं लागू हुन्छन्, अनि सबै प्रतिज्ञाहरू पूरा गर्नैपर्छ। आफ्ना कर्तव्यहरूदेखि उम्कन कुनै पनि प्रविधि/तकनिकीको सहारा लिनु बेकार हो।

मत्ती २३ः२३-२४ः पाँचौं धिक्कार/हायचाहिँ तिनीहरूका व्यर्थैका रीतिविधिहरूको विरोधमा थियो; किनकि तिनमा वास्तविकता/यथार्थता थिएन। शास्त्रीहरू र फरिसीहरू पदिना, सूँप र जीराजस्तै आफूले उमारेको तुच्छ सागपातको दसौं अंश परमप्रभुलाई दिनमा साह्रै होशियार बस्थे। तिनीहरू ससाना कुराहरूमा पनि आज्ञाकारी हुने सम्बन्धमा होशियार बसेकोमा प्रभु येशूले तिनीहरूलाई दोष लगाउनुभएन; तर तिनीहरूले अरू मानिसहरूप्रति न्याय, दया र विश्वास/विश्वस्तता देखाउनुपर्ने सम्बन्धमा पूरा इमानदारी नभएको हुनाले उहाँले तिनीहरूलाई गाली गर्नुभयो। **'तिमीहरू भुसुना चाल्दछौ, तर ऊँटलाई निल्दछौ'** भन्ने काव्यालङ्कार उहाँले प्रयोग गरेर तिनीहरूलाई चित्रण गर्नुभयो – कस्तो तिनीहरूको अवस्था बुझाउने सर्वोत्तम व्याख्या/परिभाषा! त्यो भुसुना, त्यो मसिनो कीरा कहिलेकहीं दाखमद्यको कचौरा/प्यालाभित्र खस्थ्यो; दाखमद्य पिउँदा त्यसलाई दाँतले चालेर मानिसले त्यसलाई यसरी निकाल्थ्यो। नगण्य कुराको यत्रो ख्याल गर्नु, तर इस्राएल देशमा पाइने सबैभन्दा ठूलो जानवर, त्यो अशुद्ध ऊँटलाई सिङ्गै निल्नुचाहिँ कति हाँस उठ्दो रहेछ। फरिसीहरूको ध्यानचाहिँ सानोभन्दा सानो कुरामाथि बस्थ्यो, तर तिनीहरू ठूला-ठूला पापहरूको विषयमा साह्रै अन्धा हुन्थे, जस्तै छलकपट, झूट/बेइमानी/असत्य,

क्रूरता/निर्दयता र लोभलालच आदि। कुन कुरा ठूलो, कुन कुरा सानो छ, सो खुट्याउने क्षमता तिनीहरूमा हराएको थियो।

मत्ती २३:२५-२६: छैटौं धिक्कार/हायको प्रहार तिनीहरूको बाहिरी देखावटको कारण तिनीहरूमाथि आइपर्‍यो। धार्मिक र नैतिक बाहिरी प्रदर्शन कायम राख्न फरिसीहरू अति होशियार बस्थे, तर तिनीहरूका हृदय धुताइ/धुतधात र असंयमले[ज] भरिएका थिए। तिनीहरूले **'पहिले कचौरा र थालको भित्री भाग सफा गर्नु'** थियो; अर्थात् तिनीहरूले पहिले निश्चित गर्नुपर्थ्योः पश्चात्ताप गरेर र प्रभु येशूमाथि विश्वास गरेर तिनीहरूको हृदय शुद्ध भयो के? तब, अँ, तब मात्र तिनीहरूको बाहिरी व्यवहार ग्रहणयोग्य हुनेथियो। हाम्रो भित्री व्यक्तित्वको गुण र हाम्रो परिचय दिने बाहिरी व्यवहारमा भिन्नता छ। हामी प्रायः बाहिरी व्यवहारमा, अरूको सामु हामी केजस्तै देखा पर्छौं भन्ने कुरामा जोड़ गर्छौं; तर परमेश्वरचाहिँ हामी वास्तविक को हौं, यसमा चासो लिनुहुन्छ। हाम्रो भित्री अन्तस्करणमा सच्चाइ भएको उहाँ चाहना गर्नुहुन्छ (भजन ५१:६)।

मत्ती २३:२७-२८: सातौं धिक्कार/हायले पनि तिनीहरूको बाहिरी देखावट हिर्काएको छ। भिन्नता यसमा छः छैटौं धिक्कार/हायले तिनीहरूले लुकाइराखेको पैसाको लोभको दोषारोपण गर्‍यो भने, तर सातौं धिक्कार/हायको हप्कीले चाहिँ तिनीहरूले ढाकछोप गरेको कपट र अधर्म दोष्यायो।

चिहानहरूमा चूना लगाइन्थ्यो, यस हेतुले कि यहूदीहरूले बेहोशी भएर तिनलाई नछोऊन् र यसरी विधिविधानअनुसार अशुद्ध नहोऊन्। प्रभु येशूले ती शास्त्री र फरिसीहरूलाई चूना लगाइएका चिहानहरूसित तुलना गर्नुभयो, जोचाहिँ बाहिरपट्टि साँच्चै सुन्दर देखा परे, तर भित्री भागचाहिँ सबै प्रकारको अशुद्धताले/भ्रष्टाचारले भरिएका थिए। साधारण मानिसहरूले के विचार गर्थे भने, यी धार्मिक नेताहरूसितको सँगत/सम्बन्धले उनीहरूको जीवन शुद्ध/पवित्र पारिन्छ; तर वास्तवमा त्यो ता अशुद्ध हुने अनुभव पो हुँदो रहेछ; किनकि तिनीहरू कपट र अधर्मले भरिएका थिए।

मत्ती २३ः२९-३०ः यस अन्तिम धिक्कार/हायलाई हामी केकस्तो नाम दिऔं? यसको प्रहारले बाहिरी सम्मान, तर भित्री हत्या/हिंसाको विरोध गऱ्यो; किनकि ती शास्त्रीहरू र फरिसीहरूले पुरानो नियमका भविष्यवक्ताहरूका चिहानहरू बनाएर वा मरम्मत गरेर अनि उनीहरूको स्मारकहरूमा फूलमाला/रीदहरू चढ़ाएर उनीहरूको सम्मान गरेको भेष धारण गर्थे; भविष्यवक्ताहरूको सम्झनामा दिइएका भाषणहरूमा तिनीहरूले यसो भन्ने गर्थेः **'हाम्रा बुवाबाजेको जमानामा हामी हुँदा हौं ता भविष्यवक्ताहरूको रगत बगाउनुमा हामी यिनीहरूसित सहभागी हुनेथिएनौं।'**

मत्ती २३ः३१ः प्रभु येशूले तिनीहरूलाई भन्नुभयोः **'यसकारण भविष्यवक्ताहरूलाई हत्या गर्नेहरूका सन्तान तिमीहरू नै हौ भनेर तिमीहरू आफैले आफ्नो विषयमा गवाही दिन्छौ।'** तिनीहरूले आफ्नो विषयमा कसरी गवाही दिए त? हामीले अघिको पदमा हेऱ्यौं भने तिनीहरूले ती भविष्यवक्ताहरूलाई मार्ने आफ्ना पितापुर्खाहरूबाट आफूलाई अलग राखेको जस्तै लाग्न सक्छ; तर होइन, प्रथम गवाही यो होः तिनीहरूले स्वीकार गरेः 'हो, पितापुर्खाहरूले ती भविष्यवक्ताहरूको रक्तपात गरे, र शरीरअनुसार हामीचाहिँ उनीहरूका सन्तान हौं।' तर प्रभु येशूले 'सन्तान' भनेर यहाँ प्रयोग गर्नुभएको शब्दको अर्को अर्थ पनि छ। सन्तान भन्नाले त्यही ङ्याङका मूलाहरू भनेझैं एकै स्वभाव/गुणका मानिसहरू बुझिन्छ। उहाँलाई थाहा थियोः हो, यद्यपि तिनीहरूले भविष्यवक्ताहरूका चिहानहरू सिँगार्थे, तिनीहरूले उहाँलाई नै मार्ने षड़्यन्त्र गरिरहेका थिए। तिनीहरूको विरोधमा साक्षी दिने दोस्रो गवाही यो होः तिनीहरूले मरेका भविष्यवक्ताहरूको यति सम्मान देखाउँथे; यसबाट बुझिन्छ, तिनीहरूले खास के भन्न खोजे भने 'भविष्यवक्ताहरूसित हामी प्रसन्न हुन्छौं नि! तर उनीहरू मरेका हुनुपर्छ।' यसको अर्थमा पनि तिनीहरूचाहिँ आफ्ना पितापुर्खाहरूका सन्तान थिए।

मत्ती २३ः३२ः तब प्रभु येशूले थपेर भन्नुभयोः **'अब आफ्ना बुवाबाजेहरूको दोषरूपी पाथी/नाप भरिदेओ!'** भविष्यवक्ताहरूको हत्या गरेर तिनीहरूका पितापुर्खाहरूले त्यो रक्तपातरूपी प्याला/कचौरा केही

हदसम्म भरेका थिए; तर अब चाँडै शास्त्रीहरू र फरिसीहरूले प्रभु येशूलाई र उहाँका अनुयायीहरूलाई मार्नेथिए र यसरी नै त्यस प्याला/कचौरा बिटसम्मै भरिदिनेथिए। जनु काम तिनीहरूका पितापुर्खाहरूले शुरु गरेका थिए, तिनीहरूले अब यसरी नै पूरा गरेर भयानक चरम-सीमासम्म पुऱ्याएर मात्र छोड्नेथिए।

मत्ती २३:३३: यहाँ, यस ठाउँमा **'हे सर्पहरू, विषालु साँपका सन्तानहो ! तिमीहरू नरकको दण्डबाट कसरी उम्कन सक्छौ त ?'** भन्दै परमेश्वरका अभिषिक्त जनले यी बज्रपातरूपी शब्दहरू बोल्नुभयो। के परमेश्वरको प्रेमको स्वरूप हुनुहुने प्रभुको मुखबाट यति नमीठा/कटु/कठोर शब्दहरू निस्कन सक्छन् ? हो, सक्छन्; किनकि साँचो प्रेम धार्मिक प्रेम, पवित्र प्रेम हुनुपर्छ। कसैलाई हानि गर्न नसक्ने धर्मसुधारक येशू, जसको एकमात्र भावनाचाहिँ सबैलाई प्रेम गर्नु थियो, यस प्रकारको जनधारणाअनुसारको येशू पवित्र बाइबलमा प्रकट हुनुभएका येशूसँग मेल खाँदै-खाँदैन। प्रेम कहिलेकहीं कड़ाकड़ी हुन सक्छ, तर प्रेम सधैं सच्चा/मनासिब हुन्छ; प्रेममा अन्याय हुँदैन।

हामीले यो गम्भीर कुरा याद गर्नुपर्छः प्रभु येशूले यी दण्ड दिने हप्कीरूपी शब्दहरूले मतवालाहरू र परमेश्वरद्वारा त्यागिएकाहरूलाई होइन, तर धर्म-नेताहरूलाई हिर्काउनुभएको हो। इसाई एकतावर्द्धक/एकुमेनिकल युगमा, जब कति इवङ्जेलिकल इसाईहरू खुल्लमखुल्ला ख्रीष्टको क्रूसको विरोध गर्ने शत्रुहरूका फौजहरूलाई काँधमा काँध मिलाएर साथ दिन्छन्, प्रभु येशूको यस नमुनामाथि ध्यान दिनु उचित देखिन्छ, अनि भविष्यवक्ता येहूले राजा यहोशापातलाई भनेका यी शब्दहरू स्मरण गर्नुपर्छः ***'के तपाईंले दुष्टलाई सहायता गर्नु र परमप्रभुलाई घृणा गर्नेहरूलाई प्रेम गर्नु उचित छ र ?'*** (२ इतिहास १९:२)।

मत्ती २३:३४-३५: आफ्नो मृत्यु कसरी हुनेछ, यसको विषयमा मात्र प्रभु येशूसँग पूर्वज्ञान थिएन, तर शास्त्रीहरू र फरिसीहरूले उहाँले तिनीहरूकहाँ पठाउन लाग्नुभएका सन्देशवाहकहरूमध्ये अर्थात् भविष्यवक्ताहरू, बुद्धिमान् मानिसहरू र शास्त्रीहरूमध्ये कतिलाई

मार्नेछन् भन्ने कुरा उहाँले यहाँ तिनीहरूलाई सफासँग भन्नुभयो। तिनीहरूले शहीद हुनदेखि बाँचेकाहरूलाई सभाघरहरूहुँदो कोर्रा लाउनेछन्, र एक शहरदेखि अर्को शहरसम्म खेदो गर्नेछन्। यसरी नै इस्राएलका धर्म-नेताहरूले आफूमाथि कति अपराध/दोषको रास थुपार्दै लानेछन् भन्ने साक्षी शहीदहरूको इतिहासको विवरणले दिन्छ। यसकारण पृथ्वीमाथि बहाइएको धर्मी जनहरूको सबै रगतको दोष तिनीहरूमाथि आइपर्नेछ – धर्मी हाबिलको रगतदेखि लिएर बराखियाका छोरा जकरियाको रगतसम्म। जकरियाको हत्याको विवरण २ इतिहास २४:२०-२१ पदमा दिइएको हो। २ इतिहासको पुस्तकचाहिँ हिब्रू बाइबलको किताबहरू मिलाउने क्रममा यसको अन्तिम पुस्तक हो। (यहाँ उल्लेख गरिएको जकरिया र पुरानो नियमको जकरिया नामक पुस्तक लेख्ने लेखक एउटै होइनन्, फरक-फरक व्यक्ति हुन्)।

मत्ती २३:३६: बिगत दिनहरूमा गरिएका अधर्महरूको सबै दोषको रास त्यस पुस्ताका मानिसहरूमाथि आइपर्नेछ, जससित ख्रीष्ट प्रभुले यी वचन बोल्नुभएको थियो; मानौं पापरहित मुक्तिदाताको हत्यामा उहिलेदेखि अहिलेसम्म बहाइएको निर्दोषी मानिसहरूको सबै रगत/रक्तपातको जम्मै दोष संयुक्त रूपले लगाइएको र उहाँको मृत्युमा चरमबिन्दुमा पुगेको छ। अब विनाकारण आफ्ना मसीहलाई घृणा गरेको र उहाँलाई अपराधी सम्झी काँटी ठोकेर उहाँलाई क्रूसमा झुन्ड्याएको यस जातिमाथि परमेश्वरको सजाय/दण्डरूपी भलको प्रवाह आइपर्नेछ।

ण) यरूशलेममाथि प्रभुको बिलौना (मत्ती २३:३७-३९)

मत्ती २३:३७: सारा पवित्र बाइबलभरि नै योजस्तै अरू कुनै अध्याय नहोला, जसमा प्रभु येशूका आठ हाय/धिक्कारहरू समावेश गरिएका छन्, र यही अध्यायको अन्तमा उहाँको बिलौनारूपी आँसुहरूको विषयमा पढ्नु कति अर्थपूर्ण, अति नै अर्थपूर्ण छ। फरिसीहरूलाई गर्नुभएको तिक्त भर्त्सनापछि उहाँले यरूशलेम शहरमाथि साह्रै मन दुखाउने गरी विलाप गर्नुभयो; किनकि यसले आफ्नो अन्तिम

मौका गुमाएको थियो। **'हे यरूशलेम, यरूशलेम !'** भनेर उहाँले यस शहरको नाम दोहोऱ्याउनुभयो – यस शहरप्रति उहाँको सहानुभूति/समवेदना कत्रो थियो, त्यसको साध्य छैन। यस शहरले भविष्य-वक्ताहरूलाई मारेको र परमेश्वरका समाचारवाहकहरूलाई ढुङ्गाले हानेको थियो; ता पनि प्रभु येशूले यसलाई माया गर्नुहुन्थ्यो, र **'जसरी कुखुरीले आफ्ना चल्लाहरूलाई आफ्ना पखेटामनि बटुल्छे'**, त्यसरी नै उहाँले धेरैपल्ट यसका छोराछोरीहरूलाई सुरक्षा दिने र प्रेमसाथ आफूकहाँ ल्याउने/बटुल्ने इच्छा गर्नुभयो, तर तिनीहरूले इच्छा गरेनन्।

मत्ती २३:३८: आफ्नो बिलौनाको अन्तमा उहाँले भन्नुभयोः **'हेर, तिमीहरूको घर तिमीहरूका निम्ति उजाड़ छोड़िन्छ।'** यहाँ भनिएको त्यस घरको प्रथम अर्थचाहिँ यरूशलेमको मन्दिर बुझिन्छ, तर त्यसले यरूशलेम शहर र इस्राएल जातिलाई समेत सङ्केत गरेको हुन सक्छ। अब उहाँको मृत्यु र उहाँको दोस्रो आगमनको बीचमा एउटा समय आउँछ, त्यत्ति बेला विश्वास नगर्ने इस्राएलीहरूले उहाँलाई फेरि देख्नेछैनन्। किनभने उहाँको पुनरुत्थान भएपछि उहाँका चेलाहरूले मात्र उहाँलाई देख्न पाए।

मत्ती २३:३९: यस पदले हामीलाई भविष्यको समयमा, प्रभुको दोस्रो आगमनमा लगेको छ, जब इस्राएल जातिको बीचमा जति विश्वासीहरू छन्, उनीहरूले उहाँलाई आफ्ना मसीह राजाको रूपमा ग्रहण गर्नेछन्। उनीहरूले उहाँलाई ग्रहण गरेको तात्पर्यचाहिँ **'परमप्रभुको नाममा आउनुहुने धन्य हुनुहुन्छ !'** भन्ने शब्दहरूबाट बुझिन्छ।

ख्रीष्ट येशूलाई हत्या गर्नेहरूको दोस्रो मौका मिल्यो भन्ने यस्तो कुनै सुझाउ दिएको हामी यहाँ देख्दैनौं। उहाँ यहाँ यरूशलेमको विषयमा बोल्नुभयो, र यसैले सामान्य अर्थमा उहाँले त्यसका बासिन्दाहरू र इस्राएल जातिको पनि कुरा गर्नुभयो भन्न सकिन्छ। यसकारण यरूशलेमका बासिन्दाहरूले प्रभु येशूलाई उहाँको मृत्युपछि फेरि कहिल्यै देख्नेछन् त? जब ***'तिनीहरूले उहाँलाई हेर्नेछन्, जसलाई तिनीहरूले छेंड़ेका थिए; अनि आफ्नो एकमात्र छोराका निम्ति विलाप गरेझैं उहाँका निम्ति विलाप गर्नेछन्, अनि जेठा छोराका निम्ति शोकित***

भएझैं उहाँका निम्ति शोकित हुनेछन्।' (जकरिया १२:१०)। यहूदीहरूको दृष्टिमा एकमात्र छोराका निम्ति शोक मान्नुभन्दा अरू कुनै पनि तिक्त शोक हुँदैन।

१३) मत्ती २४-२५: जैतुन डाँड़ामा मसीह राजाको उपदेश

मत्ती २४ र २५ अध्यायचाहिँ 'जैतुन डाँड़ाको उपदेश'को रूपमा चिनिन्छन्; किनभने जैतुन डाँड़ामा यो महत्त्वपूर्ण घोषणा दिइएको थियो। यस सम्पूर्ण उपदेशमा भविष्यवाणीहरू छन्, जसले महासङ्कष्ट र प्रभुको दोस्रो आगमनतिर औंल्याएका छन्। अरू विषयहरू छोड़ेर इस्राएली जातिचाहिँ प्रायः यस उपदेशको मुख्य विषय हो। यसको घटना घटिने स्थान इस्राएल देश हो। उदाहरणका निम्ति मत्ती २४:१६ हेर्नुहोला, जहाँ लेखिएको छः **'तब यहूदियामा हुनेहरू पहाड़हरूतिर भागून्।'** यसको विशेष सन्दर्भ यहूदीहरू हो; उदाहरणका निम्ति मत्ती २४:२० पदः **'तिमीहरूको भगाइचाहिँ ... विश्रामदिनमा नपरोस् भनी प्रार्थना गर!'** अनि मत्ती २४:२२ पदमा बताइएका चुनिएकाहरूचाहिँ हामीले कसरी बुझ्नुपर्छ? यिनीहरू परमेश्वरका चुनिएका यहूदीहरू हुन्, प्रभुको मण्डली होइन। येशू ख्रीष्टको मण्डली न यहाँका भविष्यवाणीहरूमा भेट्टिन्छ, न ता यस उपदेशका दृष्टान्तहरूमा पाइन्छ। यसको प्रमाण हामी दिन खोज्दैछौं।

क) प्रभु येशूले मन्दिर नष्ट हुने भविष्यवाणी दिनुहुन्छ (मत्ती २४:१-२)

यस उपदेशको पृष्ठभूमि **'येशू मन्दिरबाट बाहिर निस्केर जानुभयो'** भन्ने कुराबाट शुरु भएको छ। यो एक महत्त्वपूर्ण बयान हो। भर्खरै मात्र उहाँले **'तिमीहरूको घर तिमीहरूका निम्ति उजाड़ छोड़िन्छ'** भन्ने शब्दहरू भन्नुभएको थियो (मत्ती २३:३८); अनि विशेष गरी यसको

दृष्टिकोणमा मन्दिरबाट निस्केर आउने र त्यसलाई छोड़िजाने उहाँको क्रिया अर्थपूर्ण हो। यस कुराले हामीलाई इजकिएलको पुस्तकमा परमप्रभुको महिमा मन्दिरबाट उठेर/छोड़ेर गएको बयानको सम्झना दिलाएको छ (इजकिएल ९:३, १०:४ र ११:२३)।

प्रभु येशूका चेलाहरूले उहाँलाई मन्दिर-भवनको सुन्दर बनावट/वास्तुकला देखाएर उनीहरूसँग उहाँले पनि त्यसको तारिफ गर्नुभएको चाहना गरे। उनीहरूको ध्यान बितिजाने कुरामाथि अड़ेको थियो, अनन्तसम्म रहिरहने कुरामाथि होइन। उनीहरूले वास्तविक कुरा होइन, तर त्यसको छाया ख्याल गर्थे। प्रभु येशूले उनीहरूलाई चेताउनी दिएर भन्नुभयोः यो भवन यतिसम्म भताभुङ्ग हुनेछ कि **'यहाँ एउटा ढुङ्गामाथि अर्को ढुङ्गा छोड़िनेछैन, जो फ्याँकिनेछैन।'** टाइटसले त्यो मन्दिर बचाउन खोजे, तर तिनी आफ्नो प्रयासमा असफल भए; तिनका सिपाहीहरूले यसमा आगो लगाए, र यसरी नै तिनीहरूले ख्रीष्ट येशूको यो भविष्यवाणी पूरा गरे। जब आगोले त्यसको सुनको सजावट पग्लायो, तब त्यो पग्लेको धातु ढुङ्गा-ढुङ्गाबीचका चेपहरूबाट बहेथ्यो। त्यस सुनकहाँ पुगेर त्यसलाई निकाल्न ती सिपाहीहरूले एक-एक ढुङ्गा हटाउनुपर्‍यो, हाम्रा प्रभुले भविष्यवाणी गर्नुभएझैं। यो न्यायचाहिँ इस्वी सम्वत् ७० साल भएको हो, जब रोमी सिपाहीहरूले टाइटसको नेतृत्वमा यरूशलेमलाई कब्जा गरेर लुटे।

ख) सङ्कटकालको पहिलो आधा भाग (मत्ती २४:३-१४)

मत्ती २४:३: किद्रोन खोला पार गर्नुभएपछि प्रभु येशू जैतुन डाँड़ामा आइपुग्नुभयो। उहाँका चेलाहरू एकान्तमा उहाँकहाँ आए, अनि उनीहरूले उहाँलाई निम्न तीनवटा प्रश्न गरेः

१) **'यी कुराहरू कहिले हुनेछन्?'** अर्थात् उक्त मन्दिर कहिले नष्ट पारिनेछ?

२) **'प्रभुको आगमनको चिन्ह के हो?'** अर्थात् प्रभु येशू आफ्नो राज्य स्थापित गर्न फेरि यस संसारमा फर्केर आउनुभन्दा अगाड़ि कुन अलौकिक घटना घट्नेछ?

३) **'यस युगको अन्तको चिन्ह के हुनेछ?'** अर्थात् प्रभु येशूको महिमित राज्यकाल शुरु हुनुभन्दा ठीक अगाड़ि कुन कुराले त्यस युगको अन्त भएको सूचना दिन्छ? (दोस्रो र तेस्रो प्रश्नहरू वास्तवमा एउटै हुन्।)

हामीले याद गर्नुपर्छः यहूदी भएका नाताले यी चेलाहरूको विचार पृथ्वीमा स्थापित हुने मसीह राजाको महिमित राज्यमा केन्द्रित रहन्थ्यो। ख्रीष्ट येशू आफ्नो मण्डली लिन आउनुहुनेछ भन्ने कुरा उनीहरूले विचारै गरेनन्। उहाँको आगमनको यस भागको विषयमा उनीहरूसँग ज्ञानै थिएन, अथवा उनीहरूमा यसको अल्पबोध मात्र थियो। प्रभु येशू शक्ति र महिमाको साथ आउनुहुनेछ र उहाँले आफ्ना शत्रुहरूलाई नाश गरेर संसारमाथि राज्य गर्नुहुनेछ भन्ने उनीहरूको एकमात्र आशा थियो।

अनि दोस्रो कुरा हामीले सफासँग बुझ्नुपर्छः उनीहरूले *संसारको* अन्तको कुरा गरेनन्, जस्तो के.जे.वि. बाइबलले भन्छ, तर उनीहरूले *युगको* अन्तको कुरा गरे। ग्रीक भाषामा युगलाई 'आइओन' भनिन्छ।

प्रभु येशूले उनीहरूको पहिलो प्रश्नको उत्तर सीधा प्रकारले दिनुभएन। बरु उहाँले यहाँ इस्वी सम्वत् ७० सालमा यरूशलेममाथि गरिने चढ़ाइ (लूका २१:२०-२४ पद हेर्नुहोस्!) र अन्तिम दिनहरूमा उस्तै प्रकारले हुन आउने चढ़ाइसित मिलाउनुभयो। भविष्यवाणीहरू अध्ययन गर्दा धेरैपल्ट हामीले के चाल पायौं भने, प्रभुले भविष्यवाणी गर्नुहुँदा पहिले आंशिक रूपले पूरा हुने घटनाबाट एकैचोटि, हाम्रा निम्ति झन्डै थाहा नहुने गरी, यस घटनाको अन्तिम पूर्तिमा/समाप्तिमा पुग्नुहुन्छ।

दोस्रो र तेस्रो प्रश्नको उत्तर मत्ती २४:४-४४ पदमा पाइन्छ। यी पदहरूमा सङ्कटकालको सात वर्षको अवधिको वर्णन दिइएको छ; यो अवधिचाहिँ ख्रीष्ट येशूको महिमित आगमन हुनुभन्दा ठीक अगाड़ि पर्छ। मत्ती २४:४-१४ पदको खण्डमा यसको पहिलो साढ़े तीन वर्षको चर्च गरिएको छ। अन्तिम साढ़े तीन वर्षचाहिँ 'महासङ्कष्ट' र 'याकूबको सङ्कष्ट' भनिन्छ (यर्मिया ३०:७)। यो अवधि त्यति बेला पृथ्वीमाथि

जिउने मानिसहरूका निम्ति यति बिघ्न दुःखकष्टले पूर्ण समय हो; यस्तो कहिल्यै भएको थिएन।

सङ्कटकालको पहिलो भागका लक्षणहरूको रूपमा चिनिने धेरै परिस्तिथिहरू केही मात्रामा मानव-इतिहासभरि नै हुन्थे, तर यस पहिलो भागको अवधिभित्र यी परिस्तिथिहरूले अति नै तीव्र रूप लिनेछन्। हो, प्रभुका मण्डलीकाहरूलाई सङ्कष्ट हुने वचन/प्रतिज्ञा दिइएको छ (यूहन्ना १६:३३)। तर उनीहरूको सङ्कष्ट र सङ्कटकालमा हुने सङ्कष्टको बीचमा आकाश र पातालको भिन्नता छ। यस प्रकारको सङ्कष्ट संसारभरि यी मानिसहरूमाथि खन्याइनेछ, जसले परमेश्वरका पुत्रलाई तिरस्कार गरेका छन्।

हामी विश्वास गर्छौं: परमेश्वरको क्रोधको दिन लाग्नुभन्दा अगाड़ि (१ थेस्सलोनिकी १:१०, ५:९ र २ थेस्सलोनिकी २:१-१२) प्रभुको मण्डली यस संसारबाट उठाइनेछ (१ थेस्सलोनिकी ४:१३-१८)।

मत्ती २४:४-५: सङ्कटकालको पहिलो आधा भागको अवधिमा धेरै झूटा ख्रीष्टहरू (अर्थात् अभिषेक गरिएका जनहरू) खड़ा हुनेछन्/देखा पर्नेछन्, जो भीड़ैभीड़ मानिसहरूलाई धोका दिनुमा सफल हुनेछन्। हालैमा धेरै झूटा समुदायहरू खड़ा भइरहेका छन्; हुन सक्छ, यो कुरा यसको पूर्वलक्षण होला, तर पक्क पनि यसको समाप्ति होइन। यी झूटा धर्म-नेताहरू यहूदी हुनेछन्, जसले 'म ख्रीष्ट हुँ' भनेर दाबी गर्नेछन्।

मत्ती २४:६-७: लड़ाइँहरू हुनेछन् र लड़ाइँका होहल्लाहरूको विषयमा सुनिनेछ। **'जाति जातिको विरोधमा, र राज्य राज्यको विरोधमा उठ्नेछ।'** आजै यो वचन पूरा भएको देख्दैछौं भन्ने हामीलाई सजिलोसँग लाग्दैछ भने यो ता यी हुन आउने कुराहरूको हल्का रूप मात्र हो। अबचाहिँ प्रभुको मण्डली उठाइनेछ; परमेश्वरको समय तलिकाअनुसार अब घट्नुपर्ने घटना यही हो (यूहन्ना १४:१-६ र १ कोरिन्थी १५:५१-५७)। त्योभन्दा अघि अरू कुनै भविष्यवाणी पूरा हुनुपर्दैन। प्रभुको मण्डली पहिले उठाइनेछ, त्यसपछि परमेश्वरको भविष्यवाणीरूपी घड़ी चल्न थाल्छ, र एकैएक यी परिस्तिथिहरू देखा पर्नेछन्। पृथ्वीका ठाउँ-

ठाउँमा अनिकालहरू र महामारीहरू हुनेछन्, र भुइँचालाहरू जानेछन्। आज पनि जनसङ्ख्या ज्यादा बढ़ेको हुनाले विश्वका ठूला-ठूला नेताहरू भूतप्रेतसित डराएझैं डरलाग्दो अनिकालको सम्भावनादेखि डराइरहेका छन्। तर लड़ाइहरू भइरहेका हुनाले खाँचोहरू बढ़िरहनेछन्, र ती खाँचोहरूले अनिकालहरू टुप्पामा पुऱ्याउनेछन्।

हालसालमा गइरहने भुइँचालाहरूले चाहिँ हाम्रो ध्यान बढ़ी आकर्षण गर्छन्; यति मात्र होइन, तर भविष्यमा जाने भुइँचालाहरूको आशङ्काले पनि मानिसहरूलाई दिन प्रतिदिन भयभीत पारिरहेको छ। हामीले फेरि भन्नुपर्छः यो ता सानो कुरा हो; यो हाम्रा प्रभुका शब्दहरूको वास्तविक रूप/समाप्ति होइन। यो अझ पूरा हुन बाँकी छ।

मत्ती २४:८: यस पदले त्यस समयको नाम **'पीड़ा/व्यथाहरूको शुरु'** दिएको छ। यो सब ता सुत्केरी-व्यथाको थालनी मात्र हुँदो रहेछ। यसले इस्राएलका मसीह राजाको नेतृत्व/देखरेखमा एउटा बिलकुल नयाँ व्यवस्था जन्माउँछ।

मत्ती २४:९-१०: सङ्कटकालको समयमा प्रभुप्रति विश्वासयोग्य रहने विश्वासीहरूले आफ्नो व्यक्तिगत जीवनमा ठूलो जाँचको अनुभव गर्नेछन्। जाति-जातिका मानिसहरूले उहाँप्रति सच्चा रहने सबैजनाको विरोधमा उनीहरूलाई घृणा गर्ने अभियान चलाउनेछन्। धर्म-अड्डाहरूमा र सरकारी अदालतहरूमा उनीहरूका मुद्दाहरू चल्नेछन् (मर्कूस १३:९)। यति मात्र होइन, उनीहरू आफ्ना विश्वास त्याग्न तयार नभएका हुनाले उनीहरूलाई मारिनेछ, र धेरैजना शहीद बन्नुपर्नेछ। ख्रीष्टीय युगभरि नै यस्ता जाँचहरू भइरहन्थे; तर यस खण्डले यो कुरा एक लाख चवालीस हजार यहूदी विश्वासीहरूको सन्दर्भमा भनेको हामीलाई लाग्छ; त्यस अवधिमा यिनीहरूको विशेष सेवकाइ हुनेछ।

प्रभुका निम्ति दुःख भोग्नु र मर्नु नपरोस् भन्ने हेतुले धेरैजना विश्वासबाट हट्नेछन्, र प्रभुलाई त्याग्नेछन्। आफ्नै परिवारकाहरूले एक-अर्कालाई पोल लगाएर विश्वासघात गर्नेछन्, र आफन्तहरूलाई क्रूर अत्याचारीहरूको हातमा सुम्पिदिनेछन्।

मत्ती २४:११: 'धेरै झूटा भविष्यवक्ताहरू खड़ा हुनेछन्, र धेरैलाई बहकाउनेछन्।' झुक्किएर यिनीहरूलाई पाँच पदमा भनिएका झूटा ख्रीष्टहरू हुन् भनेर सम्झनु भएन। झूटा भविष्यवक्ताहरूले हामी परमेश्वरको पक्षमा बोल्ने प्रचारक/प्रवक्ता हौं भनी दाबी गर्छन्। तिनीहरूलाई दुई तरिकाले चिन्न सकिन्छ। तिनीहरूले बताएका सबै भविष्यवाणीहरू पूरा हुँदैनन्, अनि तिनीहरूले दिएको शिक्षाले मानिसहरूलाई सत्य परमेश्वरबाट भड्काएर लान्छ। झूटा भविष्य-वक्ताहरूको कुरा यहाँ उल्लेख गरिएको पाउँदाखेरि यो सङ्कटकालचाहिँ साँच्चै यहूदीहरूका निम्ति हो भन्ने हाम्रो तर्कमा निश्चयता बढ्छ; किनभने झूटा भविष्यवक्ताहरू प्रायः इस्राएली जातिसित सम्बन्धित छन्, तर प्रभुको मण्डलीमा झूटा शिक्षकहरूबाट खतरा आउँछ (२ पत्रुस २:१)।

मत्ती २४:१२: दुष्ट्याइँ साह्रै प्रबल हुँदै जानेछ; यसैले मानिस-मानिसमा प्रेमको भावना कम, झन् कम हुँदै जानेछ। प्रेमरहित कामहरूचाहिँ साधारण कुरा मानिनेछन्।

मत्ती २४:१३: 'तर जसले अन्तसम्म सहन्छ, उसकै उद्धार हुनेछ।' त्यति बेला जिउने मानिसहरूले अन्तसम्म सहेको हुनाले आफ्नो आत्मा बचाउनेछन् भन्ने यस वाक्यको अर्थ हुन सक्दैन; किनभने मुक्तिचाहिँ सधैं पवित्र बाइबलभरि नै परमेश्वरको अनुग्रहको वरदानको रूपमा प्रस्तुत गरिएको हुन्छ, जुन वरदान विश्वासद्वारा ग्रहण गर्नुपर्छ। अनि त्यो विश्वासचाहिँ प्रभु येशूको मृत्यु र पुनरुत्थानमा निर्भर हुनुपर्छ; किनभने उहाँ हाम्रा निम्ति मर्नुभएको र फेरि बौरिउठ्नुभएको हो। जतिजना अन्तसम्म सहन्छन्, उनीहरू सबै शारीरित हानिदेखि उम्कनेछन् भन्ने यसको अर्थ पनि हुन सक्दैन; किनकि नौ पदमा हामीले देखि-सक्यौं: धेरै विश्वासीहरू शहीद भएर मारिनेछन्। यस सामान्य कथनको अर्थ यो होः सतावट हुँदा जतिजना विश्वासमा स्थिर रहनेछन्, र विश्वासबाट पछि हट्नेछैनन्, उनीहरूले प्रभु येशूको दोस्रो आगमनमा छुटकारा पाउनेछन्। विश्वासबाट पछि हटेर नै म उम्कन्छु र सुरक्षित हुन्छु भनेर कसैले सोच्नुहुँदैन। किनकि साँचो विश्वास हुनेहरूले मात्र

उद्धार पाउनेछन्। कसैसँग मुक्ति पाउने विश्वास छ होला, तर उसले त्यो विश्वास सधैं कायम राख्न नसक्ला, र ऊ कहिलेकहीं चुकिजाला; ता पनि मुक्ति दिलाउने विश्वासचाहिँ सदा अन्तसम्म रहिरहने विश्वास हो।

मत्ती २४:१४: त्यस अवधिमा **'राज्यको सुसमाचार सबै जातिहरूका निम्ति साक्षी हुनलाई सारा संसारमा प्रचारिनेछ।'** हामीले मत्ती ४:२३ पदका टिप्पणी गर्दै यसको अर्थ बुझाइसक्यौं, कि राज्यको सुसमाचारचाहिँ ख्रीष्ट येशू आउनुहुनेछ र संसारमा आफ्नो राज्य स्थापित गर्नुहुनेछ, अनि सङ्कटकालको समयभित्र जतिले उहाँलाई विश्वासद्वारा ग्रहण गर्नेछन्, उनीहरूले उहाँको हजार वर्षको राज्यका आशिषहरू उपभोग गर्नेछन् भन्ने सुभ सन्देश हो।

मत्ती २४:१४ पदमा गलत अर्थ लगाएर धेरैपल्ट मानिसहरूले ख्रीष्ट येशू आफ्नो मण्डली उठाएर लैजान जुनै बेला/तत्कालै आउन सक्नुहुन्न; किनभने धेरै जातिका मानिसहरूले सुसमाचार अझ सुन्न पाएका छैनन् भन्ने कुरा देखाउन खोजे, र अझ देखाउन खोज्दैछन्। यहाँ देखा परेको समस्या तब हाल हुन्छ, जब हामी बुझ्छौंः यस पदले बताएको समयचाहिँ त्यो बेला हो, जब प्रभु येशू आफ्ना पवित्र जनहरूको साथमा फर्केर आउनुहुनेछ, उहाँ आफ्ना पवित्र जनहरूका निम्ति आउनुहुने बेला यो होइन; अनि यहाँ बताइएको सुसमाचारचाहिँ राज्यको सुसमाचार हो, परमेश्वरको अनुग्रहको सुसमाचार होइन (मत्ती ४:२३ पदका टिप्पणीहरू हेर्नुहोला)।

मत्ती २४:३-१२ पदको खण्डमा सूचित घटनाहरू र प्रकाश ६:१-११ पदको खण्डमा जानकारी दिइएका घटनाहरूको बीचमा आपसमा प्रभावशाली एकरूपता छ। सेता घोड़ामा बस्नेचाहिँ झूटा ख्रीष्ट हो रहेछ। रातो घोड़ामा बस्नेको अर्थचाहिँ लड़ाइ हो रहेछ; अनि कालो घोड़ामा बस्नेको अर्थचाहिँ अनिकाल हो रहेछ। अनि पहेंलो घोड़ामा बस्नेको अर्थचाहिँ महामारी वा मृत्यु हो रहेछ। प्रकाश ६:९-११ मा वेदीमन्तिर देखाइएका प्राणहरू/आत्माहरू शहीदहरूका प्राणहरू/आत्माहरू हुन्। अनि प्रकाश ६:१२-१७ मा बयान गरिएका घटनाहरूले मत्ती २४:१९-३१ मा भनिएका कुराहरूसँग मेल खान्छन्।

ग) महासङ्कष्ट (मत्ती २४:१५-२८)

मत्ती २४:१५: यहाँ आइपुग्दा हामी सङ्कटकालको ठीक बीचमा पुगेका छौं। हामीलाई यो किन थाहा छ? मत्ती २४:१५ पद दानिएल ९:२७ पदसित तुलना गर्दा हामीले के बुझ्यौं भने, सत्तरी हप्ताको बीचैमा, अर्थात् साढ़े तीन वर्ष बितेपछि, घृणित वस्तुरूपी मूर्ति पवित्रस्थानमा अर्थात् यरूशलेमको मन्दिरमा खड़ा गरिनेछ भन्ने कुरा दानियलले भविष्यवाणी गरेका थिए। सबै मानिसहरूलाई त्यो घृणित मूर्ति पुज्ने आदेश दिइनेछ; जसले त्यो मूर्ति पूजा गर्दैन, त्यसलाई मृत्यु-दण्ड दिइनेछ (प्रकाश १३:१५)।

'यसकारण जब भविष्यवक्ता दानियलद्वारा भनिएको उजाड़ पार्ने घृणित वस्तुलाई तिमीहरूले पवित्रस्थानमा खड़ा भएको देख्नेछौ, (पढ़ूनेले बुझोस्!) ... ।' परमेश्वरको वचनको ज्ञान पाएकाहरूका निम्ति त्यो घृणित मूर्ति खड़ा गरिने क्षणचाहिँ अब महासङ्कष्ट शुरु भयो भन्ने जानकारी-चिन्ह हो। याद गर्नुहोस्: यो भविष्यवाणी पढ़ूनेले भविष्यवाणीको अर्थ बुझोस् भन्ने प्रभुको इच्छा हो।

मत्ती २४:१६: 'तब यहूदियामा हुनेहरू पहाड़हरूतिर भागून्!' किनकि यरूशलेमको आसपासमा बस्नु हो भने, मूर्ति नढोग्नेहरूको नाइँकार चाँड़ै चाल पाइनेथियो।

मत्ती २४:१७-१९: त्यति बेला एकदम हतार गर्नुपर्दो रहेछ। घरको छाना/कौसीमा हुनेले चाहिँ घरभित्र भएको सबै सम्पत्ति छोड़ि-जानुपर्छ। आफ्ना सारसामानहरू बटुल्ने समय हुनेछैन; यो जीवन र मृत्युको सवाल हुनेछ। खेतबारीमा काम गर्ने मानिसचाहिँ आफ्ना लुगाहरू लिन उसले तिनलाई राखेको ठाउँमा फर्केर नजाओस्! विशेष गरी गर्भवती हुने स्त्रीहरू र दूध खुवाउने आमाहरूका निम्ति निक्कै असुविधा हुने रहेछ; किनभने यिनीहरूका निम्ति हतारसँग भाग्नु गाह्रो पर्नेछ।

मत्ती २४:२०: यो दुर्दिन हिउँदमा नपरोस् भनेर विश्वासीहरूले प्रार्थना गर्नुपर्छ; किनकि जाड़ोको समयमा यात्रा गर्नलाई प्रशस्त बाधाहरू

आइपर्नेछन् । यो आपतकाल विश्रामदिनमा नपरोस् भनेर प्रार्थना गर्नुपर्छ; किनकि व्यवस्थाले त्यस दिनको हिँड़ाइमा लगाम लगाएको छ (प्रस्थान १६:२९ र प्रेरित १:१२) । किनकि विश्रामदिनमा हिँड्न पाइने दूरी खतरादेखि भाग्न नपुग्ने रहेछ ।

मत्ती २४:२१: 'किनभने त्यस बेला यस्तो महासङ्कष्ट हुनेछ, जो पृथ्वीको शुरुदेखि अहिलेसम्म भएको थिएन, न ता फेरि कहिल्यै हुनेछ ।' इतिहास् पल्टाउनुहोस् ! जति धर्म-परीक्षणहरू, जति हत्या-काण्डहरू, जति परिष्करणहरू, जति सामूहिक हत्याहरू र जति जातिसंहारहरू भए, यहाँ दिइएको बयानअनुसार यो महासङ्कष्टचाहिँ ती सबै कुराभन्दा छुट्टै अवधि हुनुपर्छ । यो प्रभुको भविष्यवाणीचाहिँ पहिले भइसकेको कुनै सतावटले पूरा हुन सक्नेथिएन; किनकि परमेश्वरको वचनमा सफासँग बताइएको छः महासङ्कष्टचाहिँ प्रभु येशूको दोस्रो आगमनमा खतम हुनेछ/सिद्धिनेछ ।

मत्ती २४:२२: सङ्कष्ट यति बिघ्न/तीव्र हुनेछ, कि **'ती दिनहरू नघटाइएका भए कुनै प्राणी बाँच्नेथिएन ।'** वचनमा धेरै पल्ट बताइएको छः महासङ्कष्टको समय साढ़े तीन वर्ष हो । यसकारण यसकै अवधि घटाइनेछ भनेर सोच्नुहुँदैन । यसो भए यसको मतलब के हुन सक्छ त ? हुन सक्छ, परमेश्वरले दिनको उज्यालो हुने अवधि अचम्म प्रकारले घटाउनुहोला; किनभने दिनको उज्यालोमा प्रायः सबै लड़ाइँ र एक-अर्कालाई मार्ने काम भइरहनेछ । **'चुनिएकाहरूका निम्ति ती दिनहरू घटाइनेछन्'** भन्ने अर्थ हामी यसरी लगाऔंः प्रभुले उहाँमाथि विश्वास गर्नेहरूका निम्ति उनीहरूले केही क्षण आराम पाऊन् भनेर छिट्टै रात पार्नुहोला ।

मत्ती २४:२३-२६: तेईस र चौबीस पदहरूले फेरि पनि झूटा ख्रीष्टहरू र झूटा भविष्यवक्ताहरूको विषयमा चेताउनीहरू दिन्छन् । आपतकालीन परिस्तिथिमा कुनै गुप्त ठाउँको विषयमा ख्रीष्ट यहाँ हुनुहुन्छ भन्ने खबरहरू चारैतिर फैलिनेछन् । यस्ता झूटा समाचारहरू प्रेमको भावनाले प्रेरित भई इमानदारपूर्वक ख्रीष्ट येशूको बाटो हेर्नेहरूलाई पासोमा पार्ने प्रयोगमा ल्याउन सकिन्छ । यसैकारण प्रभु

येशूले आफ्ना सबै चेलाहरूलाई ख्रीष्ट ता फलानो ठाउँमा गुप्त रूपले आउनुभएको खबरमा विश्वास नगर्नू भनेर कड़ा चेताउनी दिनुभयो। आश्चर्यकर्म/चमत्कार गर्नेहरू परमेश्वरबाट नपठाइएका हुन सक्छन्। आश्चर्यकर्म/चमत्कारहरू शैतानपट्टिबाट पनि हुन सक्छन्; किनभने शैतानिक शक्ति पाएर पापको पुरुषले चिन्हहरू र चमत्कारहरू देखाउनेछ (२ थेस्सलोनिकी २:९-१०)।

मत्ती २४:२७: ख्रीष्ट येशूको आगमनचाहिँ सुस्पष्ट हुनेछ; यसको बारेमा भूल गर्न सम्भव छैन; किनकि त्यो ता एक्कासी, खुल्लमखुल्ला, सार्वभौमिक र महिमित हुनेछ। किनभने जसरी बिजुली चम्कन्छ, त्यसरी नै उहाँको आगमन तत्कालै र प्रत्यक्ष रूपले देखिनेछ; सबैले यो देख्नेछन्।

मत्ती २४:२८: कुनै नैतिक प्रदुषण उहाँको बल्दो/जल्दो रिस र न्यायबाट उम्कनेछैन। **'किनभने जहाँ सिनो हुन्छ, त्यहीं गिद्ध/चीलहरू पनि भेला पारिनेछन्।'** त्यस सिनोले यहूदी धर्म, इसाई धर्म अनि परमेश्वर र उहाँका ख्रीष्टको विरोधमा संयुक्त रूपले चलाइएको सम्पूर्ण विश्वतन्त्रलाई सङ्केत गर्छ। गिद्धहरू वा चीलहरूले परमेश्वरका न्यायहरू चित्रण गर्छन्; मसीह राजा देखा पर्ने बित्तिकै यी न्यायहरू छोड़िनेछन्/शुरु हुनेछन्।

घ) ख्रीष्ट येशूको दोस्रो आगमन (मत्ती २४:२९-३१)

मत्ती २४:२९: महासङ्कष्टको अन्तमा आकाशका शक्तिहरूमा डरलाग्दा-डरलाग्दा गोलमालहरू मच्चिनेछन्। **'सूर्य अँध्यारो हुनेछ; चन्द्रमाले आफ्नो उज्यालो दिनेछैन'**; किनकि चन्द्रमाले केवल सूर्यको प्रकाश प्रतिबिम्ब गर्छ। **'ताराहरू आकाशबाट खस्नेछन्;'** अनि ग्रहहरूले आ-आफ्ना परिक्रमा-पथ छोड्नेछन्। ब्रह्माण्डमा यस प्रकारका विशाल-विशाल उथलपुथल पार्ने कार्यहरू भएपछि मौसम/याम, ज्वारभाटा र ऋतुहरूमा हेरफेरहरू अवश्य हुनेछन् भन्ने कुरा मैले भन्नु नपर्ला।

श्री आई. वेलिकोफ्स्कीले गरेको निम्न बयान पढ़ेर यो कस्तो होला भनेर एउटा धमिलो/मधुरो झलक हामीलाई दिइन्छ; किनभने

तिनले आकाशको कुनै ग्रह पृथ्वीको नजिक आयो र त्यसले पृथ्वीको धुराको कोण यताउता पारेर त्यसलाई कोल्टे पारयो भने के हुने हो, सो वर्णन गरेका छन्।

'त्यति बेला एउटा भुइँचालो जानेछ र पृथ्वीलाई हल्लाउनेछ। हावा र पानीचाहिँ एकोहोरो एक दिशापट्टि निरन्तर बहिरहनेछन्। यसो हुनाले पृथ्वीभरि नै प्रचण्ड तूफानहरू चल्नेछन्, र सुनामीहरू उर्लेर आउनेछन् र वेगसित बहेर अघि बढ्नेछन्, जसले बलुवा, रोड़ा र समुद्री जीवजन्तुहरू लिएर ठूला-ठूला भूक्षेत्रहरूमाथि फ्याँक्नेछन् र तिनको जमिन विशाल भलहरू आएझैं ढाक्नेछन्। असाध्य गर्मी हुनेछ, यहाँसम्म कि ढुङ्गापत्थरहरू पग्लनेछन्, ज्वालामुखी फुटेर आउनेछन् र चिरा-चिरा परेको जमिनका धाँजाहरूबाट लावा निस्के आउनेछ र ठूला-ठूला क्षेत्रहरू ढाक्नेछ। तराईहरूको बीचबाट पहाड़हरू उठ्नेछन्, र एक ठाउँबाट अर्को ठाउँमा सर्दै जानेछन् र अरू पहाड़हरूको काँधमा चढ्न पुग्नेछन्। हलचलले गर्दा जमिन तलमाथि हुनेछ (जमिनमा भ्रंश र विभ्रंश-घाटीहरू हुनेछन्)। तालपोखरीहरू पोखिएर रित्तिनेछन्। नदीहरूले आ-आफ्ना बग्ने ठाउँहरू छोड्नेछन्। ठूला-ठूला भूभागहरू र तिनका बासिन्दाहरू सबका सब समुद्रभित्र डुब्नेछन्। वनजङ्गलहरू अग्निकाण्डहरूले भस्म पारिनेछन्; आँधिबेह्रीहरूले र उर्लिरहेका भलहरूले एकतिर सबै रूखहरू जरासमेत उकाल्नेछन्, र हुत्त्याएर अर्कातिर रासका रास थुपार्नेछन्। सागरहरू तिनका पानी सुकेर मरुभूमिहरू बन्नेछन्।'[झ]

मत्ती २४:३०: 'अनि तब आकाशमा मानिसका पुत्रको चिन्ह देखा पर्नेछ।' यो कुन प्रकारको चिन्ह हुनेछ, सो हामीलाई बताइएको छैन। प्रभु येशूको पहिलो आगमनमा आकाशको एक चिन्ह, त्यो ताराले साथ दिएको थियो। हुन सक्छ, एउटा आश्चर्य ताराले प्रभुको दोस्रो आगमनको सूचना/जानकारी देला। कतिको विश्वास छः मानिसका पुत्र स्वयम् यो चिन्ह हुनुहुनेछ। जब यो चिन्ह देखा पर्नेछ, तब यो के हो, सो सबैले छर्लङ्ग बुझ्नेछन्। **'तब पृथ्वीका[ञ] सबै कुलहरूले विलाप गर्नेछन्'**; तिनीहरूले उहाँलाई अस्वीकार गरेका हुनाले विलाप गर्नेछन्, यसमा शङ्का छैन। तर विशेष गरी देशका[ञ] कुलहरूले अर्थात् इस्राएलका बाह्र कुलहरूले विलाप गर्नेछन्। ***'... अनि तिनीहरूले मलाई हेर्नेछन्, जसलाई तिनीहरूले छेंड़ेका थिए; अनि तिनीहरूले आफ्नो एकमात्र***

छोराका निम्ति विलाप गरेझैं उहाँका निम्ति विलाप गर्नेछन्, अनि जेठा छोराका निम्ति शोकित भएझैं तिनीहरू उहाँका निम्ति शोकित हुनेछन्' (जकरिया १२:१०)।

'अनि तिनीहरूले मानिसका पुत्रलाई शक्ति/सामर्थ्य र ठूलो महिमाको साथ आकाशका बादलहरूमा आउँदै गर्नुभएको देख्नेछन्।' कति अद्‌भुत क्षण ! उहाँ, जसलाई मानिसहरूले थुकेका थिए, र क्रूसमा चढ़ाइएका थिए, उहाँ ता जीवनका प्रभु, महिमाका प्रभु हुनुहुँदो रहेछ भनेर निर्दोष ठहरिनुहुनेछ। नम्र र दीन हुनुभएको येशूचाहिँ देखा पर्दा परमप्रभु आफै हुनुहुनेछ। पापबलि हुनुभएको पाठोचाहिँ विजयी सिंह भएर स्वर्गबाट ओर्लेर आउनुहुनेछ। तुच्छ मानिनुभएको नासरतका ती सिकर्मीचाहिँ राजाहरूका महाराजा र प्रभुहरूका परमप्रभु भएर आउनुहुनेछ। आकाशका बादलहरू उहाँका रथहरू हुनेछन्। उहाँ राजकीय अधिकार र गौरवको साथ आउनुहुनेछ। यही घड़ीका निम्ति सारा सृष्टिले हजारौं वर्ष सुस्केरा हाल्दै पर्खेको थियो।

मत्ती २४:३१: जब उहाँ स्वर्गबाट ओर्लेर आउनुहुन्छ, तब **'उहाँले आफ्ना दूतहरूलाई पृथ्वीको चारैतिर पठाउनुहुनेछ, र उनीहरूले उहाँका चुनिएकाहरूलाई जम्मा गर्नेछन्।'** उहाँका चुनिएकाहरूचाहिँ विश्वास गर्ने इस्राएलीहरू हुन्, र त्यो जम्मा गर्ने ठाउँ इस्राएल देश नै हो। मसीह राजालाई स्वागत् गर्न र उहाँको महिमित राज्यका आशिष उपभोग गर्न भनी यिनीहरूचाहिँ सारा संसारबाट आउनेछन्/भेला हुनेछन्।

ङ) नेभाराको रूखको दृष्टान्त (मत्ती २४:३२-३५)

मत्ती २४:३२: 'अब नेभाराको रूखबाट एउटा दृष्टान्त सिक !' फेरि पनि हाम्रा प्रभुले प्राकृतिको सहायता लिएर हामीलाई आत्मिक पाठ सिकाउनुहुन्छ। जब नेभाराका हाँगाहरू हरिया र **'कोमल/कमला भइसकेका हुन्छन्, ... तब ग्रीष्म ऋतु नजिकै रहेछ भनी तिमीहरूले जान्दछौ।'** हामीले अघि देखिसक्यौं, नेभाराको रूखले इस्राएली जातिलाई सङ्केत गर्छ (मत्ती २१:१८-२२)। सयौं वर्ष इस्राएल प्रसुप्त अवस्थामा थियो। तिनीहरूको न आफ्नो सरकार, न आफ्नो देश, न

मन्दिर, न पूजाहारीगिरी थियो; अँ, तिनीहरू आफ्नो जातीय चिन्हारी-विनाका थिए। यहूदीहरू सारा संसारभरि नै तितरबितर हुन्थे।

त्यसपछि इस्वी सम्वत् १९४८ सालमा इस्राएल फेरि एउटा राष्ट्र बन्यो; फेरि तिनीहरूका देश, सरकार, मुद्रा, हुलाक-टिकट आदि भए। आत्मिक दृष्टिले इस्राएली जाति अझ बाँझो, अझै ठण्डा/मुर्दा छ; तिनीहरूमा परमेश्वरका निम्ति कुनै फल फलेको छैन। तर राष्ट्रको हिसाबले यसका हाँगाहरू हरिया र कोमल/कमला भएका छन्।

मत्ती २४:३३: 'त्यसरी नै जब तिमीहरूले यी सबै कुराहरू देख्नेछौ, तब यो नजिकै छ, ढोकाहरूमै छ भनी जान!' इस्राएल फेरि प्रत्यक्ष रूपले एउटा राष्ट्र बनेको अर्थले सङ्कटकालको शुरुआत नजिकै छ भन्ने कुरा मात्र देखाउँदैन, तर प्रभु येशू आफैचाहिँ नजिकै हुनुहुन्छ, ढोकाहरूमै हुनुहुन्छ भन्ने बुझाउँदछ।

ख्रीष्ट येशूको दोस्रो आगमन र उहाँको राज्यको शुरुआतचाहिँ यति नजिकमा छन् भने मण्डलीको उठाइलाने बेला झन् कति नजिकै हुनुपर्छ, होइन र? उहाँ महिमामा प्रकट हुने दिनभन्दा पहिले घट्नुपर्ने घटनाहरूका छायारूपी प्रतिविम्बहरू हामी देखिरहेका छौं भने हामी उहाँको 'परौसिया', अर्थात् उहाँको आगमनको पहिलो भागको झन् कति नजिकै हुन्छौं? (१ थेस्सलोनिकी ४:१३-१८)।

मत्ती २४:३४: नेभाराको रूखको सन्दर्भ दिनुभएपछि प्रभु येशूले थपेर भन्नुभयोः **'म तिमीहरूलाई साँचो भन्छु, यी सबै कुराहरू पूरा नभएसम्म यो पुस्ता कुनै रीतिले बित्नेछैन।'** प्रभु येशू यस संसारमा रहनुभएको समयमा जिउने मानिसहरू हुन्, 'यो पुस्ता' को अर्थ हुन सक्दैन; किनभने ती सबै मरिसके; ता पनि मत्ती २४ अध्यायमा बताइएका घटनाहरू घटेकै छैनन्। यो पुस्ता भनेर प्रभु येशूले के भन्न चाहनुभएको होला? यसमा दुई प्रकारका व्याख्याहरू सत्य हुन सक्छन्।

श्री एफ. डबल्यू. ग्राण्टको साथमा अरूले के विश्वास गर्छन् भने, जुन पुस्ताले यी घटनाहरूको शुरुआत देख्छ, तिनीहरूले यिनको अन्त पनि देख्न पाउँछन्।[८] यसर्थ जुन मानिसहरूले इस्राएलचाहिँ एउटा राष्ट्र बनेको देखे, अथवा जुन मानिसहरूले सङ्कटकालको शुरुआत चाल

पाए, तिनीहरूले प्रभु येशूलाई राज्य गर्न भनी आकाशका बादलहरूको साथमा आउँदै गर्नुभएको देख्नेछन् ।

यसको अर्को अर्थ यो पनि हुन सक्छः पुस्ताको मतलब जाति हो; योचाहिँ ग्रीक शब्द 'गेनेअ'को ग्रहणयोग्य अनुवाद हो; किनकि त्यस शब्दको अर्थ 'एकै वंशको', 'एकै प्रकारको/सन्तानको', वा 'एकै परिवारको' हुन्छ (मत्ती १२:४५, २३:३५-३६) । यसर्थ प्रभु येशूले के पूर्वसूचना गर्नुभयो भने, यी सबै कुराहरू पूरा नहोउन्जेल यो यहूदी जाति बचेर रहनेछ, र तिनीहरूले यो सब देख्न पाउनेछन् । यहूदी जातिचाहिँ अनेक अत्याचार र घोर सतावटबाट बचेको एक ऐतिहासिक आश्चर्यकर्म हो ।

तर मेरो विचारमा यसमा अझै एउटा कुरा छः प्रभु येशूको समयमा यो पुस्ता त्यही जाति थियो, जसका मानिसहरूले उहाँलाई मसीहको रूपमा स्वीकार गर्न पटक्कै मान्दैनथियो । यो इस्राएली जातिचाहिँ प्रभु येशूको दोस्रो आगमनसम्म यही ख्रीष्टलाई अस्वीकार गर्ने अवस्थामा रहिरहनेछ भनेर उहाँले भविष्यवाणी गर्नुभएको मेरो अनुमान हो । त्यति बेला उहाँको विरोधमा सबै विद्रोह टुक्रा-टुक्रा/खतम पारिनेछ/पिँधिनेछ, र जतिले आफूलाई खुशीसाथ उहाँको अधीनतामा सुम्पनेछन्, तिनीहरूले मात्र उम्केर हजार वर्षको राज्यभित्र प्रवेश गर्नेछन् ।

मत्ती २४:३५: आफ्ना भविष्यवाणीहरू कति अचूक छन्, सो देखाउन प्रभु येशूले कुरा बढ़ाएर भन्नुभयोः **'आकाश र पृथ्वी बितिजानेछन्, तर मेरा वचनहरू कुनै रीतिले बित्नेछैनन् ।'** 'आकाश बितेर जानेछ' भन्दाखेरि उहाँले ताराहरू र वायु/हावा भएको ठाउँलाई अर्थात् त्यो नीलो आकाशलाई सङ्केत गर्नुभएको हो, अनि परमेश्वरको वासस्थान अर्थात् स्वर्गको कुरा गर्नुभएन (२ कोरिन्थी १२:२-४) । आकाश र पृथ्वी कुन प्रकारले खतम/समाप्त हुनेछन्, सो कुरा २ पत्रुस ३:१०-१३ पदको खण्डले बयान गरेको छ, र त्यो कुरा प्रकाश २०:११ पदमा फेरि उल्लेख गरिएको छ ।

च) त्यस दिन र त्यस घड़ीको विषयमा कसैलाई थाहा छैन (मत्ती २४:३६-४४)

मत्ती २४:३६: प्रभु येशूको दोस्रो आगमनको खास समयको सम्बन्धमा **'त्यस दिन र त्यस घड़ीको विषयमा कसैले जान्दैन, अहँ, स्वर्गका दूतहरूले पनि जान्दैनन्[ग] , तर मेरा पिताले मात्र जान्नुहुन्छ।'** यस प्रकारका परीक्षाहरूबाट बाँचौं भनेर यस पदले हामीलाई यसको सम्बन्धमा कुनै मीति नतोक्नू वा दिन तोक्नेहरूको कुरा पत्याउनुहुँदैन भन्ने चेताउनी दिन्छ। स्वर्गदूतहरूले पनि जान्दैनन् भन्ने कुरा पढ्दाखेरि हामीलाई अचम्म लाग्दैन, किनकि तिनीहरूचाहिँ सीमित ज्ञान भएका परमेश्वरका ससीम सृष्टिका थोकहरू हुन्।

हो, जतिजना ख्रीष्ट येशूको दोस्रो आगमनभन्दा अगाड़िको समयमा जिउँछन्, उनीहरूले त्यसको दिन वा त्यसको घड़ी जान्नेछैनन् नै। तर मलाई के लाग्छ भने, पवित्र बाइबलका भविष्यवाणीहरूसित सुपरिचित भएका व्यक्तिहरूले त्यसको साल जान्न सक्लान्। उदाहरणका निम्ति, उनीहरूले मन्दिरमा त्यो घृणित मूर्ति खड़ा गरेको दिनदेखि लगभग साढ़े तीन वर्षभित्र हुनेछ भनी जान्नेछन् (दानियल ९:२७, साथै ७:२५, १२:७ र ११; प्रकाश ११:२-३, १२:१४ र १३:५ पद पनि हेर्नुहोस्!)।

मत्ती २४:३७-३९: तर ती दिनहरूमा प्रायः सबै मानिसहरूले वास्ता गर्नेछैनन्, जसरी नूहका दिनहरूमा मानिसहरूले बेवास्ता गरेका थिए। जल-प्रलय हुनभन्दा अघिका दिनहरूमा मानिसहरू साह्रै दुष्ट थिए; तर यस पदमा त्यस कुरामा जोड़ गरिँदैन। मानिसहरूले खाइ-रहेका थिए र पिइरहेका थिए; तिनीहरूले विवाह गरिरहेका थिए र विवाह गरिदिइरहेका थिए; अर्का शब्दहरूमा भन्नु हो भने, तिनीहरूले आफू सदा बाँचेझैं आफ्नो जीवन सामान्य रूपले बिताइरहेका थिए। जलप्रलय आउँदैछ भनेर तिनीहरूले चेताउनी पाएका थिए; तरै पनि जलप्रलय पनि पच्छ भनेझैं तिनीहरू जिउँथे। जब जलप्रलय आयो, तब तिनीहरू तयार भएनन्; तिनीहरू तिनीहरूलाई सुरक्षा दिन सक्ने

एकमात्र ठाउँदेखि, नूहको जहाजदेखि बाहिर थिए। ख्रीष्ट येशू फेरि यस संसारमा फर्केर आउनुहुँदा ठीक त्यस्तै हुनेछ। ख्रीष्ट येशू त्यो सुरक्षा दिने जहाज हुनुहुन्छ; जोकोही उहाँमा हुनुहुन्छ, ऊ मात्र सुरक्षित रहनेछ, बाँच्नेछ, उम्कनेछ।

मत्ती २४:४०-४१: 'दुईजना खेतबारीमा हुनेछन्; एउटा लगिनेछ र अर्को छोड़िनेछ।' एकजनालाई चाहिँ न्यायले लैजानेछ, र छोड़िएको व्यक्तिले चाहिँ हजार वर्षको राज्यभित्र प्रवेश गर्नेछ। **'दुईजना स्त्रीहरू पिन्ने घरमा जाँतो पिनिरहेका हुनेछन्; एउटी लगिनेछ र अर्की छोड़िनेछ।'** तत्कालै तिनीहरू एक-अर्काबाट अलग पारिनेछन्। जलप्रलयरूपी न्याय/इन्साफले एउटीलाई उठाएर लैजानेछ; अनि छोड़िएकी स्त्रीले चाहिँ ख्रीष्ट येशूका राज्यका आशिषहरू उपभोग गर्न पाउनेछ।

मत्ती २४:४०-४१ पदहरू लिएर प्रायः सबै सुसमाचार प्रचारकहरूले मुक्ति नपाएका मानिसहरूलाई 'तिमीहरूले प्रभु येशूमाथि विश्वास गरेनौ भने प्रभु आउनुहुँदा तिमीहरूचाहिँ छोड़िनेछौ' भनेर चेताउनी दिन्छन्, र यी पदको सम्बन्ध प्रभुको दोस्रो आगमनको पहिलो भागसित जोड्छन्, जब प्रभु येशूले सबै विश्वासीहरूलाई उनीहरूलाई स्वर्ग पुऱ्याउन भनी उठाएर लैजानुहुनेछ, तर विश्वास नगर्नेहरू सबैलाई न्यायका निम्ति छोड्नुहुनेछ। यो खण्ड यस प्रकारको व्यवहारिक अर्थमा प्रयोग गर्न मिल्ला, तर यसको सन्दर्भबाट स्पष्ट देखिन्छः यसको खास अर्थचाहिँ ख्रीष्ट येशूको राज्य गर्ने आगमन अर्थात् उहाँको दोस्रो आगमानको दोस्रो भागसित नै सम्बन्धित हुन्छ।

मत्ती २४:४२-४४: प्रभु कुन दिन वा कुन घड़ीमा आउनुहुन्छ, यसको विषयमा हुने अनिश्चयताले गर्दा हामी जागा रहनुपर्छ। आफ्नो घरमा चोर फोरेर पस्नै लागेको कुरा कसैलाई थाहा भयो भने चोर पस्ने ठीक समय नजाने पनि ऊ तयार भएर बस्छ। मानिसका पुत्र त्यति बेला आउनुहुनेछ, जुन बेला साधारण मानिसहरूले उहाँको बाटो हेर्दै हेर्दैनन्। यसकारण उहाँका जनहरूले उत्कट प्रतीक्षा गरेर जिउनुपर्छ।

छ) विश्वासयोग्य बुद्धिमान् दास र दुष्ट दासको दृष्टान्त (मत्ती २४:४५-५१)

मत्ती २४:४५-४७: यस अध्यायको अन्तिम भागमा प्रभु येशूले दास-दासको वास्तविक चरित्र केकस्तो छ, सो कुरा आफ्ना मालिक फर्केर आउने हेतुले तिनीहरूले देखाएको व्यवहारबाट देखा पर्छ भन्ने कुरा बताउनुभयो। सबै दासहरूले मालिकका घरानाहरूकालाई ठीक-ठीक समयमा खानेकुरा दिनुपर्छ। तर ख्रीष्ट येशूका दासहरू हौं भन्नेहरू सबैचाहिँ इमानदार र सच्चा हुँदैनन्।

मालिक आउनुहुँदा बुद्धिमान् दासलाई परमेश्वरका जनहरूको वास्ता/हेरचाह गरिरहेको भेट्टाइनेछ। परमेश्वरको राज्यमा सम्मानको रूपमा उसैलाई ठूलो जिम्मेवारी दिइनेछ; किनकि उसका मालिकले उसलाई आफ्ना सारा सम्पत्तिमाथि हाकिम नियुक्त गर्नुहुनेछ।

मत्ती २४:४८-५१: दुष्ट दासले नामधारक इसाईको सङ्केत गर्छ, जसको व्यवहार मालिक अब चाँड़ै आउँदै हुनुहुन्छ भन्ने अपेक्षाले प्रेरित/प्रभावित हुँदैन। त्यसले आफ्ना सङ्गी-दासहरूलाई पिट्न, अनि मतवालाहरूसँग खानपान गर्न थाल्छ। त्यो परमेश्वरको राज्यका निम्ति तयार छैन भन्ने कुरा यस प्रकारको व्यवहारले प्रमाणित गर्छ। जब राजा आउनुहुनेछ, तब उहाँले त्यसलाई दण्ड दिनुहुनेछ र **'त्यसको भाग कपटीहरूसित ठहराउनुहुनेछ, जहाँ मानिसहरूको रुवाबासी र दाह्र-किटाइ हुनेछ।'**

यो दृष्टान्त ख्रीष्ट येशू मसीह राजा भएर प्रत्यक्ष रूपले यस संसारमा फर्केर आउनुहुने प्रसङ्गमा छ। तर यहाँ यस दृष्टान्तमा देखिएको नियमचाहिँ विश्वासीहरू उठाइलाने सन्दर्भमा पनि लागू हुन्छ। किनभने धेरैजना, जसले आफू इसाई हुँ भनी भन्छन्, तिनीहरूले परमेश्वरका जनहरूप्रति देखाएको दुस्मनी/शत्रुता र भक्तिहीन मानिस-हरूसित गाँसेको मित्रताबाट तिनीहरूले ख्रीष्ट येशूको आगमनको बाटो नहेरेका कुरा देखाउँदा रहेछन्। तिनीहरूका निम्ति उहाँको दोस्रो आगमन आशिष होइन, तर न्याय/दण्ड पो हुनेछ।

ज) दस कन्याहरूको दृष्टान्त (मत्ती २५ः१-१३)

मत्ती २५ः१-५ः 'तब ...;' यस पहिलो शब्दले यहाँको दृष्टान्तको सम्बन्ध चौबीस अध्यायसँग जोड्छ। यसबाट छर्लङ्ग के हुन्छ भने, यस दृष्टान्तको सन्दर्भ/पृष्ठभूमिचाहिँ ख्रीष्ट राजा यस संसारमा फर्केर आउनुभएको बेला र त्यसभन्दा अघिको समय हो। प्रभु येशूले त्यति बेलाको स्वर्गको राज्य दस कन्याहरूसित तुलना गर्नुभयो, **'जो आ-आफ्ना बत्तिहरू लिएर दुलहालाई भेट्न निस्के।'** तिनीहरूमा पाँच बुद्धिमती थिए, जसले आफ्ना बत्तिहरूका निम्ति तेल बोके। अरू पाँच कन्यासित तेल थिएन। पर्खंदा-पर्खंदै तिनीहरू सबै निदाए।

पाँच बुद्धिमती कन्याहरूले सङ्कटकालका ख्रीष्ट येशूका सच्चा चेलाहरूलाई सङ्केत गर्छन्। बत्तिहरूको अर्थचाहिँ आफ्नो विश्वासको स्वीकार/साक्षी हो; तेलचाहिँ पवित्र आत्माको प्रतीक हो; तेलको अर्थ यो हो भनेर प्रायः सबैले मान्दछन्। मूर्ख कन्याहरूले ती मानिसहरूलाई चित्रण गर्छन्, जसले मसीह राजाको आगमनको प्रतीक्षामा छौं भनेर मानिलिन्छन्, तर जसको मन कहिल्यै परिवर्तन वा नयाँ भएको छैन, र यसैले तिनीहरूसँग पवित्र आत्मा हुनुहुन्न। दुलहाचाहिँ मसीह राजा हुनुहुन्छ। उहाँले ढिलो गर्नुभएको मतलबचाहिँ उहाँको दोस्रो आगमनको पहिलो भाग र त्यसको दोस्रो भागको बीचको समय बुझिन्छ। दसै कन्याहरू निदाए; यसर्थ तिनीहरूमा बाहिरी हिसाबले धेरै भिन्नता पाइँदैनथियो।

मत्ती २५ः६ः मध्यरातमा **'हेर, दुलहा आउँदै हुनुहुन्छ; उहाँलाई भेट्न निस्क'** भन्ने उद्घोष गुँजियो। यसभन्दा अघिको अध्यायमा उहाँको आगमनचाहिँ डरलाग्दा/भयानक चिन्हहरूद्वारा सूचित गरिनेछ भन्ने कुरा हामीले सिक्यौं।

मत्ती २५ः७-९ः 'ती सबै कन्याहरू उठे, र आ-आफ्ना बत्तिहरू मिलाए।' सबैजनाले तयार भएका देखा पर्न खोजे। मूर्ख कन्याहरूसँग तेल नभएको हुनाले तिनीहरूले बुद्धिमतीहरूबाट केही तेल मागे, तर तिनीहरूलाई तेल किन्न पठाइयो। बुद्धिमतीहरूले तिनीहरूलाई तेल

नदिएको कुरा कति स्वार्थी देखिन्छ, तर आत्मिक दृष्टिमा कसैले पनि पवित्र आत्मा अरू कसैसित बाँट्न सक्दैन। हो, पवित्र आत्मालाई किन्न सकिँदैन; तर पवित्र बाइबलले त्यही भाषा चलाउँछ, जब त्यसले मुक्ति 'विनापैसा र विनादाम किन !' भनेर हामीलाई आदेश दिन्छ।

मत्ती २५:१०-१२: मूर्ख पाँच कन्याहरूले तेल किन्न गइरहेको बेलामा दुलहा आउनुभयो। आरामी बाइबल र भुल्गेट नामक ल्याटिन बाइबलमा यस ठाउँमा *'उहाँ दुलहीसँग आउनुभयो'* भनेर अनुवाद गरिएको रहेछ। अनि यो कुरा बाइबलका भविष्यवाणीहरूको दृष्टिकोणबाट बिलकुल मिल्छ। प्रभु येशू आफ्नी दुलहीसँग, जो उहाँको मण्डली हो, विवाहबाट फर्केर आउनुहुनेछ (१ थेस्सलोनिकी ३:१३)। सबै ख्रीष्ट-विश्वासीहरूलाई उठाइलगेपछि त्यो विवाह स्वर्गमा हुनेछ, मनाइनेछ (एफेसी ५:२७)।

सङ्कटकालबाट भएर जाने सन्तगण अर्थात् अन्तसम्म स्थिर रहने विश्वासीहरूरूपी बाँकी रहेको भागचाहिँ ती पाँच बुद्धिमती कन्या हुन्, जो उहाँसित भित्र विवाहको भोजमा पस्नेछन्। विवाहको भोजले चाहिँ संसारमा स्थापित हुने ख्रीष्ट येशूको राज्यको आनन्द र आशिषको सुहाउँदो चित्रण/नक्सा दिँदैछ। **'तयार रहेका पाँच बुद्धिमती कन्याहरू उहाँसित भित्र विवाहको भोजमा पसे; त्यसपछि ढोका थुनियो।'** अब स्वर्गको राज्यभित्र प्रवेश गर्न कसैलाई मौका हुनेछैन; ढिलो भइगयो। जब अरू कन्याहरू आइपुगे, र भित्र पस्ने अनुमति मागे, तब दुलहाले **'म तिमीहरूलाई चिन्दिनँ'** भनेर तिनीहरूलाई अस्वीकार गर्नुभयो। योचाहिँ तिनीहरूको नयाँ जन्म कहिल्यै नभएको पक्का प्रमाण हो।

मत्ती २५:१३: प्रभु येशूले भन्नुभयो, कि यस दृष्टान्तबाट हामीले सिक्नुपर्ने पाठ जागा रहनु नै हो; किनकि त्यस दिन र त्यस घड़ीको विषयमा, जब उहाँ आउनुहुनेछ, मानिस अनभिज्ञ हुन्छ। मानौं प्रभु जुनै पनि घड़ीमा आउन सक्नुहुन्छ भन्ने मनसायले ख्रीष्ट-विश्वासीहरूले जिउनुपर्छ। के हामीले आफ्ना बत्तिहरू मिलाइसक्यौं? के ती बत्ति तेलले भरिएका छन्?

झ) तोड़ाहरूको दृष्टान्त (मत्ती २५:१४-३०)

मत्ती २५:१४-१८: प्रभुको आगमन हुँदा सच्चा र झूटा दासहरू हुनेछन् भन्ने कुरा यस तोड़ाहरूको दृष्टान्तले हामीलाई सिकाउँछ। यो कहानी/कथा एकजना मानिसको विषयमा छ, जो टाढ़ा देश जान लागिरहेका छन्। यो लामो यात्रा गर्नभन्दा अघि तिनले आफ्ना दासहरूलाई बोलाए, र तिनीहरू हरेकलाई आ-आफ्ना क्षमताअनुसारको पैसा दिए। एकजनाले पाँच तोड़ा, अर्काले दुई तोड़ा र फेरि अर्काले एक तोड़ा पायो। तिनीहरूले त्यो रकम मालिकका नाफा/फाइदाका निम्ति काममा लगाउनुपर्थ्यो। पाँच तोड़ा पाउनेले अरू पाँच तोड़ा कमायो। दुई तोड़ा पाउनेले अरू दुई तोड़ा कमायो। तर एक तोड़ा पाउने दासचाहिँ गयो, र भुइँमा खाल्टो खनेर त्यसलाई गाड़्यो।

यस दृष्टान्तमा अर्थ लगाउनु गाह्रो छैन। ती दासहरूका मालिक ख्रीष्ट येशू हुनुहुन्छ। अनि त्यो लामो यात्राचाहिँ उहाँको दोस्रो आगमनको पहिलो र दोस्रो भागको बीचको समय हो। तीनैजना दासहरू ती इस्राएलीहरूलाई सङ्केत गर्छन्, जो सङ्कटकालको अवधिमा जिउनेछन्। तिनीहरूले अनुपस्थित हुनुभएको प्रभुको प्रतिनिधि गरेर उहाँका अभिरुचीहरू/उहाँलाई इच्छा लागेका कुराहरू पूरा गर्ने जिम्मेवारी पाएका छन्। तिनीहरूको व्यक्तिगत क्षमताअनुसार तिनीहरूलाई भिन्न-भिन्नै जिम्मेवारी दिइएको छ।

मत्ती २५:१९-२३: 'धेरै समयपछि ती दासहरूका मालिक आउनुभयो, र उहाँले तिनीहरूसँग हिसाब लिए।' मालिक आउनुभएको कुराले प्रभुको दोस्रो आगमन चित्रण गर्छ। पहिला दुई दासहरूले एकै किसिमको स्याबासी पाए: **'स्याबास, असल र विश्वासयोग्य दास! तिमी थोरै कुराहरूमा विश्वासयोग्य रह्यौ; म तिमीलाई धेरै कुराहरूमाथि अधिकारी तुल्याउनेछु; आफ्ना प्रभुको आनन्दभित्र प्रवेश गर!'** तिनीहरूको सेवाको जाँचचाहिँ तिनीहरूले कति कमाए, त्यसमा होइन, तर तिनीहरूले कतिसम्म कोशिश गरे, यसैमा आधारित थियो। यी दुईजनाले आफ्नो पूरा क्षमताअनुसार काम गरे, र सय प्रतिशत नाफा

गरे। यी दुईजनाले सच्चा विश्वासीहरूको प्रतिनिधि गर्छन्, जसको इनाम/प्रतिफलचाहिँ मसीहको राज्यका आशिषहरू उपभोग गर्नु हो।

मत्ती २५:२४-२५: तेस्रो दाससँग आफ्ना मालिकलाई दिने केही पनि थिएन; त्यसले आफ्ना मालिकसित अपमानका शब्दहरू बोले; त्यसले बहाना गऱ्यो। त्यसले आफ्ना मालिकलाई समझदार नभएका कठोर मानिस हुने दोष लगायो, जसले **'जहाँ रोप्नुभएको छैन, त्यहाँ कटनी गर्नुहुन्छ, र जहाँ छर्नुभएको छैन, त्यहाँ बटुल्नुहुन्छ।'** त्यसले **'मलाई डर लाग्यो, र मैले तपाईंको तोड़ा जमिनमा लुकाएँ'** भनेर आफूलाई दोषमुक्त तुल्याउन खोज्यो। त्यो दास पक्का पनि विश्वासी थिएन। कुनै इमानदार/सच्चा दासले आफ्ना मालिकको विषयमा यस प्रकारका विचारहरू मनमा लिँदैन।

मत्ती २५:२६-२७: त्यसका मालिकले त्यसलाई **'हे दुष्ट र अल्छे दास'** भनेर हप्काए। आफ्ना मालिकको विषयमा त्यसले यस प्रकारका विचारहरू राख्थ्यो भने किन त्यसले मालिकको पैसा सराफीहरूकहाँ/बैङ्कमा राख्दैनथियो, र यसको ब्याज पाइन्थ्यो? यो पनि भनौंः ती मालिकले छबीस पदमा आफ्नो विरोधमा लगाइएका अभियोगहरू मानिलिएका होइनन् है। तर तिनले खास यस्तो भनेः 'तैंले मलाई यस प्रकारको मालिक सम्झेको थिइस् भने तैंले झन् बढ़ता गरी त्यो तोड़ा काममा लगाउनुपर्थ्यो, होइन र? तैंले बोलेका यी शब्दहरूले तँलाई दोषमुक्त पार्दैनन्, निर्दोष ठहराउँदैनन्, तर झन् बढ़ी दोषी ठहराउँछन्।'

मत्ती २५:२८-२९: त्यस मानिसले आफ्नो एक तोड़ा काममा लगाएर अर्को एक तोड़ा कमाएको भए त्यसले अरू दासहरूले पाएझैं त्यही स्याबासी पाउनेथियो। तर अफसोस! त्यसले भुइँमा खाल्टो खनेको बाहेक आफ्नो जीवनबाट अरू केही देखाउन सकेन। त्यसबाट त्यो तोड़ा खोसियो, र दस तोड़ा भएको दासलाई दिइयो। यो आत्मिक क्षेत्रमा लागू हुने निम्न नियमअनुसार भएको होः **'हरेक जससँग छ, उसलाई दिइनेछ, र ऊसँग प्रशस्त हुनेछ; तर जससँग छैन, त्यसबाट जे त्योसँग छ, त्यो पनि खोसिनेछ।'** जस-जसले आफूलाई परमेश्वरको महिमाका निम्ति सदुपयोग गराउन चाहन्छन्, उनीहरूले यसो गर्ने

तोड़ाहरूरूपी साधनहरू पाउँछन्। उनीहरूले उहाँका निम्ति जति धेरै काम गर्छन्, त्यत्ति नै बढ़ी उनीहरू उहाँका निम्ति काम गर्न सक्षम हुन्छन्। तर विपरीततः हामीले प्रयोगमा नल्याएको जुनसुकै कुरा गुमाइपठाउँछौं। अल्छी भएको वा निष्क्रिय भएको प्रतिफलचाहिँ आत्मिक रूपले क्षीन/गरिब हुनु हो।

सताईस पदमा सराफीहरूको नाम लिइएको छ; यसले के सुझाउ दिन्छ भने, हामीले आफ्ना तोड़ारूपी सम्पत्तिहरू आफूले प्रभुका निम्ति प्रयोग गर्न सक्दैनौं भने हामीले ती तिनीहरूलाई दिनुपर्छ, जसले ती चलाउन सक्छन्। हाम्रा निम्ति 'ती सराफीहरू' मिशनरीहरू, बाइबल सोसाइटीहरू, इसाई प्रकाशकहरू, सुसमाचार रेडियो प्रसारणहरू आदि हुन्छन्। हाम्रो दुनियाजस्तै संसारमा रुपियाँपैसा प्रयोग नगरी निष्क्रिय बस्नुहुँदैन; नत्र हामी दोषी हुन्छौं। कुनै बहानाले हामीलाई यसको दोष लाग्नदेखि मुक्त गर्न सक्दैन।

श्री आइ. टी. पीर्सनले हामीलाई निम्न सुझाउ दिन्छन्, जो धेरै लाभदायक/उपयोगी हुन्छः

'कोही-कोही मानिसमा डराउने स्वभाव भएको हुनाले उनीहरू परमेश्वरको राज्यको खातिर साहसपूर्ण काम गर्न र आफ्ना भरथेगमा अड़ेर/आत्मनिर्भर रहेर उहाँको सेवा गर्नलाई सक्षम नहोलान्; यस्ताहरूले आफ्ना दुर्बलता अरू मानिसहरूका सक्षमता र सुबुद्धिसँग जोड्न सक्छन्, जसले उनीहरूका दानहरू र सम्पत्तिहरू लिएर ती चीजहरू प्रभु र उहाँको मण्डलीका निम्ति प्रयोग गर्छन्। ... ती भण्डारीसँग रुपियाँपैसा छ, वा तिनीसँग काममा लगाउन सक्ने अरू दान-वरदानहरू होलान्, तर तिनीसँग विश्वासको कमी छ; तिनी दूरदर्शी होइनन्, व्यवहारिक पनि होइनन्; तिनमा तागत र बुद्धिको अभाव छ। तब प्रभुका "सराफीहरूले" तिनलाई तिनले आफ्ना स्वामीलाई के-कसो गरेर नाफा कमाउन सक्छन्, सो बताइदिन्छन्। ख्रीष्टको मण्डली किन बन्यो त? के बलियो अङ्गले कमजोर अङ्गलाई सहायता पुऱ्याउनलाई होइन? अनि के सबै अङ्गहरू मिलेर र एक-अर्कालाई सहयोग गरेर यसरी सबभन्दा कमजोर अङ्गको शक्ति बढ़ाउनुपर्दैन? हो, केही हदसम्म ख्रीष्टको देह यही उद्देश्यले बनेको हो।'[ङ]

मत्ती २५:३०: 'अनि त्यस बेकम्मा दासलाई बाहिरको अन्धकारमा फालियो'; त्यसलाई स्वर्गको राज्यबाट वञ्चित गरियो। दुष्ट मानिस-हरूको अति पीड़ादायक अनन्त दुर्दशा त्यसको भाग हुने नै छ। आफ्नो तोड़ा काममा नलगाएर त्यो दास दोषी ठहरिएको होइन, तर त्यसका सुकर्महरूको कमीले त्यससँग मुक्ति पाउने किसिमको विश्वास थिएन रहेछ भन्ने प्रमाण दियो।

ञ) मसीह राजाले अन्यजातिहरूको न्याय गर्नुहुन्छ (मत्ती २५:३१-४६)

मत्ती २५:३१: यस खण्डमा अन्यजातिहरूको न्यायको वर्णन गरिएको छ। हामी विभिन्न न्यायहरू छुट्ट्याउनुपर्छः अन्यजातिहरूको न्याय, ख्रीष्टको न्यायासन र ठूलो सेतो सिंहासनमा हुने न्याय।

ख्रीष्टको न्यायासनमा विश्वासीहरू मात्र पर्नेछन्, जहाँ उनीहरूको जीवनको जाँच हुनेछ, र उनीहरूले इनाम पाउनेछन्। यो न्याय सबै विश्वासीहरूलाई उठाइलगेपछि हुनेछ (रोमी १४:१०, १ कोरिन्थी ३:११-१५, २ कोरिन्थी ५:९-१०)।

ठूलो सेतो सिंहासनमा हुने न्याय ख्रीष्ट येशूको हजार वर्षको राज्य बितेपछि अनन्तकालमा हुनेछ। यो मरेकाहरूको न्याय हो; दुष्टहरूको फैसला गरेपछि तिनीहरू अग्निकुण्डमा फालिनेछन् (प्रकाश २०:११-१५)।

अन्यजातिहरूको न्याय, अर्थात् जाति-जातिका मानिसहरूको न्याय ख्रीष्ट येशू यस संसारमा राज्य गर्न आउनुभएपछि हुनेछ, जसरी एकतीस पदले सफासँग बताएको छः **'जब मानिसका पुत्र आफ्नो महिमामा आउनुहुनेछ, र उहाँको साथमा सबै पवित्र दूतहरू आउनेछन्, तब ...।'** योएल तीन अध्यायअनुसार यस न्यायका निम्ति हामीले अनुमान गरेको ठाउँ यहोशापातको बेंसी/उपत्यका हो, जो यरूशलेमकै छेउमा छ (योएल ३:२)। यी अन्यजातिहरूले सङ्कटकालभरि ख्रीष्ट येशूका यहूदी दाजुभाइहरूसित के-कस्तो व्यवहार गरेछन्, त्यहीअनुसार तिनी-हरूको न्याय हुनेछ (योएल ३:१-२, योएल ३:१२-१४ र मत्ती २५:३१-४६)।

मत्ती २५ः३२ः यस खण्डमा तीनवटा दलहरूको कुरा गरिएको छः भेड़ाहरू, बाख्राहरू र ख्रीष्ट येशूका दाजुभाइहरू। यस कुरामा ध्यान दिनु महत्त्वपूर्ण छ। सङ्कटकालमा जिउने जाति-जातिका मानिस-हरूचाहिँ यी पहिला दुई दलहरू हुन्, जसको न्याय ख्रीष्ट येशूले यहाँ गर्नुहुनेछ। तेस्रो दलचाहिँ ख्रीष्ट येशूका विश्वासयोग्य यहूदी दाजु-भाइहरू हुन्, जसले सङ्कटकालभरि भारी सतावटमा परेर पनि उहाँको नाम इन्कार गर्नेछैनन्।

मत्ती २५ः३३-४०ः 'राजाले भेड़ाहरूचाहिँ आफ्नो दाहिने हातपट्टि र बाख्राहरूचाहिँ आफ्नो देब्रे हातपट्टि राख्नुहुनेछ।' त्यसपछि उहाँले भेड़ाहरूलाई निम्त्याएर भन्नुहुनेछः **'आओ, संसारको उत्पत्तिदेखि तिमीहरूका निम्ति तयार पारिएको राज्यका अधिकारी होओ !'** किनभने उहाँ भोकाउनुभएको थियो, र यिनीहरूले उहाँलाई खाना दिए; उहाँलाई तिर्खा लागेको थियो, र यिनीहरूले उहाँलाई पिउन दिए; उहाँ परदेशी हुनुहुन्थ्यो, र यिनीहरूले उहाँलाई भित्र स्वागत गरे; उहाँ नाङ्गो हुनुहुन्थ्यो, र यिनीहरूले उहाँलाई वस्त्र लगाइदिए; उहाँ बिरामी हुनुहुन्थ्यो, र यिनीहरू उहाँलाई भेट्न आए; उहाँ भ्यालखानामा हुनुहुन्थ्यो, र यिनीहरूले उहाँकहाँ गए। तब ती भेड़ारूपी धर्मी जनहरूले अचम्म मान्दा रहेछन्; किनकि आफूले कहिले राजालाई यस्ता भलाइका कामहरू गरेको यिनीहरूलाई याद छैन; किनभने उहाँ यिनीहरूको पालामा पृथ्वीमा हुनुहुन्नथियो। उहाँले यसको कारण दिएर बुझाउनु-हुन्छः **'मेरा यी भाइहरूमध्ये सानोभन्दा सानो एउटालाई तिमीहरूले जे-जति गर्‍यौ, त्यो तिमीहरूले मलाई नै गर्‍यौ।'** उहाँका चेलाहरूमध्ये एकजनालाई जे गरिन्छ, त्यसका निम्ति त्यो सुकर्म/भलाइ प्रभुलाई गरेसरह इनाम पाइन्छ।

मत्ती २५ः४१-४५ः उहाँ बाख्रारूपी अधर्मीहरूलाई भन्नुभयोः **'हे श्रापितहरूहो, मदेखि त्यस अनन्त आगोभित्र जाइहाल, जो शैतान र त्यसका दूतहरूका निम्ति तयार पारिएको छ।'** किनभने तिनीहरूले 'याकूबको सङ्कष्ट' नामक महासङ्कष्टकालभरि उहाँलाई वास्ता गरेनन्। जब तिनीहरूले आफ्नो सफाइ गर्न मागे, र भनेः **'हामीले तपाईलाई**

कहिल्यै यस्तो अवस्थामा देखेनौं ।' तब उहाँले तिनीहरूलाई सम्झाउनु-भयोः उहाँका अनुयायीहरूप्रति देखाइएको तिनीहरूको बेवस्ताचाहिँ वास्तवमा उहाँलाई बेवस्ता गरेकै हो ।

मत्ती २५:४६: यसरी बाख्राहरूरूपी अधर्मीहरूचाहिँ अनन्त दण्डमा जानेछन्, तर भेड़ाहरूरूपी धर्मी जनहरूले चाहिँ अनन्त जीवनमा प्रवेश गर्नेछन् ।

तर यस खण्डबाट दुईटा समस्या उठेका छन्; पहिलो समस्याः के यस खण्डले अन्यजातिका मानिसहरूले सामूहिक रूपले मुक्ति पाउँदा रहेछन् वा नष्ट हुँदा रहेछन् भन्ने कुरा सिकाएको हो ? दोस्रो समस्याः भेड़ाहरूले चाहिँ सुकर्महरूद्वारा मुक्ति पाएका छन्, र बाख्राहरूचाहिँ भलाइको काम नगरेको हुनाले दोषी ठहरिएका छन् भन्ने प्रकारको प्रभाव यस कथनले हामीमा छोड्छ। पहिलो समस्या हाल गर्नलाई हामीले सम्झना गर्नुपर्छः परमेश्वरले जातिहरूसित यस प्रकारको व्यवहार गर्नुहुन्छ। पुरानो नियमको इतिहासमा जातिहरूले आफ्नो पापको खातिर दण्ड पाएका थुप्रै उदाहरणहरू छन्, जस्तै यशैया १०:१२-१९, यशैया ४७:५-१५, इजकिएल २५:५-६, आमोस १:३, ६, ९, ११ र १३, आमोस २:१, ४ र ६, ओबद्याह १:१० र जकरिया १४:१-५ आदि। यसकारण जातिहरू अझै पनि ईश्वरीय सजाय/दण्डमा पर्नेछन् भन्ने कुरामा विश्वास गर्नु न्यायसँगत कुरा हो। परमेश्वरको न्यायमा पर्ने जातिभित्र हरेक व्यक्तिले त्यसको दण्ड भोग्नुपर्नेछ भनेको होइन, तर परमेश्वरको न्यायका यी नियमहरू यस प्रकारले जाति-जातिमाथि र व्यक्ति-व्यक्तिमाथि लागू हुनेछन् ।

जुन ग्रीक शब्द यहाँ 'अन्यजातिहरू' अनुवाद गरिएको छ, यसको अनुवाद 'जातिहरू' पनि हुन सक्छ। यहाँ यस खण्डमा जाति-जातिका मानिसहरू व्यक्ति-व्यक्तिको हिसाबले न्यायमा परेका छन् भनेर कतिको विश्वास छ। चाहे जाति-जातिको न्याय, चाहे व्यक्ति-व्यक्तिको न्याय होस्, यति बिघ्न भीड़ मानिसहरूलाई इस्राएल देशमा प्रभुको सामु खड़ा गराउनमा निक्कै ठूलो समस्या देखिन्छ। यसैले शायद जातिहरूका

प्रतिनिधिहरू वा वर्ग-वर्गका मानिसहरूका प्रतिनिधिहरू यस न्यायमा भेला हुनेछन् भन्ने कुरा बुझ्न बेस होला ।

दोस्रो समस्याको विषयमा यति भनौंः यो खण्ड लिएर मुक्ति कामहरूद्वारा पाइन्छ भन्ने कुरा सिकाउन सकिँदैन । पवित्र बाइबलमा एकमात्र साक्षी छः मुक्ति विश्वासद्वारा पाइन्छ, कामहरूद्वारा होइन (एफेसी २:८-९) । तर यसमा पवित्र बाइबलको शिक्षा पनि सुदृढ़ छ, र जोड़ दिन्छः साँचो विश्वास छ भने त्यसले असल-असल कामहरू पैदा गर्छ नै । कसैमा कुनै असल कामहरू देखा पर्दैनन् भने योचाहिँ त्यस व्यक्तिको मुक्ति पनि कहिल्यै भएको छैन भन्ने एक लक्षण/प्रमाण हो । यस प्रकारले हामीले यहाँ प्रस्तुत गरिएको तथ्य बुझ्नुपर्छः बाँकी रहेको भागरूपी यहूदीहरूसित उपकार गरेको फलस्वरूप अन्य-जातिहरूले मुक्ति पाएका होइनन्, तर तिनीहरूले देखाएको दयाको व्यवहारले प्रभुप्रति तिनीहरूको प्रेमको प्रतिबिम्ब गर्छ ।

अझ तिनवटा कुरा हामीले भन्नुपर्छ । पहिलो, संसारको उत्पत्तिदेखि नै परमेश्वरको राज्यचाहिँ धर्मी जनहरूका निम्ति, र नरक-चाहिँ शैतान र त्यसका दूतहरूका निम्ति तयार पारिएको छ (मत्ती २५:३४ र ४१) । मानिसहरूले आशिष पाऊन् – यो परमेश्वरको चहाना हो । नरकको मौलिक उद्देश्य मानिसहरूका निम्ति होइन । तर जब मानिसहरूले स्वेच्छाले जीवनलाई अस्वीकार गर्छन्, तब तिनीहरूले आफ्ना निम्ति मृत्यु नै रोजेका हुन् ।

दोस्रो कुराः प्रभु येशूले *अनन्त* आगो, *अनन्त* दण्ड र *अनन्त* जीवनको कुरा गर्नुभयो (मत्ती २५:४१ र ४६) । उहाँ, जसले अनन्त जीवनको बारेमा शिक्षा दिनुभयो, उहाँ नै अनन्त दण्डको बारेमा पनि सिकाउनुभयो । दण्ड शब्दको अगाड़ि र जीवन शब्दको अगाड़ि 'अनन्त' भनेर ती दुवै ठाउँहरूको गुण बताउने एकै विशेषण लगाइएको छ । यसकारण स्वर्गको कुरा मान्न तर नरकको अस्तित्व अस्वीकार गर्न मिल्दैन; यस्तो कुराले मेल खाँदैन । जुन शब्द 'अनन्त' भनेर अनुवाद गरिएको छ, त्यसको अर्थ 'सदा-सर्वदा' होइन भने ग्रीक भाषामा अरू कुनै यस्तो शब्द नै छैन, जसले 'अनन्त' व्यक्त गर्न सक्छ । तर हामीलाई

थाहै छः अनन्तको अर्थ सदा-सर्वदा हो, किनकि यही शब्दले 'अनन्त' राजा भनेर असीमित परमेश्वरको गुण बताएको छ (१ तिमोथी १:१७)।

अन्तमा, अन्यजातिहरूको न्यायको वर्णनले ख्रीष्ट येशू र उहाँका जनहरू एक हुन् भन्ने कुरामा हामीलाई सशक्त सम्झना दिलाएको छ। जुन कुराले उनीहरूलाई राम्रो-नराम्रो प्रभाव पार्छ, त्यही कुराले प्रभुलाई त्यस्तै प्रभाव पार्दो रहेछ। यसर्थ प्रभुलाई प्रेम गर्नेहरूको उपकार गरेर प्रभुप्रति हाम्रा उपकारहरू देखाउने हामीलाई ज्यादा ठूलो मौका दिइएको/सम्भावना मिलेको छ।

१४) मत्ती २६-२७: मसीह राजाको कष्ट र मृत्यु

क) प्रभु येशूलाई मार्ने षड्यन्त्र (मत्ती २६:१-५)

मत्ती २६:१-२: अब यस सुसमाचारको पुस्तकमा चौथो र अन्तिम पल्ट हाम्रा प्रभुले आफ्ना चेलाहरूलाई उहाँको मृत्युको पूर्वसूचना दिएर उनीहरूलाई सचेत गराउनुभयो (मत्ती १६:२१, १७:२३ र २०:१८)। यहूदीहरूको निस्तार-चाड़ र प्रभुको क्रूसको मृत्युको बीचमा समयको हिसाबले नजिकको सम्बन्ध भएको देखिन्छ; किनभने उहाँले यो कुरा यस प्रकारले सूचना गर्नुभयोः **'तिमीहरूलाई थाहै छ, दुई दिनपछि निस्तार-चाड़ छ, र मानिसका पुत्र क्रूसमा टँगाइन भनी पक्राउ पर्नेछन्।'** हो, त्यस सालमा निस्तार-चाड़को वास्तविक अर्थ प्रकट हुनेछ। बल्ल ख्रीष्टरूपी निस्तारका पाठा यरूशलेममा आइपुग्नुभयो, र अब चाँड़ै बलिको रूपमा मारिनुहुनेछ।

मत्ती २६:३-५: उहाँले यी शब्दहरू बोल्नुहुँदा नै **'मुख्य पूजाहारी, शास्त्री र जनताका बूढ़ा प्रधानहरू उहाँलाई मार्ने युक्ति रच्न भनी कायफा नामक महापूजाहारीको चोकमा भेला भए'**; तिनीहरूले उहाँलाई गुप्त रूपले पक्रेर मार्ने मतो गरे। तर चाड़को बेलामा होइन, नत्र उहाँलाई मृत्यु-दण्ड दिँदा मानिसहरूले त्यसको उत्कट विरोध गर्लान् भनेर तिनीहरूले विचार गरेका थिए। कस्तो विचित्र कुराः आफ्ना मसीह

राजाको हत्या गर्ने षड्यन्त्र रच्नुमा इस्राएली धर्म-नेताहरूको पहिलो हात थियो। उहाँलाई चिनेर उहाँलाई राजा तुल्याउनुमा तिनीहरू प्रथम हुनुपर्नेथियो; तर उल्टो, तिनीहरूबाट उहाँका शत्रुहरूको अघि सर्ने मोर्चा बनियो।

ख) बेथानीमा येशूको शिरमा बहुमूल्य तेलको अभिषेक (मत्ती २६:६-१३)

मत्ती २६:६-७: पूजाहारीहरूको राजद्रोह, आफ्ना चेलाहरूका तुच्छ/क्षुद्र कुराहरू र यहूदा इस्करयोतिको विश्वासघातको बीचमा यस घटनाले सुखद आनन्द दिएको छ। **'जब येशू बेथानीमा शिमोन कोरीको घरमा हुनुहुन्थ्यो, तब एउटी स्त्री बहुमूल्य सुगन्धित तेलको एउटा सङ्गमर्मरको भुँड़ल्को लिएर उहाँकहाँ आइन्, र ... त्यो उहाँको शिरमाथि खन्याइदिइन्।'** प्रभु येशूप्रति तिनको श्रद्धाभक्ति कति गहिरो/प्रगाढ़ थियो, सो कुरा तिनले चढ़ाएको तेलको ठूलो मूल्यले स्पष्ट पारेको छ। तिनको यस कामको भावअर्थद्वारा तिनले भन्न चाहेकी थिइन्: संसारमा यस्तो कुनै चीज छैन, जो प्रभुका निम्ति दिन नसक्ने गरी ज्यादा मूल्यवान् हुन्छ।

मत्ती २६:८-९: उहाँका चेलाहरू र विशेष गरी यहूदा इस्करयोतिले तिनको यस कार्यमा ठूलो बरबादी देखे (यूहन्ना १२:४-५)। उनीहरूले यो सुगन्धित तेल बरु धेरै दाममा बेचेर त्यो गरिबहरूलाई दिन/बाँड्न उचित ठाने।

मत्ती २६:१०-१२: प्रभु येशूले उनीहरूको टेढ़ो/बिग्रेको विचार सच्च्याउनुभयो/सुधार्नुभयो। तिनको यस काममा बरबाद के थियो? होइन, यो ता शोभाले पूर्ण थियो। त्यत्ति मात्र होइन, यो काम एकदमै समयअनुकूल थियो। गरिबहरूको सेवा/उपकार जहिलेतैहिले गर्न सकिन्छ। तर संसारको इतिहासमा एकैपल्ट मात्र गड़ाइका निम्ति मुक्तिदाता प्रभुको अभिषेक गर्न सकिन्थ्यो। जब त्यो अमूल्य क्षण आयो, तब ती नारीले, तिनी एकलै भए पनि, त्यो मौका छोपिन्; किनकि तिनीसँग आत्मिक समझ थियो। प्रभुले आफ्नो मृत्युको

विषयमा गर्नुभएका पूर्वसूचनाहरूमा विश्वास गरेर तिनले बुझिन्ः मौका यही हो, यस्तो मौका अब फेरि कहिल्यै आउनेछैन। अनि ठीक यस्तै हुन आयो पनि; तिनको विचार सत्य ठहरियो। किनकि जुन स्त्रीहरूले उहाँको गड़ाइपछि उहाँको शरीरमा सुगन्धित तेल/मसाला लगाउन खोजे, ती स्त्रीहरूको योजना विफल भयो; किनकि उहाँको पुनरुत्थान भइ-सकेको थियो (मर्कूस १६:१-६)।

मत्ती २६:१३ः प्रभु येशूले तिनको प्रेमले प्रेरित भएको यो सरल काम यसो भन्दै अमर तुल्याउनुभयोः **'म तिमीहरूलाई साँचो भन्दछु, सारा संसारमा जहाँ-जहाँ यो सुसमाचार प्रचार गरिनेछ, त्यहाँ यस स्त्रीले जे गरेकी छ, त्यो पनि उसको सम्झनामा सुनाइनेछ।'** साँचो आराधनाको रूपमा प्रभुलाई चढ़ाइएको कार्य/काम जेसुकै होस्, त्यसको सुगन्धले स्वर्गका चोकहरू भर्दछ, र त्यो प्रभुको सम्झनामा नमेट्ने गरी अङ्कित हुन्छ।

ग) यहूदा इस्करयोतिको विश्वासघात (मत्ती २६:१४-१६)

मत्ती २६:१४-१५ः 'तब बाह्रमध्ये एकजना, ...' प्रभु येशूका चेलाहरू/प्रेरितहरूमध्ये एकजना, जो तीन वर्ष उहाँसँग बसेको थियो, जो उहाँसँग हिँड़ेको थियो, जसले उहाँका अचम्मका कामहरू देखेको थियो, जसले उहाँको अद्वितीय/अनुपम शिक्षा सुनेको थियो, र जो प्रभुको पापरहित जीवन देख्ने एक प्रत्यक्ष साक्षी थियो; अँ, त्यो, जसलाई प्रभु येशूले ***'मेरो आफ्नै चिरपरिचित मित्र'*** भन्न सक्नुहुन्थ्यो, ***'जसले मेरो रोटी खान्थ्यो'*** (भजन ४१:९), त्यसले नै परमेश्वरका पुत्रको विरोधमा कुर्कुच्चा उठायो। **'त्यो यहूदा इस्करयोतिचाहिँ मुख्य पूजाहारीहरूकहाँ गयो'**, र आफ्नै प्रभुलाई चाँदीका तीस सिक्कामा तिनीहरूको हातमा सुम्पिने/बेचिदिने तय गऱ्यो। पूजाहारीहरूले तत्कालै त्यसलाई त्यो पैसा दिइहाले – जाबो एक महिनाको तलबजति।

शिमोनको घरमा प्रभु येशूको शिरमा त्यो बहुमूल्य तेल खन्याउने ती स्त्री र यहूदा इस्करयोतिको बीचमा हाम्रो ध्यान आकर्षित पार्ने

विशाल भिन्नता देखिन्छ। तिनको दृष्टिमा मुक्तिदाता प्रभु अमूल्य हुनुहुन्थ्यो, तर यहूदाको दृष्टिमा उहाँ तुच्छ गनिनुभयो।

मत्ती २६:१६: अनि यसरी त्यही यहूदा त्यहाँबाट हिँड्यो, जसले प्रभु येशूबाट लगातार कृपा, र कृपा मात्र पाइरहेको थियो, र त्यस डरलाग्दो/भयानक किनबेच/कबुलअनुसार आफ्नो भाग पूरा गर्ने बन्दोबस्त/तयारी गऱ्यो।

घ) अन्तिम निस्तार-चाड़ (मत्ती २६:१७-२५)

मत्ती २६:१७: 'अखमीरी रोटीको चाड़को पहिलो दिन' थियो। त्यस दिन यहूदीहरूको घर-घरबाट सबै खमीर निकालिन्थ्यो। प्रभुले चेलाहरूलाई निस्तार-चाड़को भोज तयार पार्न यरूशलेमभित्र पठाउनु-भएको बेलामा उहाँको मनमा कस्ता-कस्ता विचारहरू उर्लेर उठेका थिए होला? किनकि यस भोजको हर कुरामा, सानो कुरा भए पनि, ठूलो महत्त्व थियो।

मत्ती २६:१८-२०: प्रभु येशूले चेलाहरूलाई कुनै एकजना मानिसकहाँ पठाउनुभयो, जसको नाम बताइएको छैन। तिनैले उनी-हरूलाई त्यस निर्धारित घरसम्म बाटो देखाउनेथिए। हुन सक्छ, यी षड्यन्त्रकारीहरूको युक्ति विफल पार्ने हिसाबले उहाँले दिनुभएको आदेश त्यति खुलस्त नभएको हो कि? जे होस्, हामीले यहाँ के देख्छौं भने, प्रभु येशूले ती व्यक्तिको नाम, तिनको ठेगाना र उहाँलाई सहयोग गर्ने तिनको तत्परताको विषयमा सबका सब जान्नुहुन्थ्यो। उहाँका निम्न शब्दहरूमा ध्यान दिऔं: **'गुरुजी भन्नुहुन्छः मेरो समय नजिकै आएको छ; तिम्रो घरमा म आफ्ना चेलाहरूसँग निस्तार-चाड़ मनाउनेछु।'** उहाँले कति सजिलोसित/सहजसित आउन लागेको आफ्नो मृत्युको सामना गर्नुभयो। कति सुन्दर ढङ्गले उहाँले त्यो भोज तयार गर्नुभयो। यस अन्तिम निस्तार-चाड़को भोजका निम्ति आफ्नो घर प्रदान गर्न सक्ने ती अपरिचित व्यक्तिको कत्रो सौभाग्य!

मत्ती २६:२१-२४: उहाँहरूले खाइरहनुभएको बेलामा प्रभु येशूले **'तिमीहरूमध्ये एकजनाले मलाई विश्वासघात गरेर पक्राइदिनेछ'** भनेर

सबैलाई झसङ्गै पारिदिनुभयो। यो सुनेर उहाँका चेलाहरू साह्रै दुःखित भए, ग्लानिले भरिए; एकै क्षणमा उनीहरूको आत्मविश्वास हराएको थियो। एक-एक गर्दै उनीहरूमध्ये हरेकले उहाँलाई भन्न लागेः **'प्रभु, के त्यो म हुँ?'** यहूदा इस्करियोतिलाई छोड़ेर सबैले सोधिसकेपछि उहाँले उनीहरूलाई भन्नुभयोः **'जसले मसँग थालमा आफ्नो हात चोप्छ, त्यही हो; त्यसैले मलाई पक्राइदिनेछ।'** तब प्रभुले रोटीको टुक्रा लिनुभयो, मासुको रसमा चोप्नुभयो र यहूदालाई दिनुभयो (यूहन्ना १३:२६)। उहाँको ठूलो प्यार/प्रेम र घनिष्ठता/आत्मीयता प्रकट गर्ने चिन्ह थियो यो। त्यसपछि उहाँलाई जे-जे हुन लागेको थियो, यी सबै कुराहरू नभई नहुने कुरा थिए; यसो भए पनि उहाँलाई विश्वासघात गरेर सुम्पिदिने जवाफदेही नहुने होइन भन्ने सम्झना उहाँले उनीहरूलाई दिलाउनुभयो। **'त्यो मान्छे नजन्मिएकै भए त्यसका निम्ति बढ़िया हुनेथियो।'** यहूदाले जानी-बुझी आफ्नो मुक्तिदाता प्रभुलाई बेचेको हो; यसैले त्यसले व्यक्तिगत रूपले यसको लेखा दिनैपर्छ।

मत्ती २६:२५: अन्तमा जब उहाँलाई पक्राइदिने यहूदाले **'गुरुज्यू, के त्यो म हुँ?'** भन्दै उहाँलाई सीधै सोध्यो, तब प्रभुको जवाफ थियोः **'हो, तिमी आफैले भनिहाल्यौ।'**

ङ) पहिलो प्रभु-भोज (मत्ती २६:२६-२९)

यूहन्ना १३:३० पदअनुसार रोटीको टुक्रा लिएपछि यहूदा तुरुन्तै बाहिर निस्किहाल्यो; त्यत्ति बेला रात परिसकेको थियो। यसैबाट प्रभु-भोजको स्थापना हुँदा यहूदा त्यहाँ उपस्थित थिएन भन्ने निष्कर्ष हामी निकाल्छौं; तर यसको विषयमा निक्कै मतभेद छ।

मत्ती २६:२६: आफ्नो अन्तिम निस्तार-चाड़ मान्नुभएपछि प्रभु येशूले प्रभु-भोजको स्थापना गर्नुभयो। यस नामले यो भोज प्रचलित छ। प्रभु-भोजका निम्ति चाहिने समाग्रीहरू अर्थात् त्यो रोटी र त्यो दाखमद्य टेबुलमाथि राखिइसकेका थिए; किनभने यी दुई थोकहरू निस्तार-चाड़को भोजमा चलाउने चीजहरू थिए। तर प्रभु येशूले यी थोकहरूलाई एउटा नयाँ अर्थ दिनुभयो। पहिलो येशूले रोटी लिनुभयो,

आशिष दिएर भाँच्नुभयो र चेलाहरूलाई दिनुभयो। रोटी दिँदा उहाँले उनीहरूलाई भन्नुभयोः **'लेओ, खाओ ! यो मेरो शरीर हो ।'** उहाँले अझ क्रूसमा आफ्नो शरीर अर्पण गर्नुभएको थिएन; यसर्थ उहाँले 'यो मेरो शरीर हो' भन्दाखेरि त्यस रोटीमा आफ्नो शरीर चित्रण गर्नुभएको कुरा स्पष्ट हुन्छ। त्यो रोटीचाहिँ उहाँको शरीरको प्रतीक हो।

मत्ती २६ः२७-२८ः जुन कुरा रोटीमा लागू हुन्छ, त्यो कुरा त्यस कचौरामा पनि सत्य ठहरिन्छ। कचौरा किन चलाइयो? किनकि त्यो भाँड़ाचाहिँ त्यसभित्र हालिएको चीज स्पष्ट पार्ने प्रतीक हो। अनि त्यस कचौराभित्र कुन चीज हालिएको थियो? दाखको फलको रस, होइन र? अनि त्यो रसचाहिँ नयाँ करारको रगतको प्रतीक हो। त्यो नयाँ करारचाहिँ विनासर्तको/प्रतिबन्धविनाको करार, अनुग्रहको करार हो। अनि प्रभु येशूको बहुमूल्य रगतले त्यो नयाँ करार समर्थन गऱ्यो, जुन रगतचाहिँ धेरैका निम्ति, तिनीहरूका पापहरूको क्षमाका निम्ति बहाइयो। उहाँको रगतचाहिँ सबै मानिसहरूका निम्ति तिनीहरूलाई पापहरूको क्षमा दिन पर्याप्त हुन्छ। तर प्रभुले यहाँ **'धेरैका निम्ति बहाइयो'** भन्नुभएको छ; किनकि त्यो रगत केवल उनीहरूमा कार्यकारी हुन्छ, जसले प्रभु येशूमाथि विश्वास गर्छन्; उनीहरूका पापहरूचाहिँ येशूको अनमोल रगतले मेटाइदिन्छ।

मत्ती २६ः२९ः त्यसपछि मुक्तिदाता प्रभुले आफ्ना चेलाहरूलाई याद दिलाउनुभयोः अबदेखि उसो उहाँले यस दाखको फलबाट कहिल्यै पिउनुहुनेछैन, त्यस दिनसम्म, जब उहाँ यस संसारमा राज्य गर्न फर्केर आउनुहुनेछ। त्यत्ति बेला यस दाखमद्यको महत्त्व अर्को हुनेछ; तब यो उहाँका पिताको राज्यको आनन्द र त्यसको आशिषैआशिष भएको अवस्थाको प्रतीक हुनेछ।

धेरैपल्ट एकै किसिमको प्रश्न उठिरहेको हुन्छः 'के प्रभु-भोजमा हामीले खमीर हालिएको रोटी चलाऔं कि खमीर नहालिएको रोटी चलाऔं? दाखमद्य प्रयोग गरौं कि दाखरस प्रयोग गरौं?' हाम्रा प्रभुले अखमीरी रोटी र दाखमद्य प्रयोग गर्नुभएको कुरामा कुनै शङ्का छैन। किनकि ती दिनहरूमा दाखमद्य सधैं मद्य नै हुन्थ्यो। खमीर हालिएको

रोटीले प्रभुको शरीरको प्रतीक बिगार्छ भनेर कतिले तर्क गर्छन्। किनभने खमीर पापको प्रतीक हो। तर सड़ाइएको-गलाइएको अङ्गुरको विषयमा कुरा पनि त्यही हो भनी तिनीहरूले बुझ्नुपर्छ। मलाई के दुःख लाग्छ भने, रोटी र दाखमद्यरूपी समाग्रीहरूले हाम्रो ध्यान यति बढ़ी/साह्रै कब्जा गरेका छन्, कि हामीले प्रभुलाई देख्न छोड़ेका छौं। प्रभु-भोजको रोटी नै होइन, तर त्यस रोटीको आत्मिक अर्थचाहिँ महत्त्वपूर्ण हुन्छ भन्ने कुरामा प्रेरित पावलले जोड़ दिएका छन्, जब तिनले यसो लेखेः **'किनकि ख्रीष्टचाहिँ, जो हाम्रो निस्तारका पाठा हुनुहुन्छ, हाम्रा निम्ति बलि हुनुभएको हो। यसकारण लौ, हामी पुरानो खमीरले होइन, न ता द्वेष र दुष्टताको खमीरले नै, तर इमानदारी र सत्यताको अखमीरी रोटीले यो चाड़ मनाऔं!'** (१ कोरिन्थी ५:७-८)। प्रभु-भोजको रोटीमा खमीर हालिएको-नहालिएको कुरामा होइन, तर हाम्रा जीवनमा खमीर छ-छैन, यसमा महत्त्व छ।

च) आत्मविश्वासी चेलाहरू (मत्ती २६:३०-३५)

मत्ती २६:३०: प्रभु-भोज भइसकेपछि उहाँहरूले – त्यस सानो झुण्डले एउटा भजन गायो; शायद 'महान् स्तुतिगान' नामक भजन ११३-११८ मध्ये कुनै एक। त्यसपछि उहाँहरू यरूशलेमबाट निस्केर जानुभयो, र किद्रोन खोल्सा तरेर जैतुन डाँड़ाको पश्चिमी पाखाबाट भएर चढ़्दै गेत्समनीको बगैंचामा आइपुग्नुभयो।

मत्ती २६:३१: प्रभु येशूले यस संसारमा आफ्नो पूरा सेवकाइको अवधिभरि नै आफ्ना चेलाहरूलाई आफूले हिँड्नुपर्ने बाटोको विषयमा विश्वासयोग्यताको साथ चेताउनी दिइरहनुहुन्थ्यो। तर अहिले उहाँले उनीहरूलाई भन्नुभयोः आज राति उनीहरूले उहाँलाई छोड़ेर जानेथिए। प्रचण्ड आँधिबेह्रीको प्रकोप आफूमाथि आइलागेको देखेर उनीहरू डरले त्राहित्राहि भए। आफ्नो जीउलाई जोगाउन चाहेर उनीहरूले बरु आफ्ना प्रभुलाई छोड़िजानेथिए। भविष्यवक्ता जकरियाले बोलेको भविष्य-वाणीको वचन पूरा हुनु थियोः ***'गोठालालाई हिर्का, र भेड़ाहरू तितरबितर हुनेछन्'*** (जकरिया १३:७)।

मत्ती २६ः३२ः तर उहाँले उनीहरूलाई आश्वासन दिनुभयोः हो, उनीहरूले उहाँको सँगतमा रहेको कुरादेखि सर्माउनेथिए; तर उहाँले उनीहरूलाई कहिल्यै छोड्नुहुनेथिएन। बौरिउठ्नुभएपछि उहाँले उनीहरूलाई गालीलमा भेट्नुहुनेथियो। कति अद्भुत, अचूक मित्र !

मत्ती २६ः३३-३४ः पत्रुसले हतार-हतार बीचमा बोलेर प्रभुलाई विश्वास दिलाएर भनेः **'सबैजनाले तपाईंमा ठेस खाए ता पनि मचाहिँ कहिल्यै ठेस खानेछैनँ।'** प्रभु येशूले उनको कुरा काटेर सुधार्नुभयोः 'ममा कहिल्यै ठेस नखानु तिमी? होइन, आज राति ... तीनपल्ट।' भाले बास्नुभन्दा पहिले ती जल्दबाज/हड़बड़िने चेलाले आफ्ना प्रभुलाई तीनपल्ट इन्कार गर्नेथिए।

मत्ती २६ः३५ः पत्रुसले आफ्नो निष्ठा अझै पनि कायम राखेर विरोध गरे र दृढ़तासाथ भनेः 'होइन, प्रभु ! तपाईंसँग मर्नुपरे पनि म तपाईंलाई कुनै हालतले इन्कार गर्नेछैनँ।' अरू सबै चेलाहरूले पनि त्यही प्रकारले भनेर यसमा आ-आफ्ना सहमति जनाए। यसमा उनीहरू बिलकुल इमानदार थिए; उनीहरूले जस्तै भने, त्यस्तै मानेका थिए। तर उनीहरूले आफ्नै हृदयको अवस्था जान्दैनथे, बस यति।

छ) गेत्समनीमा प्रभु येशूको घोर व्यथा (मत्ती २६ः३६-४६)

लौ, अब म पवित्र भूमिमा खुट्टा टेक्दैछु भन्ने कुरा नबुझेर कोही पनि गेत्समनीको बगैंचाको यस विवरणको छेउ पर्न सक्दैन। जसले यसको टिप्पणी गर्न खोज्छ, उसको मनमा एक प्रकारको श्रद्धालु डर हुन्छ, र ऊचाहिँ अरू धेरै बोल्नै चाहँदैन। श्री गाय किङले भनेअनुसार, जसले यसो लेख्छन्ः 'यस घटनाको गुण यति दिव्य/ईश्वरीय छ, कि यसलाई छुँदा म यसलाई बिगार्छु भन्ने डर हुन्छ।'

मत्ती २६ः३६-३८ः गेत्समनी (जसको अर्थ होः जैतुनको तेल पेल्ने कोल) भनिने ठाउँमा आइपुग्नुभएपछि उहाँले चेलाहरूमध्ये आठजनालाई 'तिमीहरू यहाँ बस्दै गर' भन्नुभयो, अनि पत्रुस र जब्दीका दुई छोराहरूलाई साथमा लैजानुभयो र अझ बगैंचाभित्र जानुभयो।

मुक्तिदाता प्रभुको दुःखमा उहाँसित दुःखित हुन सक्नुमा चेला-चलाको बीचमा सहानुभूति देखाउने क्षमता फरक-फरक भएको, के यसको अर्थ यो हुन सक्ला ?

'उहाँ शोकित र अति व्याकुल हुन लाग्नुभयो।' उहाँले पत्रुस, याकूब र यूहन्नालाई सफासँग भन्नुभयोः **'मृत्यु नै होला भैं गरी मेरो मन अति नै शोकले भरिएको छ।'** हाम्रा निम्ति पापबलि हुन लागेको कुरा महसुस गर्दा यसको विरोधमा उहाँको पवित्र मनमा घोर अमन उठेको हुनुपर्छ; यसमा शङ्का छैन। हामी पापी छौं; यसैले येशूजस्तै पापरहित व्यक्तिका निम्ति हाम्रा निम्ति पाप बनिनुको अर्थ के थियो होला, सो हामीले कल्पना गर्न सक्दैनौं (२ कोरिन्थी ५:२१)।

मत्ती २६:३९: उहाँले ती तीन चेलाहरूलाई छोड़ेर अलि परसम्म अझै यस बगैंचाभित्र जानुभयो। यसमा अचम्म मान्नुपर्ने कुरा केही पनि छैन। किनकि अरू कसैले पनि उहाँलाई उहाँको दुःखमा साथ दिन सक्दैनथियो, न उहाँले चढ़ाउनुभएको प्रार्थनाअनुसार प्रार्थना गर्न सकेर यसमा 'आमेन' भन्न सक्नेथियो। **'हे मेरा पिता, सम्भव छ भने यो कचौरा मबाट हटोस्; तरै पनि मैले इच्छा गरे अनुसार होइन, तर तपाईंले इच्छा गर्नुभए अनुसार होस् !'**

यस प्रार्थनामा प्रभु येशूले क्रूसमा मर्न नचाहनुभएको वा यसबाट पछि हट्ने इच्छा प्रकट गर्नुभएको होइन। यस प्रकारको विचार राख्ने मानिसले यूहन्ना १२:२७-२८ पदमा लेखिएका उहाँका शब्दहरू सम्झोस्, जहाँ उहाँ भन्नुहुन्छः ***'अहिले मेरो मन विचलित भएको छ, र म के भनूँ? के "पिता, मलाई यस घड़ीबाट बचाउनुहोस्" भन्न? होइन, तर यही उद्देश्यले म यस घड़ीसम्म आइपुगें। हे पिता, तपाईंको नामको महिमा गर्नुहोस् !'*** यसकारण जब उहाँले 'हुन सके यो कचौरा मबाट हटोस्' भन्ने प्रार्थना गर्दाखेरि उहाँले क्रूसमा जानुनपरोस् भन्ने विन्ती चढ़ाउनुभएन; किनकि यही उद्देश्य पूरा गर्न नै उहाँ यस संसारमा आउनुभयो।

यो प्रार्थना केवल शब्दहरूको खेल थिएन, न ता यसद्वारा उहाँले प्रार्थनाको उत्तर प्राप्त गर्न नखोज्नुभएको हो; पक्का पनि उहाँले

हामीलाई एउटा महत्त्वपूर्ण पाठ सिकाउन चाहनुभयो। होइन, होइन; 'बुवा, के म क्रूसमा नगई हुँदैन? के योभन्दा अरू कुनै उपाय छैन, जसद्वारा यस संसारका अधम पापी मानिसहरूले मुक्ति पाउन सक्छन्? बुवा, अरू कुनै उपाय छ भने कृपा गरी मलाई बताउनुहोस्! तर जेजस्तो भए पनि मेरो एउटै मात्र चाहना छः तपाईंको इच्छा पूरा होस्! किनकि तपाईंलाई थाहै छः तपाईंको इच्छाको विरोधमा म केही पनि गर्न चाहँदिनँ' – उहाँले खास यो भन्न खोज्नुभएको हो।

यसको जवाफ के भयो? उहाँले जवाफ पाउनुभएन। स्वर्ग चुप लाग्यो। हामीलाई थाहा छः मौनता पनि एक प्रकारको जवाफ हो। यस मौनतामा ठूलो अर्थ छ; किनकि दोषी भइसकेका पापी मानिसहरूलाई धर्मी ठहर्‍याउन परमेश्वरका निम्ति अरू कुनै उपाय थिएन; पापरहित मुक्तिदाता ख्रीष्ट येशू हाम्रो सट्टामा मर्नुपर्‍यो।

मत्ती २६:४०-४१: 'जब उहाँ चेलाहरूकहाँ फर्केर आउनुभयो, तब उहाँले उनीहरूलाई निदाइरहेका भेट्टाउनुभयो।' उनीहरूको आत्मा तयार थियो, तर उनीहरूको शरीर कमजोर थियो। आफ्नो प्रार्थनाको जीवन नियालेर/विचार गरेर उनीहरूलाई दोष लगाउने हामीलाई आँट आउँदैन; किनकि प्रार्थना गर्नुभन्दा सुत्नु हामी राम्ररी जान्दछौं; सचेत रहनुपर्ने बेलामा हाम्रो मन यता-उता बिरालिरहेको छ। प्रभु येशूले पत्रसलाई भन्नुभएझैं धेरै पल्ट हामीलाई पनि भन्नुपर्‍योः **'के तिमीहरू मसँग एकै घण्टा पनि जागा रहन सकेनौ? जागा रहो, र प्रार्थना गर, नत्र ता तिमीहरू परीक्षामा पर्छौ।'**

मत्ती २६:४२: 'दोस्रो पल्ट उहाँ जानुभयो, र प्रार्थना गर्नुभयो।' 'तपाईंको इच्छा पूरा होस्' भनेर उहाँले आफूलाई परमेश्वर पिताको इच्छामा सुम्पनुभयो। उहाँले त्यो दुःखकष्ट र मृत्युरूपी कचौरा पिउनु-हुनेथियो, त्यसको अन्तिम थोपा, अँ, त्यसको थिग्राधरि पिउनुहुनेथियो।

उहाँको प्रार्थनाको जीवन विचार गर्नुहोस्! प्रार्थना गर्दा उहाँ एकलै हुनुहुन्थ्यो। उहाँलाई एकलै हुनु आवश्यक थियो। हुन त उहाँले आफ्ना चेलाहरूलाई प्रार्थना गर्न सिकाउनुभयो, र उनीहरूको उपस्थितिमा उहाँ प्रार्थना गर्नुहुन्थ्यो; तर कहिल्यै उहाँले उनीहरूसँग प्रार्थना गर्नुभएन।

किन होला? यो रहस्य हामीले उहाँको अद्वितीय व्यक्तित्व र उहाँको अतुलनीय काममा खोज्नुपर्छ; यसैले अरूले उहाँको प्रार्थनामा साथ दिन नसकेको होला।

मत्ती २६:४३-४५: उहाँ दोस्रो पल्ट चेलाहरूकहाँ आउनुभयो, र उनीहरूलाई फेरि पनि निदाइरहेका भेट्टाउनुभयो। तेस्रो पल्ट पनि यस्तै भयोः उहाँले प्रार्थना गर्नुभयो, उनीहरू निदाए। त्यत्तिखेर उहाँले उनीहरूलाई भन्नुभयोः **'के तिमीहरू अझ सुतिरहेका र आराम गरिरहेका छौ? हेर, घड़ी नजिकै आइसकेको छ, जब मानिसका पुत्र पापीहरूको हातमा पक्राउ पर्दछन्।'**

मत्ती २६:४६: उहाँसँग जागा रहने समय र मौका बित्यो; उहाँलाई विश्वासघात गरेर सुम्पिदिने आइरहेको, त्यसका पाइला टेकेको आवाज सुनिन्थ्यो। येशूले उनीहरूलाई आज्ञा गर्नुभयोः 'उठ, जाँदै गरौं!' उहाँ पछि हट्नुभएन, तर अब शत्रुको सामना गर्न जाँदै हुनुहुन्थ्यो।

गेत्समनीको बगैंचालाई छोड्नुअघि हामी एकक्षण डेग नचलाऔं, तर फेरि एकपल्ट उहाँका सुस्केरा र रोदन सुनिराखौं, र उहाँको व्यथामा हाम्रो ध्यान र विचार लगाऔं! र उहाँलाई हृदयको तहबाट धन्यवाद चढ़ाऔं!

ज) गेत्समनीमा विश्वासघात गरिनुभएको प्रभु येशू पक्राउ पर्नुभएको (मत्ती २६:४७-५६)

पापरहित मुक्तिदाता प्रभुलाई आफ्नो सृष्टिले विश्वासघात गर्नु – मानव-इतिहासमा योजस्तो असुहाउँदो/नमिल्दो विचित्र/अनौठो लाग्ने अरू कुरा कुनै पनि छैन। यहूदा इस्करयोतिले कसरी यो एकदम नीच/अधम विश्वासघात गर्न सक्यो – यस्तो एउटा अपराध, जसबाट त्यो कहिल्यै दोषमुक्त हुँदैन? मानिसको बिलकुल भष्ट भएको स्वभाव छोड़ेर हामीले यस्तो नीच कामका निम्ति अरू कुनै स्पष्टीकरण पाउन सक्दैनौं।

मत्ती २६:४७: उहाँ एघार चेलाहरूसँग बोल्दै गर्नुहुँदा हेर, तरवार र लाठाहरू बोकेका मानिसहरूको हूलको साथ यहूदा आइपुगिहाल्यो!

हुन ता यी हातहतियारहरू बोक्ने विचार यहूदाको थिएन होला; किनकि त्यसले मुक्तिदाता प्रभुलाई कहिल्यै कसैसँग भिड्नुभएको वा कसैसँग लड्नुभएको देखेन। तब यी हातहतियारहरूको व्याख्या कसरी गरौं? यी ता मुख्य पूजाहारीहरू र बूढ़ा प्रधानहरूले उहाँलाई पक्रन चाहेको, तर उहाँलाई कुनै हालतमा उम्कन नदिने तिनीहरूको दृढ़ सङ्कल्पको प्रतीक होला।

मत्ती २६:४८: यहूदाले भीड़लाई प्रभुलाई चिनाउने एउटा चिन्ह दिएको थियोः **'जसलाई म चुम्बन गर्छु, येशू उही हो।'** संसारभरि नै चुम्बनचाहिँ प्रेमको प्रतीकको रूपमा मानिन्छ; तर यहाँ यस प्रकारको प्रेमको चिन्ह यहूदाले सबभन्दा तुच्छ तुल्याएर यसको अशुद्ध प्रयोगमा काम लगायो।

मत्ती २६:४९: प्रभुकहाँ आएर यहूदाले भन्योः **'गुरुज्यू, सलाम!'** त्यसपछि त्यसले उहाँलाई खूबै चुम्बन गऱ्यो। यस खण्डमा दुईवटा भिन्नभिन्नै शब्द छन्, जसलाई चुम्बन गर्नु अनुवाद गरिएको छ। पहिलो शब्द अठचालीस पदमा छ, जसको अर्थ चुम्बन गर्नु नै हो। तर यहाँ उन्चास पदमा अर्को शब्द छ, त्यसभन्दा कड़ा शब्द छ, जसको अर्थ धेरैपल्ट चुम्बन गर्नु वा खूबै जोड़ले चुम्बन गर्नु हो।

मत्ती २६:५०: नअतालिएर प्रभु येशूले त्यसलाई निम्न प्रश्न सोधीकन कायल पर्ने गरी त्यसको मुटु छेड़ पार्नुभयोः **'साथी, तिमी केको लागि आएको?'** निष्सन्देह, यस प्रश्नका शब्दहरूले यहूदाको मनलाई पोले; तर के गर्ने? एक घटनामाथि अर्को घटना छिटो-छिटो आइरहेको थियो। उत्तेजित भीड़ उहाँमाथि जाइलागिहाल्यो; तत्कालै तिनीहरूले प्रभु येशूलाई पक्रे।

मत्ती २६:५१: 'येशूसँग हुनेहरूमध्ये एकजनाले (यूहन्ना १८:१० पदअनुसार हामी जान्दछौं, त्यो एकजना पत्रुस थिए) **आफ्नो हात बढ़ाएर आफ्नो तरवार खिँचे, र महापूजाहारीको दासलाई हिर्काए, र त्यसको कान च्वाट्टै छिनाइदिए।'** पत्रुसले त्यसको कान नै ताकेको ता होइन; पक्का पनि तिनले त्यस दासलाई मार्ने हिसाबले हिर्काए। हत्या गर्नु

तिनको विचेत मन/मूर्खा विचार थियो, तर परमेश्वरलाई धन्यवाद होस्, तिनको निशाना चुक्नुमा परमेश्वरको हात थियो ।

मत्ती २६:५२: यहाँ प्रभु येशूको महिमित चरित्रका किरणहरू चारैतिर चम्किरहेका छन् । पहिले उहाँले पत्रुसलाई हपार्नुभयोः **'आफ्नो तरवार फेरि त्यसकै ठाउँमा हालिहाल; किनकि तरवार लिने सबै तरवारद्वारा नष्ट हुनेछन् ।'** ख्रीष्ट येशूको राज्यमा विजयहरू शारीरिक साधनहरू प्रयोग गरेर प्राप्त गर्ने होइन । आत्मिक लड़ाइँमा हातहतियार-हरूको बलको सहारा लिँदा केवल ठूलो विपत्ति निम्त्याउनु हो । परमेश्वरको राज्यका शत्रुहरूले तरवार चलाऊन्, तर अन्तमा तिनीहरू हार्ने नै छन् । ख्रीष्ट येशूका सिपाहीहरूले चाहिँ प्रार्थनाको सहारा लिऊन्, परमेश्वरको वचनरूपी तरवार चलाऊन् र पवित्र आत्माले भरपूर भएको जीवन-शक्ति प्रयोग गरून् ।

त्यसपछि प्रभु येशूले माल्कसको कान निको पार्नुभयो; किनकि घाइतेको नाम यो थियो । यस कुराको गवाही लूकाले दिएका छन् (लूका २२:५१ र यूहन्ना १८:१०) । के यो उहाँको अद्भुत अनुग्रहको सुन्दर प्रदर्शन होइन र ? आफूलाई घृणा गर्नेहरूलाई उहाँले प्रेम गर्नुभयो, र आफ्नो ज्यान लिन खोज्नेहरूलाई उहाँले दया देखाउनुभयो ।

मत्ती २६:५३-५४: यदि प्रभु येशूले त्यस उत्तेजित भीड़सँग भिड्न चाहनुभएको भए पत्रुसको त्यो जाबो सानो तरवारको के खाँचो थियो र ? अहिले नै उहाँले बाह्र पल्टनभन्दा बढ़ी स्वर्गदूतहरू मगाउन सक्नुहुनेथियो, र तत्कालै उहाँले ती पाइहाल्नुहुनेथियो । (बाह्र पल्टन भन्नाले लगभग ३६'००० देखि ७२'००० स्वर्गदूतहरू बुझिन्छ) । तर यसो गरेर परमेश्वरको योजना बिग्रिनेथियो । पवित्र शास्त्रहरूमा उहाँको पक्राउ, उहाँको दुःखकष्ट, उहाँको क्रूसको मृत्यु र उहाँको पुनरुत्थानको सम्बन्धमा दिइएका भविष्यवाणीहरू पूरा हुनुपरेको थियो ।

मत्ती २६:५५: त्यसपछि प्रभु येशूले यी भीड़का मानिसहरूलाई यसो भन्दै सम्झाइदिनुभयोः **'तिमीहरूले डाँकूको विरोधमा आएझैं मलाई पक्रन कसरी तरवार र लाठाजस्तै हातहतियारहरू लिएर निस्कि-आएका हँ ?'** यो कति असुहाउँदो कुरा थियो; किनभने उहाँले कहिल्यै

बलमिचाइको सहारा लिनुभएन, न ता तिनीहरूले उहाँलाई कहीं लुटपाट गर्नुभएको देखे। होइन, उहाँ ता शान्तिपूर्वक मन्दिरमा बसेर दिनहुँ तिनीहरूलाई शिक्षा दिनुहुने गुरु हुनुहुन्थ्यो। त्यत्ति बेला उहाँलाई पक्रन के सजिलो हुनेथियो; तर तिनीहरूले उहाँलाई पक्रेनन्। तब अहिले तिनीहरू किन तरवार र लाठाहरू लिएर आउने? तिनीहरूको व्यवहार कति उल्टो भएछ; यो बुझ्न सकिँदैन।

मत्ती २६:५६: तर प्रभु येशूलाई थाहा थियोः मानिसहरूको दुष्टताले जबसम्म परमेश्वरको निर्धारित योजना/उद्देश्य पूरा गर्छ, त्यसमा मात्र सफल हुन सक्दो रहेछ। **'तर भविष्वक्ताहरूका शास्त्रहरू पूरा होऊन् भनेर नै यी सबै कुरा भएका हुन्।'** त्यस बेला उहाँका सबै चेलाहरू साह्रै आत्तिए; उनीहरूले उहाँलाई छोड़ेर भागे; किनकि उनीहरूले बुझे, अब आफ्ना स्वामीलाई छुट्ट्याउन सक्ने कुनै उपाय रहेको रहेनछ। उनीहरूको डरछेरुवापनका निम्ति दोषमुक्त हुने ठाउँ रहेन भने हामी पानीआन्द्रेहरूका निम्ति झन् बढ़ी छैन रहेछ। किनकि उनी-हरूभित्र पवित्र आत्माले वास गर्नुभएको थियो, तर उहाँ ता हामीमा वास गर्नुहुन्छ।

झ) प्रभु येशू कायफाको सामु (मत्ती २६:५७-६८)

मत्ती २६:५७: प्रभु येशूका दुईवटा मुख्य जाँच थिए – एक धार्मिक जाँच, यहूदी धर्म-नेताहरूको सामु र एक सरकारी जाँच, रोमी अधिकारीहरूको सामु। चार सुसमाचारहरूका जम्मै विवरणहरू सँग राख्दा के देखिन्छ भने, हरेक जाँचका तीन-तीन चरणहरू रहेछन्। प्रेरित यूहन्नाले धार्मिक जाँचको पहिलो चरणको बयान दिएका छन्ः तिनीहरूले प्रभु येशूलाई पहिले कायफाका ससुरा हन्नासकहाँ लगे (यूहन्ना १८:१३)। मत्तीले चाहिँ त्यस जाँचको दोस्रो चरणको विवरण गरेका छन्, जो महापूजाहारी कायफाको घरमा शुरु हुन्छ। त्यहाँ 'सन्हेद्रीन' अर्थात् सबै महासभाका सदस्यहरू भेला भएका थिए। अरू बेला हो भने, दोष/अभियोग लगाइएका व्यक्तिहरूले आफ्नो सफाइ गर्ने

मौका र यसका निम्ति तयार हुने समय पाउनेथिए। तर यहाँ यी दुःसाहसी धर्म-नेताहरूले हतार-हतार येशूलाई 'थुना र न्यायबाट' लगिहाले (यशैया ५३:८), र कुनै हिसाबले पनि उहाँको निष्पक्ष जाँच गरेनन्।

त्यस रात 'सन्हेद्रीन' नामक महासभाका सत्तरी सदस्यहरूले अर्थात् त्यहाँ भेला भएका फरिसीहरू र सदुकीहरू, शास्त्रीहरू र बूढ़ा प्रधानहरूले ती नियमहरूलाई पूर्ण रूपले बेवास्ता गरे, जुन नियमहरूअनुसार तिनीहरूले न्यायको काम गर्नुपर्नेथियो। तिनीहरूका आफ्नै नियमअनुसार तिनीहरूले राति कुनै सभा राख्नुहुँदैनथियो, नता कुनै यहूदी चाड़मा भेला हुन पाउनेथिए। न्याय बिगार्नलाई तिनीहरूले कुनै साक्षीलाई घूस दिनुहुँदैनथियो। तिनीहरूले कसैको मृत्यु-दण्ड दिने फैसला गरेमा त्यो प्राणदण्ड एक रात बितेर मात्र दिन पाइन्थ्यो। अनि तिनीहरू मन्दिरको क्षेत्रभित्र पर्ने 'कुँदुवा शिलागृह' भन्ने सभा-भवनमा भेला नभएसम्म तिनीहरूको कुनै फैसला लागू हुनेथिएन। येशूलाई हटाउने आफ्नो उत्कट जोसमा यही यहूदी प्रतिष्ठानचाहिँ आफ्नै नियमहरू भङ्ग गर्नलाई कति झुक्यो-झुक्यो!!

मत्ती २६:५८: महापूजाहारी कायफा तिनीहरूका प्रमुख न्यायाधीश थिए। महासभाले दुवै जुरीको (अभिनिर्णायक मण्डलीको) र अभियोजकको काम गरेको देखिन्छ; यी दुईवटा कुराहरू कसरी संयुक्त भए? यो अवैध/अनियमित कुरा हो; यति ता हामीले भन्नुपर्छ। प्रभु येशूचाहिँ प्रतिवादी हुनुहुन्थ्यो। अनि पत्रुसचाहिँ टाढ़ाबाट हेर्ने दर्शक थिए। उनी परिणाम हेर्न चोकभित्र नोकरहरूसँग बसेका थिए।

मत्ती २६:५९-६१: येशूको विरोधमा झूटा गवाहीहरू भेट्टाउनु यहूदी धर्म-नेताहरूलाई निक्कै कठिन पर्‍यो। न्यायिक कार्यवाहीमा तिनीहरूले आफ्नो प्रमुख कर्तव्य पूरा गरेका र प्रभुलाई निर्दोष ठहराउने प्रमाणहरू खोजेका भए तिनीहरू गवाहीहरू पाउनुमा कति बढ़ी सफल हुनेथिए। अन्तमा दुई झूटा साक्षीहरूले ***'यस मन्दिरलाई भत्काइदेओ, र म यसलाई तीन दिनभित्र खड़ा गर्नेछु'*** भन्ने येशूले बोल्नुभएका वचन बिगाएर यसको बयान यसरी पेस गरेः **'यस मान्छेले भन्योः "म**

परमेश्वरको मन्दिर भत्काउन र यसलाई तीन दिनमा खड़ा गर्न सक्छु" ' (यूहन्ना २:१९-२१)। यी गवाहीहरूको भनाइअनुसार प्रभु येशूले यरूशलेमको मन्दिर भत्काउने र फेरि बनाउने धम्की दिनुभयो रे। तर खास गरी उहाँले त्यत्तिखेर आफ्नो मृत्यु र त्यसपछिको पुनरुत्थानको पूर्वसूचना दिनुभएको थियो। यहूदीहरूले यो पूर्वसूचना लिएर उहाँलाई मार्ने निहुँ तुल्याए।

मत्ती २६:६२-६३: यी आरोपहरू लगाइरहेको बेलामा प्रभु येशू एक शब्द बोल्नुभएन, ***'जसरी भेड़ा आफ्ना ऊन कत्रनेहरूको सामु गुँगा रहन्छ, त्यसरी नै उहाँले आफ्नो मुख खोल्नुभएन'*** (यशैया ५३:७)। उहाँको मौनतामा उत्तेजित भएका महापूजाहारीले उहाँलाई बोल्ने करमा पारे। तर मुक्तिदाता प्रभु अझ चुप लाग्नुभयो, र कुनै जवाफ दिनुभएन। तब महापूजाहारीले उहाँलाई भनेः **'जीवित परमेश्वरको नाममा म तँलाई आज्ञा गर्दछु, के तँ परमेश्वरको पुत्र "ख्रीष्ट" होस्? हामीलाई भन्!'** मोशाको व्यवस्थाअनुसार महापूजाहारीले कुनै यहूदी मानिसलाई शपथ खुवाएमा उसले बोल्नुपर्थ्यो, गवाही दिनुपर्थ्यो (लेवी ५:१)।

मत्ती २६:६४: व्यवस्थाको अधीनमा रहनुहुने यहूदी भएको नाताले आज्ञाकारी प्रभुले जवाफ दिनुभयोः **'तपाईंले नै भनि-हाल्नुभयो।'** त्यसपछि उहाँले अझ दृढ़तासाथ आफूचाहिँ मसीह हुनुभएको र आफ्नो ईश्वरत्व पुष्टि गर्नुभयोः **'तरै पनि म तपाईंहरूलाई भन्दछु, अबदेखि उसो तपाईंहरूले मानिसको पुत्रलाई सर्वशक्तिमान्को दाहिने हातपट्टि बसिरहेको र आकाशका बादलहरूमा आइरहेको देख्नुहुनेछ।'** निचोड़मा उहाँले यसो भन्नुभएको होः 'परमेश्वरको पुत्र ख्रीष्ट/मसीह म नै हुँ, जस्तै तपाईंले भन्नुभएको छ। वर्तमान् मेरो महिमा मानव शरीरले ढाकिएको छ; म साधारण मानिसजस्तो, अरू कुनै मानिसजस्तो देखा परेको छु। तपाईंहरूले मलाई मेरो दीन अवस्थाका दिनहरूमा देख्नुभएको छ; तर त्यो दिन आउँछ, जब तपाईं यहूदीहरूले मलाई महामहिमको रूपमा, हर हिसाबले परमेश्वरसित बराबर/समान

भएको र उहाँको दाहिने हातपट्टि बसिरहेको र आकाशका बादलहरूको सवारीमा आइरहेको देख्नुहुनेछ।'

चौसट्ठी पदमा पहिले 'तपाईं'[ग]-शब्द एकवचनमा छ, र त्यसले कायफालाई सङ्केत गर्छ; दोस्रो र तेस्रो 'तपाईं'-शब्द बहुवचनमा छ, र त्यसले यहूदीहरूलाई सङ्केत गर्छ; यिनीहरूले ती इस्राएलीहरूको प्रतिनिधि गर्छन्, जो ख्रीष्ट येशूको महिमित दोस्रो आगमन हुने समय जिउनेछन्, र जसले उहाँलाई परमेश्वरका पुत्रको रूपमा छर्लङ्ग देख्नेछन्।

श्री आर. सी. एच. लेन्स्कीले लेख्छन्ः

'कति मानिसहरूको अनुमानमा प्रभु येशूले कहिल्यै आफूलाई "परमेश्वरको पुत्र" भन्नुभएन; तर यहाँ यस चौसट्ठी पदमा चाहिँ उहाँले शपथ खाएर के भन्नुभएको छ त? के उहाँको अङ्गिकारले उहाँ कुनै कुरामा परमेश्वरका पुत्रभन्दा केही कम हुनुहुन्छ भन्नलाई कुनै ठाउँ दिन्छ र?'[ण]

मत्ती २६ःद५-६७ः अरूले जेसुकै होस्, महापूजाहरीले चाहिँ येशूका यी शब्दहरूको अर्थ राम्ररी बुझिहाले। किनकि प्रभु येशूले आफ्ना यी शब्दहरूद्वारा मसीहको विषयमा गरिएको दानियलको भविष्यवाणीसँग सम्बन्ध जोड्नुभयो, जहाँ लेखिएको छः ***'मैले रातका दर्शनहरूमा हेरिरहेको थिएँ; अनि हेर, आकाशका बादलहरूको साथमा मानिसका पुत्रजस्तै एकजना आउँदै हुनुहुन्थ्यो! अनि उहाँ ती अति प्राचीन व्यक्तिकहाँ आउनुभयो, र तिनीहरूले उहाँलाई यहाँको सामु नजिक ल्याए'*** (दानियल ७ःद३)। महापूजाहारीको प्रतिक्रियाबाट कुरा स्पष्ट छः प्रभु येशूले आफूचाहिँ परमेश्वरसित बराबर/समान भएको दाबी गर्नुभएको रहेछ। तिनले कुरा यसरी नै बुझे (यूहन्ना ५ःद८)। यसैले तिनले आफ्ना पुरोहिती लुगाहरू च्याते; यसको मतलब थियोः प्रतिवादीले ईश्वर-निन्दा गरेको रहेछ। तिनले महासभाका सदस्य-हरूसित बोलेको जोसदार वचनले प्रभु येशूलाई दोषी ठहरायो। तिनले तिनीहरूको राय लिँदा सम्पूर्ण सभासदले जवाफ दियोः **'यो मृत्यु-दण्डको योग्य छ।'**

मत्ती २६:६८: अभिनिर्णायकहरूले येशूको अनुहारमा थुकेर र उहाँलाई मुक्का लगाएर न्यायको जाँचको यो दोस्रो चरण सिद्धिन्छ। उहाँलाई हमला गरेकाहरू को-को हुन्, सो चिनाउन उहाँले ख्रीष्ट/मसीहको शक्ति प्रयोग गरून् भन्ने हेतुले **'एई ख्रीष्ट, तँलाई हिर्काउने को हो? हामीलाई भन्!'** भन्दै तिनीहरूले उहाँलाई उपहास/खिसी गरे। तिनीहरूको सम्पूर्ण जाँचको यो कार्यक्रम शुरुदेखि अन्तिमसम्म वैधिक थिएन; यो त बिलकुल निन्दित व्यवहार थियो।

ञ) पत्रुसले प्रभु येशूलाई इन्कार गर्छन्, र धुरुधुरु रुन्छन् (मत्ती २६:६९-७५)

मत्ती २६:६९-७२: अब पत्रुसको सबभन्दा अँध्यारो घड़ी आइपुगेको थियो। पत्रुस बाहिर चोकमा बसिरहेको बेलामा एउटी नोकरनी आएर उनलाई अपराधको दोष लगाउँदै भनीः **'तिमी पनि गालीलको येशूका साथी हौ।' 'तिमी के भन्दैछ्यौ, म जान्दिनँ'** भन्दै पत्रुसको हौसिएको तत्कालीन इन्कार थियो। उनले मानिसहरूको ध्यानमा पर्नदेखि उम्कन खोजे, र बाहिर दलानमा गए; तर त्यहाँ अर्की नोकरनीले तिनलाई देखी र सबैको सामु भनीः **'यो मान्छे पनि नासरतको येशूको साथमा थियो।' 'अहँ, म त्यस मानिसलाई चिन्दिनँ'** भन्दै पत्रुसले शपथ खाएर फेरि इन्कार गरे। याद रहोस्ः जसलाई पत्रुसले 'त्यो मानिस' भनेका थिए, उहाँचाहिँ उनका प्रभु र स्वामी हुनुहुन्थ्यो।

मत्ती २६:७३-७४: अनि थोरै बेरपछि छेवैमा उभिनेहरू पत्रुसकहाँ आए, र उनलाई भनेः **'पक्कै पनि तिमी तिनीहरूमध्ये एक हौ; किनकि तिम्रो बोलीले नै यो कुरा अवगत गर्दछ।'** अबचाहिँ सामान्य तौरले इन्कार गर्न पुग्दैन रहेछ; यस पालि शपथहरू खाँदै र आफूलाई श्रापले बाँध्दै उनले विश्वास दिलाउन खोजे, र भनेः **'म त्यस मानिसलाई चिन्दै चिन्दिनँ।'** तब तुरुन्तै भाले बास्यो। रातको सन्नाटालाई चिर्ने आवाजको समय के साह्रै मिलेको!

मत्ती २६:७५: भालेको सुपरिचित आवाजले मिरमिरे बिहानीका सुनसान क्षणहरू चिर्‍यो; यति मात्र होइन, तर त्यसले पत्रुसको मुटु पनि छेंड़ियो। अघि गमक्क परेको चेलाको मन पन्चर भयो; किनकि तिनले **'भाले बास्नुभन्दा पहिले तिमीले मलाई तीनपल्ट इन्कार गर्नेछौ'** भनेर प्रभुले भन्नुभएको यो वचन सम्झे; तब बाहिर गएर पत्रुस धुरुधुरु रोए।

पत्रुसले कतिपल्ट र कुन-कुन बेला प्रभुलाई इन्कार गरे भन्ने विषयमा सुसमाचारका पुस्तकहरूमा अमेल भएको देखिन्छ। मत्ती, लूका र यूहन्नाले के लेखेका छन् भने, **'भाले बास्नुभन्दा पहिले तिमीले मलाई तीनपल्ट इन्कार गर्नेछौ'** भनेर प्रभु येशूले पत्रुसलाई भन्नुभयो (मत्ती २६:३४, लूका २२:३४ र यूहन्ना १३:३८); जब मर्कूसले ***'आज, यही रातमै, भाले दुईपल्ट बास्नुभन्दा पहिले तिमीले मलाई तीनपल्ट इन्कार गर्नेछौ'*** भनेर लेखेछन् (मर्कूस १४:३०)। हुन सक्छ, भाले एकपल्ट मात्र बास्दैन; धेरैपल्ट बास्छ, कहिले कहीं राति पनि बास्छ; यसैले राति भाले बास्यो, र मिरमिरे उज्यालोमा भाले फेरि बास्यो होला।

चारवटा सुसमाचारका पुस्तकहरूमा छ भिन्नभिन्नै बेलाहरू देखाइएको जस्तो छ, जतिखेर पत्रुसले प्रभुलाई इन्कार गरे। उनले ख्रीष्ट येशूलाई इन्कार गरे **अ)** एउटी नोकरनीको सामु (मत्ती २६:६९-७०, मर्कूस १४:६६-६८)। **आ)** अर्की नोकरनीको सामु (मत्ती २६:७०-७१, मर्कूस १४:६९-७०)। **इ)** छेवैमा उभिरहनेहरूको सामु (मत्ती २६:७३-७४, मर्कूस १४:७०-७१)। **ई)** अर्को एकजना मानिसको सामु (लूका २२:६८)। **उ)** अझै अर्को एकजना मानिसको सामु (लूका २२:६९-७०)। **ऊ)** महापूजाहारीका दासहरूमध्ये एकजनाको सामु (यूहन्ना १८:२६-२७)।

यो अन्तिम मानिस भिन्नै मानिस हुनुपर्छ भन्ने हाम्रो विश्वास छ; किनकि उसले भन्योः **'के मैले तिमीलाई बगैंचामा उसकै साथमा देखिनँ र?'** अरू कसैले यसो भनेन।

ट) बिहान प्रभु येशूको जाँच महासभाको सामु (मत्ती २७:१-२)

हामी यहाँ धार्मिक जाँचको तेस्रो चरणमा आइपुग्यौंः बिहान महासभाको सामु प्रभु येशूको जाँच। तिनीहरूकै नियमअनुसार कुनै मुद्दाको फैसला मुद्दा चलाइएकै दिनमा गर्न पाइँदैनथ्यो; प्रतिवादी निर्दोष ठहरियो मात्र त्यही दिन मुद्दा खतम हुन्थ्यो। फैसला गर्नका निम्ति पहिले कम्तीमा एक रात बित्नुपर्थ्यो – दया जागिदिने समय मिलोस् भनेर। तर येशूको मुद्दामा धर्म-नेताहरूले आफ्नो मन कठोर पारे र अलिकति दया पनि उठ्न दिएनन्। तर राति गरिएका जाँचहरू अनियमित/अवैधिक थिए; यसैले तिनीहरूको फैसलामा कानूनी मान्यता दिनलाई बिहान तिनीहरूको एक बैठक बस्यो।

रोमी शासनकालमा यहूदी अगुवाहरूलाई मृत्युदण्ड दिने अधिकार दिइएको थिएन। यसकारण तिनीहरूले हतारसँग येशूलाई रोमी राज्य-पाल/बड़ा हाकिम पोन्तियस पिलातसकहाँ सुम्पिदिए। रोमीहरूको जुनै पनि कुरा तिनीहरूले घोर घृणा गर्थे, तर अब तिनीहरूले येशूमाथि आफ्नो झन् ठूलो अवहेलना पोख्न उनीहरूको अधिकार चलाए। येशूको विरोधको शत्रताले घोर वैरीहरूलाई एक तुल्यायो।

ठ) यहूदा इस्करयोतिको पछुतो र मृत्यु (मत्ती २७:३-१०)

मत्ती २७:३-४: 'मैले निर्दोष रगत बगाउन भनी येशूलाई पक्राइ-दिएर पाप गरेछु' भन्दै यहूदाले ती चाँदीका तीस सिक्का मुख्य पूजाहारीहरू र बूढ़ा प्रधानहरूकहाँ फर्काउन खोज्यो। तर केही घण्टा अघि उत्सुकतासाथ यस काममा हात दिने यी महाषड्यन्त्रकारीहरूले अहिले यस कुरामा तिनीहरूको हिस्सा नभएझैं आफूलाई पूरा अलग राखे। विश्वासघातका फलहरूमध्ये यो एक हो। यहूदा पछुतायो। तर त्यो पछुतोचाहिँ मुक्ति पाउने खालको ईश्वरीय पश्चात्ताप थिएन। हो, त्यसको अपराधले गर्दा त्यसमाथि आइपरेका तीता-तीता असरहरूको

विषयमा त्यो साँच्चै दुःखी थियो; तर त्यो ख्रीष्ट येशूलाई आफ्ना प्रभु र मुक्तिदाताको रूपमा मान्न तयार भएन।

मत्ती २७:५: हताश भएको यहूदाले ती चाँदीका सिक्काहरू मन्दिरमा फ्याँक्यो, जसभित्र पूजाहारीहरू मात्र जान पाउँथे। त्यसपछि त्यो गयो, र आत्महत्या गऱ्यो। प्रेरित १:१८ पदसँग यहाँको वर्णन तुलना गर्दा हामी यस निष्कर्षमा पुग्छौंः त्यो रूखमा झुन्डिएर मरेछ। डोरी चुँदियो, वा रूखको हाँगा भाँचियो होला, र त्यो उँधोमुन्टो भई कुनै भीरबाट खस्यो, र बीचैमा फुट्यो, र त्यसका सबै आन्द्रा निस्के।

मत्ती २७:६: यी 'परम आत्मिक' मुख्य पूजाहारीहरूले ती चाँदीका सिक्काहरू मन्दिरको ढुकुटीमा राख्नु उचित ठानेनन्; किनकि त्यो ता रगतको दाम थियो। तर के मसीहलाई आफ्ना हातमा सुम्पिन लाउन यही दाम तिरेको दोष लाग्ने व्यक्ति तिनीहरू स्वयम् थिएनन् र? तर यस कुराले तिनीहरूलाई हैरान पारेन क्यारे। प्रभु येशूले भन्नुभएझैं तिनीहरूले कचौराको बाहिरपट्टि मात्र सफा गरे, तर भित्रपट्टिचाहिँ तिनीहरू छलकपट, विश्वासघात र हत्याले भरिएका थिए।

मत्ती २७:७-१०: तिनीहरूले यस दाममा कुमालेको जमिन किने, जहाँ 'अशुद्ध' परदेशीहरूलाई, अन्यजातिका मानिसहरूलाई गाड़िन्थ्यो/दफन गरिन्थ्यो। तिनीहरूलाई अलिकति पनि याद थिएन, कि पछि अन्यजातिहरूका असङ्ख्या भीड़हरूले तिनीहरूको देशमाथि चढ़ाइ गर्नेछन् र तिनीहरूका शड़कहरू रगतैरगत पार्नेछन्। त्यस दोषी यहूदी जातिका निम्ति त्यस समयदेखि अहिलेसम्म त्यो जमिन साँच्ची नै रगतको जमिन ठहरियो।

मुख्य पूजाहारीहरूले थाहा नपाईकन जकरियाको भविष्यवाणी पूरा गरे। दफन गर्ने दाममा कुमालेबाट एउटा जमिन किनियो (जकरिया ११:१२'१३)। जकरियाको यो खण्डको अर्को अनुवाद पनि पाइन्छ (आर.एस.वि.), जसले तेह्र पदमा 'कुमालेको सामु फ्याँकिदेऊ' भन्दैन, तर 'ढुकुटीमा फ्याँकिदेऊ' भनेर अनुवाद गरिएको छ।

स्क्रिप्चर यूनिनको दैनिक टिप्पणीमा यसरी लेखिएको छः

'ती पूजाहारीहरूले त्यो पैसा रगतको मोल सम्झेर ढुकुटीमा हाल्न हिचकिचाए; यसो हुँदा तिनीहरूले कुमालेलाई (त्यसको अर्को अनुवादअनुसार) त्यसको जमिनका निम्ति दिएर जकरियाको भविष्यवाणी पूरा गरे ।'

मत्तीले जकरियाको यो भविष्यवाणी यर्मियाको हो भन्छन् । तर वास्तवमा यो भविष्यवाणीचाहिँ जकरियाको पुस्तकबाट उद्धृत गरिएको हो । हुन सक्छ, तिनले प्रयोग गरेको भविष्यवाणीको पुस्तकरूपी बेरुवाको शीर्षक 'यर्मिया' लेखिएको थियो होला – यस उहिलेदेखि चल्ती भएको लेख्ने क्रमअनुसार, जुन क्रम कतिपय हिब्रू भाषाका मूललिपीहरूमा देखिन्छ, साथै पुस्तौंदेखि चलिआएको तल्मूडमा पनि यो लेख्ने क्रम सुपरिचित छ । यस प्रकारको प्रयोग हामी लूका २४:४४ पदमा पाउँछौं, जहाँ भजनसंग्रहको पुस्तकको नाममा पुरानो नियम अर्थात् जम्मै हिब्रू कानुनका तीन भागको एक पूर्ण भाग यसको शीर्षकमा समावेश गरिएको छ ।

ड) पहिलो पल्ट प्रभु येशू राज्यपाल पिलातसको सामु (मत्ती २७:११-१४)

प्रभु येशूको विरोधमा यहूदीहरूका मन दुख्ने खास कारणहरू केवल धार्मिक किसिमका थिए । अनि तिनीहरूले उहाँलाई यही दृष्टिकोणले जाँच गरेका थिए । तर रोमी आदलतमा धार्मिक अभियोगहरू केही पनि गानिदैनथे । यो कुरा तिनीहरूले जान्दथिए । यसैले जब तिनीहरूले येशूलाई पिलातसको सामु ल्याए, तब तिनीहरूले उहाँको विरोधमा तीनवटा राजनैतिक अभियोगहरू उजुर गरे (लूका २३:२) । तिनीहरूका यी निम्न तीनवटा अभियोगहरू थिएः **अ)** रोमी साम्राज्यका निम्ति उहाँ एक खतरनाक क्रान्तिकारी हुनुहुन्थ्यो रे । **आ)** उहाँले मानिसहरूलाई उक्साएर कर नतिर्न लाउनुहुन्थ्यो अरे; यसरी उहाँले साम्राज्यको उन्नतिमा हानि पुऱ्याउनुहुन्थ्यो । **इ)** उहाँले आफू राजा हुँ भन्ने दाबी गर्नुहुन्थ्यो रे; यसैले उहाँले साम्राटको अधिकार र उपाधिमा धक्का पुऱ्याउनुहुन्थ्यो ।

मत्तीको सुसमाचारमा हामी पिलातसले तेस्रो अभियोगको सम्बन्धमा येशूलाई सोधखोज गरेका पढ्छौं। तिनले उहाँलाई सोधेः **'के तिमी यहूदीहरूका राजा हौ?'** प्रभु येशूले 'हजुर, म तिनीहरूको राजा हुँ' भनेर जवाफ दिनुभयो। उहाँको यस उत्तरले यहूदी अगुवाहरूको तर्फबाट खराब गाली र निन्दारूपी प्रवाह/भल निम्त्यायो। प्रतिवादी चुप लागेकोमा पिलातस साह्रै छक्क परे; किनभने तिनीहरूका अभियोग-हरूको उत्तरमा उहाँले एक शब्द पनि जवाफ दिनुभएन। शायद राज्यपालले अहिलेसम्म कुनै प्रतिवादीलाई आफूमाथि यति बिघ्न झूटा आरोपरूपी आक्षेप लगाउँदा यसरी चुप लागेको देखेनन् होला।

ढ) येशू कि बरब्बा? (मत्ती २७:१५-२६)

मत्ती २७:१५-१८: निस्तार-चाड़को बेलामा एउटा यहूदी कैदीलाई छोड़िदिएर यहूदीहरूलाई खुशी पार्ने रोमी सरकारका अधिकारीहरूको चलन थियो। बरब्बा नाम भएको एउटा साबित भइसकेको यहूदी मानिस थियो, जसले राजद्रोहमा भाग लिएर हत्या गरेको थियो (मर्कूस १५:७)। यस चलनअनुसार गर्न त्यो उपयुक्त थियो। रोमी सरकारको द्रोही भएको नाताले बरब्बाचाहिँ जनताको बीचमा निक्कै लोकप्रिय भएको थियो होला। जब **'म बरब्बालाई छोड़िदिऊँ कि येशूलाई'** भन्दै पिलातसले तिनीहरूलाई छान्ने मौका दिए, तब तिनीहरूले ठूलो सोरले चिच्च्याएर बरब्बालाई छाने। राज्यपाल अचम्म मान्दैनथे; किनकि येशूप्रति इबी राख्ने यी मुख्य पूजाहारीहरूले लोकमत आफ्नो इच्छाअनुसार मुछेका तिनले जानेका थिए।

मत्ती २७:१९: पिलातसकी पत्नीले पठाएको सन्देशवाहक आइपुग्यो; यस कुराले गर्दा न्यायको जाँचको कारबाही केही क्षण रोक्यो। **'येशूसँग केही सरोकार नराख्नुहोस्'** भनेर तिनले आफ्ना पतिलाई आग्रह गरिन्। उहाँको विषयमा तिनले सपनामा धेरै अशान्ति पाएकी थिए।

मत्ती २७:२०-२३: मुख्य पूजाहारीहरू र बूढ़ा प्रधानहरूले लुकी-लुकी 'बरब्बालाई छोड़िमाग्नू र येशूलाई नष्ट गर्नू' भन्ने वचन फैलाए।

किनकि जब पिलातसले जनतालाई "बरब्बा र येशूमा कुनचाहिँ म तिमीहरूका निम्ति छोडूँ' भनेर फेरि सोध्दाखेरि तिनीहरू ठूलो सोरले कराएर हत्यारालाई मागे। अनिश्चित पिलातस आफ्नो जालमा फसे। तिनले सोधेः **'तब ख्रीष्ट भनिने येशूलाई चाहिँ म के गरूँ त?'** एकै मुख भएर तिनीहरूले उहाँको क्रूसको मृत्यु मागे। राज्यपाल जनताको यस्तो मनमुद्रा देखेर अन्योलमा परे; तिनले यो कुरा बुझ्न सकेनन्। उहाँलाई क्रूसमा टाँग्न, किन? उहाँले कुनचाहिँ अपराध गर्नुभयो त? तर के गर्ने? हलचल नमच्चीकन उहाँलाई छोड़िदिने अभिवचन राख्नका निम्ति ढिलो भइसकेको थियो। उत्तेजित भीड़ लट्ठ भई तिनलाई पेलिरहेका थिए। **'त्यो क्रूसमा टँगाइयोस्!!'** भन्ने चिच्च्याहट गुँजिरह्यो, गुँजिरह्यो।

मत्ती २७:२४: अधीर जनताले जिद्दी गर्दैछ र अब हूलदङ्गा मच्चिरहेको छ भन्ने कुरा पिलातसले छर्लङ्ग बुझे। यसैले तिनले पानी लिए, र त्यस भीड़को सामु आफ्ना हात धोए। यसो गरेर तिनले अभियुक्त व्यक्तिको रक्तपातमा आफ्नो दोष छैन भन्ने कुरा देखाउन खोजे। तर कुनै पानीले पिलातसको यो दोष कहिल्यै पखाल्न सक्नेछैन; किनकि मानव-इतिहासमा तिनले सबभन्दा ठूलो न्याय-हत्या गरे।

मत्ती २७:२५: उन्मत्त भीड़लाई दोषको के वास्ता? तिनीहरूले **'त्यसको रगत हामी र हाम्रा छोराछोरीहरूमाथि परोस्!'** भन्दै त्यो दोष लिए/अपनाए। त्यस समयदेखि यता इस्राएली मानिसहरूले तिरस्कार गरिपठाएका मसीहको रगतको भयानक दोषले गर्दा तिनीहरूले असाध्य दुःख सहनुपर्‍यो – तिनीहरूमाथि प्रतिबन्धहरू लगाइन्थे, तिनीहरूको सामूहिक हत्या गरिन्थ्यो; तिनीहरूलाई नजरबन्दी शिविरहरूमा हालिन्थ्यो; तिनीहरूलाई ग्याँस कक्षहरूमा मारिन्थ्यो आदि। 'याकूबको सङ्कष्ट'को अवधिभरि तिनीहरूले सात वर्षसम्म डरलाग्दो सङ्कटकालको सामना गर्नुपर्नेछ, जसको बयान मत्ती २४ अध्याय र प्रकाश ६-१९ अध्यायहरूमा उल्लेख गरिएको छ। तिनीहरूमाथि त्यो श्राप त्यस बेलासम्म रहिरहनेछ, जुन बेला तिनीहरूले इन्कार गरेका येशूलाई आफ्ना मसीह राजाको रूपमा स्वीकार गर्नेछन्।

मत्ती २७:२६: तब तिनले मानिसहरूका निम्ति बरब्बालाई छोड़िदिए। अनि त्यस समयदेखि बरब्बाको आत्माले संसारलाई आफ्नो वशमा पारिरहेकै छ। हत्यारा गद्दीमाथि बसिरहेकै छ; जब निर्दोष मसीह राजा अझै तिरस्कृत हुनुहुन्छ।

त्यसपछि दण्डित/अपराधित व्यक्तिलाई कोर्रा लगाइयो; यसको एक प्रथा/दस्तुर थियो। कोर्रा भन्नाले काठ वा बेतको समाउने मूठ भएको र छालाका लामा-लामा फित्ताहरूको चुल्ठो, जसमा फलामका ससाना तीखा काँड़ाहरू लगाइएका थिए। यस्तो कोर्रा उहाँको पिठ्यूँमा बज्रन लाग्यो; उहाँलाई हिर्काउँदा-हिर्काउँदै हर प्रहारले मासु लुछिन्थ्यो, र रगतका धाराहरू छुट्दथे। अब येशूलाई सिपाहीहरूको हातमा सुम्पिनुबाहेक यी कातर राज्यपालका निम्ति अझ गर्नु अरू केही पनि बाँकी रहेन।

ण) सिपाहीहरूले प्रभु येशूलाई गिल्ला गरेका (मत्ती २७:२७-३१)

मत्ती २७:२७-२८: तब राज्यपालका सिपाहीहरूले येशूलाई राजभवनमा लगे, र सम्पूर्ण पल्टनलाई उहाँकहाँ भेला गरे – अनुमान गरिन्छः केही सय पुरुषहरू। अब उपरान्त के-के भयो, सो कुरा सम्झनु गाह्रो छ। विश्वका सृष्टिकर्ता परमेश्वर, पालनकर्ता परमेश्वरले आफूले सृष्टि गर्नुभएका अयोग्य र पापी मानिसहरूबाट अर्थात् यी क्रूर र असभ्य सिपाहीहरूको हातबाट यति अपमान सहनुपर्‍यो, यसको साध्य छैन। तिनीहरूले उहाँका वस्त्रहरू फुकालेर उहाँलाई सिन्दूरे रङ्गको वस्त्र पहिराइदिए। यो सिन्दूरे वस्त्रचाहिँ राजकीय पोशाकको नकल हो। तर यस सिन्दूरे वस्त्रमा हाम्रा निम्ति एउटा सन्देश लुकेको छ। सिन्दूरे रङ्गचाहिँ पापसित सम्बन्ध जोड्छ (यशैया १:१८); यसैले यस प्रकारले सोच्न मलाई मन लाग्छः परमेश्वरको धार्मिकताको वस्त्र मलाई लगाइयोस् भनेर त्यो सिन्दूरे वस्त्र, मेरा पापहरूरूपी त्यो वस्त्र प्रभु येशूलाई लगाइयो (२ कोरिन्थी ५:२१)।

मत्ती २७:२९-३०: तिनीहरूले काँड़ाको मुकुट गाँथे, र उहाँको शिरमा कोचारे। तर तिनीहरूले प्रभुसित गरेको त्यस असभ्य दिल्लगीमा आन्तरिक कुरा/मर्म पनि छः उहाँले काँड़ाको मुकुट किन लाउनुभयो? हामीले महिमाको मुकुट पहिरन पाऔं भनेर उहाँले यसो गर्नुभयो। तिनीहरूले उहाँलाई 'ए पापको राजा' भनेर खिसी गरे; तर हामीचाहिँ उहाँलाई पापीहरूका मुक्तिदाता भनेर दण्डवत गर्छौं।

तिनीहरूले 'लौ, तेरो राजदण्ड' भनेर उहाँको दाहिने हातमा एउटा निगालो राखिदिए। तर तिनीहरूलाई थाहा थिएनः जुन हातले त्यो निगालो समातिरहेको थियो, त्यस हातले नै सारा संसारलाई राज्य गर्छ। हो, प्रभु येशूको हातमा कीला ठोकियो; तर अहिले त्यही हातले सारा विश्वमाथि अधिकार जमाउने राजदण्ड समातिरहेको छ।

उहाँको सामु घुँड़ा टेकेर तिनीहरूले **'सलाम, यहूदीहरूको राजा!'** भन्दै उहाँलाई खिसी गरे। यति पुगेन। तिनीहरूले उहाँलाई अनुहारमा थुके। जुनसुकै समयमा जिउने मानिसहरूमा उहाँ एकमात्र सिद्ध मानिस हुनुहुन्थ्यो, अनि तिनीहरूले उहाँकै अनुहार थुके। त्यसपछि तिनीहरूले त्यो निगालो लिएर उहाँलाई शिरमा हिर्काए।

प्रभु येशूले धीरज धारेर यो सब सहनुभयो; उहाँले एक शब्द बोल्नुभएन। ***'उहाँलाई विचार गर, जसले आफ्नो विरुद्धमा पापीहरूको यस्तो विरोध सहनुभयो, नत्रभने तिमीहरू थकित हौला र आफ्ना मनहरूमा हताश हौला'*** (हिब्रू १२:३)।

मत्ती २७:३१: अन्तमा तिनीहरूले उहाँलाई आफ्ना वस्त्रहरू पहिराइदिए र क्रूसमा टाँग्न उहाँलाई लगे।

त) मसीह राजाको क्रूसको मृत्यु (मत्ती २७:३२-४४)

मत्ती २७:३२: हाम्रा प्रभुले केही हदसम्म आफ्नो क्रूस बोक्नुभयो (यूहन्ना १९:१७)। त्यसपछि यी सिपाहीहरूले शिमोन नाम भएको कुरेनीका एकजना मानिसलाई उहाँका निम्ति उहाँको क्रूस बोक्न कर लगाए। (कुरेनीचाहिँ कुरेनिकाको राजधानी थियो, जो उत्तर अफ्रिकामा, हालैमा लिबिया पर्छ)। कतिले तिनी यहूदी थिए भन्ने

अनुमान गर्छन्, कतिले 'तिनी हब्सी थिए' भन्छन्। तर महत्त्व यसैमा छः तिनले प्रभुको क्रूस बोक्ने अद्‌भुत सौभाग्य पाए।

मत्ती २७:३३: 'गलगथा' भन्ने शब्द आरामी भाषाको शब्द हो, जसको अर्थ खोपड़ी हुन्छ; कलभरिया यसको ल्याटिन शब्द हो, जोचाहिँ ग्रीक 'क्रनियोन' भन्ने शब्दबाट आएको हो; त्यो 'कलभरिया' भन्ने ल्याटिन शब्द अङ्ग्रेजीमा ल्याउँदा यसको रूप 'कलभरी' रह्यो। शायद त्यस जग्गाको आकार खोपड़ीजस्तै थियो कि? अथवा त्यो मृत्युदण्ड दिने ठाउँ भएको हुनाले त्यस जग्गाको नाम यसो भयो कि? त्यो ठाउँ कहाँ पर्थ्यो, कसैलाई निश्चित थाहा छैन।

मत्ती २७:३४: येशूलाई क्रूसमा टाँग्नुभन्दा अघि यी सिपाहीहरूले उहाँलाई पित्त मिसाइएको सिर्का पिउन दिए; यो पिउने कुरा दण्डको आज्ञा पाएका अपराधीहरूलाई दिइन्थ्यो, जसले लट्ठ पार्थ्यो। प्रभु येशूले त्यो लिन मान्नुभएन; किनकि मानिसहरूका पापहरूको सम्पूर्ण भारी बोल्नका निम्ति प्रभु येशू पूरै होशमा हुनु आवश्यक थियो र उहाँको पीड़ा अलिकति कम गरिनुहुँदैनथियो।

मत्ती २७:३५: मत्तीले लेखेको प्रभुको क्रूसको मृत्युको विवरण एकदम साधारण छ, आवेगबिनाको छ। तिनले नाट्यकला प्रयोग गरेनन्; तिनले उत्तेजित पार्ने पत्रकारिताको सहायता लिएनन्; तिनले नीच र तुच्छा कुराहरूमा हाम्रो ध्यान खिचेर नचाहिँदो बेलिबिस्तार गरेनन्। तिनले कुरा जेजस्तो थियो, वास्तविक कुरा लेखेः **'अनि तिनीहरूले उहाँलाई क्रूसमा टाँगे।'** तर यी शब्दहरूमा कति गहिराइ छ, सो अनन्तसम्म पूरा जानिँदैन।

भजन २२:१८ पदले भविष्यवाणी गरेअनुसार यी सिपाहीहरूले उहाँका वस्त्रहरू बाँड़े र उहाँको सिउनीविनाको पोशाकका निम्ति गोला हाले। संसारमा उहाँको धनसम्पत्ति यति नै थियो। श्री डेन्नीले भनेः 'यस संसारमा कसैको जीवन सिद्ध थियो भने यो प्रभु येशूको जीवन थियो, जसको केही पनि धनसम्पत्ति थिएन, र जसले आफूले लगाइएका लुगाहरूबाहेक केही पनि छोड्नुभएन।'

मत्ती २७:३६: यी सिपाहीहरूले साना चित्त/मन भएको दुनियाँको प्रतिनिधि गर्छन्। ऐतिहासिक घटना घटिरहेको कुरा चाल पाउन तिनी-हरूको चेतना/होस थिएन रहेछ। तिनीहरूले जानेका भए त्यहाँ बसेर तिनीहरूले उहाँलाई पहरा दिनेथिएनन्। तिनीहरूले घुँड़ा टेक्नेथिए र उहाँलाई दण्डवत् गर्नेथिए।

मत्ती २७:३७: प्रभु येशूको शिरदेखि मास्तिर तिनीहरूले एउटा दोष-पत्र टाँसे, जसमा लेखिएको थियोः **'यिनी यहूदीहरूका राजा येशू हुन्।'** चारवटा सुसमाचारहरूमा[ग] यस दोष-पत्रका शब्दहरूमा सानोतिना हेरफेर देखिन्छ। मर्कूसको सुसमाचारमा केवल ***'यहूदीहरूका राजा'*** लेखिएको छ (मर्कूस १५:२६) भने लूकाको सुसमाचारमा ***'यिनी यहूदीहरूका राजा हुन्'*** (लूका २३:३८), र यूहन्नाको सुसमाचारमा ***'नासरतका येशू, यहूदीहरूका राजा'*** लेखिएको छ (यूहन्ना १९:१९)।

मुख्य पूजाहारीहरूले प्रतिवाद गरेर पिलातसलाई भनेः **'यहूदीहरूका राजा होइन, तर "यसले 'म यहूदीहरूको राजा हुँ' भन्थ्यो" भनेर लिखिदिनुहोस्!'** तिनीहरूले सत्य कुरा प्रकट भएको सहन सकेनन्; तर तिनीहरूले के चाहन्थे भने, यस दोष-पत्रमा केवल दोषी व्यक्तिको दाबी लेख्नुपर्थ्यो। तर पिलातसले तिनीहरूको कुरा मानेनन्। हिब्रू, ल्याटिन र ग्रीक भाषामा सबै मानिसहरूका निम्ति छर्लङ्ग देख्न सकिने वास्तविकता यहाँ प्रस्तुत भएको छ (यूहन्ना १९:१९-२२)।

मत्ती २७:३८: परमेश्वरका निष्पाप पुत्रको दाहिने र देब्रे हातपट्टि दुईजना डाँकूहरू पनि आ-आफ्नो क्रूसमा टँगाइए; किनभने भविष्यवक्ता यशैयाले लगभग ७०० वर्ष पहिले ***'उहाँ अपराधीहरूसँग गनिनुभयो'*** भन्ने भविष्यवाणी गरेका थिए (यशैया ५३:१२)। शुरुमा यी डाँकूहरूले पनि उहाँको अपमान र निन्दा गरे (मत्ती २७:४४); तर पछिबाट एकजनाले पश्चात्ताप गऱ्यो, र आफ्नो जीवनको अन्तिम क्षणमै मुक्ति पायो। केही घण्टाभित्र ऊ ख्रीष्ट येशूसित स्वर्गलोकमा हुनेथियो (लूका २३:४२-४३)।

मत्ती २७:३९-४०: क्रूसचाहिँ परमेश्वरको प्रेमको प्रकाश हो भने त्यसैबाट मानिस कति भ्रष्ट छ, सो कुरा पनि प्रकट गरिन्छ। त्यहाँबाट भएर आउने-जानेहरू एकक्षण उभिए, र **'ऐई, मन्दिर भत्काएर तीन दिनमा बनाउने, आफैलाई बचा ! तँ परमेश्वरको पुत्र होस् भने क्रूसबाट ओर्ली आइज !'** भन्दै उहाँलाई गिल्ला गरे, जो असल गोठाला भएर आफ्ना भेड़ाहरूका निम्ति आफ्नो प्राण अर्पण गरेर मर्दै हुनुहुन्थ्यो। यस गिल्लामा हेतुवादीहरूको अविश्वास छिपेको छ, जसले भन्छन्: 'लौ, हामी देखेर विश्वास गर्नेछौं।' यसमा उदारवादीहरूको भाषा सुनिन्छ, जसले भन्छन्: 'क्रूसबाट ओर्लनुहोस्, र हामी विश्वास गर्नेछौं, जब क्रूसको ठक्कर हटाइएको हुन्छ।' श्री विलियम बूथले भनेका छन्: 'उहाँ क्रूसबाट ओर्लनुभएको भए तिनीहरूले "हामी विश्वास गर्छौं" भनेर भन्छन् भने हामीचाहिँ प्रभु क्रूसमा रहनुभएको हुनाले विश्वास गर्छौं।'

मत्ती २७:४१-४४: मुख्य पूजाहारीहरू, शास्त्रीहरू र बूढ़ा प्रधानहरूले पनि यही गिल्लाको नारा फलाके। तिनीहरू कराएर अनजानमा गहिरो ज्ञानको कुरा पो भने: **'यहाँले अरूलाई बचाउनुभयो, तर आफूलाई चाहिँ बचाउन सक्नुभएनछ।'** तिनीहरूले उहाँलाई खिसी गरेर यो भने, तर हामीचाहिँ यो वाक्य एउटा स्तुतिगानको रूपमा लिन्छौं:

हो, उहाँले आफूलाई चाहिँ बचाउन सक्नुभएन;
किनकि क्रूसमा उहाँ मर्नु थियो,
नत्र ता नाश भइरहेका पापीहरूकहाँ परमेश्वरको कृपा आउन सक्दैनथियो;
हो, परमेश्वरका पुत्र ख्रीष्ट येशूको रगत बहाइनु थियो,
नत्रभने पापीहरूका निम्ति पापबाट छुटकारा पाउने उपाय हुँदैनथियो।

अल्बर्ट मिड्लेन

जुन कुरा प्रभुको जीवनमा सत्य थियो, त्यो कुरा हाम्रो जीवनमा पनि सत्य ठहरिन्छः जसले आफूलाई बचाउन चाहन्छ, उसैले अरूलाई बचाउन सक्दैन।

उहाँ संसारका मुक्तिदाता हुनुभएको दाबी, उहाँ इस्राएलका राजा हुनुभएको दाबी, उहाँ परमेश्वरका पुत्र हुनुभएको दाबी, अँ, धर्म-

नेताहरूले उहाँका यी जम्मै दाबीहरूको खिसी गरे। यस अपवादमा यी डाँकूहरूले पनि भाग लिए। यी धर्म-नेताहरूले अपराधीहरूसँग मिलेर आफ्ना परमेश्वरको अपमान/निन्दा गरेका रहेछन्।

थ) तीन घण्टाको अन्धकार (मत्ती २७:४५-५०)

मत्ती २७:४५: प्रभु येशूले मानिसहरूको हातबाट जे-जति दुःखकष्ट भोग्नुभयो र तिनीहरूको जति अपमान सहनुभयो, ती केही पनि होइनन्, ती मामुली थिए त्यसको तुलनामा, जो उहाँले अहिले सामना गर्नुपर्‍यो। **'अब बाह्र बजेदेखि तीन बजेसम्म सारा देशभरि अन्धकार भयो।'** इस्राएल देशभरि मात्र होइन, तर उहाँको पवित्र मनमा पनि अँध्यारो भयो। यही समयमा उहाँले हाम्रा पापहरूको श्राप, जो असाध्य, अकथनीय थियो, भोग्नुभयो। त्यही तीन घण्टाभित्र नरकको पीड़ाको अनुभव, जसको योग्य हामी नै थियौं, र परमेश्वरको क्रोध, जो हाम्रा सबै अधर्महरूको विरोधमा खन्याइयो, खाँदिएर हालिएको थियो। यो कुरा हामी स्पष्ट देख्दैनौं, हाम्रो आत्मिक दृष्टि धमिलिएको छ। हाम्रो दिमागले हामी त्यसको गहिराइमा बिलकुल पुग्न सक्दैनौं। पापप्रति परमेश्वरको धार्मिक मागहरू के-के थिए, ती सबै पूरा गर्दा उहाँलाई केकस्तो भयो, सो जान्न हाम्रा निम्ति असम्भव छ। हामी यति जान्दछौंः यी तीन घण्टाभित्र नै उहाँले मानिसहरूको उद्धारका निम्ति तिर्नुपर्ने दाम तिरिदिनुभयो, हाम्रा जम्मै ऋण चुकाउनुभयो र त्राणको काम सिद्धयाउनुभयो।

मत्ती २७:४६: तीन बजेतिरको कुरा हो – **'येशू ठूलो सोरले यसो भन्दै कराउनुभयोः "एली, एली, लामा सबकथनी? अर्थात् हे मेरा परमेश्वर, मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभयो?" '** यसको उत्तर हामी भजन २२:३ पदमा पाउँछौंः ***'हे इस्राएलका स्तुतिहरूरूपी सिंहासनमा बस्नुहुने, तपाईं पवित्र हुनुहुन्छ।'*** परमेश्वर पवित्र हुनुहुन्छ; यसैले उहाँले पापको बेवास्ता गर्न सक्नुहुन्न। होइन, उल्टा उहाँले पापलाई दण्ड दिनैपर्छ। प्रभु येशूमा कुनै पाप थिएन; तर उहाँले हाम्रा पापहरूको जम्मै दोषको गह्रौं भारी बोक्नुभयो। परमेश्वर

न्यायकर्ता हुनुहुन्छ; उहाँले तल क्रूसमा हेर्नुभयो, र हाम्रा सबै पापहरू निष्पाप येशूमाथि, जो हाम्रो ठाउँ लिनुभएको थियो, राखिएका देख्नुभयो, तब उहाँ आफ्नो प्रेमको सुपात्रदेखि, आफ्ना प्रिय सुपुत्रदेखि हट्नुभयो। यही विछोड़को पीड़ाले प्रभु येशू पीड़ित हुनुहुन्थ्यो; यसैले उहाँको छियाछिया परेको, पापको भारीले थिचिएको हृदयदेखि त्यो चीत्कार निक्ल्यो, जसको सुन्दर नाम श्रीमती ब्राउनिङ्गले 'अनाथ इम्मानुएलको चीत्कार' राखे।

प्रभु येशू पिताबाट त्यागिनुभएको, कसरी? के परमेश्वर आफूबाट अलग्गिन सक्नुहुन्छ र? असम्भव!
तर तब मानिसका पापहरूरूपी भल धार्मिक पुत्र र पिताको बीचमा आइलाग्यो;
हो, एकैपल्ट अनाथ इम्मानुएलको यस चीत्कारले परमेश्वरको सारा सृष्टिलाई हल्लाइदियो;
एकैपल्ट मात्र उहाँको यो चीत्कार सुन्न पाइयो; यसको फर्केर आउने ध्वनि भएन;
"मेरा परमेश्वर, म त्यागिएँ, त्यागिएँ!"

एलिजाबेथ ब्यारेट ब्राउनिङ्ग

मत्ती २७:४७-४८: जब प्रभु येशू **'एली, एली, ...'** भनेर कराउनुभयो, तब त्यहाँ उभिनेहरूमध्ये कतिले भनेः **'त्यसले एलियालाई बोलाउँदैछ।'** तिनीहरूले नामहरूको विषयमा साँच्चै अलमलमा परेर यसो भनेका थिए, वा उहाँसित ठट्टा गरेका थिए, सो स्पष्ट भएन। एकजनाले एउटा लामो निगालो लियो, र सिर्काले भरिएको स्पन्ज येशूका ओठहरूमा पुऱ्यायो। भजन ६९:२१ पद हेर्दा-खेरि यो दयाको काम थिएन, तर अझ कष्ट थपिदिने अर्को तरिका रहेछ।

मत्ती २७:४९: 'लौ हेरौं, कतै एलिया आएर त्यसलाई बचाउँछन् कि' भन्ने भावना प्रायः सबैमा थियो; किनकि यहूदी परम्पराअनुसार एलियाको भूमिकाचाहिँ धर्मी जनहरूको सहायताका निम्ति आउनु थियो। के तिनले यो भूमिका अहिले नै खेल्नेथिए? तर यो एलियाको

आइपुग्ने समय थिएन (मलाकि ४:५), तर प्रभु येशूको मर्ने समय पो थियो।

मत्ती २७:५०: येशूले फेरि ठूलो सोरले कराएर प्राण त्याग्नुभयो। उहाँ ठूलो सोरले कराउनुभएको मतलब यो हो, कि उहाँ कमजोर अवस्थामा होइन, तर आफ्नो शक्ति हुँदा नै मर्नुभयो। उहाँले आफ्नो आत्मा समर्पण गर्नुभएको कुराले उहाँको मृत्यु अरू सबैको भन्दा बेग्लै तुल्याएको छ। हामी बाध्यतामा परेर मर्छौं; तर उहाँ स्वेच्छाले मर्नुभयो। ***'म आफ्नो प्राण, यसलाई फेरि फिर्ता लिने हेतुले अर्पण गर्छु। कसैले यसलाई मबाट खोसेर लाँदैन, तर म आफै यसलाई अर्पण गर्छु। यसलाई अर्पण गर्ने मेरो अधिकार छ, र यसलाई फिर्ता लिने पनि मेरो अधिकार छ'*** (यूहन्ना १०:१७-१८)। के उहाँले यसो भन्नुभएको थिएन र?

समस्त विश्वका सृष्टिकर्ता मानिस भएर आउनुभयो र मानिसहरूका निम्ति श्राप बन्नुभयो;

उहाँले बनाउनुभएका नियमहरूले जे-जे माग गरेका थिए, ती सबै मागहरू रूपी ऋण उहाँ आफैले अन्तिम कौड़ीसम्म भुक्तान गर्नुभयो;

त्यो काँड़ाको झाड; जसले ती काँड़ाहरू उमारेको थियो, जुन काँड़ाहरूले उहाँको शिरको मुकुट गाँथियो, उहाँका पवित्र हातको रचना हो, त्योचाहिँ उहाँका पवित्र हातको रचना हो;

उहाँका हातहरू छेंड़ पार्ने ती कीलाहरू त्यही फलामले बनेका थिए, जो उहाँले कल्पना गर्नुभएका गुप्त भूगर्भका खानीबाट निकालिएको थियो।

त्यो वन उहाँको रचना हो, जहाँ त्यो रूख बढ़ेको थियो, जसमा उहाँको शरीर झुन्डियो।

उहाँ एउटा काठको क्रूसमा मर्नुभयो; तर जुन डाँड़ामाथि त्यो क्रूस कड़ा थियो, त्यो डाँड़ाचाहिँ उहाँले बनाउनुभएको हो।

उहाँको मास्तिर भएको त्यो नीलो आकाश अँध्यारो भयो, जो उहाँले धरतीमाथि फिजाउनुभएको थियो।

सूर्यले उहाँबाट आफ्नो अनुहार लुकायो; के उहाँको हुकुमले त्यो अन्तरिक्षमा राखिएन र?

जुन भालाले उहाँको अनमूल्य रगत बहायो, त्योचाहिँ परमेश्वरले रच्नुभएको आगोमा तयार भएको हो ।

जुन चिहानमा उहाँको लाश राखियो, त्यो त्यस चट्टानबाट खोपिएको थियो, जो उहाँका हातहरूले बनाएका थिए ।

जुन सिंहासनमाथि उहाँ अहिले बसिरहनुभएको छ, त्यो अनादिदेखि उहाँकै थियो ।

तब नयाँ कुरा के छ त ? उहाँको शिरमा पहिरेको, उहाँको शोभा बढ़ाउने त्यो महिमाको मुकुटचाहिँ नयाँ छ; अनि उहाँको सामु हरेक घुँड़ा टेकिनेछ; यो पनि कहिल्यै नभएको कुरा रहेछ ।

एफ. डब्ल्यू. पिट्ट

द) मन्दिरको पर्दा च्यातियो (मत्ती २७:५१-५४)

मत्ती २७:५१: प्रभु येशूले आफ्नो प्राण त्याग्नुभएको बेलामा मन्दिरका दुई मुख्य कोठा पवित्रस्थान र महा पवित्रस्थान छुट्ट्याउने त्यो बुनौटको ठूलो पर्दा टुप्पादेखि फेदसम्म एउटा अदृश्य हातले च्यातियो । त्यस बेलासम्म त्यस पर्दाले महापूजाहारीलाई बाहेक अरू सबै मानिस-हरूलाई यस महा पवित्रस्थानभित्र जानुदेखि रोकेको थियो, जुन महा पवित्रस्थानमा परमेश्वर वास गर्नुहुन्थ्यो । पवित्रस्थानको यस भित्री कोठामा केवल एकजना मानिस जान पाउँथे; अँ, वर्षको एकै दिनमा मात्र ती महापूजाहारी यस महा पवित्रस्थानमा पस्थे ।

हिब्रूको पुस्तकबाट हामी के सिक्छौं भने, त्यस पर्दाले प्रभु येशूको शरीरलाई सङ्केत गर्छ । पर्दा च्यातिएको चित्रणले उहाँले आफ्नो शरीर क्रूसको मृत्युमा सुम्पनुभयो भन्ने नक्सा खिचेको छ । उहाँको क्रूसको मृत्युले गर्दा ***'येशूको रगतद्वारा हामीले महा पवित्रस्थानभित्र प्रवेश गर्ने हिम्मत प्राप्त भएका छौं, उहाँले हाम्रा निम्ति खोल्नुभएको एउटा नयाँ र जिउँदो बाटो भएर, अँ, त्यस पर्दाद्वारा, जो उहाँको शरीर हो'*** (हिब्रू १०:१९-२०) । अब जुनै ख्रीष्ट-विश्वासीले जहिले पनि प्रार्थना र स्तुतिप्रशंसा चढ़ाउनका निम्ति परमेश्वरको उपस्थितिमा जान पाउँछ । तर हामी कहिलै नबिर्सौं: हाम्रा यस सौभाग्यका निम्ति ज्यादा ठूलो मोल चुकाइनुपर्‍यो, यो सौभाग्य येशूको अनमोल रगतले किनिएको हो ।

परमेश्वरका पुत्रको यस मृत्युले प्रकृतिमा पनि ठूला हलचलहरू मच्चायो, मानौं सिर्जित संसारले आफ्ना सृष्टिकर्ताप्रति आफ्नो समवेदना प्रकट गरिरहेको थियो। एउटा भुइँचालो गयो, जसले गर्दा चट्टानहरू फाटे र चिहानहरू खोलिए।

मत्ती २७:५२-५३: तर याद गर्नुहोस्! येशूको पुनरुत्थान भएपछि मात्र यी चिहानमा हुनेहरू चिहानहरूबाट निस्केर आए र यरूशलेमभित्र पसेर धेरैकहाँ देखा परे। यी बौराइएका पवित्र जनहरू पछि फेरि मरे वा प्रभु येशूको साथमा स्वर्ग गए, पवित्र बाइबलले यसको विषयमा केही भन्दैन।

मत्ती २७:५४: प्रकृतिका यी अनौठा उथलपुथलहरूले ती रोमी सुबेदार र तिनको साथमा हुनेहरूलाई विश्वास दिलाए; यसैले तिनीहरूले स्वीकार गरेः **'साँच्चै यिनी परमेश्वरकै पुत्र[ग] रहेछन्!'** ती सुबेदारले के भन्न चाहे? के तिनले पूर्ण रूपले प्रभु येशूलाई आफ्ना प्रभु र मुक्तिदाताको रूपमा स्वीकार गरे, कि के तिनले प्रभु येशू मानिस मात्र होइन, तर मानवभन्दा महान् हुनुहुँदो रहेछ भनेका हुन्? हामी निश्चित रूपले भन्न सक्दैनौं। तर तिनको स्वीकारमा विस्मयको भावना देख्छौं, साथै प्रकृतिका यी हलचलहरूचाहिँ येशूको साथमा क्रूसमा टाँगिएका-हरूको मृत्युसित होइन, तर उहाँकै मृत्युसित सम्बन्धित छन् भन्ने बोध/अनुभूति तिनीहरूलाई भएको देखिन्छ।

ध) विश्वासी स्त्रीहरू (मत्ती २७:५५-५६)

यहाँ, यी पदहरूमा हामीलाई यी स्त्रीहरूका नामहरू बताइएका छन्, जसले विश्वासयोग्यतापूर्वक प्रभु येशूको सेवा गर्दैथिए, र जो गालीलदेखि यरूशलेमसम्म उहाँको पछि-पछि लागेका थिएः मरियम मग्दलिनी, याकूब र योसेसकी आमा मरियम र जब्दीका छोराहरूकी आमा सलोमी। यी स्त्रीहरूको साहसपूर्ण श्रद्धाभक्तिचाहिँ प्रशंसनीय छ; यसमा शोभाले युक्त सुन्दर चमक छ; किनकि यी स्त्रीहरू ख्रीष्ट येशूको साथमा रहिरहे, जब प्रभुका सबै नर-चेलाहरू आफ्नो जीवन बचाउन भागिहाले।

न) अरिमथियाका यूसुफको चिहानमा येशूको दफन (मत्ती २७:५७-६१)

मत्ती २७:५७-५८: अरिमथियाका यूसुफ एक धनी मानिस थिए र महासभाका सदस्य थिए। जब महासभाले येशूलाई पिलातसको हातमा सुम्पिदिने निर्णय लियो, तब तिनी यस कुरामा सहमति दिएका थिएनन् (लूका २३:५१)। त्यस घड़ीसम्म तिनी येशूका एक गुप्त चेला थिए, तर अब तिनले आफूलाई जोगाइराखेनन्, तर आफूलाई जोखिममा हाल्न तयार भए। साहससँग पिलातसकहाँ गएर तिनले येशूको शरीर गाड्न पाऊँ भनेर उनलाई विन्ती गरे। महासभाका एक सदस्यले खुल्लमखुल्ला क्रूसको मृत्यु-दण्ड दिइनुभएको येशूको पक्ष लिएकोमा पिलातस कति छक्क परे होलान् र यहूदीहरू रिसले कति चूर भए होलान्, सो कल्पना गर्ने कोशिश गरौं। जब यूसुफले येशूको शरीर गाड़े, तब तिनले खास आफूलाई आर्थिक, समाजिक र धार्मिक हिसाबले दफन गरे। यस कार्यले प्रभु येशूको हत्या गर्ने यहूदी समाजका गण्यमान्य व्यक्तिहरूसँग तिनको सम्बन्ध सदाका निम्ति विच्छेद गरिदियो।

मत्ती २७:५९-६०: पिलातसले अनुमति दिए; अनि यूसुफले त्यस शरीरलाई लगेर प्रेमसाथ एउटा सफा सुती कपड़ामा लपेटे। प्रभुको मृत शरीरलाई कपड़ाले लपेट्दा यहूदीहरूको लाश गाड्ने रीतिअनुसार बीच-बीचमा तिनले सुगन्धित मसाला/द्रव्यहरू हाल्दथे। त्यसपछि तिनले त्यसलाई आफ्नै नयाँ चिहानमा राखे, जसलाई तिनले चट्टानमा खोपेर बनाएका थिए। चिहानको मुखमा तिनले एउटा ठूलो ढुङ्गा गुड़ाएर राखे। त्यो ढुङ्गा गोलो जातोको आकारको थियो, र चट्टानमा खोपेर बनाइएको कुलोजस्तो नालीमा गुड़ाइन्थ्यो।

सयौं वर्ष पहिले यशैयाले भविष्यवाणी गरेर भनेका थिए: ***'अनि उहाँको चिहान दुष्टहरूको साथमा ठहरियो, तर उहाँ आफ्नो मृत्युमा धनवान्को साथमा हुनुभयो'*** (यशैया ५३:९)। उहाँका शत्रुहरूले अवश्य पनि उहाँको लाश हिन्नोमको उपत्यका/बेंसीमा लगेर

फ्याँकियोस्, र फोहोरमैला जलाउने आगोले त्यसलाई भस्म पारियोस् वा स्यालहरूले त्यसलाई खाइदिऊन् भन्ने इच्छा राखे होलान्। तर परमेश्वरले तिनीहरूका यी योजनाहरू रद्द गर्नुभयो, र यूसुफलाई प्रयोग गरेर धनीको साथमा उहाँको दफन सुनिश्चित पार्नुभयो।

मत्ती २७:६१: यूसुफ चिहानबाट हिँड़े, तर मरियम मग्दलिनी र याकूब र योसेसकी आमा मरियमचाहिँ चिहानको सामु रुँगेर बसिरहेका थिए।

प) प्रभुको चिहानको रखवाली (मत्ती २७:६२-६६)

मत्ती २७:६२-६४: निस्तार-चाड़को पहिलो दिन तयारीको दिन थियो। त्यही दिन प्रभु येशूको क्रूसिकरण परेको थियो। त्यसको भोलिपल्ट मुख्य पूजाहारीहरू र फरिसीहरूलाई छटपट लाग्यो; किनकि तिनीहरूलाई येशूले **'तेस्रो दिन म फेरि बौरिउठ्नेछु'** भनेर भन्नुभएको वचन याद आएको थियो। तिनीहरू पिलातसकहाँ गए, र तिनीबाट त्यो चिहान सुरक्षित राख्न विशेष पहरादारहरूको टोलीको माग गरे, उहाँका चेलाहरू राति आएर येशूको लाश चोरेर लैजाने काम रोक्ने निहुँ बनाएर। नत्र यसरी मानिसहरूको बीचमा **'उहाँ बौरिउठ्नुभयो'** भन्ने भान सृजना गरिनेछ भनेर तिनीहरूलाई डर भयो। यसो हुन दिनुहुँदैन; नत्र **'यो पछिल्लो धोकाचाहिँ पहिलोभन्दा ज्यादा खराब हुनेछ'** रे; अर्थात् 'म मसीह हुँ, म परमेश्वरको पुत्र हुँ' भन्ने उहाँको दाबीभन्दा उहाँको पुनरुत्थानको समाचार तिनीहरूले झन् खतरा/खराब सम्झे।

मत्ति २७:६५-६६: पिलातसले तिनीहरूलाई जवाफ दिए: **'तिमीहरूसित पहरा गर्ने सुरक्षा टोली छँदैछ; जाओ, तिमीहरूले त्यसलाई सकेसम्म सुरक्षित राख!'** तिमीहरूसित पहरा गर्ने सुरक्षा टोली छँदैछ भन्ने तिनको उत्तरको अर्थ यो हुन सक्छः तिनीहरूलाई अगाड़िदेखि नै पहरादारहरूको टोली खटाइसकेको थियो होला, अथवा यसको अर्थ 'तिमीहरूको विन्ती मैले मन्जुर गरेको छु; अब म तिमीहरूका निम्ति पहरादारहरूको टोली खटाउँदैछु।' जब पिलातसले 'जाओ, तिमीहरूले त्यसलाई सकेसम्म सुरक्षित राख!' भनेर

तिनीहरूलाई भने, तब के तिनले कतै व्यङ्ग्य पो कसेका थिए कि? तिनीहरूले सकेसम्म गरे। तिनीहरूले चिहानको ढोकाको त्यस ढुङ्गामा छाप लगाए; तिनीहरूले पहरादारहरूको टोली खटाए; तर तिनीहरूले चिहानको सुरक्षा राख्नुमा जेजस्तो राम्रो कारबाही गरे पनि त्यो सब व्यर्थैको भयो।

श्री मेरिल एफ. अङ्गरले यस सन्दर्भमा भन्छन्:

'उहाँका शत्रुहरूले चिहानमा छाप लगाएर र पहरादारहरूको टोली खटाएर त्यसलाई सकेसम्म सुरक्षित राख्ने जेजति पूर्वोपायहरू अपनाए, ती अघिबाटै गरेका प्रबन्धहरूले केवल परमेश्वरलाई तिनीहरूका सबै योजनाहरू रद्द गर्ने मौका दिलाउनुको साथसाथै मसीह राजाको पुनरुत्थानको अकाट्य प्रमाण दिन सबै कुराहरू तयार/ठीक पारे।' [द]

१५) मत्ती २८: मसीह राजाको विजय

क) रित्तो चिहान र बौरिउठ्नुभएको प्रभु

(मत्ती २८:१-१०)

मत्ती २८:१-४: आइतबार बिहानै, मिरमिरे उज्यालो खस्नुभन्दा पहिले दुईजना मरियमहरू चिहान हेर्न आए। उनीहरू त्यहाँ आइपुग्दा हेर, ठूलो भुइँचालो गयो। किनकि प्रभुका दूत स्वर्गबाट ओर्ले, आएर तिनले चिहानको मुखबाट ढुङ्गा गुड़ाएर हटाए र त्यसमाथि बसे। हिउँजस्तै झिलिकमिलिक चम्किलो वस्त्र पहिरिएका, आँखै तिरमिराउने तेजिला यी स्वर्गदूतलाई देखेर ती रोमी पहरादारहरू आतङ्कित भए, बेहोस पनि भए।

मत्ती २८:५-६: यी स्वर्गदूतले ती स्त्रीहरूलाई आश्वासन दिएर भने: **'नडराओ!'** जसलाई उनीहरूले खोजिरहेका थिए, उहाँ अघि नै बौरिउठ्नुभएको थियो, जस्तो उहाँले प्रतिज्ञा गर्नुभएको थियो। यी स्वर्गदूतले भने: **'आओ, प्रभु राखिनुभएको ठाउँ हेर!'** प्रभु येशूलाई चिहानबाट निस्कन देओस् भन्ने हेतु होइन, तर प्रभु बौरिउठ्नुभएको कुरा

ती स्त्रीहरूले देखून् भन्ने हेतुले त्यस चिहानबाट त्यो ढुङ्गा गुड़ाएर हटाइएको थियो ।

मत्ती २८ :७-१०: त्यसपछि यी स्वर्गदूतले ती स्त्रीहरूलाई आदेश दिए: 'छिटो जाओ, र उहाँका चेलाहरूलाई प्रभुको पुनरुत्थानको यो महिमित सुसन्देश भनिदेओ !' प्रभु येशू फेरि जीवित हुनुभयो, र उहाँले उनीहरूलाई गालीलमा भेट्नुहुनेथियो । उनीहरू उहाँका चेलाहरूलाई खबर दिन जाँदै गर्दा हेर, प्रभु येशू उनीहरूकहाँ देखा पर्नुभयो, र उनीहरूलाई **'आनन्द गर'**[ध] भनेर अभिवादन गर्नुभयो । उनीहरूको प्रतिक्रियाः आएर उहाँको सामु घोप्टो परे; उनीहरूले उहाँका पाउ पक्रे, र उहाँलाई दण्डवत् गरे । तब येशूले उनीहरूलाई व्यक्तिगत आज्ञा गर्नुभयोः **'जाओ, मेरा चेलाहरूलाई/भाइहरूलाई भनिदेओः उनीहरू गालीलमा जाऊन्, र त्यहाँ उनीहरूले मलाई देख्नेछन् ।'**

ख) झूट बोल्न सिपाहीहरूलाई घूस दिइएको (मत्ती २८ :११-१५)

मत्ती २८ :११: फेरि होसमा आएपछि ती लज्जित पहरादार-हरूमध्ये कोही-कोही मुख्य पूजाहारीहरूकहाँ गए, र तिनीहरूलाई सबै भएका घटनाहरू बताइदिए । तिनीहरू आफ्नो पहरा दिने काममा विफल भए; किनकि चिहान रित्तो भयो ।

मत्ती २८ :१२-१३: यी धर्म-नेताहरू कति हक्क न बक्क भए, सो कुरा कल्पना गर्न सजिलो छ । अब यही परिस्थितिमा केकस्तो नीति अपनाउनुपर्ने हो, सो सल्लाह गर्न यी मुख्य पूजाहारीहरूले बूढ़ा प्रधानहरूसँग गुप्त बैठक राखे । हताश भएर तिनीहरूले ती सिपाही-हरूलाई घूस दिए, र **'हामी निदाइरहेको बेलामा राति येशूका चेलाहरू आएर त्यसको लास चोरेर लगेछन्'** भन्ने बिलकुल काल्पनिक कथा भन्न लगाए ।

चिहान किन रित्तो थियो, सो कुराको विषयमा यसको काल्पनिक स्पष्टीकरणले सन्तोषजनक जवाफ दिँदैन, तर झन् धेरै प्रश्न उठाउँछ । यी सिपाहीहरू कसरी निदाए, जब तिनीहरूले चिहानको रक्षा गर्नु-

पर्थ्यो ? तिनीहरूलाई नबिउँझाईकन येशूका चेलाहरूले त्यस चिहानको मुखबाट त्यो ढुङ्गा कसरी गुड़ाएर हटाउन सके ? सबै सिपाहीहरू सँगै एउटै समयमा कसरी निदाए ? अनि तिनीहरू निदाएका थिए भने तिनीहरूले येशूका चेलाहरूले उहाँको लास चोरेको कसरी थाहा पाए ? यी सिपाहीहरूको यो बयान साँचो हो भने तिनीहरूलाई यसको प्रचार गर्न/यो भन्न किन घूस दिइनुपर्थ्यो ? येशूका चेलाहरूले उहाँको लास चोरेका हुन् भने उनीहरूले उहाँको मृत शरीर लपेटिएको त्यो सुती कपड़ा फुकाल्ने र उहाँको शिरमा बाँधिएको रुमालचाहिँ पट्ट्याइबस्ने समय कसरी पाए (लूका २४:१२, यूहन्ना २०:६-७) ?

मत्ती २८:१४: वास्तवमा, जुन काल्पनिक कथा यी सिपाहीहरूले भन्नुपर्थ्यो, यसले गर्दा तिनीहरू आफै अपराधी ठहरिए; किनकि रोमी कानुनअनुसार आफ्नो ड्यूटी हुने/काम गर्ने बेलामा जो सुत्छ, उसलाई मृत्युदण्ड दिइन्थ्यो । यसकारण **'यो कुरा राज्यपालको कानमा पुग्यो भने हामी उनलाई मनाउनेछौं र तिमीहरूलाई जोगाइदिनेछौं'** भनेर यहूदी नेताहरूले तिनीहरूलाई प्रतिज्ञा गर्नुपर्‍यो ।

सत्यचाहिँ आफैआफ सत्य ठहर्दछ भने एउटा झूटलाई ढाकछोप गर्न अनेकौं झूट बोल्नुपर्दो रहेछ भन्ने कुरा यस महासभाका सदस्यहरूले सिक्नुपर्‍यो ।

मत्ती २८:१५: आजको दिनसम्म यहूदीहरूको बीचमा यो दन्त्य कथा फैलिएको छ, अँ, अन्यजातिहरूको बीचमा पनि चल्ती छ । अनि यस सम्बन्धमा अरू दन्त्य कथाहरू पनि छन् । श्री विल्बूर स्मिथले यी कथाहरूको निम्न सङ्क्षिप्त विवरण दिएका छन् ।

'पहिलो दन्त्य कथाः सर्वप्रथम के सुझाउ आयो भने, ती स्त्रीहरू गलत ठाउँमा पुगेर अर्काको चिहानमा गए । यसको विषयमा एक क्षण विचार पुर्‍यायौं ! के शुक्रबार दिउँसोको समयदेखि आइतबार बिहानैसम्म तपाईंले आफ्ना कुनै प्रिय जनको चिहान भुल्न सक्नुहुन्छ र ? तपाईं आफै भन्नुहोस् ! अझै सोच्नुहोस् ! प्रभु येशूको लास गाड्ने जग्गा सर्वसाधारण कब्रिस्तान थिएन, तर अरिमथियाका यूसुफको निजी बगैंचा थियो, जहाँ अरू कुनै चिहान नै थिएन ।

मानिलियौं, त्यहाँ अरू केही चिहानहरू थिए अरे; (जो वास्तवमा छँदै थिएनन्); तर ती स्त्रीहरूका आँखाभरि आँसैआँसु भएका हुनाले उनीहरू ठक्कर खाँदै चिहान खोजी हिँड्दा अर्काको चिहानमा पुगेका अनुमान गरौं। ठीक्कै छ, दिदीबहिनीहरू भएको नाताले हामी त्यो कल्पना ग्रहण गरौं। तर शिमोन पत्रुस र यूहन्नाजस्तै हट्टाकट्टा मछुवाहरूको विषयमा केकसो? उनीहरू रोइरहेका थिएनन्, ता पनि त्यस चिहानमा पुगेर त्यसलाई रित्तो भेट्टाए। के तपाईंलाई उनीहरू अर्काको चिहानमा पुगेको जस्तै लाग्छ? तब सुन्नुहोस्! अझ कुरा यस्तै छः उनीहरू त्यस चिहानमा पुगेर त्यसलाई रित्तो भेट्टाएपछि त्यहाँ एकजना स्वर्गदूत पनि थिए, जसले उनीहरूसँग कुरा गरेर भनेः ***'उहाँ यहाँ हुनुहुन्न; उहाँ बौरिउठ्नुभयो। आओ, प्रभु राखिनुभएको ठाउँ हेर!'*** *के ती स्वर्गदूत पनि प्रभुको चिहानमा नगई अर्काको चिहानमा पुगे त? तब हामी नभुलौंः दिमागी मानिसहरूले यी परिकल्पनाहरू प्रस्तुत गरेका छन्। यो कथाचाहिँ रद्दी हो।*

दोस्रो दन्त्य कथाः प्रभु येशू मर्नुभएन, तर मूर्च्छ पर्नुभयो, अनि त्यस छिसो चिहानमा जसोतसो उहाँको होस फर्क्यो, र उहाँ निस्केर आउनुभयो अरे भन्ने अरू मानिसहरूको अनुमान छ। यसको विषयमा हामी भन्छौंः त्यस चिहानको मुखमा तिनीहरूले यत्रो ठूलो ढुङ्गा गुड़ाएर राखे, र त्यसमा रोमी सरकारका मोहर-छापहरू लगाइका थिए। चिहानभित्रबाट कसैले त्यो ढुङ्गा हटाउन सक्दैनथियो; किनकि त्यो ढुङ्गा चट्टानमा खोपेर बनाइएको कुलोजस्तो नालीमा गुड़ाइन्थ्यो, जो एकपट्टि थोरै ओह्रालो पर्थ्यो र त्यो ढुङ्गा त्यस नालीमा एकदम मिलेर बस्थ्यो। होइन, उहाँ फेरि होसमा फर्केर आएको व्यक्तिको रूपमा त्यस चिहानबाट निस्केर आउनुभएन।

सत्यता बुझ्न सरल छः प्रभु येशूको पुनरुत्थानचाहिँ इतिहासले सुप्रमाणित गरेको वास्तविकता हो। उहाँको क्रूसको मृत्यु भइसकेपछि उहाँले अनेकौं अचूक प्रमाणहरूद्वारा आफ्ना चेलाहरूकहाँ आफूलाई जीवित देखाउनुभयो। उहाँ आफ्नैहरूकहाँ देखा पर्नुभएको सम्बन्धमा यी निम्न दिइएका विभिन्न उदाहरणहरू विचार गर्नुहोस्!

अ) *मरियम मग्दलिनी (मर्कूस १६:९-११)*

आ) *दुईजना मरियमहरू (मत्ती २८:८-१०)*

इ) *पत्रुस (लूका २४:३४)*

ई) *इम्माउस जाने बाटोमा दुईजना चेलाहरू (लूका २४:१३-३२)*

उ) थोमा छोड़ेर अरू दसजना प्रेरितहरू (यूहन्ना २०:१९-२५)

ऊ) थोमालगायत उहाँका सबै प्रेरितहरू (यूहन्ना २०:२६-३१)

ए) गालीलको समुद्रमा सातजना चेलाहरू (यूहन्ना २१ अध्याय)

ऐ) पाँच सयभन्दा बढ़ी चेलाहरू (१ कोरिन्थी १५:७)

ओ) याकूब (१ कोरिन्थी १५:७)

औ) जैतुन डाँड़ामा प्रभु येशूका प्रेरितहरू (प्रेरित १:३-१२)

हाम्रा प्रभु येशू ख्रीष्टको पुनरुत्थानको ऐतिहासिक प्रमाणचाहिँ हाम्रो ख्रीष्टीय विश्वासरूपी जगका कुने ढुङ्गाहरूमध्ये एक हो, जो कहिल्यै हल्लिँदैन, तर सदा अचल/अटल/सुदृढ़ रहन्छ। यस जगमाथि तपाईं र म, हामी उभिन्छौं; यस ठहरबाट हामी आफ्नो विश्वासको सङ्घर्ष अगाड़ि बढ़ाउँदै लैजान्छौं; किनभने हाम्रो आधार/टेकोचाहिँ खण्डन गर्न नसकिने हुन्छ। हो, मानिसहरूले यसलाई इन्कार गर्न सक्छन्, तर यसलाई असत्य प्रमाणित गर्न सकिँदैन।' [7]

ग) महान् आज्ञा (मत्ती २८:१६-२०)

मत्ती २८:१६-१७: गालीलको एउटा गुमनाम पहाड़मा बौरिउठ्नुभएको प्रभु येशू आफ्ना चेलाहरूकहाँ देखा पर्नुभयो। यस घटनाको विषयमा मर्कूस १६:१५-१८ र १ कोरिन्थी १५:६ पदमा लेखिएको छ। कस्तो गजबको पुनर्मिलन! उहाँका दुःखकष्टहरू सदाका निम्ति भूतकालका/विगत कुराहरू भए। उहाँ जिउँदा हुनुहुन्छ; यसैले उनीहरू पनि जिउनेथिए। उहाँ आफ्नो महिमित शरीरमा उनीहरूको सामु उभिनुभयो। तब उनीहरूले जिउँदा प्रभुलाई, आफ्नो प्रेमी स्वामीलाई दण्डवत् गरे, यद्यपि कतिजनाको मनमा अझ शङ्का रहेको थियो।

मत्ती २८:१८: त्यसपछि प्रभु येशूले उनीहरूलाई बताउनुभयोः **'स्वर्ग र पृथ्वीमा सारा अधिकार मलाई दिइएको छ।'** एक प्रकारले सधैंभरि उहाँसँग सारा अधिकार थियो; तर यहाँ उहाँ नयाँ सृष्टिका मालिक हुनुभएको नाताले उहाँ यसो भन्नुभएको हो। उहाँको क्रूसको मृत्यु र पुनरुत्थान भएको बेलादेखि नै प्रभु येशूसँग जतिजना परमेश्वर

पिताले उहाँलाई दिनुहुन्छ, ती सबैलाई अनन्त जीवन दिने अधिकार छ (यूहन्ना १७:२)। उहाँसँग सारा सृष्टिका जेठाको अधिकार सधैं थियो र छँदैछ। तर अब उहाँले उद्धारको काम पूरा गर्नुभएपछि मरेकाहरूबाट पहिलो बौरिउठेको हुनाले उहाँसँग नयाँ सृष्टिको जेठा अधिकार पनि मिलेको छ, यस हेतुले कि सबै कुरामा उहाँलाई नै पहिलो स्थान दिइयोस् (कलस्सी १:१५ र १:१८)।

मत्ती २८:१९-२०: नयाँ सृष्टिका शिर भईकन उहाँले यो महान् आज्ञा दिनुभयो, जसमा सबै ख्रीष्ट-विश्वासीहरूका निम्ति परमेश्वरको राज्यको यो वर्तमान् अवस्था रहुन्जेल सधैं लागू हुने नियमहरू समावेश गरिएका छन्; किनभने मसीह राजा इस्राएल जातिद्वारा इन्कार गरिनुभएको समयदेखि उहाँको दोस्रो आगमनसम्म यो दुई कुराको बीचको अवधिमा परमेश्वरको राज्य अस्थाही, अन्तरिम रूप लिन्छ।

महान् आज्ञाअन्तर्गत तीनवटा सुझाउ वा सल्लाहहरू होइनन्, तर तीनवटा आदेशहरू दिइएका हुन्छन्, जस्तै

१) ***पहिलो आदेशः* 'यसकारण जाओ, र सबै जातिहरूलाई चेला बनाओ !'** यस आज्ञाको नतिजाचाहिँ सारा संसारका मानिसहरूले मुक्ति पाइहाल्छन् नि भनेर ठान्नुहुँदैन; होइन, तर सुसमाचार प्रचार गरेर ती प्रेरितहरूले हरेक जाति, कुल, वर्ग र भाषाका मानिसहरूबाट मुक्तिदाता प्रभुका अरू चेलाहरू वा अनुयायीहरूलाई बनाउनुपर्‍यो।

२) ***दोस्रो आदेशः* 'तिनीहरूलाई पिता, पुत्र र पवित्र आत्माको नाममा बप्तिस्मा देओ !'** बप्तिस्माको विषयमा शिक्षा दिने र यो प्रभुको आज्ञा सम्झी यसको आज्ञापालन गर्नुमा जोड़ लाउने जिम्मेवारी ख्रीष्ट येशूका राजदूतहरूमा छ। जब कुनै ख्रीष्ट-विश्वासीले बप्तिस्मा लिन्छ, तब उसले खुल्लमखुल्ला त्रिएक परमेश्वरसित घनिष्ठ सम्बन्ध छ भन्ने गवाही दिन्छ। इसाईहरूले स्वीकार गर्छन्: परमेश्वर उनीहरूका पिता हुनुहुन्छ, प्रभु येशू उनीहरूका प्रभु र मुक्तिदाता हुनुहुन्छ अनि पवित्र आत्मा उनीहरूभित्र वास गर्नुहुने, उनीहरूलाई शक्ति दिनुहुने र शिक्षा दिनुहुने शान्तिदाता हुनुहुन्छ। उन्नाइस पदमा 'नामहरू' भनिएको होइन, तर त्यहाँ नामचाहिँ एकवचनमा छ। यसको अर्थ आधारभूत मूल

तत्त्वचाहिँ एकै नाम हो, तर यही नाममा तीन व्यक्ति समावेश हुनुहुन्छः पिता, पुत्र, पवित्र आत्मा ।

३) *तेस्रो आदेशः* **'मैले तिमीहरूलाई जे-जे आज्ञा गरें, ती सबै कुराहरू तिनीहरूलाई पालन गर्न सिकाओ !'** महान् आज्ञाले चाहिँ सुसमाचार प्रचार गर्ने काम नाघेर कुरा अझ अगाड़ि लैजान्छ । मानिस-हरूलाई प्रभुमा ल्याएपछि तिनीहरूलाई आफ्नो आत्मिक जीवनका निम्ति आफ्नो प्रबन्ध आफूले गर्नुपर्ने हालतमा त्यत्तिकै छोड्नुहुँदैन । नयाँ नियमभित्र ख्रीष्ट येशूका जेजति आज्ञाहरू छन्, ती सबै पालन गर्न तिनीहरूलाई शिक्षा दिनुपर्छ । चेला हुनुको उद्देश्यचाहिँ आफ्ना गुरुजस्तै बन्नु हो; अनि त्यहाँसम्म पुग्नका निम्ति क्रमिक रूपले परमेश्वरको वचनबाटै शिक्षा दिनुपर्छ र परमेश्वरको वचन सधैं शिरोपर गर्नुपर्छ अथवा परमेश्वरको वचनको अधीनता सधैं स्वीकार गर्नुपर्छ ।

त्यसपछि प्रभु येशूले बीस पदको अन्तमा आफ्ना चेलाहरूलाई **'यस युगको अन्तसम्म म तिमीहरूको साथमा रहनेछु'** भन्ने प्रतिज्ञा दिनुभयो । उनीहरू एकलै संसारमा निस्केर जानुपर्दैनथियो; उनीहरू सहाराहीन हुँदैनथिए । प्रभुको सेवामा उनीहरूले जे गरे ता पनि र उनीहरू जहाँ गए ता पनि परमेश्वरका पुत्रको सँगति अनुभव गर्नेथिए ।

महान् आज्ञाभित्र येशूको '**सर्व**अधिकार' भएको, '**सबै** जातिहरू' येशूका चेला बनाउनुपर्ने, येशूले आज्ञा गरेका '**सबै** कुराहरू' सिकाउनुपर्ने र येशू '**सधैं**भरि' हाम्रा साथमा रहनुहुने सम्बन्धमा यी चारवटा *सारा, सबै र सधैं* भन्ने शब्दमा ध्यान दिनुहोला ।

यसरी यस सुसमाचारको पुस्तकको अन्तमा मत्तीले हाम्रा महिमित प्रभुको महान् आज्ञा र उहाँको सान्त्वना दिएर आफ्नो लेख्ने काम समाप्त गरेका छन् । बीस शताब्दीहरू बितेपछि पनि उहाँका यी वचनहरू उत्तिकै सत्य र उत्तिकै सुनिश्चित हुन्छन्, उत्तिकै महत्त्वपूर्ण र उत्तिकै लागू हुन्छन् । काम अधूरो रहेको छ ।

प्रभु येशूको यो अन्तिम आज्ञा पूरा गर्न हामीले के गरिरहेका, कुनचाहिँ कदम उठाइरहेका छौं ?

टिप्पणीहरूका अन्तिम अङ्ग्रेजी टीकाहरू

[क] **१:१:** Jehovah is the anglicized form of the Hebrew name Yahweh, traditionally translated *"LORD."* Compare the similar situation with Jesus, the anglicized form of Hebrew Yeshua.

[ख] **४:२-३:** First class condition, using *ei* with the indicative. It may be paraphrased, *"If, and I grant it, You are the Son of God"* or *"Since You are the Son of God."*

[ग] **पृष्ठ ४७:** (Excursus on The Gospel) A *"dispensation"* is an administration or stewardship. It describes the methods God uses in dealing with the human race at any particular time in history. The word does not mean a time period per se, but rather the divine program during any age. A similar use is seen when we speak of the Reagan administration, indicating the policies President Reagan followed during his years in office.

[घ] **५:१३:** Albert Barnes, Notes on the New Testament, Matthew and Mark, p. 47.

[ङ] **५:२२:** The critical text (labeled "NU" in NKJV footnotes) omits *without a cause*, which would rule out even righteous indignation.

[च] **५:४४-४७:** The critical (NU) text reads *Gentiles* for tax collectors.

[छ] **५:४४-४७:** The majority text (based on the majority of manuscripts) reads *friends* for brethren.

[ज] **६:१३:** Some scholars teach that the doxology is adapted from 1 Chronicles 29:11 for liturgical purposes. This is merely a guess. The traditional Protestant (KJV) form of the prayer is completely defensible.

[झ] **७:१३-१४:** Both the critical and majority texts have an exclamatory reading here: *"How narrow is the gate and difficult is the way which leads to life, and there are few who find it!"* When the oldest manuscripts

(usually NU) and the vast bulk of manuscripts (M) agree against the traditional text (TR), then they are almost certainly correct. In such cases the KJV tradition has weak textual support.

[ঝ] ৬:২৮-২৯: Jamieson, Fausset & Brown, Critical and Explanatory Commentary on the New Testament, V:50.

[ট] ৮:২: Certain forms of *leprosy* mentioned in the Bible are not the same as the malady we call Hansen's disease. For example, in Leviticus, it includes conditions that can infect a house or a garment.

[ঠ] ৮:১৬-১৭: Arno C. Gaebelein, The Gospel of Matthew, p. 193.

[ড] ৮:২৮: The NU text reads *Gadarenes*. The names of the town and of the region may overlap somewhat.

[ঢ] ৯:১৬: Gaebelein, Matthew, p. 193.

[ণ] ৯:১৭: W. L. Pettingill, Simple Studies in Matthew, pp. 111-112.

[ত] ১০:৮: The majority of mss. omit *"raise the dead"* here.

[থ] ১০:২১: J. C. MacAulay, "Obedient Unto Death: Devotional Studies in John's Gospel", II:59.

[দ] ১০:৪১: Arthur T. Pierson, "The Work of Christ for the Believer," The Ministry of Keswick, First Series, p. 114.

[ধ] ১১:২৬: Alva J. Gospel McClain, The Greatness of the Kingdom, p. 311.

[ন] ১১:৩০: J. H. Jowett, Quoted in Our Daily Bread.

[প] ১২:৮: E. W. Rogers, Jesus the Christ, pp. 65, 66.

[ফ] ১২:১৯: McClain, Kingdom, p. 283.

[ব] ১২:২১: Kleist and Lilley, *The New Testament rendered from the Original Greek with Expanded Notes,* p. 45.

[ভ] ১২:২৬: Ella E. Pohle, C. I. Scofield's Question Box, p. 97.

[ম] ১২:৩৪-৩৫: Although both critical and majority texts omit *"of his heart,"* it would nevertheless be understood.

[য] ১৩:১৩: H. Chester Woodring, Unpublished class notes on Matthew, Emmaus Bible School, 1961.

[র] ১৩:২২: G. H. Lang, The Parabolic Teaching of Scripture, p. 68.

[ল] ১৩:২৪-২৬: Merrill F. Unger, Unger's Bible Dictionary, p. 1145.

[ব] ১৩:৩৩: J. H. Brookes, I Am Coming, p. 65.

[শ] ১৩:৪৯-৫০: Gaebelein, Matthew, p. 302.

[ষ] ১৪:৪-৫: Source unknown.

[স] ১৬:২-৩: Of course, these weather indications are valid for Israel, not North America or Great Britain!

[হ] ১৬:৭-১০: The twelve 'kophinoi' of the 5,000 may have held less than the seven 'spurides' of the 4,000.

[ঋ] ১৬:১৭-১৮: G. Campbell Morgan, The Gospel According to Matthew, p. 211.

[ৠ] ১৬:১৯: Charles C. Ryrie, ed., The Ryrie Study Bible, New King James Version, p. 1506.

[ঌ] ১৬:২০: James S. Stewart, The Life and Teaching of Jesus Christ, p. 106.

[ক] ১৬:২৬: Donald Grey Barnhouse, *Words Fitly Spoken,* p. 53.

[খ] ১৮:১১: It is omitted by the NU text, but contained in the majority of mss. (M).

[গ] ২০:১৫: James S. Stewart, A Man in Christ, p. 252.

[ঘ] ২০:৩১-৩৪: Gaebelein, Matthew, p. 420.

[ঙ] ২১:৬: J. P. Lange, A Commentary on the Holy Scriptures, 25 Vols., pagination unknown.

[চ] ২৩:৯-১০: H. G. Weston, Matthew, the Genesis of the New Testament, p. 110.

[ছ] ২৩:১৪: The critical (NU) text omits the second woe.

[জ] ২৩:২৫-২৬: The majority text reads unrighteousness (adikia) for self-indulgence (akrasia).

[ঝ] ২৪:২৯: I. Velikovsky, Earth in Upheaval, p. 136.

[ঞ] ২৪:৩০: The same Greek word (geµ, compare English prefix "geo") means both *"land"* and *"earth."*

ট ২৪:৩৪: F. W. Grant, "Matthew," Numerical Bible, The Gospels, p. 230.

ঠ ২৪:৩৬: The NU text adds *"nor the Son."*

ড ২৫:২৮-২৯: Arthur T. Pierson, further documentation unavailable.

ঢ ২৬:৬৪: The Greek singular pronoun *su* is spelled out for emphasis. The second you is *humin* (plural) and the third renders the ending on the verb *opsesthe*.

ণ ২৬:৬৪: R. C. H. Lenski, The Interpretation of St. Matthew's Gospel, p. 1064.

ত ২৭:৩৭: If all the quoted parts are put together, it reads *"This is Jesus of Nazareth, the King of the Jews."* Another possibility is that each evangelist is complete but quotes different languages, which could have varied.

থ ২৭:৫৪: In Greek the definite predicate nouns which precede the verb usually lack the article (part of "Colwell's Rule").

দ ২৭:৬৫-৬৬: Merrill F. Unger, Unger's Bible Handbook, p. 491.

ধ ২৮:৮: *"Rejoice"* was the standard Greek greeting; here on Resurrection Morning the literal translation of the NKJV seems most appropriate.

ন ২৮:১৫: Wilbur Smith, *"In the Study,"* Moody Monthly, April, 1969.

BIBLIOGRAPHY

Barnhouse, Donald Grey. *Words Fitly Spoken.* Wheaton: Tyndale House Publishers, 1969.

Gaebelein, A. C. *The Gospel of Matthew*. New York: Loizeaux Bros., 1910.

Kelly, William. *Lectures on Matthew*. New York: Loizeaux Bros., 1911.

Lenski, R. C. H. *The Interpretation of Saint Matthew's Gospel*. Minneapolis: Augsburg Publishing House, 1933.

Macaulay, J. C. *Behold Your King*. Chicago: The Moody Bible Institute, 1982.

Morgan, G. Campbell. *The Gospel According to Matthew*. New York: Fleming H. Revell Company, 1929.

Pettingill, W. L. *Simple Studies in Matthew*. Harrisburg: Fred Kelker, 1910.

Tasker, R. V. G. *The Gospel According to St. Matthew, TBC*. Grand Rapids: Wm. B. Eerdmans Publishing Company, 1961.

Thomas, W. H. Griffith. *Outline Studies in Matthew*. Grand Rapids: Wm. B. Eerdmans Publishing Company, 1961.

Weston, H. G. *Matthew, the Genesis of the New Testament*. Philadelphia: American Baptist Publication Society, n.d.

Periodicals and Unpublished Material

Smith, Wilbur. *"In the Study," Moody Monthly*, April, 1969.

Woodring, H. Chester. *Class Notes on Matthew,* 1961, Emmaus Bible School, Oak Park, IL (now Emmaus Bible College).

विलियम म्याक डोनाल्डका अरू किताबहरूः

१) साँचो चेलापन
२) मामुली जीवनभन्दा उच्च जीवन
३) आफ्नो भविष्यको विषयमा सोच्नुहोस् !
४) प्रश्नमाथि प्रश्न - जवाफ कसले दिने ?
५) अब यो परमेश्वरको अचम्मको अनुग्रह
६) मेरो हृदय, मेरो जीवन र मेरो सबै थोक
७) त्यो बिर्सेको आज्ञाः पवित्र होओ !

यी नेपाली किताबहरू तपाईंले निम्न ठेगानाहरूबाट पाउन सक्नुहुन्छः

Great Joy Book Shop
Maa Supermarket, 1st Floor
Thana Dara
P.O. Kalimpong - 734 301
Dist. Darjeeling, W.B., India
Phone No.: +91/9933459069 or +91/9547248389

or:

Maranatha Books and Stationaries
Chabahil Chowk
P.O. Kathmandu
Nepal
Phone No. 00977/9841275267 or 00977/14478738

For English and Hindi books of the same author please contact:

OM Books Foundation
Logos Bhavan, Jeedimetla Village,
Suchirtra Junction,
P.O. Secundarabad - 500 067
Telangana, India